CC-0. In Public Domain. Digitization by eGangotri

नीति

(विदुर, चाणक्य र भर्तृहरि)



मदनप्रसाद अर्याल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विघ्नेश्वराय वरदाय सुरप्रियाय,
लम्बोदराय सकलाय जगद्धिताय ।
नागाननाय श्रुतियज्ञविभूषिताय,
गौरीसुताय गणनाथ नमो नमस्ते ।।

हे गणपति ! हजुर दुःख कष्ट हटाउने, वरदान प्रदान गर्ने र देवताका प्रिय पनि हुनु हुन्छ । ठूलो भूँडि भएको र विविध कलाहरूले परिपूर्ण हुनु भएको छ । संसारका हितकारी पनि बन्नु हुन्छ । हात्तिको मुख नै मुख भएका, वैदिक यज्ञ यागादिले विभूषित हे गौरीपुत्र ! तपाईंलाई नमस्कार छ ।

बक्रतुण्ड महाकाय सूर्यकोटि समप्रभः ।
निर्विघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

सूर्यको किरण जस्तै देदीप्यमान विशाल शरीर र बाङ्गो सूँड भएका हे गणेशजी ! कृपापूर्वक विघ्न बाधाहरू पन्छाएर हाम्रा सबै कार्यहरू (अनुष्ठानहरू) सफल तुल्याउँनु होस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रा. माधव प्रसाद लामिछानेको

कृष्णाय वासुदेवाय हरये परमात्मने
प्रणतः क्लेशनाशाय गोविन्दाय नमोनमः

नीति

(विदुर, चाणक्य र भर्तृहरि)

प्रस्तुतिः

मदनप्रसाद अर्याल

बालाजु, बाइपास, काठमाडौं- १६

फोन : ४३५१०१२, ४३५००८२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशिका : **श्रीमती रमादेवी अर्याल**
वालाजु बाइपास, काठमाडौं–१६
फोन नं. : ४–३५१०१२

संस्करण : प्रथम, २०६२ असार
द्वितीय, २०६३ वैशाख

मूल्य : महापुराण सहयोगार्थ ने. रु. ५००।–
भा.रु. ३१५।– US$ 20

वितरण व्यवस्था : श्री रघु पण्डित/श्रीमती शान्ति पण्डित
नर्जा मण्डप गा.वि.स वडा नं. ४ नुवाकोट
हाल : वालाजु , वाइपास फोन ४३५००८२
श्री नवीन पौडेल/श्रीमती कल्पना पौडेल
टिकाथली, ललितपुर, फोन :५५८०७३३
श्री शिव ब. धिताल/श्रीमती शान्ता धिताल
कानपुर गा.वि.स.–८ काभ्रे

कम्प्युटर : ग्लोबल कम्प्युटर सर्भिस
दिनेश भट्टराई /शशिकला राई
फोन : ४२४३२१६

मुद्रण : नेशनल प्रिन्टिङ्ग सर्भिस
पो.ब.नं.:२४२८८, बबरमहल, काठमाडौं
फोन : ४२५८३९४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो अभिवादन

ऊर्दूमा मियाँको गति मस्जिदसम्म मात्र सीमित हुन्छ, अरू कुराको उसलाई ज्ञानै हुँदैन भन्छन्। मेरो पनि गति त्यही हो। मेरो काम कुनै पुस्तक देख्नासाथ त्यसको गुणगरिमा हेर्ने बुझ्नेभन्दा, त्यो पुस्तक हाम्रो पुस्तकालयमा आइपुगेको छ कि छैन भनेर खोज्ने हुन्छ। त्यस हिसावले हेर्दा मदनप्रसाद अर्यालका मदन पुरस्कार पुस्तकालयमा कममा पनि आठवटा प्रविष्टी फेला पर्छन्। मेरा निमित्त त्यत्तिनै पनि लाख हो। किनभने संस्कृतमा वैयाकरणीहरूलाई गिज्याउँदा 'अर्धमात्रा लाघवेन पुत्रोत्सवं मन्यते' भने जस्तै छ मलाई पनि नेपाली पुस्तकका कुरामा। पुस्तकालयमा एउटा मात्रै किताव थप्न पाउँदा पनि मलाई छोरा पाए जस्तै हुन्छ। मदनप्रसादजीका यी आठथरीका किताव यहाँ दर्ता गर्न पाउनु नै मलाई कता हो कता भएको छ। त्यसमा पनि यी (सयकडौं रुपैयाँ पर्ने) किताबहरू यहाँ उपहारका रूपमा प्राप्त भएका हुन् विना मूल्य ! (मैले व्यक्तिगत पाएका किताबहरू त छुट्टै !)

मैले पैलेपैले उहाँलाई भेट्दा मलाई मदनप्रसादजीको संस्कृतज्ञता र शास्त्रज्ञताको पटक्कै ज्ञान थिएन, एकजना योग्य प्रशासक (भक्तपुरका प्र.जि.अ.) का रूपमा उहाँलाई मैले चिनेको हुँ। एक डेढवर्ष त्यहाँ सहकार्य गर्दा मैले उहाँभित्र यत्रो ज्ञानाग्नि रहेछ भन्ने कुराको एक रति पनि छनक पाएको थिइनँ। अनि हाम्रो साथ छुट्यो, धेरै वर्ष। त्यसपछि अकस्मात् २०५३ सालको अन्त्यतिर एउटा पुस्तक आइपुग्यो मेरो अगाडि 'एभेरष्ट गीता' को चौथो संस्करण हुन लागेको प्रति। पुस्तक मदनप्रसादजीको रहेछ- त्रिभाषानुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको **गीतामृत** । मलाई आश्चर्यमिश्रित आनन्द भयो र मैले त्यस विषयमा एउटा चिठी मदनप्रसादजीलाई लेखेको सम्झन्छु ।

यी त इतिहासका कुरा भए । तत्कालको कुरा चाहिँ के भने धृतराष्ट्रका दुईजना सचिव **विदुर** र **कणिक**का (दुई विपरीत दिशानिर्देश गर्ने) नीतिलाई समेटेर एउटै पुस्तकमा पुनः ल्याउनुभएछ मदनजीले, त्यसमा त्रिवेणी पार्न **भर्तृहरि**का पनि तीनै शतकलाई समेत गाँस्नुभएछ । रहरलाग्दो भएछ पुस्तक ! थपमा 'फोसा' जस्तो गरी **धौम्यनीति** पनि आएको छ यहाँ । प्रकाशित भइसकेका कृति हुन् उहाँका यी केही । तर, ऐले नयाँ कलेवरमा आएछन्, म पुस्तकालयको मान्छेलाई त फेरि अर्को प्राप्ति भएको अनुभव हुँदैछ । अर्को 'पुत्रलाभ' भएको आनन्द आउँदैछ ।

मदनप्रसाद अर्यालजीका विद्वत्ताका बारेमा, किताबका बारेमा टिप्पणी गर्ने मेरो खुबी छैन । मैले बुझेको यी तीनैवटा नीति हिन्दु समाजका महत्त्वपूर्ण अङ्ग हुन् । तिनमा नेपाली जनमानसले सजिलोसँग पस्न सक्ने बाटो बनाइदिनुभएको छ मदनजीले । ठूलो काम गर्नुभएको छ । त्यसमा थप ती **विदुर** र **चाणक्य** जस्ता महात्माहरूका जीवनी अनि **भर्तृहरि**बारेका किंवदन्तिहरू पनि विशिष्टतासाथ पस्किदिनुभएको छ विद्वान् अर्यालजीले । यी सबै वस्तु नेपाली पाठकहरूका लागि एकमुष्ठ ठूलो उपलब्धि हुन पुगेको छ । नेपालीहरूमा यसरी ज्ञान छर्ने मदनप्रसाद अर्याल (सचिवः राजपरिषद्) लाई म श्रद्धावनत भई अभिवादन गर्दछु ।

यस नीति-त्रिवेणीले नेपालीको भलो गरोस् । शुभ होओस् । तथास्तु !

श्रीदरबार टोल, पाटनढोका
ललितपुर

—कमल दीक्षित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो भन्नु

नेपाली भाषामा अनुवादका माध्यमबाट देववाणी संस्कृतमा विद्यमान सदाचार, सद्भाव र सुनीतिका कुरालाई सबैले मनन् गरून् र संस्कृत पनि सर्वसाधारणका लागि रुचिकर बन्दै जाओस् भन्ने उद्देश्यले **चाणक्यनीति, विदुरनीति** र **भर्तृहरिका तीनवटै शतक**लाई एकीकृत रूपमा पाठकसामु पुऱ्याउने जमर्को गरिएको छ ।

यसअघि चाणक्यनीतिशास्त्र, विदुरनीति, (व्यवहारनीति, सेवानीति र कूटनीति) र भर्तृहरि विरचित त्रयशतक (नीतिशतक, श्रृंगारशतक र वैराग्यशतक) छुट्टाछुट्टै रूपमा पटक-पटक प्रकाशित भइसकेका छन् । पाठकवृन्दको सल्लाह र सुझावलाई दृष्टिगत गरी तीन छुट्टाछुट्टै पुस्तकलाई समेटी एउटै रूप दिने प्रयास गरिएको हो ।

राजनीति, धर्म, संस्कृति र सदाचारका क्षेत्रमा समर्पित राष्ट्रवादी ब्राह्मण **चाणक्य**को योगदान अविस्मरणीय एवं अतुलनीय छ । आचार्य **विष्णुगुप्त** (चाणक्य)को जीवनचरित्र र उनको नीतिशास्त्र पढेपछि जस्तोसुकै विपत्तिमा समेत उत्साह र धैर्यका साथ डटिरहने प्रेरणाको सञ्चार पाठकवृन्दमा हुनेछ भन्ने विश्वास लिएको छु । आचारसम्बन्धी नियम र कानुनको निर्देशन, दिग्दर्शन, प्रबन्ध, योजना र औचित्य आदि विषयमा **सर्वाङ्गीण ज्ञानको विवेचना नीतिशास्त्र**मा गरिएको हुन्छ । पूर्वीय नीतिशास्त्रका प्रथम आचार्य **शुक्राचार्य**ले नीतिशास्त्रका सम्बन्धमा पहिलो चर्चा गरेका हुन् । शुक्राचार्यका अनुसार नीतिशास्त्र समस्त जगत्को उपकारक र मर्यादापालक हो । यसद्वारा धर्म, अर्थ, काम, मोक्ष प्राप्त हुन्छ, जसरी मानिसलाई बाँच्नका लागि भोजनको आवश्यकता पर्दछ, ठीक त्यसैगरी, लोक-व्यवहारमा राम्रो स्थिति बसाल्नलाई नीतिशास्त्रको जरुरत पर्दछ ।

नीतिको अर्थ 'नयनात् नीतिरुच्यते' अर्थात् खराबबाट असल मार्गतर्फ अग्रसर हुन अभिप्रेरित गर्नु हो । ब्रह्मवैवर्त पुराण ११५ अध्यायको १३ औं श्लोकमा पनि नीतिशास्त्रका बारेमा **हितं सत्यं नीतिशास्त्रं परिणाम सुखावहम्** भनेर चर्चा गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत शान्तिपर्वमा उल्लेख भएअनुसार कुनै बखत यस्तो समय थियो, जुनबेला न कुनै राजा थिए, न त कुनै राज्य नै । पापका डरले नै मानिस एकापसमा रक्षक र सहयोगी हुन्थे । बिस्तारै मानिसमा स्वार्थीपना आयो, धर्मको व्याख्या आ नो अनुकूल हुने गरी गर्न थालियो । कालान्तरमा मानिसले एकअर्कालाई सताउन थाले । असल र सबैको हित चिताउनेलाई समाजमा बाँच्न कठिन हुन थाल्यो ।

पूर्वीय नीतिशास्त्रका सिद्धान्त र विषय सर्वप्रथम वेदमा उल्लेख भएको थियो । नीतिशास्त्रको विकासक्रममा रामायण, महाभारत, उपनिषद्, पुराण, षड्दर्शन आदि ग्रन्थमा त्यसपूर्वका दार्शनिकहरूको नीति र विचारधाराबारे प्रकाश पारिएको पाइन्छ ।

महाभारतमा धृतराष्ट्रलाई महात्मा विदुरले भनेका व्यवहारनीतिका कुरा, युधिष्ठिर र पाण्डवहरूलाई सुनाइएको कणिक–शत्रुञ्जय संवाद–प्रसंग कूटनीतिक हिसाबले अत्यन्त महत्त्वपूर्ण मानिँदै आएको छ । उक्त प्रसंगलाई संस्कृत श्लोकको मूल पाठसहित नेपाली भाषामा व्याख्यात्मक भावानुवादका साथै महात्मा विदुरको संक्षिप्त जीवन चरित्रका साथसाथै विदुरनीतिलाई यस पुस्तकले समेटेको छ ।

खरो र कटु मिजासका भएर पनि निष्पक्ष व्यक्तित्वका रूपमा परिचित महात्मा विदुरका व्यवहारनीति, कणिकका कूटनीति र धौम्यका सेवानीतिलाई व्यक्ति, समाज र राष्ट्रको पथप्रदर्शकको रूपमा हेर्ने गरिएको पृष्ठभूमिमा संस्कृत श्लोकसहित नेपाली भाषामा अनुदित पुस्तक हरेक पाठकका लागि उपयुक्त अध्ययन सामग्री बन्नेछ भन्नेमा म आशावान् छु । यस प्रकाशनको सार्थकता पनि यसैमा निर्भर गर्दछ ।

उज्जैनका **राजा भर्तृहरिले** व्याकरणशास्त्रको उच्चस्तरको ग्रन्थ **वाक्यपदीयम्**को रचना गर्नुका साथै सय–सय श्लोकका नीतिशतक, शृंगारशतक र वैराग्यशतकको रचना गरेका हुन् । शतकको रचना गर्ने प्रसंगमा भनिएको छ–

'यद्यस्य नास्ति रुचिरं तस्मिंस्तस्य स्पृहा मनोज्ञेऽपि
रमणीयेऽपि सुधांशौ न मनः कामः सरोजिन्याः ।
वैराग्ये संचरत्येको–नीतौ भ्रमति चापरः
शृंगारे रमते कश्चिद् भुविभेदाः परस्परम् ॥'

'रुचि नै रहेन भने जतिसुकै सुन्दर, आकर्षक र राम्रो वस्तु भए पनि त्यसप्रति कुनै चाहना रहँदैन । अत्यन्तै राम्रो भए तापनि कमलिनी (सूर्यमुखी) फूलले चन्द्रमालाई मन पराउँदैन ।'

'कुनै व्यक्ति वैराग्यमा विचरण गर्दछ, कुनै भने नीतिमा रमाउँदै भ्रमण गर्दछ । कतिपय व्यक्ति शृंगारमा नै रमाइरहेको पाइने हुनाले यस संसारका मानिसमा भिन्न–भिन्न रुचि रहेको प्रस्ट हुन्छ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिका बहुआयामिक भाव र चरित्रको वर्णन गरिएको यो पुस्तक भर्तृहरिका कृतिका विषयमा जान्न खोज्नेका लागि गतिलो खुराक बन्न पनि सक्छ । भर्तृहरिले हरेक रुचि–समूहका पाठकको मन जित्न सकेका कारण पाँचपटकसम्म पुस्तक प्रकाशित गर्न पाएको सुखद अनुभव पनि मसित छ ।

यस हिसाबले, तीनवटै पुस्तकप्रति विगतमा पाठकले देखाएको रुचिका कारण अब तीनवटै किताबलाई एकै ठाउँमा समेटेर प्रकाशित गर्न लागिएको हो । पूर्वीय दर्शन, मूल्य र मान्यतालाई आदर्श ठान्ने हाम्रो समाजमा यी तीनवटै ग्रन्थका प्रसंगहरू सन्दर्भको रूपमा बारम्बार आउने गर्दछन् । यस्ता प्रसंगले व्यक्ति विशेषमा ती ग्रन्थप्रति आकर्षण र उत्सुकता जाग्नु स्वाभाविक हो भन्ने मलाई लाग्दछ । भर्तृहरिका रचनामा शब्द र अर्थ गौरवको बाहुल्य प्रशस्त भएकाले अनुवाद गर्दा निकै कठिन परे तापनि यस पुस्तकको अन्त्यमा देखाइएको सन्दर्भग्रन्थ सूचीमा उल्लेखित किताबहरूको मद्दतद्वारा मैले अनुवादको कार्य पूरा गरी प्रकाशित गर्न सकेको हुँ । अतः अनुवादकका हैसियतले प्रथमतः यी पुस्तकहरूका अनुवादक, टीकाकार एवं प्रकाशकसमक्ष मैले हार्दिक कृतज्ञता प्रकट गर्नुपर्दछ ।

संस्कृत भाषामा मेरो सामान्य दख्खल छ, यसैले अनुवादका क्रममा त्रुटि भएका हुन सक्छन् । कतिपय श्लोकलाई बोधगम्य हुने गरी नेपालीमा लेख्न असमर्थ पनि भए हुँला । यसखाले त्रुटि औंल्याई सच्चिने मौका प्रदान गर्नुहुन सम्पूर्ण पाठकमा विनम्र निवेदन गर्दछु । साथै पाठक महानुभावबाट रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा लिएको छु ।

यस पुस्तक अध्ययन गरेर सारगर्भित मन्तव्य प्रदान गर्नुहुने विद्वान् साहित्यकार श्री कमलमणि दीक्षितज्यूप्रति आभार र धन्यवाद प्रकट गर्दछु । किताबको प्रुफसमेत हेरी सहयोग गर्नुहुने **श्री दीपकराज घिमिरे** र कम्प्युटर सेट गरिदिनुहुने **श्री दिनेश भट्टराईजी** र नेसनल प्रिन्टिङ प्रेसका **श्री निर्मल रिमालजी**लगायत मलाई पुस्तक तयार गर्दा सहयोग गर्नुहुने **श्री जयप्रसाद दाहाल** आदि सबै तह र तप्काका व्यक्तित्वहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

चण्डीपूर्णिमा
२०६२/२/९
बालाजु बाइपास, काठमाडौं– १६

मदनप्रसाद अयाँल
लेखक र प्रकाशक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विदुर धौम्य र कणिकका (नीतिहरू)

मेरो अभिवादन (कमलमणि दीक्षितबाट) क
आफ्नो भनाइ ग
महात्मा विदुरको जीवन चरित्र १
(१) प्रभावशाली निष्पक्ष व्यक्तित्व र विशेषताहरु १
(२) विदुर धर्मका अवतार (अंश) थिए ४
(३) विदुरको जन्म ८
(४) परामर्शदाताको रुपमा विदुर १०
(५) निष्कपट विदुर धर्मका रुप थिए १८
(६) विदुर निष्पक्ष थिए, उनले कसैको पक्ष लिएनन् २५
(७) परम धर्मका ज्ञाता विदुर र उनको शरीर त्याग ३१
(८) विदुरका (धर्मोपदेश) नीति के हुन् ? ३४
विदुरनीति : १ देखि ८ अध्यायसम्म ४४–१९४
विदुरनीतिमा प्रयोग गरिएका केही उल्लेखनीय शब्दहरु र तिनको अर्थ २०४
धौम्यनीति तथा सेवानीति २११
कणिकनीति (आपद् धर्म नीति वा कूटनीति) २२७

चाणक्य (जीवनी र नीतिशास्त्र)

चाणक्यको जीवनी भाग– १, २, ३, ४ २६३–३३६
चाणक्यको नीतिशास्त्र : १ देखि १७ अध्यायसम्म ३३८–४३९

भर्तृहरि त्रयशतक

राजा भर्तृहरि र उनीबारेको जनश्रुति (आहान वा किंवदन्तिहरु) ४४९
भर्तृहरि नीतिशतक ४५३
भर्तृहरि नीतिशतकको परिशिष्ट ४९३
भर्तृहरि शृङ्गारशतक ५०४
भर्तृहरि वैराग्यशतक ५४६
सन्दर्भ ग्रन्थहरुको सूची ५९२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा विदुरको जीवन चरित्र

(१) प्रभावशाली निष्पक्ष व्यक्तित्व र विशेषताहरू

महात्मा विदुरलाई महाभारतमा महाप्राज्ञ अर्थात् महान् वुद्धिमान् भनिएको छ । उनले वोलेका कुराहरू ज्यादै नै समझदारीपूर्ण तथा सोचविचार पुऱ्याएर गरिएका गहिरा ठानिन्थे । विदुर एक अनुपमेय व्यवहारवादी व्यक्तित्व थिए । अन्धा राजा धृतराष्ट्रलाई सल्लाह दिने प्रधानमन्त्रीको रूपमा विदुर नियुक्त गरिएका थिए, जुन विदुरले जुवा, द्रौपदीको वस्त्रहरण, दुर्योधनको उद्दण्डता तथा पाण्डवसँग दुर्योधनले राख्ने सम्पूर्ण दुराग्रहको विरोध गरेका थिए । राजा र देशका लागि सदा इमानदार सेवक भएर आफ्नो पदमा रहेका थिए । अरूलाई जस्तो उनलाई दोष दिने कतै ठाउँ उनले छाडेनन् । सदा राजा, देश र न्यायको पक्षमा स्वयम् राजा धृतराष्ट्रसँग वहस गरेर आफ्नो इमान र धर्मको पालना गरे । उनी जस्तो नीतिज्ञ र चतुर आजको संसारमा अन्य कोही कतै जन्मेको छ ? छैन सबै पैसा, पद र शक्तिका दास मात्र छन् । महात्मा विदुर उद्भट विद्वान्, धर्म र नीतिका ज्ञाता तथा वैदिक कालको राजनीतिमा पोख्त थिए । यिनै कारणले गर्दा 'महाभारत' मा उनको विशिष्ट स्थान छ । यिनी सबैका लागि सम्माननीय थिए । परम अभिमानी र पाण्डवहरूप्रति अत्यधिक द्वेषपूर्ण भावना लिने दुर्योधनसमेत विदुरको निष्पक्षताका विषयमा पूर्णतः आश्वस्त रहन्थ्यो । विदुरको वाणी-संयम, समयानुकूल कुरा गर्नु (अर्थात् जुन कुरा भन्नैपर्ने हुन्छ कटु नै भए पनि न हिच्किचाएरै भन्ने वानी) यी सबै उनका सर्वश्रेष्ठ गुणहरू थिए ।

विदुर कति धेरै समादृत थिए भन्ने सम्बन्धमा एउटा प्रसंगलाई लिन सकिन्छ : वाह्र वर्ष वनवास र एक वर्षको गुप्तवासपश्चात् पाण्डवहरू विराटनगरमा प्रकट भएका थिए । राजा द्रुपद पनि विराटनगरमा गएर भावी कार्यक्रम र युद्धको तयारीवारे छलफल गर्दथे । राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खवर गर्न पठाए । पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्योधनले अस्वीकार गरिदियो। पुरोहित विराटनगरमा फर्किएर गएपछि धृतराष्ट्रले सञ्जयलाई आफ्नो दूत बनाएर 'युद्धमा भीष्म आदि स्वजनहरूलाई मारेर राज्य भोग गर्नुभन्दा भीख मागेर खानु वेश हो' यही सन्देश युधिष्ठिरलाई सुनाइदिनू भनी पठाए। त्यसपछि विराटनगरवाट युधिष्ठिर र श्रीकृष्णको सन्देश लिएर आएका सञ्जयले आउँदाआउँदै सोझै धृतराष्ट्रकहाँ गएर भने कि 'पाण्डवहरू धर्मपूर्वक नै आफ्नो राज्य फिर्ता चाहन्छन्। यदि उनीहरूलाई उचित भाग दिइएन भने संसारभरि नै अनर्थ हुनेछ। यात्राका कारण अहिले म (सञ्जय) थाकेको छु। विशेष कुराहरू भोलिको जमघट (सभा) मा नै भन्नेछु' सञ्जयका यी भनाइले राजा धृतराष्ट्र ज्यादै नै विचलित हुन पुगे र मनमनै विचार गर्न थाले कि भोलि सभामा सञ्जयले सबैको सामुन्नेमा के-के भन्ने हुन् : यस किसिमको विषम मानसिक उल्झनमा परी निद्रा नलागिरहेको अवस्थामा उनले विदुरलाई बोलाए। आफ्नो मनोव्यथा भन्दै विदुरको सम्मत्ति र सुझाव मागे। संकटापन्न समयमा महात्मा विदुरले धृतराष्ट्रलाई महत्त्वपूर्ण ज्ञान र नीतिका कुराहरू भने। यी कुराहरूलाई विदुरनीति भनिन्छ। धृतराष्ट्रले विदुरलाई 'महाप्राज्ञ', 'महाबुद्धे', 'धर्मार्थ कुशल' भनी गर्ने गरेको सम्बोधनले पनि विदुरको ज्यादै सम्मानित व्यक्तित्व थियो भन्ने स्पष्ट हुन्छ।

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन्। उनले त कुरु राजघरानामा वेलावखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए। पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिवेला सबैलाई थाहा थियो कि श्रापवश (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन्। यस्तो स्थितिमा जन्मेका पाण्डुपुत्रहरूलाई राजपरिवारको सदस्य, पाण्डुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर्ने थियो। यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुत्र पाण्डव' र दुर्योधनादिलाई 'कौरव' भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्त्वपूर्ण भूमिकासमेत रह्यो। यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध गराएरै छाडेका थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए। जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो। द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए। जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्बरमा लक्ष्यवेध गऱ्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पऱ्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो। त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो।

जनचाहनालाई प्रबल आधार बनाएर पुत्रमोहले समेत अन्धो भएका राजा धृतराष्ट्रलाई सम्झाएर कुलवधू द्रौपदीसहित कुन्ती र उनका छोरा पाण्डवहरूलाई हस्तिनापुरमा बोलाउन लगाउनु र औपचारिकतापूर्वक उनीहरूको स्वागतमा तयार गराउनुजस्तो बुद्धि चातुर्यको काम विदुरले नै पूरा गरेका थिए। विदुर सुरुदेखि अन्तसम्म कुरु राज्यप्रति निष्ठावान् रहेका थिए। उनी सदैव निर्भिकतापूर्वक धर्मको नै पक्ष लिने गर्दथे। उनी धर्मपारायण हुन् भन्ने कुराको प्रमाण अरू के हुन सक्ला र जबकि युद्ध रोकियोस् भन्ने उद्देश्यले अन्तिम प्रयास गर्न पाण्डवहरूको दूत बनेर आएका यादव नरेश श्रीकृष्णले दुर्योधनका राजमहलको आतिथ्य स्वीकार नगरी विदुरकहाँ (एउटा दासीपुत्रको घरमा) बस्न उचित ठान्नुभयो। त्यसैले विदुलाई महात्मासमेत भनिँदै आएको छ।

विदुरले आफ्नो जिन्दगानीभरि नै धर्म (नीति) को पालना गरे। महाभारतमा अनेकौं नीतिशास्त्रकारका नीतिहरू संकलित छन्। यिनमध्ये पाण्डवका पुरोहित धौम्यका सेवानीति, कणिक भारद्वाजको कूटनीति प्रख्यात छन्। महात्मा विदुरले धृतराष्ट्रलाई भनेको कुरा (उपदेश) अत्यन्तै मार्मिक र अनौठा छन्। विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ। साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ। सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) विदुर धर्मका अवतार (अंश) थिए

'दैवो (धर्मो) विचित्रा गति',

'धर्मस्य तत्त्वं निहितं गुहायाम्'

'धर्मको गति वुझिनसक्नु छ' 'धर्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य वुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र वुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले वुझेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आवद्ध छन्। यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो। शास्त्र र यसको तत्त्वलाई भलिभाँती वुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्। यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ। यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ। यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए। त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ वस्ने गर्नुहुन्छ। ऋषि, महर्षि, देवता सवै प्रकारका व्यक्ति सभासदमा छन्। पाप पुण्यवारेको रेकर्ड हिसाबकिताव वहिखाता राख्ने चित्रगुप्त रहन्छन्। काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खवर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलावेलामा यिनीहरूले नै गर्ने गर्दछन्।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व, दिशामा चारवटा प्रवेशद्वार हुन्छन्। यी ढोकाहरूमध्ये तीनवटावाट पुण्यात्मा र दक्षिणवाट पापीहरूलाई प्रवेश गराइन्छ। दक्षिणतर्फवाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ। साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन्। यस ढोकावाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ। वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन्।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ। उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन्। उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलावखतमा सम्झाइरहने पनि गर्दथे। आफू पनि मन, वचन र कर्मले भगवान्को भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

जिह्वा न वक्ति भगवद्गुण नामधेयं ।
चेतश्य न स्मरति तच्चरणारविन्दम् ॥
कृष्णाय नो नमति यच्छिर एकदापि ।
तानानयध्वमसतोऽकृतविष्णुकृत्याम् ॥

(श्रीमद्भागवत षष्ठ स्कन्ध श्लोक २९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हे दूत हो ! जुन मनुष्यको जिब्रोले भगवान्‌को पवित्र गुण, लीला र नामहरू बोल्दैन, अनि मनले भगवान्‌को पाउको स्मरणसम्म पनि गर्दैन' जसको मस्तक भगवान् र उनका भक्तहरूलाई देख्ता एकछिन पनि नुहुँदैन, भगवान्‌को सत्यस्वरूपबाट आफू टाढा रहने गर्दछन् त्यस्तालाई तिमीहरूले भयङ्कर नरकको बाटो (दक्षिणपन्थ) बाट यमराजको सामुन्ने उपस्थित गराउने गर्नू ।'

धर्मराज पापाचारी र धर्माचारीउपर चित्रगुप्तको रेकर्डबमोजिम ठीक-बेठीक छुट्याएर दण्ड पुरस्कृत गर्ने ईश्वरीय अवतार हुन् । उनले मरेर यमलोक पुगेपछि मात्र पाप र पुण्यको फल दिने होइनन्, उनी यसै लोकमा वर्तमान जन्ममा यहाँकै मनुष्यलाई नै निमित्त बनाएर कर्मफल दिने गर्दछन् । अर्थात् सत् कर्म र असत् कर्मको फल (परिणाम) भोग्न मानिसको मृत्युलाई पर्खिरहनुपर्दैन । वर्तमान जीवनमा नै मानिसले यसै लोकमा उचितानुचित कर्मको फल भोग्नैपर्दछ ।

परापूर्वकालमा माण्डव्य नाउँ गरेका कुनै तपस्वी ऋषि थिए । उनी ठूला धर्म र प्रभावशाली तपस्वी भई मौनव्रत (नबोल्ने) ग्रहण गरेका थिए । उनी आफ्नो हात उठाएर तपस्या गर्ने गर्दथे । कुनै दिन केही डाँकूले लुटेको धनसहित माण्डव्य ऋषिको आश्रम नगीच आइपुगे । पुलिसहरू डाँकूहरूको पिछा गर्दै थिए । पुलिसको आँखा छल्न आश्रमको एउटा कुनामा लुटेको सम्पत्ति गाडेर डाँकाहरू लुक्न गए । केहीछिनपछि पुलिसहरू त्यहाँ आएर ऋषिलाई डाँकाहरूको बारेमा सोधे । मौनीबाबा माण्डव्यले कुनै जवाफ दिएनन्, तपस्यातर्फ नै लागिरहे त्यसपछि पुलिसहरू आश्रमको आसपास तलासी गरी डाँकूहरूलाई फेला पार्न र लुकाएको सम्पत्ति बरामद गर्न सफल भए । पुलिस हवल्दारले माण्डव्य ऋषिले कुनै जानकारी नदिएको देखेर यो केही नबोल्ने ढोंगी मान्छे नै डाँकूहरूको सरदार हुनसक्छ भन्ने विचार गर्दै उनलाई पनि अरू डाँकाहरूका साथ पाता कसेर राजाकहाँ लगे र सम्पत्तिसहित पेस गरे । राजाले सोध्दा पनि मौनीबाबा माण्डव्यले कुनै जवाफ दिएनन् । राजाले छानबिन तहकिकात केही नगरी सबैलाई सूलीमा चढाएर मार्ने आदेश दिए । माण्डव्यलाई पनि सूलीमा चढाइयो तर सूलीमा उनको शरीर छेडिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै दिनसम्म सूलीमा चढेकै अवस्थामा माण्डव्य पनि तपस्या गर्दै रहे । जब माण्डव्यउपर आइपरेको घटना अन्य ऋषिजनले चाल पाए, उनीहरू चराचुरुङ्गीको रूप लिई माण्डव्यकहाँ आएर तिमीले के पाप गरेका थियौ र यस्तो कष्ट भोग्नुपर्‍यो ? भनी सोधपूछ गर्न थाले । माण्डव्यले पनि आफूलाई कुन पापको फल भोग्नुपर्‍यो ? भनी सोच्न थाले । केही दिनपछि राजालाई सूलीमा चढाएको डाँकूमध्ये एउटा मरेको छैन भन्ने खबर आयो । यसरी नमर्ने व्यक्ति डाँकू हुन सक्तैन कुनै ऋषि नै हुन् कि भन्ने राजाको मनमा लाग्यो । राजाले माण्डव्य भएको ठाउँमा गएर उनलाई सूलीवाट झिक्न लगाए । अनि आफूले गरेको कामप्रति पछुताउ गर्दै मुनिको प्रार्थना पनि गर्न थाले । परन्तु शूलीको सानो किलो (अणि) भने जिउमा धसिएको धसियै भयो, यसैले उनको नाउँ पनि अणिमाण्डव्य भन्ने रहन गएको थियो ।

कुनै दिन माण्डव्य धर्मराजको सभामा गए र धर्मराजलाई उनले सोधे- 'मैले कुन त्यस्तो पाप कर्म गरें जसवाट मैले सूलीमा चढ्नुपर्ने जस्तो भयंकर कर्मफल भोग्नुपर्‍यो ? हे धर्मराज ! यदि यसको जवाफ ठीकसँग दिनुभएन भने तपाईंले आफ्नो कर्मफल भोग्नुपर्नेछ । धर्मराजले जवाफ दिए 'हे तपोधन ! तपाईंले आफ्नो बाल्यावस्थामा सीलमा कैयौं संलहलाई उनेर राख्नुभएको थियो । त्यही पापको फल तपाईंले भोग्नुपरेको हो । सानै पाप भएको भए पनि यसलाई ठूलो सम्झिइन्छ' माण्डव्यले जवाफ दिए- त्यतिवेला म अवोध वालकै थिएँ, मलाई पाप र पुण्यवारे कुनै जानकारी थिएन । त्यति सानो पापका लागि ब्राह्मणलाई सूलीमा चढाउने जस्तो यति ठूलो सजाय दिइनु कदापि उचित होइन । त्यसैले तिमीलाई श्राप दिन्छु कि तिमीले सय वर्षसम्म मृत्युलोकमा गई शूद्र भई रहनु परोस्" धर्मराजले पनि खुशी साथ ऋषिको श्रापलाई स्वीकारे । यसै श्राप मोचन गर्नको लागि धर्मराजले वनिता नामक दासीको गर्भवाट विदुर भई जन्म लिएका थिए । तसर्थ विदुरलाई धर्मराजको अंश (अवतार) मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(३) विदुरको जन्म

महाराज शान्तनुका दुई महारानीमध्ये जेठी गंगाबाट देवव्रत भीष्म जन्मिए। उनले आफ्ना पिताको खुसीको खातीर विवाह नै नगरी आजीवन ब्रह्मचर्यमा वस्ने भयानक प्रतीज्ञा गर्दै (Defacto Emperor) को रूपमा हस्तिनापुरको राजकाजको रेखदेख गर्ने गरेर नै आफ्नो जीवन विताए। शान्तनुकी कान्छी महारानी केवट राजकी छोरी सत्यवती थिइन्। उनवाट चित्रांगद र विचित्रवीर्य नाउँ गरेका दुई पुत्र पैदा भएका थिए। शान्तनुपछि उनका छोरा चित्रांगद राजा भए, यिनको अकाल मृत्यु हुँदा उनका भाइ विचित्रवीर्य राजा भए। राजमाता सत्यवतीको आग्रहमा काशीका राजाका दुई छोरी अम्विका र आम्वालिकासँग विचित्रवीर्यको भीष्मले विवाह सम्पन्न गराइदिएका थिए। विचित्रवीर्यको पनि अल्पार्युमै (कुनै सन्तान पैदा हुनु अगाडि नै) मृत्यु भयो। हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो। भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे। राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा वुहारी अम्विकालाई गर्भाधान गराउने र उनवाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा वसाउने निधो भएवमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्- 'हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुँदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अव हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ।' व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने "अम्विका वा आम्वालिका यदि मेरो अगाडि निर्वस्त्र आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन्।"

सत्यवतीले दुवै वुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन्। दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्विकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन्। कान्छी आम्वालिका भने डराएर पहेंली भइन्। व्यासजीले दुवैलाई गर्भवती वनाएपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाईवताइ दिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुनेहुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् । अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वेदव्यास जस्ता ऋषिवाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिँदै भने "तिम्रो गर्भ (कोख) वाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।" व्यासजीको -कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखवाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले 'विदुर' को रूपमा जन्म लिएका थिए ।

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई विर्सेका थिएनन् तथापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधै नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे । यिनमा सम्पत्तिको मोह र लोभ थिएन । भीष्मले धृतराष्ट्र र पाण्डुलाई धेरै सम्पत्ति दिँदै विदुरलाई पनि दिन खोजे तर विदुर आफैंले लिएनन् ।

भीष्म पितामहले पाण्डु र धृतराष्ट्रको विवाह गराएपछि विदुरको विहे गराउने पालो आयो । मथुराका एक प्रभावशाली देवककी पारशवी भन्ने दासीकी सर्वगुण सम्पन्न कन्याको साथ विदुरको पनि विवाह गराइदिए । विदुर आफ्नी धर्मपत्नीका साथ गार्हस्थ धर्ममा लागेर भगवान्को भजन कार्यमा आफूलाई धेरैजसो संलग्न राख्तथे । विदुर एक किसिमले धृतराष्ट्रका मन्त्री नै थिए । धर्मयुक्त तवरले राजकाज सञ्चालनमा उनले धृतराष्ट्रलाई मद्दत पुऱ्याएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(४) परामर्शदाताको रूपमा विदुर

धर्म भनेको सबैलाई कल्याण गर्नु हो। यस्ता कुनै मानिस छैनन् जसमा धर्म रहेको नहोस्। धर्मको मौकाअनुसार सबैको कल्याण गर्दछ अथवा कल्याणकारी काम गर्नेतर्फ प्रेरित गर्दछ। महाभारत समयमा पाण्डव तर्फ राजा युधिष्ठिर स्वयं नै धर्म थिए। कौरवतर्फ पनि विदुर रूप धर्म नै थिए जसले 'सल्लाहकार' को भूमिका निभाउने गरेका थिए। उनको सल्लाह कौरवले नमान्नु भन्ने कुरा अर्कै हो, पाप कर्म गर्न लाग्दा पापीको अन्तरात्माले उसलाई भन्दछ कि यो पाप कार्य हो नगर्नु परन्तु पापी मानिसले यो कुराको वास्तै नगरी अन्याय गर्नतिर प्रवृत्त रहन्छ। विदुरले पनि अन्याय गर्न लागेको देखेर कौरवहरूलाई "यो अन्याय वा धर्म विरुद्धको काम हो नगर्नू" भन्ने गर्दथे। तर कसैले पनि विदुरका कुरालाई ध्यान दिँदैनथे। विदुरलाई उपेक्षा, गर्दथे। विदुरको सांगोपांगो जीवन चरित्रलाई हेर्दा यही कुरा देखिन आउँछ कि विदुरले कहिल्यै कसैको पनि अनिष्ट चाहेनन् उनी सबैको भलो नै चिताउने गर्दथे। एक उदारमन सिद्ध पुरुष थिए। विदुर कौरवहरूका सल्लाहकार थिए। साथै समय आउँदा बखत पाण्डवहरूलाई पनि उचित सल्लाह दिने गर्थे। पाण्डवहरूउपर कुनै आपत्ति विपत्ति आइपर्ने सम्भावना देख्दा उनीहरूलाई पूर्व सूचना दिन्थे। पाण्डवहरू आत्तिई व्याकुल भएको अवस्थामा उनीहरूलाई धैर्यधारण गराउँथे।

दुर्योधन पाण्डवहरूसँग ठूलो वैरभाव राख्ने गर्दथ्यो। पाण्डवलाई कसरी नष्ट गरौं भन्नेतर्फ नै ऊ सदैव सोच्ने गर्दथ्यो। यसका लागि दुर्योधनले धेरै प्रयास गऱ्यो। कुनै वेला उसले पौडी खेल्न भनी पाण्डवहरूलाई बोलायो। दुर्योधनले पहिल्यै देखि विषको मिठाइ तयार गरेर राखेको थियो। बडो प्रेम भाव देखाएर उसले भीमसेनलाई आफ्नै हातले खुवाइदियो। भीमसेन बेहोस् भएपछि हाँगा-विंगाले बाँधेर उनलाई गंगाजीमा फ्याँकिदियो। उता पौडी खेल्ने काम सकेपछि युधिष्ठिरले भीमसेनलाई देखेनन्' दुर्योधनले कुनै अनिष्ट गऱ्यो कि भन्ने ठानेर आत्तिदै आमा कुन्तीकहाँ गई भाइको बारेमा सोधे। छोरा भीमसेनउपर अनिष्ट केही भयो कि भन्ने आशंकाले कुन्तीले देवर विदुरलाई बोलाएर सोधिन- "देवरजी थाहा भएन भीमसेन कहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गयो ? अरू चारै भाइ पौडी खेलेर फर्किसके एउटा मात्र फर्किएन । कतै क्रूर वुद्धि र लोभी दुर्योधनले धोखा दिएर त भीमलाई मारेन ? मेरो मुटु ढुकढुक गरिरहेछ के गर्ने के नगर्ने ? मेरो दिमागले काम गर्न छाडिसक्यो ।" कुन्तीको यस्तो आत्तिएको वोली सुनिसकेपछि विदुरले उनलाई ढाढस दिदै भनेका थिए - "रानी ! यस्तो कुलच्छिनको कुरा मनमा नलिनोस्, आफ्ना छोराबारे यस्तो अपसकुन सोच्नु तपाइं जस्ती वीर रानीका लागि सुहाउँदैन । आफूसँग भइरहेका छोराहरूको रक्षा गर्नुहोस् । यसवेला दुर्योधनलाई कुनै लाञ्छना नलाउनोस् । उसले चाल पायो भने अरू झन् अनिष्ट गर्नसक्छ । भीमसेनको सम्वन्धमा निश्चिन्त र ढुक्क हुनुहोस्' किनकि उसलाई अनिष्ट हुने काम कसैले पनि गर्न सक्तैन । तपाइंको सबै छोरा चीरञ्जीवी हुनेछन् भनी महामुनि व्यासले तपाइंलाई आशीर्वाद दिनुभएकै छ । यो कहिल्यै पनि झूठो हुँदैन, भीमसेन अब छिट्टै नै तपाइंकहाँ आएर हामी सबैलाई खुसी तुल्याउनेछ ।"

आफ्नो देवर विदुरका यी कुराले कुन्तीलाई ढाढस भयो । केही वेरपछि नागलोकमा पुगेर पारोको रस पिई दस हजार (मत्ता हात्तीको वल प्राप्त गरेका भीमसेन टुप्लुप्क आइपुगे । युधिष्ठिरले भीमलाई यो घटनावारे कसैलाई कुनै कुरा नभन्नु भनी सम्झाए र काका विदुरको मनसाय पनि यही हो भनी भनिदिए । यसरी विदुरकै सत् शिक्षा पाएर पाण्डवहरूले दुर्योधनले आफूउपर गरेको दुष्टतालाई पनि कतै कुनै चर्चा नै नगरेर सहि दिएका थिए ।

दुर्योधन धृतराष्ट्रलाई पाण्डवहरूका विरुद्ध चाहिँदा नचाहिँदा कुराहरू सुनाउने गर्दथ्यो । उनी पनि छोराहरूतर्फ ढल्किसकेका थिए । सकुनीको पुरोहित कणिकद्वारा अनेकौं चालवाजीपूर्ण कूटनीतिका कुराहरू पनि राजा धृतराष्ट्रलाई सुनाउन लगाएको थियो । पाण्डवहरूलाई वारणवत नगरमा पठाउने पनि प्रवन्ध गरायो । कुनै दिनमा पुरोचन नाउँ गरेको मन्त्रीलाई वोलाएर एकान्तमा दुर्योधनले भन्यो- "भाइ पुरोचन ! तिमी मेरा ठूलो विश्वासी छौ यस पृथ्वीको राजा अव तिमी र म मात्र रहनुपर्दछ शत्रुहरूलाई नष्ट गर्न चाहन्छु, तिमीले मलाई सहयोग गर्नु पर्‍यो । कुरा के भने तिमीले वारणावतमा यस्तो भव्य महल वनाउन लगाउनुपर्दछ कि यो महल सनपाट, तेल, घ्यू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाहा र काठजस्ता प्रज्वलनशील पदार्थहरू अत्यधिक मात्रामा प्रयोग गरेर निर्माण भएको होस् । भवनको बाहिरी हिस्सालाई यसरी पोतिदिनु कि कसैले पनि आन्दाजै गर्न नपाओस् साथै ठाउँ-ठाउँमा तुरुन्तै आगोले टिपीहाल्ने चिजहरू राखियोस् कसैले पनि यस किसिमको चिज राखेको छ भन्ने अनुमान नै गर्न नसकोस् । युधिष्ठिर वारणावतमा पुगेपछि तिमीले खुवै चाकरी गर जसद्वारा तिमी प्रति उनीहरूले पूरा-पुर विश्वास र भरोसा पनि लिने गरून् । उनीहरूलाई आफूप्रति पूर्ण विश्वस्त गराइसकेपछि भवनको ढोकामा आगो लगाइदिनु । जव उनीहरू मर्नेछन् त्यसपछि त सवैथोक तिम्रो भई हाल्नेछ ।" दुर्योधनको निर्देशन पाए पछि पुरोचनले पनि वारणावतमा गएर लाहाको भव्य महल तयार गराउन थाल्यो । तत्पश्चात् धृतराष्ट्रले कुन्ती सहित वारणावततर्फ प्रस्थान गर्नका लागि पाण्डवहरूलाई निर्देशन दिए ।

आमा कुन्तीसहित पाण्डवहरूले वारणावततर्फ प्रस्थान गर्न लाग्दा आफ्ना मान्यजनहरूलाई प्रणाम गर्दै जाने अनुमति लिए । जनताको तर्फवाट वारणावत जानेवारे धेरै विरोध आउन थाल्यो । तर युधिष्ठिरले खुवै सम्झाए । सवै फर्किसकेपछि विदुरले पनि संकेतमा युधिष्ठिरलाई सम्झाउँदै भने- "युधिष्ठिर ! बुद्धिमान मानिसले शत्रुहरूका गुप्त रहस्यलाई बुझेर त्यसवाट वच्ने उपाय पहिले नै सोच्नुपर्दछ । यौटा यस्तै अस्त्र छ, जुन फलामले नवनाएको भए पनि त्यसवाट मृत्यु पनि हुन सक्तछ । त्यस अस्त्रलाई जसले चिन्न सकेको छ, उ वाँच्न सक्तछ । (अर्थात् तिमीहरूलाई जलाउनको निमित्त शीघ्र जल्नसक्ने सामग्रीहरू प्रयोग गरेर एउटा दरवार शत्रुले वनाएका छन्) हेर आगोले वनलाई डढाइदिन्छ, तर प्वाल (सुरुङ्ग) भित्र र गुफाभित्र रहने जीवहरू सुरक्षित नै हुन्छन् । विपत्ति पर्दाका वखत आफू सुरुङ्गमा पसेर भए पनि मृत्युको मुखवाट जोगिनुपर्दछ । (अर्थात् तिमीहरू सुरुङ्गवाट निक्लेर भागिहाल्नु) । अन्धो वा कानोले वाटो फेला पार्दैन, ऊ दिशाहीन पनि हुन पुग्दछ । धैर्यहीन व्यक्तिलाई सम्पत्तिको प्राप्ति हुँदैन । मेरा कुराहरूलाई राम्रो गरेर वुझ्न थाल (अर्थात् तिमीहरूले पहिले देखि नै बाटो, घाटो र दिशा छुट्याउन सक्ने भइरहनुपर्दछ, यो कुरालाई गुप्त राख्नु कसैले अत्तोपत्तो पाउनु हुँदैन । दुष्ट व्यक्तिले दिएको विनाफलामको अस्त्र-शस्त्रलाई स्वीकार गरेर लिने गर्नुपर्दछ । उनीहरूकै संगतमा रहेर आगोको रापवाट जोगिनुपर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अर्थात् पुरोचनले बनाएको महलमा हाँसी खुसी साथ बस्नुपर्छ र भौका आउनासाथ हिंड्नु पनि पर्छ)। घुमफिर गर्ने बाटोबारे थाहा पाइराख्नुपर्दछ। सूर्य, तारा, चन्द्रमा आदि नक्षत्रबाट दिशा छुट्याउन सकिन्छ। पञ्चेन्द्रियलाई काबुमा राख्नाले कुनै प्रकारको पनि पीडा भोगिरहनुपर्दैन। काम-क्रोध आदि शत्रुहरूले उनलाई कुनै नोक्सानी पार्दैनन्।"

विदुरजीका उपदेशहरू सुनेपछि युधिष्ठिरले जवाफ दिए- "मैले तपाईंले भन्नुभएको कुरा बुझें सोहीबमोजिम गर्दै जानेछु" भनी जवाफ दिए। विदुर पनि आफ्नो घर फर्के। त्यसपछि पाण्डवहरू वारणावततर्फ लागे। वारणावतमा ठूलो जनसमुदायले उनीहरूको धूमधामसँग स्वागत गरे। पुरोचनले पाण्डवहरूलाई लाक्षागृहमा रहने बन्दोबस्त गरायो, अनि आफूले पूरापुर खटेर पाण्डवहरूको सेवा गर्न थाल्यो र खुबै विश्वासपात्र बन्नेतर्फ प्रयत्नरत रह्यो।

विदुरको विश्वासपात्र सुरुङ्ग बनाउन सिपालु एउटा साथी थियो। विदुरले एकान्तमा उसलाई बोलाएर सबै कुरा सम्झाउँदै भने- "तिमी वारणावतमा जाऊ र उनीहरूको भलो हुने काम गर, पाण्डवहरूको पत्यारीका लागि उसलाई केही गोपनीय कुरा पनि संकेत स्वरूप बताइदिएका थिए। उसले संकेत बताएपछि युधिष्ठिरलाई पत्यार पनि लाग्यो। उसले युधिष्ठिरलाई भन्यो- "म सुरुङ्ग खन्न जान्ने कारिगर हुँ, अब आउने कृष्णपक्षको रातमा पुरोचनले यो घरमा आगो सल्काइदिनेछ। दुर्योधनले कुन्तीसहित तपाईंहरूलाई जलाइदिने अठोट पनि गरिसकेको छ। मलाई अब सुरुङ्ग खन्ने आदेश दिनुहोस्।"

युधिष्ठिरले भने- "विदुर काका मेरा हितचिन्तक हुनुहुन्छ। जसरी भए पनि उहाँले हाम्रो हित नै गर्नुहुन्छ। तसर्थ तिमी पनि हाम्रो हित हुने काम गर। यतिखेर दुर्योधनसँग अनगिन्ती सम्पत्ति र सहयोगीहरू प्रशस्त मात्रामा छन्। उसले सुरुङ्ग खनिंदै छ भन्ने चाल पायो भने हाम्रो ठूलो अनिष्ठ हुनेछ। विदुरले पहिले भन्नुभएको कुरा सत्य नै सावित हुन गयो। अब तिमीले पनि हामीलाई यस आपत्तिबाट बचाइदेऊ" त्यसपछि सुरुङ्ग तयार गरियो। त्यसै सुरुङ्गको बाटो गरेर आगो लागेको बेलामा पाण्डवहरू पनि बाहिर निस्कन सफल भए। विदुरको कृपाबाट नै पाण्डवहरूको ज्यान बच्न गयो भन्ने कुराको सुइँकोसम्म पनि कसैले पाउन सकेन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै दिनपछि पाण्डवहरू वाँचेका र शक्तिशाली राजा द्रुपदकी छोरी द्रौपदीसँग उनीहरूको विवाह पनि भयो भन्ने थाहा पाएपछि दुर्योधन, कर्ण आदिलाई ठूलो पीर पऱ्यो । उनीहरूले पाण्डवहरूलाई कसरी नष्ट गर्ने भन्ने दाउ (उपाय) खोज्न थाले । उता विदुरलाई भने अत्यन्तै हर्ष भयो र धृतराष्ट्रकहाँ गएर उनले भन्न थाले- ज्यादै असल भयो- 'अव राजा द्रुपदसँग हाम्रो मित्रता हुनेभयो । द्रुपद हाम्रा रक्त सम्वन्धको नातेदार पनि भए अव त पाण्डवहरूलाई आदरपूर्वक वोलाउनुपर्दछ ।'

विदुर धृतराष्ट्रलाई यति भनेर हिंडिसकेपछि धृतराष्ट्रसँग भेट गरेर दुर्योधनले भन्यो- "पाण्डवहरूलाई वोलाउनुहुँदैन, हामीहरू धेरै अघिदेखि पाण्डवलाई सखाप पार्ने षड्यन्त्र गर्दै आइरहेछौं । परन्तु सफल हुन सकेनौं । यसपटक यस्तो उपाय गर्नुपर्दछ कि हाम्रो राज्य निष्कण्टक रहोस् ।" त्यसैवेला कर्णले भने- "धोखेबाजी नीति मलाई मन पर्दैन, यस्तो नीतिले पाण्डवलाई अनिष्ट गर्न सकिँदैन । एकछिनलाई मानिलिऔं कि उनीहरू उपर हमला गऱ्यौं नै भने पनि द्रुपदले त उनीहरूलाई मद्दत पुऱ्याउलान् तर यी सवैथरिमिलेर पनि हामीसँग लडाइँ गर्दा हामीलाई जित्न सक्तैनन् । म एक्लैले पनि यिनीहरूलाई जितिदिन्छु ।" कर्णको कुरालाई नै दुर्योधनले समर्थन गऱ्यो । पुनः कर्णले भने- "पराक्रम गर्नु नै क्षेत्रीयहरूको धर्म हो । साम, दाम, भेदद्वारा पाण्डवहरूलाई जित्न सकिँदैन । प्रकटरूपको कारवाहीले मात्र पाण्डवहरू जितिन सक्छन् । परन्तु लडाइँको काम तुरुन्तै गरिहाल्नुपर्छ । होइन भने श्रीकृष्णले कौरवतर्फवाट पाण्डवउपर हमला हुन्छ भन्ने थाहा पाउनासाथ यादवहरूको सेनासहित युद्धक्षेत्रमा आइलाग्नेछन् । श्रीकृष्णको नीति कुशलताका अगाडि हामीलाई टिक्न कठिन पर्नेछ ।"

धृतराष्ट्रले भने- "कर्ण ! तिमीले वीर पुरुषले गर्नेजस्तो कुरा गऱ्यौ" यस किसिमको तिम्रो स्पष्ट नीतिको म प्रशंसा गर्दछु । परन्तु मेरो इच्छा छ कि तिमी र दुर्योधन दुवैले पितामह भीष्म र गुरु द्रोणाचार्य अनि काका विदुरसँग सल्लाह गरेर सवै कुराको निधो गरिलेऊ, उहाँहरूको सम्मति वेगर म कुनै पनि काम गर्न चाहन्न ।"

त्यसपछि भीष्म, द्रोण र विदुरलाई वोलाइयो र उहाँहरूको राय सोधियो । भीष्म द्रोणले पाण्डवहरूसँग द्रोह गर्ने कुराको विरोध गरे । दुवैले भने- "हाम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निम्ति कौरव र पाण्डव दुवै समान छन्। दुवैथरी बराबर प्रिय पनि छन्। यस्तो स्थितिमा पाण्डवहरूसँग दुश्मनी गर्ने र लडाइँ छेड्ने कुराको अनुमोदन गर्दैनौं" भनी एकै स्वरले भने। अनि दुर्योधनलाई पनि धेरै सम्झाए। यस विषयलाई लिएर द्रोण र कर्णका बीच कडा वादविवाद पनि भएको थियो। अन्त्यमा विदुरले आफ्नो भनाइ यसरी प्रकट गरे- "आत्मजनले विना हिच्किचाहटले आफ्नो कुरा खुलस्त राख्नुपर्दछ। तपाईंहरू सुन्न चाहनुहुन्न, यसैले मानिसहरू आफूले भन्न खोजेको कुरा पनि भन्ने गर्दैनन्। भीष्म र द्रोण दुवैजना तपाईंहरूकै सच्चा हितचिन्तक हुनुहुन्छ, उहाँ जे भन्नुहुन्छ तपाईंहरूको भलाइका लागि भन्नुहुन्छ। यो साँचो कुरा हो भन्ने पनि बुझ्नुहोस् कि पाण्डवहरूलाई हराउने शक्ति कसैमा पनि छैन, किनकि उनीहरूको पक्षमा धर्म रहेको छ, उनीहरूले सत्यमार्ग अपनाएका छन्। संसारका ठूला-ठूला देवताहरूसमेतले उनीहरूका केही पनि बिगार्न सक्तैनन्। श्रीकृष्ण, बलराम, सात्यकी उनीहरूको पक्षधर हुन् भन्ने कुरा तपाईंहरूलाई थाहै छ। साथै अनेकौं राजा र राजकुमारहरू पाण्डवका हितचिन्तक रहेका छन्। यो राज्यमा उनीहरूको अंश पनि छ भन्ने कुरा सबैले बुझेका छन्। पाण्डव मरेका छैनन् बाँचेका छन् भन्ने थाहा पाएपछि सकल प्रजाजन उनीहरूलाई भेट गर्न छटपटाइरहेका पनि छन्। पाण्डवहरूलाई वारणावतमा पठाएर लाहाको घरमा आगो सल्काएर सिध्याउन खोजिएको थियो भन्ने कुरा पनि अहिले जगजाहेर भइसकेको छ। तपाईंहरू अब पाण्डवहरूसँग सम्मानजनक व्यवहार गरेर आफ्नाउपर लागिरहेको कालो धब्बा धोई पखाली गर्नुहोस्। पाण्डवहरूसँग मेलजोल गर्दा फाइदै फाइदा छ। राजा द्रुपद पनि तपाईंहरूको पक्षमा हुनेछन्, श्रीकृष्ण तपाईंका सहयोगी बन्नेछन्, यदुवंशीका उनी भगवान् नै हुन्। उनी जुन पक्षमा लाग्दछन् त्यसै पक्षको जितबाजी हुनेछ। श्रीकृष्णसँग मेलजोल गरेर तपाईंहरूले संसारभरि नै आफ्नो राज्यविस्तार गर्न सक्नुहुनेछ। यसैले हे महाराज धृतराष्ट्र! म तपाईंसँग स्पष्ट निवेदन गर्दछु कि दुर्योधन र शकुनी केटाकेटी समानका कच्चा खेलाडी हुन्। तपाईं यिनीहरूले भनेको नमान्नोस् यिनीहरूले गरेकै कुरामा तपाईं लाग्नुभयो भने तपाईंका सबै छोरा, क्षेत्रीयहरू र सकल प्रजाजनकै नाश हुनेछ भन्ने पनि बुझिहाल्नुहोस्।"

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुरको कुरा सुनेर राजा धृतराष्ट्र ज्यादै खुसी भएर भने - "हो म पनि यही नै भन्दछु भीष्म पितामह, द्रोणाचार्य उहाँ दुवै नै ऐश्वर्यशाली र ज्ञानी हुनुहुन्छ, उहाँहरूले हाम्रो भलाइकै कुरा गर्नुहुन्छ। तिम्रो राय (सम्मति) ले पनि हामीलाई कल्याण गर्नेछ, तिमीले भनेको साँचो कुरो पनि हो। जसरी मेरा लागि दुर्योधन आदि छन्' त्यस्तै नै पाण्डवहरू पनि हुन्। दुर्योधन आदिलाई राज्यको जेजति अधिकार छ' त्यत्ति नै पाण्डवहरूलाई पनि छ। यसैले हे विदुर ! तिमी जाऊ र विशेष सत्कारका साथ कुन्ती र नववधू द्रौपदीसहित पाण्डवहरूलाई यहाँ वोलाऊ। पाण्डवहरू वाँचेका छन्, उनीहरूको विवाह भयो। यो खबरले म ज्यादै हर्षित छु। वुहारी द्रौपदीको निम्ति किसिम किसिमका रत्न र आभूषणहरू लिएर जाऊ।" विदुर पनि उपहार सामग्रीहरूका साथ पाण्डवहरूलाई लिन भनी पाञ्चालदेशतर्फ प्रस्थान गरे।

पाञ्चालदेशमा पुगेपछि विदुरले सवैभन्दा पहिले राजा द्रुपदलाई भेटे। त्यसपछि श्रीकृष्णका छेउ पुगेर दर्शन गरी ज्यादै नै आनन्दित पनि भए। विदुर धेरै दिनदेखि श्रीकृष्णको दर्शन गर्न चाहन्थे, परन्तु त्यतिबेलासम्म भेट्ने अवसर पनि पाएका थिएनन्। उनले बाटोभरि नै श्रीकृष्णको दर्शन पाए हुँदोहो भनी मनमनै चाहना पनि गरिरहेका थिए। धेरै दिन अघिदेखिको आफ्नो मनोकामना पूरा भएकाले उनले श्रीकृष्णको पाउमा परेर साष्टाङ्ग दण्डवत् गरे। श्रीकृष्णले पनि उनलाई उठाएर अंकमाल गर्नुभयो। युधिष्ठिरले पनि आफ्ना भाइहरूका साथ आएर भेट गरे। अनि कुन्तीसँग पनि विदुरको यथायोग्य मिलन भयो।

पाञ्चाल राजसभामा उपस्थित भएर विदुरले श्रीकृष्ण र पाण्डवहरूको समक्ष नै महाराज द्रुपदलाई भने- "राजन् ! राजा धृतराष्ट्र, भीष्म पितामह, द्रोणाचार्य र सवै कौरवले तपाईंलाई यथोचित अभिवादन गर्नु भएको छ। अनि कुशल क्षेम पनि सोध्नुभएको छ। तपाईंसँग सम्वन्ध गाँसिएकोमा सवैलाई ज्यादै प्रसन्नता छ। हस्तिनापुरका नागरिक पाण्डवहरूलाई हेर्न अत्यन्तै लालायित पनि छन्। पाण्डवहरूले पनि आफ्नो देश नदेखेको धेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समय वितिसकेको छ, उनीहरू पनि आफ्नै देश हस्तिनापुरमा फर्कन उत्सुक नै होलान् भन्ने मेरो अनुमान छ। कुरुकलका स्त्रीहरू पनि द्रौपदीलाई हेर्न उत्सुक छन्। यसैले ढिलाइ नगरी पत्नीसहित पाण्डवहरूलाई विदा दिनुहोस्। तपाईंको अनुमति प्राप्त भएपछि 'पाण्डवहरू आउँदैछन्' भन्ने खवर हस्तिनापुरतर्फ मैले पनि पठाइदिन पाउनेछु।

राजा द्रुपदले भने- "विदुरजी ! तपाईंले भन्नुभएको कुरा ठीक लाग्यो, खुसी पनि भएको छु। पाण्डवहरू आफ्नो राज्यमा फर्किएर जानु उचित र आवश्यक पनि छ। म उहाँहरूलाई जानुहोस् भनेर कसरी भनौं। पाण्डवहरू जतिसुकै दिन मकहाँ वस्दा पनि म त खुसी हुन्छु नै तथापि कुन्ती, पाण्डव, श्रीकृष्ण र वलरामले सम्मति गर्नुभयो भने मैले आपत्ति नगरुँला। राजा द्रुपदको कुरा सुनेपछि युधिष्ठिरले भने- "महाराज ! हामीहरू सवै तपाईंको अधीनमा छौं, हृदयदेखि तपाईंवाट आज्ञा पाउँछौं भने हामी पनि तदनुसार नै गर्नेछौं।" श्रीकृष्णवाट आज्ञा भयो- "मेरो विचारमा पाण्डवहरूले आफ्नो राज्यमा फर्कनै वेस हुनेछ।" त्यसपछि द्रुपदले भने- "परम् शक्तिशाली यदुवीर पुरुषोत्तम श्रीकृष्णले भन्नुभएको कुरा नै ठीक छ। वासुदेव श्रीकृष्णको पाण्डवहरूउपर जति कृपा छ र उहाँले जति मंगलकामना मैंले मात्र होइन स्वयं युधिष्ठिरले पनि गर्दैनन्" अन्तमा पाण्डवहरूलाई पाञ्चालदेशवाट विदाइ गर्ने निश्चय पनि गरियो।

श्रीकृष्ण, कुन्ती, पाण्डव र द्रौपदीलाई साथ लिई विदुर वारणावत सहरतर्फ लागे। विकर्ण, चित्रसेन, द्रोणाचार्य आदिले त्यहाँ आई स्वागत गरे। धृतराष्ट्रको आदेशअनुसार पाण्डवहरू आफ्ना महलहरूमा वस्न पनि थाले।

केही दिनपछि पाण्डवहरूलाई धृतराष्ट्रले खण्डवप्रस्थमा राजधानी वनाएर रहनका लागि भने, साथै आधा राज्य पनि दिए। पाण्डवहरूले वाहुवलले आफ्नो राज्यको विस्तार गर्दै लगेर सुखपूर्वक वस्न थाले। विदुर पनि धृतराष्ट्रको वरवार नजीकै रहंको आफ्नो कुटीमा वसेर आफ्नी धर्मपत्नीका साथ प्रेमपूर्वक भगवान्को भजन गर्न लागे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(५) निष्कपट विदुर धर्मका रूप थिए

कपटी नवन्नु, भित्र र बाहिर एउटै भाव राख्नु अर्थात् स्पष्ट बन्नु धर्मको मुख्य लक्षण हो। मनले एउटा कुरा सोचेर मुखले अर्को कुरा जसले बोल्ने गर्दछ उसलाई धर्मात्मा भन्न मिल्दैन। सकल प्राणीको समान मित्रजस्तो भएको धर्मले आफूभित्र कुनै पनि कपटीपना कसरी राख्न सक्तछ र ? विदुरका निम्ति युधिष्ठिर जस्ता थिए कौरवहरू पनि उस्तै (समान) नै थिए। उनी पाण्डवहरूलाई जति प्रेम गर्दथे त्यत्ति नै प्रेम भाव कौरवहरूसँग पनि राख्तथे। उनले दुवै पक्षलाई हित हुने कुरा आफूले कुनै कसर नराखेर स्पष्टसँग भन्ने गरेका थिए। आफूले भनेको कुरालाई अरूले टेरेन भन्नेतर्फ कुनै ध्यान दिँदैनथे। उनलाई स्पष्ट कुरा गर्नमा कुनै डर हुँदैनथ्यो, डर भनेको अधर्मको रूप नै हो धर्म होइन। विदुरको जीवनीलाई नियाल्दा हामी यही कुरा पाउँदछौ कि उनी जे जस्ता थिए स्पष्ट नै थिए, उनलाई दुर्योधनले राम्ररी बुझेको थियो भने युधिष्ठिर पनि उनीसँग सुपरिचित थिए। अरू कसैले पनि निष्कपट स्वभाव भएका विदुरसँग सम्बन्ध बिगार्न सकेका थिएनन्। पाण्डवहरूको समृद्धि र उनीहरूद्वारा आयोजना गरिएको राजसूययज्ञको सफलतालाई देखेर दुर्योधनको मनलाई ईर्ष्याको आगोले पोल्न थाल्यो। उसले विदुर नभएको मौका छोपेर धृतराष्ट्रसँग उल्टासीधा कुराहरू गरेर दबाब दिँदै पाण्डवहरूसँग जुवा खेल्ने आदेश पनि लियो। तर धृतराष्ट्रले जुवा खेलाउने कार्यक्रमलाई विदुरबाट गोप्य राख्न सकेन। धृतराष्ट्रले आफ्नो जीवनमा जुनसुकै आदेश दिँदा विदुरलाई नछिपाईकन भन्ने गरेका थिए र विदुरको सल्लाहविना कसैलाई कुनै पनि आदेश दिने गरेका थिएनन्। विदुरसँग सल्लाह नै नगरेर जुवा खेलाउने आदेश दिएकोमा धृतराष्ट्र पछुताउन थाले र तुरुन्त विदुरलाई बोलाउन पठाएर सबै कुरा सुनाए। विदुरले भने- "जुवा खेलाउने आदेशको म अनुमोदन गर्दिन। यो ज्यादै अनुचित हो। यसले पारस्परिक विरोधलाई बढाउँदै लैजान्छ र वंशलाई पनि सत्यानाश पारिदिन्छ।" धृतराष्ट्र पनि विदुरको भनाइद्वारा प्रभावित भई दुर्योधनलाई जुवाको कार्यक्रमलाई रोक्नू भनी आदेश दिए। दुर्योधनले बाबुको कुरातर्फ टेरपुच्छर लगाएन, जुवाको कार्यक्रम भएरै छाड्यो, पाण्डवहरूले जुवा हार्दै जान थाले।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुवाको कार्यक्रम चलिरहेको थियो । विदुरले धृतराष्ट्रलाई सम्झाउँदै भने- "जसरी मर्न लागेकोलाई जस्तोसुकै औषधि दिँदा पनि काम लाग्दैन त्यसैले तपाईंलाई नीतिका कुराहरूले काम गरेनन् । दुर्योधनले लोभको कारणले अधर्म र अन्याय गरिरहेको छ । ऊ जुवाको नशाले मात्तिएको छ । तपाईं अर्जुनलाई आदेश दिनुहोस् कि दुर्योधनलाई उनले दमन गरिदिऊन् । दुर्योधनले सम्पूर्ण कौरवकुललाई संहार गर्न खोजिरहेछ । जुवा सबै प्रकारका झगडाहरूको जड हो । अहिले युधिष्ठिरलाई हराएर हाँसिरहेको यो दुर्योधन एकैछिनपछि रुन थाल्नेछ । म पुनः तपाईंलाई एक पटक सचेत गराउँछु कि यदि तपाईंले यो जुवा खेल वन्द गराउनुभएन भने तपाईंको सर्वनाश हुनेछ ।

दुर्योधनले विदुरका सबै कुरा सुनेको थियो । उसले विदुरलाई भन्यो- "म तिमीलाई खुबै बुझ्दछु, मेरो नमक खाएर मेरै खराबी गर्दैछौ, मेरो निन्दा पनि गर्दछौ । तिमीले आफ्नो मालिकको द्रोह गरेकाले तिमीलाई पाप लाग्नेछ । मेरो आश्रयमा बसेर पनि लाज नमानी मेरा शत्रुहरूको काम वनाउँदैछौ, आफूसँग मित्रभाव राख्नेहरूको विरोध गर्नु मूर्खता हो । शत्रुसँग मिलेको मान्छेलाई पाल्नु ठीक छैन यसैले तिमी जता मनलाग्छ त्यतै जाऊ ।"

विदुरले दुर्योधनलाई जवाफ दिए- "दुर्योधन तिमी अहिले केटाकेटी नै छौ । सुन्दामा तीतो तर परिणाम मीठो लाग्ने कुरासँग तिमी नाखुश हुनुहुँदैन । मूर्खता नगर, आफ्नो हित/अहित कुरा आफैँले छुट्याऊ । यस संसारमा गुलियो चाप्लुसी कुरा गर्नेहरू धेरै भेटिन्छन् । सच्चा हितैषी व्यक्ति ज्यादै नै कम मात्रामा भेटिने गर्दछन् । रिस भनेको ठूलो शत्रु हो । लोभ दनदनाएको आगो हो । म कौरवहरूको कीर्ति फैलियोस् भन्ने चाहन्छु । कौरवहरू सुख शान्तिपूर्वक धर्मको मार्गमा हिंड्न थालून् । म हात जोडेर तिमीलाई प्रार्थना गर्दछु, कि ईश्वरले तिमीलाई कल्याण गरून् । तिमी पाण्डवहरूलाई अन्याय नगर, होइन भने तिमी छिट्टै नाशिनेछौ ।" दुर्योधनले विदुरको कुरा मानेन । जुवाको खेल चली नै रह्यो । युधिष्ठिर चारैजना भाइसहित आफैँ जुवामा हारे । त्यसपछि पत्नी द्रौपदीलाई समेत दाउमा लगाएर हारेका थिए । दुर्योधनको हिम्मत बढेको थियो उसले विदुरलाई आदेश दियो- "तिमी गएर द्रौपदीलाई सभामा ल्याऊ, त्यस अभागिनीले मेरो घरमा बसेर दासी भई झाडू वढारु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरोस् ।" जब दुर्योधनले विदुरलाई तथानाम भन्यो, विदुरउपर त उसले भनेको भनाइको कुनै असर परेन, परन्तु द्रौपदीको विषयमा यस्तो सुनेपछि अनि द्रौपदी पनि सुँक्क-सुँक्क गरेर रोएको र आर्त्त पुकार गरेको देखेपछि भीष्म र द्रोण केही पनि वोल्न सकेनन् । त्यसैवेलामा विदुरले कड्किएर दुर्योधनलाई भने- "मूर्ख दुर्योधन ! तँ कसको विषयमा कुरा गर्छस् ? कुनै पनि स्त्रीलाई अपमान गर्नु मनुष्यताको विरुद्ध हो । त्यसमा द्रौपदी त यज्ञवेदीवाट निस्किएकी साक्षात् देवी हुन् । तैंले सर्पलाई जिस्क्याएको छस् । अव छिट्टै यमपुरीमा पुग्नेछस् । हेर ! द्रौपदी कहिल्यै तेरी दासी हुन सक्तिन । युधिष्ठिरलाई आफ्नी धर्मपत्नी द्रौपदीलाई जुवाको दाउमा थापेर हार्ने कुनै अधिकार नै थिएन । आफू स्वयम् हारिसकेपछि हारिएकी (द्रौपदी) उपर के अधिकार हुन्छ र उनलाई दाउमा थाप्ने । यसैले द्रौपदीउपर दुर्वचन निकाल्न पाइँदैन । द्रौपदीलाई दुर्वचन बोलेर तैंले आफ्नो धर्म नष्ट गरिसकिस् । अझै पनि आफूलाई सम्हाल होइन भने अनर्थ हुन्छ ।" दुर्योधनले विदुरले भनेका कुरा मानेन त्यसपछि के के भयो सवैलाई थाहै छ । विदुरले भरसक दुर्घटना रोक्ने प्रयास गरेका थिए तर होनी भन्ने कुरालाई अनहोनी भनेर टार्न नै कसले सक्दछ र ?

पाँच पाण्डव कुन्ती र द्रौपदीलाई साथ लिएर बाह्र वर्ष वनवास र एक वर्ष अज्ञातवासको निमित्त प्रस्थान गर्न लाग्दाका बखत पाण्डवहरूले सभामा गएर मान्यजनहरूलाई प्रणाम गर्दै सबैसँग अनुमति लिए । पाण्डवहरूको कल्याण होस् भन्ने शुभकामना सवैले व्यक्त गरे । परन्तु कुन्ती वूढी भइसकिन्, यिनले वनमा जानु ठीक छैन भन्ने कुरा पनि केवल विदुरको मनमा मात्र उब्जियो । अनि विदुरले पाण्डवहरूलाई भने- "कुन्ती सर्वथा आदरणीय हुनुहुन्छ । उहाँको यो अवस्था वनमा जानलायक छैन । उहाँले सदैव सुखका दिनहरू काट्नुभएको छ । वनमा हुने कष्ट सहन गर्न उहाँलाई कठिन पर्नेछ, । यसैले श्रद्धेय कुन्ती मेरो घरमा ससम्मान वस्नुपर्छ । हे पाण्डव हो ! तिमीहरू यो मैले भनेको मान । अव तिमीहरू वनतर्फ प्रस्थान गर' भगवान्ले सर्वत्र तिमीहरूको भलाइ गर्नुहुनेछ ।" यसैवेला युधिष्ठिरले भने- "हे पुण्यात्मा तपाईं हाम्रा गुरु र आदरणीय काका पनि हुनुहुन्छ, हजुरको आज्ञा हामीलाई शिरोधार्य छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसैले आमा कुन्ती यहीं वस्नु हुनेछ। अव हाम्रो निम्ति हजुरले उपदेश दिनुपर्‍यो।"

विदुरले भने- "तिमीहरू सवै किसिमले योग्य छौ। तिमीहरूका पुरोहित धौम्य पनि ब्रह्मज्ञानी हुनुहुन्छ र तिमीहरूलाई साथ दिइरहनुभएको छ। तिमीहरू सन्तोषी छौ, यसैले आपसी फुट हुने छैन। तिमीहरूले मेरु सावर्णी, परशुराम, कृष्ण, द्वैपायन र भगवान् शंकरवाट ज्ञान तथा धर्मको शिक्षा प्राप्त गरेका छौ। श्रीकृष्णले तिमीहरूलाई उपदेश दिनुभएको छ। महर्षी भृगुद्वारा दीक्षित भएका छौ। देवर्षि नारदले सधैंभरि तिमीहरूको रेखदेख गर्ने गर्दछन् अनि स्वयम् तिमीहरू सर्वसद्गुण सम्पन्न पनि छौ। तिमीहरूलाई विशुद्ध आत्मसम्मत्ति प्राप्त छ। अधर्मद्वारा ठगिएकोमा व्यथित हुने कुनै प्रश्नै उठ्तैन। तिमीहरूसँगवाट जुन कुरा खोसेर लिइएका छन्, ती सवै कुरा कैयौं गुना वढी भएर तिमीहरूलाई पुनः हात लाग्ने छन्। अव वन तर्फ प्रस्थान गरे हुन्छ। तिमीहरूको कल्याण हुनेछ।" आमा कुन्ती विदुरजी कै घरमा वस्न थालिन् पाँच पाण्डवहरू द्रौपदी र पुरोहित धौम्यसहित वनतर्फ प्रस्थान गरे। धृतराष्ट्रले पाण्डवहरू वनतर्फ लाग्दा कस्ता देखिन्थे ? भनी विदुरलाई सोध्दा विदुरले यसरी जवाफ दिए- "युधिष्ठिर आँखा चिम्लिएर हिँड्दैछन्। यसको मतलव हो उनी तपाईंको छोरा दुर्योधन आदिलाई ज्यादै नै स्नेह गर्दछन्। उनले यसवेला आँखा खोलेर हेरे भने तिम्रा छोराहरू भष्म हुन सक्दछन्। यसैले उनले आँखा चिम्लिएका हुन्। भीमसेनले आफ्ना पुष्ट पाखुरा उठाएर त्यसैलाई हेर्दै हिंडेका छन्। यसको मतलव वाहुवलमा आफूसँग मुकाविला गर्नसक्ने कोही छैन। उनले मनमनै युद्धमा घोर (भयानक) कर्म गर्ने संकल्प गरिरहेछन्। अर्जुन गोडाले धूलो उडाउँदै हिँडेका छन्, त्यसको अभिप्राय यो छ कि लडाईं परेपछि उनले धूलोले ढाकेजस्तै गरी शत्रुउपर अन्धाधुन्ध वाण वर्साउनेछन्। नकुलले जीउमा माटो दलेका छन् अर्थात् मेरो आकर्षक शरीर छ कहीं स्त्रीहरू आकर्षित नहोऊन्। सहदेवले मुखमा हिलो पोतेका छन्। उनी वनमा जाँदा लाज मानि रहेछन्। आफूलाई कसैले पनि नचिनोस् भन्ने उनी चाहन्छन्। द्रौपदी दुशासनले जगल्टाएको कपालको चुल्ठो फिंजाइरहेकी छन् र यो पनि भन्दै छिन् आजभन्दा चौध वर्ष पछि कौरव कुलका स्त्री (दुर्योधन दुशासनका स्वास्नीहरू) ले पनि यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्गति भोग्नुपरोस्। धौम्यले भयंकर मन्त्र याम्य (मृत्युसम्वन्धी) उच्चारण गर्दै हिंडिरहेछन् मानौं कौरवहरू मारिएपछि उनका पुरोहितले पनि यस्तै मन्त्रहरूको पाठ गर्नुपर्नेछ भन्ने कुरा मनमा लागेर।

विदुर पुनः धृतराष्ट्रलाई भन्दछन्- "महाराज ! सारा प्रजा विक्षुब्ध भइसकेका छन्। सवैले कौरवहरूलाई धिक्कार्दैछन्। उनीहरू अन्यायप्रति निन्दा र पाण्डवहरूउपर सहानुभूति प्रकट गरिरहेछन्। आजको दिन ज्यादै क्षुब्ध लागिरहेछ। आजको यो अपशकुनलाई देख्दा यस जगतमा भयङ्कर कुरा हुने आशङ्का पैदा भएको छ" विदुरले यिनै कुराहरू भनिरहेको समयमा ब्राह्मीकान्ति वोकेका देवर्षि श्रेष्ठ नारदजी त्यसै सभामा आएर सवैले सुन्ने गरी ठूलो स्वरमा भन्नुभयो- "हे मानिस हो ! कान खोलेर सुन। आजको चौध वर्षपछि दुर्योधनको अपराध र भीमसेन र अर्जुनको वल र पराक्रमका कारण सम्पूर्ण कौरव कुलको नाश हुनेछ" यति सुनाएर नारदजी तुरुन्त नै अन्तर्धान भइ पनि हाल्नु भयो। यो सुनेपछि सबै सभासद, दुर्योधन, कर्ण र शकुनीसमेत सन्न र कर्तव्यविमूढ भएका थिए।

एक दिन धृतराष्ट्रले बोलाएर विदुरलाई सोधे- "के गर्दा उपकार हुन्छ ? जे भयो भईगयो अब हामीले गर्नुपर्ने कर्तव्य के हो ? जनताहरू हाम्रो विरुद्धमा भड्किरहेछन्, लोकप्रियता कसरी हासिल गर्ने ?" विदुरले राजालाई भन्न थाले- "महाराज ! धर्म नै अर्थ, काम र मोक्षको जड हो। तपाईंका छोराहरूले ज्यादै नै अन्याय गरेका छन्। उनीहरूले धर्मात्मा युधिष्ठिरलाई छलद्वारा जितेका हुन्। यस कुकर्मको प्रायश्चित गर्नुहोस्। पाण्डवहरूको सम्पत्ति उनीहरूलाई फिर्ता गर्नुहोस्। शकुनीलाई तिरस्कार गर्नुहोस्। पाण्डवलाई जित्न कसैले पनि सक्दैन यदि तपाईं कौरव र पाण्डव दुवै वंशको मङ्गल वा शुभ चाहनुहुन्छ भने कपटीपना छाडेर पाण्डवसँग मेलजोल वढाउनका निम्ति दुर्योधनलाई वाध्य तुल्याउनुहोस्। यदि, उसले यस्तो गर्दैन भने दुर्योधनलाई वन्दी वनाउनुहोस्।

दुर्योधनलाई वन्दी वनाएपछि पाण्डवहरू सन्तुष्ट हुन्छन् पुनः उनीहरूले धर्मअनुसार पृथ्वीको शासन गर्नेछन्। दुर्योधन पाण्डवहरूका शरणमा पर्न गएपछि उसलाई छोडी पनि दिनेछन्। दुशासनले पनि आफूले गरेको कुकार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा पापका निम्ति पश्चाताप गर्दै सभामा द्रौपदी र भीमसेनसँग माफी मागोस् । कर्णले आफ्नो मनवाट दुर्भावना निकालोस् र शकुनीलाई हस्तिनापुरवाट निकाली नै दिनुहोस् । वस् यिनै कुराहरूवाट जनताको प्रेम र सद्भाव तपाईंलाई प्राप्त हुनेछ । यही नै लोकप्रिय वन्ने उपाय पनि हो । यस्तो गर्दा नै तपाईंलाई शान्ति मिल्नेछ र तपाईंका मनोरथ पनि पूर्ण हुनेछन् ।" यस किसिमको विदुरको स्पष्टोक्ति सुनेपछि धृतराष्ट्रलाई पनि रिस उठ्यो र उनले कड्कँदै भने- "विदुर ! तिमी पाण्डवहरूको पक्ष लिन्छौ । तिमीले मेरो भलाइ चाहेका छैनौ । धर्मअनुसार पाण्डवहरू भला मेरा छोरा नै किन नहुन्, दुर्योधन त मेरो शरीर कै उपज हो । म आफ्नो सगा छोरा दुर्योधनलाई कसरी कैद हाल्न सक्छु ? अरूलाई शरीर त्यागिदेऊ भन्नु वा शरीर त्यागको उपदेश गर्नु समदर्दी महात्माको काम होइन । तिमीले खराव सल्लाह दिएर स्पष्ट रूपमा मेरो नोक्सानी गर्न खोजेका छौ । तिमी अब चाहे यहाँ बस वा नवस मलाई भविष्यमा तिम्रो सल्लाहको कुनै जरुरत छैन र तिमीसँग कुनै मतलव पनि छैन ।" यति भनेर धृतराष्ट्र रानिवासतिर लागे । विदुरले विचार गरे कि अब यो कौरवको घराना चौपट हुँदैछ फूर्तिला र पायदार घोडा लादिएको वग्गीमा चढेर पाण्डवहरू वनवास बसेको ठाउँतिर लागे ।

विदुरलाई देख्नासाथ पाण्डवहरूले उठेर स्वागत गरे । एउटा सुन्दर आसनमा वसालेर उपयुक्त सम्मान गरे । युधिष्ठिरले सोधेपछि विदुरले धृतराष्ट्रसँग भएको सम्पूर्ण वर्तावारे वताए । साथै यो पनि भनिदिए कि अव धृतराष्ट्रलाई उनको (विदुरको) आवश्यकता नपर्ने भयो तसर्थ आफू पाण्डवहरू कहाँ आएको कुरा व्यक्त गरेका थिए । धृतराष्ट्रको मन भने ममता र मोहले कलुपित भएको छ, उनी धर्मको कुरा र आफ्नै हित हुने कुरालाई सुन्न नै चाहँदैनन्, अव कौरवहरूको नाश छिट्टै हुन्छ होला । हेर युधिष्ठिर ! यस विपत्तिसँग डराउनुपर्ने कुनै कुरो छैन । जुन मानिसले शत्रुद्वारा दिइएको क्लेश वा दुःखलाई धैर्यपूर्वक सहन सक्छ अनि क्षमालाई सहारा लिएर अनुकूल समयको प्रतीक्षा गरिरहन्छ त्यस्तो मानिसले भविष्यमा अवश्य नै सुख पाउँछ । जुन मानिसले आफ्नो सम्पत्ति भोग्दै गरेको समयमा आफू एक्लैले मात्र सुख भोग्दैन र आफ्ना सहायकहरूलाई पनि समान रूपले हिस्सेदार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनाउँदछ, उसलाई विपत्ति पर्दाको समयमा र दुःखको दिनमा आफू एक्लैले वोझ उठाइरहनुपर्दैन । वोझ उठाउनलाई साथ दिनेहरू पनि प्रशस्ता भेटिन्छन् । सहयोगी पाउने यही नै सवभन्दा राम्रो उपाय पनि हो । सहयोग गर्ने व्यक्ति भेटिएपछि सवैथोक हासिल भएको नै सम्झनु पर्नेछ । आफूलाई सवैभन्दा सानो दर्शाउनु र नम्र वनाएर राखी रहनु नै कल्याणकारी छ । राजाको भलाइ पनि यसैमा हुन्छ । वनमा पाण्डवहरूलाई विदुरले यस्तै प्रकारका उपदेशहरू दिने गरेका थिए ।

स्वार्थी मानिसले निःस्वार्थी व्यक्तिलाई नै पत्यार अधिक गर्दछ । जँड्याहाले आफ्नी पत्नीलाई कहीं विश्वसनीय व्यक्तिकहाँ वस्न पठाउनुपर्‍यो भने जाँड खाने कहाँ नपठाएर जाँड नखानेकहाँ नै पठाउँदछ । वेइमान मानिसले सम्पत्ति राख्न दिनुपर्दा इमानदार मानिसलाई नै राख्न दिने गर्दछ । धृतराष्ट्र पनि विदुरलाई नै बढी मात्रामा विश्वास गर्दथे । उनका छोरा दुर्योधन आदिले उनलाई धोखा दिन सक्तथे परन्तु विदुरद्वारा धोखा हुने सम्भावना ज्यादै नै कम थियो । धृतराष्ट्रले भन्नु नभन्नु भनेपछि विदुरले हस्तिनापुर छोडेर पाण्डवहरूकहाँ गएको कुराले उनी अत्यन्तै पछुताउमा परे । उनले विचार गरे, विदुरको सहायता पाएर पाण्डवहरूको ठूलो उन्नति हुनेछ अनि मेरा दुर्योधनादि छोराहरूको भने ज्यादै अनिष्ट हुन जानेछ, हाम्रा पक्षमा सन्धि र विग्रहको नीति जान्ने कोही पनि छैन । यी सवै कुरा सम्झदै सभागृहको मूलद्वारभित्र आइपुग्ने वित्तिकै उनी अचेत (मूर्छित) भए । सञ्जयले आएर उनलाई सम्हाले, केहीछिन पछि नै धृतराष्ट्र मूर्छावाट विउँतिए ।

मूर्छा टुटेपछि धृतराष्ट्रले सञ्जयलाई भने "हेर सञ्जय ! विदुर धर्मका मूर्ति हुन् साथै मेरा प्यारा अनुज (भाइ) पनि हुन् । उनको अनुपस्थितिले म छटपटाइ रहेको छु, मेरा छाती नै फुट्ला जस्तो भइ दुःखि रहेछ ।" त्यसपछि केही रोकिएर पुनः विलाप गर्दै धृतराष्ट्र भन्दछन्- "विदुर कहाँ गए हुन्न ? उनलाई कुनै अनिष्ट नै भइसक्यो कि भन्ने शंकाले व्याकुल भएको छु । उनी वाँचेकै त छन् ? म महापापी हुँ, रिसको आवेगमा आएर मैले उनलाई त्यागिदिएँ । विदुरले सदैवले मेरो उपकार गरेका छन् । किन्तु म यतिसम्म नीच भएँछु कि मैले विना कुनै अपराध उनलाई हस्तिनापुरवाट निकालिदिएँ । त्यसैले हे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्जय ! तिमी तुरुन्त प्रस्थान गरेर विदुरलाई यहाँ बोलाएर ल्याऊ, नत्र भने म प्राण नै त्यागिदिन्छु ।" धृतराष्ट्रका यी कुरा सुनेपछि सञ्जयले "जो आज्ञा" भन्दै त्यसै वखत विदुर भएको ठाउँतिर लागे ।

सञ्जयले पाण्डवहरू वसेको ठाउँ 'काम्यक' वनमा गएर विदुरलाई धृतराष्ट्रको अवस्था र उनले बोलाई पठाएकोवारे विस्तारमा वोध गराए । तुरुन्त हस्तिनापुर फर्किएर धृतराष्ट्रको प्राण (ज्यान) वचाइदिनका लागि विदुरलाई आग्रहसमेत गरे । विदुरको मनमा कुनै दुर्भाव थिएन यसैले पाण्डवहरूसँग अनुमति लिएर हस्तिनापुरमा फर्किए । विदुर आएको देखेपछि धृतराष्ट्रले खुसी हुँदै भने- "विदुर ! तिम्रो हृदय शुद्ध छ । यो मेरो सौभाग्य पनि हो' कि तिमी मसँग रहने गर्छौ । मैंले तिम्राउपर ठूलो अपराध गरें, तिमीलाई कटु वचन बोलें । यी सबै कुरा बिर्सिएर मलाई माफ गरिदेऊ ।" यति भन्दै धृतराष्ट्रले विदुरलाई अंकमाल गरे । उनको टाउको सुँघ्दै प्रेमभाव पनि प्रकट गरे ।

विदुरले धृतराष्ट्रलाई भने- "महाराज ! के बोल्नुभएको यस्तो, मप्रति कहिल्यै तपाईंले कुनै अपराध गर्नुभएको छ र ? तपाईं मेरो मान्यजन हुनुहुन्छ, तपाईंकै निम्ति छिटो-छिटो गरेर म यहाँ आएको हुँ । मेरा लागि पाण्डव र कौरव दुवै समान हुन्, तथापि यसबेला पाण्डवहरूको स्थिति राम्रो छैन । यसैले वेला वेलामा मेरा दृष्टि उनीहरूप्रति जाने गर्दछन् र जानै पनि पर्दछ । यदि तपाईंले उनीहरूसँग प्रेम भाव राख्न सक्नु भयो भने कति वेस होला ।" विदुरका कुराले धृतराष्ट्र खुसी भए । त्यसपछि विदुर पनि हस्तिनापुरमा नै वस्ने गर्न थालेका थिए ।

(६) विदुर निष्पक्ष थिए, उनले कसैको पक्ष लिएनन्

विदुरले लडाइँ गर्नुहुँदैन, पाण्डवहरूलाई हिस्सा दिनुपर्छ, यही नै धर्म हो, कसैले पनि धर्म छोड्नुहुँदैन आदि कुरा गरेर धृतराष्ट्र र दुर्योधनलाई धेरै सम्झाएर । तर, ती दुवैले उनको भनाइमा टेर पुच्छरै लगाएनन् । अन्त्यमा पाण्डवहरूका तर्फवाट 'सन्धि गर्ने' सन्देश लिएर कृष्ण स्वयं आउने भन्ने पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्नमा आयो । यसै वखत धृतराष्ट्रले विदुरलाई भने- "श्रीकृष्ण पाल्नुहुँदैछ उहाँको स्वागतार्थ अनेक घोडा, हात्ती, रत्न सुनले वनाएको रथ आदि दिनेछु । सवैले उहाँको स्वागत गर्नेछन्, उहाँलाई सवैभन्दा राम्रो र आरामदायी स्थानमा वसाइनेछ । हामीसँग जुन सर्वोत्तम सामग्रीहरू छन् । ती सवै भेट स्वरूप प्रदान गरिनेछ ।" यो कुरा सुनेपछि विदुर भन्दछन्- "महाराज तपाईं ठूलो वुद्धिमान हुनुहुन्छ, तपाईंलाई सवै कुरा थाहै छ, म के भनूँ तपाईं चलाख वन्न नखोज्नुहोस्, सामान्य हुनुहोस् । तपाईं श्रीकृष्णको वास्तविक सम्मान गर्न चाहनुहुन्छ, यो राम्रो कुरो हो तपाईंले दिने भेटका सामग्री व्यर्थ छन् । श्रीकृष्ण समस्त पृथिवीका पति हुन् । यस संसार नै उनको आफ्नो सम्पत्ति हो । तर, म शपथ लिएर भन्छु कि तपाईंले धर्म र प्रेमभावले यी सामाग्रीहरू उहाँलाई दिँदै दिनुहुन्न । तपाईं त उहाँउपर आफ्नो मायाजाल फैलाउन चाहनुहुन्छ र उहाँलाई वाहिरी सामग्री दिएर ठग्न खोज्नुहुन्छ । तपाईंले पाण्डवहरूलाई पाँचवटा गाउँ दिन सक्नुभएको छैन । धनको तुजुक देखाउँदै श्रीकृष्णलाई वसमा लिन खोजिरहनुभएको छ । छल, कपट र मायाद्वारा श्रीकृष्णलाई तपाईंले पाण्डवहरूबाट अलग्याउन सक्नुहुँदैन । मैले श्रीकृष्णको महिमालाई बुझेको छु, उहाँको प्रेम जान्दछु, उहाँले धनञ्जय अर्जुनलाई कति प्रेम र स्नेह राख्नुभएको छ, यी सवै कुरा मैले बुझेको छु । श्रीकृष्णले पादप्रक्षालन र क्षेमकुशलको सोधपुछवाहेक तपाईंले दिएको कुनै कुरा पनि स्वीकार गर्नु हुनेछैन । यदि, तपाईंले साँच्चै नै श्रीकृष्णलाई प्रसन्न गराउने हो भने त्यो काम गर्नुहोस्, जसका लागि उहाँ आउँदै हुनुहुन्छ । श्रीकृष्णले कौरव र पाण्डव दुवै पक्षको कल्याण गर्न खोज्नु भएको छ । उहाँले भन्नु हुने सन्धिको काम गरिदिएर उहाँलाई सही आतिथ्य प्रदान गर्नुहोस् । तपाईं कौरव र पाण्डव दुवैका पिता हुनुहुन्छ । श्रीकृष्णलाई प्रसन्न राख्न र उहाँप्रति प्रेमभाव दर्शाउनका लागि पाण्डवहरूसँग आफ्ना छोराहरूलाई जस्तै व्यवहार गर्न थाल्नुहोस् ।" दुर्योधनले श्रीकृष्णलाई स्वागत गर्ने भन्ने कुराको विरोध गऱ्यो । धृतराष्ट्रले चाहना गरेअनुरूप श्रीकृष्णको स्वागत त्यतिवेला हस्तिनापुरमा हुन सकेन ।

श्रीकृष्ण हस्तिनापुरमा पाल्नुभयो । दुर्योधनवाहेक सवैले उहाँलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागत गरे । सबैसँग भेटघाट भइसकेपछि उहाँ विदुरको घरमा जानुभयो । विदुरले घरमा जुन वस्तु थियो, त्यसैद्वारा श्रद्धापूर्वक श्रीकृष्णको स्वागत गरे । श्रीकृष्णले विस्तारपूर्वक पाण्डवहरूको क्षेमकुशलवारे विदुरलाई बताइदिनुभयो । त्यसपछि कुन्तीकहाँ गएर सबैकुरा सम्झाउनु पनि भयो । तत्पश्चात् श्रीकृष्ण दुर्योधनको महलमा जानुभयो । त्यहाँ सामान्य स्वागत सत्कार पश्चात् दुर्योधनले आफूकहाँ भोजन गर्नका लागि आमन्त्रित गऱ्यो । श्रीकृष्णले स्पष्ट शब्दमा जवाफ दिँदै भन्नुभयो- "हेर ! यदि कसैले प्रेमपूर्वक खुवाउँछ भने उसकहाँ खाना खानुपर्छ । कहीं पनि खाना पाइनेवाला छैन र आपत्तिको समय छ भने त्यत्तिवेला जो कोही कहाँ पनि खाना खाइहाल्नुपर्दछ । यहाँ त न तिमीले मलाई प्रेम पूर्वक खाना खुवाउन चाहेका छौ नत म नै कुनै आपत्तिमा परेको छु, फेरि म तिमीकहाँ कसरी भोजन गर्न सक्छु ? पाण्डवहरू धार्मिक छन्, जो धार्मिक छ, उ मेरो आत्मा नै हो । पाण्डवहरूसँग द्वेष गर्नेहरूले मलाई पनि द्वेष नै गर्दछन् ।" आदि कुरा गरेर दुर्योधनलाई श्रीकृष्णले स्पष्टसँग जवाफ दिनुहुँदै पुनः भन्नुभयो- "तिमीहरू दुष्ट छौ, तिमीहरूको अन्न म खाने छैन । मेरो विचारमा केवल विदुरसँग भएको अन्न नै पवित्र ठान्दछु र म पनि विदुरको घरमा नै भोजन गर्दछु ।" दुर्योधनलाई यसरी जवाफ दिएपछि श्रीकृष्ण विदुरको घर तर्फ लाग्नुभयो ।

भक्तमाला आदि कथामा यस्तो वर्णन गरिएको छ- जब श्रीकृष्ण विदुरको घरमा भोजन गर्न पुग्नुभयो त्यस बखत विदुर घरमा थिएनन् । उनकी पत्नी लुगा फुकालेर नुहाउँदै थिइन् । जब भगवान् श्रीकृष्ण पाल्नुभयो र उहाँको आवाज विदुरकी पत्नीको कानमा पऱ्यो, उनी श्रीकृष्णप्रतिको श्रद्धा र प्रेमले विह्वल भएर लुगा नफेरी दौडदै आइपुगिन् । श्रीकृष्णलाई एउटा पिर्कामा वसाउँदै केरा छोडाएर केराको बोक्रा पो खान दिन थालिन् । उनी श्रीकृष्णको प्रेममा यति धेरै वेसूध थिइन् कि श्रीकृष्णलाई केराको बोक्रा खान दिँदैछु भन्ने कुराको उनलाई होस् हवासै भएन । श्रीकृष्ण पनि विदुरकी पत्नीको आफूप्रतिको प्रेम देखेर वेसूध भईरहेका थिए । उनलाई केराको बोक्रामा वडो स्वाद लागिरहेको थियो । विदुर बाहिरबाट घरमा आइपुगे । यो देखेर उनले पत्नीलाई हकारेर बोक्राको सट्टा केरा नै खुवाउन लगाए । त्यसपछि स्वादिस्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाना तयार गराई पस्कियो। खाना खाँदै श्रीकृष्णले स्पष्टसँग भन्नुभयो केराको वोक्रामा जति स्वाद थियो त्यति स्वाद खानामा छैन, अर्थात् श्रीकृष्ण भगवान त प्रेम र श्रद्धाको भोको हुनुहुन्छ। उहाँका अगाडि वस्तु र सामग्रीको कुनै महत्त्व रहँदैन। यसै गरेर कैयौं ठाउँमा विदुरको घरको साग र भातका सिताका वारे चर्चा हुन गएको छ।

महाभारतमा लेखिएको पनि छ- श्रीकृष्ण दुर्योधन कहाँवाट जव विदुरको घरमा जान लाग्नु भयो त्यस वेलामा भीष्म पितामह, द्रोणाचार्य, कृपाचार्य आदिले उहाँको पछि लागेर आफ्नो घरमा जानका लागि आग्रह गरे। भगवान् श्रीकृष्णले भन्नुभयो- "यहाँहरू फर्कनुभए हुन्छ मेरो सम्मान यहाँहरूवाट पूरा भएको छ।" निजहरू फर्किएर गएपछि विदुरले प्रेम र उत्साहपूर्वक अनेकौं सामग्रीद्वारा श्रीकृष्णको सत्कार गरे। उनले चोखो, पवित्र र गुणयुक्त नाना प्रकारका खानेपिने चिजवीज टक्र्याए। श्रीकृष्णले ब्राह्मणहरूलाई खान दिएर दक्षिणासमेत दिनुभयो। ब्राह्मण भोजनपश्चात् देवताहरूका साथ इन्द्रले जस्तै गरेर आफ्ना अनुयायीहरूका साथ श्रीकृष्ण भगवानले विदुरद्वारा प्रदत्त गुणयुक्त सामग्रीहरू ग्रहण गर्नुभयो।

त्यस रात श्रीकृष्ण विदुरको घरमा नै वस्नुभयो। विदुरले श्रीकृष्णलाई भने- "प्रभो! दुर्योधन ज्यादै अधर्मी र अभिमानी छ। उसको झूठोपन र लोभी प्रवृत्ति ज्यादै वढ्न गएको छ। ऊ त भीष्म, द्रोण, कृप, कर्ण अश्वत्थामा, जयद्रथको चाकडीमा लागेको छ। उनीहरूलाई खुवै धन सम्पत्ति दिने गर्छ। उनीहरूकै भरोसा गर्दै नीजहरूद्वारा नै पाण्डवलाई जित्ने विश्वास पनि मनमा लिएको छ। उसको मनमा यो कुरा पनि गढेको छ कि एउटा कर्णले नै सारा संसार जित्न सक्तछ। उसको मनमा सन्धि गर्ने भन्ने अलिकति पनि चाहना छैन। उसले पाण्डवहरूलाई केही पनि नदिने निश्चय गरेको छ। तपाईं यहाँ आउनु नै वेकार वा निरर्थक हुन गयो भन्ने चिन्ताले मलाई सताएको छ। कौरवहरूलाई पाण्डवहरूसँग सन्धि गर भन्नु र नभन्नु नै वरावर हुन गएको छ। वहिराको अगाडि मीठो स्वर गरेर गाउँदै उपदेश दिनुजस्तै तपाईंले पाण्डवहरूकहाँ गएर सन्धिको कुरा गर्नु वेकार हुन जानेछ। त्यहाँ अधिकांश पापीहरू जम्मा हुनेछन्। उनीहरूको बीच तपाईं पुग्नु मैले राम्रो ठानेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। दुर्योधन आदिले बूढा-पाकाहरूलाई वास्ता गरेका छैनन्। शक्ति र सम्पत्तिको मदले उनीहरू बौलाएका छन्। मेरो विचारमा तपाईंले एक्लै जानु पनि मनासिव हुँदैन। यो कुरा मैले प्रेम र स्नेहको कारणले नै तपाईंलाई भनेको हुँ। त्यसो त तपाईंको आँखा सन्काइले मात्र पनि तीनै लोकको संहार हुन सक्छ। मेरो पाण्डवहरूउपर जे जति प्रेम छ त्यसभन्दा वढी तपाईंप्रति छ। प्रेम, सम्मान र सौहार्दको दृष्टिकोणले नै मैले तपाईंसँग यी कुराहरू गरेको हुँ। अरू के भनौं र तपाईं त मेरो अन्तरात्मा नै हुनुहुन्छ।

भगवान् श्रीकृष्णले विदुरलाई भन्नुभयो- "तिमी मेरा सच्चा प्रेमी मित्र भएकाले जुन कुरा भन्नु उपयुक्त थियो तिमीले भन्यौ। मैले दुर्योधनलाई राम्ररी चिनेको छु। के गर्नु ! समस्त क्षेत्रीयहरूको जुन किसिमले संहार हुन लागिरहेछ सच्चा हृदयले यस संहारलाई रोक्ने चेष्टा गर्न र कुनै तरिकाले यो महा संहार नहोस् भन्ने मेरो इच्छा छ। यस विपत्तिको सबै भन्दा भयानक कुपरिणाम कौरवहरूले नै भोग्नुपर्नेछ। उनीहरूलाई यो कुरा थाहा हुँदाहुँदै पनि अभिमान र घमण्डले गर्दा मानिरहेका छैनन्, यसैले कौरवहरूलाई सम्झाउँ भनेर म यहाँ आएको हुँ। नीतिशास्त्रको यस्तो सिद्धान्त छ कि यदि आफ्नो मित्र कुनै अकार्य गर्न खोज्छ भने उसलाई त्यसबाट रोक्नुपर्दछ। हो विदुर म सच्चा हृदयले भन्छु कि म पाण्डव र कौरव दुवैतर्फको समान हित चाहन्छु। मेरो हार्दिक अभिलाषा पनि दुवैको कल्याण नै होओस् भन्ने छ। मैंले दुर्योधनलाई हित हुने कुरा गर्दागर्दै पनि उसले मउपर विश्वास गर्दैन र मलाई आशंका गर्दछ भने गर्दै रहोस्, म भने आफ्नो कर्तव्य पूरा भएको ठानेर प्रसन्न नै हुनेछु। आफूलाई अऋणी भएको महसुस पनि गर्नेछु। साथै कृष्णले सन्धि गराउने चेष्टा नै गरेन भन्ने लाञ्छना पनि मउपर कसैले लगाउने छैन। यदि उनीहरू मेरो अनिष्ट नै गर्न खोज्छन् भने संसारको कुनै पनि शक्ति मेरो सामुन्ने टिक्न सक्तैन। यस्तै कुराकानी हुँदाहुँदै विदुरको घरमा श्रीकृष्णले रात विताउनुभयो।

भोलिपल्ट नित्यकृत्यपछि दुर्योधन आदि सबै भगवान् श्रीकृष्णलाई भेट गर्न विदुरको घरमा आए। उनीहरू सबैले सभामा जानका लागि श्रीकृष्णसँग अनुरोध गरे। श्रीकृष्ण पनि सभामा जानुभयो। सभामा उहाँले सन्धिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्ताव ल्याउनुभयो। भीष्म पितामह आदिले यस प्रस्तावलाई समर्थन र अनुमोदन गरे। सबैले अलग-अलग तरिकाले दुर्योधनलाई सम्झाए पनि तर उसले कसैको कुरा पनि सुनेन। उल्टै श्रीकृष्णलाई बन्दी बनाउने विचार गऱ्यो। जब धृतराष्ट्रले सम्झाउँदा पनि दुर्योधनले मानेन त्यतिबेला विदुरले दुर्योधनलाई बेसरी हप्काएर भने- "हेर दुर्योधन ! तिमीले श्रीकृष्णको महिमा बुझेको छैनौ। तिमीले जस्तै गरेर बानरेन्द्र द्विविदले पनि श्रीकृष्णलाई समाउन खोजेको थियो, उ तिमीभन्दा कमजोर पनि थिएन, तर उसले केही गर्न सकेन उल्टो द्विविद नै मारियो। नरकासुरले पनि आफ्ना सम्पूर्ण सेनाको मद्दतले श्रीकृष्णलाई पक्रन खोजेको थियो तर उल्टै उ पनि मारियो। अनि श्रीकृष्णद्वारा उसका हजारौं-हजार कन्याको उद्धार पनि भएको थियो। विमोचन नामक सहरमा कृष्णलाई पक्रन खोज्ने छ हजार दैत्यलाई उहाँले बन्दी बनाउनुभयो। केटाकेटीको उमेरमा नै श्रीकृष्णले पुतना, बकासुर, अरिष्टासुर, धेनकासुरलाई मारेर गाईहरूलाई रक्षा गर्न ७ दिनसम्म गोवर्धन पर्वतलाई आफ्नो औंलाले उठाएर राख्नुभयो। केशी, चाणुर, कंस, जरासन्ध, दन्तवक्र, शिशुपाल र बाणासुर श्रीकृष्णको अगाडि टिक्न सकेनन्। वरुण, अग्नि र इन्द्र यिनीसँग पराजित भए। श्रीकृष्ण साक्षात् भगवान् विष्णु हुन्। उहाँ समुद्रमा शयन गरिरहनुभएको बेलामा मधु र कैटभ दैत्य मारिए। दुष्टहरूलाई नाश गर्ने सिलसिलामा अनेकौं अवतार लिएर श्रीकृष्णले कैयौंपटक हयग्रीव जस्ताको बध पनि गर्नु भयो। यी कर्ता र अकर्ता दुवै हुन्। कार्यकारण र करणबाट टाढा छन्। उहाँमा सत्यसंकल्प छ। उहाँ जे चाहनुहुन्छ त्यही नै हुन्छ। हे दुर्योधन ! तैंले श्रीकृष्णको अपमान गर्न खोजिरहेको छस् जसरी पुतलीले आगो (बत्ती) मा हामफालेपछि भष्म हुन्छ, त्यसैगरी तँ पनि आफ्ना सल्लाहकारहरूसहित भष्म हुनेछस्।

जब विदुरले यस प्रकारको श्रीकृष्ण महिमा बताए त्यसबखत सबै सभासद थरथर कामेका थिए। श्रीकृष्णले पनि हाँस्दै आफ्नो विराट स्वरूप देखाइ दिनु भयो। सबै ऋषि-महर्षिहरू सभाथलबाट बाहिर निस्किए। भगवान् पनि आफ्नो रथमा चढेर पाण्डवहरू बसेको ठाउँ विराटनगरतिर लाग्नुभयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर कुन्तीकहाँ भेट गर्न गए। वडो चिन्तित हुँदै उनले कुन्तीलाई भने- "अव युद्ध नभइकन छाड्नै छैन। यी पापिष्टहरूले धर्मराज युधिष्ठिरलाई युद्ध गर्न विवश वनाएरै छाडे। धर्मसँग लडेर यी अधर्मीहरूले विजय पाउने छैनन्। अव कुरुवंशीको विनाश हुनेछ। यही चिन्ताले मलाई रातमा निद्रा पर्दैन र दिनमा पनि चैन छैन। भगवान्को लीला यस्तै नै रहेछ। जे होला राम्रै नै होला। कुन्तीले पनि युद्ध अवश्यंभावी छ भन्ने वुझेर कर्णलाई आफ्नो पक्षमा ल्याउने चेष्टा गरिन्। तर उनलाई सफलता मिलेन। आखीर युद्ध भई छाड्यो। विदुर यस महाभारतको युद्धमा सर्वथा तटस्थ रहे। विदुरले कहिल्यै कुनै पक्षको निम्ति काम गरेनन्।

(७) परम धर्मका ज्ञाता विदुर र उनको शरीर त्याग

परम धर्म भन्नु श्रीकृष्णमा प्रेमभाव राख्नु हो। यस किसिमको प्रेमलाई पाउन गरिने सत्संगत, भजन र तपस्या पनि परम धर्म नै हुन्। धर्ममय जीवन अथवा धार्मिक जीवनमा यी कुराहरूको प्रमुख स्थान छ। सत्संगमा ईश्वरको स्वरूप, गुण, लीला आदिको श्रवण हुन्छ। भजनले ईश्वरको स्वरूपमा शारीरिक र मानसिक दोषहरूको निराकरण हुन्छ। अनि यस प्रकारको धार्मिक अनुष्ठानद्वारा भगवत्प्रेम प्राप्त हुन्छ, भगवान्लाई पाउन अथवा आफ्नो स्वरूपलाई देख्न सकिन्छ। धर्मले जव मानिसको रूप लिएर अवतरण गर्दछ अर्थात् जब धर्म मूर्तिमान हुन्छ तब मात्र यी कुराहरू हुने गर्दछन्। विदुरको जीवनमा यी सवै वस्तु परिपूर्ण थिए। श्रीमद्भागवतमा लेखिएअनुसार महाभारतको लडाइँका समयमा विदुर हस्तिनापुरमा उपस्थित थिएनन्। लडाइँ हुने निश्चय भयो, अनि सन्धि हुने चर्चा बिथोलियो, श्रीकृष्ण पनि हस्तिनापुरबाट फर्कनु भयो। त्यसपछि विदुरले सोचे कि आफ्नै आँखाले कुरुकुलको संहार भएको कसरी हेर्ने ? उनले आफ्नो सर्वश्वलाई त्यागेर घरवाट तीर्थ यात्रा गर्न भनी निस्किए। उनी कुनै जोगी वा सन्न्यासी बनेनन्। कहिले कुनै भेष भुषा ता कहिले कुनै पहिरन लगाउने गर्दथे। प्रातः मध्याहन, सन्ध्याको त्रिकालस्नान नदीमा गएर गर्ने गर्दथे। यसरी तीर्थहरूको भ्रमण गर्दागर्दै उनले धेरै दिन विताए। जब उनी प्रभास क्षेत्रमा पुगेथे त्यहीं नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत लडाईँको परिणामबारे जानकारी भयो । यसपछि विदुरजी प्रभास क्षेत्रवाट हस्तिनापुरतर्फ लागे ।

जब विदुर यमुना नदीका तीरमा पुगे उनको भेट उद्धवसँग भयो । उद्धवद्वारा उनलाई श्रीकृष्णको लीलाबारे अवगत हुन आयो । श्रीकृष्णको जन्मदेखि लिएर उहाँको मथुरा यात्रा, द्वारका गमन, महाभारत युद्ध, युधिष्ठिरद्वारा राज्य सञ्चालन, युधिष्ठिरको अश्वमेघ यज्ञ आदि प्रसंग विस्तारपूर्वक अवगत गरे उद्धववाट भगवान् श्रीकृष्णको स्वधाम गमनवारे जानकारी हुनासाथै विदुरजी व्याकुल हुन पुगे । उनले मन-मनैले विचार गर्न थाले "श्रीकृष्ण हाम्रो बीचमा देखापर्नुभयो, उहाँले हामीसँग मित्रता गर्नुभयो हामीले उहाँको सन्धिमा रहेर जे जति मात्रामा लाभ लिन सक्नुपर्दथ्यो लिन सकेनौं अब उहाँ स्वधामतर्फ लागि सक्नुभएछ, यो ज्यादै नै दुःख र पीडाको कुरा हो ।"

उद्धवले विदुरसँग श्रीकृष्णका ज्ञानोपदेशबारे चर्चा गरे । विदुरले यी ज्ञानोपदेश सुन्ने इच्छा गरे । उद्धवले भने- "भगवान्ले उपदेश दिँदा बखत तपाईंलाई खुवै सम्झनुभएको थियो । त्यस बखतमा मैत्रीय ऋषि पनि त्यही हुनुहुन्थ्यो । त्यतिखेरै भगवान्ले भन्नुभयो- "जुन गुह्यतम ज्ञानको उपदेश म तपाईंहरूलाई सुनाउँदै त्यसलाई मैत्रेयले विदुरलाई सुनाइदिनुहुनेछ ।" हे विदुरजी ! यी भगवान्का उपदेशहरू तपाईं मैत्रेयजीको मुखबाट नै सुनिलिनु होस् । श्रीकृष्णले आफूलाई सम्झेको र विदुरलाई उपदेश सुनाइदिनू भनी मैत्रेय ऋषिलाई अन्हाउनुभएको थाहा पाउँदा विदुरजी ज्यादै नै खुसी भए । त्यस पछि मैत्रेय ऋषिलाई भेट गर्न भनी विदुर हरिद्वारतर्फ लागे ।

हरिद्वारमा पुगे पछि विदुर मुनि मैत्रेयकहाँ गए । मुनिद्वारा भगवान् श्रीकृष्णले बताउनुभएका उपदेश र ज्ञानको शिक्षा ग्रहण गर्न थाले । श्रीमद्भागवतको तेस्रो र चौथो स्कन्धको कथा मैत्रेयले विदुरलाई वताएका हुन् । देवदूति र कपिलको संवाद पनि विदुरमार्फत् नै बताउन लगाइएको छ । यी संवादहरूमा भागवत् प्रेम, भगवत्तत्त्वको ज्ञानकर्मबारेका कस्सिएको जटिलतम् ग्रन्थीहरूलाई सरल ढंगले फुस्काइएको छ । भगवान् श्रीकृष्णले दिनु भएका उपदेशहरू र तिनीहरूको मर्म अति विस्तृत छन् जसको ठीक ठीक वर्णन गर्न पनि कठिन पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैत्रेय ऋषिले विदुरका प्रश्न र जिज्ञासाहरूलाई समाधान गर्दै लगे। त्यसपछि विदुरले सोच्न थाले केवल प्रश्न सोधिरहनाले के फाइदा होला र ? किनकि जसको कहिल्यै अन्त्य नै हुँदैन। सबै प्रश्नको सार भन्नु भगवान्को भजन नै हो। विदुरजी भगवान्को भजन गर्नेतर्फ लागे। त्यसपछि मैत्रेय ऋषिवाट आज्ञा लिएर हस्तिनापुरतर्फ लागे। विदुर धर्म र ज्ञानका स्वारूप नै थिए। उनलाई जिज्ञासाको के आवश्यकता पर्दर्थ्यो र ! तैपनि मैत्रेयद्वारा जुन आत्मज्ञान प्राप्त गरे आफ्ना शंकाहरूको समाधान गराए। यी सबै कुरा लोकसंग्रह रूपलीला मात्र थियो।

विदुरलाई हस्तिनापुरमा देख्दा पाण्डव र त्यहाँका जनताहरू अत्यन्तै हर्षित भए। सबैले विदुरको तीर्थयात्राबारे सोधे। विदुरले पनि सबै अनुभवका कुराहरू बताइदिए। तर, भगवान् श्रीकृष्ण स्वधाम जानुभएको विषय बताएनन्। किनकि द्वारिकातर्फ गएका अर्जुन फर्किसकेका थिएनन्। त्यतिबेला युधिष्ठिरलाई द्वारिकामा भएको कुराको जानकारी थिएन।

विदुरले सम्झे- भगवान् श्रीकृष्ण स्वधामतर्फ प्रस्थान गर्नुभयो। यो खबर थाहा हुनासाथ पाण्डवहरू पनि बाटो लाग्नेछन्। अब धृतराष्ट्रलाई जोगाउनुपर्‍यो जसले आफ्ना सम्पूर्ण जीवन नै सांसारिकतामा बिताएका छन्। अन्तिम क्षणमा धृतराष्ट्रद्वारा केही मात्रामा नै भए पनि तपस्या र भजन गरिनु वाञ्छनीय छ, यसै परिप्रेक्ष्यमा विदुरले धृतराष्ट्रलाई सबै कुरा सम्झाइदिए। धृतराष्ट्र पनि विदुरले दिएको सल्लाह मानेर विदुरसँगै घरबाट निस्किए। गान्धारी पनि धृतराष्ट्रकै पछि लागिन् जेठाजु र जेठानीको सेवा सुश्रुषा गर्न भनी कुन्ती पनि छोरा पाण्डवहरूलाई छाडेर उनीहरूसँगै गइन्। धृतराष्ट्र, गान्धारी, कुन्ती र विदुरको डफ्फा सप्तसरोवर (हिमालय) मा गएर भगवान्को भजन गर्न लाग्यो। उता हस्तिनापुरमा भने युधिष्ठिरले उनीहरूलाई खोजतलास गर्न थाले।

महाभारतमा लेखिएको छ- युधिष्ठिर आफ्ना भाइहरूका साथ धृतराष्ट्रलाई भेट गर्न बनमा गए। उनले विदुरको क्षेम कुशलबारे सोधेका पनि थिए। धृतराष्ट्रले युधिष्ठिरलाई बताए- "हेर छोरा ! परम ज्ञानी विदुर यसै तपोवनमा कतै छन्। उनी अन्न खाँदैनन्, केवल हावा खाएर मात्र बाँचिरहेका छन्। अघोर तपस्या गर्दा उनी ज्यादै दुर्वल र कमजोर हुन गएका छन्। ठूला-ठूला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान्हरू उनलाई दर्शन गर्न भनी यस जंगलमा आउने गर्दछन् ।" यस्तै कुराकानी हुँदाहुँदै त्यसै आश्रमको अलि पर विदुर अचानक देखिए । उनको शरीरभरि धूलो लागेको थियो । आश्रमलाई देख्ने बित्तिकै फरक्क फर्किएर जान थाले । विदुरलाई फर्किएर जान लागेको देख्नासाथ युधिष्ठिरले पनि उनका पिछा गर्न थाले । विदुरलाई कहिले युधिष्ठिरले देख्न सक्तथे कहिले भने उनी अदृश्य हुन जान्थे र युधिष्ठिरले देख्न सक्तैनथे । युधिष्ठिर ठूलो स्वरमा कराउँदै भन्दथे- "महात्मन् ! म तपाईंको प्यारो युधिष्ठिर हुँ, मलाई दर्शन दिनु होस् । परन्तु विदुर भने नरोकिई हिंड्दै थिए । निर्जन बनमा विदुरजी एउटा रूखमा अडेस लागेर उभिए । युधिष्ठिर उनका नजीकमा पुगेर भन्दछन्- "म तपाईंको प्रेम पात्र युधिष्ठिर हुँ, तपाईंको दर्शन गर्न यहाँ आएको छु ।" तर विदुरले एक शब्द पनि बोलेनन्, उनले युधिष्ठिरका आँखामा आफ्नो आँखा, इन्द्रीयहरूमा आफ्ना इन्द्रिय, प्राणमा आफ्नो प्राण र आत्मामा आफ्नै आत्मा मिसाई युधिष्ठिरभित्रै समाहित हुन पुगे । विदुर आफ्नै स्वरूपमा (धर्मराज कै रूपमा) लीन हुनपुगे । केवल धर्म नै धर्म युधिष्ठिर नै युधिष्ठिर बाँकी रहन गए । विदुरको शरीर रूखमा अडिएर (अडेस लागेर) खडाको खडा नै भइरह्यो । धर्मराज युधिष्ठिरलाई पनि आफूमा विशेष शक्ति थपिन गएको महसुस भयो । युधिष्ठिरले विदुरको शरीरको दाहसंस्कार गर्ने तरखर गर्न थाले, त्यसै बखत आकाशवाणीको आवाज सुनियो- विदुरजीले यति-धर्म ग्रहण गरि सके यसैले उनको देहलाई दाह संस्कार गर्नुहुँदैन । साथै उनको निमित्त कुनै शोक पनि नगर्नुस् । आकाशवाणी सुनेपछि युधिष्ठिर पनि आश्रममा फर्किए । वास्तवमा विदुर धर्म नै थिए । उनी धर्मकै रूपमा लय पनि भए । यस प्रकारसँग विदुरले आफ्नो इहलीलालाई संवरण गरेका थिए ।

(८) विदुरका (धर्मोपदेश) नीति के हुन् ?

धर्म भन्नु सद्व्यवहार हो । सद्व्यवहार देश, काल, परिस्थिति र व्यक्तिहरूमा भिन्न-भिन्न प्रकारका हुन्छन् । मनुष्य जहाँ बसे पनि आफ्नो उन्नति प्रगति गर्दै धर्मको मूल स्वरूपमा पुग्नु नै सद्व्यवहारको लक्ष्य हो । एउटै मान्छेले एउटै व्यक्तिसँग बेलाबेलामा अनेक प्रकारले व्यवहार गर्नुपर्दछ । यी सबै धर्मको रक्षा गर्न सबैसँग धर्मअनुसार अडिरहन ज्यादै नै कठिनसमेत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनजान्छ। साधारण मानिसले त व्यवहारमा कुन प्रकारको धर्म रहेको छ भन्ने कुरा बुझ्न सक्तैन उसले जानेको पनि हुँदैन। यसै कारण यो कुरा भन्नै पर्दछ कि धर्मको वास्तविक स्वरूप कस्तो हो भन्ने कुरा जान्न सक्ने धर्मराज थिए। उनी नै विदुरको रूप लिएर यस धर्तीमा अवतीर्ण भएका थिए। यसैले विदुरद्वारा सबै प्रकारका नीतिहरू र यिनको तत्त्ववारे रहस्योद्घाटन हुनगएको छ। विदुरनीतिसँग सबै नै सुविज्ञ छन्।

पाण्डवहरूको बाह्र वर्ष वनावास र एक वर्षको गुप्तवास समाप्त भइसकेको थियो। उनीहरू विराटनगरमा प्रकट भइसकेका थिए। पाण्डव र कौरव दुवैतर्फ युद्धको भीषण तयारी भईरहेको थियो। त्यसैवेला धृतराष्ट्रले सञ्जयलाई युद्ध गर्नु अधर्म हो" भन्दै युधिष्ठिरलाई सम्झाउन पठाए। जसरी भए पनि युधिष्ठिर युद्ध गर्नबाट विरत होऊन् भन्ने धृतराष्ट्रको मनसाय पनि थियो। विराटनगरमा युधिष्ठिरलाई भेटेर आएपछि सञ्जय धृतराष्ट्रसँगको भेटमा युधिष्ठिरलाई निर्दोष ठान्दै "अब युद्ध नभई छाड्दैन" भनि दिए। पाण्डवहरूलाई केही पनि दिइँदैन भने उनीहरूले मजबुरीसाथ युद्धको सहारामा जानुपर्दछ। यसमा पाण्डवहरूको कुनै दोष छैन युधिष्ठिरले तपाईंलाई भनि दिन भनी मद्वारा जुन सन्देश पठाएका छन् त्यसलाई भोलि हुने सभामा सुनाउनेछु किनभने म आज ज्यादै थाकेको छु। यति भनेर धृतराष्ट्रको आज्ञा लिई सञ्जय आफ्नो घरतिर लागे।

सञ्जय घरतर्फ लागेपछि धृतराष्ट्र ठूलो चिन्तामा डुबे। उनले द्वारपाल मार्फत् विदुरलाई डाकेर भने- "हे विदुर ! सञ्जयले भोलीको सभामा युधिष्ठिरद्वारा पठाइएको सन्देश सुनाउँदैछन्। युधिष्ठिरले के कस्तो सन्देश पठाएका हुन् मलाई थाहा छैन। चिन्तैचिन्ताले मेरो जिउ पोलिरहेको छ। निन्द्रा पटक्कै लाग्दैन। मेरा इन्द्रियहरू शिथिल भएका छन् के गर्दा मेरो भलाई हुन्छ तिमीले भनिदेउ साथै कुनै यस्तो तरिका पनि बताऊ, जसले मेरो चिन्ता हट्न सकोस्। तिमीजस्तो धर्म र अर्थको तत्त्वलाई जान्ने नीतिज्ञ अरू कोही पनि हाम्रो कुलमा छैन।

विदुरले धृतराष्ट्रलाई भने- "निन्द्रा नलाग्नमा अनेकौं कारण हुन्छन्- जसउपर आफूभन्दा बलियोले हमला गर्न लागेको होस्, जसको सर्वस्वहरण गरिएको होस्, जसमा स्त्री सम्भोग गर्ने जोड्दार इच्छा पैदा भएको होस्, चोरी कार्य गर्ने चोर व्यक्ति यस्ताखाले मानिसलाई निद्रा पर्दैन। अर्काको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्ति लिन उडाउन खोज्ने व्यक्तिलाई पनि निद्रा पर्दैन । जसमा यी दोष छैनन् त्यस्ता व्यक्तिहरू आरामसाथ सुत्न सक्तछन् ।

विदुरले पण्डित तथा बुद्धिमान व्यक्तिवारे परिभाषा गरेका छन्- "आफूवारे थाहा पाउनु आत्मज्ञान, आफ्नो शक्ति र क्षमताअनुसार काम गर्नसक्नु, निर्विषयी, सहनशील, श्रद्धापूर्वक धार्मिक अनुष्ठान गर्ने, सदैव लोकोपकारी काम गर्ने, समाजविरोधी काम कहिल्यै नगर्ने, भगवान् र परलोकमा श्रद्धा राख्ने, क्रोध-हर्ष, अभिमान, उद्दण्डता आदिद्वारा नदबाइएको कार्य सफल हुनुभन्दा पहिले जसको विचारबारे कसैले चर नपाउने यस किसिमका स्वभाव भएका मानिस वा विज्ञ पण्डित कहिन्छन् । यसका अतिरिक्त ठूला विघ्न-बाधाहरूले जसले गरेको अठोटलाई बदल्न सक्तैनन् जसले सदैव धार्मिक व्यवहार गर्दछ, धैर्य गरी धेरैबेरसम्म सुन्ने बानी जसको छ र थोरै बेरमा नै सबै विषयवस्तु बुझ्न सक्दछ, असम्भव इच्छा र चाहना नगर्ने, बितिसकेको कुराको पीर र सन्ताप गरिनरहने र आपत्ति-विपत्ति पर्दा, कति पनि विचलित नहुने । समयलाई व्यर्थमा खेर नफाल्ने, पूरा अठोटसाथ आफ्नो पराक्रम र पुरुषार्थ देखाउने, ठेट बोल्ने र आफ्ना हितैषी व्यक्तिलाई अनादर नगर्ने, आफू कथंकदाचित् अपमानित हुन पुगेकै भए पनि दुःखित नहुने । जसले सबै कुराको रहस्य बुझेको छ, जुन व्यक्तिले आफ्नो बुद्धि र क्षमताअनुसार अध्ययन गर्न सक्दछन् । बूढापाकाहरूले निर्धारण गरेको मर्यादा वा चालचलनलाई उल्लङ्घन नगरी सदैव सनातन धर्मप्रति हृदयदेखि समर्पित रहन्छ, यी गुणहरूले सुसम्पन्न भएको व्यक्ति नै बुद्धिमान् हो ।

विदुरले उपर्युक्त पण्डित, बुद्धिमान र विद्वान्हरूको लक्षण बताइ सकेपछि राजा धृतराष्ट्रलाई मूर्ख व्यक्ति कस्ता हुन्छन् भनी स्पष्ट गराउँदै भने- "जसले शास्त्रीय कुरा एवम् सांसारिक विषयहरू थाहा पाएको भए तापनि आफूले अत्यन्तै घमण्ड गर्दछ, आफू असमर्थ भएर पनि ठूलो ठूलो कुराको इच्छा गर्दछ, पापकार्य गरेर धन कमाउन खोज्दछ, (मित्र) साथीलाई दंगा गर्दछ, शत्रुहरूसंग मित्रता जोड्न खोज्छ, सबैलाई शङ्काको दृष्टिले हेर्ने गर्दछ, काम गर्दा हडबड गर्ने अनि छिट्टै गर्न सकिने काममा ढिलासुस्ती गर्ने आदि स्वभाव भएका मानिस मूर्ख ठानिएका छन् भनी विदुरले स्पष्ट पारेका थिए ।

पितृहरूको श्राद्ध नगर्ने, देवतालाई पूजा नगर्ने, सज्जन व्यक्तिलाई साथी नठान्ने, नबोलाईकन नै कसैकहाँ जाने, कसैले कुनै कुरा नसोधेकोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि धेरैथोक भनिहाल्ने, विश्वास गर्नुपर्नेलाई अविश्वास गर्ने, आफ्नो दोष अरूउपर थोपार्ने, कञ्जुस व्यक्तिको चाकडी गर्ने र अर्काकी स्वास्नीउपर आँखा गाड्ने इत्यादि स्वभाव भएका मानिस पनि मूर्खकै कोटीमा पर्दछन्। जो मानिस धनी भएर आफूले मात्र राम्रा राम्रा लुगाहरू लगाउँदछ, मीठो-मीठो खाने गर्दछ, अरूलाई दिँदैन त्यस्तो स्वभाव लिने मानिसलाई निष्ठूरी वा नीच व्यक्ति मानिएको छ। मानिसले स्थिर वुद्धि लगाएर कुन काम गर्नु हुन्छ, कुन काम गर्नु हुँदैन भन्ने छुट्याउनुपर्दछ। यसरी कार्य र अकार्य कुराको निश्चय गरेपछि मित्र-शत्रु-उदासीन (मध्यस्थ) यी तीन किसिमका व्यक्तिको पहिचान गर्नुपर्दछ। यी तिनैथरीलाई साम, दान, दण्ड र भेद चार प्रक्रिया अपनाएर आफ्नो वशमा (आफूले भनेको कुरा मान्ने) गराउनुपर्दछ। आफ्ना पाँचवटै इन्द्रियलाई नियन्त्रणमा राखी सन्धि सम्मान विग्रह (फूट) आदि छवटै कुरालाई वुझेर वेश्या, जुवा, रक्सी, आखेट, रूखो बोलीवचन, कडा दण्डसजाय, अन्याय पूर्वक धन कमाउने यी सात कुरालाई छाडिदिनुपर्दछ। यति गर्न सक्ने मानिसलाई निरन्तर सुखप्राप्ति हुनेगर्छ। विष ख्वाएर, हतियारले हानेर, केवल एक जनाको मात्र हत्या हुन्छ, परन्तु कुविचारले भने धेरैलाई नाश गर्दछ। कुनै पनि अहम् कार्य गर्दा आफू एक्लैले मात्र सोच्नुहुँदैन। एक्लै भएर वाटो हिंड्ने गर्नुहुँदैन। समूहका सबै मान्छे सुतिरहेका छन् भने आफू एक्लै मात्र उठेर बस्नुहुँदैन इत्यादि सम-सामयिक र शाश्वत सत्य कुराहरू पनि धृतराष्ट्रलाई विदुरले भनेका थिए।

क्षमा वा सहनशीलता मनुष्यको ठूलो बल हो। क्षमालाई असक्तहरूको गुण र समर्थवानहरूको गहना (आभूषण) मानिएको छ। क्षमारूपी खड्गलाई जसले हातमा लिएको छ, उसलाई दुर्जनले पनि बिगार्न सक्तैन। घाँस, धूलो, पतिङ्गर केही कुरा नभएको ठाउँमा खसेको आगोले कति पनि नोक्सान गर्दैन, आफैं निभेर जान्छ। धर्म परम कल्याणदायी विषय हो। क्षमाद्वारा शान्ति प्राप्त गरिन्छ। युद्धदेखि डराउने राजा, घरबाट बाहिर निस्कन डराउने ब्राह्मणलाई उनीहरूले बसोबास गरेको जमिन (ठाउँ) ले निल्न खोज्दछ। गृहस्थी भईकन कुनै काम नगरी बस्ने र जोगी भएर पनि रोजगारी (नोकरी) गर्ने यी दुवै धन्धामा लागेकालाई धर्मच्यूत ठानिएको छ। समर्थवान् व्यक्तिमा क्षमा र दरिद्रलाई दान दिन तयार रहनु यी दुवै कुराले मोक्षको मार्गलाई पहिल्याउँदछन्। जो मानिस धनी भएर पनि दान गर्दैन, गरीब भएर तपस्या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दैन, त्यस्ताले घाँटीमा गरुङ्गो ढुङ्गा झुण्ड्याउँदै नदीमा डुबेर मरे हुन्छ। कुपात्र (खराब व्यक्ति) लाई धन दिनु र सत्पात्रलाई नदिनु यी दुवै कुरा धनको अपव्यय (बेकार) हुन्। योगी, सन्न्यासी तथा लडाइँमा मारिने क्षेत्रीयहरू सोझै ब्रह्मलोकमा पुग्दछन्।

जीवन परिचालनका तीन उपाय छन्। साथै उत्तम-मध्यम-अधम यी तीन किसिमका पुरुष पनि हुन्छन्। अर्काको धन हरण गर्नु, अर्काकी, स्वास्नीसँग मोजमस्ती गर्नु, आफ्ना शुभेच्छुक नातेदार र कुटुम्बीजनहरूलाई त्यागिदिन, यी तीनवटै खराब काम हुन् जुन लोभ, काम र क्रोधका उपज पनि हुन्। यसैले यी तीनवटै कुकर्म ठानिन्छन् र निन्दनीय पनि छन्। वरदान प्राप्त गर्नु, राज्यको प्राप्ति र छोरा जन्मनु यी तीन कुराले समानरूपले आनन्द दिन्छन्। यी तीनवटैभन्दा श्रेष्ठ कुरा भने शत्रुलाई आपत्तिबाट बचाइदिनु हो। जसले आफूप्रति श्रद्धा र सद्भाव राख्तछ, सेवा र सहयोग पुऱ्याउँछ साथै "म तपाईंको भक्त वा प्रशंसक हुँ" भनेर भन्नेलाई कहिल्यै त्याग वा उपेक्षा गर्नुहुँदैन। सम्पन्न व्यक्तिको घरमा आफ्नो जाति बिरादरीको बूढोपाको व्यक्ति, दुःख परेको खान्दानी मान्छे, गरीब साथी अनि छोराछोरी नभएकी बहिनी यी चार प्रकारका व्यक्ति रहनु राम्रो हुन्छ। चारवटा कुराले तुरुन्त फल दिन्छन्- देवताको ध्यान र पूजाले मनोरथ पूर्ण हुन्छ। बुद्धिमानीपूर्वक अर्थात् बुद्धि लगाएर गरिएको प्रतापी कार्यले गुप्त वा रहस्यमय कुराको जानकारी हुने गर्दछ। विद्वान् व्यक्तिमा रहेको विनय (नम्र स्वभाव) लाई सबैले महत्त्व दिने गर्दछन् साथै पापलाई त्यागिदिनाले अन्तःकरणलाई शान्ति मिल्दछ। अग्निहोत्रमा मौनता, अध्ययन, यज्ञ आदि कर्म आफ्नो मान र मतलवप्राप्तिका लागि गरिन्छन् भने यिनले विपरीत फल दिन थाल्दछन्।

पिता, माता, अग्नि, आत्मा र गुरु यी पाँचवटैको सेवा दैनिक रूपले गर्नुपर्दछ। जसले देवता, पितृ मनुष्य, भिक्षुक र पाहुना (अतिथि) लाई नित्य पूजा सम्मान गर्दछ, ऊ नै पूजनीय र आदरणीय मानिन्छ। तिमी जताजता जान्छौ त्यतैत्यतै मित्र, शत्रु, मध्यस्थ आदरणीय र सेवक यी पाँच किसिमका मानिस पनि तिम्रा साथै जाने गर्दछन्। मानिसका पाँचवटा इन्द्रिय छन्। यदि एउटैमा खरावी आएर काम गर्न छाड्यो भने त्यही नै ज्ञानलाई बगाएर फाल्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाटो समान हुनजान्छ । अधिक सुत्ने बानी, तन्द्रा (उँघिरहने बानी), डर, रिस, आलस्य (अल्छीपन) फेरि कहिले गर्दै गरुँला भन्ने धिङ्न्याइपन यी छबटा कुरालाई आत्मोन्नति चाहने व्यक्तिले त्यागिदिनुपर्दछ । साथै ६ वटा कुरा जस्तै कि सत्यता, दान, सावधानी, प्रेम, क्षमा, धैर्य आदिलाई कहिल्यै छाड्नुहुँदैन । जसको नियन्त्रणमा काम, क्रोध, शोक, मोह, मद र मान आदि कुरा रहन्छन् ऊ जितेन्द्रिय हो । गाई, जागिर (नोकरी), खेतीपाती, स्त्री, विद्या र शूद्रवाट लिइने सेवा यी ६ वटै कुराउपर बराबर दृष्टि पुऱ्याउने गर्नुपर्दछ नत्र भने यी लुप्त भएर जाने गर्दछन् । निरोगी हुनु, अऋणी बन्नु, स्वदेशमा वसोबास गर्न पाउनु, सत्संग आफूलाई अनुकूल पर्ने जीविका, खतरा (भय) मुक्त ठाउँको बसाइ यी ६ वटै संसारका सुख ठानिन्छन् । जो अर्काको उन्नति देख्दा सन्तोष गर्दैन र क्रोधी छ, कसैप्रति भरोसा गर्दैन, देख्न नसकेर डाहा गर्छ, अर्काको भाग्यले आफू बाँच्न खोज्दछ, अरूलाई घृणा गर्दछ यी ६ किसिमका स्वभाव भएका मान्छे सदैव दुःखी हुन्छन् ।

स्त्री, जुवा, सिकार, मद्यपान, रूखो बोली, भयङ्कर दण्ड यी सात दोषलाई जन साधारण र शासकवर्गले त्यागि दिनुपर्दछ । ब्राह्मणमा द्वेष राख्नु, ब्राह्मणलाई निन्दा गर्नु र उनीहरूको तारिफलाई अस्वीकार गर्नु ब्राह्मणलाई विर्सनु, ब्राह्मणलाई कुटपिट गर्नु, ब्राह्मणको सम्पत्ति हरण गर्नु, मान खोज्नु, ब्राह्मणहरू माग्न आउँदा उनीहरूको अवगुण देखाउनु यी आठवटा कुरा आफ्नो भविष्यमा हुने विनाशका सूचकहरू हुन् । मानिसको शरीर एउटा घर समान हो । यस घरका नौवटा द्वार छन्, तीनवटा खम्बा (थाम) र पाँचवटा साक्षी छन् । यस घरमा जीवले निवास गर्दछ । जसले यी सबैलाई पहिचान गर्दै सबैको तत्त्वहरूलाई पनि बुझेको छ ।

सङ्गत गर्न नहुने व्यक्तिहरूबारे विदुरले भनेका छन्- "धर्मको ज्ञान नभएको, रक्सी पिउने जङ्याहा, मतलबी, थाकेको, रिसाहा, भोको, उत्ताउलो, लोभी, डरपोक तथा कामी पुरुषको सङ्गत कदापि गर्नुहुँदैन । आपत्तिपर्दा वखत व्यथित नहुने, सावधानीपूर्वक उद्योग व्यवसाय सञ्चालन गर्ने, परिआएका वखतमा जस्तोसुकै दुःख कष्टलाई पनि सहन गर्ने स्वभाव भएका व्यक्तिहरूका शत्रुहरू नष्ट हुन्छन् । काम नपरीकन विदेश नजाने, पापिष्टहरूसँग मेलजोल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नगर्ने, परस्त्रीमा आँखामा नगाड्ने, घमण्ड, चोरी, छुल्याइ, मदिरा सेवन नगर्ने स्वभाव लिनेहरू सदैव सुखी रहन सक्दछन्। आफ्नो समकक्ष व्यक्ति र परिवारमा विबाह सम्बन्ध जोड्ने, मित्रता गर्ने विधि व्यवहार र कुराकानी गर्दै रहने, गुणीजनको समाजमा बस्ने स्वभाव भएको मानिस नीतिहीन हुँदैन। जसले परिमित भोजन गर्दछ, आफूले मुखमा गाँस हाल्नुभन्दा अगाडि आफूमा पहिलेदेखि आश्रित हुँदै आएकालाई भोजन गराउने गर्दछ। यस किसिमको स्वभाव हुने व्यक्तिलाई कसैले पनि हानि पुऱ्याउन सक्दैन। जुन मानिसले आफूले दुष्कर्म गरिएको कुरा अरू कसैलाई थाहा नपाई गोप्य नै रहँदा पनि आफू स्वयंमा लज्जित भइरहेको छ भने उसले गरिसकेको उक्त दुष्कर्म छुट्न जान्छ, त्यस्ताले शान्ति पाउनेछ, साथै त्यस्तो व्यक्ति ठूलो तेजस्वी पनि हुन पुग्दछ।

विदुरले धृतराष्ट्रलाई भन्दै गए- राजन्! पाण्डवहरू तपाईं कै बालक हुन्। तपाईंले नै उनीहरूको पालनपोषण गर्नुभएको हो। तपाईंकै काख पोल्टामा उनीहरू खेलेर हुर्किएका हुन्। तपाईंले नै उनीहरूलाई सिकाइ पढाइ गराउनुभएको हो। उनीहरू तपाईंको आज्ञाकारी छन्। उनीहरूको भाग (हक हिस्सा) उनीहरूलाई दिनुहोस्। यसो गरेपछि तपाईंको मन शान्त हुनेछ। तीनै लोकले तपाईंको प्रशंसा र सम्मान गर्नेछ। यसरी धृतराष्ट्रलाई कर्मदृष्टिद्वारा र शासनको विविध दृष्टिकोणको समेत अनेक प्रकारद्वारा विदुरले सम्झाएका थिए। विदुरले पुनः सम्झाउँदै भने- तपाईं पाण्डवहरूसँग न्यायपूर्ण व्यवहार गर्नुहोस्। आफ्ना छोराहरूको पक्षपात नगर्नुहोस्। न्याय गरेपछि सर्वत्र कल्याणैकल्याण हुन्छ। यसै कुरालाई पुष्टि गर्न विदुरले धृतराष्ट्रलाई एउटा प्राचीन इतिहास पनि सुनाएका थिए।

प्राचीन समयमा केशिनी नाम गरेकी कन्या थिइन्। दैत्यराज प्रल्हादका छोरा बिरोचनले उनलाई प्रस्ताव गर्दै भने- "तिमी मसँग विवाह गर।" विशिनीले सोधिन्- विरोचन! ब्राह्मण ठूलो कि दैत्य ठूलो?" विरोचनले तुरुन्तै जवाफ दिए- "दैत्य नै ठूलो"। त्यसपछि केशिनीले भनिन्- "भोलि बिहान सुधन्वा ब्राह्मण यहाँ आउँछन्" उनीसँग पनि भेट गरेपछि के गर्न, उचित हुन्छ म निर्णय गर्नेछु" भोलिपल्ट सुधन्वा त्यस ठाउँमा आइपुगे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोचनले उनलाई वस्नका लागि आफू वसेको आसनको एक छेउ देखाउँदै अनुरोध गरे। सुधन्वाले आसनलाई स्पर्श मात्र गरे, तर वसेनन्। कुराकानी चल्दाचल्दै ब्राह्मण ठूलो कि दैत्य ठूलो भन्ने विषयमा विवाद चल्न थाल्यो। सुधन्वाले ब्राह्मण ठूलो भने। विरोचनले दैत्य ठूलो हो भन्ने जिकिर गरिरहे। दुवैले प्राणको बाजी थापे। निर्णायकको रूपमा दुवैले विरोचनका पिता प्रल्हादलाई छान्दै दुवै जना प्रल्हाद भएको ठाउँमा पुगे। प्रल्हादले सुधन्वासँग सोधे- "अनुचित न्याय गर्ने कस्तो दण्ड पाउँदछ ?" सुधन्वाले त्यसैवखत प्रल्हादलाई जवाफ दिँदै भने- "सौता भएकी स्त्रीले जे जस्तो वेदना खप्नुपर्दछ, जुवामा हारेको र गहुँगो भारी बोकेको मान्छेलाई जस्तो दुःख कष्ट हुन्छ, त्यस्तै पीडा र छटपटी झूठो साक्षी गवाही बक्ने मानिसलाई र अन्यायपूर्ण ढङ्गले निर्णय दिने न्यायाधीशलाई पनि हुन्छ। आफ्नो स्वार्थमा लागेर झुठो बोल्ने व्यक्ति आफू स्वयम् नरकमा जान्छ नै। यति मात्र होइन, उसले आफ्नो पुस्तौंपुस्तालाई पनि नरकमा धकेल्छ। अर्थात् झूठ बोल्ने मानिसको सर्वनाश हुन्छ।

सुधन्वाको यस्तो शास्त्रसम्मत कुरा सुनेपछि प्रल्हादको छोरा विरोचनलाई भने- "विरोचन ! सुधन्वाका पिता अङ्गिरा म (प्रल्हाद) भन्दा ठूला छन्। यिनकी आमा पनि तिम्री आमाभन्दा श्रेष्ठ छिन् अनि सुधन्वा पनि तिमीभन्दा श्रेष्ठ छन्। यस विवादमा तिमी सुधन्वासँग हाऱ्यौ। अब तिम्रो प्राण सुधन्वाको तजवीजमा रहन गएको छ।" छोरासँग यति भन्दै प्रल्हादले सुधन्वातर्फ फर्केर भने- "ब्रह्मन् म चाहान्छु तपाईं मेरो छोराको प्राणदान दिनुहोस्।" सुधन्वाले "हे दैत्यराज प्रल्हाद ! तपाईंले धर्मको पक्ष लिएर सत्य कुरा बोल्नुभयो। आफ्नो एक मात्र प्रिय छोरा विरोचनको पक्ष लिएर झुठो कुरा बोल्नुभएन।" यसबाट म ज्यादै प्रशन्न भएँ। म तपाईंको पुत्र तपाईंलाई दान दिन्छु। मैंले विरोचनलाई छाडिदिएँ, केशिनीसँग विवाह पनि उनै गरून्।

विदुरले धृतराष्ट्रलाई भने- "महाराज ! तपाईं पनि प्रल्हादले गरेजस्तै उचित न्याय गर्नुहोस्, जमिनको लालचमा परेर झुठो न बोल्नुहोस्। यदि पक्षपात गर्नुभयो भने तपाईंको सर्वनाश हुनेछ।" यस्तै कुराहरू विदुरले धृतराष्ट्रलाई सम्झाउँदै गए। धृतराष्ट्रले पनि अनेकौं जिज्ञासा सोध्थे विदुर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि जवाफ दिँदै रहन्थे । आखिरमा धृतराष्ट्रले विदुरलाई भनिहाले- "विदुर ! तिमीले मलाई जे-जस्ता उपदेशहरू दिन्छौ ती सबै नै बिलकुल ठीक छन् । म स्वयम् पनि यस्तै भन्ने गर्छु अनि गर्न पनि चाहन्छु । पाण्डवहरूका बारेमा धर्मसम्मत निर्णय दिन पनि खोज्दछु । परन्तु जब मेरो छोरा दुर्योधन मेरो सामुन्नेमा आइपुग्दछ अनि मेरो मनमा उठेका सबै भावना र कुराहरू बदलिँदै जान्छन् । अब जो हुनेवाला छ, भई नै हाल्नेछ । मेरो मिहेनेतबाट कुनै फल प्राप्त होला भन्नेवारे मैले आशा मारिसकेको छु । तिम्रा कुराहरू विचित्रै छन् अरू पनि भन्न बाँकी छ भने सुनाउँदै जाऊ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

प्रथम अध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्व तेत्तीसौं अध्याय

विदुर नीति पहिलो अध्याय

[११ वर्ष वनवास र १ वर्ष गुप्तवास पूरा भइसकेको थियो । पाण्डवहरू विराटनगरमा नै बस्दै थिए । पूर्व सर्तबमोजिम राज्यको आफ्नो भाग (अंश) माग गर्दा दुर्योधनले स्पष्ट इन्कार गऱ्यो । सबै परिवारजन कसरी लडाई रोक्न सकिएला भन्नेबारे सल्लाह गर्न थाले । राजा द्रुपदले आफ्ना पुरोहितलाई युधिष्ठिरको तर्फबाट राज्य दिनुहोस् भनी धृतराष्ट्रकहाँ दूत बनाई पठाए तर कौरवहरूले मानेनन् । सञ्जयले पनि प्रयास गरे तर कुनै काम लागेन युद्ध हुने नै लक्षणहरू देखापर्न थाले । यसै बेला राजा धृतराष्ट्रले विदुरको राय जान्न खोजे ।]

वैशम्पायन भन्दछन्:-

द्वा:स्थं प्राह महाप्राज्ञो धृतराष्ट्रो महीपति ॥
विदुरं द्रष्टुमिच्छामि तमिहानय मा चिरम् ॥१॥

महान् बुद्धिमान् सम्राट धृतराष्ट्रले द्वारपाललाई आदेश दिंदै भने- 'म विदुरलाई भेट्न चाहन्छु, तुरुन्त उनलाई यहाँ बोलाएर ल्याऊ ।'

प्रहितो धृतराष्ट्रेण: दूत: क्षत्तारमब्रवीत् ॥
ईश्वरस्त्वां महाराजो महाप्राज्ञ दिदृक्षति ॥२॥

महाराज धृतराष्ट्रको आज्ञा सुन्नासाथ दूतले पनि महात्मा विदुरकहाँ गएर राजा धृतराष्ट्रले उहाँलाई भेट गर्न चाहेका छन् भन्ने सूचना दियो ।

एवमुक्तस्तु विदुर: प्राप्य राजनिवेशनम् ॥
अब्रवीद् धृतराष्ट्राय द्वा:स्थ मां प्रतिवेदय ॥३॥

दूतको कुरा सुनेपछि विदुरजी राजमहलमा पुगेर आफू आएको कुराको सूचना राजालाई दिनू भनी दरबारको द्वारपाललाई खबर पठाए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारपालले राजा धृतराष्ट्रलाई भन्दछन्:-

विदुरोऽयमनुप्राप्तो राजेन्द्र तव शासनात् ॥
द्रष्टुमिच्छति ते पादौ किं करोतु प्रशाधि माम् ॥४॥

महाराज हजुरको आज्ञाअनुसार महात्मा बिदुर उपस्थित हुनुभएको छ, उहाँ भेट गर्न चाहनुहुन्छ, के गरूँ ?

धृतराष्ट्र भन्दछन्:-

प्रवेशय महाप्राज्ञं विदुर दीर्घदर्शिनम् ॥
अहं हि बिदुरस्यास्य नाकल्पो जातु दर्शने ॥५॥

महाबुद्धिमान् तथा दूरदर्शी विदुरलाई बोलाएर ल्याऊ, मैले विदुरसँग भेट गर्नु कहिल्यै पनि नराम्रो हुँदैन ।

द्वारपाल विदुरजीकहाँ गई भन्छन्:-

प्रविशान्तःपुरं क्षत्तर्महाराजस्य धीमतः ॥
नहि ते दर्शनेऽकल्पो जातु राजा ब्रवीहि माम् ॥६॥

विदुरजी ! हजुरलाई महाराजले अन्तःपुरमा प्रतीक्षा गरिरहनुभएको छ, कृपया तपाईं त्यसतर्फ पाल्नुहोस् ।

विदुर भन्दछन्-

ततःप्रविश्य विदुरो धृतराष्ट्रनिवेशनम् ॥
अब्रवीत् प्राञ्जलिर्वाक्यं चिन्तयानं नराधिपम् ॥७॥

द्वारपालको कुरा सुनेपछि विदुर पनि धृतराष्ट्रको अन्तःपुरमा गएर चिन्तामा डुबीरहेका राजालाई हात जोड्दै भन्दछन् ।

विदुरोऽहं महाप्राज्ञ सम्प्राप्तस्तव शासनात् ॥
यदि किंचन कर्तव्यमहमस्मि प्रशाधि माम् ॥८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे महाराज ! सेवामा उपस्थित भएको छु, मेरालायक कुनै काम भएमा कृपया आज्ञा पाउँ भनी विदुरले धृतराष्ट्रलाई विन्ती गरे ।

धृतराष्ट्र भन्दछन्:-

सञ्जयो विदुर प्राज्ञो गर्हयित्वा च मां गतः ॥
अजातशत्रोः श्वो वाक्यं सभामध्ये स वक्ष्यति ॥९॥

हे विदुर ! सञ्जयले मलाई भेट गरेर गएका छन् । उनले मेरो निन्दा पनि गरे । भोलि हुने राजसभा (इजलास) मा अजातशत्रु युधिष्ठिरको तर्फबाट केही कुराहरू सुनाउनेछन् र मसँग विवाद गर्नेछन् ।

तस्याद्य कुरुवीरस्य न विज्ञातं वचो मया ॥
तन्मे दहति गात्राणि तदकार्षीत् प्रजागरम् ॥१०॥

युधिष्ठिरको भनाइ के छ त्यो मलाई थाहा छैन, तैपनि मेरो मन पोलिरहेको निद्रा पनि लाग्दैन ।

जाग्रतो दह्यमानस्य श्रेयो यदनुपश्यसि ॥
तद् ब्रूहि-त्वं हि न-स्तात धर्मार्थकुशलो ह्यसि ॥११॥

हे तात ! हे बाबू ! चिन्तैचिन्तामा डुबेर म यतिबेलासम्म पनि निदाउन सकिरहेको छैन । मेरा लागि जे कुराले कल्याण गर्छ सो कुरा भनिदेऊ । किनकि हामीहरूमध्ये सबैभन्दा तिमीले नै धर्म र अर्थबारे भलीभाँती जानकारी राखेका छौ ।

यतः प्राप्तः सञ्जयः पाण्डवेभ्यो न मे यथावन्मनसः प्रशान्तिः ॥
सर्वेन्द्रियाण्यप्रकृतिं गतानि किं वक्ष्यतीत्येवमेऽद्य प्रचिन्ताः ॥१२॥

पाण्डवहरूसँग भेट गरेर फर्किएपछि सञ्जयले मसँग केही कुरा गरेर गए । त्यसैबेलादेखि नै मेरो मन अशान्त छ । चिन्ताको कारण मेरा सबै इन्द्रिय विकल हुनपुगेका छन्, म किंकिर्तव्यविमूढ भईसकेको छु । उनले भोलि हुने राजसभामा के भन्ने हुन् यसै कुराको मेरो मनमा भारी सुर्ता पैदा भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भन्दछन्:-

अभियुक्तं बलवता दुर्बलं हीनसाधनम् ॥
हतस्त्वं कामिनं चौरमाविशन्ति प्रजागराः ॥१३॥

हे राजन् ! बलियासँग विरोध भएको व्यक्तिलाई, निर्बल र साधनहीन मानिसलाई, धन हरण गरिएको व्यक्तिलाई, कामवासना जागृत भएको कामीलाई र चोरलाई पनि निद्रा लाग्दैन ।

कच्चिदेतै-र्महादोषैर्न स्पृष्टोऽसि नराधिप ॥
कच्चिच्च परिवित्तेषु गृध्यन्न परितप्यसे ॥१४॥

हे नरेन्द्र ! कतै तपाईं यी महादोषले पीडित त हुनुहुन्न ? के तपाईंलाई अर्काको धन हत्याउने लालसाले त सताएको छैन ? सायद यो पनि तपाईंलाई निन्द्रा नलाग्ने कारण हुन सक्छ ।

धृतराष्ट्र भन्दछन्:-

श्रोतुमिच्छामि ते धर्म्यं परं नैःश्रेयसं वचः ॥
अस्मिन् राजर्षिवंशे हि त्वमेकः प्राज्ञसम्मतः ॥१५॥

हे विदुर ! तिमी नै हाम्रो राजर्षि वंशमा सर्वमान्य बिद्वान् हौ । तिमीवाट धर्मयुक्त र कल्याणकारी कुराहरू सुन्न चाहन्छु ।

विदुर भन्दछन्:-

राजा लक्षणसम्पन्नस्त्रैलोक्यस्याधिपो भवेत् ॥
प्रेष्यस्ते प्रेषितश्चैव धृतराष्ट्र युधिष्ठिरः ॥१६॥

हे महाराज धृतराष्ट्र ! राजा युधिष्ठिरमा सबै असल लक्षणहरू विद्यमान छन् । उनी ती नैलोकका स्वामी पनि हुन सक्दछन्, उनी तपाईंका आज्ञाकारी पनि थिए । उनी नै तपाईंको विशेष प्रियपात्र बन्न सक्दथे । त्यस्तालाई तपाईंले वनवास पठाइदिनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपरीततरश्च त्वं भागधेये न सम्मतः ॥
अर्चिषां प्रक्षयाच्चैव धर्मात्मा धर्मकोविदः ॥१७॥

तपाईं धर्मज्ञ र नीतिज्ञ पनि हुनुहुन्छ, तर दृश्यशक्ति नहुँदा (अन्धो हुनाले) युधिष्ठिरलाई चिन्न सक्नुभएन, अनि उनको विपरीत हुन पुग्नुभएको छ। युधिष्ठिरलाई राज्यको भाग दिनका लागि पनि तपाईंले आफ्नो सम्मति दिनुभएको छैन।

आनृशंस्यादनुक्रोशाद् धर्मात् सत्यात् पराक्रमात् ॥
गुरुत्वात् त्वयि सम्प्रेक्ष्य बहून् क्लेशांस्तितिक्षते ॥१८॥

युधिष्ठिरमा क्रूरता छैन बरु उनी दयावान्, धार्मिक, पराक्रमी र सत्यवादी छन्। तपाईंलाई पनि ज्यादै मान्दछन्। यिनै असल गुणहरूले गर्दा सोच विचारपूर्वक अनेकौं कष्ट पनि सहेका छन्।

दुर्योधने सौबले च कर्णेदुःशासने तथा ॥
ऐतेष्वैश्वर्यमाधाय कथं त्वं भूतिमिच्छसि ॥१९॥

तपाईं दुर्योधन, शकुनि, कर्ण, दुशासनजस्तालाई राज्यभार सुम्पेको स्थितिमा कसरी आफ्नो कल्याण र ऐश्वर्यवृद्धि होला भन्ने चाहनुहुन्छ ?

आत्मज्ञानं समारम्भस्तितिक्षा धर्मनित्यता ॥
यमर्थान्नापकर्षन्ति स वै पण्डित उच्यते ॥२०॥

आफ्नो वास्तविक अवस्थाको ज्ञान, उद्योग, दुःख सहने शक्ति र धार्मिकपन यी गुणहरू जुन मान्छेमा छन् ऊ नै पण्डित (असल मान्छे) कहिन्छ।

निषेवते प्रशस्तानि निन्दितानि न सेवते ॥
अनास्तिक श्रद्दधान एतत् पण्डितलक्षणम् ॥२१॥

नराम्रो कामबाट टाढा रहँदै राम्रा कामहरू जसले गर्छ अनि जो मान्छे आस्तिक र ईश्वरमा श्रद्धा राख्दछ यिनै सद्गुणले उसलाई पण्डित गराउँदछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रोधो हर्षश्च दर्पश्च ह्रीः स्तम्भो मान्यमानिता ॥
यमर्थान्नापकर्षन्ति स वै पण्डित उच्यते ॥२२॥

रिस, खुसी, घमण्ड, लाज, उद्दण्डता भएको र आफूलाई नै सर्वमान्य सम्झने इत्यादि भावनाले जो मानिस प्रभावित छैन उसैलाई पण्डित कहिन्छ ।

यस्य कृत्यं न जानन्ति मन्त्रं वा मन्त्रितं परे ॥
कृतमेवास्य जानन्ति स वै पण्डित उच्यते ॥२३॥

जुन मानिसको भविष्यमा गरिने कार्य, गर्न लायक भएको काम, अरूले दिएको सल्लाह एवम् आफूले पहिले गर्ने भन्ने ठहऱ्याएको काम पनि पूर्ण भइसकेपछि मात्र अरू व्यक्तिले थाहा पाउँछन् त्यस्तो मानिस नै पण्डित कहिन्छन् ।

यस्य कृत्यं न विघ्नन्ति शीतमुष्ण भयं रतिः ॥
समृद्धिरसमृद्धिर्वा स वै पण्डित उच्यते ॥२४॥

जुन व्यक्तिले गरेको कामलाई चीसो, तातो, डर र प्रेम वासना, वैभव, दीनता आदिले बाधा पुऱ्याउन सक्दैनन् त्यस्तो व्यक्तिलाई पण्डित भनिन्छ ।

यस्य संसारिणी प्रज्ञा धर्मार्थावनुवर्तते ॥
कावदर्थ घृणीते यः स वै पण्डित उच्यते ॥२५॥

जसको सार्वजनिक बुद्धि धर्म र अर्थ अनुकूल चल्दछ । अनि भोग र स्वार्थी भावनाबाट टाढा रही केवल धर्म अनुकूल नियमहरूलाई पालना गर्दछ । त्यसपछि पुरुषार्थ गर्नतर्फ लाग्दछ उही मानिस पण्डित कहिन्छ ।

यथाशक्ति चिकीर्षन्ति यथाशक्ति च कुर्वते ॥
न किंचिदवमन्यन्ते नराः पण्डितबुद्धयः ॥२६॥

जसले आफ्नो गच्छे र क्षमताअनुसार काम गर्न जान्दछन् अनि तदनुसार काम पनि गर्दछन् । जसले अरू कसैको पनि अपमान गर्दैनन् तिनै मानिसलाई ज्ञानी भनिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षिप्रं विजानाति चिरं-शृणोति विज्ञाय चार्थं भजते न कामान् ॥
नासम्पृष्टोव्यूपयुङ्क्ते परार्थे तत् प्रज्ञानं प्रथमं पण्डितस्य ॥२७॥

विद्वान् पुरुषले कुनै पनि विषयलाई धेरैबेरसम्म सुनिरहन्छ। अनि छिट्टै नै अवगत गर्दछ अर्थात् बुझ्दछ सम्झन्छ पनि। सम्झिएपछि आफ्नो कर्तव्यबुद्धिद्वारा पुरुषार्थतर्फ प्रवृत्त रहन्छ, आफ्नो इच्छाले होइन सोध खोजखबर अरूले नगरेसम्म अन्यजनको बारेमा व्यर्थै पनि कुराकानी गर्दैनन्। यिनै स्वभावहरूले पण्डितको परिचय दिन्छन्।

नाप्राप्यमभिवाञ्छन्ति नष्टं नेच्छन्ति शोचितुम् ॥
आपत्सु च न मुह्यन्ति नराः पण्डितबुद्धयः ॥२८॥

दुर्लभ अप्राप्य वस्तुलाई पाउँछु भन्ने लालसा (इच्छा) राख्दैनन्। हराइसकेको र नोक्सान भईसकेको वस्तुबारे शोक पीर गर्न पनि रुचाउँदैनन्, आपत विपत पर्दा पनि हडबडाउँदैनन्। यस किसिमका मानिस नै पण्डित हुन्।

निश्चित्य यः प्रक्रमते नान्तर्वसति कर्मणः ॥
अवन्ध्यकालो वश्यात्मा स वै पण्डित उच्यते ॥२९॥

पण्डितले सबैभन्दा पहिले काम गर्ने भन्ने अठोट गर्दछ, अनि काम गर्न पनि शुरु गर्दछ। सुरु गरेको कामलाई बीचमै रोक्दैन, समयलाई पनि व्यर्थै खेर फाल्दैन, अनि आत्मनियन्त्रणसमेत गर्दछ।

आर्यकर्माणि रज्यन्ते भूतिकर्माणि कुर्वते ॥
हितं च नाभ्यसूयन्ति पण्डिता भरतर्षभ ॥३०॥

हे धृतराष्ट्र ! पण्डितहरू असल काम गर्नेतर्फ रुचि राख्दछन्। राम्रो र उन्नति हुनेखालका कामहरू गर्दछन्। अरूलाई भलो हुने कार्यमा टाङ्ग अडाउँदैनन्।

न हृस्यत्यात्मसम्माने नावमानेन तप्यते ॥
नाङ्गो ह्रद इवाक्षोभ्यो यः स पण्डित उच्यते ॥३१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसले आफूलाई आदर सम्मान हुँदावखत हर्षविभोर भई ज्यादै मख्ख परेको दर्शाउँदैन अर्थात् आत्मसम्मानमा विशेष प्रशन्न नहुने आत्मगौरव नठान्ने र अनादर हुँदा पनि संतप्त नहुने वा अपमानित हुँदा पनि रिस इवी नगर्ने गंगा र समुद्र समान शान्त रहिरहनेलाई पण्डित भनिन्छ।

तत्त्वज्ञः सर्वभूतानां योगज्ञः सर्वकर्मणाम् ॥
उपायज्ञो मनुष्याणां नरः पण्डित उच्यते ॥३२॥

सम्पूर्ण भौतिक पदार्थबारे यथार्थ कुरा जान्ने सबै काम गर्ने तौरतरिका थाहा पाएको अरू मानिसहरूभन्दा कार्यसिद्धिका उपायहरू बढी मात्रामा जान्ने मानिस पण्डित हो।

प्रवृत्तवाक्-चित्रकथ ऊहवान् प्रतिभानवान् ॥
आशु ग्रन्थस्य वक्त च यः स पण्डित उच्यते ॥३३॥

धारा प्रवाहसँग बोल्न सक्ने, विचित्र ढङ्गले कुराकानी छलफल गर्न सक्ने, तर्कशक्ति भएको प्रतिभा सम्पन्न अनेक ग्रन्थहरूको उदाहरण दिँदै कुरा गर्न सिपालु व्यक्ति पण्डित कहलाइन्छ।

श्रुतं प्रज्ञानुगं यस्य प्रज्ञा चैव श्रुतानुगा ॥
असम्भिन्नार्यमर्यादः पण्डिताख्यां नभेत सः ॥३४॥

जसको विद्याले बुद्धिको अनुसरण गर्दछ, बुद्धिले पनि विद्या र शिष्ट पुरुषहरूको मर्यादालाई उल्लङ्घन गर्दैन, उसले नै पण्डित भन्ने संज्ञा पाएको हुन्छ।

अश्रुतश्च समुन्नद्धो दरिद्रश्च महामनाः ॥
अर्थांश्चाकर्मणः प्रेप्सुर्मूढ इत्युच्यते बुधैः ॥३५॥

मूर्खले पढ्नु, खेल्नु अर्थात् विनाअध्ययनमा नै गर्व गर्दछ, गरीब हुँदाहुँदै पनि ठूला ठूला चाहना (हवामहल) राख्तछ, मिहेनत नै नगरी धन आर्जन गर्ने इच्छा गर्दछ भनी विद्वान्हरूले मूर्ख मानिसको परिभाषा गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वमर्थं यः परित्यज्य परार्थमनुतिष्ठतिः ॥
मिथ्या चरित मित्रार्थे यश्च मूढः स उच्यते ॥३६॥

आफूले गर्नुपर्ने काम भने नगरेर अरूले गर्ने काम गर्दछ तथा (मित्र) साथीसँग मिथ्या (गलत) व्यवहार गर्दछ ऊ नै मूर्ख कहलाइएको छ ।

अकामान् कामयति यः कामयानान् परित्यजेत् ॥
बलवन्तं च यो द्वेष्टि तमाहुर्मूढचेतसम् ॥३७॥

आफूलाई जसले मन पराउँदैन उसलाई मन पराउने र आफूउपर चाहना राख्नेलाई त्यागि दिने आफूभन्दा बलियोसँग वैरभाव गर्ने व्यक्तिलाई मूर्ख व्यक्ति भन्ने ठानिन्छ ।

अमित्रं कुरुते मित्रं मित्रं द्वेष्टि हिनस्ति च ॥
कर्म चारभते दुष्टं तमाहुर्मूढचेतसम् ॥३८॥

शत्रुलाई मित्र बनाउने तथा मित्रसँग वैरभाव राख्दै कष्ट पुऱ्याउने सधैंभर खराब कामको थालनी गर्ने व्यक्तिलाई मूर्खबुद्धि भएको मानिन्छ ।

संसारयति कृत्यानि सर्वत्र विचिकित्सते ॥
चिरं करोति क्षिप्रार्थे स मूढो भरतर्षभ ॥३९॥

आफूले गर्नुपर्ने काम आफैंले नगरेर नोकर चाकरलाई सुम्पन्छ । अनि अरूलाई विश्वास पनि गर्दैन छिटो सम्पन्न हुन सक्ने कामलाई नचाहिँदो ढिलाइ गर्दछ भने त्यस्तोलाई मूर्ख ठान्नुपर्दछ ।

श्राद्धं पितृभ्यो न ददाति दैवतानि न चार्चति ॥
सुहृन्मित्रं न लभते तमाहुर्मूढचेतसम् ॥४०॥

जसले पितृको श्राद्ध गर्दैन, अनि देवताहरूको पूजा अर्चना पनि गर्दैन । साथी र इष्टमित्र पनि पाउन सकेको छैन भने त्यस्तालाई मूर्खबुद्धि भएको मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनाहूतः प्रविशति अपृष्टो बहु भाषते ॥
अविश्वस्ते विश्वसिति मूढचेता नराधमः ॥४१॥

मूर्ख वा अधम मान्छे नबोलाएर नै भित्र पस्तछ। नसोद्धा नै वढी बोल्दछ। अनि विश्वास गर्न नहुनेलाई पनि विश्वास गर्न पुग्दछ।

परं क्षिपति दोषेण वर्तमानः स्वयं तथा ॥
यश्च क्रुद्धत्यनीशानः स च मूढतमो नरः ॥४२॥

आफू स्वयम्ले बदमासी गरेर पनि अरूले बदमासी गऱ्यो भन्ने आक्षेप जसले लगाउने गर्दछ, अनि आफू असमर्थ हुँदाहुँदै पनि व्यर्थैमा डाहा वा रिस गर्छ भने त्यस्तो मान्छे महामूर्ख हो।

आत्मनो बलमज्ञाय, धर्मार्थपरिवर्णितम् ॥
अलभ्यमिच्छन् नैष्कर्म्यान्मूढबुद्धिरिहोच्यते ॥४३॥

आफू कति बलियो हुँ भन्ने विचारै नगरेर धर्मार्थ विपरीत पाउन योग्य नभएको चिज पाउन लालायित हुने व्यक्ति संसारमा मूढबुद्धि कहलाइएको छ।

अशिष्यं शास्ति यो राजन् यश्च शून्यमुपासते ॥
कदर्यं भजते यश्च तमाहुर्मूढचेतसम् ॥४४॥

उपदेश प्राप्त गर्न अयोग्य भएको व्यक्तिलाई आदेश दिन खोज्ने शून्य (हुँदै नभएको वस्तु) को उपासना (ध्यान) गर्ने कञ्जुस मानिसमा आश्रित रहने व्यक्तिलाई मूर्खबुद्धि भएको मानिन्छ।

अर्थं महान्तमासाद्य विद्यामैश्वर्यमेव वा ॥
विचरत्यसमुन्नद्धो यः स पण्डित उच्यते ॥४५॥

जो मान्छे अत्यधिक मात्रामा विद्या र सम्पत्ति प्राप्त गर्दा पनि उद्दण्ड हुँदैन, त्यसलाई पण्डित भनिन्छ।

एकः सम्पन्नमश्नाति वस्ते वासश्च शोभनम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योऽसंविभज्य भृत्येभ्यः को नृशंसतरस्ततः ॥४६॥

जो मानिस आफूले पालनपोषण गर्नुपर्ने व्यक्तिलाई नवाँडेर अर्थात् भाग नलगाएर आफूले मात्रै मीठो चोखो खाने कुरा खान्छ, राम्रो लुगा लगाउने गर्छ त्योभन्दा बढ्ता क्रूर र पापी अरू कोही हुँदैन ।

एकः पापानि कुरुते फलं भुङ्क्ते महाजनः ॥
भोक्तारो विप्रमुच्यन्ते कर्ता दोषेण लिप्यते ॥४७॥

मनुष्य एक्लैले पाप गरेरै भए पनि कमाएको धनलाई अरू धेरैले उपभोग गर्दछन् । उपभोग गर्नेहरू त दोषमुक्त भइहाल्छन्, तर पाप गरी गरी धन आर्जन गर्ने व्यक्ति (कर्ता) भने दोषभागी नै हुन्छ ।

एकं हन्यान्न वा हन्यादिषुर्मुक्तो धनुष्मता ॥
बुद्धिर्बुद्धिमतोत्सृष्टा हन्याद् राष्ट्रं सराजकम् ॥४८॥

धनुर्धारीले प्रहार गरेको वाणले एकजनालाई मार्न पनि सक्छ, नमार्न पनि सक्छ, तर बुद्धिमान् पुरुषले लडाएको बुद्धिले भने राजाका साथै सम्पूर्ण राष्ट्रलाई नै नष्ट पार्न सक्दछ ।

एकया द्वे विनिश्चित्य त्रींश्चतुर्भिर्वशे कुरु ॥
पञ्च जित्वा विदित्वा षट् सप्त हित्वा सुखी भव ॥४९॥

एउटै (बुद्धि) ले दुई (कर्तव्य अनि अकर्तव्य) के हो भन्ने छुट्याएर (पहिल्याएर) चार (साम, दान, दण्ड, भेद) द्वारा तीन (शत्रु, मित्र र तटस्थ) लाई आफ्नो वशमा राखोस् । पाँचवटै इन्द्रिय (नाक, कान, मुख, आँखा, छाला) लाई जितेर ६ वटा (सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, समाश्रय) गुणबारे जानकारी राख्दै स्त्री, जुवा, सिकार, मदिरा, रूखो बोली, कठोर दण्ड र अन्यायको कमाइ आदि सातवटा कुरा परित्याग गरी सुखी बन्नुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकं विषरसो हन्ति शस्त्रेनैकश्च बध्यते ॥
सराष्ट्रं सप्रजं हन्ति राजानं मन्त्रविप्लवः ॥५०॥

विप पिउने एक्लै नै मर्दछ, हतियारले पनि एउटालाई मात्र मार्दछ। राष्ट्रियस्तरको गोपनीयता (सुराग) प्रकट हुन गएमा राष्ट्र, जनता र सत्ताधारीहरूसमेत सवैलाई विनाश गर्दछ।

एकः स्वादु न भुञ्जीत एकश्चार्थान्न चिन्तयेत् ॥
एको न गच्छेदध्वानं नैकः सुप्तेषु जागृयात् ॥५१॥

मीठो खाने कुरा पनि आफू एक्लैले नखाओस्, कुनै पनि विषय वस्तुको निर्णय गर्दा एक्लै नगरोस् (मेरो गोरुको वाह्रै टक्का नगरोस्), एक्लै बाटो नहिंडोस्, सवैजना निदाइरहेको ठाउँमा आफू एक्लै जागराम बस्ने नगरोस्।

एकमेवाद्वितीयं तद् यद् राजन्नावबुध्यसे ॥
सत्यं स्वर्गस्य सोपानं पारावारस्य नौरिव ॥५२॥

हे राजन् (धृतराष्ट्र) समुद्र तर्ने साधन डुङ्गा या जहाज एउटा मात्र हुन्छ। स्वर्ग चढ्ने पनि सत्य नै एकमात्र सोपान (भरेङ्) हो। अरू कुनै चीज छैनन् तर तपाईं भने यो कुरालाई किन बुझिरहनुभएको छैन ?

एकः क्षमावतां दोषो द्वितीयो नोपपद्यते ॥
यदेनं क्षमया युक्तमशक्तं मन्यते जनः ॥५३॥

सहनशील मानिसमा एउटै मात्र दोष छ भनी अरूहरूले मात्र देखे भनेका छन्, अरूहरूको दृष्टिमा क्षमाशील व्यक्ति कमजोर वा दुर्वल मानिएको छ।

सोऽस्य दोषे न मन्तव्यः क्षमा हि परमं बलम् ॥
क्षमा गुणो ह्यसक्तानां सक्तानां भूषणं क्षमा ॥५४॥

क्षमाशील मनुष्यलाई अरूद्वारा लगाइएको कमजोर वा असमर्थ भन्ने दोषारोप ठीक होइन वरु सहनशीलता उसको ठूलो वल हो। क्षमा भन्ने वस्तु असमर्थ मान्छेको गुण र समर्थवान्हरूको भूषण हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्षमा बशीकृतिर्लोके क्षमया किं न साध्यते ॥
शान्तिखड्गः करे यस्य किं करिष्यति दुर्जनः ॥५५॥

यस संसारमा सहनशीलता नै वेशीकरणको रूप हो । क्षमा गरिसकेपछि के नै कुरा सफल हुँदैन र ? जुन मान्छेको हातमा शान्तिरूपी तरबार छ भने दुष्ट मानिसहरूले उसको के नै बिगार गर्न सक्लान् र ?

अतृणे पतितो बन्हिः स्वयमेवोपशाम्यति ॥
अक्षमावान् परं दोषैरात्मानं चैव योजयेत् ॥५६॥

सुकेको घाँस र पराल नभएको ठाउँमा आगो खस्न गएपछि आफैं निभ्न जान्छ । क्षमाहीन असहनशील मानिसले आफू स्वयम्लाई र अरू सबैलाई समेत दोषभागी बनाउँदछ ।

एको धर्मः परं श्रेयः क्षमैका शान्तिरुत्तमा ॥
विद्यैका परमा तृप्तिरहिंसैका सुखावहा ॥५७॥

धर्म नै एक यस्तो चीज हो, जसले सर्वोत्तम कल्याण गर्दछ । क्षमा भन्ने एकमात्र वस्तु छ जो सदैव शान्तिदायिनी हुन्छ । विद्या नै एक वृत्तिकारिणी हो भने अहिंसा एउटै मात्रले पनि सुख दिने गर्दछ अर्थात् सहनशील (क्षमावान्) पुरुष सदैव शान्त रहन्छ । विद्वान् व्यक्ति सन्तुष्ट रहिरहन्छ । अहिंसक मानिस सदा सुखी हुन्छ ।

द्वाविमौ ग्रसते भूमिः सर्पो विलशयानिव ॥
राजानं चाविरोद्धारं ब्राह्मण चाप्रवासिनम् ॥५८॥

प्वालभित्र बसिरहने जीवलाई जसरी सर्पले खाइदिन्छ । त्यसरी नै पृथ्वीले पनि शत्रुहरूको सामना (विरोध) नगर्ने राजालाई र परदेश भ्रमण नगर्ने ब्राह्मण वा सन्न्यासीलाई पृथ्वीले निलेसरह ठानिन्छ । अर्थात् यस किसिमका मानिसको पतन यथाशीघ्र हुने गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वे कर्मणी नरः कुर्वन्नस्मिंल्लोके विरोचते ॥
अब्रुवन् पुरुषं किंचिदसतोऽनर्चयंस्तथा ॥५९॥

कत्ति पनि कडा नवोल्ने र दुष्ट व्यक्तिलाई वास्ता (आदर) नगर्ने यी दुई काम गर्ने मानिसले नै यस संसारमा शोभा पाउँदछ ।

द्वाविमौ पुरुषाव्याघ्र परप्रत्यकारिणौ ॥
स्त्रियः कामितकामिन्यो लोकः पूजितपूजकः ॥६०॥

अर्को स्त्रीले मन पराएको पुरुषलाई मन पराउने स्त्रीहरू तथा अरूद्वारा पूजित मनुष्यलाई आदर गर्ने पुरुषहरू यी दुवैखाले व्यक्तिले अन्य मानिसलाई विश्वास गर्दै जीवनापन गर्ने गर्दछन् ।

द्वाविमौ कण्टकौ तीक्ष्णौ शरीरपरिशोषिणौ ॥
यश्चाधनः कामयते यश्च कुप्यत्यनीश्वरः ॥६१॥

गरीवले वहुमूल्य वस्तु पाउने इच्छा गर्नु र असमर्थ दुर्वलले क्रोध गर्नु यी दुवै तीखा काँडा समान छन्, जसले शरीरलाई सुकाउने काम गर्दछन् ।

द्वावेव न विराजेते विपरीतेन कर्मणा ।
गृहस्थश्च निरारम्भः कार्यवाश्चैव भिक्षुकः ॥६२॥

अकर्मण्य वा उदासीन स्वभाव भएको गृहस्थ व्यक्ति र माया ममतामा बाधिने सन्न्यासी यी दुवैले शोभा पाउँदैनन् ।

द्वाविमौ पुरुषौ राजन् स्वर्गस्योपरि तिष्ठतः ॥
प्रभुश्च क्षमया युक्तो दरिद्रश्च प्रदानवान् ॥६३॥

शक्तिशाली भएर पनि क्षमावान् रहने अनि निर्धन भइकन पनि दान दिन खोज्ने यी दुवैथरी मानिसको स्थान स्वर्गभन्दा उच्च छ ।

न्याय्यागतस्य द्रव्यस्य बोद्धव्यौ द्वावतिक्रमौ ॥
अपात्रे प्रतिपत्तिश्च पात्रे चाप्रतिपादनम् ॥६४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्पात्रलाई नदिई कुपात्रलाई दान गर्नु यी दुवैका कुरा न्यायपूर्ण तरिकाद्वारा कमाइएको धनलाई दुरुपयोग गरे समान हुन्।

द्वावम्भसि निवेष्टव्यौ गले बध्वा दृढां शिलाम् ॥
धनवन्तमादातारं दरिद्रं चातपस्विनम् ॥६५॥

गऱ्हुँगो ढुङ्गोलाई घाँटीमा बाँधेर पानीमा डुबाइदिन योग्य दुई किसिमका मानिस हुन्छन्। जो धनी भईकन कञ्जुस हुने र गरीब भएर दुःख सहन नसक्ने। अर्थात् धनवान्ले दानी हुनैपर्ने र दुःखीले सहिष्णु वन्नु जरुरी ठानिएको छ।

द्वाविमौ पुरुषाव्याघ्र सूर्यमण्डल भेदिनौ ॥
परिव्राड् योगयुक्तश्च रणे चाभिमुखो हतः ॥६६॥

योगयुक्त सन्न्यासी र युद्धमा शत्रुसँग लड्दालड्दै वीरगति प्राप्त गर्ने लडाका यी दुवै सौर्यमण्डललाई छेडेर उर्ध्वगतिमा पुग्ने श्रेष्ठ पुरुष ठानिएका छन्।

त्रयो न्याया मनुष्याणां श्रूयन्ते भरतर्षभ ॥
कनीयान्मध्यमः श्रेष्ठ इति वेदविदो विदु : ॥६७॥

मानिसको सफलताका निमित्त उत्तम, मध्यम, अधम यी तीन प्रकारका न्यायअनुकूल उपायहरू हुन्छन् भनी वेदवेता विद्वजन्हरूले भन्ने गरेका छन्।

त्रिविधाः पुरुषा राजन्नुत्तमाधमध्यममाः ॥
नियोजयेद् यथावत् तांस्त्रिविधेष्वेव कर्मसु ॥६८॥

उत्तम, मध्यम, अधम तीन प्रकारका पुरुष हुन्छन्। यिनीहरूलाई यथायोग्य तीन प्रकारकै काममा लगाउनुपर्दछ।

त्रय एवाधना राजन् भार्या दासस्तथा सुतः ॥
यत्ते समधिगच्छन्ति यस्य ते तस्य तद्धनम् ॥६९॥

हे राजन्! स्त्री, छोरा र नोकर यी तीनजना धनहीन हुन्छन्। यिनीहरू आफैं धन आर्जन नगरेर उत्तराधिकारीमा नै धनपद प्राप्त गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरणं च परस्वानां परदाराधिमर्शनम् ॥
सुहृदश्च परित्यागस्त्रयो दोषाः क्षयावहाः ॥७०॥

अर्काको धन हरण गर्नु, परस्त्रीसँग संसर्ग गर्नु, साथीभाइहरूलाई त्याग गर्नु यी तीनवटै कुराले मानिसको आयु, धर्म र कीर्तिलाई क्षय गर्दछन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ॥
कामः क्रोधस्तथालोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥७१॥

काम, क्रोध र लोभ यी तीनवटै नरकका ढोका हुन् । यिनले आत्मालाई कलङ्कित पार्दछन् । यी तीनवटैको त्याग गर्नु आवश्यक छ । सज्जन मानिसले यिनलाई त्यागिदिन्छन् ।

वरप्रदानं राज्यं च पुत्रजन्म च भारत ॥
शत्रोश्च मोक्षणं कृच्छात् त्रीणि चैकं च तत्समम् ॥७२॥

वरदान पाउनु, राज्य पाउनु र पुत्रजन्म हुनु यी तीन कुरा एकतर्फ र शत्रुद्वारा हुनसक्ने कष्टवाट मुक्ति पाउनु अर्कोतर्फ यी दुवैतर्फका कुराहरू अर्थात् तीनैकुरा र एकैकुरा समान नै हुन्छन् । तसर्थ शत्रुवाट हुने सम्भाव्य कष्टलाई मानिसले प्राथमिकतापूर्वक टार्दै जानुपर्दछ ।

भक्तं च यजमानं च तवास्मीति च वादिनम् ॥
त्रीनेताभ्छरणं प्राप्तान् विषमेऽपि न संत्यजेत् ॥७३॥

भक्त, सेवक तथा म तपाईंकै मान्छे हुँ भनी शरणमा पर्न आउने मान्छेलाई आफूलाई जस्तोसुकै सङ्कट आइपर्ने नै भए पनि नत्यागोस् ।

चत्वारि राज्ञा तु महाबलेन
वर्ज्यान्याहुः पण्डितास्तानि विद्यात् ॥
अल्पप्रज्ञैः सह मन्त्रं न कुर्या-
न्न दीर्घसूत्रै रभसैश्चारणैश्च ॥७४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कम (थोरै) बुद्धि भएका, धेरै समयसम्म सुतिरहने, हडवडे, चाटुकार वा चापलुसे मानिसहरूसँग गोप्य सल्लाह गर्नुहुँदैन। महावली राजाहरूले (सत्ताधारीहरूले) यी चारैवटालाई त्यागिदिनुपर्छ। विद्वान् मान्छेले यिनीहरूलाई समयमै पहिचान गरोस् अथवा चिन्न सकोस्।

चत्वारि ते तात गृहे वसन्तु
श्रियाग्नि-जुष्टस्य गृहस्थधर्मे ॥
वृद्धो ज्ञातिरवसन्नः कुलीन
सखा दरिद्रो भगिनी चानपत्या ॥७५॥

धनीमानी गृहस्थी व्यक्तिको घरमा सधैं चार किसिमका मनुष्य रहनु जरुरी हुन्छ। आफ्नो कुटुम्बको बूढोपाको व्यक्ति, विपद्मा परेको उच्च घरानियाँ मान्छे, धनहीन साथी र निःसन्तान बहिनी।

वत्वार्याह महाराज साद्यस्कानि वृहस्पतिः ॥
पृच्छते त्रिदशेन्द्राय तानीमानि निबोध मे ॥७६॥

देवेन्द्रले सोधेपछि वृहस्पतिले तुरुन्त फलदायी छन् भनी जुन चार कुरा भनेका थिए ती म भन्दछु तपाईं सुन्नहोस् :

देवतानां च सङ्कल्पमनुभावं च धीमताम् ॥
विनयं कृतविद्यानां विनाशं पापकर्मणाम् ॥७७॥

देवताहरूको सङ्कल्प, बुद्धिमान्हरूको प्रभाव, विद्वान्हरूमा नम्रता अनि पापीहरूको विनाश यी चार विषय तुरुन्त फलदायी छन्।

चत्वारिकर्माण्यभयङ्कराणि
भयं प्रयच्छन्त्ययथाकृतानि ॥
मानाग्निहोत्रमुत मानमौनं
मानेनाधीतमुत मानयज्ञः ॥७८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चारवटा काम गरेपछि डर (भय) नष्ट हुन्छ तर यी चारवटै काम राम्री गरिएनन् भने उल्टै डर पैदा गर्दछन् । ती कामहरू हुन्, आदरपूर्वक अग्निहोत्र यज्ञ गर्नु, आदरपूर्वक ध्यान वस्नु, आदर साथ स्वाध्याय र आदरै साथ यज्ञको अनुष्ठान गर्नु ।

पञ्चाग्नयो मनुष्येण परिचर्याः प्रयत्नतः ॥
पिता मातागिनिरात्मा च गुरुश्च भरतर्षभ ॥७९॥

पिता (वावु), माता (आमा), आगो, आत्मा र गुरु यी पाँचलाई पञ्चाग्नि भनिन्छ । वडो यत्नपूर्वक यी पञ्चाग्निहरूको सेवा मानिसले गर्दैरहनुपर्दछ ।

पञ्चैव पूजयल्लोके यशः प्राप्नोति केवलम् ॥
देवान् पितॄन् मनुष्यांश्च भिक्षूनतिथिपञ्चमान् ॥८०॥

देवता, पितृ, मनुष्य, सन्न्यासी, अतिथि यी पाँचजनाको पूजा सत्कार गर्ने मानिसको खुवै कीर्ति फैलिन्छ ।

पञ्च त्वानुगमिष्यन्ति यत्र यत्र गमिष्यसि ॥
मित्राण्यमित्रा मध्यस्था उपजीक्यौपजीविनः ॥८१॥

मानिस जहाँ जान्छ त्यहाँ उसको पछाडि मित्र, शत्रु, उदासीन (मध्यस्थ) आश्रय दिने र आश्रय पाउने व्यक्ति यी पाँचजना लागिरहेका हुन्छन् ।

पञ्चेन्द्रियस्य मर्त्यस्यच्छिद्रं चेदेकमिन्द्रयम् ॥
ततोऽस्या स्तवति प्रज्ञा दृतेः पात्रादिवोदकम् ॥८२॥

मानिसका पाँच ज्ञानेन्द्रिय हुन्छन् । यीमध्ये एउटा मात्र इन्द्रिय प्वाल परेर दोषी भईदिएमा उसको वुद्धि पानि छालाको थैलोमा प्वाल पर्दा त्यसभित्र रहेको पानी चुहिएर निस्किए झैं वाहिर निस्कन थाल्दछ अर्थात् बुद्धिहीन हुन पुग्दछ ।

षड्दोषाः पुरुषेणेह हातव्या भूतिमिच्छता ॥
निद्रा तन्द्रा भयं क्रोध आलस्यं दीर्घसूत्रता ॥८३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो उन्नति चाहने मानिसले निद्रा तन्द्रा (उँघ्नु) डर, रिस, अल्छीपन, धेरैबेरसम्म सुत्ने यी छ बटा दोषहरूलाई त्यागिदिनुपर्दछ ।

षडिमान् पुरुषो जह्याद् भिन्नां नावमिवार्णवे ॥
अप्रवक्तारमाचार्यमनधीयानमृत्विजम् ॥८४॥
अरक्षितारं राजानं भार्यां चाप्रियवादिनीम् ॥
ग्रामकामं च गोपालं वनकामं च नापितम् ॥८५॥

नपढाउने वा उपदेश नदिने गुरु (शिक्षक), मन्त्रोच्चारण नगर्ने हवनकर्ता (याज्ञिक), रक्षा गर्न नसक्ने राजा (शासक), रूखो बोली बोल्ने पत्नी, गाउँघरमा बस्न मन पराउने गोठालो, वनवास गर्न चाहने नाऊ (हजाम) यी ६ किसिमका (गुरु, याज्ञिक, राजा, पत्नी, गोठालो र हजाम) लाई समुद्र यात्रा गर्न भनी तयार गरिएको तर पानी छिर्ने छिद्र (प्वाल) भएको डुङ्गालाई छाडेजस्तै गरी छाडिदेओस् ।

षडेव तु गुणाः पुंसा न हातव्याः कदाचन ॥
सत्यं दानमनालस्यमनसूया क्षमा धृतिः ॥८६॥

सत्यता, दान, कर्मण्यता वा जाँगर अनुसूया (गुणहरूमा दोष औंल्याउने स्वभाव नरहनु) क्षमा र धैर्य यी छ गुणलाई छाड्नुहुँदैन ।

अर्थागमो नित्यमरोगिता च
प्रिया च भार्या प्रियवादिनी च ॥
वश्यश्च पुत्रोऽर्थकरी च विद्या
षड् जीवलोकस्य सुखानि राजन् ॥८७॥

धन कमाउनु, नित्य निरोग रहनु, मीठो बोली बोल्ने मिजासिली पत्नी हुनु, आज्ञा पालक पुत्र (छोरो) रहनु, धनोपार्जन गराउने विद्या पढ्नु यी छ बटा विषय यस मनुष्यलोकमा सुखदायी छन् ।

षण्णामात्मनि नित्यानामैश्वर्यं योऽधिगच्छति ॥
न स पापैः कुतोऽनर्थैर्युज्यते विजितेन्द्रियः ॥८८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा सधैंभरि रहिरहने काम, क्रोध, लोभ, मोह, मद तथा मात्सर्यलाई जसले आफ्नो अधीनमा राख्छ उ जस्तो इन्द्रिय दमन गर्न सक्ने मानिस पापमुक्त भई नै हाल्छ। पापजन्य अरू अनर्थहरूबाट प्रभावित होलान् कि भन्ने कुराको त कुनै प्रश्न नै आउँदैन।

षडिमे षटसु जीवन्ति सप्तमो नोपलभ्यते ॥
चौरा : प्रमत्ते जीवन्ति व्याधितेषु चिकित्सकाः ॥८९॥
प्रमदाः कामयानेषु यजमानेषु याजकाः ॥
राजा विवदमानेषु नित्यं मूर्खेषु पण्डिताः ॥९०॥

छ प्रकारका मानिस छ प्रकारकै पुरुषसँग सम्बन्धित रहेर आफ्नो जीवन यापन गरिरहेका हुन्छन्। यस किसिमसँग अरूको आश्रयमा जीवनयापन गरिरहने कुनै सातौं व्यक्ति संसारमा फेला परेको छैन। यी छ प्रकारका आश्रय लिने व्यक्ति हुन्:

(१) चोरले असावधानसँग (२) वैद्य (चिकित्सक) रोगीसँग (३) कमोन्मत्त युवतीहरू कामीपुरुषहरूसँग (४) पुरोहितले यजमानसँग (५) राजा (प्रशासक) झगडियाहरूसँग (६) विद्वान् मानिसले मूर्खसँग।

षडिमानि विनश्यन्ति मुहूर्तमनवेक्षणात् ॥
गावः सेवा कृषिर्भार्या विद्या वृषलसँगतिः ॥९१॥

मुहूर्त (२ घडि वा ४८ मिनेट) मात्र हेरचाह नगर्दा गाई, सेवा (चाकरी), खेती, पत्नी, विद्या र शूद्र (नीचजातिको मान्छेसँगको मेलजोल) यी छ वटै चीज नष्ट हुन्छन्।

षडेते ह्यवमन्यन्ते नित्यं पूर्वोपकारिणम् ॥
आचार्य शिक्षिताः शिष्याः कृतदाराश्च मातरम् ॥९२॥
नारीं विगतकामास्तु कृतार्थश्च प्रयोजकम् ॥
नावं निस्तीर्णकान्तारा आतुराश्च चिकित्सकम् ॥९३॥

आफूलाई पहिलो उपकार गर्नेलाई निम्नलिखित ६ जनाले सम्मान (वास्ता) गर्दैनन्-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) आफ्नो पढाइ समाप्त भइसकेपछि चेलाले गुरुलाई, (२) विवाह गरेको छोराले आमालाई, (३) कामवासना शान्त भइसकेपछि पुरुषले स्त्रीलाई, (४) काम लिइसकेपछि नोकरलाई, (५) नदीको दुर्गमधार पार गरिसकेपछि डुङ्गालाई, (६) रोगी व्यक्तिले रोग निकोका भइसकेपछि वैद्य वा चिकित्सकलाई ।

आरोग्यमानृण्यमविप्रवासः ॥
सद्भिर्मनुष्यैः सह सम्प्रयोगः ॥
स्वप्रत्यया वृत्तिरभीतवासः ॥
षड्जीवलोकस्य सुखानि राजन् ॥९४॥

निरोगी हुनु, अऋणी हुनु, परदेशमा वास नगर्नु, सज्जन व्यक्तिहरूसँगको सङ्गत गर्न पाउनु, आफ्नै वृत्तिले व्यवहार चलाउन पाउनु, निभर्यपूर्वक वसोवास गर्न पाउनु (अमनचयन रहनु) यी छ वटा विषय मनुष्यलोकका सुख हुन् भन्ने ठानिएका छन् ।

ईर्ष्यी घृणी न सन्तुष्टः क्रोधनी नित्यशङ्कितः ॥
परभाग्योपजीवी च षडेते नित्यदुःखिताः ॥९५॥

डाहा र घृणा गर्ने रिसाहा, असन्तोषी सदैव सशङ्कित रहने तथा अर्काको भाग्यमा जीवनवृत्ति चलाउने खालका यी छ वटै मानिसहरू सदा दुःखी हुन्छन् ।

सप्त दोषाः सदा राज्ञा हातव्या व्यसनोदयाः ॥
प्रायशो यैर्विनश्यन्ति कृतमूला अपीश्वराः ॥९६॥
स्त्रियोऽक्षा मृगया पानं वाक्यपारुष्यं च पञ्चमम् ॥
महच्च दण्डपारुष्यमर्थदूषणमेव च ॥९७॥

स्त्री विषयक आसक्ति अर्थात् स्त्री लम्पट हुनु, जुवा, सिकार, मद्यपान, रूखो बोली, ज्यादै नै कठोर दण्ड दिनु, धनलाई जथाभावी गरेर खर्च गर्दै दुरुपयोग गर्नु यी सातवटैवाट सदाका लागि राजा (शासक) ले त्यागिदिनुपर्दछ । यी चीजहरूले जरा गाडिसकेपछि जतिसुकै ठूलो राजा (सर्वशक्तिमान्) पनि प्रायः नष्ट भई नै हाल्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टौ पूर्वनिमित्तानि नरस्य विनशिष्यतः ॥
ब्राह्मणान् प्रथमं द्वेष्टि ब्राह्मणैश्च विरुध्यते ॥९८॥
ब्राह्मणास्वानी चादत्ते ब्राह्मणांश्च जिघांसति ॥
रमसे निन्दया चैषां प्रशंसां नाभिनन्दति ॥९९॥
नैनान् स्मरति कृत्येषु याचितश्चाभ्यसूयति ॥
एतान् दोषान्तरः प्राज्ञो बुध्येद् बुद्ध्वा विसर्जयेत् ॥१००॥

विनाशको संघारमा पुग्नलागेका मानिसका निम्न आठ लक्षण हुन्छन्:-

(१) उसले ब्राह्मणको रिस गर्न थाल्दछ। (२) ब्राह्मणविरोधी हुन्छ। (३) ब्राह्मणको धन हडप गर्छ। (४) ब्राह्मणलाई मार्न खोज्छ (५) ब्राह्मणहरूको निन्दा गर्दा आनन्दित हुन्छ। (६) ब्राह्मणको प्रशंसा सुन्न चाहँदैन। (७) यज्ञ याज्ञादि कार्य गर्दाबखत ब्राह्मणलाई सम्झँदैन। (८) कुनै कुरा माग गर्दा खोट लगाउन खोज्छ। यी सबै दोषबारे बुद्धिमान् मानिसले ज्ञात गरोस् र यी दोषहरूको परित्यागसमेत गरोस्।

अष्टाविमानि हर्षस्य नवनीतानि भारत ॥
वर्तमानानि दृश्यन्ते तान्येव स्वसुखान्यपि ॥१०१॥
समागमश्च सखिभिर्महांश्चैव धनागमः ॥
पुत्रेण च परिष्वङ्ग. संनिपातश्च मैथुने ॥१०२॥
समये च प्रियालापः स्वयूथ्येषु समुन्नतिः ॥
अभिप्रेतस्य लाभश्च पूजा च जन संसदि ॥१०३॥

(१) मित्र मिलन, (२) प्रचुर मात्रामा धनलाभ, (३) छोरासँग आलिङ्गन, (४) दुवैजना तृप्त हुने गरी मैथुन गर्न पाउनु, (५) समय आउँदा मीठो बोली बोल्नु, (६) स्वजन वर्गको प्रगति, (७) अभिष्ट चिजको प्राप्ति, (८) समाजमा सम्मान प्राप्त गर्नु यी आठ चिज सुखका साधन हुन्।

अष्टाँक गुणाः पुरुषं दीपयन्ति ।
प्रज्ञा च कौल्यं च दमः श्रुतं च ॥
पराक्रमश्चाबहुभाषिता च ।
दानं यथाशक्ति कृतज्ञता च ॥१०४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि, कुलीनता, इन्द्रिय निग्रह, शास्त्रज्ञान, पराक्रम, धेरै बोलिनरहने अल्पभाषी, यथाशक्ति दान गर्दैरहने, कृतज्ञता यी आठ गुणले मनुष्यलाई प्रख्यात गराउँदछ ।

नवद्वारमिद बेइमानं त्रिस्थूणं पञ्चसाक्षिकम् ॥
क्षेत्रज्ञाधिष्ठितं विद्वान् यो वेद स परः कविः ॥१०५॥

आँखा, कान, नाक आदि नौवटा ढोका भएको, सत्व, रज, तम तीन गुण खम्वा समान ठडिएको, पाँच ज्ञानेन्द्रिय साक्षी समान् भई सांसारिक विषयभोग गर्ने गरिन्छ । आत्माको निवासस्थान भएको यस शरीररूपी गृहत्तत्त्ववारे जानकारी राख्ने पुरुष नै महाज्ञानी हो ।

दश धर्म न जानन्ति धृतराष्ट्र निबोध तान् ॥
मत्तः प्रमत्त उन्मत्तः श्रान्तः क्रुद्धो बुभुक्षितः ॥१०६॥
त्वरमाणश्च लुब्धश्च भीतः कामी च ते दश ॥
तस्मादेतेषु सर्वेषु न प्रसज्जेत पण्डितः ॥१०७॥

नशा लागेको मतवाला (जँड्याहा), असावधान, बौलाहा, थाकेको, रिसाहा, भोको, हडवडे, लोभी, डरपोक वा डराएको, कामोन्मत्त यी दस किसिमका मानिससँग विद्वान् मानिस आसक्त नरहोस् (सङ्गत नगरोस्) ।

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ॥
पुत्रार्थमसुरेन्द्रेण गीतं चैव सुधन्वना ॥१०८॥

असूरहरूका राजा प्रल्हादले सुधन्वाद्वारा आफ्ना छोराहरूलाई केही उपदेश दिलाएका थिए । नीतिज्ञहरू उही पुरानो इतिहासलाई उदाहरण दिने गर्दछन् ।

यः काममन्यू प्रजहाति राजा
पात्रे प्रतिष्ठापयते धनं च ॥
विशेषविच्छ्रुतवान् क्षिप्रकारी
तं सर्वलोकः कुरुते प्रमाणम् ॥१०९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन राजाले (उच्च व्यक्तिले) काम क्रोधलाई त्याग गरी सत्पात्रलाई धन दिने गर्दछ, विशेषज्ञ पनि छ, शास्त्रज्ञ छ, अनि कर्तव्यको पनि शीघ्र पालना गर्दछ, उसको व्यवहार र बोलीलाई सबैले प्रामाणिक ठान्दछन् ।

जानाति विश्वासयितुं मनुष्यान् ।
विज्ञातदोषेषु दधाति दण्डम् ॥
जानाति मात्रां च तथा क्षमां च ।
तं तादृशं श्रीर्जुषते समग्रा ॥११०॥

मानिसहरूमा आफूप्रति विश्वास पैदा गराउन सक्ने, अपराध प्रमाणित भइसकेको व्यक्तिलाई मात्र दण्ड सजाय गर्ने, सजाय गर्दा पनि न्यूनाधिक मात्रा र क्षमाको उपयोग जान्ने यी गुणहरूले युक्त भएका राजा (शासक) लाई सम्पूर्ण ऐश्वर्य स्वतः प्राप्त हुने गर्दछ ।

सुदुर्बलं नावजानाति किंचिद् ।
युक्तो रिपुं सेवते बुद्धिपूर्वम् ॥
न विग्रहं रोचयते अलस्यैः ।
काले च यो विक्रमते स धीरः ॥१११॥

कमजोर मानिसलाई अपमान नगर्ने, सधैं भरि सावधानीपूर्वक रहेर शत्रुसँग बुद्धिमानी साथ व्यवहार गर्ने, वलियाहरूसँग लड्न नचाहने एवम् परिआएका बखत आफ्नो बहादुरी देखाउन सक्ने मानिस 'धीर' पुरुष कहिन्छ ।

प्राप्यापदं न व्यथते कदाचि
दुद्योगमन्विच्छति चाप्रमत्तः ॥
दुःखं च काले सहते महात्मा
धुरन्धरस्तस्य जिताः सपत्नाः ॥११२॥

आपद्-विपद् पर्दा दुःख नमान्ने, सावधानीपूर्वक उद्योग सञ्चालन गर्ने र समयमा दुःखलाई सहन सक्ने श्रेष्ठ मानिस हो । यिनीहरूसँग शत्रुहरू पनि स्वतः पराजित हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनर्थकं विप्रवासं गृहेभ्यः
पापैः सन्धिं परदाराभिमर्शम् ॥
दम्भं स्तैन्यं पैशुनं मद्यपानं
न सेवते यश्च सुखी सदैव ॥११३॥

आफ्नो घर छोडेर निरर्थक रूपले बाहिर अलमल गर्ने, पापी मानिसहरूसँग मेलजोल बढाउने, परस्त्री गमन गर्ने, कपटी वा अरूलाई ठग्न खोज्ने, चोर, छिद्रान्वेषी, जँड्याहा आदि दुर्गुण नहुनेहरू सधैं भरि सुखी हुन्छन् ।

न संरम्भेणारभते त्रिवर्ग-
माकारितः शंसति तत्त्वमेव ॥
न मित्रार्थे रोचयते विवादं
नापूजितः कुप्यति चाप्यमूढः ॥११४॥
न योऽभ्यसूयत्यनुकम्पते च
न दुर्बलः प्रातिभाव्यं करोति ॥
नात्याह किंचित्क्षमते विवादं
सर्वत्र तादृग् लभते प्रशंसाम् ॥११५॥

झोक्किएर एवम् उत्ताउलो भइ आवेशमा आएर धर्म अर्थ, कामजस्ता कार्यको सुरुवातै गर्दैन, सोधिएका कुराको सही वा यथार्थ जवाफ दिने, मित्रजनहरूसँग सम्पत्तिको विषयमा झगडा नगर्ने, आफूलाई कसैले उपेक्षा नै गरे पनि क्रोध नदेखाउने, विवेकीपन नछाड्ने अनि अरूको दोष नदेख्ने तथा परनिन्दा नगर्ने, सबैलाई दया गर्ने अर्को व्यक्ति कमजोर छ भन्ने बुझेर पनि विरोध नगर्ने, आवश्यकताभन्दा बढी नबोल्ने विवादलाई सहन गर्न सक्ने यस किसिमको स्वभाव भएका मानिसहरू सर्वत्र प्रशंसित हुन्छन् ।

यो नोद्धतं कुरुते जातु वेषं
न पौरुषेणापि विकत्थतेऽन्यान् ॥
न मूर्च्छितः कटुकान्याह किंचित्
प्रियं सदा तं कुरुते जनो हि ॥११६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरूहरूलाई नराम्रो लाग्ने (मन नपर्ने) पहिरन नलगाउने, अरूहरूसँग आफ्नो पराक्रमको वखान नगर्ने, ज्यादै रिस उठेको वेलामा पनि कटु वचन नवोल्ने, यस्तो स्वभाव भएको मानिस नै सदैव लोकप्रिय हुन्छ।

न बैरमुद्दीपयति प्रशान्तं
न दर्पमारोहति नास्तमेति ॥
न दुर्गतोऽस्मीति करोत्यकार्यं
तमार्यशीलं परमाहुरार्याः ॥११७॥

जसले निभिसकेका वैरभावको आगोलाई पुनः सल्काउँदैन, घमण्ड गर्दैन, आफूमा दीनता (टीठलाग्दो पन) नदेखाएर 'म आपदमा परेको छु' भन्ने सोचेर अनुचित कार्य गर्दैन यस्तो उत्तम आचरण भएको व्यक्तिलाई समाजका मान्य (पूज्य) जनहरू सर्वश्रेष्ठ भन्दछन्।

न स्वे सुखे वै कुरुते प्रहर्षं
नान्यस्त दुःखे भवति प्रहृष्टः ॥
दत्त्वा न पश्चात् कुरुतेऽनुतापं
स कथ्यते सपुरुषार्यशीलः ॥११८॥

जो मानिस आफ्नो सुखमा ज्यादै प्रशन्न रहँदैन, अरूले दुःख पाएको देख्दा हर्षित हुँदैन, दान दिएपछि पश्चाताप गर्दैन यस किसिमको व्यक्तिलाई सज्जनहरूमा 'सदाचारी' भनिन्छ।

देशाचारान् समयाञ्जाति धर्मान्
बुभूषते यः स परावरज्ञः ॥
स यत्र तत्राभिगतः सदैव
महाजनस्याधिपत्यं करोति ॥११९॥

जुन मनुष्यले विभिन्न देशको चालचलन, समय, जाति र धर्मवारे राम्ररी जानकारी राखेको छ, उसलाई राम्रो-नराम्रो सबैकुरा थाहा हुन्छ। ऊ चौतर्फी जानफकार हुन्छ। ऊ जहाँ-जहाँ जान्छ त्यस्ता ठूला-ठूला जनसमुदायमा आफ्नो प्रभाव छोडेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दम्भं मोहं मत्सरं पापकृत्यं ।
राजद्विष्टं पैशुनं पूगवैरम् ॥
मत्तोन्मत्तैर्दुर्जनैश्चापि वादं ।
यः प्रज्ञावात् वर्जयेत् स प्रधानः ॥१२०॥

बुद्धिमान् मानिसले दम्भ, मोह, मात्सर्य, पापकर्म, राजद्रोह, चुक्ली लगाउने, सामूहिक वैरभाव र उन्मत्त तथा दुर्जन व्यक्तिहरूसँगको वैरभाव आदि त्याग गर्दछ ।

दानं होमं दैवतं मङ्गलानि ।
प्रायश्चितान् विविधाँल्लोकवादान् ॥
एतानि यः कुरुते नैत्यकानि ।
तस्योत्थानं देवता राधयन्ति ॥१२१॥

जसले दान, होम, देवपूजा, माङ्गलिक कर्म, प्रायश्चित र अनेकौं लौकिक आचार आदि नित्यकर्महरू गर्दछ, देवगणले उसको समुन्नतिलाई सफल पार्दछन् ।

समैर्विवाहं कुरुते न हीनैः ।
समैः सख्यं व्यवहारं कथां च ॥
गुणैर्विशिष्टांश्च पुरो दधाति ।
विपश्चितस्यस्य नयाः सुनीताः ॥१२२॥

जसले आफ्नो बराबरीसँग मात्र विवाह, मित्रता, व्यवहार र कुराकानी गर्दछ, आफूभन्दा तल्लोसँग गर्दैन, गुणहरूमा पनि सबै ठूला बडाभन्दा अगाडि रहेको छ त्यस्तो विद्वान्ले अपनाउने गरेको नीति नै श्रेष्ठ नीति हो ।

मितं भुङ्क्ते संविभज्याश्रितेभ्यो ।
मितं स्वपित्यमितं कर्म कृत्वा ॥
ददात्यमित्रेष्वपि याचिता, सं-
स्तमात्मवन्तं प्रजहत्यनर्थाः ॥१२३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो मानिस आफूमा आश्रित मानिसलाई बाँडेर वचेको थोरै नै भए पनि खाना खान्छ, धेरै काम गरे पनि कम समय सुत्दछ र घनिष्टता नभए पनि कसैले मागिहाल्यो भने धन दिन्छ यस किसिमको व्यक्तिलाई मनस्वी मानिन्छ। त्यस्ता मनस्वी पुरुषउपर कुनै पनि अनर्थ आइपर्दैन।

चिकीर्षितं विप्रकृतं च यस्य ।
नान्ये जनाः कर्म जानन्ति किञ्चित् ॥
मन्त्रे गुप्ते सम्यगनुष्ठिते च ।
नाल्योऽप्यस्य च्यवते कश्चिदर्थः ॥१२४॥

जुन व्यक्तिले आफूलाई अनुकूल हुने र अरूलाई प्रतिकूल हुने काम गर्दा पनि अरू कसैलाई अत्तोपत्तो रहँदैन, उसको मनले चिताएको कुरा गोपनीय रहेको स्थितिमा नै पूरा हुनजान्छ। अर्थात् विघ्न वाधाविना नै सफल हुन्छ।

यः सर्वभूतप्रशन्मे निविष्टः ।
सत्यो मृदुर्मानकृच्छुद्धभावः ॥
अतीव स ज्ञायते ज्ञातिमध्ये ।
महामणिर्जात्य इव प्रसन्नः ॥१२५॥

जो मानिस सम्पूर्ण प्राणीमात्रको शान्तिका खातिर संलग्न रहन्छ, सत्यवक्ता र नरम मिजासको पनि छ, अरूलाई सम्मान गर्ने र पवित्र विचारले युक्त छ, यस किसिमको मानिस असल (सक्कली) तथा चमकदार रत्न समान समाजमा अत्यधिक मात्रामा प्रतिष्ठित रहन्छ।

य आत्मनापत्रपते भृशं नरः ।
स सर्वलोकस्य गुरुर्भवत्युत ॥
अनन्ततेजाः सुमनाःसमाहितः
स तेजसा सूर्य इवावभासते ॥१२६॥

जो मनुष्य स्वयम् अत्यधिक लज्जाशील छ ऊ सबै मानिसमा श्रेष्ठ ठानिन्छ। आफ्नो अनन्त तेज, शुद्ध हृदय एवम् एकाग्रताले गर्दा सूर्य झैं तेजिलो भई जगमा शोभा पाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वने जाताः शापदग्धस्य राज्ञः ।
पाण्डोःपुत्राः पञ्च पञ्चेन्द्रकल्पाः ॥
त्वयैव बाला बर्धिताः शिक्षिताश्च ।
तबादेशं पालयन्त्याम्विकेय ॥१२७॥

मृगरूपधारी कन्दम ऋषिको श्रापले ग्रस्त हुनाले राजा पाण्डुका पाँच छोरा वनमा नै जन्मिएका हुन् र यी पाँचै इन्द्र झैं महापराक्रमी पनि छन् । तपाईं (धृतराष्ट्र) ले यिनीहरूलाई केटाकेटीदेखि नै पालनपोषण गरी हुर्काउनु वढाउनु पनि भएको छ । उनीहरू पनि तपाईंका आज्ञा पालन गर्दैछन् ।

(राजा पाण्डु वनमा सिकार खेल्दैरहँदा त्यहाँ कन्दम ऋषि मृग बनेर आफ्नी पत्नीलाई मैथुन गर्दै थिए । राजाले मृग भन्ने सम्झेर तीखो वाणले उनलाई घाइते बनाइदिए । वाण लागेका मृगरूप ऋषिले मर्नेवेलामा राजालाई तिमी पनि पत्नीसँग सम्भोग गर्दागर्दै मर्नेछौ भनी श्राप दिए । श्रापग्रस्त भएका राजा पनि राज्य सुखलाई छाडेर वानप्रस्थतिर लागे । कुनै दिन कामवासना जागेर आफ्नी पत्नी माद्रीलाई सम्भोग गर्दागर्दै मृत्यु भयो भन्ने कथा महाभारतमा छ ।)

प्रदायैषामुचितं तात राज्यं ।
सुखी पुत्रैः सहितो मोदमानः ॥
ने देवानां नापि च मानुषाणां ॥
भविष्यसि त्वं तर्कणीयो नरेन्द्र ॥१२८॥

हे तात ! न्यायोचित रूपले पाण्डवहरूलाई राज्यको हिस्सा दिएर तपाईं आफ्ना छोरा दुर्योधनहरूका साथमा हाँसी खुसीसाथ सुख भोग गर्नुहोस् । हे नरेन्द्र ! यसो गरेपछि तपाईंको न देवता न त मनुष्यहरूले आलोचना गर्न पाउँदछन् ।

महाभारत उद्योगपर्व अन्तर्गत तेत्तीसौं अध्यायको विदुर नीति वाक्यको नेपालीमा अनुवाद पहिलो अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

दोस्रो अध्याय

- राजाका गुणहरु
- स्त्री-पुरुष मर्यादा
- धनी र गरीब
- इन्द्रिय नियन्त्रण
- बोली र यसको प्रभाव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्व चौंतीसौं अध्याय

विदुर नीति दोस्रो अध्याय

धृतराष्ट्र भन्दछन्:-

जाग्रतो दहयमानस्य यत् कार्यमनुपश्यसि ॥
तद् ब्रूहि त्वं हि नस्तात धर्मार्थकुशलो ह्यसि ॥१॥

हे वाबु विदुर ! चिन्तैचिन्तामा परेर म रातभरि सुत्न सकेको छैन । मेरो निमित्त जुन काम गर्न उपयुक्त हुन्छ, त्यो बताइदेऊ किनभने हामी दाजुभाइहरूमध्ये तिमी नै धर्म र अर्थको ज्ञानमा निपुण छौ ।

त्वं मां यथावद् विदुर प्रशाधि ।
प्रज्ञापूर्वं सर्वमजातशत्रोः ॥
यन्मन्यसे पथ्यमदीनसत्त्व ।
श्रेयस्करं ब्रूहि तद् वै कुरुणाम् ॥२॥

हे उदारमना विदुर ! तिमी बुद्धि लगाएर मलाई ठीक-ठीक कुरा भनिदेऊ । जुन कुरा युधिष्ठिरलाई हितकर सिद्ध होस् तथा कौरवहरूका लागि पनि कल्याणकारी बनोस् त्यो कुरा बताउन नभुल ।

पापाशङ्की पापमेवानुपश्यन् ।
पृच्छामि त्वां व्याकुलेनात्मनाहम् ॥
कवे तन्मे ब्रूहि सर्वं यथाव-
न्मनीषितं सर्वमजातशत्रोः ॥३॥

हे विद्वान् ! मेरो मनमा अपसकुन कै कुरा उठिरहेका छन् । जताततै अनिष्टै अनिष्ट देखिरहन्छु । यसैले व्याकुल हृदयद्वारा म तिमीलाई सोद्धछु कि अजात शत्रु युधिष्ठिरले के कुरा चाहेका छन् ती सबै ठीक-ठीक बताइदेऊ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर भन्दछन्:-

शुभं वा यदि वा पापं द्वेष्यं वा यदि वा प्रियम् ॥
अपृष्टस्तस्य तद् ब्रूयाद् यस्य नेच्छेत् पराभवम् ॥४॥

राजन्! जुन मानिसले जसको हार भएको हेर्न चाहँदैन, उसले सम्वन्धित व्यक्तिले के कुरा गर्नाले उसको राम्रो नराम्रो, कल्याणकारी-अनिष्टकारी हुन्छ, ती सवै जे जस्तोसुकै भए पनि वताइदेओस्।

तस्माद् वक्ष्यामि ते राजन् हितं यत्स्यात् कुरुन्प्रति ॥
बचः श्रेयस्करं धर्म्यं ब्रूवतस्तन्निबोध मे ॥५॥

यसैले हे राजन्! जुन कुरा गर्दा सम्पूर्ण कौरवको हित हुन जान्छ, म त्यही कुरा गर्नेछु। म जुन कल्याणकारी र धर्मयुक्त कुरा भन्दछु, त्यसलाई ध्यान दिएर सुन्नुहोस्।

मिथ्योपेतानि कर्माणि सिद्धेयुर्यानि भारत ॥
अनुपापप्रयुक्तानि मा स्म तेष मनः कृथाः ॥६॥

कपटद्वारा आफ्नो काम बनाउनेलाई पछि गएर त्यस कपट कार्यको फल हानिप्रद हुनजान्छ। यसैले कपटपूर्ण काम निन्दित छ।

तथैव योगविहितं यत्तु कर्म न सिध्यति ॥
उपाययुक्तं मेधावी न तत्र ग्लपयेन्मनः ॥७॥

असल उपायलाई अवलम्बन गर्दै सावधानीपूर्वक गरिएको कुनै काम यदि सफल भएन नै भने पनि बुद्धिमान् मानिसले त्यसका लागि मनमा कुनै ग्लानि लिनुहुँदैन।

अनुबन्धानपेक्षेत सानुबन्धेषु कर्मसु ॥
सम्प्रधार्य च कुर्वीत न बेगेन समाचरेत् ॥८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि उद्देश्य वा प्रयोजन हासिल गर्न गरिने कामका लागि सर्वप्रथम प्रयोजन वा उद्देश्यवारे राम्ररी बुझ्नुपर्दछ। कत्ति पनि हडबड, हतार नगरीकन वडो सुझबुझ लगाएर काम गर्दै जानुपर्दछ।

अनुबन्धं च संप्रेक्ष्य विपाकं चैव कर्मणाम् ॥
उत्थानमात्मनश्चैव धीरः कुर्वीत वा न वा ॥९॥

धीर मानिसका निम्ति यो असल हुन्छ कि उसले काम सुरु गर्नुअगाडि त्यसको प्रयोजन (लक्ष्य) परिणाम तथा गरिएको कामले आफ्नो उन्नति गर्छ, गर्दैन भन्ने कुराको पूरापुर ख्याल राखेर नै कार्यारम्भ गरोस् अथवा नगरोस्।

यः प्रमाणं न जानाति स्थाने-वृद्धौ तथा क्षये ॥
कोशे जनपदे दण्डे न स राज्येऽवतिष्ठते ॥१०॥

जुन शासक वा राजालाई स्थिति (अवस्था) लाभ, हानि, ढुकुटी, देश (ठाउँ) आदिको यथार्थ थाहा हुँदैन, राज्यका लागि अयोग्य छ अनि आफ्नो राज्यमा स्थिर वा अटल रहन सक्दैन।

यस्त्वेतानि प्रमाणानि यथोक्तान्यनुपश्यति ॥
युक्तो धर्मार्थयोर्ज्ञाने स राज्यमधिगच्छति ॥११॥

जो राजा वा शासक लाभ, हानि, स्थिति, कोष (ढुकुटी) आदिको यथार्थ जानकारी राख्दछ र धर्म र अर्थलाई राम्ररी बुझ्न खोज्दछ उसले नै राज्य (शासन) प्राप्त गर्दछ।

न राज्यं प्राप्तमित्येव वर्तितव्यमसाम्प्रतम् ॥
श्रियं ह्यविनयो हन्ति जरा रूपमिवोत्तमम् ॥१२॥

"अब त राज्य (शासन) पाइहालें" भन्ने सम्झिएर अनुचित काम गर्नुहुँदैन। बुढ्याइँले सौन्दर्यलाई नाश गरे झैं उद्दण्डताले सम्पत्तिको नाश गरिदिन्छ।

भक्ष्योत्तमप्रतिच्छन्नं मत्स्यो बडिशमायसम् ॥
लोभाभिपाती ग्रसते नानुबन्धमवेक्षते ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोभी माछो मीठो खाने कुरा आँटा आदिले ढाकिएको फलामे सुइरोलाई निल्दछ। निल्नुअगाडि मीठो खाने कुरा देखेपछि आफ्नो ज्यान लिने सुइराको वास्ता नै गर्दैन।

(यस श्लोकको आशय हो कि मानिसले सुरुमा सुखकारी देखिने तर अन्तमा दुःखदायी कर्मवारे विचार नै गर्दैन। ऊ त लोभी माछोजस्तै गरी नष्ट हुन्छ।)

यच्छक्यं ग्रसितुं ग्रस्यं ग्रस्तं परिणमेच्च यत् ॥
हितं च परिणामे यद् तदाद्यं भूतिमिच्छता ॥१४॥

(आफ्नो उन्नति चाहने व्यक्तिले खाने कुरा खाँदा जुन कुरा खानाले खाइसकेपछि सजिलैसँग पच्दछ र नराम्रो गर्दैन त्यही कुरो मात्र खानुपर्दछ। देख्तामा राम्रो तर अजीर्ण भइ स्वास्थ्यलाई विगार्ने खालको खाना खानुहुँदैन)।

(बलात् हरण गरिएको पाण्डवहरूको राज्य कौरवहरूलाई कदापि पच्दैन। कथं कदाचित् राम्रो खानो कुरा देखेर निलिहाले पनि त्यसको खराव परिणाम निस्कनेछ। तसर्थ पाण्डवहरूको राज्य फर्काउने अझै पनि समय बाँकी छ।)

वनस्पतेरपक्वानि फलानि प्रचिनोति यः ॥
स नाप्नोति रसं तेभ्यो बीजं चास्य विनश्यति ॥१५॥

जसले रूखबाट नपाकेको काँचो फल टिप्दछ, उसले काँचो फलवाट रस पाउँदैन, अनि विउसमेत नाशिन पुग्दछ।

यस्तु पक्वमुपादत्ते काले परिणतं फलम् ॥
फलाद् रसं स लभते वीजाच्चैव फलं पुनः ॥१६॥

जसले समयमै पाकेको फल टिप्दछ, यस्तो फलबाट रस पाउँछ र त्यसको विउवाट पुनः अर्को फल पनि पाउन सक्दछ।

यथा मधु समादत्ते रक्षन् पुष्पाणि षट्पदः ॥
दद्वदर्थान् मनुष्येभ्य आदद्यादविहिंसया ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी भमराले फूललाई नबिगारिकन मकरन्द (रस) लिने गर्दछ। त्यसैगरी जनतालाई कुनै दुःख, दर्द नपर्ने गरी राजा (सत्ताधारी) ले पनि प्रजावर्गवाट राजस्व असुली गरोस्।

पुष्पं पुष्पं विचिन्वीत मूलच्छेदं न कारयेत् ॥
मालाकार इवारामे नयथाङ्गारकारकः ॥१८॥

मालीले जरा नउखेलेरै जसरी एक एक गर्दै फूल टिप्दछ। त्यसैगरी राजाले (शासकले) पनि प्रजा (नागरिक) को रक्षापूर्वक कर (राजस्व) असुली गरोस्। गोल वनाउनेले जस्तो रूखको जरैसमेत नपोलेर दाउरा मात्र डढाओस्।

किन्नु मे स्यादिदं कृत्वा किन्नु मे स्यादकुर्वतः ॥
इति कर्माणि संचिन्त्य कुर्याद् वा पुरुषो न वा ॥१९॥

कुनै काम गर्नाले लाभ कति छ अनि हानि कति हुन्छ, राम्ररी लेखाजोखा गरेर मात्र मनुष्यले कार्य गरोस् वा नगरोस्।

प्रसादो निष्फलो यस्य क्रोधश्चापि निरर्थकः ॥
न तं भर्तार-मिच्छन्ति षण्ढं पतिमिव स्त्रियः ॥२१॥

जुन राजा खुसी, प्रशन्न हुँदा पनि कुनै लाभ छैन, रिसाउँदा पनि निरर्थक सावित हुन्छ भने त्यस्तालाई जनताले पनि आफ्नो स्वामी बनाउन रुचाउँदैन। नपुंसकलाई नारीले आफ्नो पति भन्न नचाहेजस्तै गरेर।

कांश्चिदर्थान्तरः प्राज्ञो लघुमूलान्महाफलान् ॥
क्षिप्रमारभते कर्तुं न विघ्नयति तादृशान् ॥२२॥

थोरै साधनले धेरै फल निस्कने कार्यलाई वुद्धिमान् मानिसले शीघ्र आरम्भ गर्दछ। तर पनि गर्दै गरेको काममा समेत कुनै बाधा-अड्चन आउन दिँदैन।

ऋजु पश्यति यः सर्व चक्षुषानुपिवन्निव ॥
आसीनमपि तूष्णानीकमनुरज्यन्ति तं प्रजाः ॥२३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन राजा (शासक) ले आफ्ना प्रजा (नागरिक) लाई यसरी नरम दृष्टिले हेर्न थाल्दछ, ऊ केही नगरी चुपचाप वसिरहँदा पनि उसप्रति जनताको अनुराग कायम भइरहन्छ।

सुपुष्पितः स्यादफलः फलितः स्याद् दुरारुहः ॥
अपक्वः पक्वसंकाशो न तु शीर्येत कर्हिचित् ॥२४॥

जो राजा (शासक) वा मालिक फूल फुल्ने तर फल नफल्ने रूख समान प्रजालाई केही दिन नसके पनि हँसखुश भइरहने, फलले लटरम्म भए पनि फल टिप्नलाई रूखमा उक्लन नसकिने जस्तै अर्थात् पहुँच बाहिर भइरहने, काँचो फल (शक्तिहीन) छ तापनि पाकेको फल भए जस्तो देखिने (शक्ति-सम्पन्न देखिने) जस्तो गरेर आफूलाई प्रकट गर्ने। यस किसिमको स्वभाव भएका राजा (शासकहरू) कहिल्यै पनि नाशिदैनन्।

चक्षुसा मनसा वाचा कर्मणा च चतुर्विधम् ॥
प्रसादयति यो लोकं तं लोकोऽनुप्रसीदति ॥२५॥

जुन राजा आँखा, मन, बोली र काम यी चार कुराले जनतालाई खुसी राख्दछ, उससँग जनता खुसी रहन्छन्।

यस्मात् त्रस्यन्ति भूतानि मृगव्याधान्मृगा इव ॥
सागरान्तामपि महीं लब्ध्वा स परिहीयते ॥२६॥

जसरी व्याधासँग मृग डराउँदछ, त्यसैगरी जोसँग समस्त प्राणीहरू डराउँदछन् भने समुद्रको किनारासम्मकै राज्य उसले पाएको भए पनि (चक्रवर्ति नै हुँदा पनि) उसलाई सबैले त्यागिदिन्छन्।

पितृपैतामहं राज्यं प्राप्तवान् स्वेन कर्मणा ॥
वायुरभ्रमिवासाद्य भ्रंशयत्यनये स्थितः ॥२७॥

अन्यायी राजाले बाबुबाजेका पालादेखिकै राज्य पाइरहेका भए पनि आफ्नो कर्मले गर्दा हावाले बादललाई टुक्रा-टुक्रा पारेजस्तै उसलाई आफ्नै दुष्कर्मले छिन्न भिन्न (नष्ट) पारिदिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्ममाचरतो राज्ञः सद्भिश्चरितमादितः ॥
बसुधा बसुसम्पूर्णा बर्धते भूतिबर्धिनी ॥२८॥

परम्पराअनुसार सज्जन व्यक्तिहरूले गरेका धार्मिक आचरण गर्ने राजाका राज्यको जमिन (माटो) नै धनधान्यले परिपूर्ण भई उन्नतिको शिखरमा राज्यलाई पुऱ्याएर ऐश्वर्यलाई वढाउँदछ।

अथ संत्यजतो धर्ममधर्म चानुतिष्ठतः ॥
प्रतिसंवेष्टते भूमिरग्नौ चर्माहितं यथा ॥२९॥

धर्मलाई छाडेर अधर्म गर्ने राजाको राज्यभूमि आगोमा हालिएको छाला झैं गरी खुम्चिँदै जान्छ।

य एव यत्नः क्रियते परराष्ट्रविमर्दने ॥
स एव यत्नः कर्तव्य स्वराष्ट्रपरिपालने ॥३०॥

अरूको राज्य नष्ट गर्नका लागि जे जसरी प्रयत्न गरिन्छ, उसैगरी आफ्नो राज्यको रक्षार्थ गरिने प्रयत्नमा संलग्न भइरहनुपर्दछ।

धर्मेण राज्यं विन्देत धर्मेण परिपालयेत् ॥
धर्ममूलां श्रियं प्राप्य न जहाति न हीयते ॥३१॥

धर्मद्वारा नै राज्य प्राप्त गरेर धर्ममूलक तरिकाले राज्यको रक्षा पनि गरोस्। धर्मयुक्त तरिकाद्वारा प्राप्त भएकी राज्यलक्ष्मीलाई न राजाले त्याग्दछ न उनले नै राजालाई त्याग्दछिन्।

अप्युन्मत्तात् प्रलपतो बालाच्च परिजल्पतः ॥
सर्वतःसारमादद्यादश्मभ्य इव काञ्जनम् ॥३२॥

जसरी ढुङ्गा आदिबाट सुन लिइन्छ, त्यसैगरी बकबक बोल्ने, बौलाहा र जथाभावी बोल्ने बालकहरूबाट सारांश कुरा मात्र ग्रहण गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुव्याहृतानि सूक्तानि शुकृतानि ततस्ततः ॥
संचिन्वन् धीर आसीत शिलाहारी शिलं यथा ॥३३॥

शिला खोज्नेले खेतमा छरिएको एक गेडा अन्नलाई जसरी टिप्दछ, त्यसै गरी धीरपुरुषले पनि जहाँ कहींवाट पनि भावपूर्ण कुराहरू सूक्तिहरू र सत्कर्महरूको सङ्ग्रह गर्ने वानी वसाल्नुपर्दछ ।

गन्धेन गावः पश्यन्ति वेदैः पश्यन्ति ब्राह्मणाः ॥
चारैः पश्यन्ति राजानश्चक्षुर्भ्यामितरे जनाः ॥३४॥

गाईहरू गन्ध सुँघेर, ब्राह्मणहरू वेद पढेर, राजाहरू गुप्तचरमार्फत् र साधारण मानिसहरू आँखाले देख्नसक्ने हुन्छन् ।

भूयांशं लभते क्लेशं या गौर्भवती दुर्दुहा ॥
अथ वा सुदुहा राजन् नैव तां वितुदन्त्यपि ॥३५॥

दूध दुहुन गाह्रो पार्ने गाईले खुट्टा बाँध्ने, पिटाइ खाने आदि धेरै कष्ट वा पीडा सहनुपर्दछ । परन्तु जुन गाईले सजिलैसँग दुहुन दिने गर्दछ उसमाथि कसैले पनि पीडा या कष्ट पहुँचाउँदैन ।

यदतप्तं प्रणमति न तत् सन्तापयन्त्यपि ॥
यच्च स्वयं नतं दारु न तत् संनमयन्त्यपि ॥३६॥

न तताएर नै वङ्ग्याउन सकिने धातुलाई आगोमा कसैले पनि पोल्दैन । आकारमा त्यसै ठीक भइरहेको काठलाई पनि कसैले वङ्ग्याउन र सोझ्याउन खोज्दैन ।

एतयोपमया धीरः संनमेत बलीयसे ॥
इन्द्राय स प्रणमेत नमते यो बलीयसे ॥३७॥

जो बुद्धिमान् मानिस छ उसले आफूभन्दा बलियो मानिससँग झुक्नुपर्दछ । यसरी बलियासँग झुक्नु नै इन्द्रसँग झुक्नु समान हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्जन्यनाथाः पशवो राजानो मन्त्रिबान्धवाः ॥
पतयो बान्धवाः स्त्रीणां ब्राह्मणा वेदबान्धवाः ॥३८॥

पानी वर्षाउने वादललाई पशुहरूका रक्षक भनिन्छ, राजाले मन्त्रीहरूको सहयोग पाउँदछन्, पतिद्वारा नारीहरूको रक्षा गरिन्छ। ब्राह्मणहरूका बान्धव भन्नु नै वेद हुन्।

सत्येन रक्ष्यत् धर्मो विद्या योगेन रक्ष्यते ॥
मृजया रक्ष्यते रूपं कुलं वृत्तेन रक्ष्यते ॥३९॥

सत्यद्वारा धर्म-रक्षा गरिन्छ, योगद्वारा विद्या सुरक्षित हुन्छ, सुग्घर-सफाइ गर्दा रूप (सौन्दर्य) को रक्षा हुन्छ, अनि सदाचारले कुलको रक्षा हुने गर्दछ।

मानेन रक्ष्यते धान्यमश्वान् रक्षत्यनुक्रमः ॥
अभीक्ष्णदर्शनं गाश्च स्त्रियो रक्ष्याः कुचैलतः ॥४०॥

तौलेर वा नापजोख गर्नाले अन्न जोगिन्छ, फेरि-फेरि (अदल बदल गरेर) चढ्नाले वा निरन्तर सघाउनाले घोडाको रक्षा हुनजान्छ अर्थात् घोडामा शिथिलता आउँदैन। निरन्तर हेरविचार पुऱ्याउँदा गाईहरूको रक्षा हुन्छ र मैलो धुस्रो फुस्रो लुगा (वस्त्र) ले स्त्रीहरूको रक्षा हुन्छ।

न कुलं वृत्तहीनस्य प्रमाणमिति मे मतिः ॥
अन्तेष्वपि हि जातानां वृत्तमेव विशिष्यते ॥४१॥

मेरो विचारमा सदाचारहीन मानिसलाई उत्तम (मर्यादित) कुलमा जन्म लिनु मात्र मान्यतायुक्त हुँदैन, किनभने नीच (तल्लो) कुलमा जन्मेकै भए पनि मानिसको सदाचारलाई नै श्रेष्ठ मानिन्छ।

य ईर्षु परिवित्तेषु रूपे वीर्ये कुलान्वये ॥
सुख सौभाग्य सत्कारे तस्य व्याधिरनन्तकः ॥४२॥

जसले अर्काको धन, रूप, पराक्रम, कुलीनता, सुख, सौभाग्य र सम्मानतामा डाहा गर्दछ, उसको यो डाहा गर्ने बानी दीर्घरोग समान हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकार्यकरणाद् भीतः कार्याणां च विवर्जनात् ॥
अकाले मन्त्रभेदाश्च येन माद्येन्न तत् विवेत् ॥४३॥

मानिस सधैंभरि गर्न नहुने काम गर्नवाट डराओस्, गर्नुपर्ने काम नगरिएला कि भनी सावधान रहोस्, गर्न थालिएको काम सफल हुनुभन्दा पहिले नै विग्रने हिसावले उजागर (चर्चित) नहोस् भनेर सतर्क हुने गरोस्, नशा चढ्ने किसिमको मादक पदार्थको सेवन पनि गर्ने नगरोस् ।

विद्यामदो धनमदस्तृतीयोऽभिजनो मदः ॥
मदा एतेऽबलिप्तानामेत एव सतां दमाः ॥४४॥

विद्या, धन र ठूलो कुलको हुँ भन्ने यी तीन कुरा मानिसका लागि घमण्ड मानिएका छन् । यी कुराहरूमा डुबेर वस्नेहरूको निम्ति, मै हुँ भन्नेहरूका लागि यी कुराहरूले मद (घमण्ड) के रूप लिइरहलान् तर सज्जन व्यक्तिहरूको निमित्त भने यी तीनवटै (विद्या, धन र कुलीनता) कुरा शान्तिदायक पनि हुनजान्छन् ।

असन्तोऽभ्यार्थिताः सद्भिः क्वचित्कार्ये कदाचन ॥
मन्यन्ते सन्तमात्मानमसन्तमपि विश्रुतम् ॥४५॥

कहिलेकाहीं कुनै कामका लागि सज्जन पुरुषद्वारा अनुरोध गरिएपछि खराव व्यक्तिले आफू दुष्टै हुँ भन्ने वुझ्दावुझ्दै पनि आफूलाई सज्जन पुरुष नै हुँ भन्ने ठानिरहेको हुन्छ ।

गतिरात्मवतां सन्तः सन्त एव सतां गतिः ॥
असतां च गतिः सन्तो न त्वसन्तः सतां गति ॥४६॥

वुद्धिमान् व्यक्तिलाई जसले सहारा दिन्छ ऊ सन्त मानिन्छ । सन्तलाई सहारा दिनेहरू पनि सन्त नै हुन्छन् । दुर्जनलाई सहारा दिनेहरू पनि सन्त नै हुन् तर दुर्जनहरू भने आफूलाई सहारा दिने सन्तहरूलाई सहारा दिने गर्दैनन् ।

जिता सभा वस्त्रवता मिष्टाशा गोमता जिता ॥
अध्वा जितो यानवता सर्वं शीलवता जितम् ॥४७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो लुगा लगाएको व्यक्तिले सभा, समारोह र सोसाइटीमा आफ्नो प्रभाव जमाएको हुन्छ । दूध, घ्यू, खुवा आदि पदार्थले गुलियो खाने चाहनालाई जितेको छ । मोटरसाइकल, कार, वस आदि सवारी साधनले वाटो (मार्ग) लाई सजिलैसँग तय गर्दछ । अनि शीलस्वभाव राम्रो भएको व्यक्तिले सवैउपर विजय हासिल गरेको हुन्छ ।

शीलं प्रधानं पुरुषे तद् यस्येह प्रणश्यति ॥
न तस्य जीवितेनार्थो न धनेन न वन्धुभिः ॥४८॥

पुरुषका लागि शील (असल स्वभाव) नै मुख्य कुरा हो । जुन व्यक्तिको शील स्वभाव नष्ट भएको छ, उसको लागि जीवन, धन र बन्धुवर्ग आदिको कुनै प्रयोजन रहँदैन ।

आढयानां मांसपरमं मध्यानां गोरसोत्तरम् ॥
तैलोत्तरं दरिद्राणां भोजन भरतर्षभ ॥४९॥

धनले उन्मत्त (तामसी) मानिसलाई खानामा मासु, मध्यम वर्गको व्यक्तिलाई गोरस (दूध, दही, घ्यू) र गरीब वर्गको खानेकुराहरू तेलको मात्रा वढिरहन्छ ।

सम्पन्नतरमेवान्नं दरिद्रा भुञ्जते सदा ॥
क्षुत् स्वादुतां जनयति सा चाढ्येषु सुदुर्लभा ॥५०॥

गरीब मानिसले सधैंभरि वडो स्वाद मानेर खाना खाने गर्दछन् । किनभने भोकले उनीहरूको खानालाई वढी स्वादिलो पारिदिन्छ । यस किसिमको भोक भने धनी वर्गको निम्ति सदैव दुर्लभ हुन्छ ।

प्रायेण श्रीमतां लोके भोक्तुं शक्तिर्न विद्यते ॥
जीर्यन्त्यपि ही काष्ठानि दरिद्राणां महीपते ॥५१॥

प्रायः गरेर धनी मानिसमा खाना खाने क्षमताको कमी हुन्छ । उनीहरूलाई भोक लाग्दैन, तर गरीब मानिसले भने काठलाई खाँदा पनि पचाइदिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवृत्तिर्भयमन्त्यानां मध्यानां मरणाद् भयम् ॥
उत्तमानां तु मर्त्यानामवमानात् परं भयम् ॥५२॥

अधम मानिसलाई जीविका हुन सक्दैन कि भन्ने डर हुने गर्दछ। मध्यमखाले व्यक्तिलाई मृत्युसँग डर लाग्दछ तर उत्तम स्वभाव भएको मनुष्य अपमानदेखि डराउने गर्दछ।

ऐश्वर्यमदपापिष्ठा मदाः पानमदादयः ॥
ऐश्वर्यमदमत्तो हि नापीत्वा वियुध्यते ॥५३॥

ऐश्वर्यको नशा या मात (घमण्ड) मदिरा सेवन आदिको नशा या मातभन्दा पनि निन्दनीय मानिएको छ र किनभने ऐश्वर्यको मात चढेको मनुष्य ऐश्वर्य भ्रष्ट नभइकन होसमा आउँदैन।

इन्द्रियैरिन्द्रियार्थेषु वर्तमानैरनिग्रहैः ॥
तैरयं ताप्यते लोको नक्षत्राणि ग्रहैरिव ॥५४॥

विषय वासनातर्फ लागेर इन्द्रियहरूलाई नियन्त्रण गर्न नसक्नाले सूर्य आदि ग्रहद्वारा अन्य नक्षत्रहरू आक्रान्त भए झैं अनियन्त्रित इन्द्रियद्वारा यो संसार आक्रान्त रहेको छ।

यो जितः पञ्चवर्गेण सहजेनात्मकर्षिणा ॥
आपदस्तस्य वर्धन्ते शुक्लपक्षइवोडुराट् ॥५५॥

जुन मनुष्य सकल प्राणीमात्रलाई नियन्त्रणमा राख्न सक्ने पञ्चेन्द्रियहरूद्वारा नियन्त्रित रहेको छ, इन्द्रिय दमन गर्न नसक्ने मनुष्यका विपत्तिहरू शुक्लपक्षमा चन्द्रमा बढेजस्तै गरी क्रमशः बढ्दै रहेका हुन्छन्।

अविजित्य य आत्मानममात्यान् विजिगीषते ॥
अमित्रान् वाजितामात्यः सोऽवशः परिहीयते ॥५६॥

आफ्ना शरीरका सबै इन्द्रिय र मनलाई समेत जसले नियन्त्रण गर्न सक्दैन, साथै आफ्नो सहयोगी मन्त्रीवर्गको चित्त बुझाई उनीहरूलाई आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुयायी नगराइकन नै शत्रुहरूलाई जित्न जुन राजा (शासक) ले खोज्दछ त्यस्ता अजितेन्द्रिय पुरुषलाई सबैले उपेक्षा गर्दछन् (त्यागिदिन्छन्) ।

आत्मानमेव प्रथम द्वेष्यरूपेण योजयेत् ॥
ततोऽमात्यानमित्रांश्च न मोघं विजिगीषते ॥५७॥

कुनै पनि व्यक्तिले सर्वप्रथम आफ्ना मनलाई शत्रुलाई जितेजस्तै गरेर जित्न सकोस् अर्थात् मनलाई आफ्नो वशमा राखोस् । त्यसपछि आफ्ना मन्त्रीहरूलाई आफ्नो अधीनमा पारेर मात्र शत्रुहरूलाई पराजित तुल्याउने इच्छा राखोस् ।

वश्येन्द्रियं जितात्मानं धृतदण्डं विकारिषु ॥
परीक्षा कारिणं धीरमत्यन्तं श्रीर्निषेवते ॥५८॥

आफ्ना इन्द्रिय र मनलाई दमन गर्ने र जसले अपराध गर्दछ त्यसलाई दण्ड दिने, कुनै पनि काम गर्दा सूक्ष्म तवरले जाँच पडताल गरेर मात्र कार्य गर्ने व्यक्ति 'धीर पुरुष' मानिन्छ उसकहाँ सधैँ लक्ष्मीले वास गर्दछिन् ।

रथं शरीरं पुरुषस्य राजन्नात्मा नियन्तेन्द्रियाण्यस्य चाश्वाः ॥
तैरप्रमत्त कुशली सदश्वैर्दान्तैः सुखं याति रथीव धीरः ॥५९॥

जसरी वग्गी (रथ) मा चढेर यस संसारमा लामा-लामा मूल सडकलाई पार गर्दै सजिलैसँग समयमै गन्तव्यमा पुगिन्छ । वग्गी दगुराउनको निमित्त वग्गीको पाङ्ग्रा सहितको वोडी, सिट आदि र वग्गीलाई खिच्नका लागि घोडाहरूसमेत चाहिन्छन् अनि सारथीले वग्गी र घोडाहरूलाई आफ्ना नियन्त्रण (अधीनमा) लिएर मूल वाटोमा वग्गीलाई गुडाएर आफ्नो गन्तव्य स्थलमा पुऱ्याउँदछ । शरीर पनि वग्गी समान छ, मानिसको वुद्धि सारथी हो । इन्द्रियहरू घोडा समान छन् । इन्द्रियरूपी घोडाहरूलाई नियन्त्रणमा राखी वग्गीलाई हिंडाउने वुद्धिमान् र चतुर पुरुषले आफ्नो लक्ष्यलाई सजिलैसँग हासिल पनि गर्दछ । धीर पुरुष रथी समान होशियार सवार हो । उसले इन्द्रियरूपी घोडाहरूलाई नियन्त्रण गर्दै सजिलैसँग वग्गीका सहयोगले मूल वाटोमा दगुरेर आफ्नो गन्तव्य स्थलमा पुग्ने गर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एतान्यनिगृहीतानि व्यापादयितुमप्यलम् ॥
अविधेया इवादान्ताः हयाःपथि कुसारथिम् ॥६०॥

नसधाएका एवम् उच्छृङ्खल भएका घोडाहरूले प्रमादी वा वेहोसी सारथीलाई नाश गरे झैं इन्द्रिय दमन गर्न नसक्ने व्यक्तिलाई उसका आफ्नै इन्द्रियहरू नै नष्ट गर्न पर्याप्त हुन्छन् ।

अनर्थमर्थतः पश्यन्नर्थं चैवाप्यनर्थतः ॥
इन्द्रियैरजितर्वालः सुदुःखं मन्यते सुखम् ॥६१॥

इन्द्रियहरूलाई नियन्त्रणमा राख्न नसक्नाले अर्थलाई अनर्थ र अनर्थलाई अर्थ सम्झने अज्ञानी व्यक्तिले ठूलो दुःखलाई पनि सुख नै ठान्ने गर्दछ ।

धर्मार्थौ यः परित्यज्य स्यादिन्द्रियवशानुगः ॥
श्रीप्राणधनदारेभ्यः क्षिप्रं स परिहीयते ॥६२॥

जसले धर्म र अर्थलाई परित्याग गरेर आफू इन्द्रियको वशमा पर्दछ, त्यस्ताले तुरुन्तै ऐश्वर्य, धन, स्त्री र प्राणैसमेत गुमाउनुपर्दछ ।

अर्थानामीश्वरो यः स्वादिन्द्रियाणामनीश्वरः ॥
इन्द्रियाणामनैश्वर्यादैश्वर्याद् भ्रश्यते हि सः ॥६३॥

जो मानिस अतुल सम्पत्तिको मालिक हुँदाहुँदै पनि इन्द्रियहरूलाई आफ्नो कब्जामा राख्न नसक्नाकै कारणले ऐश्वर्यभ्रष्ट हुन पुग्दछ ।

आत्मनाऽऽमानमन्विच्छेन्मनोबुद्धीन्द्रियेर्यतैः ॥
आत्मा ह्येवात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥६४॥

मानिसले मन, बुद्धि र इन्द्रियहरूलाई आफ्नो कब्जामा राखेर आफूले आफैंलाई बुझ्ने चाहना राख्ने गरोस् । किनभने मानिसको आत्मा नै उसको मित्र (बन्धु) र शत्रु पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धुरात्माऽऽत्मनस्तस्य येनैवात्माऽऽत्मना जितः ॥
स एव नियतो बन्धुःस एव नियतो रिपुः ॥६५॥

जुन व्यक्तिले आफ्नो आत्मालाई नै जितेको छ। उसको आत्मा नै उसको वन्धु हो। त्यही आत्मा (नियन्त्रित) भए सच्चा मित्र (वन्धु) हुन्छ भने अनियन्त्रित हुन गएमा शत्रु समान हुनजान्छ।

क्षुद्राक्षेणेव जालेन झषावपिहितावुरु ॥
कामश्च राजन् क्रोधश्च तौ प्रज्ञानं विलुम्पतः ॥६६॥

सा-साना प्वाल (छिद्र) भएको जालोमा दुईवटा वडे-वडे माछा फसेकै भए पनि ती माछाले जालोलाई जसरी विगार्दछन् वा नष्ट गर्दछन् त्यसैगरी काम र क्रोधले मानिसको वुद्धि र विवेकलाई नष्ट पार्दछन्।

[भगवान् श्रीकृष्णले गीताको अध्याय ३/३३, ३७ मा मनुष्यले नचाहँदा नचाहँदै पनि काम र क्रोधको वशमा परेर पापकर्मरूपी आचरण गर्दछ। काम (भोगेच्छा) ले क्रोधले पैदा गर्दछ। यो कुरा गीता २/६२ मा पनि उल्लेख छ। गीता ३/३७ ले गरेको काम र क्रोधको प्रसङ्ग उठाएर विशेष रूपले क्रोधलाई भन्दा वढ्ता कामलाई नै निन्दा गरेको छ। वास्तवमा काम र क्रोध दुवैले वुद्धिलाई नाश गर्ने गर्दछन्]

समवेक्ष्येह धर्मार्थौ सम्भारान् योऽधिगच्छति ॥
स वै सम्भृतसम्भारः सततं सुखमेधते ॥६७॥

जुन मनुष्यले यस संसारमा धर्म र अर्थउपर राम्रोगरी ख्याल (विचार) गरेमा उसको आफ्नो जय (प्रगति वा विकास) को साधन भेट्टाउन सक्दछ। जति नै साधनले सम्पन्न भए पनि सदैव खुसी र समृद्धिशाली वन्न सक्दछ।

यः पञ्चाभ्यन्तरान् शत्रूनविजित्य मनोमयान् ॥
जिगीषति रिपूनन्यान् रिपवोऽभिभवन्ति तम् ॥६८॥

जसले वुद्धिभित्र विकार रूपले रहेका नाक, कान, आँखा आदि पाँचवटै इन्द्रियरूपी भित्री शत्रुलाई नजिती वाहिरी शत्रुहरूलाई जित्न खोज्दछ उसलाई शत्रुले परास्त गर्दछन् अर्थात् पञ्चेन्द्रियलाई नियन्त्रण नगरेर मनुष्यले कुनै पनि प्रगति गर्न सक्दैन, वीचैमा ऊ अनेकौं वाधक तत्त्वहरूद्वारा परास्त गराइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृश्यन्ते हि महात्मानो वध्यमानाः स्वकर्मभिः ॥
इन्द्रियाणमनीशत्वाद् राजानो राज्यविभ्रमैः ॥६९॥

इन्द्रियहरूउपर अधिकार नहुनाले ठूला साधुहरू एवम् ठूला-ठूला राजाहरू क्रमशः आफूले गरेका कर्महरू र राज्यका भोग विलासद्वारा बाँधिएका हुन्छन् ।

असंत्यागात् पापकृतामपापां स्तुल्यो
दण्डः स्पृशते मिश्रभावात् ॥
शुष्केणार्द्रं दह्यते मिश्रभावात्
तस्मात् पापैः सह सन्धिं न कुर्यात् ॥७०॥

पापी एवम् दुर्जनहरूको सङ्गत छाड्नुपर्छ । दुर्जनहरूसँग मिलिरहने वा सङ्गत गरिरहनेले दुर्जनले भोगेसरह सजाय भोग्नुपर्दछ । सुकेको दाउरासँगै मिसाएर काँचो वा भिजेको दाउरा ठोसेर बालेमा काँचो दाउरा पनि बलेर खरानी हुन पुग्दछ । त्यसैले दुर्जन व्यक्तिसँग कहिल्यै पनि मेलजोल नबढाओस् ।

निजानुत्पततः शत्रून् पञ्च पञ्चप्रयोजन् ॥
यो मोहान्न निगृण्हाति तमापद् ग्रसते नरम् ॥७१॥

मोहले गर्दा जसले पञ्चेन्द्रियरूपी शत्रुहरूलाई आफ्नो वशमा राख्न सक्तैन, त्यस्ता मान्छेलाई विपत्तीहरूले ग्रस्त बनाउँदछन् । इन्द्रिय दमन गर्न नसक्ने मान्छे अनेकौं आपद् विपद्मा पर्दछ ।

अनुसूयाऽऽर्जवं शौचं सन्तोषः प्रियवादिता ॥
दमः सत्यमनायासो न भवन्ति दुरात्मनाम् ॥७२॥

गुणहरूमा दोष नदेख्ने, सरल स्वभाव, शुद्धता र पवित्रता सन्तोष, प्रिय वचन बोल्ने, इन्द्रियहरूलाई दमन गर्ने, सत्यभाषण यी गुणहरू दुष्ट व्यक्तिहरूमा हुँदैनन् ।

आत्मज्ञानमसंरम्भस्तितिक्षा धर्मनित्यता ॥
वाक् चैव गुप्ता दानंच नैतान्यन्त्येषु भारत ॥७३॥

आत्मज्ञान, अक्रोध, सहनशीलता, धार्मिकपन तथा आफूले बोकेको कुरा पूरा गर्ने एवम् दानशीलता यी गुणहरू अधम मानिसमा हुँदैनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रोशपरिवादाभ्यां विहिंसन्त्यबुधा बुधान् ॥
वक्ता पापमुपादत्ते क्षममाणो विमुच्यते ॥७४॥

मूर्ख मनुष्यले विद्वान्हरूलाई गाली र निन्दा गरेर कष्ट पुऱ्याउँछ। जसले गाली गर्छ ऊ पापभागी हो। जसले क्षमा गर्दछ भने पापवाट मुक्त भइहाल्दछ।

हिंसा बलमसाधूनां राज्ञां दण्डविधिर्बलम् ॥
शुश्रूषा तु बलं स्त्रीणां क्षमा गुणावतां बलम् ॥७५॥

हिंसा (मारकाट) गर्नु दुष्ट मान्छेको वल हो। दण्ड दिनु राजाहरूको वल हो। नारीहरूको वल भन्नु सेवा हो भने गुणीजनको बल क्षमा हो।

वाक्यसंयमो हि नृपते सुदुष्करतमो मतः ॥
अर्थवच्च बिचित्रं च न शक्यं बहु भाषितुम् ॥७६॥

वाक्संयम (जथाभावी तवरले नवोल्ने) को कार्य निकै कठिन हो भन्ने मानिएको छ। त्यसैगरी भावपूर्ण एवम् चामत्कारिक बोली पनि धेरै मात्रामा वोल्न नसकिने वा अत्यन्त कठिन हुन्छ। यसैले बोल्ने कुरा ज्यादै कठिन भएकाले वाक्संयम गर्नु नै उचित मानिएको छ।

अभ्यावहति कल्याणं विविधं वाक् सुभाषिता ॥
सैव दुर्भाषिता राजननर्थायोपपद्यते ॥७७॥

मीठो र राम्रो तरिकाले भनिएको (वोलिएको) कुराले बहु प्रकारले कल्याण गर्दछ। परन्तु त्यही कुरा कटु लवजले भनियो भने महान् अनर्थको कारण वन्दछ।

रोहते सायकैर्विद्धं बनं परशुना हतम् ॥
बाचा दुरुक्तं बीभत्सं न संरोहति वाक्क्षतम् ॥७८॥

वाणले छेडिएको घाउ पुरिंदै जान्छ, बञ्चरोले छिमलेको बन पनि फेरि फेरि झाङ्गिन थाल्छ र हरियो हुन पुग्छ, परन्तु निन्दालायक दुर्वचनयुक्त वोलीले हृदयमा लगाएको घाउ भने कहिल्यै पुरिंदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णिनालीकनाराचान्निर्हरन्ति शरीरतः ॥
वाक्शल्यस्तु न निर्हर्तुं शक्यो हृदिशयो हिंसः ॥७९॥

शरीरभित्र पसेको काठको टुप्पो काँडो (कर्णी), नालिक र नाराच नाम गरेका वाण आदिलाई जीउवाट निकाल्न सकिन्छ। परन्तु कटु वचनरूपी वाणलाई जीउवाट निकाल्न सकिँदैन। किनभने वचनरूपी तीखो वाण मुटुभित्रै गढेको हुन्छ।

वाक्सायका वदनान्निष्पतन्ति
यैराहतः शोचति रात्र्यहानि ॥
परस्य नार्मासु ते पतन्ति
तान् पण्डितो नावसृजेत् परेभ्यः ॥८०॥

कटु वचनरूपी वाणले मुखवाट निस्कने वित्तिकै अरू व्यक्तिको मर्मस्थानमा चोट पुऱ्याइदिन्छ। यस वाणद्वारा आहत मनुष्यलाई रातदिनै डाहा र छटपटि भइनैरहन्छ। यसैले वुद्धिमान् व्यक्तिहरू अरूलाई कटुवचनले प्रहार गर्दैनन्।

यस्मै देवाः प्रयच्छन्ति पुरुषाय पराभवम् ॥
बुद्धिं तस्यापकर्षन्ति सोऽवाचीनानि पश्यति ॥८१॥

देवताहरू जसलाई पराजित (हराउन) गर्न चाहन्छन्, सर्वप्रथम उसको वुद्धि भुटिदिन्छन्। वुद्धि बिग्रिएपछि मानिसले नीच कर्मतर्फ नै दृष्टि दिन थाल्दछ।

बुद्धौ कलुषभूतायां विनाशे प्रत्युपस्थिते ॥
अनयो नय संकाशो हृदयान्नापसर्पति ॥८२॥

विनाशकाल आएपछि वुद्धि पनि मलिन हुन पुग्दछ। त्यसपछि मन्दवुद्धि पुरुषका लागि अनीति पनि नीति नै हो कि जस्तो हुन गएर हृदयवाट वाहिर निस्कँदैन।

सेयं बुद्धिः परीता ते पुत्राणां भरतर्षभ ॥
पाण्डवानां विरोधेन नचैनानवबुध्यसे- ॥८३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे भरत श्रेष्ठ धृतराष्ट्र महाराज ! तपाईंका दुर्योधन आदि छोराहरूको बुद्धि पाण्डवहरूप्रति विरोध गर्ने भावनाले ढाकिसकेको छ । तपाईं यो कुरालाई बुझिरहनुभएको छैन ।

राजा लक्षण सम्पन्न स्त्रैलोक्यस्यापि यो भवेत् ॥
शिष्यस्ते शासिता सोऽस्तु धृतराष्ट्र युधिष्ठिरः ॥८४॥

हे महाराज धृतराष्ट्र ! राजामा हुनुपर्ने सवै गुण र लक्ष्यणहरू युधिष्ठिरमा मौजुद रहेका छन् । यसैले उनी त्रिभुवनभरिकै राजा हुन सक्दछन् । उही तपाईंको आज्ञाकारी युधिष्ठिर नै यस पृथ्वीका शासक हुन योग्य पनि छन् ।

अतीत्य सर्वान् पुत्रांस्ते भागधेयपुरस्कृतः ॥
तेजसा प्रज्ञया चैव युक्तो धर्मार्थत्त्ववित् ॥८५॥

युधिष्ठिरले धर्म तथा अर्थको तत्त्व जानेका छन्, उनी तेज र बुद्धिले युक्त पनि छन् । अनि पूर्ण सौभाग्यशाली हुनुका साथै तपाईंका सवै छोराभन्दा सर्वथा उपयुक्त वा योग्य र समर्थवान् छन् ।

अनुक्रोशादानृशंस्याद् योऽसौ धर्मभृतां वरः ॥
गौरवात् तव राजेन्द्र बहन् क्लेशांस्तितिक्षति ॥८६॥

हे राजेन्द्र ! सवै धार्मिकका श्रेष्ठ युधिष्ठिर दया, सौम्यभाव एवम् तपाईंप्रति गौरव बुद्धि राख्नाले ठूलो कष्ट सहिरहेका छन् ।

महाभारत उद्योगपर्व अन्तर्गत चौतीसौं अध्यायको
विदुर नीति वाक्यको दोस्रो अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

तेस्रो अध्याय

- नरम वा कोमल व्यवहार (मिजास) र यसको महत्त्व
- छोइनै पर्ने (त्याज्य) अवगुणहरु
- सुधन्वा र विरोचनका बीचको विवाद र प्राणको बाजी
- धर्मका आठ मार्गहरु
- पापको निन्दा र धर्मको प्रशंसा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्व पैंतीसौं अध्याय

विदुर नीतिको तेस्रो अध्याय

[पहिलेका पहिलो र दोस्रो अध्यायमा सज्जन र मूर्ख, मानिसहरूका उत्तम गुणहरू, उनीहरूको कर्तव्य, कर्म, राजाका गुणहरू, नारी र पुरुष तथा उनीहरूले पालना गर्नुपर्ने मर्यादा, धनी, गरीब, इन्द्रियको नियन्त्रण, बोली र यसको प्रभावबारे विदुरजीले राजा धृतराष्ट्रलाई बताए । यी सबै कुरा अवगत गरेपछि खुसी भएर पुनः विदुरलाई आग्रह गर्दै]

धृतराष्ट्र भन्छन्:-

ब्रुहि भूयो महाबुद्धे धर्मार्थसहितं वचः ॥
श्रृण्वतो नास्ति मे तृप्तिर्विचित्राणीह भाषसे ॥१॥

हे बुद्धिमान् विदुर ! तिमी फेरि धर्म र अर्थयुक्त कुराहरू मलाई सुनाऊ । अहिलेसम्म सुनेका विषयहरूले मलाई तृप्त पारेका छैनन् । तिमीले ज्यादै महत्त्वपूर्ण एवम् विलक्षण कुराहरू भनिसक्यौ ।

विदुर भन्दछन्:-

सर्वतीर्थेषु वा स्नानं सर्वभूतेषु चार्जवम् ॥
उभे त्वेते समे स्यातामार्जवं वा विशिष्यते ॥२॥

सबै तीर्थमा गई नुहाउनु र सबै प्राणीसँग नरम व्यवहार गर्नु एकै समान हो । तापनि यी दुईमध्ये कोमलता वा नरम (मिजासिलो) व्यवहार गर्नुलाई विशेष महत्त्व दिइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्जवं प्रतिपद्यस्व पुत्रेषु सततं विभो ॥
इह कीर्तिं परां प्राप्य प्रेत्य स्वर्गमवाप्स्यसि ॥३॥

तपाईं आफ्ना छोरा कौरवहरू र भाइका छोरा पाण्डवहरू थुवैथरीसँग समान रूपले नरम व्यवहार गर्दै जानुहोस् । यसो गर्नुभयो भने संसारमा धेरै कीर्ति फैलाउनुहुनेछ । त्यसपछि (मरेपछि) पनि तपाईं स्वर्गमा वस्नुहुनेछ ।

यावत् कीर्तिर्मनुष्यस्य पुण्या लोके प्रगीयते ॥
तावत् स पुरुषव्याध स्वर्गलोके महीयते ॥४॥

यस संसारमा जवसम्म मानिसको पावन कीर्तिबारे चर्चा गरिन्छ, तवसम्म ऊ स्वर्गमा वस्दछ अर्थात् कीर्ति कमाउनाले स्वर्गप्राप्ति भए झैं हुनजान्छ ।

अत्राप्युदाहरन्तीममितिहासं पुरतनम् ॥
विरोचनस्य संवादं केशिन्यर्थे सुधन्वना ॥५॥

मानिसको पावन कीर्ति रहुञ्जेलसम्म ऊ स्वर्गमा वास गर्छ भन्ने विषयमा 'केशिनी' का लागि सुधन्वा (अङ्गिरा ऋषिका पुत्र) र विरोचन (प्रल्हादका छोरा) को वादविवादको कथालाई उदाहरणको रूपमा लिइने गरिन्छ ।

स्वयंबारे स्थिता कन्या केशिनी नाम नामतः ॥
रूपेणाप्रतिमा राजन् विशिष्टपतिकाम्यया ॥६॥

कुनै जमानामा केशिनी नाम गरेकी परमसुन्दरी कन्या आफ्ना लागि सर्वश्रेष्ठ पतिवरण गर्ने इच्छाले स्वयम्वर सभामा उपस्थित भएकी थिइन् ।

विरोचनोऽथ दैतेयस्तदा तत्राजगाम हः ॥
प्राप्तुमिच्छंस्ततस्तत्र दैत्येन्द्रं प्राह केशिनी ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै समयमा दैत्य कुमार विरोचन पनि केशिनीलाई पाउने इच्छाले त्यहाँ आइपुगे । केशिनीले दैत्यराज विरोचनलाई भनिन् ।

केशिनी भन्छिन्:-

किं ब्राह्मणाः स्विच्छ्रेयांसो दितिजा स्विदविरोचन ॥
अथ केन स्म पर्यङ्क सुधन्वा नाधिरोहति ॥८॥

हे विरोचन ! ब्राह्मण ठूला हुन् कि दैत्य ठूला हुन् ? यदि ब्राह्मण नै वेश छन् भने सुधन्वा नाम गरेका ब्राह्मण नै मसँग एउटै शय्यामा किन नवस्ने ? अर्थात् मैले सुधन्वासँग नै विवाह किन नगर्ने ?

विरोचन भन्दछन्:-

प्राजापत्यास्तु वै श्रेष्ठा वयं केशिनी सत्तमाः ॥
अस्माकं खल्वि मेलोकाः के दोवाः के द्विजातयः ॥९॥

हे केशिनी ! हामी प्रजापतिका सन्तान भएकाले निश्चय नै श्रेष्ठ र उत्तम पनि छौं । यो सारा संसारमा हामी दैत्यहरूकै हो । हाम्रो सामुन्ने देउता के हुन् ? ब्राह्मण कुन चराको नाउँ हो ?

[सत्ययुगको पूर्वार्द्धमा कश्यप नाउँ गरेका प्रजापति थिए । उनका दिती र अदिती नाउँ गरेका दुई पत्नी थिए । दितीको गर्भवाट दैत्य (असुर) हरू जन्मिए । अदितीको गर्भवाट आदित्य आदि देवताहरू जन्मिएका थिए । दैत्यहरूको आयु देवताहरूको भन्दा बढी थियो । साथै उनीहरू देवताहरूभन्दा वढी शक्तिशाली र वलिया पनि थिए । आफ्ना वावु कश्यप प्रजापतिका जेष्ठ सन्तान भएको नाताले उनीहरू वावुका उत्तराधिकारी भए र यो पृथ्वी पनि असुरहरूलाई नै प्राप्त भयो । असुरहरूले आफ्ना भाइ देवताहरूलाई जमिनको कुनै हिस्सा पनि अंशको रूपमा दिएनन् । यसैले अंशवण्डाका लागि देवता र दानवका वीच सयौं वर्षसम्म भयङ्कर युद्ध छेडियो । यस युद्धलाई 'देवासुर संग्राम' भनिन्छ । आखिरमा आफ्नो अभिमान (घमण्ड) को कारण असुर (दानव) हरू पराजित हुन गए र देवताहरूले राज्य गर्न थाले]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशिनीले भनिन्:-

इहैवावां प्रतीक्षाव उपस्थाने विरोचन ॥
सुधन्वा प्रातरागन्ता पश्येयं वां समागतौ ॥१०॥

हे विरोचन ! हामी दुवैजना यसै ठाउँमा सुधन्वालाई पर्खिरहौं । भोलि विहान उनी यहाँ आइपुग्नेछन् । अनि तिमी दुवैलाई मैले एकै ठाउँमा देख्न पाउनेछु ।

विरोचनले भने:-

तथा भद्रे करिश्यामि यथा त्वं भीरु भाषसे ॥
सुधन्वानं च मां चैव प्रातर्द्रष्टासि सङ्गतौ ॥११॥

हे कल्याणी ! तिमी जे भन्छ्यौ म त्यसै गरुँला । निश्चय नै भोलि विहान तिमीले मलाई र सुधन्वालाई एकै ठाउँमा देख्नेछौ ।

विदुरले भने:-

अतीतायां च शर्वर्यामुदिते सूर्यमण्डले ॥
अथाजगाम तं देशं सुधन्वा राजसत्तम ॥१२॥
विरोचनो यत्र विभो केशिन्या सहितः स्थितः ॥
सुधन्वा च समागच्छत् प्रल्हादिं केशिनीं तथा ॥१३॥

रात वित्यो, घाम पनि लाग्यो, विरोचन र केशिनी बसेर पर्खिरहेको ठाउँमा सुधन्वा पनि आइपुगे । सरासर प्रल्हाद कुमार विरोचन र केशिनी भएको ठाउँतिर लागे ।

समागतं द्विजं दृष्ट्वा केशिनी भरतर्षम ॥
प्रत्युत्थायासनं तस्मै पाद्यमर्घ्यं ददौ पुनः ॥

आफू वसेको ठाउँमा ब्राह्मण आएको देखेर केशिनीले बस्नलाई आसन विछ्याएर स्वागतका खातिर पाद्य र अर्घ्य दिइन् । विरोचनले पनि आफूसँगै सुवर्ण सिंहासनमा आएर बस्न सुधन्वालाई आग्रह गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वाले भनेः-

अन्वालभे हिरण्मयं प्राल्हादे ते वरासनम् ॥
एकत्वमुपसन्पन्नो न त्वासेऽहं त्वया सह ॥१४॥

हे प्रल्हाद पुत्र विरोचन ! म तिम्रो स्वर्ण सिंहासनलाई छोइदिन्छु। तिमीभन्दा म आफू श्रेष्ठ हुनाले तिमी सँगसँगै एउटै आसनमा म वस्दिन।

विरोचनले भनेः-

तवार्हते तु फलक कूर्च वाप्यथवा बृसी ॥
सुधन्वन्य त्वमर्होऽसि मया सह समासनम् ॥१५॥

हे सुधन्वन् ! तिम्रोनिम्ति पीर्का, दरी वा कुशको चकटीको आसन नै सुहाउँदछ। तिमी मसँग आसनमा बसाबरी भई बस्न लायक छैनौ।

सुधन्वाले भनेः-

पितापुत्रौ सहासीतां द्वौ विप्रौ क्षत्रियावपि ॥
वृद्धौ वैश्यौ च शूद्रो च न त्वन्यावितरेतरम् ॥१६॥
पिता हि ते समासीनमुपासीतैव मामधः ॥
बालः सुखैधितो गेहे न त्वं किंचन बुध्यसे ॥१७॥

हे विरोचन ! बाबु-छोरा, दुई-दुईजना गरेर ब्राह्मण, दुई क्षत्रिय, दुई वैश्य, दुई शूद्र र दुईवटा बूढा एउटै आसनमा बस्न सक्दछन्। परन्तु अन्य दुई व्यक्ति भने सँगसँगै एउटै आसनमा वस्न मिल्दैन। तिम्रा पिता प्रल्हाद तलतिर बस्दै मलाई आफ्नोभन्दा अग्लो आसनमा राखेर मेरो (सुधन्वाको) सेवा गर्ने गरेका छन्। तिमी अहिले केटाकेटी नै छौ घरमा सुखसयलमा पालिएको हुनाले यो कुरा तिमीले बुझेका पनि छैनौ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोचनले भनेः-

हिरण्यं च गवाश्वंच यद् वित्तमसुरेषु नः ॥
सुधन्वत् विपणे तेन प्रश्नं पृच्छाव ये विदुः ॥१८॥

हे सुधन्वन् ! हामी असुरहरूसँग जे जति सुन, गाई, घोडा आदि धन छन् ती सवैको म वाजी थाप्छु । हामी दुवैजना भएर यसवारे विज्ञ मानिससँग सोधौं कि हामी दुईजनामा को श्रेष्ठ रहेछ भनेर ।

सुधन्वाले भनेः-

हिरण्यं च गवाश्वं च तवैवास्तु विरोचनः ॥
प्राणयोस्तु पणं कृत्वा प्रश्नं पृच्छाव ये विदुः ॥१९॥

सुन, गाई, घोडा तिमीसँगै रहुन् । हामी दुवैले आफ्नो प्राणकै वाजी थापेर जो यस विषयको विज्ञ छ उसैलाई सोध्न जाऔं ।

विरोचनले भने :

आवां कुत्र गामिष्यावः प्राणयोर्विपणे कृते ॥
न तु देवेष्वहं स्थाता न मनुष्येषु कर्हिचित् ॥२०॥

आफ्नो प्राणलाई वाजीमा राखेर हामी दुईजना कसकहाँ जाने ? म त कुनै देवताकहाँ वा कुनै मानिसकहाँ गएर निर्णय गराउन चाहन्न ।

[विरोचनले असुरको तुलनामा देवता र मनुष्यलाई तुच्छ (हीन) ठानेका थिए । यस प्रश्नको निर्णय गराउन उनले उनीहरूकहाँ जानु नै आफूलाई हीनतावोध भएको महसुस गर्दथे]

सुधन्वाले भनेः-

पितरं ते गमिष्यावः प्राणयोर्विपणे कृते ॥
पुत्रस्यापि स हेतोर्हि प्रल्हादो नानृतं वदेत् ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति तेस्रो अध्याय

प्राणको वाजी लागिसकेकाले अब हामी दुवै तिम्रा पिताजी (प्रल्हाद) कहाँ जाऔं । मलाई विश्वास छ कि प्रल्हादले आफ्ना छोराको ज्यान नै जान्छ भने पनि झूठो बोल्नुहुनेछैन ।

विदुर भन्दछन्:-

एवम् कृतपणौ क्रुद्धौ तत्रभिजग्मतुस्तदा ॥
विरोचनसुधन्वानौ प्रल्हादो यत्र तिष्ठति ॥२२॥

यसरी वाजी लगाएर विरोचन र सुधन्वा परस्परमा क्रोध गर्दै त्यसै वखत प्रल्हाद वसेको ठाउँमा पुगे ।

प्रल्हाद (मनमनै) विचार गर्छन्:-

इमौ तौ सम्प्रदृश्येते याभ्यां न चरितं सह ॥
आशी विषाविव क्रुद्धावेकमागाविहागतौ ॥२३॥

प्रल्हादले आफ्नो भित्रभित्रै (मनमनै) विचार गरे यी दुवै कहिल्यै सँगसँगै हिँड्दैनथे, आज यी सुधन्वा र विरोचन सर्पजस्तो रिसाएर एउटै वाटो आइरहेको देख्दछु ।

प्रल्हादले प्रकट रूपमा विरोचनलाई सोध्छन्:-

किं वै सदैवं चरथो न पुराचरथः सह ॥
विरोचनैतत् पृच्छामि किं ते सख्यं सुधन्वना ॥२४॥

प्रल्हादले प्रकटरूपले दुवैले सुन्ने गरेर विरोचनलाई सोधे, ए विरोचन ! तिमी दुवै कहिल्यै यसरी सँगै देखिँदैनथ्यौ । आपसी वैरभावको कारण साथसाथै कहिल्यै घुम्दैनथ्यौ । कहिल्यै सँगै वसेनौ । के तिम्रो सुधन्वासँग मित्रता भएको छ कि कसो ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोचनले जवाफमा बिन्ती चढाएः-

न मे सुधन्वना सख्यं प्राणयोर्विपणावहे ॥
प्रल्हाद तत्त्वं पृच्छामि मा प्रश्नमनृतं वदे ॥२५॥

हे पिताजी ! मेरो सुधन्वासँग कुनै मित्रता भएको छैन । हामी दुवैले आ-आफ्नो प्राणको सर्त (वाजी) लगाएका छौं । म तपाईंसँग सत्य कुरा सोध्न आएको छु । मैले सोधेका प्रश्नको झूठो उत्तर दिनुहुने छैन ।

प्रल्हादले आफ्ना अनुचरहरूलाई भनेः-

उदकं मधुपर्कं वाप्यानयन्तु सधुन्वने ॥
ब्रह्मन्नभ्यर्चनीयोऽसि श्वेता गौः पीवरी कृता ॥२६॥

सुधन्वाका लागि गोडा धुने पानी (चरणोदक) र मधुपर्क (दहीमा गुलियो हुनेगरी मह मिसाइएको वस्तु) ल्याऊ । हे ब्राह्मणका तपाईं सत्कारको लागि योग्य अतिथि हुनुहुन्छ, तपाईंका लागि सेता तन्दुरुस्त गाई तयार पारेर राखेको पनि छु ।

[प्राचीन संस्कृतिवमोजिम घरमा आएका ६ प्रकारका विशिष्ट व्यक्तिहरूको निमित्त विशेषरूपको सत्कारको व्यवस्था गरिएको हुन्थ्यो । अर्घ्य दिने क्रममा आसन, हात गोडा धुने पानी, खानका लागि मधुपर्क (दही र महको मिश्रण) प्रस्तुत गरिन्थ्यो । साथै अर्चनीय व्यक्तिलाई भेट (उपहार) पनि दिइन्थ्यो । यस्तो उपहारलाई 'वर' भनिन्थ्यो । ब्राह्मणका लागि उपहार द्रव्य (रुपैयाँ) र गाई, क्षेत्रीका लागि गाउँ, वैश्यका लागि घोडा । मधुपर्कद्वारा स्वागत पाउन योग्य छ किसिमका सज्जनहरू हुन्थे स्नातक, आचार्य, पुरोहित, राजा, जुवाईं र असल एवम् प्यारो मित्र । ब्राह्मणहरूमध्येमा पनि वेदवेत्ता आचार्य र पुरोहित नै अर्घ्य प्राप्तगर्ने अधिकारी हुन् भन्ने ठानिन्थ्यो]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वाले भनेः-

उदकं मधुपर्कं च पथिष्वेवार्पितं मम ॥
प्रल्हाद त्वं तु मे तथ्यं प्रश्नं प्रब्रूहि पृच्छतः ॥
किं ब्राह्मणाः स्विच्छ्रेयांश उताहो स्विद् विरोचनः ॥२७॥

हे प्रल्हाद ! जल र मधुपर्क मैले वाटोमा नै प्राप्त गरिसकें । अहिले म तपाईंलाई जुन प्रश्न सोध्छु, तिनको ठीक-ठीक उत्तर दिनुहोस् । ब्राह्मण श्रेष्ठ (ठूलो) हो कि विरोचन ठूलो हो ?

प्रल्हाद भन्दछन्ः-

पुत्र एको मम ब्रह्मस्त्वं च साक्षादिहास्थितः ॥
तयोर्विवदतोः प्रश्नं कथमस्म्दद्विधो वदेत् ॥२८॥

हे ब्रह्मन् ! विरोचन मेरो एक्लो (एकमात्र) छोरा हो । फेरि तपाईं स्वयम् यहाँ उपस्थित हुनुहुन्छ । तपाईं दुईको विवादमा म जस्ताले कसरी निर्णय दिन सक्छु र ?

सुधन्वाले भनेः-

गां प्रदद्यास्त्वौरसाय यद्वान्यत् स्यात् प्रियं धनम् ॥
द्वयोर्विवदतोस्तथ्यं वाच्यं च मतिमंस्त्वया ॥२९॥

हे वुद्धिमान् महाराज ! तपाईंसँग गाई एवम् अन्य जे जति सम्पत्तिहरू छन् ती सवै तपाईंको औरस (आफूवाटै जन्मिएको) छोरा विरोचनलाई दिनुहोस् । परन्तु हामी दुवै (सुधन्वा-विरोचन) का वीच भएको विवादमा भने ठीक-ठीक जवाफ दिनुहोस् ।

प्रल्हादले भनेः-

अथ यो नैव प्रब्रूयात् सत्यं वा यदि वानृतम् ॥
एतत् सुधन्वन् पृच्छामि दुर्विवक्तान स्म किं वसेत् ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुधन्वन् ! म यहाँसँग यो कुरा सोध्दछु कि जसले साँचो कुरा वोल्दैन अथवा असत्य निर्णय गर्छ यस किसिमको असत्यवक्ताको कस्तो स्थिति (अवस्था) होला त ?

सुधन्वाले जवाफ दिए:-

यां रात्रि मधिविन्ना स्त्री यां चैवाक्ष पराजितः ॥
यां च भाराभितप्ताङ्गो दुर्विवित्तास्म तां वसेत् ॥३१॥
नगरे प्रतिरुद्धः सन् बहिर्द्वारे वुभुक्षितः ॥
अमित्रान् भूयसः पश्येद् यः साक्ष्यमनृतं वदेत् ॥३२॥
पञ्च पश्वनृते हन्ति दश हन्ति गवानृते ॥
शतमश्वान्ते हन्ति सहस्रं पुरुषानृते ॥३३॥
हन्ति जातानजातांश्च हिरण्यार्थेऽनृतं वदन् ॥
सर्वं भूम्यनृते हन्ति मा स्म भूम्यनृतं वदेः ॥३४॥

सौता भएको स्त्री, हारेको जुवाडे अनि दिनभरि भारी बोकेर शरीर लेथ्नु परेको भरियाको रातमा जस्तो अवस्था हुन्छ, त्यस्तै स्थिति उल्टो न्याय दिने वा बोल्नेको हुनजान्छ ।

उल्टो न्याय दिने व्यक्तिको अवस्था आफ्नो नगरभित्र प्रवेश निषेध गरिएको र सहरको वाहिरी गेटमा नै भोक प्यासले तड्पिएर अनेकौं शत्रुहरूलाई देखिरहनुपरेको राजाको अवस्था समान हुन्छ ।

वोका, भेंडा आदि साधारण पशुका लागि जसले झूठो (असत्य) कुरा वोल्दछ उसले आफ्ना पाँच पुस्ताका पूर्वजहरूलाई नाश गर्दै परलोकवाट झार्दछ । यसैगरी गाईका लागि झूठो वोल्नेले आफ्ना दश पुर्खाका पूर्वजहरूलाई र घोडाका लागि झूठो वोल्ने व्यक्तिले सय पुस्ताका अग्रजहरूलाई परलोकवाट खसाल्दछ । मानिसकै लागि जसले झूठो कुरा गर्दछ उसले एक हजार पुर्खाका अग्रजहरूलाई गिराएको हुन्छ अर्थात् झूठो बोल्नु महापाप मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुनको निमित्त झूठो बोल्नेले आफ्ना पहिलो (भूत) अहिले (वर्तमान) र पछि हुने (भविष्य) सबै पुर्खालाई नरकमा धकेल्दछ। जमिन र स्त्रीका लागि झूठो कुरा गर्नेले आफ्नै सर्वनाश पार्दछ। यसैले तपाईंले जमिन र स्त्रीको निम्ति कहिल्यै पनि झूठो कुरा नबोल्नोस्।

प्रल्हाद भन्दछन्:-

मत्तः श्रेयानङ्गिरा वै सुधन्वा त्वद्विरोचन ॥
मातास्य श्रेयसी मातुस्तस्मात्त्वं तेन वै जितः ॥३५॥
विरोचन सुधन्वायं प्राणनामीश्वरस्तव ॥
सुधन्वन् पुनरिच्छामि त्वया दत्तं विरोचनम् ॥३६॥

हे विरोचन ! म (प्रल्हाद) भन्दा श्रेष्ठ (ठूलो) सुधन्वाका पिता अंगिरा ऋषि हुन्। साथै तिम्री आमाभन्दा यी सुधन्वाकी आमा श्रेष्ठ (ठूली) हुन्। यसैले तिमी सुधन्वासँग बाजीमा हारेका छौ।

हे विरोचन ! यी सुधन्वा अहिले तिम्रो प्राणका मालिक बनेका छन् किनकि तिमीले यिनीसँग बाजी हारेका छौ। त्यसपछि सुधन्वातर्फ फर्केर प्रल्हादले सुधन्वालाई आग्रह साथ भन्छन् हे सुधन्वान् ! तपाईंद्वारा प्रदान गरिएको विरोचनलाई पुनः म प्राप्त गर्न चाहन्छु।

सुधन्वा भन्दछन्:-

यध्दर्मवृणीथास्त्वं न कामादनृतं वदीः ॥
पुनर्ददामि ते पुत्रं यस्मात् प्रल्हाद दुर्लभम् ॥३७॥
एष प्रल्हाद पुत्रस्ते मया दत्तो विरोचनः ॥
पादप्रक्षालनं कुर्यात् कुमार्याः सन्निधौ मम ॥३८॥

हे प्रल्हाद ! तपाईंले धर्मकै अनुसरण गर्नुभयो। स्वार्थवस मिथ्या (झूठो) बोल्नुभएन। यसैले तपाईंका लागि दुर्लभ हुन पुगिसकेको तपाईंको छोरा विरोचन तपाईंलाई नै फिर्ता गर्छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे प्रल्हाद ! तपाईंको छोरा विरोचन फिर्ता गरिदिएको छु । अब यिनले कुमारी केशिनीको नजीकमा फर्किएर मेरो गोडा धोओस् ।

विदुर भन्दछन्:-

तस्माद्: राजेन्द्र भूम्यर्थे नानृतं वक्तुमर्हसि ॥
मा गमः ससुतामात्यो नाशं पुत्रार्थमब्रुवन् ॥३९॥

यसैले हे राजेन्द्र धृतराष्ट्र ! तपाईं पृथिवी (जमिन) को टुक्राका लागि झूठो नवोल्नोस् । छोराको स्वार्थका कारणले सत्य कुरा नवोलेर आफ्ना छोरा र मन्त्रीहरूका साथ सर्वनाशको मुखभित्र नजाकिनोस् ।

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ॥
यं तु रक्षितुमिच्छन्ति बुद्ध्या संविभजन्ति तम् ॥४०॥

गोठालाले जस्तै हातमा लट्ठी लिएर देवताहरूले व्यक्तिको आफै रक्षा गर्दैनन् । दैवले जसलाई रक्षा गर्न चाहन्छ, उसलाई सबैभन्दा पहिले बुद्धिमान् बनाइदिन्छ ।

[मनुष्यलाई जब आफ्नो पूर्व कर्मानुसारको फल भोग्ने अवसर प्राप्त हुन्छ, त्यसैबेला उसको बुद्धि पनि निर्मल हुन पुग्दछ । जब दुःख भोग्ने समय आउँछ त्यतिबेला मानिसको बुद्धि पनि तदनुसार नै मलिन हुन थाल्दछ । यो कुरा सामान्य व्यक्तिमा प्रचलित भएको छ । परन्तु विशेष व्यक्ति जसले सम्पत्ति (सुख) र विपत्ती (दुःख) अवस्थामा दुवैलाई नै समान ठान्दछ उसको बुद्धिमा दैवानुसार सुख-दुःखको अनुभव परिवर्तन हुने गर्दैन । यस किसिमका महापुरुषहरू विरलै पाइन्छन् । यिनीहरू आफ्नो पौरखले दैवलाई पनि पराजित गर्न समर्थ भएका छन् । दैव र पौरखले आफ्नो आफ्ना ठाउँमा महत्त्व राख्दछन् । आफूले पहिले गरेका कर्मको फल भोग्न प्राणीले तत्पर हुनु नै दैव मानिन्छ । पूर्वकृत कर्मको फल भोग्ने कुरा अवश्यंभावी पनि छ । परन्तु सुख, दुःखरूपी भोगजन्य अनुभवहरूलाई मनुष्यले धैर्यरूपी आफ्नो गुणद्वारा न्यून

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्न सक्दछ। पुरुषार्थले नयाँ-नयाँ कर्मलाई पैदा गर्दछ, भविष्यमा देखिने दैवलाई रचना गर्दै जाने पुरुषार्थ हो। यसको विना छुट्टै दैव बन्न नै सक्दैन। यसैले मनुष्यको पुरुषार्थ र दैवका बीच कुनै पनि पारस्परिक विरोध रहँदैन। दैवले नै दिइहाल्छ भनी कर्म नै नगरेर वस्नु मूर्खता हो। पूरुषार्थ गरेपछि सबै कुरा पूर्ण भैहाल्छ भनी दैवलाई वास्ता नगर्दा पनि ठूलो हानि पुग्न जान्छ। दैवलाई वास्ता नगरी पुरुषार्थलाई मात्र अँगाल्नाले मानिसमा अहंकार बढ्न थाल्दछ। अहंकारलाई रोक्न र पुरुषार्थ गर्नेतर्फ सतत प्रवृत्त रहनको निमित्त निष्काम भावले कर्म गर्ने र कर्मफललाई ब्रह्मार्पण गर्ने गर्नुपर्दछ भनी शास्त्रहरूले बताएका पनि छन्। यस प्रकारको आचरण गर्नाले मनुष्यको मनोबल बढ्न गई द्वन्द्वतीत अवस्थामा पुग्न जान्छ]

'दैव' यस शब्दको साधारण अर्थ भाग्य वा देवताहरूको समूह हो। पहिले गरिएका विविध कर्महरूको समूहलाई दैव भनिएको छ। यस किसिमका दैवले कर्मफल भोग गर्ने पृष्ठभूमि तयार गर्दछ।

यथा यथा हि पुरुषः कल्याणे कुरुते मनः ॥
तथा तथास्य सर्वार्थाः सिद्धयन्ते नात्र शंशयः ॥४१॥

मनुष्यले जसै जसै कल्याण प्राप्तिमा मन लगाउँछ त्यसै त्यसै उसका सबै चाहना निःसन्देह पूरा हुन थाल्दछन्।

नैनं छन्दांसि वृजिनात् तारयन्ति मायाविनं मायमा वर्तमानम् ।
नीडं शकुन्ता इव जातपक्षाश्छन्दांस्येनं प्रजहत्यन्तकाले ॥४२॥

छल प्रपञ्च र कपटपूर्ण व्यवहार गर्ने मनुष्यलाई पखेंटा लागेर उड्न सक्ने भएपछि चराचुरुङ्गीले गूँडलाई छाडेजस्तै वेदहरूले पनि पापकर्मको फल भोग्नुपर्ने स्थितिवाट जोगाउन सक्दैनन् अर्थात् वेदले पनि यस्ता कपटी मानिसलाई अन्तिम अवस्थामा साथ दिँदैनन्।

मद्यपानं कलहं पूगवैरं भार्यापत्योरन्तरं ज्ञातिभेदम् ॥
राजद्विष्टं स्त्री पुंसयोर्विवादं वर्ज्यान्याहुर्यश्च पन्थाः प्रदुष्टः ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रक्सी खानु, झगडा गर्नु, समाजको विरोध गर्नु, पतिपत्नीका वीच मनोमालिन्य पैदा गराई झगडा भड्काउनु, नाता कुटुम्बमा फूट पार्नु, राज द्वेष गर्नु वा सरकारसँग वैरभाव राख्नु, स्त्री-पुरुषको वीच विवाद झगडा सुरु गराउनु, कुमार्गमा चल्न अग्रसर रहनु यी सबै कुलत हुन्। यिनलाई सज्जन व्यक्तिले सर्वथा परित्याग गर्नुपर्दछ।

सामूद्रिकं वाणिजं चोरपूर्वं शलाकधूर्त्तं च चिकित्सकं च ॥
अरिं च मित्रं कुशीलवं च नैतान् साक्ष्ये त्वधिकुर्वीत सप्त ॥४४॥

हस्तरेखा (हात हेर्ने ज्योतिष) हेर्ने व्यक्ति, पहिले चोर भइसकेपछि मात्र व्यापार गर्न थालेको अथवा चोरी गरेको सामानको व्यापार गर्ने मानिस, जुवाडे, चिकित्सक, वैद्य, शत्रु, मित्र, नटुवा (अभिनय गर्न जान्ने) यी सात जनालाई कहिल्यै पनि गवाह साक्षी नवनाइयोस्। किनकि यस किसिमका मानिसले विभिन्न कारणले गर्दा झूठो कुराको बयान दिन पनि सक्दछन्।

मानाग्निहोत्रमुत मानमौनं मानेनाधीतमुत मानयज्ञः ॥
एतानि चत्वार्भयभंकराणि भयं प्रयच्छन्त्यययथाकृतानि ॥४५॥

(विश्वास) श्रद्धा वा आदरपूर्वक गरिएको अग्निहोत्र अनुष्ठान आदरपूर्वक पालन गरिएको मौन (चूप) रहने साधन (मौन व्रत), आदरपूर्वक गरिने गरिएको स्वाध्याय, श्रद्धाले सञ्चालन गरिएको यज्ञ अनुष्ठान यी चार किसिमका कर्महरूले मानिसलाई भयमुक्त गराउँदछन्। परन्तु यिनै कर्महरू ठीक तरहले गरिएनन् भने भयावह पनि हुन जान्छन्।

अगारदाही गरदः कुण्डाशी सोम विक्रयी ॥
पर्वकारश्च सूची च मित्रधुक् पारदारिकः ॥४६॥
भ्रूणहा गुरुतल्पी च यश्च स्यात् पानपो द्विजः ॥
अतितीक्ष्णश्च काकश्च नास्तिको वेदनिन्दकः ॥४७॥
स्त्रुवप्रग्रहणो व्रात्यः कीनाशश्चात्मवानपि ॥
रक्षेत्युक्तश्च यो हिंस्यात् सर्वे ब्रह्महभिः साभाः ॥४८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरमा आगो लगाउने, विष खुवाउने, जार सन्तानले (झट्केलो छोराछारीले) कमाएको खाने, जाँड रक्सी वेच्ने, घातक धारिला हतियार वनाउने, गुप्तचरी गर्ने, ग्रहफल भन्ने छुल्याहा, साथीको रिस गर्ने मित्रद्रोही, परस्त्रीमा लम्पट रहने, गर्भ तुहाउने गुरूपत्नीलाई गमन गर्ने, ब्राह्मण भएर पनि मदिरा पिउने, लाग्ने चुलेसी जस्तो तीखो स्वभावको अति रिसाहा, कागले जस्तै काँकाँ अर्थात् फतर-फतर गर्दै रहने, वेदलाई नमान्ने अथवा निन्दा गर्ने नास्तिक, गाउँ-गाउँमा सुरो र कुश लिएर घुमी हिँड्ने वाहुनवाजे वा टपरे वाहुन, व्रात्य तथा (समयमा उपनयन संस्कार हुन नसकेको) पतित ठानिएको लोभी, कृतघ्न, मलाई नमार्नोस् वचाउनुहोस् भनी पुकारा गर्दै गुहार माग्दाका वखत पनि आफू समर्थवान् (शक्तिसम्पन्न) हुँदाहुँदै रक्षा गर्नु वदला उल्टै हिंसा गर्न खोज्ने, यी सबै नै ब्रह्महत्या गर्ने समानका महापापी हुन् ।

तृणोल्कया ज्ञायते जातरूपं वृत्तेन भद्रौ व्यवहारेण साधुः ॥
शूरो भयेष्वर्थकृच्छ्रेषु धीरः कृच्छ्रेष्वापत्सु सुहृदश्चारयश्च ॥४९॥

वलेको आगोद्वारा सुन हो भन्ने चिन्न सकिन्छ । सत्पुरुषलाई सदाचारले चिनाउँदछ । असल व्यवहार (मिजास) द्वारा साधुको पहिचान हुन्छ । भय पैदा भएका वखत सूर वीरको परिचय हुन्छ । आर्थिक दूरावस्था पर्दा धैर्यशाली मानिसलाई चिनिन्छ । आपत्ति एवम् विपत्ति परेका वखत शत्रु र मित्रलाई चिन्न सकिन्छ ।

जरा रूपं हरति हि धैर्यमाशा मृत्युः प्राणान् धर्मचर्यामसूया ॥
क्रोधः श्रियं शलीमनार्य सेवा क्रियं कामः सर्वमेवाभिमानः ॥५०॥

वुढ्याइँले सुन्दर रूपलाई विगार्छ, आशा लागेपछि धैर्य नष्ट हुन जान्छ । मृत्युले प्राणलाई घात गर्छ, छिद्रान्वेषीले धर्म र आचरणलाई नाश गर्दछ, क्रोधले सम्पत्ति नष्ट पार्छ, नीच व्यक्तिहरूको सेवागरेमा आफ्नो सत्स्वभाव नै विग्रन्छ, काम (चाहत) ले लाजलाई र अभिमान (घमण्ड) ले सर्वस्वकै नाश हुनजान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीर्मङ्गलात् प्रभवति प्रागल्भ्यात् सम्प्रबर्धते ॥
दाक्ष्यात्तु करुते मूलं संयमात् प्रतितिष्ठति ॥५१॥

उत्तम कर्मले सम्पत्तिलाई उत्पादन गर्दछ। चतुरतापूर्वक यथायोग्य तरिका अपनाउँदा सम्पत्ति बढ्दछ। शीघ्रता साथ समयमै कार्य सम्पन्न गर्नाले सम्पत्ति कमाइ गर्ने तरिका मजबूत हुन पुग्दछ। संयम् र विवेकपूर्वक काम गर्नाले सम्पत्ति स्थिर रहन्छ।

अष्टौ गुणाः पुरुषं दीपयान्ति प्रज्ञा च कौल्यं च दमः श्रुतं च ॥
पराक्रमश्चाबहुभाषिता च दानं यथाशक्ति कृतज्ञता च ॥५२॥

बुद्धि, कुलीनता, इन्द्रिय नियन्त्रण, शास्त्रज्ञान, बहादुरी (पराक्रम), (थोरै) कम बोल्नु, यथाशक्य दान गर्नु र कृतज्ञ हुनु यी आठ प्रकारका गुणले मनुष्यको व्यक्तित्व बढाउँदछ।

एतान् गुणांस्तात महानुभावा नेको गुणः संश्रयते प्रसह्य ।
राजा यदा सत्कुरुते मनुष्यं सर्वान्गुणानेष गुणो विभाति ॥५३॥

राजसत्कार भन्ने एउटै यस्तो गुण छ कि जसले यी आठवटा सबै महत्वपूर्ण गुणमा अठात् अधिकार जमाउँदछ। जुन समयमा राजाले कुनै मानिसको सत्कार गर्दछन्। त्यसैबखत यो राजसम्मान भन्ने एउटै गुणले अन्य गुणभन्दा बढी महत्त्व पाउँदै अरू गुणलाई छायाँमा पार्दछ।

अष्टौ नृपेमानि मनुष्यलोक स्वर्गस्य लोकस्य निदर्शनानि ॥
चत्वार्येषामन्ववेतानि सद्भि श्चत्वारि चैषामनुयान्ति सन्तः ॥५४॥

यस धरतीमा उपर्युक्त आठवटै गुणले मानिसलाई स्वर्ग देखाउँदछन्। यी आठमध्ये पनि चार गुण साधुसन्तहरूसँग सधैं सम्बन्ध राख्दछन्, बाँकी चार गुणको सज्जन पुरुषहरूले अनुसरण गर्ने गर्दछन्।

यज्ञो दानमध्ययनं तपश्च चत्वार्येतान्यन्ववेतानि सद्भिः ॥
दमः सत्यमार्जवमानृशंस्यं चष्वार्येत्तान्यनुयान्ति सन्तः ॥५५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ, दान, अध्ययन, तप यी चार गुण सधैँ सज्जनहरूसँग सम्बन्धित रहन्छन्। इन्द्रियको नियन्त्रण, सत्यता, सरलता तथा कोमलता यी चार गुणको भने साधु सन्तहरूले अनुसरण नै गरेका हुन्छन्।

इज्याध्ययनदानाति तपः सत्यं क्षमा धृणा ॥
अलोभ इति मार्गोऽयं धर्मस्याष्टविधः स्मृतः ॥५६॥
तत्र पूर्व चतुर्वगो दम्भार्थमपि सेवयते ॥
उत्तरश्च चतुर्वर्गो नमहात्मसु तिष्ठति ॥५७॥

यज्ञ, अध्ययन, दान, तप, सत्य, क्षमा, दया र अलोभ यी आठ कुरा धर्मका मार्ग हुन्। यीमध्ये यज्ञ, अध्ययन, दान, तपी यी चार कुरा दुर्जन मानिसले दम्भ (देखावटी) को रूपमा पनि अनुसरण गर्दछ। तर सत्य, सहनशीलता (क्षमा), दया र अलोभ यी चार गुण भने केवल महात्मा पुरुषमा विद्यमान रहन्छन्।

न सा सभा यत्र न सन्ति वृद्धा
न ते वृध्दा ये न वदन्ति धर्मम् ॥
नासौ धर्मो यत्र न सत्यमस्ति
न तत् सत्यं च्छलेनाभ्युपेतम् ॥५८॥

ज्ञानवान् हुनुका साथै परिपक्व उमेर भएका अनुभवी वृद्ध मान्छे नभएको अथवा नरहने गरेको जमघटलाई सभा वा परिषद् भनिँदैन। परिपक्व ज्ञान नभएको र धर्मको चर्चा पनि नगर्ने व्यक्ति देख्तामा बूढोजस्तो देखिए तापनि उसलाई वृद्ध मानिँदैन। सत्यता नभएको विषय धर्म हुन सक्दैन। कपटपूर्ण विषयलाई सत्य ठानिँदैन।

सत्यं रूपं श्रुतं विद्या कौलयं शीलं बलं धनम् ॥
शौर्य च चित्रभाष्यं च दशेमे स्वर्गयोनयः ॥५९॥

सत्य, विनम्र भाव, शास्त्रज्ञान, विद्या, कूलीनता, शील, बल, धन, शूरता एवम् चमत्कारपूर्ण कुराहरू बोल्नु, यी दस कुरा स्वर्गका साधनहरू हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पापं कुर्वन् पापकीर्तिः पापमेवाश्नुते फलम् ॥
पुण्य कुर्वन् पुण्यकीर्तिः पुण्यमत्यन्तमश्नुते ॥६०॥

पापी मनुष्यले पापकर्म गर्दागर्दै त्यसको फल पनि पापयुक्त नै पाउँदछ। पुण्यकर्म गर्ने मनुष्यले भने पुण्यकर्म गर्दागर्दै पुण्यको फल प्राप्त गर्दछ।

तस्मात् पापं नकुर्वीत पुरुषः शंसितव्रतः ॥
पापं प्रज्ञां नाशयति क्रियमाणं पुनः पुनः ॥६१॥
नष्ट प्रज्ञः पापमेव नित्यमारभते नरः ॥
पुण्यं प्रज्ञां वर्धयति क्रियमाणं पुनः पुनः ॥६२॥
वृध्दप्रज्ञः पुण्यमेव नित्यमारभते नरः
पुण्यं कुर्वन् पुण्यकीर्ति : पुण्यं स्थानं स्म गच्छति ॥
तस्मात् पुण्यं निषेवेत पुरुषः सुसमाहितः ॥६३॥

उत्तम व्रत गर्ने मानिसले पाप कर्म (आचरण) गर्नुहुँदैन किनकि बारम्बार पापकर्म गर्ने मानिसको बुद्धि नष्ट हुन्छ। बुद्धि नष्ट भएको मानिसले सधैं नै पाप कर्म गर्दै रहन्छ। त्यसैगरी बारम्बार पुण्य गरेमा त्यस पुण्यले बुद्धिलाई बढाउँदछ।

जसको बुद्धि बढेको छ। त्यस मानिसले सधैंभरि पुण्य नै गर्दै रहन्छ। यसरी पुण्य कार्य गर्ने मानिस पनि पुण्य गर्दागर्दै पुण्यलोकमा नै पुग्दछ। यसैले सदैव एकाग्रभावले मनुष्यले पुण्य गर्दै जाओस्।

असूयको दन्दशूको निष्ठुरो वैरकच्छठः ॥
स कृच्छ्रं महादाप्नोति नचिरात् पापमाचरन् ॥६४॥

गुणलाई दोष देख्ने, मर्म पर्ने गरी प्रहार (चोट) गर्ने, रूखो (ठाडो) बोली बोल्ने, विरोधी रवैया (शत्रुता) लिइरहने पटमूर्ख मनुष्यले पापकर्म गर्दागर्दै छिटो-छिटो ठूलो कष्ट भोग्दछ।

अनसूयुः कृतप्रज्ञः शोभनान्याचरन् सदा ॥
न कृच्छ्रं महदाप्नोति सर्वत्र च विरोचते ॥६५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोषदृष्टि नलिएका शुद्ध बुद्धि भएका मानिसले सधैँ नै शुभकर्मरूपी अनुष्ठान गर्ने गर्दछन्। उनीहरूलाई सर्वत्र सम्मान प्राप्त हुन्छ र सुखी र वैभवशालीसमेत बन्दछन्।

प्रज्ञामेवागमयति यः प्राज्ञेभ्यः स पण्डितः ॥
प्राज्ञो स्यवाप्य धर्मार्थौ शक्नोति सुखमेधितुम् ॥६६॥

बुद्धमान् वा विद्वान्सँगवाट ज्ञान हासिल गर्ने मानिस विद्वान् हुन्छ। विद्वान् पुरुषहरू धर्म एवम् अर्थ दुवै चिज प्राप्त गरेर इहलौकिक एवम् पारलौकिक दुवै प्रकारका सुखको अभिवृद्धि गर्नलाई समर्थ बन्दछन्।

दिवसेनैव तत् कुर्याद् येन रात्रौ सुखं वसेत् ॥
अष्टमासेन तत् कुर्याद् येन वर्षाः सुखं वसेत् ॥६७॥

रातमा आराम साथ बस्न पाउने खालका चिन्तामुक्त गराउने कामहरू नै मानिसले दिनको समयमा गर्ने गरोस्। यसैगरी एक वर्ष (१२ महिना) मा आठ महिनासम्मको समयमा त्यस्तो काम गरोस्, जसले वर्षायामको बाँकी चार महिना सुख र शान्तिपूर्वक व्यतीत गर्न सकियोस्।

पूर्वे वयसि तत् कुर्याद् येन वृद्धः सुखं वसेत् ॥
यावज्जीवेन तत् कुर्याद् येन प्रेत्य सुखं वसेत् ॥६८॥

मानिसले जीवनको पूर्वार्द्ध समयमा आफू वृद्धावस्थामा पुगेपछि सुखपूर्वक जीवनयापन गर्न पाउने खालको कर्म गर्दै रहोस्। मृत्युपश्चात् सुखपूर्वक रहन सकिने खालका कर्महरू (पुण्यकर्म) आफ्नो जीवनभरि नै गर्दै जाओस्।

जीर्णमन्नं प्रशंसन्ति भार्या च गतयौवना ॥
शूरं विजियसंग्रामं गतपारं तपस्विनम् ॥६९॥

सजिलैसँग खाँदा पच्न सक्ने अन्न, यौवनावस्था पारगरेकी गृहिणी स्त्री, लडाइँ जितेको शूर वीर व्यक्ति, ठूला-ठूला तपस्याहरू गरिसकेर परमपद प्राप्त गरिसकेको तपस्वी, (ऋषिमुनि) यी चारथरीलाई सबैले प्रशंसा गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनेनाधर्मलब्धेन यच्छिद्रमपिधीयते ॥
असंवृतं तद् भवति ततोऽन्यदवदीर्यते ॥७०॥

अधर्म (पापकर्म) द्वारा कमाइएको धनमा जे जति दोषहरू (गल्तीहरू) लुकाइन्छन्। यी दोषहरू छिप्दैनन् गोपनीय पनि हुँदैनन्। वरु नयाँ-नयाँ दोषहरू समय आउँदा प्रकट हुँदै र वढ्दै जान्छन्।

गुरुरात्मवतां शास्ता शास्ता राजा दुरात्मनाम् ॥
अथ प्रच्छन्नपापानां शास्ता वैवस्वतो यमः ॥७१॥

आफ्ना मन र इन्द्रियहरूलाई नियन्त्रण गर्ने शिष्यहरूका शास्ता (मार्गदर्शक) गुरु हुन्छन्। दुर्जनहरूलाई दण्ड दिएर तह लगाउन शास्ता (शासक) राजा (प्रशासक) हुन्छन्। यसै गरेर लुकीछिपी पापकर्म गर्ने पापीहरूलाई दण्ड दिएर शासन गर्ने सूर्यका छोरा यमराज हुन्।

ऋषीणां च नदीनां च कुलानांच महात्मनाम् ॥
प्रभवो नाधिगन्तव्यः स्त्रीणां दुश्चरितस्य च ॥७२॥

ऋषि साधु सन्न्यासीहरू, खोला वा नदीहरू, महात्माहरू उत्पत्ति भएको वंश या कुलका वारेमा र स्त्रीहरूको दुश्चरित्रताबारेको जड पनि थाहा पाउन सकिँदैन। यसैले यी सबै विषयको जानकारी लिनेतर्फ प्रयास गरिरहनुहुँदैन।

द्विजातिपूजाभिरतो दाता ज्ञातिषु चार्जवी ॥
क्षत्रियः शीलभाग् राजंश्चिरं पालयते महीम् ॥७३॥

वुद्धिमान्, विद्वान् र व्राह्मणहरूको कदर सेवा सत्कार गर्ने, दानशील, कुटुम्वीजनहरूसँग नरम व्यवहार गर्ने असल स्वभाव भएको राजाले लामो समयसम्म देशको शासन चलाउँदछन्।

सुवर्णपुष्पां पृथिवी चिन्वन्ति पुरुषास्त्रयः ॥
शूरश्च कृतविद्यश्च यश्च जानाति सेवितुम् ॥७४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शूरवीर, पढेलेखेको विद्वान्, सेवाधर्म जानेको अनुभवी यी तीन प्रकारका मानिसले यस धरतीवाट सुनको फूल फुलाउने वृक्ष उमार्दछन् अर्थात् वीर, विद्वान् र अनुभवी व्यक्तिले यसै पृथ्वीमा अपार वैभव कमाउन सक्दछन्।

बुद्धिश्रेष्ठानि कर्माणि बाहुमध्यानि भारत ॥
तानि जङ्घाजघन्यानि भारप्रत्यवराणि च ॥७५॥

वुद्धि लगाएर र विचार पुऱ्याएर गरिएका कर्महरू श्रेष्ठ (उत्तम) हुन्छन्। वाहुवलद्वारा गरिने कर्म मध्यम श्रेणीका र गोडा वजारेर अर्थात् जाँघद्वारा गरिने कर्म अधम श्रेणीमा पर्दछन्। भारी वोकेर गरिने कर्म महाअधम श्रेणीका ठानिन्छन्।

दुर्योधनेऽथ शकुनौ मूढे दुःशासने तथा ॥
कर्णे चैश्वर्यमाधाय कथं त्वं भूतिमिच्छसि ॥७६॥

हे महाराज ! अव तपाईं दुर्योधन, शकुनी, मूर्ख दुःशासन तथा कर्णउपर राज्यको कार्यभार सुम्पिएर आफ्नो उन्नति कसरी होला भन्ने ठान्नुहुन्छ ?

सर्वैर्गुणैरूपेतास्तु पाण्डवा भरतर्षभ ॥
पितृवत् त्वयि वर्तन्ते तेषु वर्तस्य पुत्रवत् ॥७७॥

पाण्डवहरू सवै असल-असल गुणहरूले युक्त छन्। उनीहरू तपाईंलाई पितृवत् भाव राखेर सम्मानजक व्यवहार गर्दछन्। तपाईं पनि उनीहरूलाई पुत्रभाव राखेर व्यवहार गर्नुहोस्।

महाभारत उद्योगपर्वको पैंतीसौं अध्याय
विदुरनीति वाक्यको तेस्रो अध्याय पूरा भयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

चौथो अध्याय

- दत्तात्रेय र साध्य देवताहरु बीचको संवाद
- कर्तव्य, अकर्तव्य
- संगति
- कुल वर्णन
- सुखका साधन (उपाय) हरु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्वको छत्तीसौं अध्याय

विदुर नीति चौथो अध्याय

विदुर भन्दछन्:-

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम् ॥
आत्रेयस्य च संवाद साध्यानां चेति नः श्रुतम् ॥१॥

हे राजन् ! म अब तपाईंलाई दत्तात्रेय र साध्य देवताहरूबीच भएको संवादरूप प्राचीन इतिहासवारे भन्दछु, यो कुरा मैले पनि हाम्रा पूर्वजहरूवाट सुनेको थिएँ ।

चरन्तं हंसरूपेण महर्षि संशितव्रतम् ॥
साध्या देवा महाप्राज्ञं पर्यपृच्छन्त वै पुरा ॥२॥

परापूर्वकालमा उत्तम व्रत गर्ने महाबुद्धिमान् महर्षि दत्तात्रेय हंस (परमहंस) का रूपमा घुम्दै हुनुहुन्थ्यो । त्यसैवखत साध्य आदि नाम गरेका देवताहरूले उहाँसँग प्रश्न गरे ।

साध्यहरू सोध्छन्:-

साध्या देवा वयमेते महर्षे
दृष्ट्वा भवन्तं न शक्नुमोऽनुमातुम् ॥
श्रुतेन धीरो बुद्धिमांस्त्वं मतो न :
काव्यां वाच वक्तुमर्हस्युदाराम् ॥३॥

हे महर्षे ! हामी सबै साध्य देवता हौं । तपाईंलाई देख्दैमा तपाईंका वारेमा कुनै कुरा पनि अनुमान गर्न सकेनौं । हामीलाई त तपाईं शास्त्रीयज्ञान जान्ने धीर एवम् बुद्धिमान् व्यक्ति हुनुहुन्छ भन्ने लागेको छ । यसैले कृपापूर्वक हामीहरूलाई आफ्ना विद्वत्ताले परिपूर्ण भएका उदार कुराहरू बताईदिनुहोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हंसरूप श्री दत्तात्रेयले भन्नुभयोः-

एतत् कार्यममरा संश्रृतं मे धृतिः शमःसत्य-धर्मानुवृत्तिः ॥
ग्रन्थि विनीय हृदयस्य सर्व प्रियाप्रिये चात्मसमं नयीत ॥४॥

हे देवताहरू हो ! धैर्य धारण गर्नु, मनलाई आफ्नो नियन्त्रणमा राख्नु, (सत्य) धर्मलाई पालना गर्नु नै मानवका कर्तव्यहरू हुन् । अतएव मानिसले यिनै धैर्य, शम (शान्ति) र (सत्य) धर्मद्वारा आफ्ना मनभित्र रहेका संशयरूपी गाँठाहरू फुकाएर प्रिय वा अप्रिय सबैलाई आफूसमान व्यवहार गरोस् ।

आक्रुशयमानो नाक्रोशेन्मन्युरेव तितिक्षतः ॥
आक्रोष्टारं निर्दहति सुकृतं चास्य विन्दति ॥५॥

अरूको जथाभावी गालीगलौज सुनेर पनि आफूले स्वयम् अरूलाई तथानाम गाली नगर्नू । सहनशील मानिसले रोकेको रिसले नै गाली गर्नेहरूलाई छटपटी (जलन) वा नाश नै गराउँछ, साथै त्यस्ता गाली गर्नेहरूले कमाएको पुण्य पनि नष्ट हुनजान्छ ।

नाक्रोशी स्यान्नावमानी परस्य मित्रद्रोही नोत नीचोपसेवी ॥
न चाभिमानी न च हीनवृत्तो रक्षां वाचं रुषतीं वर्जयीत ॥६॥

कसैलाई पनि गाली नगर्नू, अपमान नगर्नु, मित्र द्रोह र तल्लोस्तरका मानिसहरूको सेवा पनि नगर्नु, सदाचारी र निरभिमानी पनि हुनुपर्छ । रूखो र अरूलाई डाह छुट्ने खालका बोली वचनलाई त्यागिदिनुपर्छ ।

मर्माण्यस्थीनि हृदयं तथासून् रुक्षा वाचो निर्दहन्तीह पुंसाम् ॥
तस्माद् वाचमुषतीं रुक्षरूपां धर्मारामो नित्यशो वर्जयीत ॥७॥

यस संसारमा रूखो बोली वचनले मानिसको मर्मस्थानलाई छेडेर हाड, मुटु र प्राणसमेतलाई दग्ध गरिरहन्छ । यसैले धार्मिक भावना भए मानिसहरूले अरूलाई मर्मपर्ने खालका रूखो बोली वचनलाई सधैंभरिका लागि परित्याग गरिदिने गर्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरून्तुदं परुषं रुक्षावाचं वाकण्टकैर्वितुदन्तं मनुष्यात् ॥
विद्यालक्ष्मीकतमं जनानां मुखे निबध्दां निर्ऋतिं वै वहन्तम् ॥८॥

जुन व्यक्तिको वोली रूखो र स्वभाव कठोर छ, जसले मर्म पर्ने गरी वचनरूपी तीर चलाएर अरू मानिसलाई पीडा दिन्छ, अथवा असन्तुष्ट स्वभाववाला छ, उसले आफूलाई महादरिद्र व्यक्ति हुँ भन्ने ठानोस्, किनकि त्यस्ता रूखो वोल्ने र कठोर स्वभाव भएका व्यक्तिले आफ्नो मुखमा गरिवी र मृत्युलाई वाँधेर राखे समान नै हो।

परश्चेदेनमभिविध्येत वाणै र्मृशं
सुतीक्ष्णैरनलार्कदीप्तैः ॥
स विध्यमानोऽप्यतिदह्यमानो विद्वात्
कविः सुकृतं मे दधाति ॥९॥

कुनै मेघावी र विद्वान् व्यक्तिलाई यदि कसैले आगो र सूर्य समान पोल्ने तीखा वचनरूपी वाणले धेरै चोट पुऱ्याएको छ भने त्यस्ता विद्वान् व्यक्तिले आफूलाई मार वा चोट परेर कडा पीडा सहनुपरे तापनि ऊ सधैं आफ्ना पुण्यहरू वढ्दै गइरहेका छन् भन्ने सम्झँदै रहोस्।

यदि सन्तं सेवति यद्यसन्तं तपस्विनं यदि वा स्तेनमेव ॥
बासो यथा रङ्गवंश प्रयाति तथा स तेषां वशमभ्युपैति ॥१०॥

जस्तो रङ्गमा लुगा रङ्गाइन्छ लुगा पनि त्यस्तै नै रङ्गको हुनजान्छ। सज्जनले असज्जनको अनि तपस्वीको अथवा चोरका सेवा सङ्गत गर्छ भने त्यस्तो सज्जन व्यक्तिको स्वभाव पनि कपडाले रङ्ग वदलिएजस्तै गरी बदलिन थाल्दछ, अनि ऊ दुष्ट, तपस्वी र चोरमध्ये जसको सेवा सङ्गत गरेको छ त्यस्तै नै हुन्छ।

अतिवादं न प्रवेदन्न वाद्येद् योऽनाहतः
प्रतिहन्यान्न घातयेत् ॥
हन्तुं च यो नेच्छति पापकं वै तस्मै देवाः
स्पुहयन्त्यागताय ॥११॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो मानिस आफैंले कसैप्रति पनि नराम्रो कुरा बोल्दैन, अरू व्यक्तिद्वारा पनि बोल्न लगाउँदैन । आफैंले पिटाइ नखाई अर्थात् आफूलाई आइनलागेसम्म न कसैलाई पिट्दछ न अरूद्वारा नै पिटाउँदछ । आफूले पिटाइ खाएर पनि पिट्नेलाई त्यसै छाड्छ । देवताहरूले पनि यस किसिमका सहनशील मानिसहरू आफूकहाँ आइदिए हुन्थ्यो भनी बाटो हेरिरहन्छन् ।

अव्याहृतं व्याहृदाच्छ्रेय आहुः सत्यं वदेद् व्याहृतं तद् द्वितीयम् ॥
प्रियं नदेद् व्याहृतं तत् तृतीयं धर्म वदेद् व्याहृतं तच्चतुर्थम् ॥१२॥

प्रथमतः बोलिरहनुभन्दा चुप बस्नु श्रेयस्कर अथवा प्रथम कोटिको राम्रो हो । चुप बस्नुभन्दा साँचो बोल्नु दोस्रो कोटिको श्रेष्ठ कुरा हो । (सत्य) साँचो बोल्दाबोल्दै सबैलाई राम्रो लाग्ने प्रिय बोली बोल्नु तेस्रो कोटिको श्रेष्ठतर विषय हो । सत्य र प्रिय वचनका साथ धर्मको कुरा बोल्नु चौथो कोटिमा पर्ने श्रेष्ठतम् विषय मानिएको छ । त्यसैले मनुष्यले सम्भाषण गर्ने क्रममा श्रेष्ठ-श्रेष्ठतर-श्रेष्ठतम्को क्रम मिलाएर वक्तव्य दिने गरोस् ।

यादृशैः संनिविशते यादृशाश्चोपसेवते ॥
यादृगिच्छेच्च भवितुं तादृग् भवित पुरुषः ॥१३॥

मानिस जो कस्तो व्यक्तिसँग बस्दछ, जे जस्तो सेवन गर्दछ वा सङ्गत गर्दछ अथवा आफूजस्तो बन्न चाहन्छ त्यस्तै नै बन्न पुग्दछ ।

यतो यतो निवर्तते ततस्ततो विमुच्यते ॥
निवर्तनाद्धि सर्वतो न वेत्ति दुःखमण्वपि ॥१४॥

मानिसले जुन जुन विषयबाट आफ्नो मन हटाउँछ ती ती विषयबाट उसले मुक्ति पाउँदछ । यस प्रकारले उसले सबै ठाउँबाट मन हटायो भने उसलाई अलिकति दुःखको पनि अनुभव गरिरहनुपर्दैन ।

[यस संसारको चलन नै यस्तो छ कि समस्या विषयभोग भन्नु संयोगान्त हुन् अर्थात् यी भोगहरू अन्त्यमा मानिसबाट अलग्गिइहाल्दछन् । आफैंले विषय भोगलाई वास्ता नगर्ने व्यक्ति ज्ञानवान हो, यस्तालाई विषय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोगवाट निवृत्ति लिँदा दुःखको अनुभव हुने गर्दैन । किन्तु विषयभोगलाई आफैंले नछोडेर यदि विषय भोग स्वयम् वृद्धावस्था अथवा मृत्यु आदिका कारणले छुटेका पनि मानिसले दुःख र पीडाको अनुभव गर्दछ । यसैले सुखको वाटो यही नै हो कि मानिसले स्वयम् नै विषय भोगवाट टाढा बस्ने गर्नुपर्दछ]

न जीयते चानुजिगीषतेऽन्यान वैरकृन्नाच्चाप्रतिघातकश्च ॥
निन्दाप्रशंसासु समस्वभावो न शोचते हृष्यति नैव चायम् ॥१५॥

जो मानिस आफू अरूवाट पराजित हुँदैन, स्वयम् पनि अरूलाई पराजित तुल्याउन खोज्दैन । न त ऊ कसैसँग द्वेष वा वैरभाव गर्दछ । साथै कसैप्रति आक्रामक भई चोट पनि पुऱ्याउँदैन । उसका लागि निन्दा र प्रशंसा दुवै समान हुन्छन् । निन्दा सुन्दा दुःखी हुने र प्रशंसा सुन्न पाउँदा प्रशन्न हुनजाने उसको स्वभाव हुँदैन । यस किसिमका मानिस द्वन्द्वातीत भई सांसारिक सुख दुःखवाट माथि उठेका हुन्छन् । यसैलाई नै निर्वाणावस्था भनिएको छ । शास्त्रहरूले पहिल्याएको ब्रह्मभावको प्राप्ति पनि यही नै हो ।

भावमिच्छति सर्वस्य नाभावे कुरुते मनः ॥
सत्यवादी मृदुर्दान्तो यः स उत्तमपूरुषः ॥१६॥

जसले कसैको कल्याण चिताउँछ, अकल्याण भन्ने कुरा जसको मनमा उब्जँदै उब्जँदैन जो सत्यवादी, कोमल र जितेन्द्रिय छ, उसलाई नै उत्तम व्यक्ति ठानिन्छ ।

नानर्थकं सान्त्वयति प्रतिज्ञाय ददाति च ॥
रन्ध्रं परस्य जानाति यः स मध्यमपूरुषः ॥१७॥

जसले झूठो कुराको आश्वासन दिँदैन, कुनै कुरा दिन्छ वा कुनै काम गर्नेछु भनी प्रतिज्ञा गरेको छ भने सो कुरा दिई छाड्छ अनि गरी पनि हाल्छ । अर्काको कमी-कमजोरी जानेर पनि अरूलाई हानि पुऱ्याउँदैन, यस्तो खालको व्यक्तिलाई मध्यम कोटीमा गणना गरिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःशासनस्तूपहतोऽभिशस्तो नावर्तते मन्युवशात् कृतघ्नः ॥
न कस्यचिन्मित्रमथो दुरात्मा कलाश्चैता अधमस्येह पुंसः ॥१८॥

जो कठोर शासन चलाउँछ, अनेकौं दोषद्वारा परिपूर्ण भइ दूषित र कलंकित छ, रिसको आवेगमा परेर गलत काम गर्न पछि हट्दैन, अरूले आफूउपर गरेको उपकारलाई वास्ता गर्दैन, जुन व्यक्तिको अन्य कनै पनि व्यक्तिसँग मित्रता रहँदैन, त्यस्तो दुरात्मा व्यक्तिलाई अधम पुरुष ठानिएको छ ।

न श्रद्धाति कल्याणं परेभ्योऽप्यशङ्कितः ॥
निराकरोति मित्राणि यो वै सोऽधमपूरुषः ॥१९॥

जुन व्यक्तिमा आत्मविश्वास छैन, साथै असल काम र उत्तम र योग्य मानिस उपर भरोसा गर्दैन, आफ्ना गुरुजन (मान्यजन) प्रति स्वभावैले सशङ्कित रहन्छ, कसैउपर पनि विश्वास राख्दैन र आफ्ना मित्रहरूलाई पनि छाड्दछ, यस्तो खालको व्यक्तिलाई यस संसारमा निश्चय नै अधमपुरुष मानिन्छ ।

उत्तमानेव सेवेत प्राप्तकाले तु मध्यमान् ॥
अधमांस्तु न सेवेत य इच्छेद् भूतिमात्मनः ॥२०॥

जो मानिस आफ्नो प्रगति र कल्याण चाहन्छ, उसले उत्तम पुरुषहरूकै सेवा (संगत) गरोस्, समयानुसार मध्यम पुरुषको सेवा (संगत) गरे पनि हुन्छ । तर अधम पुरुषसँगको सेवा संगत भने कदापि नगरोस् ।

प्राप्नोति वै वित्तमसद्बलेन नित्योत्थानात् प्रज्ञया पौरुषेण ॥
न त्वेव सम्यग् लभते प्रशंसां न वृत्तमाप्नोति महाकुलानाम् ॥२१॥

मानिसले चोरी-डकैती-ठगी इत्यादि गलत तरिका अपनाउँदै निरन्तर उद्योग गरेर, बुद्धि र परिश्रम लगाएर प्रशस्त सम्पत्ति नै किन नकमाओस्, धनी नै भए पनि उत्तम एवम् खानदानी मानिसहरूले पाउने गरेको प्रतिष्ठा र सदाचार भने पूर्णरूपमा उसले कदापि प्राप्त गर्न सक्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्र भन्दछन्:-

महाकुलेभ्यः स्पृहयन्ति देवा
धर्मार्थनित्याश्च बहुश्रुताश्च ॥
पृच्छामि त्वां विदुरं प्रश्नमेतं
भवन्ति वै कानि महाकुलानि ॥२२॥

हे विदुर ! धर्म र अर्थका नित्य ज्ञाता एवम् वहुज्ञानी देवताहरूले पनि महाकुल ठूलो खानदान वा घरान (श्रेष्ठ वंश) मा नै आफू जन्मने (उत्पन्न हुने) कुराको स्पृहा (चाहना) राखेका छन्। यसैले म तिमीलाई सोध्छु कि यसकिसिमको श्रेष्ठ वंश भनेको कस्तो हो, जसमा जन्मनका लागि देवताहरूले पनि चाहना राख्ने गर्दछन्।

विदुर भन्दछन्:-

तपो दमो ब्रह्मवित्तं वितानाः पुण्या विवाहाः सततान्नदानम् ॥
येष्वेवैते सप्त गुणाः वसन्ति सभ्यग्वृत्तास्तानि महाकुलानि ॥२३॥

तप, इन्द्रियको नियन्त्रण, वेदहरूको अध्ययन, यज्ञ, पवित्र विवाह, सदा अन्नदान, सदाचार यी सात गुण जुन कुलमा रहने गर्छन्, त्यही नै उत्तम कुल हो।

[धर्मशास्त्रअनुसार विवाह ८ प्रकारका हुन्छन्, ब्राह्म, दैव, आर्ष, प्राजापत्यर, यी चार किसिमकालाई पुण्य (श्रेष्ठ) विवाह मानिएको छ। यी वाहेक अन्य आसुर, गान्धर्व, राक्षस र पैशाच यी चार किसिमका विवाहलाई पनि क्रमानुसार ठीकठीकै कहिएको छ। यीवाहेक अधम अधमातर अनि अधमतम विवाह पनि मानिएका छन्। कामवासनाले वशीभूत भएर कन्यालाई अपहरण वा बलात्कार गरेर वा कुनै विधि विधानविना नै स्वास्नी ल्याउने कार्य गर्नुलाई अधम विवाह ठानिन्छ। श्रेष्ठ विवाहमा धार्मिक कृत्य आदि गरेर समाजद्वारा अनुमोदित भइ नारी र पुरुषले परस्पर सम्वन्ध राख्तछन्। अधम विवाहमा सामाजिक नियम र रीति रिवाजको वास्ता नगरेर स्त्री-पुरुषले पहिले शारीरिक सम्पर्क राख्छन्, त्यसपछि मात्र समाजवाट अनुमोदन गराउन खोज्दछन्]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

येषांहि वृत्तं व्यथते न योनि
श्चित्तप्रसादेन चरन्ति धर्मम् ॥
ये कीर्तिमिच्छन्ति कुले विशिष्टां
त्यक्तानृतास्तानि महाकुलानि ॥२४॥

जुन कुलको परम्पारगत व्यवहार मर्यादा र आचार नष्ट भएको छैन, सन्तानद्वारा आफ्ना बाबु पीडित वा दुःखित भएका छैनन्, प्रसन्न मनले धार्मिक आचरण गरिएको छ तथा आफ्नो कुलको कीर्ति कसरी फैलाउन सकिन्छ भन्ने मनोभाव लिइएको हुन्छ साथै असद्व्यवहारलाई पनि त्यागिदिने गरिन्छ, त्यस्तो कुललाई महाकुल भनिन्छ ।

अनिज्यया कुविवाहैर्वेदस्योत्सादनेन च ॥
कुलान्यकुलतां यान्ति धर्मस्यातिक्रिमेण च ॥२५॥

यज्ञ नगर्नाले, निन्दित कुलमा विवाह सम्बन्ध गास्नाले वेदको त्याग र धर्मको उल्लङ्घन गर्नाले, उत्तम कुल पनि अधम कुल हुन पुग्छ ।

देवद्रव्यविनाशेन ब्रह्मस्वहरणे च ॥
कुलान्यकुलतां यान्ति ब्राह्मणातिक्रमेण च ॥२६॥

देवताको धन (देवस्व) नष्ट गर्नाले, ब्राह्मणको धन (ब्रह्मस्व) लाई अपहरण गर्नाले वा ब्राह्मणको मर्यादालाई उल्लङ्घन गर्नाले उत्तम कुल पनि अधम कुल हुन पुग्छ ।

ब्राह्मणानां परिभवात् परिवादाच्च भारत ॥
कुलान्यकुलतां यान्ति न्यासापहरणेन च ॥२७॥

ब्राह्मणहरूलाई अनादर तथा निन्दा गर्नाले कसैले नासो राख्न दिएको चिजलाई हरण वा लुकाइदिने गर्नाले उत्तम कुल पनि नीच कुलमा परिणत हुनजान्छ ।

कुलानि समुपेतानि गोभिः पुरुषतोऽर्थतः ॥
कुल सङ्ख्यां न गच्छन्ति याति हीनानि वृत्ततः ॥२८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गाईहरू, पुरुषहरू (नोकर चाकरहरू) धनधान्य आदिले परिपूर्ण भएको कूल भए पनि यदि आचार व्यवहार राम्रा छैनन् भने त्यो कुल श्रेष्ठ वा उत्तम हुँदैन ।

वृत्ततस्त्वविहीनानि कुलान्यल्पधनान्यपि ॥
कुलसङ्ख्यां च गच्छन्ति कर्षन्ति च महद् यशः ॥२९॥

उच्च आचार व्यवहारले सुसम्पन्न भएको तर कम सम्पत्ति भएको अर्थात् गरीब नै भएको भए पनि यस्ता कुलहरू श्रेष्ठ कुल ठानिन्छन् र यिनको कीर्ति पनि फैलिँदैजान्छ ।

वृत्तं यत्नेन संरक्षेद् वित्तमेति च याति च ॥
अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः ॥३०॥

कुलको सुनाम फैलाउन 'वृत्त' आचार व्यवहार नै मुख्य कारक तत्त्व हो । यसैले आचार व्यवहारको रक्षा गर्नु मानवको परम कर्तव्य हो । तमर्थ सदाचार र व्यवहारउपर यिनको विशेष दृष्टि दिई रक्षा गर्ने गर्नुपर्छ । 'वित्त' अथवा धनसम्पत्ति भन्ने कुरा आउँछ-जान्छ । धन नभएको मान्छे नष्ट हुँदैन' तर सदाचारले रहित भएको मान्छे भने मरेसमान ठानिन्छ । यसैले सम्पत्तिभन्दा सदाचार नै श्रेष्ठ हुनाले सदाचारको रक्षा गर्नु नै प्रथम कर्तव्य हो ।

गोभिः पशुभिरश्वैश्च कृष्या च सुसमृद्धया ॥
कुलानि न प्ररोहन्ति यानि हीनानि वृत्ततः ॥३१॥

गाई, घोडा र भेडा-वाखा आदि पशुहरू र वालीनालीले परिपूर्ण खेतीपाती भए तापनि सदाचार नहुँदा मानिसले कुनै उन्नति गर्न सक्दैन ।

मा नः कुले वैरकृत् कश्चिदस्तु राजामात्यो
मा परस्वापहारी ॥
मित्रद्रोही नैकृतिकोऽनृती वा पूर्वाशी वा
पितृ देवातिथिभ्यः ॥३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो कुलका कसैमा पनि पारस्परिक वैरभाव नहोस् । अर्काको सम्पत्ति अपहरण गर्ने राजा अथवा मन्त्री नहुन् । मित्रद्रोही, कपटी र असत्य वोली वोल्ने व्यक्ति पनि कोही नहोउन् । माता-पिता, देवता एवम् अतिथिहरूलाई भोजन गराउनु अगाडि खाना खाने मानिस पनि कोही नहोओस् भन्ने धारणा उच्च कुलका मानिसले मनमा लिनुपर्दछ ।

यश्च नो ब्राह्मणान् हन्याद्यश्च नो ब्राह्मणान् द्विषेत् ॥
न नः स समितिं गच्छेद्यश्च नो निर्वपेत् पितृन् ॥३३॥

ब्राह्मणलाई मार्ने, ब्राह्मणसँग वैरभाव राख्ने, पितृलाई पिण्डदान र तर्पण नगर्ने स्वभावका मानिसहरू कुलीन व्यक्तिहरूको समाजमा नै जाने काम गरुन् ।

तृणानि भूमिरुदकं वाक् चतुर्थी च सूनृता ॥
रातामेतानि गेहेषु नोच्छिद्यन्ते कदाचन ॥३४॥

कुशासन, जमिन, पानी, चोखो र मीठो वोली यी चार कुराको कमी सज्जन मानिसको घरमा हुँदैन अर्थात् सज्जन मानिसको घरमा अतिथि (पाहुना) आउँदा वस्नका लागि आसन र ठाउँ, पिउनका लागि शुद्ध जल एवम् मिजासिलो वोलीवचनको कहिल्यै पनि कमी रहँदैन ।

श्रद्धया परया राजन्नुपनीतानि सत्कृतिम् ॥
प्रवृत्तानि महाप्राज्ञ धर्मिणां पुण्यकर्मिणाम् ॥३५॥

पुण्य कर्म गर्ने धार्मिक मानिसहरूको घरमा कुशको चकटी, चोखो जल, वस्ने ठाउँ र मीठो वोली वचन यी चारवटै कुरा अतिथि सत्कार गर्दा श्रद्धापूर्वक प्रयोगमा ल्याइन्छन् ।

सूक्ष्मोऽपि भारं नृपते स्यन्दनो वै शक्तो
बोढुं न तथान्ये महीजाः ॥
एवम् युक्तां भारसहा भवन्ति माकुलीना
न तथान्ये मनुष्य ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी सानै भए पनि रथ (बग्गी या गाडा) ले भारी बोकेर ढुवानी गर्न सक्दछ तर आकारमा रथभन्दा ठूलो भए पनि भुइँमा खडा भएको वा लडिरहेको दाउरा वा काठले भारी ढुवानी गर्न सक्दैन । यसैगरी जो श्रेष्ठ र उत्तम कुलमा जन्मेको मानिस छ उसले भारवहन गर्न सक्दछ अर्थात् आफ्नो जिम्मेवारी उत्तरदायित्व वहन गर्न समर्थ हुन्छ। तर साधारण मानिसले भने आफ्नो उत्तरदायित्व वहन गर्न सक्दैन ।

न तन्मित्रं यस्य कोपाद् बिभेति यद् वा
मित्रं शङ्कितेनोपचर्यम् ॥
यस्मिन् मित्रे पितरीवाश्वसीत यद् वै
मित्रं सङ्गतानीतराणि ॥३७॥

जसको रिसले आफू डराउनुपरोस् तथा शङ्कास्पद स्थितिमा जसलाई सेवा र सहयोग गर्नुपरोस् यस किसिमको व्यक्ति साथी (मित्र) हुँदैन । जसलाई आफ्नो वावुलाई समान विश्वास गर्न सकिन्छ ऊ नै साथी हुन्छ । अरूहरू भने केवल सङ्गी सङ्गाती मात्रै हुन् ।

यः कश्चिदप्यसम्बद्धो मित्रभावेन वर्तते ॥
स एव बन्धुस्तन्मित्रं सा गतिस्तत् परायणम् ॥३८॥

पहिलेको कुनै नाता सम्वन्ध नहुँदानहुँदै पनि जसले मित्रताको व्यवहार गर्दछ ऊ नै वन्धु, मित्र, सहारा एवम् आश्रयस्थल पनि हो ।

चलचित्तस्य वै पुंसो वृद्धाननुपसेवतः ॥
परिप्लवमतेर्नित्यमधुवो मित्रसंग्रहः ॥३९॥

चित्त चञ्चल हुने र वूढापाकाको सेवा नगर्नेलाई अस्थिर वुद्धि भएको मानिस भनिन्छ ।

चलचित्तमनात्मानामिन्द्रियाणां वशानुगम् ॥
अर्थाः समभिवर्तन्ते हंसाः शुष्कं सरो यथा ॥४०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी हाँसहरू सुकेको (हिलो भएको तर पानी नभएको) तलाउको यताउती मडारिइरहन्छन्भित्रपट्टि पस्दैनन्, त्यसैगरी चञ्चल चित्त भएको मानिस पनि अज्ञानी हुन्छ अनि आफ्ना इन्द्रियहरूलाई नियन्त्रणमा राख्न नसकेर इन्द्रियको दास वन्न पुगी सतहमा नै रुमलिएको हुन्छ। उसलाई वैभव (धन) पनि प्राप्त हुँदैन।

अकस्मादेव कुप्यान्ति प्रसीदन्त्यनिमित्ततः ॥
शीलमेतदसाधुनामभ्रं पारिप्लवं यथा ॥४१॥

दुष्ट मानिसहरूको स्वभाव मेघको झैं चञ्चल हुन्छ, दुष्ट मानिसलाई अनायास रिस उठ्ने हुनाले अर्कासँग क्रोध गर्दछन् साथै विनाकारण (त्यसै) खुशी पनि भइदिन्छन्।

सत्कृताश्च कृतार्थाश्च मित्राणां न भवन्ति ये ।
तान् मृतानपि ऋव्यादाः कृतघ्नान्नोपभुंजते ॥४२॥

जो मानिस साथीभाइहरूवाट सत्कार पाएर आफ्नो कामसमेत फत्ते गर्दछ। यस पछि आफूलाई हित गर्ने साथीहरूप्रति स्वयं हितकारी हुँदैन। त्यस्तो व्यक्ति मरेतुल्य हो, त्यस मुर्दालाई मांसभोजी गिद्धले पनि खाँदैन (चिथोर्दैन)।

अर्चयेदेव मित्राणि सति वासति वा धने ॥
नानर्थयन् प्रजानाति मित्राणां सारफल्गुताम् ॥४३॥

धन होस् या नहोस् साथीभाइको स्वागत गर्ने गरोस्। साथीसँग कुनै चिज पनि नमागोस् तथा मित्रको सारता-असारताबारे परीक्षा नगरोस्।

[संसारमा लोभी मानिसहरू आफ्नो मतलव साध्य गर्नका लागि मात्र मित्रलाई आदर गर्ने गर्दछन्। यस्ता मतलवीलाई मित्र भन्न मिल्दैन। ऊ त व्यापारीतुल्य हो। व्यापारीहरू घरमा होस् वा पसलमा होस्, लाभ दिने व्यक्तिको मात्र आदर सत्कार गर्दछन्। तर जससँगबाट लाभ हुने देखिँदैन उससँग राम्रो बोल्न पनि हिचकिचाउँछन्। तर निर्लोभी मानिसहरूले भने मित्रको महत्त्व बुझेर कुनै मतलव (साध्य) गर्नुनपरे पनि उनीहरूप्रति आदर नै गर्ने गर्दछन्]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संतापाद् भ्रश्यते रूपं संतापाद् भ्रश्यते बलम् ॥
संतापाद् भ्रश्यते ज्ञानं संतापाद् व्याधिमृच्छति ॥४४॥

आफूले मन पराएको कुरा नष्ट हुँदा उत्पन्न भएको सन्ताप (शोक) लें मानिसको रूप (सौन्दर्य), वल (शक्ति), ज्ञान (विद्वता) नाश भएर जान्छ। पीर (सन्ताप) गर्न थालेपछि मानिस रोगी पनि हुन्छ।

अनवाप्यं च शोकेन शरीरं चोपतप्यते ॥
अमित्राश्च प्रहृष्यन्ति मा स्म शोक मनः कृथाः ॥४५॥

शोक गर्दैमा मात्र आफूले चाहेको कुरा पाइँदैन। शोक गर्नाले त शरीरलाई कष्ट दिनु शत्रुलाई हँसाउनु मात्रै हुन्छ। यसैले मानिसले कहिल्यै पनि मनमा पीर (शोक) लिइरहनुहुँदैन।

पुनर्नरो म्रियते जायते च पुनर्नरो हीयते वर्धते च ॥
पुनर्नरो याचति याच्यते च पुनर्नरः शोचति शोच्यते च ॥४६॥

मानिस मसय समयमा मर्छ र जन्मन्छ पनि, वेला वेलामा हानि नोक्सानी फाइदा पनि बढ्दै रहन्छ। वेला वेलामा अरूसँग याचना गर्दछ, अनि अरूले पनि उससँग याचना गर्ने गर्दछन्। वरावर अर्काको निम्ति पीर गर्दछ, अरूहरूले पनि उसको निम्ति पीर गर्ने गर्दछन्।

सुखं च दुःख च भवाभवौ च
लाभालाभौ मरणं जीवितं च ॥
पर्यायशः सर्वमेते स्पृशान्ति तस्मात्
धीरो न च हृष्येन्न शोचेत् ॥४७॥

सुख-दुःख, उत्पत्ति-विनाश, लाभ-हानि, जीवन-मरण यी कुराहरू पालैपालोसँग सबैलाई प्राप्त हुने गर्दछन्। यसैले धीर पुरुषले यी कुराहरूको निमित्त र विस्मात् केही गर्नुहुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चलानि हीमानि षडिन्द्रियाणि
तेषां यद् यद् वर्धते यत्र यत्र ॥
ततस्ततः स्रवते बुद्धिरस्य
छिद्रोदकुम्भादिव नित्यमम्भः ॥४८॥

यी हाम्रा छ वटै इन्द्रिय ज्यादै नै चञ्चल छन्। यिनमध्ये जुनजुन इन्द्रिय जुनजुन विषयमा लाग्छन् अनि प्वाल परेको गाग्रोमा पानी चुहिएर घट्दै गएजस्तै गरेर मानिसको वुद्धि पनि क्षीण हुँदैजाने गर्छ।

धृतराष्ट्र भन्दछन्:-

तनुरुद्धः शिखी राजा मिथ्योपचरितो मया ॥
मन्दानां मम पुत्राणां युद्धेनान्तं करिष्यति ॥४९॥

नित्योद्विग्नमिदं सर्वं नित्योद्विग्नमिदं मनः ॥
यत् तत् पदमनुद्विग्नं तन्मे वद महामते ॥५०॥

काठरूपी शरीरभित्र छिपेको आगो घर्षण गरिएपछि जसरी वल्दछ र काठलाई वालेर खरानी पार्दछ। त्यसै गरी धर्ममा सूक्ष्म रूपले वाँधिएका राजा युधिष्ठिरका साथ मैंले झूठो व्यवहार गरेको छु। त्यसैले उनले युद्ध गरेर मेरा मूर्ख छोराहरूलाई नाश गर्नेछन्।

हे महावुद्धिमान विदुर ! यो सारा प्राणी-जगत् सधैं भयभीत एवम् दुःखपूर्ण छ, साथै मन पनि यस्तै नै भएको महसुस गर्दछ। यसैले भय र पीडारहित हुने अवस्था कुन हो ? मलाई वताइदेऊ।

विदुर भन्दछन्:-

नान्यत्र विद्या तपसोर्नान्यत्रेन्द्रियनिग्रहात् ॥
नान्यत्र लोभसंत्यागाच्छान्तिं पश्यामि हेऽनघ ॥५१॥

हे निष्पाप नरेश ! विद्या, तप, इन्द्रिय निग्रह, निर्लोभ यी कुराहरू नै तपाईंका लागि शान्तिदायक छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्ध्या भय प्रणुदति तपसा विन्दते महत् ॥
गुरुशुश्रूषया ज्ञानं शान्तिं योगेनः विन्दति ॥५२॥

बुद्धिद्वारा मनुष्यले आफूलाई लागेको डरलाई हटाउँदछ। तपस्याद्वारा महान् पद हासिल गर्छ। गुरुको शुश्रुषा गरेर ज्ञान प्राप्त गर्दछ र योग गरेर शान्ति पाउँछ।

अनाश्रिता दानपुण्यं वेदपुण्यमनाश्रिताः ॥
रागद्वेषा विनिर्मुक्ता विचरन्तीह मोक्षिणः ॥५३॥

मोक्षको इच्छा गर्ने मानिसहरू दान गरेपछि प्राप्त हुने पुण्यको भर पर्दैनन्। यिनीहरू वेद निर्देशित कर्म गरेर हासिल हुने पुण्यको पनि आश्रय लिने गर्दैनन्। किन्तु उनीहरू जे काम गर्दछन् निष्काम भावले नै गर्दछन्, अनि द्वेषलाई छाडेर यस संसारमा रमाउँदै रहनेछन्।

स्वधीतस्य सुयुद्धस्य सुकृतस्य च कर्मणः ॥
तपसश्च सुतप्तस्य तस्यान्ते सुखमेधते ॥५४॥

सम्पक् अध्ययन, न्यायोचित युद्ध, पुण्य कर्म र राम्रोसँग गरिएको तपस्या आदिको अन्तिम परिणामले मानिसमा सुखको बृद्धि गर्दछ।

स्वास्तीर्णानि शयनानि प्रपन्ना
न वै भिन्नतु जादु निद्रां लभन्ते
न स्त्रीषु राजन् रतिमाप्नुवन्ति
न मागधैः स्तुयमाना न सूतैः ॥५५॥

आपसमा फूट र कलह गर्ने मानिस जतिसुकै नरम विछ्यौना लगाएको आरामदायी पलङ्गमा सुत्दा पनि उसलाई सुखको निद्रा पर्दैन। उसले स्त्रीसँग सहवास गरेर रतिसुख पनि लिन सक्तैन। साथै आफ्ना अनुचर तथा भाटहरूले गरेका स्तुतिपाठ आदिले पनि आपसी कलहमा फसेका व्यक्तिलाई शान्ति र चैन दिँदैनन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न वै भिन्ना जातु चरन्ति धर्मं
न वै सुखं प्राप्नुवन्तीह भिन्नाः ॥
न वै भिन्ना गौरवं प्राप्नुवन्ति
न वै भिन्नाः प्रशमं रोचयन्ति ॥५६॥

जो आपसमा भेदभाव राख्दछन् 'उनीहरूले कहिल्यै पनि धार्मिक आचरण गर्दैनन् । सुख पनि पाउँदैनन्, न त तिनलाई गौरव (उन्नति) नै हासिल हुन्छ साथै उनीहरू शान्ति वार्ता गरेर पारस्परिक वेमेलाई निपटारा गर्न पनि सक्तैनन् ।

न वै तेषां स्वदते पथ्यमुक्तं
योगक्षेमं कल्पते नैव तेषाम् ॥
भिन्नानां वै मनुजेन्द्र परायणं
न विद्यते किंचिदन्यद् विनाशात् ॥५७॥

हितकारी कुरा गर्दा पनि आपसी कलहमा संलग्न भएका मानिसहरूलाई राम्रो लाग्दैन । उनीहरूलाई योगक्षेम (अप्राप्य वस्तु पाउनु अनि प्राप्त भएको वस्तुलाई जोगाउनु) को सिद्धि वा सफलता पनि हुँदैन । यसले भेदभावको भावना मनमा लिइरहने पुरुषका लागि स्वयं विनाश हुनुवाहेक अरू कुनै गति (अवस्था) बाँकी रहँदैन ।

सम्पन्नं गोषु सम्भाव्यं सम्भाव्यं ब्राह्मणे तपः ॥
सम्भाव्यं चापलं स्त्रीषु सम्भाव्यं ज्ञातितो भयम् ॥५८॥

गाईहरूमा दूध, ब्राह्मणहरूमा पूजापाठ (तपस्या) न्यास, ध्यान, नारीहरूमा चञ्चलता हुने अत्यधिक सम्भावना रहेको हुन्छ । यसै गरेर आफ्ना जाति विरादरी वन्धुहरूसँग पनि भय रहिरहने पनि अत्यधिक सम्भावना रहन्छ ।

तन्तवः प्यायिता नित्यं तनवो बहुलाः समाः ॥
बहून् बहूत्वादायासान् सहन्तीत्युपमा सताम् ॥५९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सधैंभरि पानी छकेर बढाइएका पातला लहराहरू झाँगिएपछि धेरै वर्षसम्म अनेकौं झरी वर्षालाई खपी (सही) रहन्छन्। यही कुरा सत्पुरुष एवम् असल मानिसको सन्दर्भमा पनि लागूहुने गर्छ भन्ने विषयलाई सम्झनुपर्दछ अर्थात् सानो छँदा माया, ममता, प्यार र खुराक दिएर हुर्काउनु र बढाउनु गरेपछि कमजोर नै भए पनि सामूहिक शक्ति प्राप्त हुँदा मसिना र झीना लहराहरू झाङ्गिन्छन्। अनि पछि ठूला-ठूला हुरी बतासहरूको झोक्काहरूलाई थाम्नसक्ने खालको बलिया हुनजान्छन्।

धूमायन्ते व्यपेतानि ज्वलन्ति सहितानि च ॥
धृतराष्ट्रोल्मुकानीव ज्ञातयो भरतर्षभ ॥६०॥

बलिरहेको दाउराको बिटोलाई अलग-अलग गरेर छुट्याइदिएमा धूँवा निस्कन थाल्दछ' एउटै बिटो बनाएर बालिदिएमा ज्वाला निकालेर बल्न पनि थाल्दछ। यसै प्रकारले मनुष्यका जाति बन्धुबान्धवहरू पनि आपसमा फूट बेमेल हुँदा दुःख पाउँछन्। एकता हुँदा सुखी रहन गर्दछन्।

ब्राह्मणेषु च ये शूराः स्त्रीषु ज्ञातिषु गोषु च ॥
वृन्तादिव फलं पक्वं धृतराष्ट्र पतन्ति ते ॥६१॥

जो पुरुष ब्राह्मण, स्त्री, झगडा गर्न नरुचाउने बन्धुबान्धव वा कुटुम्बीजनहरू (जातिवर्ग), गाइहरूमा आफ्नो बहादुरी देखाउने गर्छ, ऊ भेट्नावाट झरेको पाकेको फल समान भइ नष्ट पनि हुन्छ।

महानप्येकजो वृक्षो बलवान् सुप्रतिष्ठितः ॥
प्रसह्य एवम् वातेन संस्कन्धो मर्दितुं क्षणात् ॥६२॥

अथ ये सहिता वृक्षाः सङ्कशः सुप्रतिष्ठिताः ॥
ते हि शीघ्रतमान् वातान् सहन्तेऽन्योन्यसंश्रयात् ॥६३॥

यदि एक्लो (ठिङ्गो) रूख ठूला र मजबुतसँग जरा गाडिएकै भए पनि एकैछिनको आँधिबेरीले बलपूर्वक त्यसको हाँगाबिँगा र जराहरूसमेत लडाइदिन्छ। एकै ठाउँमा नजीक खडा भइरहेको अनेकौं रूख वृक्षहरू जो समूहको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खडा छन्। ती रूखहरूले एक आपसको सहारा पाएर ठूला-ठूला आँधीबेरीलाई पनि सहन गर्छन्। अर्थात् यस्ता रूखहरूले लड्नु या ढल्नुपर्दैन।

एवम् मनुष्यमप्येकं गुणैरपि समन्वितम् ॥
शक्यं द्विषन्तो मन्यन्ते वायुर्द्रुममिवैकजम् ॥६४॥
अन्योन्यसमुपष्टम्भादन्योन्यापाश्रयेण च ॥
ज्ञातयः सम्प्रवर्धन्ते सरसीवोत्पलान्युतः ॥६५॥

जसरी एउटा मात्र रूखलाई हावा हुरीले कमजोर ठान्दछ' त्यसैगरी अनेकौं गुणले युक्त भए पनि एक्लो मानिसलाई उसका शत्रुहरूले कमजोर ठानेका हुन्छन्। परन्तु भाइ-भाइ र जाति विरादरीबीच मेलजोल भएको खण्डमा तलाउमा कमल फक्रिएर फुले झैं गरी उसको सम्पूर्ण विरादरीले पनि उन्नति गर्न सक्तछ।

अवध्या ब्राह्मणाः गावो ज्ञातयः शिशवः स्त्रियः ॥
येषां चान्नानि भुञ्जीत ये च स्युः शरणागताः ॥६६॥

ब्राह्मण, गाई, कुटुम्बीजन, बालक, स्त्री, आफूलाई पालनपोषण गर्ने, अन्नदाता र आफ्नो शरणमा आएको कुनै पनि मानिस अवध्य हुन्छन्।

न मनुष्ये गुणः कश्चिद् राजन् सघनतामृते ॥
अनातुरत्वाद् भद्रं ते मृतकल्पा हि रोगिणः ॥६७॥

हे महाराज ! तपाईंको कल्याण होस्, मानिसहरूका लागि धनवान् हुनु र निरोगी हुनु यी दुई बाहेक अरू ठूला गुण केही छैनन्। रोग लागेको मानिस त झन् मुर्दा समान मानिन्छ।

अव्याधिजं कटुकं शीर्षरोगी
पापानुबन्धं परुषं तीक्ष्णमुष्णम् ॥
सतां पेयं यन्न पिवन्त्यसन्तो
मन्युं महाराज पिब प्रशाम्य ॥६८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रोगै नलागेर पनि पैदा हुने, तीतो, टर्रो, नमीठो, कपाल दुखाउने, पापसँग सम्वन्धित कठोर, धारिलो र पोल्ने जुन चिज सज्जनहरूद्वारा पिउन लायक हुन्छ, दुर्जनहरूले पिउन सक्तैनन्। त्यस्तो चिजलाई क्रोध भनिन्छ। त्यस क्रोधलाई मनुष्यले सजिलैसँग पिएर शान्त भई वस्नुपर्छ।

रोगार्दिता न फलान्याद्रियन्ते
न वै लभन्ते विषयेषु तत्त्वम् ॥
दुःखोपेता रोगिणो नित्यमेव
न बुध्यन्ते धन भोगान्न सौख्यम् ॥६९॥

सिकिस्त विरामी भएको मानिसले फलफूलको वास्ता वा आदर गर्दैन, विषय भोगतर्फवाट पनि उसको मन मर्दछ। रोगीहरू सधैँभरि दुःखी हुन्छन्। उनीहरूले न त धनसम्वन्धी भोगको न सुखको नै अनुभव गर्न पाउँछन्।

पुरा ह्युक्तं नाकरोस्त्वं वचो मे
द्यूते जितां द्रौपदी प्रेक्ष्य राजन् ॥
दुर्योधनं वारयेत्यक्षवत्यां
कितवत्वं पण्डिता वर्जयन्ति ॥७०॥

हे महराज धृतराष्ट्र! द्रौपदीलाई जुवामा जितको देखेपछि मैंले तपाईंलाई भनेकै थिएँ- "तपाईं जुवामा आसक्त हुनलागेको दुर्योधनलाई रोक्नुहोस्, विद्वान्हरू जुवालाई घृणाको दृष्टिले हेर्छन्" तर तपाईंले मैलें भनेको कुरालाई वास्तै गर्नुभएन।

न तद् बलं यन्मृदुना विरुध्यते
सूक्ष्मो धर्मस्तरसा सेवितव्यः ॥
प्रध्वंसिनी क्रूरसमाहितः श्रा
मृदुप्रौढा गच्छति पुत्रपौत्रान् ॥७१॥

मृदु र नरम स्वभावका मानिससँग विरोध गर्ने वललाई बल मानिँदैन। सूक्ष्म रूपले गहनतापूर्वक धर्मलाई चाँडोभन्दा चाँडो अपनाउनुपर्दछ। क्रूर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथा निर्दयी मानिससँग आश्रित रहेको लक्ष्मी (धनसम्पत्ति) नाशवान् छ । मृदु वा सहिष्णु स्वभाव भएको व्यक्तिमा आश्रित धन चिरकालसम्म अर्थात् छोरा नातिको पालासम्म पनि काम दिने हुन्छ । अर्थात् यस किसिमको धन चिरस्थायी हुन्छ ।

धार्तराष्ट्राः पाण्डवान् पालयन्तु
पाण्डोः सुतास्तव पुत्रांश्च पान्तु ॥
एकारिमित्रः कुरवो ह्येककार्या
जीवन्तु राजन् सुखिनः समृद्धा : ॥७२॥

हे राजन् धृतराष्ट्र ! तपाईंका छोरा कौरवहरूले पाण्डवहरूलाई पालना (भर मद्दत सहयोग) गरुन् । त्यस्तै पाण्डवहरूले पनि तपाईंका छोराहरूलाई भरमद्दत र सहयोग गरुन् । सबै कौरवले एक आपसका मित्रलाई मित्र नै र शत्रुलाई शत्रु नै सम्झने गरुन् । सबैको कर्तव्य एकै होओस् । सबैले सुखी र समृद्धिशाली भएर जीवन पनि व्यतीत गरुन् ।

मेढीभूतः कौरवाणांत्त्वमद्य
त्वथ्याधीनं कुरकुलमाजमीढ ॥
पार्थान् बालान् वनवासप्रतप्तान्
गोपायस्व स्वं यशस्तात रक्षन् ॥७३॥

हे अजमीठकुलनन्दन धृतराष्ट्र ! तपाईं अहिले कौरवहरूका आधा स्तम्भ हुनुहुन्छ । कुरुकूल तपाईंको नियन्त्रणमा पनि छ । यसैले तपाईं आफ्नो कीर्तिको रक्षा गर्दै वनवासवाट दुःखित भएका वालक समान कुन्तीका छोराहरूको रक्षा गर्नुहोस् ।

संघत्स्व त्वं कौरव पाण्डुपुत्रै र्मा
तेऽन्तरं रिपवः प्रार्थयन्तु ॥
सत्ये स्थितास्ते नरदेव सर्वे दुर्योधनं
स्थापय त्वं नरेन्द्र ॥७४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कूलराज ! तपाईं पाण्डवहरूसँग सन्धि गर्नुहोस् । तपाईंले यसो गरेपछि शत्रुहरूले तपाईंको कमजोरी देख्ने छैनन् । सबै पाण्डव सत्यमा नै अडिएका छन् । अब तपाईं आफ्नो छोरा दुर्योधनलाई पाण्डवसँग झगडा गर्नबाट रोक्नुहोस् ।

महाभारत उद्योगपर्वको छत्तीसौं अध्याय
विदुरनीति वाक्यको
चौथो अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

पाँचौ अध्याय

- सत्र प्रकारका मूर्खहरु
- शठे शाठ्यम् - (जस्तालाई तस्तै)
- अभिमान
- स्वर्गप्राप्ति
- निन्दनीय कर्म
- दूत (सन्देश वाहक) कस्तो हुनुपर्छ
- भोजन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्वको सैंतीसौं अध्याय

विदुर नीति पाँचौ अध्याय

विदुर भन्छन्:-

सप्तदशेमान् राजेन्द्र मनुः स्वायम्भुकोऽब्रवीत् ॥
वैचित्रवीर्य पुरुषानाकाशं मुष्ठिभिर्घ्नतः ॥१॥
दानवेन्द्रस्य च धनुरनाम्यं नमतोऽवीत् ॥
अथो मरीचिनः पादानग्राह्यान् गृण्हतस्तथा ॥२॥
यश्चाशिष्यं शास्ति वै यश्च तुष्येद् यश्चातिवेलं भजते द्विषन्तम् ॥
स्त्रियश्च यो रक्षाति भद्रमश्नुते यश्चायाच्यं याचते कत्थते च ॥३॥
यश्चाभिजातः प्रकरोत्यकार्यं यश्चाबलो वलिना नित्यवैरी ॥
अश्रद्दधानाय च यो ब्रवीति यश्चाकम्यं कामयते नरेन्द्र ॥४॥
वध्वावहासं श्वसुरो मन्यते यो वध्वा वसन्नभयो मानकामः ॥
परक्षेत्रे निर्वपति स्वबीजं स्त्रिचं च यः परिवदतोऽतिवेलम् ॥५॥
यश्चापि लब्धा न स्मरामीति वादी दत्त्वा च यः कत्थति याच्यमानः ॥
यश्चासतः सत्त्वमुपानयीत एतान् नयन्ति निरयं पाशहस्ताः ॥६॥

स्वायम्भुव मनुका अनुसार मूर्खहरू १७ प्रकारका हुन्छन्, यिनले मुठ्ठी बाँधेर आकाशलाई हिर्काउने, इन्द्रधनुलाई समाउन खोजेर मुन्तिर खसाल्न, खोज्ने, अनि समाउन न सकिने सूर्यको किरण (घाम) लाई हातले समाउन, खोज्ने जस्ता मूर्खतापूर्ण काम गर्दछन्। (१) नालायक व्यक्तिउपर शासन चलाउन खोज्ने, (२) थोरै मात्र आम्दानी गर्दा सन्तोष हुने, (३) मर्यादा र प्रचलनलाई तोड्दै शत्रुको सेवा सुश्रुषा गर्ने, (४) आश्रय दिन र रक्षण गर्न अयोग्य स्त्रीलाई आश्रय दिने र त्यस्ता स्त्रीद्वारा आफ्नो कल्याण हुन्छ भन्ने ठान्ने, (५) माग्न नहुने व्यक्ति (फञ्जुस) सँग माग्ने काम गर्ने, (६) आत्मप्रशंसा गर्ने (७) ठूलो कूलमा जन्मिएर पनि नीच कर्म गर्ने, (७) आफू दुर्वल निर्धो भएर पनि वलियासँग वैरभाव राख्ने, (९) श्रद्धाहीन व्यक्तिलाई उपदेश दिने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१०) शास्त्रनिषिद्ध अर्थात् लिन नहुने वस्तुलाई लिन खोज्ने, (११) ससुरो भएर आफ्नी बुहारी (पुत्रवधु) सँग ठट्टा गर्ने, जिस्किन मन गर्ने, (१२) ससुरालीको सम्पत्तिको उपभोग गर्न मन गर्ने गरेर पनि सामाजिक प्रतिष्ठा खोजी हिंड्ने, (१३) अर्काको खेतको विउ उखेल्ने तथा अर्काकी स्वास्नीलाई सम्भोग गरेर गर्भिणी गराउने, (१४) मर्यादा उल्लङ्घन गर्दै आवश्यकता भन्दा वढी मात्रामा नारीको निन्दा गर्ने, (१५) कुनै व्यक्तिसँग धन अथवा समान सापटी लिएर पनि आफूलाई सम्झना (याद) छैन भन्ने, (१६) मागेकोमा दान भनी दिने तर यति दिएँ उति दिएँ आदि भन्दै आफ्नो डम्फू वजाउने, (१७) खराव व्यक्तिलाई असल व्यक्ति भन्ने, असत्यलाई सत्य प्रमाणित गर्न खोज्ने ।

यी सत्र प्रकारका मूर्खलाई यमदूतहरूले नरकमा घिसारेर लैजान्छन् ।

यस्मिन् यथावर्तते यो मनुष्य
स्तस्मिंस्तथा वर्तितव्यं स धर्मः ॥
मायाचारो मायया वर्तितव्यः
साध्वाचारः साधुना प्रत्युपेयः ॥७॥

जुन मानिसले आफूसँग जस्तो व्यवहार गर्छ, उससँग पनि त्यस्तै नै व्यवहार गर्नुपर्छ, यही नै नीति र धर्म पनि हो । कपटीसँग कपटपूर्ण व्यवहार गर्नुपर्छ, सज्जनसँग भने सौहार्द्रपूर्ण व्यवहार गर्नुपर्छ ।

जरा रूपं हरति धैर्यमाशा
मृत्युः प्राणान् धर्मचर्यामसूया ॥
कामो हियं वृत्तमनार्यसेवा
क्रोधः श्रियं सर्वमेवाभिमानः ॥८॥

वूढ्याईले रूपलाई, आशाले धैर्यलाई, मृत्युले प्राणलाई, निन्दाले धर्माचरणलाई, काम वासनाले लज्जालाई, नीच पुरुषको सेवाले सदाचारलाई, रिस (क्रोध) ले लक्ष्मीलाई र अभिमानले भने सर्वस्वकै नाश गर्छ ।

धृतराष्ट्र भन्दछन्-

शतायुरूक्तः पुरुषः सर्ववेदेषु वै यदा ॥
नाप्नोत्यथ च तत् सर्वमायुः केनेह हेतुना ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति पाँचौं अध्याय

वेदमा मानिसको आयु १०० वर्षको हुन्छ भनी बताइएको छ। तर मानिस किन आफ्नो पूरा आयुसम्म बाँच्न सक्तैन ?

विदुर भन्दछन्:-

अतिमानोऽतिवादश्च तथात्यागो नराधिप ॥
क्रोधश्चात्मविधित्सा च मित्रद्रोहश्च तानि षट् ॥१०॥
एत एवासयसतीक्ष्णाः कृन्तन्त्यार्यूषि देहिनाम् ॥
एतानि मानवान् ध्नन्ति वा मृत्युभद्रमस्तुते ॥११॥

धेरै घमण्डी, बकवके (धेरै बोल्ने), त्यागको भावना नभएको, रिसाहा, आफ्नै पेट पाल्ने ध्याउन्नमा मात्र लागेको, मित्रद्रोही यिनै छ वटा कारणले गर्दा मानिस पूरा आयुसम्म बाँच्तैन। यी छवटै धारिला तरवारसमान छन्, यिनले नै मनुष्यको आयुलाई काट्तै गरेर छोट्याउँछन्। मानिस अभिमानद्वारा नै मारिन्छ, मृत्यु (काल) वाट होइन।

विश्वस्तस्यैति यो दारान् यश्चापि गुरुतल्पगः ॥
वृषलीपतिर्द्विजो यश्च पानपश्चैव भारत ॥१२॥
आदेशकृद् वृत्तिहन्ता द्विजानां प्रेषकश्च यः ॥
शरणागतहा चैव सर्वे ब्रह्महणः समाः ॥
एतैः समेत्य कर्तव्यं प्रायश्चितमिति श्रुतिः ॥१३॥

जसले आफूलाई विश्वास गर्ने व्यक्तिकी स्त्रीलाई सम्भोग गर्छ, गुरुपत्नीसँग सहवास गर्छ, ब्राह्मण हुँदाहुँदै शूद्र स्त्री (अछूत स्त्री) सँग सम्बन्ध राख्छ, रक्सी पिउँछ र ठूलावडा एवम् सम्मान दिनुपर्ने व्यक्तिमाथि हुकुम चलाउँछ, अर्काको जीविकालाई नष्ट गर्छ (दानापानी खोस्छ), ब्राह्मणलाई यताउती पठाएर सेवा या काम लिन खोज्छ, शरणमा आउनेलाई मरण गर्छ यी सबै ब्रह्महत्या समानका पाप भएकाले यस्तो पाप हुनगएमा मानिसले प्रायश्चित गरोस्, यही कुरा नै वेदमा बताइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गृहीतवाक्यो नयविद् वदान्यः
शेषान्नभोक्ता ह्यविहिंसकश्च ॥
नानर्थकृत्याकुलितः कृतज्ञः
सत्यो मृदुः स्वर्गमुपैति विद्वान् ॥१४॥

मान्यजनको वा आफूभन्दा ठूलावडाको आज्ञाको पालना गर्ने नीतिज्ञ दाता, होम गरेर बाँकी भएको अन्न खाने अर्थात् देवताहरूलाई खुवाइसकेपछि खाने, हिंसारहित वा मारकाट नगर्ने, अनर्थकारी काम गर्नबाट टाढै रहने, कृतज्ञ स्वभाव भएको, सत्यवक्ता एवम् नरम मिजास भएको विद्वान् व्यक्ति नै स्वर्ग जान पाउँछ ।

सुलभाः पुरुषा राजन् सततं प्रियवादिनः ॥
अप्रियस्त तु पथ्यस्य वक्ता श्रोता च दुर्लभः ॥१५॥

सधैंभरि मीठो बोली बोल्ने मानिस सहजै भेट्टाउन सकिन्छ । रूखो र अप्रिय नै भए पनि हितकारी वचन बोल्ने र सुन्ने दुवैखाले मान्छे भने दुर्लभ छन् ।

यो हि धर्म समाश्रित्य हित्वा भर्तुः प्रियाप्रिये ॥
अप्रियाण्याह पथ्यानि तेन राजा सहायवान् ॥१६॥

जसले आफ्नो मालिकलाई मन परोस् या नपरोस् धर्ममा आधारित कुरा आफ्नो मालिकको हितका लागि गर्दछ भने त्यस्तो व्यक्तिबाट राजालाई सही कुराको सहायता प्राप्त हुने गर्दछ । यस किसिमको मानिस वास्तवमा राजाको (शासकको) सच्चा मित्रसमान हुन्छ ।

त्यजेत् कुलार्थे पुरुषं ग्रामस्यार्थे कुलं त्यजेत् ॥
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत् ॥१७॥
आपदर्थे धनं रक्षेद् दारान् रक्षेद् धनैरपि ॥
आत्मानं सततं रक्षेद् दारैरपि धनैरपि ॥१८॥

मनुष्यले आफ्नो कूलको उन्नति र सुख शान्तिका लागि एउटा अहितकारी मानिसलाई छोडिदेओस् अथवा कुलाङ्गारलाई उपेक्षा गरोस् । कुनै खास गाउँको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नति र सुख समृद्धिका लागि कूललाई नै त्यागिदेओस् । प्रान्तीय कल्याण एवम् रक्षाका लागि गाउँलाई त्यागिदेओस् । आत्माको उन्नति गर्न पृथ्वीकै राज्यलाई छोडिदेओस् । यसवाट देश, जाति र समाजमा सुख शान्ति एवम् उन्नति हुन जान्छ । मानिसले आपद्-विपद् परेको समयका लागि धन जोगाओस् । स्त्रीहरूको रक्षा पनि त्यही जोगाएको धनद्वारा नै गर्ने गरोस् अर्थात् आफ्ना स्त्रीको रक्षार्थ धनको खर्च गर्न कत्ति पनि कञ्जुस्याई नगरोस् । आफू स्वयम्को रक्षा भने सदैव स्त्री र धनद्वारा गर्ने गरोस् अर्थात् आफू स्वयं स्त्री र धनभा नै लिप्त रहने नगरोस् ।

द्यूतमेतत् पुराकल्पे दृष्टं वैरकरं नृणाम् ॥
तस्मात् द्यूतं न सेवेत हास्यार्थमपि बुद्धिमान् ॥१९॥

प्राचीनकालमा जब मानिसका बीच आपसी शत्रुताको (वैरभावको) वातावरण नगण्य हुन्थ्यो, त्यतिवेला पनि जुवालाई आपसी शत्रुता पैदा गर्ने कारकतत्त्व ठानिन्थ्यो । वर्तमान समयमा त झन् मानिसहरूबीच एकआपसमा शत्रुताको वातावरण व्यापक हुन गएको छ । यसैले बुद्धिमानी यो छ कि सामान्य हँसीमजाक (रमाइलो) को निमित्त पनि जुवा खेल्ने गर्नुहुँदैन । प्रायःजसो जुवा खेल्दाखेल्दै एक आपसमा भयङ्कर कलहको सम्भावना सदैव भइ नै रहन्छ ।

उक्तं मया द्यूतकालेऽपि राजन्
नेदं युक्तं वचनं प्रातिपेय ॥
तदौषधं पथ्यमिवातुरस्य
न रोचते तव वैचित्रवीर्य ॥२०॥

हे राजन् धृतराष्ट्र ! मैले (विदुरले) जुवाको खेल सुरु हुने बेलामा नै जुवा खेल्नु ठीक होइन भनेकै थिएं । जसरी रोगी मानिसलाई औषधि र पथ्ये कुरा मन पर्दैन, त्यसैगरी तपाईंलाई पनि मैले भनेका कुराहरू चित्त बुझेनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काकैरिमांश्चित्रबर्हान् मयूरान्
पराजयेथाः पाण्डवान् धार्तराष्ट्रैः ॥
हित्वा सिंहान् क्रोष्टुकान् गूहमानः
प्राप्ते काले शोचिता त्वं नरेन्द्र ॥२१॥

हे नरेन्द्र ! कौरवहरू काग समान छन् । पाण्डवहरू मुजुरजस्तै छन् । तपाईं कागलाई संरक्षण दिएर खूवै राम्रा-राम्रा प्वाँखहरू भएका मुजुरसँग लडाईँ गराई कागलाई विजयी र मुजुरलाई पराजित पार्न खोज्नुभएको छ । यस्तो गर्नु सिंहसँग आफूद्वारा संरक्षित स्याललाई लडाएर जिताउन खोज्नु समान हो । भविष्यमा तपाईंलाई ठूलो पछुतो पर्नेछ ।

यस्तात न क्रुध्यति सर्वकायं
भृत्यस्य भक्तस्य हिते रतस्य ॥
तस्मिन् भृत्या भर्तरि विश्वसन्ति
न चैनमापत्सु परित्यजन्ति ॥२२॥

हे बाबु ! जुन मालिक आफूप्रति निष्ठावान् हुने, आफ्ना हितकार्य गरि रहने अनुचरहरूप्रति कहिल्यै पनि रिसाइरहँदैन, त्यस मालिकको ती अनुचरहरूले पनि भरोसा र विश्वास गर्ने गर्दछन् । जस्तोसुकै आपद्-विपद् परेका वखत् पनि आफ्नो मालिकलाई साथ दिन छाड्दैनन् ।

न भृत्यानां बृत्तिसंरोधनेन
राज्यं धनं संजिबृक्षेदपूर्वम् ॥
त्यजन्ति ह्येनं वञ्चिता वै विरुद्धाः
स्निग्धाह्यमात्माः परिहीन भोगाः ॥२३॥

सेवक, नोकर एवम् सहयोगीहरूको जीविकाको साधन (वृत्ति वा दानापानी) नै हरिने गरेर राज्य बढाउने वा धन कमाउने चाहना गर्नुहुँदैन । दानापानी हटाइदिँदा जीविकाहीन भएका साविक आफूलाई मनपरेका राजाका मन्त्री पनि विरोधी हुनगई राजालाई साथ दिन वा सहयोग गर्न छाडिदिन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्यानि पूर्वं परिसङ्ख्याय सर्वा-
ण्यायव्यये चानुरूपां च वृत्तिम् ॥
संगृण्हीयादनुरूपान् सहायान्
सहायसाध्यानि हि दुष्कराणि ॥२४॥

सर्वप्रथम आफ्नो कर्तव्य, आमदानी-खर्च, उपयुक्त तलब इत्यादि कुराको निश्चय गरेपछि मात्र योग्य सहायकहरूलाई भर्ना गर्नुपर्दछ। किनकि अति कठिन कामहरू पनि सहायकको मद्दतवाट नै सम्पन्न गर्न सकिन्छन्।

अभिप्रायं यो विदित्वा तु भर्तुः
सर्वाणि कार्याणि करोत्यतन्द्री ॥
वक्ता हितानामनुरक्त आर्यः
शक्तिज्ञ आत्मेव हि सोऽनुकम्प्यः ॥२५॥

जुन सेवकले आफ्नो मालिकको अभिप्राय बुझेर कत्ति पनि अल्छी नगरी सबै काम फत्ते पार्दछ। जुन सेवकले मालिकको हित हुने कुरा गर्दछ। स्वामिभक्त र सज्जन हुँदाहुँदै राजशक्तिसँग सुपरिचित छ। यस किसिमका सेवकहरूलाई आफूसरह हुन् भन्ने ठानेर उनीहरूलाई दयादृष्टिले हेर्ने गर्नुपर्दछ।

वाक्यं तु यो नाद्रियतेऽनुशिष्टः
प्रत्याह यश्चापि नियुञ्ज्यमानः ॥
प्राज्ञभिमानी प्रतिकूलवादी
त्याज्यः स तादृक् त्वरयैव भृत्यः ॥२६॥

जुन सेवकले आदेश पाउँदा पनि आफ्नो मालिकले भनेको कुरालाई टेरपुच्छर लाउँदैन अथवा वास्ता गर्दैन। कुनै काम गर भन्यो भने उल्टै जवाफ फर्काउँछ, जसलाई आफ्नो बुद्धिको मात चढेको छ, अनि प्रतिकूल पर्नेगरी बोल्न थाल्दछ त्यस किसिमको सेवकलाई तुरुन्त हटाइहाल्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तब्धमक्लीबमदीर्घसूत्रं
सानुक्रोशं श्लक्ष्णमहार्यमन्यैः ॥
अरोगजातीयमुदावाक्यं
दूतं वदन्त्यष्टगुणोपपन्नम् ॥२७॥

निरभिमानी, समर्थवान् (शूरो), शीघ्रकाम गरिहाल्ने (रेडिकल), दयालु, शुद्ध हृदय, अरूको वहकाउमा नपर्ने, निरोगी, युक्तियुक्त वा तर्कपूर्ण कुरा गर्ने यी आठ गुणले युक्त भएको व्यक्तिलाई राजदूत (एम्वेसेडर) वनाउनुपर्छ ।

न विश्वासाज्जातु परस्य गेहे
गच्छेन्नरश्चेतयानो विकाले,
न चत्वरे निशि तिष्ठेन्निगुढो
न राजकाम्यां योषितं प्रार्थयीत ॥२८॥

सावधान मानिस विश्वस्त भई कहिल्यै कुनै पनि आफ्नो मनले नखाएको व्यक्तिको घरमा नपसोस्, रातमा लुकिछिपी चौवाटोमा वस्ने नगरोस् । जुन आइमाई (स्त्री) लाई राजाले (आफूभन्दा शक्तिशालीले) ग्रहण गर्न खोजेको छ अर्थात् आँखा गाडेको छ त्यस्ती स्त्रीलाई पाउँने इच्छा पनि नलेओस् ।

न निन्हवं मन्त्रगतस्य गच्छेत्
संसृष्ट मन्त्रस्य कुसङ्गतस्य
न च ब्रूयान्नाश्वसिमि त्वयीति
सकारणं वयपदेशं तु कुर्यात् ॥२९॥

कुनै व्यक्ति पहिले असल मित्रको रूपमा छलफल, विचार विमर्श र वैठकहरू हुँदा उपस्थित हुने गर्दथ्यो । हालसालै आएर ऊ गोप्यरूपमा शत्रुसँग मिल्न गएको वा कुसङ्गतमा लागेको छ भन्ने थाहा भएपछि पनि त्यस्तो व्यक्तिलाई ठाडै तिरस्कार गर्नुहुँदैन साथै 'म तिमीलाई विश्वास गर्दिन' पनि भन्नुहुँदैन । यस्तो व्यक्तिसँगवाट युक्तिसङ्गत वनाएर वच्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घृणी राजा पुंश्चली राजभृत्यः
पुत्रो भ्राता विधवा बालपुत्रा ॥
सेनाजीवी चोद्धृतभूतिरेव
व्यवहारेषु वर्जनीयाः स्युरेते ॥३०॥

अरूले केही भन्लान् कि भन्ने ठानेर अपराध गर्नेलाई पनि दण्ड दिन नसक्ने कमजोर राजा (सत्ताधारी), वेश्या, राज कर्मचारी, छोरा, भाइ, ससाना वालवच्चा भएकी विधवा, अधिकार खिंचिएको (खोसिएको) सैनिक वा फौजी तथा पुलिस यी सवैसँग लेनदेनको व्यवहार गर्नुहुँदैन ।

अष्टौ गुणाः पुरुषं दीपयन्ति
प्रज्ञा च कौल्यं च श्रुतं दमश्च ॥
पराक्रमश्चाबहुभाषित च
दानं यथाशक्ति कृतज्ञता च ॥३१॥

वुद्धि, कुलीनता, शास्त्रज्ञान, इन्द्रिय निग्रह, पराक्रम, कम बोल्ने गर्नु, यथाशक्य दान गर्नु, कृतज्ञ रहनु यी आठ गुणले व्यक्तिको शोभा वढाउँछन् र यी गुण भएका मानिसहरूले जीवनमा सफलता पाउँछन् ।

एतान् गुणांस्तात महानुभावा-
नेको गुणः संश्रयते प्रसह्य ॥
राजा यदा सत्कुरुते मनुष्यं
सर्वान् गुणानेष गुणो विभर्ति ॥३२॥

राजसम्मान भन्ने एउटा अर्को यस्तो गुण पनि छ । जसले यी आठवटा महत्त्वपूर्ण गुणलाई हठात् तिरोहित पार्दछ । राजाले जुन वेलामा मानिसको स्वागत सत्कार गर्दछन्, त्यतिखेर यो राजसम्मान भन्ने गुणले राजाको गरिमालाई अभिवृद्धि गर्दछ ।

गुणा दश स्नानशील भजन्ते
बलं रूपं स्वरवर्णप्रशुद्धिः ॥
स्पर्शश्च गन्धश्च विशुद्धता च
श्रीः सौकुमार्यं प्रवराश्च नार्यः ॥३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सधैं नुहाउने मानिसलाई बल, रूप, मीठो स्वर, उज्ज्वल र स्पष्ट उच्चारण गर्ने कोमल स्पर्श, सुगन्ध, पवित्रता, शारीरिक कान्ति वा शोभा, सुकुमारता र राम्रा-राम्रा नारीहरू यी दशथरी कुराको लाभ हुने गर्छ।

गुणाश्च षण्मितभुक्तं भजन्ते
आरोग्यमायुश्च बलं सुखं च ॥
अनाविलं चास्य भवत्यपत्यं
न चैनमाद्यून इति क्षिपन्ति ॥३४॥

परिमित भोजन (Balanced diet) गर्ने व्यक्तिलाई निम्नानुसार ६ वटा फाइदा हुने गर्छन्:

(क) निरोगिता, (२) दीर्घायु, (३) शारीरिक बल वा स्फूर्ति, (४) इन्द्रीयहरूको सुख, (५) निरोगी एवम् तन्दुरुस्त सन्तान, (६) 'यो खञ्चुवा छ' भन्ने भनाइबाट जोगिनु।

अकर्मशीलं च महाशानं च
लोकद्विष्टं बहुमायं नृशंसम् ॥
अदेशकालज्ञमनिष्टवेषं
मेतान् गृहेन प्रतिवासयेत ॥३५॥

अकर्मण्य वा अल्छी, धेरै खाने खञ्चुवा, सबैसँग द्वेष (वैरभाव) गर्ने, अत्यन्त चलाख (कपटी) मायावी, दुष्ट, देश, काल नबुझेको, सबैले निन्दा गरेको पहिरन गर्ने (फोहोरी लुगा लगाउने) यी सात थरीलाई आफ्नो घरमा वस्न नदिनु।

कदर्यमाक्रोशकमश्रुतं च
बनोकसं धूर्तममान्यमानिनम् ॥
निष्ठुरिणं कृतवैरं कृतघ्न-
मेतान् भृशार्तोऽपि न जातु याचेत् ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्त गरीब भए पनि निम्नलिखित ९ जनासँग कहिल्यै कुनै चीज पनि माग्नुहुँदैन:

(१) कञ्जुस, (२) जथभावी गाली गर्ने (३) मूर्ख (४) जङ्गली (५) जुवाडे (६) मान गर्न नहुनेलाई इज्जत गर्ने (७) निर्दयी (८) वैरी, (९) कृतघ्न ।

संक्लिष्टकर्माणमतिप्रमादं
नित्यानृतं चादृढभक्तिकं च ॥
विसृष्टरागं पटुमानिनं चा-
प्येतान् र सेवेत नराधमान् षट् ॥३७॥

क्लेश (दुःखदायी) काम गर्ने, अत्यन्त प्रमादी (असावधी), सधैँभरि झूठो कुरा बोल्ने, देखावटीले भक्ति गर्ने ढोगी, स्नेहरहित रूखो, आफूलाई निकै चलाख छु भन्ने ठान्ने यी ६ थरी नीच पुरुष (नराधम) हुन्, त्यस्ताको सङ्गत गर्नुहुँदैन ।

सहायबन्धना ह्यर्थार्थाः सहायाश्चार्यबन्धनाः ॥
अन्योन्यबन्धनावेतौ विनान्योन्यं न सिध्यतः ॥३८॥

मित्रहरू धनद्वारा बाँडिन्छन् अर्थात् धन दिएर मित्र बनाइन्छ । मित्रहरूबाट धन पनि बाँधिन्छ । मित्र र धन दुवै एक आपसमा बाँधिएका छन् । एकअर्का विना यी प्राप्त पनि हुँदैनन् । तात्पर्य यो हो कि मित्रहरूको सहायताविना राज्य आदि अर्थ सिद्ध (सफल) हुँदैनन् । साथै अर्थ (धन) को सहायता नभई मित्रहरू उपलब्ध हुँदैनन् ।

उत्पाद्य पुत्राननृणांश्च कृत्वा
वृत्तिं च तेभ्योऽनुविधाय कांचित् ॥
स्थाने कुमारीः प्रतिपाद्य सर्वा
अरण्यसंस्थोऽथ मुनिर्बुभूषेत् ॥३९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान जन्माएर उनीहरूलाई कर्जा (ऋण) मुक्त गराएर सुखपूर्वक जीविका गर्ने साधनहरू जुटाइदिएर छोरीहरूको पनि यथायोग्य घरानाका बरको खोजी गरेर विवाह सम्पन्न गराएपछि मात्र गृहस्थीले वानप्रस्थी भई मुनि बन्ने इच्छा गरोस् ।

हितं यत् सर्वभूतानामात्मनश्च सुखावहम् ॥
तत् कुर्यादीश्वरे ह्यर्पयेतन्मूलं सर्वार्थसिद्धये ॥४०॥

जुन काम गर्दा सम्पूर्ण प्राणीको भलो हुनेवाला छ, साथै स्वयं आफ्नो लागि पनि सुखकारी रहन्छ । त्यस्तो किसिमको काम ईश्वरलाई अर्पण गर्ने मनसाय लिई गर्ने गरोस् । यसबाट धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थको प्राप्ति हुन्छ ।

बुद्धिः प्रभावस्तेजश्च सत्वमुत्थानमेव च ॥
व्यवसायश्च यस्य स्यात् तस्यावृत्तिभयं कुतः ॥४१॥

जुन मानिसमा बराबर अगाडि बढ्ने क्षमता, प्रभाव, तेजस्विवता, धर्म, विषयक सात्विक वृत्ति, उद्योग र व्यवसाय सञ्चालन गर्ने भावना, दृढ अठोट आदि गुणहरू रहेका हुन्छन्, त्यस्तो मानिसको निम्ति जीविकोपार्जनको साधन जुट्दैन कि अन्ने कुराको के डर ? अर्थात् यी गुणहरूले परिपूर्ण व्यक्तिले आफ्नो बलबुतोले सबैतर सधैंभरि नै आफ्नो जीविकाको साधन जुटाउन सक्दछ ।

परस्य दोषान् पाण्डवैर्विग्रहे त्वं
यत्र व्यथेयुरपि देवाः सशक्राः ॥
पुत्रैर्वैरं नित्यमुद्विग्नवासो
यशः प्रणाशो द्विषतां च हर्षः ॥४२॥

हे महाराज धृतराष्ट्र ! पाण्डवहरूसँग लडाइ गर्दा जे जति दोषहरू छन्, तिनलाई हेर्नुहोस् । पाण्डवहरूसंग लडाइ छेडिएपछि इन्द्र आदि देवताहरू समेतले कष्ट उठाउनुपर्नेछ । युद्ध भएमा पुत्र कलह हुन्छ र यसले मानसिक पीडा दिन्छ । कीर्ति पनि नासिन्छ, साथै शत्रुहरूले पनि हाँस्ने भौका पाउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भीष्मस्य कोपस्तव चैवेन्द्रकल्प
द्रोणस्य राज्ञश्च युधिष्ठिरस्य ॥
उत्सादयेल्लोकमिमं प्रवृद्धः
श्वेतो ग्रहस्तिर्यगिवापतन् खे ॥४३॥

आकाशमा तेर्सो परेर उदाएको धूम्रकेतु (पुच्छ्रेतारा) ले जसरी संसारभरि नै अशान्ति र उपद्रव खडा गर्दछ। त्यसैगरी भीष्म, तपाईं धृतराष्ट्र, द्रोणाचार्य तथा राजा युधिष्ठिरको वढ्दै गएको रिसले यो संसारलाई संहार गर्न सक्तछ।

तव पुत्रशतं चैव कर्णः पञ्च च पाण्डवाः ॥
पृथिवीमनुशासेयुरखिलां सागराम्बराम् ॥४४॥

हे धृष्तराष्ट्र ! तपाईंका सय छोरा, कर्ण र पाण्डुपुत्रहरू मिले भने आकाशसहित सम्पूर्ण पृथ्वीकै शासन चलाउन सक्षम हुनेछन्।

धार्तराष्ट्र वनं राजन् व्याघ्राः पाण्डुसुता मताः ॥
मा वनं छिन्धि सव्याघ्रं मा व्याघ्रान् नीनशन् वनात् ॥४५॥
न स्याद्वनभृते व्याघ्रान् व्याघ्रा न स्युर्ऋते वनम् ॥
वनं हि रक्ष्यते व्याघ्रैर्व्याघ्रान् रक्षति काननम् ॥४६॥

हे धृतराष्ट्र ! दुर्योधन-दुशासन आदि तपाईंका छोराहरू वन (जङ्गल) जस्तै छन्। युधिष्ठिर-अर्जुन आदि पाण्डुका छोराहरू वाघ समान छन्। यसैले वाघ (पाण्डव) सहित वन (कौरव) लाई नमास्नोस्। वाघले वनको रक्षा गर्छ र वनले वाघको। यी दुवैथरी, अर्काका पूरक छन्। तसर्थ वन र वाघरूप कौरव र पाण्डवहरू एक आपसमा मिलेर एक अर्काको रक्षा कार्यमा जुटिरहुन्।

न तथेच्छन्ति कल्याणामन् परेषां वेदितुं गुणान् ॥
यथैषां ज्ञातुमिच्छन्ति नैर्गुण्यं पापचेतसः ॥४७॥

दुष्ट बुद्धि भएका मानिसहरू अरूहरूका असल गुणहरूवारे बुझ्ने चाहना गर्दैनन्। वरू मानिसको अवगुण (दोष वा खोट) भने खुवै पत्ता लगाउन खोज्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थसिद्धि परामिच्छन् धर्ममेवादितश्चरेत् ।
न हि धर्मादपैत्यर्थः स्वर्गलोकादिवामृतम् ॥४८॥

जो मानिस धर्म, अर्थ, काम, मोक्ष यो चतुवर्ग फलप्राप्तिको चाहना गर्दछ, उसले सवैभन्दा पहिले धर्मको बाटोमा हिड्नुपर्छ, धर्मले अर्थ पैदा गर्छ । स्वर्गबाट अमृतलाई छुट्टै राख्न नसके झैं धर्मबाट पनि अर्थलाई अलग्याउन सकिँदैन ।

यस्यात्मा विरतः पापात् कल्याणे च निवेशितः ॥
तेन सर्वमिदं बुद्धं प्रकृतिर्विकृतश्च या ॥४९॥

जसको आत्मा या मन पापकर्म छाडी धर्म (शुभकर्म) तर्फ लागिसकेको छ । उसले सांसारिक प्रकृति र विकृतिलाई बुझेको हुन्छ ।

यो धर्ममर्थ कामं च यथाकालं निषेवते ॥
धर्मार्थकामसंयोगं सोऽमुत्रेह च विन्दति ॥५०॥

जसले समयानुसार धर्म, अर्थ र काम यी तीन कुरालाई यथासमय अपनाउँदै जान्छ उसले इहलोक र परलोक दुवै ठाउँमा धर्म, अर्थका यी तीनै कुरालाई सम्मिलित रूपले प्राप्त गर्न थाल्दछ ।

संनियच्छति यो वेगमुत्थितं क्रोधहर्षयोः ॥
स श्रियो भाजनं राजन् यश्चापत्सु न मुह्यति ॥५१॥

हर्ष र क्रोधद्वारा पैदा हुने वेगलाई जसले बुद्धि लगाएर नियन्त्रणमा राख्तै आपत्ति पदा पनि हडबडाउँदैन, त्यस किसिमको मानिसलाई धन सम्पत्ति प्राप्त हुने गर्दछ ।

बलं पञ्चविधं नित्यं पुरुषाणां निबोध मे ॥
यत्तु बाहुबलं नाम कनिष्ठं बलमुच्यते ॥५२॥
अमात्यालाभो भद्रं ते द्वितीयं बलमुच्यते ॥
तृतीयं धनलाभं तु बलमाहुर्मनीषिणः ॥५३॥
यत्त्वस्य सहजं राजन् पितृपैतामहं बलम् ॥
अभिजातबलं नाम तच्चतुर्थं बलं स्मृतम् ॥५४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

येन त्वेतानि सर्वाणि संगृहीतानि भारत ॥
यद् बलानां बलं श्रेष्ठं तत् प्रज्ञाबलमुच्यते ॥५५॥

मानिसहरूका ५ किसिमका वल (शक्ति) हुन्छन्। यीमध्ये बाहुबल कनिष्ठ वल हो। यसलाई शारीरिक वल पनि भनिएको छ।

दोस्रो वल सुयोग्य मन्त्रीलाई पाउनु हो। विद्वान्हरूको भनाइवमोजिम धन प्राप्त हुनु तेस्रो बल मानिएको छ।

पिता पूर्खावाट प्राप्त भएका वल अर्थात् मानिसको स्वाभाविक बल (कुटुम्वजनको वल) जसलाई 'अभिजात वल' को संज्ञा दिइएको छ, चौथो किसिमको बल हो।

यी सवै चारै किसिमका बल जसवाट सङ्ग्रहित भएको छ, त्यस किसिमको वललाई बुद्धि-वल भनिन्छ। यो नै अन्य सवै बलमध्ये श्रेष्ठ मानिएको छ।

महतेयोऽपकाराय नरस्य प्रभवेन्नरः ॥
तेन वैरं समासज्य दूरस्थोऽस्मीति नाश्वसेत् ॥५६॥

जुन पुरुषले अरूको ठूलो उपकार गर्न सक्दछ, उससँग वैरभाव गर्नुहुँदैन। साथै म आफू ऊवाट टाढा वसेको छु। उसले मलाई के विगार्ला त भनी निःशङ्क वसिरहनु पनि हुँदैन।

स्त्रीषु राजसु सर्पेषु स्वाध्यायप्रभु शत्रुषु ॥
भोगेष्वायुषि विश्वासं कः प्राज्ञः कर्तुमर्हति ॥५७॥

स्त्री र राजा आफ्नो चञ्चल स्वभावको कारण, सर्पहरू डस्ने स्वभाव भएकोले, स्वाध्याय (पढाइ) दोहोऱ्याएर नपढ्दा विर्सिने हुनाले, सदैव एकाग्र चित्त नरहनाले गर्दा मालिक र शत्रु, भोगविलास र आयु गर्दा नाशवान् हुनाको कारणले यी कुराहरूलाई कुन चाहिँ वुद्धिमान् व्यक्तिले विश्वास गर्छ र ? अर्थात् स्त्री, राजा, सर्प, स्वाध्याय, मालिक, शत्रु, भोग, आयु यी कुराहरूमा पूर्ण भरोसा गर्नु आफैंलाई धोखा दिनु समान हो।

प्रज्ञाशरेणाभिहतस्य जन्तो-
श्चिकित्सकाः सन्ति न चौषधानि ॥
न होमन्त्रा न च मङ्गलानि
नाथर्वणा नाप्यगादाः सुसिद्धाः ॥५८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसलाई बुद्धिवाणले प्रहार गरिएर त्यसवाट आहत जीवका लागि वैद्य, औषधि, यज्ञ, शान्ति-स्वस्ति आदि मन्त्र, माङ्गलिक अनुष्ठान, अथर्व वेद अनुरूपका प्रयोगहरू र पारोभष्म आदिले भलीभाँति शोधन गराइएको रसादिले नै पनि उसलाई निको पार्न सकिँदैन ।

सर्पश्चाग्निश्च सिंहश्च कुलपुत्रश्च भारत ॥
नावज्ञेया मनुष्येण सर्व ह्येतेऽतितेजसः ॥५९॥

मानिसले सर्प, आगो, सिंह र आफ्नो कूलमा जन्मेको व्यक्ति वा कुलीन व्यक्तिलाई अनादर गर्नुहुँदैन । यी सबै अति तेजस्वी हुन्छन् ।

[सर्पलाई चोट पुऱ्याएपछि उसले कालान्तरमा बदला लिन्छ । सर्पले आफूलाई पीडा दिनेलाई राम्ररी चिनेको हुन्छ । सिंहले पनि पीडा परेपछि मानिसलाई मारिछाड्छ । आगोको सानो झिल्कोलाई पनि उपेक्षा गर्नुहुन्न यसले थोरै समयमा नै बढेर स्वाहा पारिदिन्छ । यसैले यी सर्प, आगो, सिंहलाई पीडित वा उपेक्षित गर्नुहुँदैन । होइन भने यिनीहरूलाई मारि नै दिनु बेस हो । यसैगरी कुलीन पुरुषलाई पनि अपमान गर्नु हुँदैन । हुनत कुलीन वा घरानियाँ व्यक्तिले बदलाको भावना प्रायः लिँदैनन्, यदि लिन खोजे भने सम्पूर्ण राष्ट्रलाई नै नष्ट पारिदिन सक्छन् । आचार्य चाणक्यले नन्दवाट अपमानित हुन गएपछि नन्दवंशलाई समूल नाश गरिदिएको ऐतिहासिक तथ्य यसको उदाहरण हो]

अग्निस्तेजो महल्लोके गूढस्तिष्ठति दारुषु ॥
न चोपयुङ्क्ते तद्दारु यावन्नोद्दीप्यते परैः ॥६०॥
स एव खलु दारुभ्यो यथा निर्मथ्य दीप्यते ॥
तद्दारु च वनं चान्यनिर्दहत्याशु तेजसा ॥६१॥

संसारमा आगो नै यस्तो महान् तेज छ कि यो रूखको टोड्काभित्र लुकेर वसेको हुन्छ । जवसम्म अरूले यसलाई सल्काइदिँदैनन् । तवसम्म यसले काठलाई डढाउँदैन ।

आगो लुकेर काठभित्र वसेको हुन्छ । त्यस काठलाई मथेर वालिदिएमा त्यस आगोले आफू वसेको काठलाई, जङ्गललाई र अरू चिजवीच समेतलाई तुरुन्त जलाइदिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवमेव कुले जाताः पावकोपमतेजसः ॥
क्षमावन्तो निराकाराः काष्ठेऽग्निरिव शेरते ॥६२॥

कुलीन पुरुष अग्निसमान तेजस्वी भएर पनि आफूवारे प्रकट गर्दैनन् । यिनीहरू काठमा रहेको आगोजस्तै निराकार हुन्छन् । तसर्थ पाण्डवहरू कुलीन छन् । उनीहरूलाई ज्यादै नरगड्नोस्, उनीहरूभित्रको आगो दन्कन थालेपछि त्यसले सबैलाई नष्ट पारिदिन्छ ।

लताधर्मा त्वं सपुत्रः शालाः पाण्डुसुता मताः ॥
न लता वर्धते जातु महाद्रुममनाश्रिता ॥६३॥

हे राजन् धृतराष्ट्र ! तपाईं आफ्ना छोराहरूसहित एउटा कोमल लहरा (त्यान्द्रो) बराबर हुनुहुन्छ । पाण्डवहरू सालको ठूलो रूखसमान हुन् । लहराले ठूलो वृक्षको आड नपाई कहिल्यै पनि बढ्न (झाङ्गिन) पाउँदैन ।

वनं राजंस्तव पुत्रोऽम्बिकेय
सिंहान् वने पाण्डावांस्तात विद्धिः ॥
सिंहैर्विहीनं हि वनं विनश्येत्
सिंहा विनश्येयुर्ऋते वनेन ॥६४॥

हे राजन् ! तपाईंका छोरा कौरवहरू एउटा वन हुन् । पाण्डवहरूलाई यस वनभित्र रहने सिंह समान हुन् भन्ने सम्झनुहोस् । सिंहको अभावमा वन नष्ट हुन्छ । त्यसैले वनविना सिंह पनि नष्ट भइहाल्छ ।

महाभारत उद्योग पर्वको सैंतीसौं अध्याय
विदुरनीति वाक्यको पाँचौं अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

छैटौं अध्याय

- अतिथि सत्कार
- सेवक र स्त्री
- गृह व्यवस्था
- राजाको कर्तव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्वको अठ्तीसौं अध्याय

विदुर नीति छैटौं अध्याय

विदुर भन्दछन्:-

ऊर्ध्वं प्राणा ह्युत्क्रामन्ति यूनः स्थविर आयति ॥
प्रत्युत्थानाभिवादाभ्यां पुनस्तान् प्रतिपद्यते ॥१॥

अप्रत्यासित रूपले बूढोपाको महान् व्यक्ति (उच्च व्यक्तित्व) कुनै कम उमेर भएको नवयुवकको घरमा पुग्दछ भने त्यतिबेला त्यस नवयुवकलाई होस्हवास नै हराए झैं प्राण नै जालाजस्तो गरेर स्वाँ-स्वाँ फ्वाँ-फ्वाँ हुनजान्छ । त्यसपछि विस्तरै जब ऊ अभ्यागन्तुकको स्वागतार्थ उठेर नमस्कार गर्दछ अनि मात्र ऊ आफ्नो पूर्वस्थितिमा आइपुग्दछ ।

पीठं दत्वा साधवेऽभ्यागताय
आनीयापः परिनिर्णिज्य पादौ ॥
सुखं पृष्टवा प्रतिवेद्यात्मसंस्थां
ततो दद्यादन्नमवेक्ष्य धीरः ॥२॥

कुनै धीरपुरुष जब सज्जनको घरमा आउँछन्, घरवालाले सबैभन्दा पहिले आसन दिएर बसाओस् । त्यसपछि पानी ल्याएर गोडा धोओस् । भलाकुसारी पश्चात् आफूबारे (आफ्नो परिचय) बताओस् । तदुपरान्त आवश्यकता हेरी भोजन गराओस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्योदकं मधुपर्कं च गां च
न मन्त्रवित् प्रतिगृण्हाति गेहे ॥
लोभाद् भयादथ कार्पण्यतो वा
तस्यानर्थं जीवितमाहुरार्याः ॥३॥

कुनै व्यक्तिले वेदवेत्ता ब्राह्मणलाई पानी, मधुपर्क र गाई आदि सामग्री दिन्छ। तर ब्राह्मणले दातामा लोभ, भय, कञ्जुसी रहेको आभास पाएर मतलबी दान हो भन्ने ठानेर यी सामग्रीहरू स्वीकार गरेनन् भने दान नै गर्ने भए तापनि यस्ता गृहस्थीको जीवन व्यर्थ छ भनी ठूला बडाले भन्ने गर्दछन्।

चिकित्सकः शल्यकर्ताकीर्णी
स्तेनः क्रूरो मद्यपो भ्रूणहा च ॥
सेनाजीवी श्रुतिविक्रायकश्च
भृशं प्रियोऽप्यतिथिर्नोदकार्हः ॥४॥

पैसा कमाउने उद्देश्यले औषधिउपचार गर्ने वैद्य वा डाक्टर, मर्मान्तक पीडा दिने चीरफार गर्ने सल्य चिकित्सक, ब्रह्मचर्य पालना गर्न नसकेको, चोर, क्रूर, जंड्याहा, गर्भ तुहाउने, भाडामा दंगा फसाद गरी हुल्याहा पेसा (गुण्डागिरी) गरेर जीवनयापन गर्ने व्यक्ति, वेदज्ञानलाई बेच्ने अर्थात् पैसा लिएर वेद पढाउने काम गर्ने व्यक्तिहरू घरमा आउंदा गोडा धुने र पूजा सत्कार आदि कार्य गर्नुहुँदैन। यस किसिमका मानिसहरू भए पनि आफ्नो घरमा आउँदा आदर गर्न भने आफूले छाड्नुहुँदैन।

अविक्रयं लवणं पक्वमन्नं
दधि क्षीरं मधु तैलं घृतं च ॥
तिला मांसं फलमूलानि शाकं
रक्तं वासः सर्वगन्धा गुडाश्च ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नून, पकाएको अन्न, दही, दूध, मह, तेल, घ्यू, तिल, मास, फलफूल, मूला वा गाजर, सागपात, रातोरंगको लुगा, सुवास धूप अत्तर आदि, गूंड वा सख्खर आदि चिजहरू वेचविखन गर्नुहुँदैन ।

[विक्री गर्न अयोग्य वस्तुको विवरण न्यूनाधिक रूपमा मात्र शास्त्रहरूमा चर्चा गरिएको छ। माथि उल्लेखित वस्तुहरू कुनै गृहस्थीको घरमा आएर आफैंले प्रयोग गर्ने उद्देश्यले मागेमा पैसा नलिई गृहस्थीले दिनुपर्छ भन्ने यस श्लोकको मनसाय हो। वर्तमान समयमा मिसावट गरेर विक्री गर्ने प्रचलन वढी मात्रामा हुनेगरेको हुनाले दूध, तेल, घ्यू आदि उपभोग्य पदार्थ विनारकम सीमित मात्रामा उपभोक्तालाई दिनेगर्दा सम्भावित मिसावटी दुष्कार्यहरू परोक्षरूपले हतोत्साहित हुँदै जानेछन् भन्ने तर्क यस श्लोकले अघि सारको छ]

अरोषणो यः समलोष्टाश्मकाञ्चनः
प्राहीणशोको गतसन्धिविग्रहः ॥
निन्दाप्रशंसोपरतः प्रियाप्रिये
त्यजन्नुदासीनवदेषु भिक्षुकः ॥६॥

क्रोध वा रिस नगर्ने, ढुङ्गो र सुनलाई एकै नास सम्झने, शोक र पीरले मुक्त भएको, सन्धि र झगडा (स्नेह र वैरभाव) नगर्ने, निन्दा र प्रशंसा दुवैमा समभाव राख्ने, मन परेको-नपरेको जे जस्तोसुकै वस्तु होस्, त्यागिदिने यस किसिमले उदासीन समान भएको सन्न्यासी अत्यन्त महान् र पुण्यात्मा हुन्छ ।

नीवारमूलेङ्गुदशाकवृत्तिः
सुसयतात्मानिकार्येषु चोद्यः ॥
वने वसन्नतिथिष्वप्रमत्तो
धुरन्धरः पुण्यकृदेष तापसः ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वनमा पैदाहुने पदार्थ तृणधान्य (सामा धान) को चामल, कन्दमूल, चिउरा, सागपात आदि खाएर जीवन धान्ने, मनलाई नियन्त्रणमा राख्ने, अग्निहोत्र आदि यज्ञ गर्ने, वनमा वसेर पनि अतिथि सत्कारमा सदैव तत्पर रहने वानप्रस्थी पुण्यात्मा तपस्वीजनहरू श्रेष्ठ मानिन्छन् ।

अपकृत्य बुद्धिमतो दूरस्थोऽस्मीति नाश्वसेत् ॥
दीर्घौ बुद्धिमतो बाहू याल्यां हिंसति हिंसितः ॥८॥

जसले वुद्धिमान व्यक्तिको ठूलो हानि नोक्सानी गरेको छ, हानि-नोक्सानीमा परेर टाढा गई वसेको भए पनि 'म त्यो (वुद्धिमान) मान्छेदेखि टाढा रहन्छु । उसले मलाई के विगार गर्ला त' भन्ने कुरा मनमा नलेओस् । किनभने सताइएको वुद्धिमान् मानिसको हात लामो हुन्छ अर्थात् ज्यादै शक्तिशाली हुन्छ उसले आफ्नै वाहुवलले वदला लिएर नै छाड्नेछ ।

न विश्वसेदविश्वस्ते विश्वस्ते नातिविश्वसेत् ॥
विश्वासाद् भयमुत्पन्नं मूलान्यपि निकृन्तति ॥९॥

विश्वास गर्न नहुने मानिसलाई कहिल्यै विश्वास नगरोस् । परन्तु विश्वास गर्न लायक मित्र नै भए पनि उसलाई अत्यधिक मात्रामा विश्वास नगरोस् । किनभने यस किसिमको अत्यधिक विश्वासले भय पनि पैदा गराउँछ । विश्वस्त व्यक्तिवाट उत्पन्न भएको भय शत्रुको भन्दा पनि भयंकर हुन जान्छ । यस्तो भयले व्यक्तिलाई जरैदेखि नष्ट पार्दछ ।

अनीर्षुर्गुप्तदारश्च संविभागी प्रियंवदः ॥
श्लक्ष्णो मधुरवाक् स्त्रीणा न चासां वशगो भवेत् ॥१०॥

सज्जन पुरुषले कहिल्यै कसैको ईर्ष्या र डाह नगरोस् । स्त्री वर्गको रक्षा गरोस् । सम्पत्तिको पनि परम्परामा र नोकर-चाकरसमेतलाई दिई भागवण्डा गरेर उपभोग गरोस् । मीठो वोली वोल्ने गरोस् । स्वभावमा सरलता रहोस् । नारीहरूसँग मधुर वचन वोलोस्, तर स्त्रीका वशमा भने नपर्ने गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजनीया महाभागाः पुण्याश्च गृहदीप्तयः ॥
स्त्रियः श्रियो गृहस्योक्तास्तस्माद्रक्ष्या विशेषतः ॥११॥

स्त्रीहरूलाई घरकी लक्ष्मी तथा आदरयोग्य भनिएको छ, यिनीहरू सौभाग्यशालिनी (महालक्ष्मी समान) पवित्र, घरको शोभा (लक्षिन) बढाउनमा गनिन्छन्। यसैले विशेषरूपले गृहिणीको रक्षा गर्नुपर्दछ। गृहिणीको जुन घरमा अभाव रहन्छ, त्यो घर स्मसान समान हुन जान्छ।

पितुरन्तःपुरं दद्यान्मातृर्दद्यान्महानसम् ॥
गोषु चात्मसमं दद्यात् स्वयमेव कृषिं व्रजेत् ॥१२॥
भृत्यैर्वाणिज्यचारं च पुत्रैः सेवेत च द्विजान् ।

कुनै पनि व्यक्तिले आफ्नो अन्तःपुर (गृह प्रवन्ध) सम्वन्धी कामको जिम्मा आफ्नो बावु (पिता) लाई लगाओस् किनकि वावु समानको हितैषी व्यक्ति अरू केही पनि हुन सक्तैन। भान्सा र खाने पिउने कुराको व्यवस्था आफ्नी आमाको जिम्मामा राखोस्। गाई वस्तुभाउ र सम्पत्तिको देखभाल आफ्नो आत्मीय एवम् मन परेको मानिसद्वारा गराओस्। खेतीपातीको हेरचाह आफू स्वयंले गरोस्। व्यापार र लेनदेनको काम कारवाही नोकर वा सेवकद्वारा गराओस् र ब्राह्मणहरूको सेवा भने आफ्ना पुत्रबाट गराउने गर्नुपर्दछ।

अद्भ्योऽग्निर्ब्रह्मतः क्षत्रमश्मनो लोहमुत्थितम् ॥
तेषां सर्वत्रगं तेजः स्वासु योनिषु शाम्यति ॥१३॥

पानीवाट आगो, ब्राह्मणवाट क्षत्रिय, पत्थरवाट फलम आदि धातुहरू पैदा भएका छन्। यसैले यी पैदा भएका वस्तुहरूको सर्वव्यापी प्रभाव पनि आफूलाई पैदा गर्ने वस्तुहरूमा नै गएर शान्त हुन पुग्दछन्। अर्थात् पानीले निभाउँछ ब्राह्मणहरूले क्षेत्रीलाई शान्त गराउँछन्, अनि फलामलाई पनि कडा पत्थरले बङ्ग्याईदिने गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नित्यं सन्तः कुले जाताः पावकोपमतेजसः ॥
क्षमावन्तो निराकाराः काष्ठेऽग्निरिव शेरते ॥१४॥

श्रेष्ठ कुलमा पैदा भएका अग्निसमान तेजस्वी साधु पुरुषहरू सधैं क्षमाशील हुन्छन्। यस किसिमका विकासरहित व्यक्ति रूखको टोड्काभित्र छिपेर रहेको आगोसमान सधैं शान्त भईरहन्छन्।

यस्य मन्त्रं न जानन्ति बाह्याश्चाभ्यन्तराश्च ये ॥
स राजा सर्वतश्चक्षुश्चिरमैश्वर्यमश्नुते ॥१५॥

जसको गुप्त कुरालाई उसका शत्रु र मित्र कसैले पनि थाहा पाउन सक्तैनन्, त्यस किसिमको गम्भीर स्वभाव भएको राजाले नै लामो समयसम्म वैभव (ऐश्वर्य) लाई उपभोग गर्न पाउँछ।

करिष्यन्न प्रभाषेत कृतान्येव तु दर्शयेत् ॥
धर्मकामार्थकार्याणि तथा मन्त्रोऽभिधीयते ॥१६॥

धर्म-काम-अर्थ सम्बन्धका पछि गरिने कामहरूबारे पहिले थाहा (पूर्व जानकारी) दिइरहनुहुँदैन। यी कामहरू भईसकेपछि मात्र प्रकट गर्नुपर्दछ। यस्तो गर्नेगरेमा राजा (शासक) का गोपनीय कुरा वा विचारबारे कसैले चाल (छनक) पाउँदैन।

गिरीपृष्ठमुपारुह्य प्रासादं वा रहोगतः ॥
अरण्ये निःशलाके वा तत्र मन्त्रोऽभिधीयते ॥१७॥

राजाले महत्त्वपूर्ण कुराको गोप्य तवरले विचार गर्नुपर्दा डाँडाको टुप्पामा, दरबारको माथिल्लो छतको एकान्त ठाउँमा या घाँस आदि नभएको वनको हरेक दुर्गम स्थानमा गएर विचार गर्ने गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नासुहृत् परमं मन्त्रं भारतार्हति वेदितम् ॥१८॥
अपण्डितो वापि सुहृत पण्डितो वाप्यनात्मबान् ॥
नापरीक्ष्य महीपालः कुर्यात् सचिवमात्मनः ॥१९॥
अमात्ये ह्यर्थलिप्सा च मन्त्ररक्षणमेव च ॥
कृतानि सर्वकार्याणि यस्य पारिषदा विदुः ॥२०॥
धर्मे चार्थे च कामे च स राजा राजसत्तमः ॥
गूढमन्त्रस्य नृपतेस्तस्य सिद्धिरसंशयम् ॥२१॥

जो साथी होइन, साथी भएर पनि बुद्धिमान छैन, अथवा मूर्ख छ, बुद्धिमान् भएर पनि आफ्नै मनलाई नियन्त्रण गर्न नसक्ने चञ्चले वा बकबके छ। त्यस्तो साथी गोपनीय कुरा थाहा पाउन योग्य छैन।

राम्रोसँग जाँचबुझ नगरी कसैलाई पनि आफ्नो मन्त्री नबनाओस्। किनभने नयाँ राज्यका साथै धन प्राप्तिको चाहना र गोप्य कुराहरूलाई गोपनीय बनाउने जिम्मेवारी मन्त्रीमा नै निहित हुन्छ।

जुन राजाको धर्म, अर्थ र कामसम्बन्धी सबै कार्यको बारे उसका सभासदहरूलाई पनि काम पूरा भइसकेपछि मात्र थाहा हुनेगर्छ। यस किसिमको गोपनीयता कायमै राख्ने विश्वासिला मन्त्री जुन राजाले पाएका हुन्छन्, उनीहरूले सफलतापूर्वक राज्यको सञ्चालन गर्दछन्।

अप्रशस्तानि कार्याणि यो मोहादनुतिष्ठति ॥
स तेषां बिपरिभ्रंशाद् भ्रंश्यते जीवितादपि ॥२२॥

मोहवश जसले निन्दित काम गर्नेगर्छ, यस किसिमको कामद्वारा निस्कने विपरीत परिणामले गर्दा उसले आफ्नो जीवन नै गुमाउनुपर्दछ।

कर्मणां त प्रशस्तानामनुष्ठानं सुखावहम् ॥
तेषामेवाननुष्ठानं पश्चात्तापकरं मतम् ॥२२॥

असल र नेक वा उत्तम कर्म गर्नु नै सुखदायी छ। यस किसिमको नेक कर्म नगर्नु वा गर्न छाड्नु नै दुःखको कारण हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनधीत्य यथा वेदान्नविप्रः श्राद्धमर्हति ॥
एवमश्रुतषाड्गुण्यो न मन्त्रं श्रोतुमर्हति ॥२४॥

जसरी वेद नपढेको ब्राह्मणको श्राद्ध गराउने अधिकार हुँदैन, त्यसरी नै राजनीतिका ६ वटा गुण (सन्धि-विग्रह-यान-आसन-द्वैधीभाव-समाश्रय) लाई नबुझी गोपनीय विषय थाहा पाउने उसलाई अधिकार रहँदैन ।

[अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीलाई गुलियो हुने गरी मह मिसाइएको पदार्थ हो । मधुपर्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पुरोहित, राजा, जुवाईं र असल एवम् प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पुरोहित यी अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेलेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ]

यस श्लोकमा उल्लेखित षड्गुण गोपनीयताको राजनीतिक विषयसँग सम्वन्धित छन्, यी ६ वटा गुण निम्न लिखित छन्:

१. **सन्धि** - शत्रुसँग वा छिमेकी वा अरू राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२. **विग्रह** - शत्रु वा अरू विधर्मी, वदमास, प्रजापीडक शासक (राजा) हरूसँग टाढा रहनु वा सम्वन्धविच्छेद गर्नु ।

३. **यान** - शत्रुलाई आक्रमण गर्नु ।

४. **आसन** - उत्तेजित पार्ने खालको शत्रुको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप वस्नु ।

५. **द्वैधीभाव** - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटावाट धावा बोल्नु वा वैरीतर्फ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रमणको कार्य गर्नु, अर्को टुकडीलाई प्रत्यक्ष अरूले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगवाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाइँको वेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछन् ।

६. **समाश्रय-** आफूभन्दा वलियो र सुयोग्य राजाको आश्रयमा गएर शरण लिई सुरक्षित हुनु ।

[राज्यको वागडोर सम्हाल्ने सत्ताधारी (राजा) लाई वेला वेलामा यी ६ वटै तरीका अवलम्वन गर्नुपर्ने हुनाले गोपनीय सरसल्लाहका लागि सुयोग्य तथा समर्थवान् व्यक्तिलाई नियुक्त गर्नु नै परमावश्यक हुन्छ]

स्थानवृद्धिक्षयज्ञस्य षाड्गुण्यविदितात्मनः ॥
अनवज्ञातशीलस्य स्वाधीना पृथिवी नृपः ॥२५॥

जुन व्यक्तिले आफ्नो वर्तमान स्थिति (अवस्था) जस्तै कि देशको सीमाना वढेको र घटेको कुरा जानेको छ, साथै सन्धि-विग्रह-द्वैधीभाव आदि छवटै गुणवारे विस्तृतरूपले जानकारी राखेको छ, जसको गम्भीर स्वभावले गर्दा उसको मनको भाव अरूले थाहा पाउन सक्तैनन्, जसको शील स्वभाव र चरित्रको सबैजनाले प्रशंसा गर्दछन्, यस किसिमको व्यक्तिले राम्रोसँग आफ्नो वागडोर भित्र राखेर राज्यलाई जोगाई शासन चलाउन सक्तछ ।

अमोघक्रोधहर्षस्य स्वयं कृत्यान्ववेक्षिणः ॥
आत्मप्रत्ययकोशस्य वसुदैव वसुन्धरा ॥२६॥

जसको रिस (क्रोध) र खुसी वेकार हुँदैन वा खेर जाँदैन अर्थात् रिसाउँदा दण्ड र खुसी हुँदा पुरस्कार दिन सक्छ । भए गरेका कामको स्वयं बारम्बार जाँच पडताल गर्दछ, जसलाई आफ्नो कोषवारे राम्रैसँग हेक्का रहन्छ, उसलाई आफ्नो राष्ट्रले (पृथिवीले) राज्य-धन र ऐश्वर्य प्रदान गर्नेछ । अर्थात् यस्ता गुण भएका राजाले नै लामो समयसम्म राज्य सञ्चालन गर्न सक्तछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाममात्रेण तृप्येत छत्रेण च महीपतिः ॥
भृत्येभ्यो विसृजेदर्थान्नैकः सर्वहरो भवेत् ॥२७॥

राजाले 'राजा' भन्ने नाम र 'राजछत्र' धारणा गरेर नै सन्तुष्टि लिने गर्नुपर्दछ। राजकर्मचारीहरू र जनताका साथ मिलजुल गरेर अर्थात् आफ्ना सहयोगी समेतमा बाँड फाँड गरेर ऐश्वर्य (सम्पत्ति) को उपभोग गर्नुपर्दछ अर्थात् आफू एक्लैले ऐश्वर्यको उपभोग गर्नुहुँदैन। जुन राजाले आफैंले मात्र ऐश्वर्यको उपभोग गर्दछ, उसका कर्मचारीहरू नै उसका शत्रु बन्न थाल्छन् र राजालाई नै नष्ट गरिदिन्छन्।

ब्राह्मण ब्राह्मणो वेद भर्ता वेद स्त्रियं तथा ॥
अमात्यं नृपतिर्वेद राजा राजनमेव च ॥२८॥

ब्राह्मणलाई चिन्ने ब्राह्मण नै हुन्छन्। स्त्रीलाई बुझ्नसक्ने उसको पति नै हुन्छ। मन्त्री कस्तो छ भनेर बुझ्ने राजा नै हुन्छ। राजालाई चिन्ने पनि अरू देशका राजा नै हुन्छन्। तात्पर्य यो हो कि जसको जोसँग व्यवहार पर्दछ, पर्नेले मात्र राम्रोसँग सम्बन्धितलाई चिन्न सक्तछ।

न शत्रुर्वशमापन्नो मोक्तव्यो बध्यतां गत : ॥
न्यग् भूत्वा पर्युपासीत बध्यं हन्याद् बले सति ॥
अहताद्धि भयं तस्माज्जायते नचिरादिव ॥२९॥

मार्नैपर्ने खालको शत्रु आफ्नो नियन्त्रणमा आइसकेपछि उसलाई त्यसै छाड्नुहुँदैन। यदि आफू स्वयम् निर्वल (कमजोर) छ भने त्यस शत्रुसँग आफैं नम्र भई उसका साथमा सही समययापन गर्नुपर्छ। उसलाई प्रतिष्ठा पनि दिने गर्नुपर्छ। जब आफू शक्तिशाली (सबल) होइन्छ, अनि मात्र उसलाई (शत्रुलाई) समूल (नष्ट) गरिदिनुपर्दछ। मार्न लायक शत्रुलाई समयमै मारिएन भने उसबाट आफूलाई खतरा भइरहन्छ अर्थात् उसले आफूसँग बदला लिएरै छाड्नेछ।

दैवतेषु प्रयत्नेन राजसु ब्राह्मणेषु च ॥
नियन्तव्यः सदा क्रोधो बृद्धबालातुरेषु च ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असल व्यक्ति, ब्राह्मण, राजाहरू, बूढोपाको मानिस, केटाकेटी, दुःखी र दरिद्रहरू आदिसँग आफूमा उठ्तैगरेको रिस (क्रोध) लाई सधैं नै नियन्त्रणमा राख्नुपर्दछ ।

निरर्थं कलहं प्राज्ञो वर्जयेन्मूढसेवितम् ॥
कीर्तिं च लभते लोके न चानर्थेन युज्यते ॥३१॥

बेकारको झगडा गर्नु मूर्खहरूको मात्र काम हो । बुद्धिमान्ले मूर्खले गर्नेगरेको बेकारको कलहलाई त्याग्नुपर्दछ । कलह छोड्दा कीर्ति फैलन जान्छ र उसले अनर्थको सामना पनि गर्नुपर्दैन ।

प्रसादो निष्फलो यस्य क्रोधश्चापि निरर्थक ॥
न तं. भर्तारमिच्छन्ति षण्ष्ढं पतिमिव स्त्रियः ॥३२॥

जसरी स्त्रीहरूले पुरुषत्वहीन (नपुंसक) लोग्नेलाई त्यागिदिन्छन् । त्यसै गरी रिस गर्दा पनि कुनै परिणाम छैन र खुसी हुँदा पनि कुनै फल दिँदैन भने त्यस्तो राजालाई पनि उसका जनताहरूले छाडिदिने गर्दछन् । अर्थात् खुसाएको र रिसाएको एकै समान गर्ने राजा नपुसंक बराबर हुन्छ ।

न बृद्धिधर्मलाभाय न जाड्यमसमृद्धये ॥
लोक पर्यायवृत्तान्तं प्राज्ञो जानाति नेतर ॥३३॥

बुद्धिवाट धन लाभ हुन्छ । मूर्खताले गरिबी ल्याउँछ, भन्ने कुराको कुनै नियम छैन । इहलोक र परलोकबारे बुझ्ने व्यक्ति बुद्धिमान मात्र हुन्छ मूर्खले भने सांसारिक प्रपञ्चबारे थाहा पाउँदैन ।

विद्याशील-बयोवृद्धान् बुद्धिवृद्धांश्च भारत ॥
धनाभिजातवृद्धांश्च नित्यं मूढोऽवमन्यते ॥३४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या पढेको, असल शीलस्वभाव भएको, पाको उमेर, परिपक्व बुद्धि, धनवान् र कुलीन तथा सम्मानित पुरुषहरूलाई मूर्ख मानिसहरू सधैंभरि अनादर गर्ने गर्दछन् ।

अनार्यवृत्तप्राज्ञमसूयक मधार्मिकम् ॥
अनर्थाः क्षिप्रमायान्ति वाग्दुष्टं क्रोधनं तथा ॥३५॥

अनाचार र अत्याचार गर्ने, अर्कालाई निन्दा गर्दै हिंड्ने, फोहरी कुरा गर्ने (दुष्ट-वचन बोल्ने), रिसाहा, मूर्ख व्यक्तिलाई दुःख र दारिद्रयले तुरुन्तै घेर्दछ ।

अविसंवादनं दानं समययाव्यतिक्रमः ॥
आवर्तयन्ति भूतानि सम्यक्प्रणिहिता च वाक् ॥३६॥

ठगी नगर्ने, दान गर्ने, आफ्नो बोलीमा अडिग रहने (वचनले पक्का), समयमा नै काम गर्ने, विचार पुऱ्याएर राम्रो बोली बोल्दै सबैको हितहुने कुरा गर्ने वा मधुर बोली बोल्ने मानिसले शत्रु तथा विरोधीहरू समेतलाई आफ्नो वशमा राख्न सक्तछ ।

अविसंवादको दक्षः कृतज्ञो मतिमानृजुः ॥
अपिसंक्षीणकोशोऽपि लभते परिवारणम् ॥३७॥

झूठो कुरा नभन्ने, चलाख र सावधान, कृतज्ञ, बुद्धिमान्, सरलस्वभाव भएको राजाले आफू धन सम्पत्ति वा ढुकुटी रित्तिने अवस्थामा पुग्दा पनि इष्टमित्र, नोकर-चाकर तथा आफूलाई सहयोग गर्ने व्यक्तिहरूलाई सहयोगीको रूपमा जुटाइरहन सक्तछ ।

धृतिः शमो दमः शौचं कारुण्य वागनिष्ठुरा ॥
मित्राणां चानभिद्रोहः सप्तैताः समिधाः श्रियः ॥३८॥

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँदछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असंविभागी दृष्टात्मा कृतध्नो निरपत्रपः ॥
तादृङ्नराधिपो लोके वर्जनीयो नराधिप ॥३९॥

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैंले मात्र हडप्दछ। त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एवम् हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन्।

न च रात्रौ सुखं शेते ससर्प इव वेश्मनि ॥
यः कोपयति निर्दोषं सदोषोऽभ्यन्तरं जनम् ॥४०॥

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चिन्त (मस्त) सँग सुत्न सक्तैन। त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसले अवगुणहरू विलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिढाउँछ (नाखुश पार्छ) त्यसपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन।

येषु दुष्टेषु दोषः स्याद् योगक्षेमस्य भारत ॥
सदा प्रसादनं तेषां देवतानामिवाचरेत् ॥४१॥

जुन मानिसलाई दोषारोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा नै असर पर्न जान्छ त्यस्ता मानिसलाई सदैव देवताहरूलाई जस्तै गरेर खुसी राख्नुपर्दछ।

येऽर्थाः स्त्रीषु समायुक्ताः प्रमत्तपतितेषु च ॥
ये चानार्थे समासक्ताः सर्वे ते संशयं गताः ॥४२॥

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले वहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ। यस्ता व्यक्तिहरूबाट यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्र स्त्री यत्र कितवो बालो यत्रानुशासिता ॥
मज्जन्ति तेऽवशा राजन् नद्याभश्मप्लवा इव ॥४३॥

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशका जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

प्रयोजनेषु ये सक्ता न विशेषेषु भारत ॥
तानहं पण्डितान् मन्ये विशेषता हि प्रसङ्गिन : ॥४४॥

जो मानिस जे जति काम गर्न आवश्यक छ त्यति मात्र काम गर्न संलग्न रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संघर्षको कारण हुन जान्छ ।

यं प्रशंसन्ति कितवा यं प्रशंसन्ति चारणा : ॥
यं प्रशंसन्ति वन्धक्यो न स जीवीत मानवः ॥४५॥

जुवाडेले जसको तारिफ गर्दछन्, साथै वेश्याहरू र चाटुकारहरू समेतले प्रशंसा गर्ने गर्दछन् भने त्यस्तो मान्छे बाँचिरहँदैन अर्थात् ऊ शीघ्र नष्ट हुनजान्छ ।

हित्वा तान् परमेश्वासान् पाण्डवानमितौजसः ॥
आहितं भारतैश्वर्यं त्वया दुर्योधने महत् ॥४६॥

तं द्रक्ष्यसि परिभ्रष्टं तस्मात् त्वमचिरादिव ॥
ऐश्वर्यमदसम्मूढं बलिं लोकत्रयादिव ॥४७॥

हे धृतराष्ट्र ! तपाईंले महान् धनुर्धर र अत्यन्त तेजस्वी पाण्डवहरूलाई छाडेर यो महान् ऐश्वर्यको भार दुर्योधनउपर राखिदिनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीनैलोकको साम्राज्यबाट जसरी दानवीर बलिराजा च्यूत भए थे, तपाईंले पनि अब त्यसैगरी यो हस्तिनापुरको साम्राज्यबाट दुर्योधनादि कौरवहरू भ्रष्ट (पतन) भएको देख्नुहुनेछ ।

महाभारत उद्योग पर्वको अठतीसौं अध्याय
विदुर नीतिको वाक्यको
छैटौं अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

सातौं अध्याय

- बुद्धिको निवास
- परनिन्दा
- पूर्व विचार
- कठिन परीक्षा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्वको उनन्चालीसौं अध्याय

विदुर नीति सातौं अध्याय

धृतराष्ट्र भन्दछन्:-

अनीश्वरोऽयं पुरुषो भवाभवे
सूत्रप्रोता दारुमयीव योषा ॥
धात्रा तु दिष्टस्य वसे कृतोऽयं
तस्माद् वद त्वं श्रवणे धृतोऽहम् ॥१॥

हे विदुर ! मानिस ऐश्वर्यको प्राप्ति र नाशमा स्वतन्त्र छैन । धागोमा बाँधेर कठपुतलीलाई नचाए झैं गरेर प्रारब्धले मानिसलाई नचाइराखेको छ । यस्तो कसरी भएको हो तिमी भन्दै जाऊ, म सुनी नै रहन्छु ।

विदुर भन्दछन्:-

अप्राप्तकालं वचनं बृहस्पतिरपि ब्रुवन् ॥
लभते बृद्ध्यवज्ञानमवमानं च भारत ॥२॥

समय प्रतिकूल हुने खालको कुरा गर्ने अर्थात् परिस्थितिलाई नचिन्ने व्यक्ति चाहे देवगुरु (वृहस्पति) समान महाविद्वान् नै किन नहोस् उसलाई बुद्धिहीन मानिस भनिन्छसाथै ऊ अपमानितसमेत हुन पुग्दछ ।

प्रियो भवति दानेन प्रियवादेन चापरः ॥
मन्त्रमूलबलेनान्यो यः प्रियः प्रिय एव सः ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संसारमा कुनै व्यक्ति दान गर्नाले सबैको प्यारो वन्दछ । कुनै भने मधुर वोली (मिजासिलो स्वभाव) ले गर्दा प्रिय हुन्छ । तेस्रो भने मन्त्र तथा औषधिको वलले गर्दा प्रिय वन्न सक्तछ । तर वास्तवमा जो लोकप्रिय छ ऊ सर्वैभरि सर्वप्रिय नै भइरहन्छ ।

द्वेष्यो न साधुर्भवति न मेधावी न पण्डितः ॥
प्रिये शुभानि कार्याणि द्वेष्ये पापानि चैव ह ॥४॥

मानिसले जसलाई द्वेष गर्छ, यसरी द्वेष गरिने व्यक्तिलाई उसले सज्जन, विद्वान् र बुद्धिमान् ठान्दैन । मन परेको व्यक्ति (मित्र) द्वारा गरिने सबै राम्रा नराम्रा कामहरू शुभ नै लाग्ने गर्छन्, परन्तु द्वेष गरिएको अथवा मन नपरेको व्यक्ति (दुस्मन) ले गर्ने पुण्य कामहरू नै छन् तापनि सदैव अशुभव वा पापमय हुन जान्छन् ।

उक्तं मया जातमात्रेऽपि राजन्
दुर्योधनं त्यज पुत्रं त्वमेकम् ॥
तस्य त्यागात् पुत्रशतस्य बृद्धि-
रस्यात्यागात् पुत्रशतस्य नाशः ॥५॥

हे महाराज धृतराष्ट्र ! मैले (विदुरले) दुर्योधन जन्मना साथै उसलाई हेरें । जुन लक्षणहरू उसमा देखेथें अनि मैले तपाईंलाई भनें यो एउटा छोरोलाई त्यागिदिनोस्, यस त्यागले अरू सय छोरा बढ्नेछन् यदि यसलाई नत्याग्ने हो भने सयवटा छोरा नै घट्नेछन् ।

न बुद्धिर्बहु मन्तव्या या वृद्धिः क्षयमावहेत् ॥
क्षयोऽपि बहु मन्तव्यो यः क्षयो बृद्धिमावहेत् ॥६॥

आखिरमा विनाश पैदा गर्ने समृद्धि वा प्रगतिलाई असल ठानिँदैन । यसको विपरीत आखिरमा समृद्धि या उन्नति गराउँछ भने विनाश नै पनि उत्तम या असल मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न स क्षयो महाराज यः क्षयो बृद्धिमावहेत् ॥
क्षयः स त्विह मन्तव्यो यंल लब्ध्वा बहु नाशयेत् ॥७॥

त्यो हानिलाई हानि ठान्नुहुँदै, जसले भविष्यमा समृद्धि ल्याउँछ। यसैगरी भविष्यमा समेत विनाश जसले ल्याउँछ त्यो नै वास्तविक क्षय वा हानि हो।

समृद्धा गुणतः केचिद् भवन्ति धनतोऽपरे ॥
धनवृद्धान् गुणैर्हीनान् धृतराष्ट्र विवर्जय ॥८॥

हे धृतराष्ट्र ! कतिपय मानिस गुणले धनी हुने गर्दछन्। केही मानिस भने धनले धनी बन्छन्। जो धनले धनी छन् ती गुणहीन नै भएका छन्। यसैले गुणहीन व्यक्तिलाई छाडिदिनु नै उचित हो।

धृतराष्ट्र भन्छन्:-

सर्व त्वमायतीयुक्तं भाषसे प्राज्ञसम्मतम् ॥
न चोत्सहे सुतं त्यक्तुं यतो धर्मस्ततो जयः ॥९॥

हे विदुर ! तिमीले जे भनेका छौ, त्यसको परिणाम हितकारी नै छ। वुद्धिमान् मानिस हितकारी परिणाम आउनें कुराकै अनुमोदन गर्ने पनि गर्दछन्। जहाँ धर्म छ, त्यसको पक्षको विजय (सफलता) पनि निश्चित छ, तापनि म आफ्नो पुत्र (दुर्योधन) लाई छाड्न भने सक्तिन।

विदुर भन्दछन्:-

अतीवगुणसम्पन्नो न जातु विनयान्वितः ॥
सुसूक्ष्ममपि भूतानामुपमर्दमुपेक्षते ॥१०॥

जो मानिसमा अनेकौं गुण मौजुद छन्, उसको स्वभाव पनि नम्र छ। त्यस्तो मान्छेले प्राणीमात्रको थोरै पनि दुःख र पीडालाई उपेक्षा गर्न सक्तैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परापवादनिरताः परदुःखोदयेषु च ॥
परस्परविरोधे च यतन्ते सततोत्थिताः ॥११॥
सदोषं दर्शनं येषां संवासे सुमहद् भयम् ॥
अर्थादाने महान् दोषः प्रदाने च महद् भयम् ॥१२॥
ये वै भेदनशीलास्तु सकामा निस्त्रपाः शठाः ॥
ये पापा इति विख्याताः संवासे परिगर्हिताः ॥१३॥
युक्तांश्चान्यैर्महादोषैर्ये नरास्तान् विवर्जयेत् ॥

जुन मानिस सधैँभरि अर्काको निन्दा गरिरहन्छ, अर्कालाई दुःख कष्ट दिनमा नै अग्रसर हुन्छ, परस्परमा विरोध (फुट) पैदा गर्न सदा प्रयत्नशील रहन्छ ।

जससँग भेट हुनु नै दोषपूर्ण एवम् अशुभ ठानिन्छ, जससँग वस्दा पनि मनमा महान् भय (खतरा) सृजित हुन जान्छ, यस किसिमका व्यक्तिहरूसँग धन लिँदा महादोष हो र धन दिँदा पनि डुब्न जाने ठूलो डर हुन्छ ।

अरूहरूमा फुट पारिदिने जसको स्वभाव छ, साथै कामुक, निर्लज्ज, मूर्ख, धूर्त र पापी पनि छ, त्यस्तालाई आफ्नो साथमा बसाउनु ज्यादै नै निन्दित हो भन्ने ठानिन्छ ।

माथि उल्लेखित दोषहरूबाहेक मद्यपान गर्नेजस्ता अरू दोष कुनै छन् भने त्यस्ता मानिसलाई त्यागिदिनु नै पर्छ ।

निवर्तमाने सौहार्दे प्रीतिर्नीचे प्रणश्यति ॥१४॥
या चैव फलनिवृत्तिः सौहृदे चैव यत् सुखम् ॥
यतते चापवादाय यत्नमारभते क्षये ॥
अल्पेऽप्यपकृते मोहान्न शान्तिमधिगच्छति ॥१५॥
तादृशैः संगत नीचैर्नशंसैरकृतात्मभिः ॥
निशम्य निपुणं बुद्ध्या विद्वान् दूराद् विवर्जयेत् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मित्रता समाप्त भएपछि नीच व्यक्तिहरूसँगको प्रेमभाव पनि समाप्त हुन्छ । उससँगको मित्रतावाट उपलब्ध प्रतिफल र सुख पनि नष्ट हुन जान्छन् । नीच मानिसले मित्रको निन्दा गर्दछ र मित्रलाई नष्ट गर्ने प्रयत्न पनि गर्दछ । दुष्ट मानिस अरूवाट सामान्य अपराध भइहालेछ भने पनि शान्त भएर वस्ने गर्दैन । यसैले यस्तो नीच वा दुष्ट मानिससँगको संगतलाई वुद्धिमान् मानिसले टाढै छाडिदिनु राम्रो हुन्छ ।

यो ज्ञातिमनुगृण्हाति दरिद्रं दीनमातुरम् ॥
स पुत्रपशुभिर्वृद्धिं श्रेयश्चानन्त्यमश्नुते ॥

जसले आफ्ना नातेदार, दीन-दुःखी तथा रोगी र असक्तहरूउपर दया र कृपा गर्दछ, त्यस्तो मानिसको पुत्र कलत्र र वस्तुभाउहरू एवम् सुख साधनहरूको अभिवृद्धि हुन गई उसलाई लौकिक कल्याण तथा अनन्त सुख प्राप्त हुनेछ ।

ज्ञातयोबर्धनीयास्तैर्य इच्छन्त्यात्मनः शुभम् ॥१८॥
कुलवृद्धिं च राजेन्द्र तस्मात् साधु समाचार ॥
श्रेयसा योक्ष्यते राजन् कुर्वाणो ज्ञातिसत्क्रियाम् ॥
विगुणाह्यपि संरक्ष्या ज्ञातयो भरतर्षण ॥
किं पुनर्गुणवन्तस्ते त्वत्प्रसादाभिकाङ्क्षिणः ॥२०॥

आफ्नो भलो (कल्याण) होस् भन्ने चाहना गर्ने मानिसले आफ्ना कुल कुटुम्व र नातेदारहरूको उन्नति गराओस् । यसैले हे राजन् ! तपाईं पनि पाण्डवहरूसँग राम्रो व्यवहार गर्नुहोस् आफ्ना नातेदारहरूसँग राम्रो व्यवहार गर्नाले कल्याण हुन्छ । यति मात्र होइन सम्वन्धी जन वैगुनी नै भए पनि रक्षा योग्य हुन्छन् । अनि जसले तपाईंको अनुकम्पा चाहिरहेका छन् भने त उनीहरूका लागि के नै भन्नुपर्ला र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसादं कुरु वीराणां पाण्डवानां विशाम्पते ॥
दीयन्तां ग्रामकाः केवित् तेषां वृत्यर्थमीश्वरः ॥२१॥

हे राजन् ! तपाईं समर्थवान् हुनुहुन्छ, वीर पाण्डवहरूउपर कृपा गरिदिनुहोस् । उनीहरूको जीविकाका लागि केही गाउँ त दिनुहोस् ।

एवं लोके यशः प्राप्तं भविष्यति नराधिप ॥
वृद्धेन हि त्वया कार्यं पुत्राणां तात शासनम् ॥२२॥

हे नरेश्वर ! पाण्डवहरूको जीविकाका लागि केही गाउँमात्र भए पनि दिनुभएमा तपाईंको कीर्ति फैलनेछ । तपाईं बूढोपाको मानिस भएर छोराहरूउपर शासन चलाउनुपर्छ अर्थात् उनीहरूलाई सुमार्गतर्फ लगाइदिनुहोस् ।

मया चापि हितं वाच्यं विद्धि मां त्वद्धितैषिणम् ॥
ज्ञातिभिर्विग्रहस्तात न कर्तव्यः शुभार्थिना ॥
सुखानि सह भोज्यानि ज्ञातिभिर्भरतर्षभ ॥२३॥

हेर्नोस् ठुल्दाइ ! मैंले पनि तपाईंको हित गर्ने कुरा नै गर्नुपर्दछ । मलाई आफ्नो हितैषी नै सम्झनुभए हुन्छ । उन्नति चाहने मनुष्यले आफ्नो जाति बिरादरीहरूसँग कलह (झगडा) गर्नुहुँदैन, बरू उनीहरूसँग मिलेर बस्दै सुख सयलको उपभोग गर्नुपर्दछ ।

सम्भोजनं संकथनं संम्प्रीतिश्च परस्परम् ॥
ज्ञातिभिः सह कार्याणिन विरोधः कदाचन ॥२४॥
ज्ञातयस्तारयन्तीह ज्ञातयो मज्जयन्ति च ॥
सुवृत्तास्तारयन्तीह दुर्वृत्ता मज्जयन्ति च ॥२५॥

बन्धु वर्गहरूसँगै बसेर खुलेर कुराकानी गर्नुपर्दछ । आपसमा खुबै प्रेमभाव राख्नुपर्छ, एक आपसमा विरोध कहिल्यै गर्नुहुँदैन । किनभने आफ्ना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धी जनले नै यस संसारमा दुःखबाट पार गराउँछन् र उनीहरूले नै दुःख सागरमा डुबाइदिन्छन् पनि। असल आचरण भएका सम्बन्धीहरूले यस संसाररूपी सागरबाट पार गराउँछन्। खराब आचरण भएका उनै जातिवर्गले भने सागरको बीचमा पुऱ्याएर डुबाइदिन्छन्।

सुवृत्तो भव राजेन्द्र पाण्डवान् प्रति मानद ॥
अधर्षणीयः शत्रूणां तैर्वतस्त्वं भविष्यसि ॥२६॥

हे राजेन्द्र ! तपाईं पाण्डवहरूप्रति सद्व्यवहार गर्नुहोस्। उनीहरूबाट आफूहरू सुरक्षित एवम् ढुक्क भई तपाईं शत्रुहरूको आक्रमणबाट बच्नुहोस्।

श्रीमन्तं ज्ञातिमासाद्य यो ज्ञातिरबसीदति ।
दिग्धहस्तं मृग इव स एनस्तस्य विन्दति ॥२७॥

विषालु बाण हातमा लिएको व्याधा छेउ पुगेमा जसरी मृगले पीडा भोग्नुपर्दछ। त्यसै गरी आफ्नै जाति बिरादरीको कुनै बन्धु अर्को धनी बन्धुकहाँ पुगेर दुःख पाउँछ भने सोको पाप धनी बन्धुलाई नै लाग्दछ।

पश्चादपि नरश्रेष्ठ तव तापो भविष्यति ॥
तान् वा हतान् सुतान् वापि श्रुत्वा तदनुचिन्तय ॥२८॥

हे नरश्रेष्ठ ! तपाईंले पाण्डवहरू र आफ्ना छोराहरू मारिए भन्ने खबर सुनेपछि सन्ताप गर्न थाल्नुहुनेछ। तसर्थ भविष्यमा हुने कुरालाई अगाडि नै विचार गर्नुहोस्।

येन खट्दां समारूढः परितप्येत कर्मणा ॥
आदावेव न तत् कुर्यादध्रुवे जीविते सति ॥२९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन काम गर्नाले मानिस विरामी भई खाटमा सुत्नुपर्ने हुन्छ अर्थात् विरामी पर्दछ अथवा आफ्नै कर्मले सन्ताप पार्दछ, साथै समाजमा सुख देखाउन पनि सक्तैन । यस किसिमको कर्म मानिसले सुरुदेखि नै गर्नुहुँदैन ।

न कश्चिननापन्यते पुमानन्यत्र भार्गवात् ॥
शेषसम्प्रतिपत्तिस्तु बुद्धिमत्स्वेव तिष्ठति ॥३०॥

यस संसारमा सबैभन्दा पहिलो नीतिशास्त्रको निर्माण गर्ने दैत्यगुरु शुक्राचार्यवाहेक अनीतिपूर्ण कर्म यदाकदा गर्नुनपरेको व्यक्ति कोही पनि छैन । यसैले 'जे भयो सो भयो' भन्ने तात्विक कुरो बुझेर बुद्धिमान् मानिसले भविष्यमा गर्न सकिने कार्मातिर नै दृष्टि दिने गर्नुपर्छ ।

दुर्योधनेन यद्येतत् पापं तेषु पुरा कृतम् ॥
त्वया तत् कुलवृद्धेन प्रत्यानेयं नरेश्वर ॥३१॥

यदि, दुर्योधनले पाण्डवहरूप्रति राज्यहरणजस्तो पाप काम गरेको भए पनि तपाईं नै कुलको वृद्ध व्यक्ति हुनुहुँदा तपाईंले नै छोराको यस्तो पाप कर्मलाई धोइपखाली गरिदिनुपर्दछ ।

तांस्त्वं पदे प्रतिष्ठाप्य लोके विगतकल्मषः ॥
भविष्यसि नरश्रेष्ठ पूजनीयो मनीषिणाम् ॥३२॥

हे नरश्रेष्ठ ! यदि तपाईंले पाण्डवहरूलाई राज्यका विभिन्न ओहदामा स्थापित गरिदिनुभएमा तपाईंमा लागेको कलंक धोइन्छ, साथै तपाईं सबै बुद्धिमानद्वारा सम्मानितसमेत हुनुहुनेछ ।

सुव्याहृतानि धीराणां फलतः परिचिन्त्य यः ॥
अध्यवस्यति कार्येषु चिरं यशसि तिष्ठति ॥३३॥

जो मानिस धीर वा सज्जन व्यक्तिले भनेको कुरा र निर्देशनलाई राम्ररी शोच विचार गरेर कार्यान्वयनसमेत गर्दछ उसले चिरकालपर्यन्त कीर्ति कमाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असम्यगुपयुक्तं हि ज्ञानं सकुशलैरपि ॥
उपलभ्यं चाविदितं चाननुष्ठितम् ॥३४॥

कर्तव्यको ज्ञान भएन अथवा ज्ञान भएर पनि तदनुरूप अनुष्ठान गरिएन भने सुयोग्य विद्वान्द्वारा वताइएको ज्ञान पनि बेकार हुन जान्छ।

पापोदयफलं विद्वान् यो नारभति वर्धते ॥
यस्तु पूर्वकृतं पापमविमृश्यानुवर्तते ॥
अगाधपक्के दुर्भेधा विषमे विनिमपात्यते ॥३५॥

जुन विद्वान् व्यक्तिले पापरूप फल दिने कर्महरू गर्न थाल्दैन र धर्मानुकूल कार्य गर्दै जान्छ उसको उन्नति हुँदै जान्छ। परन्तु जसले पहिले गरेका पापहरूउपर दृष्टि दिएर बुझ्दाबुझ्दै पुनः त्यस्तै पापकर्म गर्न थाल्दछ भने त्यस्तो खोटो वृद्धि भएको मानिस गहिरो दलदलमा फसेर भयानक नरकमा खस्तछ पनि।

मन्त्रभेदस्य षट् प्राज्ञो द्वाराणीमानि लक्षयेत् ॥
अर्थसंततिकामश्च रक्षेदेतानि नित्यशः ॥३६॥
मदं स्वप्नमविज्ञानमाकारं चात्मसम्भवम् ॥
दुष्टामात्येषु विश्रम्भं दूताच्चाकुशलादपि ॥३७॥

बुद्धिमान् व्यक्तिले गोपनीय कुरालाई प्रकट गर्ने ६ वटा साधनलाई जानोस्, बुझोस्। त्यस्तै आफ्नो सम्पत्तिलाई वढाउन चाहनेले (धनी हुन खोज्नेले) सदैव यी तलका कुराहरूबाट आफूलाई जोगाइराख्नुपर्दछ।

(क) अहंकार अथवा मद्यपान आदि नशालु चिजबाट हुनसक्ने मनको जडता (ख) निद्रा या असावधानी (ग) शत्रुहरूका गुप्तचरहरू र तिनीहरूको क्रियाकलाप बारेको अनभिज्ञता (घ) आफ्नो अनुहारमा अनायास देखापर्ने हाउभाउहरू (ङ) खराव मन्त्रीहरू र त्यस्तैखाले सल्लाहकार वर्गमा विश्वास (च) मूर्ख (अकर्मण्य) दूतमा पूर्ण विश्वस्त रहनु।

द्वाराण्येतानि यो ज्ञात्वा संवृणोति सदा नृप ॥
त्रिवर्गाचरणे युक्तः सशत्रूनधितिष्ठति ॥३८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे राजन् ! जसले यी प्रगतिका वाधकस्वरूप रहेका ६ वटा ढोकालाई वन्द गर्दछ, आफू धर्म र धन कमाउने काममा संलग्न रहेर आफ्ना शत्रुहरूसमेतलाई अधीनमा पार्न सक्तछ ।

न वै श्रुतमविज्ञाय वृद्धाननुपसेव्य वा ॥
धर्मार्थौ वेदितुं शक्यौ वृहस्पतिसमैरपि ॥३९॥

शास्त्रहरूवाट अथवा हितैषीहरूवाट सुनेको उपदेश वा ज्ञानलाई नवुझिकन तथा अनुभवी वृद्धजनको सेवा नगरी देवगुरु (वृहस्पति) समानको वुद्धिमान् व्यक्तिले पनि धर्म, अर्थ र यसका तत्त्वहरूवारे वुझ्न वा जानकारी लिन सक्तैन ।

नष्टं समुद्रे नष्टं वाक्यमश्रण्वति ॥
अनात्मनि श्रुतं नष्टं हुतमनग्निकम् ॥४०॥

समुद्रमा खसेको वस्तु हराउँछ । त्यस्तै नसुन्ने मानिसलाई (असावधानलाई) भनेको कुरा पनि नष्ट (काम नलाग्ने) हुन जान्छ । वुद्धि नभएको व्यक्तिले पाएको शास्त्रज्ञान आगो नभएको खरानीमा गरिएको यज्ञ (होम) जस्तै वेकार हुन जान्छ ।

मत्या परीक्ष्य मेधावी बुद्ध्या सम्पाद्य चासकृत् ॥
श्रुत्वा दृष्ट्वाथ विज्ञाय प्राज्ञैर्मैत्रीं समाचरेत् ॥४१॥

नयाँ मित्रताको थालनी गर्दा वुद्धिमान पुरुषले आफूले खुवै मनन साथ परीक्षा गरेर तथा आफ्नो वुद्धि या अनुभवद्वारा गरिन खोजिएका कुरा ठीक, वेठीक कस्तो हो, ठम्याएर अरू व्यक्तिहरूसँग समेत राय, परामर्श गरी आफैंले खूद हेरेर विशेष जानकारी लिइसकेपछि मात्र वुद्धिमान व्यक्तिसँग मात्र मित्रता राख्ने गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकीर्तिं विनयो हन्ति हन्त्यनर्थं पराक्रम : ॥
हन्ति नित्यं क्षमा क्रोधमाचारो हन्त्यलक्षणम् ॥४२॥

नम्रताले मानिसको अपयशलाई नाश गर्दछ । पराक्रमद्वारा अनर्थ हट्न जान्छ । सहनशीलताले सधैंभरि क्रोधि (रिस) लाई शान्त पार्दछ । सदाचारले कुलक्षणलाई नाश पार्दछ ।

परिच्छेदेन क्षेत्रेण वेश्मना परिचर्यया ॥
परीक्षेत कुलं राजन् भोजनाच्छादनेन च ॥४३॥

हे राजन् ! अनेक प्रकारका उपभोग्य वस्तुहरू, जन्मस्थान, गृहिणीका व्यवहार, बस्ने घर एवम् स्वागत सत्कारका तरिकाहरू (सेवा भाव) र भोजन तथा कपडाहरूद्वारा घरान वा खानदानको जाँच पडताल वा परख गरोस् ।

उपस्थितस्य कामस्य प्रतिवादो न विद्यते ॥
अपि निर्मुक्तदेहस्य कामरक्तस्य किं पुनः ॥४४॥
प्राज्ञोपसेविनं वैद्यं धार्मिक प्रियदर्शनम् ॥
मित्रवन्तं सुवाक्यं च सुहृदं परिपालयेत् ॥४५॥

देहाभिमान नगर्ने व्यक्तिलाई उसले चाहेको वस्तु स्वतः प्राप्त हुन आएमा. उसले कुनै विरोध नगरेर ग्रहण गर्दछ । कामासक्त व्यक्तिको बारेमा त के भनिरहनुपर्ला र ?

विद्वत् वर्गको खातिरदारी गर्ने, पढेलेखेको, धार्मिक, भेटघाट वा साक्षात्कार हुँदा नै खुसी गराउने प्रशस्त साथीभाइ भएको सधैंभरि मीठो बोली बोल्ने मित्र (सखा) लाई हरेक तरिका गरेर पनि बचाइराखोस् अर्थात् यस्ता स्वभाव भएका साथीहरूसँग कदापि मित्रता तोड्नुहुँदैन ।

दुष्कुलीनः कुलीनो वा मर्यादा यो न लङ्घयेत् ॥
धर्मापेक्षी मृदुर्धीमान् स कुलीनशताद् वरः ॥४६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै व्यक्ति चाहे उच्च कुलमा जन्मियोस् वा नीच कुलमा नै जन्मिएको किन नहोस्, उसले आफ्नो मर्यादालाई उल्लंघन गरेको छैन र धर्म नछाडेर आचरण गर्दछ तथा कोमल र नरम स्वभाव लिएको छ भने त्यस्तो व्यक्ति लज्जाशील भए पनि ऊ अनेकौं उत्तम कुलमा जन्मिएका मानिस (कुलीन वर्ग) भन्दा श्रेष्ठ ठहर्दछ ।

ययोश्चित्तेन वा चित्तं निभृतं निभृतेन वा ॥
समेति प्रज्ञया प्रज्ञा तयोर्मैत्री नजीर्यति ॥४७॥

जुनसुकै दुई व्यक्तिका चित्त चित्तसँग, गोप्य कुरा गोप्यतासँग, बुद्धिसँग बुद्धि मिलेको छ भने दुवैबीचको मित्रता स्थायी र अटुट हुन्छ ।

दुर्बुद्धिमकृतप्रज्ञं छन्नं कूपं तृणैरिव ॥
विवर्जयीत मेधावी तस्मिन् मैत्रीं प्रणश्यति ॥४८॥

घाँसैघाँसले ढाकेको पनेरी (कुवा) लाई जसरी छाडिन्छ । त्यसै गरी मेधावी (बुद्धिमान्) पुरुषले विचारशक्तिहीन एवम् दुर्बुद्धि भएको मानिसलाई त्यागिदिन्छ । किनकि यी दुईबीचको मित्रता नष्ट हुने गर्दछ ।

अवलिप्तेषु मूर्खेषु रौद्र साहसिकेषु च ॥
तथैवापेत धर्मेषु न मैत्रीमाचरेद् बुधः ॥४९॥

अहंकारी, दुस्साहसी (पापाचरणमा अवलिप्त), मूर्ख, रिसाहा एवम् विवेकशून्य तथा धर्मरहित मानिससित बुद्धिमान् व्यक्तिले मित्रता गर्ने नगरोस् ।

कृतज्ञं धार्मिक सत्यमक्षुद्रं दृढभक्तिकम् ॥
जितेन्द्रियं स्थितं स्थित्यां मित्रमत्यागि चेष्यते ॥५०॥

उपकार मान्ने कृतज्ञ व्यक्ति, धार्मिक प्रवृत्ति भएको, सच्चा, उदार र स्थायी रूपले प्रेमभाव राख्ने, आत्मसंयमी, मर्यादित, आपत्ति विपत्ति परेको वेलामा पनि साथ नछोड्ने मित्र नै प्रिय मित्र बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रियाणामनुत्सर्गो मृत्युनापि विशिष्यते ॥
अत्यर्थं पुनरुत्सर्गः साहयेद् दैवतान्यपि ॥५१॥

सदैव इन्द्रियलाई नियन्त्रण गरी राख्नु त मृत्युको सामना गर्नुभन्दा कठिन छ। इन्द्रियहरूलाई नियन्त्रणमा नराखी खुला त्यसै छाडिदिने कार्यले त देवताहरूलाई समेत विनाश गर्दछ।

मार्दवं सर्वभूतानामनसूया क्षमा धृतिः ॥
आयुष्याणि बुधाः प्राहुर्मित्राणाः चाविमानता ॥५२॥

विद्वान्हरूले भनेका छन् कि सम्पूर्ण प्राणीप्रति कोमलता र दयापूर्ण व्यवहार, गुणहरूमा दोष नदेख्नु, सहनशीलता, धैर्य र मित्रजनहरूको अपमान नगर्नु यी गुणहरूले मानिसको आयुलाई बढाउँदछन्।

अपनीतं सुनीतेन योऽर्थं प्रत्यानिनीषते ॥
मतिमास्थाय सुदृढां तदकापुरुषव्रतम् ॥५३॥

जुन मनुष्यले अन्यायपूर्वक नष्ट भएको धनलाई (स्थिरबुद्धि) चञ्चल मनको आश्रय लिई राम्रो एवम् अनुकूल नीतिद्वारा पुनः धन फिर्ता लिने इच्छा गर्दछ, उसको यस किसिमको कार्यलाई वीर पुरुषहरूले गर्ने गरेजस्तो आचरण जस्तै स्लाध्य ठानिएको छ।

आयत्यां प्रतिकारज्ञस्तदात्वे दृढनिश्चयः ॥
अतीते कार्यशेषज्ञो नरोऽर्थैर्न प्रहीयते ॥५४॥

आगामी दिनमा दुःखलाई प्रतिकार गरेको बुझ्ने अथवा दुःख-कष्ट रोकथाम गर्ने उपायलाई जसले बुझ्दछ, वर्तमान समयमा दृढनिश्चयपूर्वक काम गर्नसक्ने हुनुपर्दैन। अर्थात् भूत, वर्तमान र भविष्यबारे यथार्थ बोध गर्ने व्यक्ति सधैंभरि धन्यधान्य र सुख समृद्धिले परिपूर्ण हुन्छ।

कर्मणा मनसा बाचा यदभीक्ष्णं निषेवते ॥
तदेवापहरत्येनं तस्मात् कल्याणाचरेत् ॥५५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन-वचन-कर्मद्वारा मानिसले जुन काम वारम्वार गर्ने गर्दछ, त्यस कामले उसलाई आफूतर्फ खिच्दछ। अतएव मानिसले सदैव कल्याणकारी कामहरू नै गर्ने गरोस्।

मङ्गलालम्भनं योगः श्रुतमुत्थानमार्जवम् ॥
भूतिमेतानि कुर्वन्ति सतां चाभीक्ष्णदर्शनम् ॥५६॥

मंगलकारी पदार्थहरू (सुन र गाई) लाई छुनु, चित्तवृत्ति नियन्त्रण, शास्त्रहरूको अध्ययन एवम् श्रवण, पुरुषार्थ, सरलता र सत्पुरुषासँग वेला-वेलामा भेटघाट यी सवै कल्याणकारी तथा सुखकारी छन्। शुक्ल यजुर्वेदमा भनिएको छ,- "यो विभर्ति दाक्षायणं हिरण्यं स देवेषु वृजुते दीर्घमायुः" यो भनाइ वमोजिम सुवर्ण आदि रत्नहरू लगाएमा आयु बढ्ने र रोगहरू नाश हुन्छन्, यही नै वेद र आयुर्वेदको सिद्धान्त हो।

अनिर्वेदः श्रियो मूलं लालस्य च शुभस्य च ॥
महान् भवत्यनिर्विण्णः सुखं चानन्त्यमश्नुते ॥५७॥

निरन्तर प्रयासरत रही शोक तथा चिन्ता नगर्नु नै सम्पत्तिलाभ र कल्याण प्राप्त हुने आधार हुन्। उद्योगी र शोकरहित भएको व्यक्ति महान् वन्दछ र अनन्त सुख (मोक्ष) भोग्न पाउँदछ।

नातः श्रीमत्तरं किंचिदन्यत् पथ्यतमं मतम् ॥
प्रभविष्णोर्यथा तात क्षमा सर्वत्र सर्वदा ॥५८॥

समर्थवान् मानिसले सवै ठाउँ र समयमा सहनशीलताको आचरण अवलम्वन गर्नुभन्दा महान् विभूतियुक्त (शोभापूर्ण) र अत्यन्त कल्याणकारी भनी अरू कुनै कार्यलाई मानिएको छैन।

क्षेदशक्तः सर्वस्य शक्तिमान् धर्मकारणात् ॥
अर्थानर्थौ समौ यस्य तस्य नित्यं क्षमा हिता ॥५९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्वल तथा शक्तिहीन मानिसले आफ्नो भलाइका खातिर सबैलाई क्षमा गरोस् किनभने क्षमावाहेक उसको सामुन्ने अन्य कुनै भलाइ हुने उपाय हुँदैन। बलवान् व्यक्तिलाई धर्म कमाउन क्षमाशील हुनुपर्दछ किनभने क्षमा गरेपछि धर्म प्राप्ति हुन्छ। अर्थ र अनर्थ एकै समान लाग्ने वा सम्झने मध्यम श्रेणीको मनुष्य हो। उसको निमित्त क्षमा (सहनशीलता) भन्ने वस्तु सदैव हितकारी हुन्छ। यसरी क्षमा भन्ने विषय सबै प्रकारका मानिसको निम्ति कल्याणकारी छ।

यत् सुखं सेवमानोऽपि धर्मार्थाभ्यां न हीयते ॥
कामं त दुपसेवेत न मूढव्रतमाचरेत् ॥६०॥

जुन किसिमको सुखलाई उपभोग गर्दा मानिस धर्म तथा अर्थ (ज्ञान) वाट टाढा रहँदैन अथवा धर्म र ज्ञानवाट भ्रष्ट हुँदैन। त्यस किसिमको सुखलाई खुवै उपभोग गर्दै जाओस्। परन्तु अत्यधिक मात्रामा विषयलम्पट भएर धर्म र ज्ञानकै पर्वाह नगरी सुखसयलमा नलागोस्।

दुःखार्तेषु प्रमत्तेषु नास्तिकेष्वलसेषु च ॥
न श्रीर्वसत्यदान्तेषु यो चोत्साहविवर्जिताः ॥६१॥

दुःखी, प्रमादी, नास्तिक, अल्छी, असंयमी र निरुत्साही मानिसमा सम्पत्ति रहँदैन।

आर्जवेन नरं युक्तमार्जवात् सव्यपत्रपम् ॥
अशक्तं मन्यमानास्तु धर्षयन्ति कुबुद्धयः ॥६२॥

आफ्नो सरल स्वभावको कारणले गर्दा शान्त र सरल स्वभाव भएको मानिसलाई कमजोर र दुर्वल सम्झेर दुष्ट मानिसहरू सरल मानिसलाई दवाउने र तिरस्कार गर्ने गर्दछन्। यसैले अत्यधिक मात्रामा सरल (सोझो) हुनु पनि राम्रो होइन।

अत्यार्यमतिदातारमतिशूरमतिव्रतम् ॥
प्रज्ञाभिमानिनं चैव श्रीर्भयान्नोपसर्पति ॥६३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यधिक श्रेष्ठ, अतिशयदानी, अतीव शूरवीर, ज्यादै दृढव्रती, आफू ज्यादै नै बुद्धिमान् छु भन्ने ठानेर घमण्ड गर्ने आदि स्वभाव भएका मानिसहरूको घरमा सायद डराएर होला लक्ष्मीले वास गर्दिनन् । त्यसैले 'अति सर्वत्र वर्जयेत्' ।

न चातिगुणवत्स्वेषा नात्यन्तं निर्गुणेषु च ॥
नैषा गुणान् कामयते नैर्गुण्यान्नानुरज्यते ॥
उन्मत्ता गौरिवान्धा श्रीः क्वचिदेवावतिष्ठते ॥६४॥

लक्ष्मी अतीव गुणवान् र सर्वथा गुणले रहित भएको दुवै किसिमका व्यक्तिमा रहने गर्दिनन् । न त लक्ष्मीले अत्यधिक गुणलाई मन पराउँछिन् या गुणहीनताप्रति नै अनुराग राख्छिन् यी अन्धी लक्ष्मी उत्तम गाई जस्ती हुन् जुन कतै कतै (थोरै ठाउँमा) मात्र पाइन्छिन् ।

अग्निहोत्रफला वेदाः शीलवृत्तफलं श्रुतम् ॥
रतिपुत्रफला नारी दत्तभुक्तफलं धनम् ॥६५॥

वेदहरूको फल भन्नु अग्निहोत्र आदि उत्तम कर्म रूप आचरण हो । शास्त्रहरूको फल (प्रयोजन) सदाचारलाई पालना गर्नु मानिएको छ । नारी (स्त्री) को प्रयोजन सम्भोग सुख प्राप्त गर्न र सन्तान पैदा गर्नका लागि हो । धनको प्रयोजन दान गर्न र उपभोग गर्नका लागि भन्ने कुरा सर्वसम्मत छ ।

अधर्मोपार्जितैश्वर्यैः करोत्यौर्ध्वदेहिकम् ॥
न स तस्य फलं प्रेत्य भुङ्क्तेऽर्थस्य दुरागमात् ॥६६॥

जुन व्यक्तिले अधर्मद्वारा कमाएको धनले परलोकमा सुख पाउँ भन्ने उद्देश्यले यज्ञ, दान आदि धार्मिक अनुष्ठान गर्दछ, उसले मृत्युपश्चात् पनि चाहेबमोजिम शुभफल भोग्न पाउँदैन । किनभने अधर्मार्जित तथा अनुचित उपायले आर्जित गरेको धनद्वारा काम गरेकाले उसले शुभ फल भोग्न नपाउने भएको हो । वेदमा भनिएको छ, 'अग्नेनय सुपथा राये' हामीहरू उत्तम या सत्कर्मद्वारा नै धन कमाऔं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कान्तारे वनदुर्गेषु कृच्छास्वापत्सु सम्भ्रमे ॥
उद्यतेषु च शस्त्रेषु नास्ति सत्ववतां भयम् ॥६७॥

घनघोर जंगल र दुर्गम वाटोमा तथा कठोर आपद्विपद्को बेलामा पनि लडाईं झगडा आदि हलचलमा घवराइरहेको स्थितिमा आफूलाई मार्ने उद्देश्यले शस्त्र प्रहार गर्न लागेको देख्दा पनि जसलाई डर लाग्दैन त्यस्तो निर्भय मन भएको मानिस सत्व गुणले सम्पन्न हुन्छ ।

उत्थानं संयमो दाक्ष्यमप्रमादो धृतिः स्मृतिः ॥
समीक्ष्य च समारम्भो विद्धि मूलं भवस्य तु ॥६८॥

समुन्नतिको मूल आधार भन्नु- परिश्रम, संयम, चलाखी, दक्षता, सावधानी (जागरुकता), धैर्य, स्मरण शक्ति, शोच विचार गरेर मात्र कार्यारम्भ गर्नु नै हुन् ।

तपो बलं तापसानां ब्रह्म ब्रह्मविदां बलम् ॥
हिंसा बलमसाधुनां क्षमा गुणवतां बलम् ॥६९॥

तपस्वी (योगी) हरूको बल तपस्या हो, वेद वेत्ताहरूको बल वेद हो, दुष्टहरूको बल हिंसा (मारकाट) र गुणवान् व्यक्तिहरूको बल क्षमा (सहनशीलता) हो ।

अष्टौ तान्यव्रतघ्नानि आपो मूलं फलं पयः ॥
हविर्ब्राह्मणकाम्या च गुरोर्वचनमौषधम् ॥७०॥

पानी, कन्दमूल, फल, दूध, घ्यू, ब्राह्मणको इच्छा पूर्ण गराउनु, गुरुवचन र औषधि यी आठ कुराले व्रत (अनुष्ठान) लाई व्यवधान गर्दैन ।

न तत् परस्य संदध्यात् प्रतिकूलं यदात्मनः ॥
संग्रहेणैष धर्मः स्यात् कामादन्यः प्रवर्तते ॥७१॥

जुन आचार-व्यवहार आफ्ना अनुकूल छैनन्, त्यस किसिमका आचार-व्यवहारहरू अरूको निमित्त पनि गर्नुहुँदैन । संक्षेपमा यही नै धर्म पनि हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसका अतिरिक्त कामनाद्वारा हुने प्रवृत्ति भन्नु अधर्म नै हो ।

अक्रोधेन जयेत् क्रोधमसाधुं साधुना जयते ॥
जयेत् कदयं दानेन जयेत् सत्येन चानृतम् ॥७२॥

क्रोधलाई प्रेम र शान्त स्वभावले, दुष्ट, मानिसलाई आफ्नो उत्तम व्यवहारले कञ्जुस मानिसलाई दानद्वारा परास्त पार्नुका साथै असत्यउपर सत्यले विजय गरोस् ।

स्त्रीधूर्तकेऽलसे भीरौ चण्डे पुरुषमानिनि ॥
चौरे कृतघ्ने विश्वासो न कार्यो न च नास्तिके ॥७३॥

स्त्री, धूर्त, अल्छी, कातर, रिसाहा, वलको तुजुक देखाउने, चोर, कृतघ्न (उपकार न सम्झने) र नास्तिक व्यक्तिलाई विश्वास गर्नुहुँदैन ।

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ॥
चत्वारि सम्प्रवर्धन्ते कीर्तिरायुर्यशो वलम् ॥७४॥

जसले सधैंभरि आफ्ना मान्यजनलाई ढोग्दछ, तथा सेवामा लागिरहन्छ, उसका आयु, ज्ञान, कीर्ति र वल यी चारै कुरा वढ्दछन् ।

अतिल्केशेन चेऽर्थाः स्युर्धर्मस्यातिक्रमेण वा ॥
अरेर्वा प्रणिपातेन मा स्म तेषु मनः कृथाः ॥७५॥

जुन धन कमाउनका लागि ज्यादै नै दुःख र कष्ट गर्नुपर्दछ । धर्म छाड्नुपर्ने र शत्रुसँग नतमस्तक (झुक्नु) हुनुपर्ने भएमा त्यसरी धन कमाइ गर्नेतर्फ मानिसले मन नै लगाउनुहुँदैन ।

अविद्यः पुरुषः शोच्यः शोच्यं मैथुनमप्रजम् ॥
निराहाराः प्रजाः शोच्याः शोच्यं राष्ट्रमराजकम् ॥७६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याविहीन मनुष्य, सन्तान जन्माउन नसक्ने मनुष्य, भोकभोकै वस्नुपरेको जनता अनि राजा, (शासक) नभएको मुलुक आदिका लागि विशेष सोच लिन नै वाञ्छनीय छ ।

अध्वा जरा देहवतां पर्वतानां जलं जरा ॥
असंभोगो जरा स्त्रीणां वाक्शल्यं मनसो जरा ॥७७॥

धेरै वाटो हिंडिरहनु देहधारी (मनुष्यजन) का लागि दुःख रूप वुढ्याइँ (कमजोरी) हो पानी परिरहनु पहाड पर्वतहरूको वुढापा (कष्ट) हो । सम्भोग (मैथुन) गर्न नपाउनु नारीको वुढ्यौली (अतृप्पतता) हो, तथा वचनरूपी वाणद्वारा आघात पार्नु मनका लागि वुढ्याइँ (पीडा) निम्त्याउनु हो ।

अनाम्नायमला वेदा ब्राह्मणस्याव्रतं मलम् ॥७८॥
मलं पृथिव्या बाल्हीकाः पुरुषस्यानृतं मलम् ॥
कौतूहलमला साध्वी विप्रवास मलाः स्त्रियः ॥७९॥

दिनहुँ पाठ गरिएन वा अभ्यास गरिएन भने वेद काम लाग्दैन । मल समान हुन जान्छ । व्रत अनुष्ठान वा व्राह्मणोचित नियमलाई पालना नगर्नु व्राह्मणका लागि दोष या मल हो । मरुभूमि वा बलौटे (वाल्हीक भूमि) पृथिवीको मल (रोग) हो । मानिसका लागि झुठो बोल्नु नै दोष (मल) हो । परिहास ठट्टा मस्करा गर्नु पतिव्रता नारीको मल समान कमजोरी हो । विदेशमा लोग्ने (पति) विना वस्नु स्त्री वा पत्नीका लागि मल झैं भई सतीत्व जोगाउन कठिन हुन्छ ।

सुवर्णस्य-मलं रुप्यं रुप्यस्यापि मलं त्रपु ॥
ज्ञेयं त्रपुमलं सीसं सीसस्यापि मलं मलम् ॥८०॥

सुनको मल (मिसाउन योग्य वस्तु) चाँदी हो । चाँदीको मल (राङ) टिन हो, टिनको मल सिसा हो । सिसाको मल त्यसबाटै चुहिएको कालो झोल वा मयल फोहर हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न स्वप्नेन जयेन्निद्रां न कामेन जयेत् स्त्रियः ॥
नेन्धनेन जयेदग्निं न पानेन सुरां जयत् ॥८१॥

सुतेरै निद्रालाई जित्ने प्रयास नगर्नु। सम्भोग गरी स्त्रीलाई तृप्त गराउँछु भन्ने कुराको पत्यार नगरे हुन्छ। दाउरा थपीथपी आगोलाई शान्त पार्छु भन्ने पनि नसोचे हुन्छ। साथै वेलावेलामा धेरै रक्सी खाएर आफ्नो पियक्कड बानी (जँड्याहा स्वभाव) उपर कावू पाउँछु कि भन्ने ठानेर लागिपर्नु वा प्रयास गर्नु वेकार छ।

यस्स दानजितं मित्रं शत्रवो युधि निर्जिताः ॥
अन्नपानजिता दाराः सफलं तस्य जीवितम् ॥८२॥

जसले दानद्वारा मित्रलाई आफ्नो प्रभावमा पारेको छ। लडाइँमा शत्रुहरूलाई परास्त गरेको छ। खानपानद्वारा स्त्रीहरूलाई चित्त बुझाउने गरेको छ भने त्यस्तो व्यक्तिको जीवन नै सफल जीवन हो।

सहस्त्रिणोऽपि जीवन्ति जीवन्ति शतिनस्तथा ॥
धृतराष्ट्र विमुञ्चेच्छां न कथञ्चिन्न जीव्यते ॥८३॥

जसले हजार रुपैयाँ खेलाउँछ, वाँचेकै छ। अनि जोसँग सय रुपैयाँ छ, ऊ पनि बाँचेको नै छ। यसैले हे राजन् धृतराष्ट्र ! तपाईंले धेरै लोभ छाडिदिनुपर्‍यो, यसो गर्दा कुनै न कुनै पनि रूपले जीवन निर्वाह त हुने नै छ।

यत् पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रियः ॥
नालमेकस्य तत् सर्वमिति पशयन्न मुह्यति ॥८४॥

लोभी वा लालचीलाई जतिसुकै भए पनि पुग्दैन। समस्त भूमण्डलमा जति पनि चामल पीठो आदि (अन्न), सुनचाँदी (धन), पशु पंछी र सुन्दर नारीहरू छन् ती सवैलाई नै पाउँदा पनि लोभी मान्छेलाई सन्तोष हुँदैन। यही शाश्वत् तथ्य बुझेर बुद्धिमान् मानिस लोभमा फस्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् भूयो ब्रवीमि त्वां पुत्रेषु सममाचर ॥
समता यदि ते राजन् स्वेषु पाण्डुसुतेषु वा ॥८५॥

हे राजन् धृतराष्ट्र ! म फेरि पनि भन्दछु कि तपाईं आफ्ना र पाण्डूका छोराहरूबीच समान भावना लिनुहुन्छ भने दुवैसँग एकै नाशले व्यवहार गर्नुहोस् ।

महाभारत उद्योग पर्वको उनन्चालीसौं अध्याय
विदुर नीति वाक्यको
सातौं अध्याय पूरा भयो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीति

आठौं अध्याय

- सत् पुरुषका लक्षणहरु
- घरमूली (गृहपति) को कर्तव्य
- आत्माको स्वरुप
- मानव-धर्म
- चारवर्ण र धर्मपालन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत उद्योग पर्वको चालीसौं अध्याय

विदुर नीति आठौं अध्याय

विदुर भन्छन्:-

योऽभ्यर्चितः सद्भिरसज्जमानः
करोत्यथर्गं शक्तिमहापयित्वा ॥
क्षिप्रं यशस्तं समुपैति सन्त-
मलं प्रसन्ना हि सुखाय सन्त ॥१॥

जो व्यक्ति सज्जन पुरुषद्वारा आदर पाउँछ, विषयमा आसक्ति राख्तैन, शक्तिलाई उल्लंघन नगरेर आफ़्नो क्षमताअनुसार काम गर्दछ, ऊ श्रेष्ठ पुरुष हो, उसलाई सुयश प्राप्त हुने गर्छ। सज्जन पुरुष निश्चय नै संसारलाई कल्याण गर्न समर्थवान् पनि हुन्छ। सन्तजन जोसँग प्रसन्न हुन्छन्, त्यस्तो मान्छे ऊ सधैंभरि सुखी रहन्छ।

महान्तमप्यर्थमधर्मयुक्तं
यः संत्यजत्यनपाकृष्ट एव ॥
सुखं सुदुःखान्यवमुच्य शेते
जीर्णां त्यचं सर्प इवावमुच्य ॥२॥

जसरी सर्पले पुरानो काँचुलीलाई त्यसै छाडेर नयाँ काँचुली फेर्दछ। त्यसरी नै मानिसले पनि अधर्मद्वारा (गलत कार्यद्वारा) कमाइएको जतिसुकै धेरै सम्पत्ति नै भए पनि वास्ता नगरी छाडिदिन्छ। अनि ठूलो वा पीडाबाट मुक्त भए झैं गरी सुखी हुन्छ।

[जब सर्पको शरीरको माथिल्लो छाला पाक्न थाल्दछ, तब ऊ सजिलैसँग घिस्रन देख्न र छिटोछिटो दगुर्न असमर्थ हुन पुग्दछ। त्यसपछि सर्पले काँचुली उतारेर फ्याँक्दछ अनि मात्र आफूलाई हलुका भएको महसुस गर्दछ]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनृते च समुत्कर्षो राजगामि च पैशुनम् ॥
गुरोश्चालीकनिर्बन्धः समानि ब्रह्महत्यया ॥३॥

झुठो बोलेर उन्नति गर्नु, राजाको आलोचना गर्नु वा निन्दा गर्नु, आफ्ना मान्यजनहरूसँग झूठो व्यवहार गर्नु, यी सबै ब्रह्महत्या समानका पाप कर्म हुन् ।

असूयैकपदं मृत्युरतिवादः श्रियो वधः ॥
अशुश्रुषा त्वरा श्लाधा विद्यायाः शत्रवस्त्रयः ॥४॥

गुणहरूलाई पनि दोष सम्झनु विल्कुलै मृत्यु समान हो । रूखो (कडा) बोल्नु र अर्कालाई निन्दा गर्नु धन सम्पत्तिलाई नष्ट गर्नु बराबर हो । सुन्ने इच्छा नगर्नु अथवा सेवाभाव नराख्नु उत्ताउलो हुनु, अति नै आत्मप्रशंसा गर्नु यी तीन विद्या वा ज्ञानका शत्रुहरू हुन् ।

आलस्यं मदमोहौ च चापलं गोष्ठिरेव च ॥
स्तब्धता चाभिमानित्वं तथात्यागित्वमेव च ॥
एते वै सप्त दोषाः स्युः सदा विद्यार्थिनां मताः ॥५॥

अल्छी गर्नु, मादक पदार्थको सेवन गर्नु, घर आदिमा मोह राख्नु चञ्चले स्वभाव वा एकाग्रचित्त नहुनु, बेकारका कुराहरू गरेर समय बिताउनु, उद्धतपन, घमण्ड जडता, लोभ यी सात विषय विद्यार्थीका दोष हुन् । अर्थात् जसमा यी दुर्गुणहरू हुन्छन्, उसले विद्या पढ्न सक्तैन ।

सुखार्थिनः कुतो विद्या नास्ति विद्यार्थिनः सुखम् ॥
सुखार्थी वा त्यजेद् विद्यां विद्यार्थी वा त्यजेद् सुखम् ॥६॥

सुखको अभिलाषा गर्नेलाई विद्या प्राप्त हुँदैन । विद्यार्थीलाई सुख प्राप्त हुँदैन, सुख प्राप्ति र विद्यार्थी परस्परमा विरोध गर्ने समान छन् । तसर्थ जसले सुख खोज्छ उसले विद्या आर्जन गर्ने इच्छालाई छाडिदिनुपर्दछ साथै विद्या प्राप्त गर्न खोज्नेले सुख प्राप्तिको इच्छालाई त्यागिदिनुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाग्निस्तृप्यति काष्ठानां नापगानां महोदधिः ॥
नान्तकः सर्वभूतानां न पुंसां वामलोचना ॥७॥

जतिसुकै धेरै परिमाणमा दाउरा र काठ वाले तापनि आगो कहिल्यै तृप्त रहँदैन अर्थात् आगोमा जति जति दाउरा थप्यो उत्ति उत्ति आगो पनि वढ्दै जान्छ। निभ्न थाल्दैन। खोलाको पानी जतिसुकै धेरै भएर मिसिए पनि समुद्र भने पानीले तृप्त कहिल्यै वन्दैन अर्थात् नदीहरू जतिसुकै वाढी आएर समुद्रमा पसे पनि समुद्रमा भने कहिल्यै वाढी आउँदैन। मृत्यु (काल) ले पनि जत्तिसुकै धेरै प्राणीको प्राण हरण गर्ने गरे तापनि कहिल्यै अघाउँदैन अर्थात् एकपछि अर्को गरी सवै प्राणी सदैव कालका मुखमा स्वाहा भएकै देखिन्छन्। ज्यादै सम्भोग (रतिक्रीडा) को चाहना राख्दै कर्के नजरले हेर्ने (वामलोचना) नारीहरू जतिसुकै धेरै पुरुषद्वारा धेरैपटक संभोग गराए पनि कहिल्यै थाक्तैनन् अर्थात् अतृप्त भई नै रहन्छन्।

आशा धृछिं हन्ति समृद्धिमन्तकः
क्रोधः श्रियं हनित यशः कदर्यता ॥
अपालनं हन्ति पशूंश्च राज-
न्नेकः कुद्धो ब्राहमणो हन्ति राष्ट्रम् ॥८॥

हे राजन्! कुनै चिज पाउने लालसाले मानिसको धैर्यलाई नष्ट पार्दछ। (कुनै चिजको आशामा झुण्डिएको व्यक्ति त्यस चिजलाई तुरुन्त प्राप्त गर्न खोज्छ)। मृत्युले सम्पूर्ण समृद्धि एवम् ऐश्वर्यलाई नाश पार्छ। क्रोध (रिस)ले शरीरको सौन्दर्यलाई नाश गर्दछ। कञ्जुस्याइँले कीर्तिलाई पाखा लगाउँछ। आफ्ना गाई, गोरु आदि पशुहरूको हेरचाहा आफैंले नै गर्नुपर्दछ नत्र तिनीहरू पनि मर्न थाल्दछन्। रिसाएको एकजना तपस्वी एवम् आचारनिष्ठ बुद्धिमान ब्राह्मणले सम्पूर्ण राष्ट्रलाई नै सिध्याइदिन्छन्।

अजाश्च कांस्यं रजतं च नित्यं
मध्याकर्षः शकुनिः श्रोत्रियश्च ॥
वृद्धो ज्ञातिरवसन्नः कुलीन
एतानि ते सन्तु गृहे सदैव ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाखाहरू, काँसको भाँडा, चाँदीको भाँडा, मह, अर्क (सारतत्त्व) सोहोर्ने औजार, विषलाई मार्न सक्ने, मैना आदि पशुपंछी, वेदपाठ गर्नसक्ने ब्राह्मण, आफ्नो कुलको वयोवृद्ध व्यक्ति, कुटम्बीजनहरू र विपत्तिग्रस्त कुलीनपुरुष यी सबै वैभवशालीको घरमा रहनु राम्रो हुन्छ।

अजोक्षा चन्दनं वीणा आदर्शो मधुसर्पिषी ॥
विषमौदुम्बरं शङ्खः स्वर्णनाभोऽथ रोचना ॥१०॥
गृहे स्थापयितव्यानि धन्यानि मनुरब्रवीत् ॥
देव ब्राह्मणपूजार्थमतिथीनां च भारत ॥११॥

देवता, ब्राह्मण र अतिथिजनको सत्कार गर्नको निमित्त वाखाहरू, गोरु (बैल), श्रीखण्ड, वीणा, ऐना, मह, घ्यू, धारिला हतियारहरू, तामाको भाँडा, दाहिने शंख, शालिग्राम र गोरोचन आदि माङ्गलिक पदार्थहरू घरमा कहिल्यै टुटाउनुहुँदैन।

इदं च त्वां सर्वपरं ब्रवीमि
पुण्यं पदं तात महाविशिष्टम् ॥
न जातु कामान्न भयान्न लोभाद्
धर्मं जह्याजजीवितस्यापि हेतोः ॥१२॥
नित्यो धर्मः सुखदुःखे त्वनित्ये
जीवो नित्यो हेतुरस्य त्वनित्यः ॥
त्यक्त्वानित्यं प्रतिष्ठिस्व नित्ये
संतुष्य त्वं तोषपरो हि लाभः ॥१३॥

इच्छा वा कामना, भय, लोभ आदिले वशीभूत भएर धर्मलाई कदापि छाड्नुहुँदैन। यो नै सबैभन्दा महत्त्वपूर्ण र गुह्य कुरो हो।

धर्म नित्य छ, सुखदुःख भन्ने अनित्य छन्। यिनीहरू रथका पाग्रासरी घुमिरहन्छन्, कहिले सुख आइपर्छ कहिले भने दुःख पाइन्छ। जीव नित्य छ तर यसको कारण अविद्या आदि अनित्य छन्। तसर्थ मानिसले अनित्यलाई त्यागेर नित्य वस्तुलाई अँगाल्दै सन्तोष गर्नुपर्दछ। सन्तोषद्वारा नै परम लाभ प्राप्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाबलान् पश्य महानुभावान्
प्रशास्य भूमिं धनधान्यपूर्णाम् ॥
राज्यानि हित्वा विपुलांश्च भोगान्
गतान्नरेन्द्रान् वशमन्तकस्य ॥१४॥

हे राजन् धृतराष्ट्र ! तपाईं ती चक्रवर्ति महापराक्रमी राजाहरूलाई हेर्नुहवस् । यी राजाहरू धनधान्यले परिपूर्ण भई पृथ्वीको शासन गरेर अन्तमा राज्य र विपुल सम्पत्तिलाई त्याग्दै मृत्युलाई वरण गर्दछन् । यसैगरी, तपाईंले पनि यस राज भैभवलाई छाडेर एक दिन जानै पर्दछ । तसर्थ थोरै समयको यो अनित्य सुखका लागि धर्मछाडा (विधर्मी) किन वन्नुहुन्छ ?

मृतं पुत्रं दुःखपुष्टं मनुष्या
उत्क्षिप्य राजन् स्वगृहान्निर्हरन्ति ॥
तं मुक्तकेशाः करुणं रुदन्ति
चितामध्ये काष्ठमिव क्षिपन्ति ॥१५॥

मानिस ज्यादै नै पीर सन्ताप गरी आफूले हुर्काएको, पालनपोषण गरेको छोरो मर्दा वोकेर तुरुन्त घरवाट वाहिर लगिदिन्छन् । मर्नासाथ सुरुमा कपाल झाँक्रो फिँजाएर आइमाईहरू अलाप विलाप गरी रून्छन् । त्यसपछि सुकेको मूढो जस्तो गरेर उसको शरीरलाई चित्ताको आगोमा हालिदिन्छन् ।

अन्यो धनं प्रेतगतस्य भुङ्क्ते
वयांसि चाग्निश्च शरीरधातून् ॥
द्वाभ्यामयं सह गच्छत्यमुत्र
पुण्येन पापेन च वेष्ट्यमानः ॥१६॥

मरेका मानिसको सम्पत्तिलाई उसका उत्तराधिकारीहरूले भोग गर्दछन् । उसको शरीरको हाड मासुलाई जङ्गलमा भए गिद्ध र कागहरूले खाइदिन्छन्, चितामा भए आगोले डढाइदिन्छ । मरेपछि मनुष्य पुण्य र पापसँगै गुत्थिएर परलोक जान्छ । अर्थात् मृत्युपश्चात् मानिसको सवै सुख-भोग यस धरतीभित्रै अड्किरहन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सृज्य विनिवर्तन्ते ज्ञातयः सुहृदः सुताः ॥
अपुष्पानफलान् वृक्षान् यथा तात्प पतत्रिणः ॥१७॥

जसरी फल खाइसकेपछि चरा चुरुङ्गीहरू रूखलाई त्यसै छाडी हिंडेजस्तै गरी निकटसम्बन्धी, मातापिता, भाइछोरा र स्त्री आदिले मृतक व्यक्तिको शरीरलाई जंगलमा नै छोडेर वा चित्तामा जलाइसकेर आफ्नो बाटो लाग्दछन् ।

अग्नौ प्रास्तं तु पुरुषो कर्मान्वेति स्वयंकृतम् ॥
तस्मात्तु पुरुषो यत्नाद् धर्मं संचिनुयाच्छनैः ॥१८॥

मरेपछि जब शरीर चिताको आगोमा डढेर खरानी हुन्छ। उसले आफैंले गरेको धर्म या अधर्म रूप कर्म नै उसको साथसाथै जान्छ। यसैले मनुष्यले प्रयत्न साथ विस्तारै धर्म-सञ्चय गर्दै जानुपर्दछ।

अस्माल्लोकादूर्ध्वममुष्य चाधो
महत्तमस्तिष्ठति ह्यन्धकारम् ॥
तद् वै महामोहनमिन्द्रियाणां
बुध्यस्व मा त्वं प्रलभेत राजन् ॥१९॥

मनुष्यलोकभन्दा माथि देवलोक (देवताहरू रहने ठाउँ) र तलपट्टि पशुलोक (पशु रहने ठाउँ) दुवै ज्यादै अँध्यारा छन् । यी दुवै लोकले इन्द्रियको ज्ञानलाई समाप्त पार्दछन् अर्थात् देवलोकमा अत्यधिक मात्रामा सुख सयलमा मस्त हुनाले कर्तव्याकर्तव्यको ज्ञान नै नष्ट हुन जान्छ र पशुलोकमा शुभकर्म गर्ने शक्ति नै खत्तम हुन्छ। यो कुरालाई भलीभांति सम्झेर बुझेर आफू अन्धकारमा नफसियोस् भन्ने नै प्रयास गर्नुपर्दछ।

इदं वचः शक्ष्यसि चेद् यथाव-
न्निशम्य सर्वं प्रतिपत्तुमेव ॥
यशः परं प्राप्स्यसि जीवलोके
भयं न चामुत्र नचेह तेऽस्ति ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे राजन् ! यी कुराहरू सुनेपछि तपाईंले ठीकसँग बुझ्न सक्नुभयो भने तपाईंलाई यस मनुष्यलोकमा ठूलो कीर्ति प्राप्त हुनेछ। अनि त तपाईंलाई इहलौकिक र परलौकिक भय (डर) रहँदैन।

आत्मा नदी भारत पुण्यतीर्था
सत्योदका धृतिकूला दयोर्भिः
तस्यां स्नातः पूयते पुण्यकर्मा
पुण्यो ह्यात्मा नित्यमलोभ एव ॥२१॥

हे भरत श्रेष्ठ धृतराष्ट्र ! यो आत्मा भन्ने वस्तु नदीरूप हो। पुण्य र कर्म यी दुवै यस नदीका दुई घाटसमान छन्। सत्यता नै यस आत्मारूपी नदीको पानी हो। धैर्य यसको किनारा र दया यस नदीका प्रवाह (छ्राल) हुन्। यस आत्मारूपी नदीमा जसले नुहाउँछ त्यस्तो पुण्य कर्म गर्ने मानिस पवित्र हुन्छ। निर्लोभी तथा वैराग्य-ज्ञानले युक्त भएको मानव (आत्मा) नै सदैव पवित्र हुन्छ।

काम क्रोधग्राहवतीं पञ्चेन्द्रियजलां नदीम् ॥
नावं धृतिमयीं कृत्वा जन्मदुर्गाणि संतर ॥२२॥

आत्मा संसाररूपी नदीसमेत हो। जसको जल शरीरका पाँचवटै इन्द्रीय हुन्। यस नदीमा काम-क्रोधरूपी गोही बस्ने गरेका छन्। यसै नदीमा धैर्यरूपी डुंगामा चडेर जलरूप किल्लाहरू (जीवनका संघर्षहरू) लाई पार गर्दै जाऊ।

प्रज्ञावृद्धं धर्मवृद्ध स्वबन्धुं
विद्यावृद्धं वयसा चापि वृद्धम् ॥
कार्याकार्ये पूजयित्वा प्रसाद्य
यः सम्पृच्छेन्न स मुह्यत् कदाचित् ॥२३॥

हे राजन् ! यस संसारमा धर्म नै सदा रहिरहने नित्य वस्तु हो। सुख दुःख भनेको आउने जाने गर्दै रहने अनित्य कुरा हुन्। तिनलाई छाडेर नित्य वस्तु (धर्म) मा सन्तोष लिनुपर्दछ। किनभने सन्तोष लिनुमा नै परम लाभ छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धृत्वा शिश्नोदरं रक्षेत् पाणिपादं च चक्षुषा ॥
चक्षु : श्रोत्रे च मनसा मनो वाचं च कर्मणा ॥२४॥

सम्भोग गर्ने साधन (लिङ्ग वा योनी) र पेटलाई धैर्य साथ जोगाउनुपर्दछ अर्थात् कामवेग र भोकको ज्वालालाई धैर्य गरी सहँदै जानुपर्दछ। आँखाले राम्ररी हेरेर हातले चिजवीच समाएर वाटो पनि राम्रोसँग हेर्दै हिंड्ने गर्नाले हातखुट्टाको रक्षा हुन्छ। यसैगरी परस्त्री आदिलाई हेर्ने र दुर्वाच्य निन्दित कुराहरू सुन्ने मन आदिवाट आँखा र कानलाई जोगाओस्। मन र वोलीलाई सत्कर्म गरेर रक्षा गरोस् अर्थात् मन र वचनले अनुचित कार्यतर्फ चिन्तन-मनन र वचनसमेत लगाउनुहुँदैन।

नित्योदकी नित्ययज्ञोपवीती
नित्यस्वाध्यायी पतितान्नवर्जी ॥
सत्यं ब्रुवन् गुरवे कर्म कुर्वन्
न ब्राह्मणश्च्यवते ब्रह्मलोकात् ॥२५॥

जो व्यक्तिले प्रतिदिन जलद्वारा स्नान-सन्ध्या तर्पण आदि गर्दछ, सधैँभरि यज्ञोपवीत (जनै) पहिरिइरहन्छ र स्वाध्याय गर्दै रहन्छ। पतित व्यक्तिको अन्न र धन खानु र लिनुवाट आफूलाई जोगाउँदछ सधैं सत्य बोल्ने एवम् आफ्ना मान्यजनहरूको सेवा गर्दै रहने ब्राह्मण व्यक्ति ब्रह्मलोकवाट नखसेर सधैं नै मुक्ति प्राप्त गर्दछ।

अधीत्य वेदान् परिसंस्तीर्य चाग्नी-
निष्ट्वा यज्ञै : पालयित्वा प्रजाश्च ॥
गो ब्राह्मणार्थ शस्त्रपूतान्तरात्मा
हत : संग्रामे क्षेत्रिय : स्वर्गमेति ॥२६॥

वेदहरूलाई विधिपूर्वक गुरुद्वारा पढेर अग्निलाई चारैतिरवाट कुशद्वारा वेरिराखेर, यज्ञद्वारा हवन कार्य गर्दै, जनतालाई परिपोषण (प्रजापालन) गरेर गाई र ब्राह्मणलाई सुरक्षा गर्ने सन्दर्भमा भएको लडाईंमा घायल हुन गएको क्षत्रिय जसको अन्तः करण पनि पवित्र छ, ऊ देवलोकमा जाने गर्दछ अर्थात् मुक्ति पाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैश्योऽधीत्य ब्राह्मणान् क्षत्रियांश्च
धनै काले संविभज्याश्रितांश्च ॥
श्रोतापूतं धूममाघ्राय पुण्यं
प्रेत्य स्वर्गे दिव्यसुखानि भुङ्क्ते ॥२७॥

आफ्नो गुरुवाट वेद पढ्ने, समय-समयमा ब्राह्मण क्षत्रिय र आफूमा निर्भर रहने नोकर चाकरलाई आर्थिक सहायता गर्दै रहने तीन किसिमका अग्निवाट उडेको धूँवालाई सुँघ्दै होम आदि अनुष्ठान गर्ने वैश्य पनि मरेपछि स्वर्गमा पुगेर सुख सयलको उपभोग गर्न पाउँछ।

ब्रह्म क्षत्र वैश्यवर्णं च शूद्रः
क्रमेणैतान्न्यायतः पूजयानः
तृष्टेष्वेतेष्वव्यथो दग्धपाप-
स्त्यक्त्वा देहं स्वर्गसुखानि भुङक्ते ॥२८॥

ब्राह्मण, क्षत्रिय तथा वैश्यहरूको न्यायपूर्वक सेवा गर्ने शूद्रले आफूले सेवा गरेका वर्गहरूलाई खुसी राखेमा ऊ पापरहित भएर कुनै दुःख कष्ट नपाई मर्न पाउँदछ। उसले पनि मरेपछि स्वर्गको सुख उपभोग गर्न पाउनेछ।

चातुर्वण्यस्यैष धर्मस्तवोक्तो
हेतुं चानुब्रुवतो मे निबोध ॥
क्षत्राद् धर्माद्धीयते पाण्डुपुत्र-
स्तं त्वं राजन् राजधर्मे नियुङ्क्ष्व ॥२९॥

हे महराज धृतराष्ट्र ! मैले तपाईंलाई ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चारैवर्णका मानिसले पालन गर्नुपर्ने कर्तव्य वा धर्महरूबारे वताइदिएँ। यसरी वताउनुपर्ने कारण पनि सुन्नुहोस्- तपाईंले नै गर्दा पाण्डु नन्दन युधिष्ठिर पनि क्षत्रिय धर्मवाट च्यूत हुँदैछन्, अतएव तपाईं उनलाई राजधर्म गर्नेतर्फ नै उद्यत राख्नुहोस्।

धृतराष्ट्र भन्दछन्:-

एवमेतद् यथा त्वं मामनुशाससि नित्यदा ॥
ममापि च गतिः सौम्य भवत्येवं यथाऽऽत्थमाम् ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे विदुर ! तिमीले दिनहुँजसो मलाई जुन तरिकाले उपदेश दिने गरेका छौ, यो ज्यादै नै उत्तम कुरा पनि हो । हे सौम्य ! तिमीले मलाई जे गर्नु भनी राय दिएका छौ, त्यसैवमोजिम चल्ने मेरो विचार पनि छ ।

सा तु बुद्धिः कृताप्येवं पाण्डवान् प्रति मे सदा ॥
दुर्योधनं समासाद्य पुनर्विपरिवर्तते ॥३१॥

यद्यपि, म (धृतराष्ट्र) पाण्डवहरूप्रति सधैं नै तिमीले भने मुताविक नै धर्मयुक्त सद्धारणा लिने गर्दछु । तर, किन हो किन जब छोरो दुर्योधनलाई भेट्दछु, त्यसपछि मेरो वुद्धि नै उलटपुलट हुनजान्छ ।

न दिष्टमभ्यतिक्रान्तुं शक्यं भूतेन केनचित् ॥
दिष्टमेव ध्रुवं मन्ये पौरुषं तु निरर्थकम् ॥३२॥

भाग्य (प्रारब्ध) लाई उल्लंघन गर्ने क्षमता संसारका कुनै पनि प्राणीमा रहँदैन । भाग्य नै बलवान् र अचल छ भन्ने मेरो धारणा छ । भाग्यको सामुन्नेमा मिहेनत या पुरुषार्थ भन्ने चिज बेकार छ ।

[यसरी राजा धृतराष्ट्रले भाग्यको सहारा लिँदै पुरुषार्थलाई भाग्यको अगाडि नगण्य मान्दै विदुरले भनेका नीतियुक्त वचनअनुसारको आचरण गर्न मानेनन् । यसको परिणाम महाभारत रणसङ्ग्राम भयो । यस लडाइँमा न केवल, समस्त अर्यावर्तका वीर योद्धा महारथीहरूमात्र आफ्ना विशाल सैनिक वलसहित मारिएनन् अपितु धृतराष्ट्रका सवै सयजना छोराले प्राण गुमाउनुपर्‍यो । अन्तमा धर्म पारायण पाण्डवहरू विजयी भए]

महाभारत उद्योग पर्वको चालीसौं अध्याय
विदुर नीति वाक्यको
आठौं अध्याय पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विदुर नीतिमा प्रयोग गरिएका केही उल्लेखनीय शब्दहरू र तिनको अर्थ

आततायी

६ प्रकारका हुन्छन् : (१) घरमा आगो लगाउने (२) विष दिने (३) मार्ने नियतले हतियार हातमा उठाइरहने मानिस (४) अर्काको सम्पत्ति लुट्ने वा चोर्ने (५) वाली चोर्ने वा लुट्ने (६) अर्काकी स्वास्नीलाई वलजफ्ती अपहरण गर्ने ।

उपवीत

प्राचीन समयमा उपवीत दुपट्टा कपडासमान हुन्थ्यो । काम काजअनुसार उपवीत लगाइन्थ्यो (१) मानुष कर्म (सभा या समाजमा जाँदा) घाँटीमा झुन्ड्याएर उपवीत लगाइन्थ्यो उपवीतको दुवै टुप्पा (मुख) मुन्तिर लर्किएको हुन्थ्यो । आजकल पनि पण्डितहरूले यदाकदा यसलाई पहिरिएका देख्नमा आउँदछ । (२) देव कर्म यज्ञ यागादि अनुष्ठानमा सम्मिलित हुँदा दायाँबाट वाँधेर बायाँतर्फ लगिएको हुन्छ । (३) पितृकार्य गर्दा उपवीतलाई वाँया काँधतर्फवाट दायाँ काँधतर्फ वाँधिएको हुन्छ । उपवीतलाई सधैँभरि शरीरको माथिल्लो भागमा लगाइन्छ । पछि आएर उपवीतको वदलामा ३ डोर या ६ डोरे जनै पहिरन थालियो । अनि लगाएको लुगाभन्दा माथिल्लो भागमा पहिरिने गरिएको उपवीत जनैको रूपमा परिणत भएपछि लुगाको भित्रपट्टि लगाउने गरिन्छ । महाभारत युद्ध हुँदा भीष्मले पहिरिएको सफेद यज्ञोपवीत टाढैवाट चम्किएको देखिन्थ्यो ।

उद्भिज

जमिनमा उम्रने रूख, वृक्ष, झारपात आदि । वनस्पति शास्त्रअनुसार उद्भिज ४ प्रकारका हुन्छन् । (१) फूल नफुलेरै केवल फल फलाउने वनस्पति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(२) फूल र फल दुवै हुने आँप, भोगटे, सुन्तला आदिको वृक्ष । (३) फल फलेर पाकेपछि वोट नै सुकेर जाने औषधि वृक्ष । (४) लहरा र झाडी वीरुध ।

चिकित्सा

उपचार प्रणाली । पाँच तरिकाले उपचार गरिन्छ । (१) औषधिद्वारा र जडीवुटीद्वारा (२) दैवी चिकित्सा यज्ञ र शान्ति स्वस्तिद्वारा विभिन्न रोगलाई शान्त पार्ने (३) मानसिक चिकित्सा स्वस्ति-वाचन (कल्याण कामना र आशीर्वाद) जसले मानसिक वल प्रदान गरेर रोगीलाई स्वस्थ रहन मद्दत गर्दछ (४) आथर्व मन्त्र चिकित्सा अथर्व वेदका मन्त्रहरूद्वारा रोगीको मनलाई प्रभावित पारेर रोगलाई हटाइदिनु (वर्तमान समयमा यसलाई जादु र टुना मुनाको संज्ञा दिइने गरिन्छ) (५) पारोभस्म आदि सिद्धरसीय चिकित्सा ।

द्विज

व्रतवन्ध (यज्ञोपवीत) संस्कार भइसकेको व्यक्तिलाई दुईपटक जन्मिएको मानिन्छ । मनुले प्रत्येक द्विजातिका लागि सम्पूर्ण चारैवेद, दुईवेद, अथवा एउटै वेदको अध्ययन गर्नु आवश्यक मानेका छन् ।

देव

देव दुई प्रकारका हुन्छन् (१) चेतन देव (२) जड देव । ब्राह्मण, सन्न्यासी आचार्य र अतिथि चेतन देव हुन्, यिनीहरूको सेवाद्वारा सत्कार गरिन्छ । जड देव भन्नाले वायु, पृथिवी, अग्नि र जललाई सम्झनुपर्दछ यिनीहरूको सत्कार यज्ञद्वारा गरिन्छ ।

दैव

यसको साधारण अर्थ भाग्य हो । देवताहरूको समूह भन्नु नै दैव हो । मानिसले पहिले अनेकौं प्रकारका कर्म गरेका हुन्छन् । यस्ता कर्म दैव कहिन्छन् । यसले कर्मफल भोगाउने पृष्ठभूमि तयार पारेको हुन्छ । अर्को शब्दमा मानिसलाई कर्मको फल भोगाउने कार्य दैवले गराउँदछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चाग्नि

अग्निको सम्वन्ध यज्ञसित छ। याज्ञिक ग्रन्थहरूबमोजिम अग्नि पाँच प्रकारका हुन्छन्, (१) आहवनीय, (२) गार्हपत्य, (३) दक्षिणाग्नि, (४) आवसथ्य (गृह्य वा स्मार्त, (५) सम्भाग्नि। प्रथम तीन अग्निमा नित्य नैमित्तिक श्रौत यज्ञ हुन्छन्। आवसथ्य अग्निलाई गृह्य अग्नि वा स्मार्त अग्नि पनि भनिन्छ। यस किसिमको अग्निमा गृहस्थका संस्कार कर्म हुने गर्दछन्। आचार्य (गुरु)ले पढाउने ठाउँमा सम्भाग्नि रहन्छ। यस किसिमको अग्नि गुरु र शिष्यका वीचमा स्थापित हुन्छ। यसै अग्निलाई साक्षी राखेर गुरुले चेलालाई आफूले अध्ययन गरेको शास्त्रलाई यथार्थ रूपले (गुह्य तत्त्वहरू न लुकाएर) अध्यापन गराउँछन्।

पुरुषार्थ

पुरुषले गर्नुपर्ने विषयहरू धर्मार्जन, अथार्जन, कामोपभोग, मोक्षलाभ। पहिले गरिसकेका कामहरूबाहेक नयाँ काम (उद्योग) खोजी गर्नु पुरुषार्थ हो। जुन कामले मानिसलाई भविष्यमा भाग्यशाली (दैव वलवान्) वनाउँदछ।

विवाह

नारी र पुरुषवीचको मिलन सम्झौता। धर्मशास्त्रमा विवाह आठ प्रकारका छन् (१) ब्राह्म, (२) दैव (३) आर्ष (४) प्राजापत्य (५) असुर (६) गान्धर्व (७) राक्षस (८) पैशाच। यिनीहरूमध्ये नम्वर एकदेखि चारसम्मलाई श्रेष्ठ विवाह मानिन्छ। नम्वर पाँचदेखि आठसम्मलाई अधम विवाहको संज्ञा दिइन्छ। क्रमानुसार ठीक वेठिक मात्रा यिनमा कायम छ। अर्थात् नम्वर एकको ब्राह्म विवाह नै सर्वोत्तम विवाह हो। साथै सवैभन्दा अधम विवाह आठौं नम्वरको पैशाच विवाह मानिएको छ।

व्रात्य

समयमै उपवीत (व्रतवन्ध) संस्कार नगरिएको व्यक्तिलाई समाजमा कर्म नचलेकाले पतित् ठानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृंत

यो फल अट्ने ठाउँ अर्थात् वोट विरुवाको भेट्नु हो ।

मधुपर्क र यसलाई ग्रहण गर्न पाउने व्यक्तिहरू

दहीमा गुलियो हुनेगरी महको मात्रा मिसाएपछि मधुपर्क बन्दछ । प्राचीन समयमा घरमा पाहुना आउनासाथ हात मुख गोडा धोएपछि मधुपर्क दिइन्थ्यो । पाहुना फर्कने वेलामा उपहार स्वरूप गाई दिइने गरिन्थ्यो । मधुपर्क जोसुकै पाहुनाले पाउन सक्दैनथे, मधुपर्क प्राप्त गर्न पाउने व्यक्तिहरू भन्नाले सुशिक्षित स्नातक, आचार्य (गुरु), पुरोहित, राजा, जुवाइँ, योग्य एवम् प्यारा मित्रहरू नै हुन्थे । ब्राह्मणहरूमध्ये पनि वेदवेत्ता आचार्य अथवा पुरोहित नै अर्घ्य पाउन योग्य मानिन्छन् ।

मन्यु

भित्रभित्रै रिसले पाकिरहनुलाई मन्यु भनिन्छ, यो क्रोधभन्दा अलि वेग्लै प्रकृतिको छ । मन्युले आक्रान्त व्यक्ति आप वाहिर हुँदैन आफ्नो लाभ-हानिलाई विचार गरेर मनको उद्वेग र आवेगलाई पिउन सक्तछ । यसैले मन्युलाई गुणको रूपमा र क्रोधलाई अवुगुणको रूपमा गणना गरिन्छ । क्रोध भएको वेलामा मानिस आप वाहिर हुन गई उसको विचार शक्ति नै नष्ट हुन पुग्दछ ।

राजनीतिका ६ वटा गुण

(१) सन्धि- शत्रु या मित्र पक्षसँग पारस्परिक सहायताका लागि वचनको आदान-प्रदान गर्नु । (२) विग्रह-शत्रु या अन्य अधर्मी (लोक पीडक) पक्षसँग सम्वन्ध विच्छेद गर्नु (३) यान- शत्रुसँग लडाइँ गर्नको निमित्त धावा वोल्नु वा युद्धको घोषणा गर्नु (४) आसन- आफ्नो पक्ष कमजोर भएछ भने शत्रुद्वारा उकसाएपछि पनि त्यति वेलासम्म निष्क्रिय वस्ने (चुप्पी साधी रहने) जवसम्म आफू पनि सवल भएर मुकाविला गर्नसक्ने शक्ति सञ्चय गर्न सकिँदैन । (५) द्वैधीभाव- फौजलाई दुई भागमा बाँडेर हमला गर्ने अथवा फौजको यौटा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग (टुकडी) लाई आत्मसमर्पण गर्न लगाएर शत्रुसँग मिन्न दिने र पछि लडाइँ पर्दाबखत त्यसै टुकडीद्वारा भित्रभित्रै शत्रु पक्षलाई सखाप पार्ने (६) समाश्रय- बलवान् पक्षको शरणमा जाने ।

सम्पत्ति

दुई किसिमका हुन्छन् (१) लक्ष्मी (२) श्री । आफूले पनि भोग नगर्ने अनि आफ्नो कुटुम्बीजनहरूलाई पनि भोग गर्न नदिने किसिमको धनलाई लक्ष्मी भनिन्छ । दीन, दुःखी र सांसारिक कल्याण कार्यको निम्ति प्रयोग गरिने धनलाई श्री भनिएको छ ।

सर एवम् सरसी

सानो पोखरीलाई सर भनिन्छ भने ठूलो पोखरी वा ताललाई सरसी भनिएको छ ।

श्रौत यज्ञ

तीन प्रकारका हुन्छन् (१) नित्य (२) नैमित्तिक (३) काम्य । यीमध्ये निष्कामभावद्वारा गरिने नित्य यज्ञ नै मुख्य वा प्रमुख यज्ञ हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत
विराट्पर्वअन्तर्गत चौथो अध्याय

धौम्य नीति
तथा
सेवा नीति

"अनुमति नलिई राजा (सत्ताधारी) लाई भेट गर्नुपर्छ सत्ताधारी व्यक्तिउपर कहिल्यै पनि पूरापुर भरोसा र विश्वास गर्नुहुँदैन"

– धौम्य नीति श्लोक- १३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँधीले बलियो र ठूलो एक्लो रूखलाई ढाल्दछ।
मिलेर रहेका कलिला रूखहरूलाई भने ढाल्न सक्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धौम्य नीति

महाभारत विराट्पर्वअन्तर्गत चौथो अध्याय

सरकारी (राज) सेवामा रहने कर्मचारी वर्गले अपनाउनुपर्ने तौर-तरिका र गर्नुपर्ने आचरण

कौरवसँग जुवा हारेर १२ वर्षको वनवास अवधि पूरा गरेपछि पाण्डवहरूलाई एक वर्षसम्म कसैले चाल नपाउने गरी छिपेर (गुप्त) वास गर्नु नै थियो। वर्षभरि दुर्योधनका चलाख गुप्तचरहरूको नजरवाट छिपेर वस्न सक्नु त्यतिवेला सजिलो थिएन। कथंकदाचित् कसैले पत्तो पाएमा अथवा पाण्डव यी नै हुन् भन्ने चिनेमा पुनः १२ वर्ष वनवास वस्नैपर्ने कवुल पनि थियो। यस किसिमको असजिलो परिस्थितिमा युधिष्ठिरले एक वर्षको गुप्तवास विराट्को राजदरवारमा भेष, भूषा, नाम धाम काम आदि सवै छिपाएर मामूली तवरले वसे होलान् भन्ने आफ्ना भाइहरूसमेतको सल्लाहले निर्णय गरे। त्यसपछि आफ्ना कुल पुरोहितको काम गर्दै आएका धौम्यलाई वोलाएर युधिष्ठिरले उहाँलाई आफ्नो हृदय खोलेर आफ्ना गुप्तवासको कार्यक्रमवारे अवगत गराए। धौम्यले पनि युधिष्ठिरले गरेको निर्णयलाई नै उपयुक्त ठहऱ्याए। गुप्तवासको एक वर्षको अवधिभर इन्द्रसेन आदि पाण्डवका सेवकहरू रथ घोडा प्रभृति जो भएका साधनहरू छन् ती सवै लिएर द्वारकामा वस्न जाऊन्। स्वयं पुरोहित धौम्यलाई भने द्रौपदीका साथ रहने गरेका बूढापाका र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनानासमेत साथ लिएर अग्निहोत्रको अग्निको रक्षा गर्दै राजा द्रुपदको दरवारमा वस्न जान आग्रह गरे। साथै धौम्यसँग विराट् राजाको दरवारमा वस्दा के कस्तो तरिका अपनाउँदा कल्याण हुन्छ सो पनि वताइदिन निवेदन गर्नुका अतिरिक्त (द्वैतवनवाट) "द्रौपदीसहित पाँचभाइ पाण्डव विपत्ता भए ६ जना नै यहाँ गए भन्ने अत्तोपत्तो छैन" भन्ने हल्ला सर्वत्र फैलाइदिनका लागि पनि धौम्यलाई अनुनय गरेका थिए। पुरोहित धौम्यले पनि द्रौपदीसहित पाँचैजनालाई अन्य राजाको दरवारमा नोकरी गरेर वस्दा कसरी अनुशासित भई आत्मासंयम साथ रहनुपर्दछ भन्ने वारेको शिक्षा दिएका थिए। जुन शिक्षाले अद्यापि वहुशः ज्योंकात्यों रूपमा जीवन्तता पाइरहेको छ। धौम्यले प्रदान गरेको यही शिक्षा नै धौम्य नीति हो। वर्तमान समयको राजप्रासाद र सरकारी सेवामा लागेका कर्मचारीको आचारसंहिताका मूलभूत विषयहरू यसै नीतिसँग मिल्दाजुल्दा पनि छन्।

नरपतिहितकर्ता द्वेष्यतां याति लोके ।
जनपदहितकर्ता त्यज्यते पार्थिवेन्द्रैः ।
इति महति विरोधे वर्तमाने समाने ।
नृपति-जनपदानां दुर्लभः कार्यकर्ता ॥

[राजा (सत्ताधारी) को पक्ष लिएर काम गर्ने कर्मचारीलाई नागरिकहरू (दुनियाँ) ले द्वेष (इवी) गर्दछन्। जनता (दुनियाँ) को हित गर्नेलाई राजा (सत्ताधारी) ले ननिको मान्छन्। (मन पराउँदैनन्) यसरी जनता र सत्ताधारी दुवै पक्षका वीच समानरूपले विरोधको वातावरण सृजना भइरहेको वुझाउँदै मिल्दोजुल्दो हुने गरेर काम गर्नसक्ने कार्यकर्ता वा कर्मचारी उपलब्ध (प्राप्त) हुन पनि अत्यन्तै कठिन पर्न गएको छ।] (पञ्चतन्त्र)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धौम्य नीति

कर्माण्युक्तानि युष्माभिर्यानि यानि करिष्यथ
मम चाऽपि यथा बुद्धिरुचिता विधिनिश्चयात् ॥१॥
पुरोहितोऽयमस्माकमग्निहोत्राणि रक्षतु ।
सूदपौरोगवैः सार्द्धं द्रुपदस्य निवेशने ॥२॥
इन्द्रसेनमुखाश्चेमे रथानादाय केवलान् ।
यान्तु द्वारवतीं शीघ्रमिति मे वर्तते मतिः ॥३॥
इमाश्च नार्यो द्रौपद्याः सर्वाश्च परिचारिकाः ।
पाञ्चालानेव गच्छन्तु सूदपौरोगवैः सह ॥४॥
सर्वैरपि च वक्तव्यं न प्राऽज्ञायन्त पाण्डवाः ।
गता ह्यस्मानपाहाय सर्वे द्वैतवनादिति ॥५॥

युधिष्ठिर भन्छन्:-

विराट्कहाँ रहेर हामीले जुनजुन काम गर्नुपर्छ ती सबै तपाईंले बताइसक्नु भएको छ । मलाई जे उचित लाग्थ्यो त्यो पनि भनिसकें । दैवले यस्तै गर्नूभनेकै त रहेछ ।

मेरो सल्लाह यो छ कि पुरोहित धौम्य हाम्रा भान्सेका नाइकेसहित अग्निहोत्रको रक्षा गर्दै द्रुपदका दरबारमा वस्न जाऊन् । इन्द्रसेन आदि सेवक गण पनि रथ आदि सामानका साथ द्वारकातर्फ चाँडै लागून । द्रौपदीको सेवामा लागेका सबै जनाना वर्ग पनि भान्सेका साथै पञ्चालदेशतर्फ नै वस्न जाऊन् । त्यहाँ गइसकेपछि सबैले "हामीहरूलाई पाण्डवहरूको बारे केही थाहा छैन । ती ६ जना द्वैत वनमा हामीलाई छलेर कुन्नी कहाँ गए ? कहाँ गए ?" भन्ने हल्ला फिँजाऊन् ।

वैशम्पायन भन्दछन्:-

एवम् तेऽन्योन्यमामन्त्र्य कर्माण्युक्त्वा पृथक् पृथक् ।
धौम्यमामन्त्रयामासुः स च तान् मन्त्रमब्रवीत् ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धौम्य नीति र सेवा नीति

हे जनमेजय ! एक आपसमा यसरी सल्लाह गरी अलगअलग काममा खटिने भएका पाण्डवहरूले पुरोहित धौम्यलाई राय सल्लाह र शिक्षा दिन आग्रह गरेपछि पुरोहितले पनि निम्नानुसारका सल्लाह शिक्षा दिएका थिए ।

धौम्य भन्दछन्:-

विहितं पाण्डवाः सर्वं ब्राह्मणेषु सुहृत्सु च ।
याने प्रहरणे चैव तथैवाऽग्निषु भारत ! ॥७॥
त्वया रक्षा विधातव्या कृष्णायाः फाल्गुनेन च ।
विदितं वो यथा सर्वा लोकवृत्तमिदं तव ॥८॥

हे पाण्डव हो ! ब्राह्मणहरू, साथीहरू, प्रस्थान गर्दा, युद्ध यात्रामा निस्कँदा, अग्निहोत्र गर्न वस्दा शास्त्रले बताएबमोजिम के कसो गर्नुपर्दछ भन्ने बारेमा तिमीहरूलाई राम्रो ज्ञान छँदैछ । तदनुसारै व्यवस्था पनि गरेकै छौं, यी सबै ठीकै छन् । अब म भन्दछु कि हे युधिष्ठिर ! तिमी र अर्जुन भएर सावधानीपूर्वक सधैं द्रौपदीको रक्षा गर्नू बाँकी व्यावहारिक कुरा तिमीहरूले बुझेकै छौ ।

विदिते चाऽपि वक्तव्यं सुहृद्भिरनुरागतः
एष धर्मश्च कामश्च अर्थश्चैव सनातनः ॥९॥

जानेकै भए पनि स्नेहवाक्य (हितकारी कुरा गर्नु) मित्रको कर्तव्य हो । सनातन धर्म पनि यही नै हो, यसैद्वारा धर्म, अर्थ, कामको सिद्धि (सफलता) हुने गर्छ ।

अतोऽहमपि वक्षामि हेतुमत्र निबोधत ।
हन्तेमा राजवसतिं राजपुत्रा ब्रवीम्यहम् ॥१०॥
यथा राजकुलं प्राप्य सर्वान् दोषांस्तरिष्यथ ।
दुर्वसं चैव कौरव्य ! जानता राजवेश्मति ॥११॥

यसैले हेर, यहाँ म जेजे युक्तियुक्त कुराहरू गर्दछु, ती सबै तिमीहरू ध्यान दिएर सुन । दरबारमा कसरी रहनुपर्छ ? कस्तो व्यवहार गर्दा दोषमुक्त होइन्छ ? भन्नेबारे भलीभाँति थाहा पाउनु जरुरी छ । हे कुरुनन्दन ! बुद्धिमान् एवम् विवेकी पुरुषको निमित्त राजमहलमा वस्नु सजिलो काम छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमानितैर्मानितैर्वा अज्ञातैः परिवत्सरम् ।
ततश्चतुर्दशे वर्षे चरिष्यथ यथासुखम् ॥१२॥

त्यहाँ तिमीहरूलाई चाहे अपमान गरियोस् वा सम्मान नै किन नगरियोस् सबै कुरालाई सहेर एक वर्ष अज्ञात भावले वस्नै पर्नेछ। निर्धारित समय वितेपछि अर्थात् चौथौं वर्ष लागेपछि तिमीहरू स्वेच्छाले सुखपूर्वक घुमफिर गर्न पाउनेछौ।

दृष्टद्वारो लभेद् द्रष्टुम् राजस्वेषु न विश्वसेत् ।
तद्वाऽऽसनमन्विच्छेद् यत्र नाऽभिपतेत् परः ॥१३॥

राजासँग (सत्ताधारी वा उच्च अधिकारीसँग) भेट गर्नुपर्ने भएमा सर्वप्रथम ढोकेमार्फत खबर पठाएर अनुमति प्राप्त गर्नुपर्नेहुन्छ। राजा र सत्ताधारी वर्गमा पूरापुर भरोसा एवम् विश्वास कहिल्यै गर्नुहुँदैन। अन्य व्यक्ति न वस्ने आसन (सिट) वा ठाउँमा नै गएर बस्ने गर्नुपर्छ।

यो न यानं न पर्यक्तं न पीठं न गजं रथम् ।
आरोहेत् सम्मतोऽस्मीति स राजवसतिं वसेत् ॥१४॥

आफूलाई राजाको प्यारो मान्छे हुँ भन्ने सम्झँदै राजा कै सवारीसाधन, पलङ्ग, कुर्सी, हात्ती, रथ आदिमा जो मानिस चढ्दैन, उ नै राजमहलमा सुखपूर्वक रहन सक्तछ।

यत्र यत्रैनमासीनं शङ्केरन् दुष्टचारिणः ।
न तत्रोपविशेद् यो वै स राजवसतिं वसेत् ॥१५॥

आफू जहाँजहाँ वस्दाखेरी दुराचारी मानिसले शङ्का गर्दछन् त्यस्तो ठाउँमा जो मान्छे कहिल्यै वस्दैन ऊ नै राजभवनमा रहन (वस्न) सक्तछ।

न चानुशिष्याद् राजानमपृच्छन्तं कदाचन ।
तूष्णींत्वेनमुपासीत काले समभिपूजयेत् ॥१६॥

राजाले स्वयं नसोधिकन राजाले गर्नुपर्ने कार्यबारे सेवकले कुनै पनि अर्ति उपदेश दिने नगरोस्। चुपचाप रहेर सेवा गर्दै रहोस्। राम्रा-राम्रा अवसर पाउँदा बखत राजाको प्रशंसा पनि गर्ने गर्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असूयन्ति हि राजानो जनाननृतवादिनः ॥
तथैवा चाऽवमन्यन्ते मन्त्रिणं वादिनं मृषा ॥१७॥

झूठो बोल्ने मानिसलाई राजाहरूले दोषी नजरले हेर्ने गर्दछन् । साथै मिथ्यावादी छ भने जतिसुकै शक्तिशाली भए पनि मन्त्रीहरूसमेतले अपमान गर्दछन् ।

नैषां दारेषु कुर्वीत मैत्रीं प्राज्ञः कदाचन ।
अन्तः पुरचरा ये च द्वेष्टि यानहिताश्च ये ॥१८॥

राजाका रानीहरूसँग बुद्धिमान् मानिसले बढी मात्रामा हेलमेल बढाउनुहुँदैन । रानीवासमा आतेजाते गर्नेहरूसँग पनि मिलजुल गर्नुहुन्न । राजाले जोसँग रिस गर्दछन् र जसले राजाको अहित गर्न खोज्छन् त्यस्ता व्यक्तिहरूसँग मित्रता कहिल्यै गर्नुहुँदैन ।

विदिते चाऽस्य कुर्वीत कार्याणि सुलघून्यपि ।
एवम् विचरतो राज्ञि न क्षतिर्जायते क्वचित् ॥१९॥

सानो र मामूली काम गर्दा पनि राजामा जाहेर गरेर मात्र गर्ने गर्नुपर्छ । यसरी काम गर्ने मानिसले कहिल्यै पनि हानि नोक्सानी खप्नुपर्दैन ।

गच्छन्नपि परां भूमिमपृष्टो हानियोजितः ॥
जात्यन्ध इव मन्येत मर्यादामनुचिन्तयन् ॥२०॥

उच्च र उपयुक्त आसन नै आफ्ना लागि निर्धारित भएकै भए पनि वस्नका लागि राजाको आदेशको प्रतीक्षा गर्नुपर्दछ । दरबारिया कायदा र मर्यादालाई ख्याल गरी आफूलाई जन्मान्ध जस्तै ठान्नुपर्दछ अर्थात् आफ्ना लागि तोकिएको ठाउँलाई देख्या नदेखेको जस्तै गरेर राजाको हुकुमको प्रतीक्षा गर्ने गर्नुपर्दछ ।

न हि पुत्रं न नप्तारं न भ्रातरमरिन्दमाः ।
समतिक्रान्तमर्यादं पूजयन्ति नराधिपाः ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पराक्रमी राजाहरूले दरबारिया अदवमा नवस्ने अथवा मर्यादा उल्लंघन गर्ने स्वभावका छन् भने आफ्नै छोरा, नाति र भाइहरू नै भए पनि वास्ता गर्दैनन् र उनीहरूउपर शङ्का र अनादरको दृष्टिले हेर्ने गर्दछन्।

यत्नाच्चोपचरेदेनमग्निवद् देववत् त्विह ।
अनृतेनोपचीर्णो हि हन्यादेव न संशयः ॥२२॥

राजासँग जसले झुठो र कपटपूर्ण व्यवहार गर्दछ ऊ एक न एक दिन अवश्यै मारिनेछ। यस संसारमा जहिले पनि राजालाई आगो झैं पोल्ने ठानेर ज्यादै नगीचमा पर्नुहुँदैन साथै देवताले जस्तै वरदान र श्राप दिने हुन् भन्ने सम्झेर राजालाई कहिल्यै उपेक्षा पनि गर्नुहुँदैन।

यद् यद् भर्ताऽनुयुञ्जीत तत् तदेवाऽनुवर्तयेत् ॥
प्रमादमवलेपं च कोपं च परिवर्जयेत् ॥२३॥

राजाले जुनजुन काम गर्नू भनेर आदेश दिन्छन् त्यही नै गर्ने गर्नुपर्दछ। लापर्वाहीपन, घमण्ड र रिसलाई सर्वथा त्यागिदेओस्।

समर्थनासु सर्वासु हितं च प्रियमेव च ।
संवणेयेत् तदेवाऽस्य प्रियादपि हितं भवेत् ॥२४॥

कुन कार्य गर्नुहुन्छ अनि कुन चाहिँ कार्य गर्नुहुँदैन भन्ने कुराको निर्णय दिनुपर्ने बखतमा राजालाई प्रिय लाग्ने र हित हुने कुरा मात्र बोल्ने गर्नुपर्दछ। हित गर्ने र प्यारो लाग्ने दुवै भन्न सकिँदैन भने हित हुने कुरा नै बोल्ने गर्नु अनिवार्य छ।

अनुकूलो भवेच्चाऽस्य सर्वाऽर्थेषु कथासु च ।
अप्रियं चाऽहितं यत् स्यात् तदस्मै नाऽनुवर्णयेत् ॥२५॥

राजाको सामुन्नेमा कुराकानीको प्रसंग चल्दा उनलाई प्यारो नलाग्ने र हितकारी नहुने कुनै कुरा गर्नुहुँदैन। सबै प्रसंग र विषयहरूमा राजाको अनुकूल हुनेगरी आफूलाई तम्तयार राख्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽहमस्य प्रियोऽस्मीति मत्वा सेवेत पण्डितः ।
अप्रमत्तश्च सततं हितं कृयात् प्रियं च यत् ॥२६॥

वुद्धिमान् मानिसहरूले सेवा गर्दा आफू राजाको प्यारो छैन भन्ने सम्झिएर सेवा गर्ने गर्दछन् । यस किसिमले सेवा गर्दा पनि राजालाई प्यारो लाग्ने र हित हुने काम नै गर्ने गर्नुपर्दछ ।

नाऽस्याऽनिष्टानि सेवेत नाऽहितैः सह संवदेत् ।
स्वस्थानान्नविकम्पेत स राजवसतिं वसेत् ॥२७॥

राजाहरूले मन नपराउने कुरालाई कहिल्यै गर्नुहुँदैन । राजाका शत्रुहरूसँग बोलचाल पनि नगरोस् । आफ्नो ठाउँ वा आफ्ना लागि निर्धारित कार्यवाट कति पनि अविचलित हुने मनुष्यले सुखपूर्वक राजदरबारमा वस्न सक्तछ ।

दक्षिणं वाऽथ वामं वा पार्श्वमासीत पण्डितः ॥
रक्षिणां ह्यात्तशस्त्राणां स्थानं पश्चात् विधीयते ॥२८॥

वुद्धिमान् मानिस राजासँग वस्नुपर्दा पनि उनको दायाँ वा वायाँतर्फ वसोस् । राजाको सामुन्नेमा कहिल्यै नवस्नु र ठीक पछिल्तिर पनि अंग रक्षक सैनिकहरू रहने हुनाले वस्ने गर्नुहुँदैन ।

नित्यं हि प्रतिषिद्धं तु पुरस्तादासनं महत् ।
न च संदर्शने किञ्चित् प्रवृत्तमपि संजयेत् ॥२९॥

चाहे जोसुकै होस् कसैको निमित्त पनि राजाको सामुन्नेमा अग्लो आसन (सिट) न लगाओस् । आफ्नै आँखाका सामुन्ने पुरस्कार वा तलव रकम वितरण भइरहेको छ भने पनि वोलावटविना स्वयं पहिले गएर लिने भन्ने चेष्टा नै गर्नुहुँदैन ।

अपिह्येतद् दरिद्रणां व्यलीकस्थानमुत्तमम् ।
न मृषाऽभिहितं राज्ञां मनुष्येषु प्रकाशयेत् ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विनावोलावट वक्सिस लिन जानु र तलव थाप्न जानु आदि कुराहरू दरिद्रले पनि मन पराउँदैनन् भने झन् राजाहरूको त के कुरा भयो र ? राजाले भनेको वा गरेको कुनै झुठो कुरा नै भए पनि अरू मानिससँग प्रकट गर्नु या भन्नुहुँदैन ।

असूयन्ति हि राजानो नराननृतवादिनः ।
तथैव चाऽवमन्यन्ते नरान् पण्डितमाननिनः ॥३१॥

झुठो वोल्ने मानिससँग राजा रिसाउँछन् वा द्वेष गर्न थाल्दछन् । त्यस्तै जुन मानिसले आफूलाई खूवै वुद्धिमान् वा पण्डित छु भन्ने ठान्दछन् उनीहरू पनि राजाद्वारा तिरस्कृत हुने गर्दछन् ।

शूरोऽस्मीति न दृप्तःस्याद् बुद्धिमानिति वा पुनः ।
प्रियमेवाऽऽचरन् राज्ञः प्रियोभवति भोगवान् ॥३२॥

म आफू शूरवीर छु अथवा ठूलो वुद्धिमान् छु भन्ने घमण्ड गर्नुहुँदैन । जुन मनुष्यले सधैंभरि राजालाई मन परेको काम कुरा मात्र गर्ने गर्दछ उसले नै राजाको प्रिय पात्र वन्न र ऐश्वर्य भोग गर्न पाउँछ ।

ऐश्वर्यं प्राप्य दुष्प्रापं प्रियं प्राप्य च राजतः ।
अप्रमत्तो भवेद् राज्ञः प्रियेषु च हितेषु च ॥३३॥

राजावाट दुर्लभ ऐश्वर्य र प्यारा उपभोग्य वस्तुहरू पाइसकेपछि पनि मानिसले सदैव सावधान भइरहनुपर्छ । अनि राजाले मनपराउने र उनलाई हित गर्ने कामतर्फ नै आफूलाई संलग्न राख्ने गर्नुपर्दछ ।

यस्यकोपो महाबाधः प्रसादश्च महाफलः ।
कस्तस्य मनसाऽपीच्छेदनर्थं प्राज्ञसम्मतः ॥३४॥

जुन राजा रिसाएमा आफूउपर ठूलो संकट आइलाग्दछ र खुसाएमा ठूलो ऐश्वर्य भोग गर्न पाइन्छ भने त्यस्ता राजाको मनले मात्र भए पनि अनिष्ट गर्ने को होला र ?

न चोष्टौ न भुजौ जानू न च वाक्यं सभाक्षिपेत् ।
सदा वातं च वाचं च ष्ठीवनं चाऽचरेच्छनैः ॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाको अगाडि रहँदा दुवै हात ओठ र घुँडाहरू वेकारमा हल्लाउन र चलाउन हुँदैन। ठूलो स्वरले बोल्न र अनर्गल अलाप्न पनि हुँदैन। सदैव विस्तारै वोल्ने गरोस्। विस्तारै खोकोस् र थुकोस्, कसैले थाहा नपाउने गरी अधोवायु छोड्ने गर्नुपर्छ।

हास्यवस्तुषु चाऽन्यस्य वर्तमानेषु केषुचित् ।
नाऽतिगाढां प्रहस्येत न चाप्युन्मत्तवद्धसेत् ॥३६॥
न चातिधैर्येण चरेत् गुरुतां हि व्रजेत् ततः ॥
स्मितं तु मृदुपूर्वेण दर्शयेत प्रसादजम् ॥३७॥

राजाको अगाडि वस्दा कुनै मानिसवारे हाँसो उठ्ने कुरा उठेमा पनि आफूले धेरै हर्ष प्रकट गर्नुहुँदैन, साथै लाटोजस्तो वनेर निष्चेष्ट भई वस्नु पनि हुँदैन। जुन कुरा गर्नाले आफूले सम्मान पाइन्छ त्यही नै गर्नुपर्छ। खुसी हुँदा पनि अलिअलि मात्र हाँस्ने गर्नुपर्छ।

लाभे न हर्षयेत् यस्तु न व्यथेत् योऽवमानितः ।
असम्मूढश्च यो नित्यं स राजवसतिं वसेत् ॥३८॥

आफूलाई मनपर्ने वस्तु पाउँदा पनि ज्यादै हर्षित हुनुहुँदैन साथै अपमानित भएमा पनि धेरै दुःखी भएको अनुभव गर्नुहुँदैन। जो मानिस सदैव निर्मोही (लोभ नलिई) विवेक लगाएर काम गर्ने गर्छ उसैसँग राजा पनि खुसी भइरहन सक्छन्।

राजानं राजपुत्र वा संवर्णयति यः सदा ।
आमात्यः पण्डितो भूत्वा स चिरं तिष्ठते प्रिय ॥३९॥

जुन मन्त्री वा पुरोहित (पण्डित) ले राजा र राजकुमारको प्रशंसा गर्दछन् उनीहरू नै राजाको प्रियपात्र भई लामो अवधिसम्म टिक्न सक्तछन्।

प्रगृहीतश्च योऽमात्योनिगृहीतस्त्वकारणैः ।
न निर्वदति राजानम् लभते सम्पदं पुनः ॥४०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्षम् च परोक्षं च गुणवादी विलक्षणः ।
जपजीवी भवेत् राज्ञो विषये योऽपि वा भवेत् ॥४१॥

कुनै मन्त्री पहिले राजाको कृपापात्र बनेको थियो । पछाडि अकारण नै सर्वस्वहरणको दण्ड भोगिरहेको छ यस्तो अवस्थामा पनि यदि उसले राजाको निन्दा गर्दैन भने उसले पुनः पहिलेको सम्पत्ति फिर्ता पाउनेछ । जुन बुद्धिमान् मानिस राजाको आश्रयमा बसेर गुजारा गरिरहेको छ उसले अगाडि-पछाडि जहाँ पनि राजाको गुणगान (चर्चा) गरिरहनुपर्दछ ।

अमात्यो हि बलात् भोक्तुम् राजानां प्रार्थयते यः
न स तिष्ठेच्चिरं स्थानं गच्छेच्च प्राणसंशयम् ॥४२॥

जुन मन्त्रीले राजालाई बलैले आफ्नो अधीन गर्न चाहन्छ, ऊ धेरै अवधिसम्म आफ्नो पदमा टिक्न सक्तैन । यतिमात्र होइन उसको प्राण पनि संकटमा पर्न सक्तछ अर्थात् उसको ज्यान नै जोखिममा रहन्छ ।

श्रेयः सदाऽऽत्मनो दृष्ट्वा परं राज्ञा न संवदेत् ।
विशेषयेच्च राजानम् योग्यभूमिषु सर्वदा ॥४३॥

आफूलाई लाभ-हानि के हुन्छ भन्ने विचार गरेपछि मात्रै व्यक्तिलाई राजासँग भेटघाट र कुराकानी गराओस् । त्यसै सधैं भेट गर्ने अवसर दिने गर्नुहुँदैन । उपयुक्त ठाउँ मौका मिल्दा सधैं नै राजाका विशेषता व्यक्त गर्ने गर्नुपर्दछ ।

अम्लानो बलवान्शूरश्छायेवाऽनुगतः सदा ।
सत्यवादि मृदुर्दान्तः स राजवसतिं वसेत् ॥४४॥

शूरवीर, सत्यवादी, नरम स्वभाव, उत्साही, बुद्धिमान् जितेन्द्रिय, सधैंभरि छायाँ समान भई राजाको पछिपछि लाग्ने यस किसिमका स्वभाव भएका मानिस नै राजदरबारमा रहन सक्तछन् ।

अन्यस्मिन् प्रेक्ष्यमाणे तु पुरस्तात यः समुत्पतेत् ।
अहं किं करवाणीति स राजवसतिं वसेत् ॥४५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजाले अरू व्यक्तिलाई काममा खटाउँदा पनि जसले स्वयं उठेर "मेरो निमित्त कुनै सेवा छ कि" भन्दै अगाडि खडा हुन्छ, ऊ नै राजदरवारमा रहन सक्तछ।

आन्तरे चैव बाह्य च राज्ञा यश्चाथ सर्वदा ।
आदिष्टो नैव कम्पेत राजवसतिं वसेत् ॥४६॥

राजावाट आन्तरिक (सम्पत्ति र स्त्री आदिको हेरचाह) काममा र बाह्य (शत्रुविजय, कूटनीतिक) काममा आदेश पाउनासाथै सो काम फत्ते गर्न कत्ति पनि जो हिच्किचाउँदैनन्, डराउँदैनन् र शंका उपशंका पनि गर्दैनन् यस किसिमको स्वभाव लिने व्यक्तिहरू नै राजदरवारमा वस्न पाउँछन्।

यो वै गृहेभ्यः प्रवसन् प्रियाणां नाऽनुसंस्मरेत् ।
दुःखेन सुखमन्विच्छेत् स राजवसतिं वसेत् ॥४७॥

जुन व्यक्ति घरपरिवारलाई छोडी परदेशमा रहँदा पनि प्रियजनको सहवास र अभिष्ट भोगको स्मरण गर्दैन, कष्ट सहेर पनि सुख पाउने इच्छा गर्दछ, ऊ नै दरवारमा रहन सक्तछ।

समवेषं न कुर्वीत नोच्चैः संनिहितो वसेत् ।
न मन्त्रं बहुधा कुर्यात् एवम् राज्ञः प्रियोभवेत ॥४८॥

राजाले लगाए समानको लुगा नलगाउनु, अनि उनको धेरै नजीकमा नवस्नु, राजाको अघिल्तिर अग्लो आसन (सिट) मा वस्नुहुँदैन। आफूसँग राजाले गोप्य सल्लाह मसविरा केही गरेको भए सो कुरा अरूलाई भन्नु पनि हुँदैन। यस्तो गर्ने मानिसहरू नै राजाका प्रिय हुन्छन्।

न कर्मणि नियुक्तः सन् धनं किञ्चिदपिस्पृशेत् ।
प्राप्नोति हि हरन् द्रव्य बन्धनं यदि वा वधम् ॥४९॥

राजाले आफूलाई कुनै खास काममा नियुक्त गरेको भए त्यो काम गर्दा कुनै प्रकारले केही पनि लिनु र घूस खानुहुँदैन। यसरी चोरी गरी धन कमाउनेले एक न एक दिन जेलसजाय वा मृत्युदण्ड भोग्नुपर्ने हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यानं वस्त्रमङ्गारं यच्चाऽन्यत् संप्रयच्छति ।
तदेवधारयेन्नित्यमेवंप्रियतरो भवेत् ॥५०॥

राजाले आफूसँग खुसी भएर दिएको सवारीसाधन, लुगा र गरगहना वा यस्तै अरू जो कुनै वस्तु छन् त्यसलाई लगाइरहनु वा उपयोगमा ल्याउनुपर्दछ । यसो गर्ने व्यक्ति राजाको अत्यधिक प्यारो हुन्छ ।

एवम् संयम्म चित्तानि यत्नतः पाण्डुनन्दनाः ।
संवत्सरमिमं तात ! तथाशीला बुभूषुत ।
अथ स्वविषयं प्राप्य यथाकामं करिष्यथ ॥५१॥

हे तात युधिष्ठिर ! एवम् पाण्डव हो ! तिमीहरू प्रयत्नै साथ आफ्नो मनलाई काबुमा राख्दै व्यवहार गर्ने गर । एकवर्षे गुप्तवासको अवधिलाई भुक्तान गर । यही रूपले रहेर ऐश्वर्यशाली बन्ने चाहना गर्दै रहू । त्यसपछि राज्यमा फर्किएर आफ्ना मन मुताबिक गर्न पाउने नै छौ ।

युधिष्ठिर भन्दछन्:-

अनुशिष्टाः स्म भद्रं ते नैतद् वक्ताऽस्ति कश्चन
कुन्तिमृते मातरं नो विदुरं वा महामतिम् ॥५२॥
यदेवाऽनन्तरं कार्यं तद् भवान् कर्तुमर्हति ।
तारणायाऽस्य दुःखस्य प्रस्थानाय जयाय च ॥५३॥

हे ब्रह्मन् ! हजुरले हामीलाई राम्रो उपदेश दिनुभयो, तपाईंको कल्याण होस् । आमा कुन्ती र विद्वान् काका विदुरबाहेक हामीलाई यस्तो अर्ति उपदेश अरू कसले दिन्छ र ?

अब हामीलाई यस दुःखसागरबाट पार गराउने र यहाँबाट प्रस्थान गरेर विजय हासिल गर्न जेजति कर्तव्यहरू छन् तिनलाई तपाईंले पूर्ण गर्नुपर्छ ।

वैशम्पायन भन्दछन्:-

एवमुक्तस्ततो राजा धौम्योऽथ द्विजसत्तमः ।
अकरोद् बिधिवत् सर्व प्रस्थाने यद् विधियते ॥५४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां समिध्य तानग्नीन् मन्त्रवच्च जुहाव स ।
समृद्धवृद्धिलाभाय पृथिवी-विजयाय च ॥५५॥
अग्नीन् प्रदक्षिणीकृत्य ब्राह्मणांश्च तपोधनान् ।
याज्ञसेनीं पुरस्कृत्य षडेवाऽथ प्रवव्रजुः ॥५६॥
गतेषु तेषु वीरेषु धौम्योऽथ जपतां वरः ।
अग्निहोत्राण्युपादाय पाञ्चालानभ्यगच्छत ॥५७॥
इन्द्रसेनादयश्चैव यथोक्ताः प्राप्य यादवान् ।
रथानश्वांश्च रक्षन्तः सुखमूषुः सुसंवृताः ॥५८॥

हे जनमेजय ! राजा युधिष्ठिरले यति कुरा गरेपछि वाह्मण श्रेष्ठ श्रीधौम्यले यात्राका समयमा गर्नुपर्ने सवै शास्त्रोक कर्तव्य कर्महरू पूरा गरे ।

धौम्यले पाण्डवहरूको अग्निहोत्रसम्वन्धी अग्निलाई प्रज्वलित गरी पाण्डवहरूको समृद्धि, राज्यलाभ र पृथ्वीको विजयप्राप्तिका लागि वेदमन्त्रहरू पढेर हवन कार्य गरे ।

त्यसपछि, पाण्डवहरूले अग्नि र तपस्वी व्राह्मणहरूको परिक्रमा गरी द्रौपदीलाई अगाडि लगाई ६ जना मात्रै त्यहाँवाट प्रस्थान गरे ।

ती पाण्डववीरहरू त्यहाँवाट गएपछि जप गर्नेहरूमध्ये श्रेष्ठ ठहरिएका धौम्य पनि अग्निहोत्रसम्वन्धी अग्निलाई साथ लिई पाञ्चालदेशतर्फ लागे ।

इन्द्रसेन आदि पाण्डवहरूका सेवकहरू पनि धौम्यकै आज्ञावमोजिम वंशीहरूको सहर द्वारकामा गएर पाण्डवका रथ र घोडाहरूको राम्ररी विचार पुऱ्याउँदै वस्न थाले ।

महाभारत विराटपर्वको चौथो अध्याय
धौम्य नीति वाक्य
पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत शान्ति पर्वअन्तर्गत अध्याय १४० (एक सय चालीस)
र आदि पर्वको अध्याय १३९ (एक सय उनन्चालीस)

कणिक नीति
तथा
आपत् धर्मनीति वा कूटनीति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोभले गर्दा माछो वल्छीमा अल्झेर ज्यान गुमाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारत शान्ति पर्वअन्तर्गत अध्याय १४० र आदि पर्वको अध्याय १३९ कणिकनीति तथा आपद् धर्मनीति वा कूटनीति

महाभारतको लडाइँ समाप्त भइसकेको थियो। धर्मराज युधिष्ठिर गोत्रहत्याको पापले अत्यन्तै चिन्तित भई व्याकुल भइरहेका थिए। ठूला-ठूला महात्मा सिद्ध महिर्षि तथा श्रीकृष्णले सम्झाउँदा पनि उनको चित्त बुझिरहेको थिएन। आखिर श्रीकृष्णका सल्लाहले सरशय्यामा सुतिरहेका र आफ्नो मृत्युका लागि उत्तरायणको प्रतीक्षा गरिरहेको पितामह श्री भीष्मकहाँ सबैजना पुगेर दण्डवत् गर्दै गोत्रहत्याको पापले मन सन्तप्त भएका युधिष्ठिरले उहाँसँग (भीष्मसँग) राजधर्म र आपद्धर्मका बारेमा प्रश्नहरू सोधे।

साढै क्षीण अवस्थामा रहँदा तथा धन, जन, ऐश्वर्य केही नभएको आपत्कालीन अवस्थामा राजाले आफ्नो उद्धार कसरी गर्ने ? अनि आपत परेको वेलामा राजाले कतिसम्म कापट्यपूर्ण दण्डनीतिको प्रयोग गर्न हुन्छ ? भनी युधिष्ठिरले भीष्मलाई प्रश्न गरे सौवीर देशका राजा शत्रुञ्जय र भरद्वाज गोत्रका विद्वान् कणिकका बीचको संवादलाई सन्दर्भमा ल्याएर श्री भीष्मले पनि मान्छेलाई मार्नु, शत्रुदेशको पुलहरू तोड्नु, रसद पानी आउने नाका र वाटोघाटो वन्द गर्नु, हमला गर्नुजस्ता कामहरू गरेरै भए पनि शत्रुहरूलाई दवाउनुपर्छ, यो नै क्षत्रिय धर्म हो भनी युधिष्ठिरलाई सम्झाएका थिए। महाभारत शान्ति पर्वअन्तर्गत १४० (एक सय चालीसौं) अध्यायमा यो **कणिक भारद्वाज नीतिवारे** उल्लेख गरिएको पहिलो प्रसंग हो।

दोस्रो प्रसंग यस्तो छ : द्रोणाचार्यवाट धृतराष्ट्रका सय छोरा र पाण्डुका ५ छोराले शस्त्र विद्या सिके। अर्जुन त पृथिवीभरकै एकमात्र महाधनुर्धारी वन्न गए। पाँच भाइ एकसे एक वीर र पराक्रमी थिए। युधिष्ठिरलाई युवराज वनाइयो। सर्वत्र पाण्डवहरूको ख्याति र लोकप्रियता वढ्दै गयो। आफ्ना भतिजा पाण्डवहरूको प्रतिष्ठा र रोव वढेको देख्ता धृतराष्ट्रलाई असहनीय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो । पाण्डवहरूलाई कमरी नष्ट पार्न सकिन्छ भन्नेतर्फ नै दुर्योधनहरू लागेर धृतराष्ट्रको कान भर्न थाले । धृतराष्ट्रले पनि धेरैजनासँग राय सल्लाह लिन थाले । यी सल्लाह दिनेहरूमध्ये कणिक भारद्वाजले दिएको सल्लाह विशेष उल्लेखनीय छ ।

धृतराष्ट्र कणिकलाई सोध्छन् र आफ्नो मनको कुरा प्रकट गर्दै भन्दछन्- पाण्डवहरू शक्तिशाली भई लोकप्रियता हासिल गरेको देख्दा उनलाई ठूलो डाहा पैदा भएको छ । तसर्थ पाण्डवसँग के-कस्तो वर्ताव गर्नु ठीक होला भनी सोधेका थिए । कणिकले कूटनीतिवारे धृतराष्ट्रलाई बताएका छन् । यसरी कणिकद्वारा बताइएको कूटनीति महाभारत आदि पर्वको अध्याय १३९ मा उल्लेख छ ।

कणिकनीति वा कूटनीति

युधिष्ठिर भन्दछन्:-

युगक्षयात् परिक्षीणे धर्म लोके च भारत ।
दस्युभिः पीड्यमाने च कथं स्थेयं पितामह ॥१॥

हे भरतनन्दन ! पितामह ! सत्ययुग, त्रेतायुग, द्वापरयुग प्रायः समाप्त भइसके । संसारमा धर्मको मात्रा घट्दो पनि छ । चोर डाकूहरूले धर्ममा विघ्नवाधा पार्दैछन् । यस्तो समयमा कसोगरी गुजारा गर्ने हो ?

भीष्म भन्दछन्:-

अत्र ते वर्णयिष्यामि नीतिमापत्सु भारतः ।
उत्सृज्यापि घृणां काले यथा वर्तेत भूमिपः ॥२॥

धर्मक्षय हुँदैरहेको वर्तमान अवस्थामा आपत्ति काल (संकटकाल) मा अपनाउनुपर्ने नीतिवारे बताउँदैछु । यस नीतिअन्तर्गत राजाहरूले दयालाई त्यागेर समयोचित व्यवहार गर्नु पनि पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्राप्युदाहरन्तीमितिहासं पुरातनम् ।
भारद्वाजस्य संवादं राज्ञः शत्रुंजयस्य च ॥३॥

राजाले संकटकालमा अपनाउनुपर्ने नीतिवारे कणिक भारद्वाज र सौवीर देशका राजा शत्रुञ्जयबीचको संवादरूप प्राचीन इतिहासलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

राजा शत्रुंजयो नाम सौवीरेषु महारथः ।
भारद्वाजमुपागम्य प्रपच्छाऽर्थविनिश्चयम् ॥४॥

सौवीर देशमा शत्रुञ्जय भन्ने कुनै महारथी राजा थिए । एक दिन उनी भारद्वाज कणिककहाँ गएर आफूले के गर्दा उपयुक्त हुन्छ भनी आफूले गर्नुपर्ने कर्तव्यबारे निधो गर्न उनले प्रश्नहरू सोध्न थाले ।

अलब्धस्य कथं लिप्साऽलब्धं केन विवर्धते ।
वर्धितं पाल्यते केन ? पालितं प्रणयेत् कथम् ॥५॥

नपाइएको चिज कसरी पाउने ? पाइसकेपछि सो प्राप्त भएको (चिज) धनलाई कसरी वढाउँदै लैजाने ? वढिसकेपछि त्यस चिज (धन) लाई कसरी जोगाउने ? यसरी जोगाइएपछि त्यस धनलाई कसरी उपभोग गर्ने ?

[अर्थोपार्जन, अर्थको संवर्द्धन, अर्थसंरक्षण र अर्थको उपभोगका तरिकावारे अवगत गर्न खोजेका थिए ।]

तस्मै बिनिश्चितार्थाय परिपृष्टोऽर्थ निश्चयम् ।
उवाच ब्राह्मणो वाक्यमिदं हेतुमदुत्तमम् ॥६॥

राजा शत्रुञ्जय स्वयं विद्वान् थिए । उनलाई शास्त्रको मतलव पनि थाहा नै थियो । जव उनले आफ्नो कर्तव्यलाई निश्चय गर्न प्रश्न सोध्न थाले तव भारद्वाज कणिकले पनि युक्तियुक्त कुराहरू भन्न सुरु गरे ।

नित्यमुद्यतदण्डः स्यात् नित्यं बिवृतपौरुषः ।
अच्छिद्रश्छिद्रदर्शी च परेषां बिवराऽनुगः ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा (सत्ताधारी) ले सधैंभरि दण्ड दिनैपर्नेलाई दण्ड दिन त तयार रहनुपर्छ। उसले सदैव आफ्नो पुरुषार्थ प्रकट गर्दै जानुपर्दछ। आफू कमजोर हुने काम गर्नुहुँदैन अर्थात् कुनै छिद्र र दुर्वलता प्रकट गर्नुहुँदैन। शत्रुपथ वा विपक्षको छिद्र वा कमजोरीउपर मध्यनजर राख्ने गर्नुपर्दछ। शत्रुको कुनै कमजोरी फेला पर्नासाथ बाँकी राख्नुहुँदैन आक्रमण गरिहाल्नुपर्दछ।

नित्यमुद्यतदण्डस्य भृशमुद्विजते नरः ।
तस्मात् सर्वाणि भूतानि दण्डेनैव प्रसाधयेत् ॥८॥

सधैं दण्ड दिन तम्सिरहने राजा (अधिकारीवर्ग) सँग जनताहरू ज्यादै डराइरहन्छन्। तसर्थ सम्पूर्ण प्राणीलाई दण्डद्वारा नियन्त्रणमा राख्नोस्।

एवम् दण्डं प्रशंसन्ति पण्डितास्तत्त्वदर्शिनः ।
तस्माच्चतुष्टये तस्मिन् प्रधानो दण्ड उच्यते ॥९॥

यसैले तत्त्वहरूले साम, दाम, दण्ड, भेद यी चार उपायमध्ये दण्डलाई नै उत्तम उपाय भन्ने ठहर गर्दै यसको प्रशंसा गर्ने गरेका छन्।

छिन्नमूले त्वधिष्ठाने सर्वेषां जीवनं हतम् ।
कथं हि शाखास्तिष्ठेयुश्छिन्नमूले वनस्पतौ ॥१०॥

जसरी कुनै रूखको जरा (रुख) काटिदियो भने त्यसका हाँगाहरू रहन्नन्। त्यसैगरी, राज्यजस्तो मूल आधार नै नष्ट भइदियो भने त्यसमा आश्रित सबै व्यक्तिको जीवन नै नष्ट हुनजान्छ।

मूलमेवाऽऽदितश्छिन्द्यात् परपक्षस्य पण्डितः ।
तत् सहायान् पक्षं च मूलमेवाऽनुसाधयेत् ॥११॥

बुद्धिमान् व्यक्तिले सबैभन्दा पहिले शत्रुपक्षको जड नै उखेलेर फ्याँकिदिनुपर्छ। त्यसपछि उसका सहायक र पक्षधरहरूमध्ये पनि मुख्य मुख्यलाई नास्दै जानुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुमन्त्रितं सुबिक्रान्तं सुयुद्धं सुपलायतिम् ।
आपदास्पदकाले तु कुर्वीत न विचारयेत् ॥१२॥

संकटकालीन अवस्था आइपर्दा राजाले राम्रो सल्लाह लिनुपर्छ । यथायोग्य वहादुरी देखाई उत्साहसाथ लडाइँ गर्नुपर्दछ । मौका हेर्दा भाग्नु नै उचित देखिए लडाइँ छोडेर भाग्नु पनि पर्दछ अर्थात् 'वार फष्ट' बाट पछि हट्नु पनि पर्दछ । संकटको समयमा सोच विचारतर्फ लागिरहनुहुँदैन । उपयुक्त कारवाही तत्कालै गरिहाल्नुपर्दछ ।

वाङ्मात्रेण विनीतः स्याद्घृदयेन यथा क्षुर : ।
श्लक्ष्णपूर्वाऽभिभाषी च कामक्रोधौ विवर्जयेत् ॥१३॥

राजा (सत्ताधारी) ले बोलीचालीमा मात्र नम्रभाव देखाउनुपर्छ । भित्रीहृदय (मन) लाई भने छुरा झैं तीखो धारिलो पारिराख्नुपर्दछ । पहिलो भेटमा मुसुक्क हाँस्दै मीठो लवज बोल्नुपर्दछ र काम क्रोधलाई त्याग्नुपर्दछ ।

सपत्नसहिते कार्य कृत्वा सन्धिं न विश्वसेत् ।
अपक्रामेत् ततः शीघ्र कृतकार्यो विचक्षणः ॥१४॥

शत्रुहरूसँग गरिने र गरिएका सम्झौताहरूअनुसार कार्यहरू गर्नुपर्दा एक आपसमा लिखित रूपमा (ट्रिटी) भएकै भए पनि त्यसमा विश्वास र भरोसा गर्नुहुँदैन । आफ्नो काम (मतलब) सकिएपछि वुद्धिमान् व्यक्तिहरू पहिले गरेको सम्झौतावाट मुक हुन पुग्दछन् ।

शत्रुं च मित्ररूपेण सान्त्वैर्नैवाभिसान्त्वयत् ।
नित्यशश्चोद्विजेत् तस्मात् गृहास्त् सर्पयुतादिव ॥१५॥

शत्रुसँग समान मिजास देखाएर सान्त्वना दिँदै रहनुपर्दछ । जसरी सर्प भएको घरमा वस्ने मान्छेहरू शत्रुसँग उद्विग्न (डर र दिक्दारमा रहनु) भइरहने गरेजस्तै आफू पनि दिग्दार भई नै रहोस् ।

यस्य बुद्धिः परिभवेत् तमतीतेन सान्त्वयेत् ।
अनागतेन दुष्प्रज्ञं प्रत्युन्पन्नेन पण्डितम् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकटमा पर्नाले जसको वुद्धि पीरैपीरले ढाकिएको छ, त्यसलाई रामचन्द्र र नलराजाका दुःखेसापूर्ण कथाहरू सुनाएर सान्त्वना दिने गर्नुपर्दछ। वुद्धि विवेक नभएकालाई भविष्यको आशा देखाउँदै गरेर अनि विद्वान् व्यक्तिलाई तत्कालै धनदौलत आदि दिएर शान्त तुल्याउनुपर्दछ।

अञ्जलीं सपथं शान्त्व प्रणम्य शिरसा वदेत् ।
अश्रुप्रमार्जनं चैव कर्तव्यं भूतिमिच्छता ॥१७॥

आफ्नो ऐश्वर्य र प्रगति चाहने राजा (शासक) ले अवस्था हेरेर शत्रुलाई पनि नमस्कार गर्नुपर्छ, शपथ (प्रतिज्ञा) र वाचाबन्धन गर्नुपर्छ, आश्वासन वा विश्वास दिन पछि नपरेर गोडा ढोग्दै कुराकानी गरोस्। यति मात्र होइन उसलाई विपत् पर्दा धैर्य धारणा गर्न उत्प्रेरित गर्दा शत्रुको आँसुसमेत पुछिदेओस्।

वहेदमित्रं स्कन्धेन यावत्कालस्य पर्ययः ।
प्राप्ताविज्ञाय तुभिद्यात् घटमिवाऽश्मनि ॥१८॥

समयमा परिवर्तन आएर आफ्नो अनुकूल नभएसम्म शत्रुलाई काँधमा नै वोकिरहनुपरे पनि बोक्ने गर्नुपर्दछ। जब आफूलाई अनुकूल परेको समय आउँछ त्यतिवेला काँधमा बोकेको माटोको गाग्रोलाई ढुङ्गामा पछ्यारेर फोरे झैं शत्रुलाई पनि पछ्यार्नुपर्दछ। सखाप पार्नुपर्दछ।

मूहूर्तमपि राजेन्द्र ! तिन्दुकालाऽतवज्ज्वलेत् ।
न तुषग्निरिवाऽनर्चिर्धूमायेत चिरं नर ॥१९॥

दुईघडी समय नै भए पनि तिन्दुक (भक्के अमिलो) को अगुल्टो जस्तै चट्चटाएर (पड्कदै) वलेजस्तै वल्ने र अनि निभिहाल्नुपर्दछ। अर्थात् आफ्नो रिसलाई कावूमा राख्नुपर्दछ।

भुसको भुङ्ग्रो समान फुसफुसाएर धूँवा निकाल्दै धेरै समयसम्म रहिरहनुहुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नानार्थिकोऽर्थ सम्बन्धं कृतघ्ने न समाचरेत् ।
अर्थी तु शक्यते भोक्तुं कृतकार्योऽवमन्यते ॥२०॥
तस्मात् सर्वाणि कार्याणि साऽवशेषाणि कारयेत् ।

वहुआयामिक उद्देश्य राखी काम गर्न खोज्ने मानिसले मतलवी तथा कृतघ्न व्यक्ति जससँग आफूले पछि धेरैपछि काम लिनु छ भने त्यस्ता कृतघ्नसँग आर्थिक कारोवार गर्नुहुँदैन । त्यस्ता मतलवी व्यक्तिको सवै काम पूरा गर्नु पनि हुँदैन । केही न केही काम पूरा गर्नलाई बाँकीसमेत राखिदिनुपर्छ । किनभने यस किसिमका कृतघ्नस्वभाव भएका व्यक्तिहरू काम सकिएपछि आफूलाई नटेर्ने पनि हुन्छन् ।

कोकिलस्य बराहस्य मेरोः शून्यस्यवेश्मनः
नटस्य भक्तिमित्रस्य यच्छ्रेयस्तत् समाचरेत् ॥२१॥

कोइली, वनेल, सुमेरु पर्वत, शून्य अथवा एकान्त घर, नर्तक वा अभिनेता, घनिष्ट साथी यी ६ जनाका उल्लेखनीय गुणहरूको राजा (प्रशासक) ले अनुसरण गर्नुपर्दछ ।

[स्वरमा मिठास हुनु कोइलीको गुण हो, रोक्नै नसक्ने गरेर हुन गएको कडा आक्रमणलाई पनि रोक्न सक्ने विशेषता बनेलमा विद्यमान हुन्छ । अतीव अग्लो हुनु सुमेरु पर्वतको गुण हो । धेरैलाई आश्रय वा वास दिनु शून्य वा एकान्त घरको विशेषता रहेको छ । आफ्ना कला कौशलहरूद्वारा अरूलाई सन्तुष्ट तुल्याउनु र सदैव हित हुनेतर्फ सोचाइ गर्नु र हितकार्य गर्नु प्रिय र घनिष्ट साथीको गुण हो । यसैले यिनीहरू सवैका उल्लेखनीय गुणहरूलाई राजाले अपनाउने गर्नुपर्दछ]

उत्थायोत्थाय गच्छेत नित्ययुक्तको रिपोर्गहान् ।
कुशलं चाऽस्य पृच्छेत यद्यप्यकुशलं भवेत् ॥२२॥

राजा (शासक) ले पूर्णसावधानी वर्तेर वेलावखतमा शत्रुको घरमा आफैं गई उसको अमङ्गल नै भएको भए पनि क्षेम कुशलवारे सोधपुछ गर्ने गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाऽलसाः प्राप्नुवन्त्यर्थान् नक्लीवा नाऽभिमानिनः
न च लोकरवाद् भीता न वै शाश्वत् प्रतीक्षणः ॥२३॥

अल्छी, डरपोक, अभिमानी (घमण्डी), लोकापवादसँग डराइरहने सधैंजसो "वेला भइसकेको छैन" भनेर टार्दै समयको प्रतीक्षा गर्दैरहने स्वभाव भएको मानिसले आफूले चाहेको कुरा पाउन सक्तैन। अर्थात् उसको लक्ष्यपूर्ति हुँदैन।

नाऽमच्छिद्रं रिपुर्विद्याद् विद्याच्छिद्रं परस्य तु ।
गूहेत् कूर्म इवाऽङ्गानि रक्षेद् विवरमात्मन : ॥२४॥

राजा (शासक) ले सदैव सतर्कता अपनाउनुपर्दछ। आफ्नो छिद्र वा कमजोरी (चर) वारे कसैलाई थाहा दिनुहुँदैन। तर, शत्रुको कमजोरी वा छिद्र (चर) को पत्तो लगाउँदै रहनुपर्दछ। कछुवाले आफ्नो अङ्ग र अवयवहरूलाई लुकाए झैं राजा (शासक) ले पनि आफ्ना कमजोरी वा छिद्रहरूलाई छिपाउने गर्नु अनिवार्य छ। अर्थात् कसैलाई पनि आत्मकमजोरीहरूको अत्तोपत्तो दिनुहुँदैन।

वकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत् ।
वृकवच्चाऽवलुम्पेत शरवच्चा विनिष्पतेत् ॥२५॥

राजा (शासक) ले वकुलोजस्तो भई आफ्नो काम कर्तव्यबारेमा एकाग्रतापूर्वक "वको ध्यान" भनेजस्तै चिन्तन मनन गर्नुपर्छ। वेलामौकामा सिंहलेजस्तो पराक्रम देखाउनुपर्दछ। वेलावखत हेरेर ब्वाँसोले जस्तै गरी विस्तारै कन्याई शत्रुको धन सम्पत्ति ऐठ्नुपर्दछ। गोली र वाणले जस्तो शत्रुउपर तत्कालै चोट पुऱ्याइदिनुपर्छ।

पानमक्षास्तथा नार्यो मृगया गीतवादितम् ।
एतानि युक्त्वा सेवेत प्रसंगो हृदय दोषवान् ॥२६॥

रक्सी (मदिरा) पिउनु, तास जुवा खेल्नु, रण्डीवाजी वा स्त्रीसँग सहवास गर्नु, सिकार खेल्नु, नाचगान यी कार्यमा लम्पट नहुने गरी कहिलेकाहीं मात्र लाग्नुपर्दछ, अर्थात् यस्ता कुलतहरूमा आशक्ति भने राख्नुहुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुर्यात् तृणमयं चापं शयीत मृगशायिकाम् ।
अन्धः स्यादन्ध वेलायां वाधिर्यमपि संश्रयेत् ॥२७॥

राजा (शासक) ले मौका हेरेर देखावटी रूपको घाँस (तृग) को धनु (हतियार) वनाओस् । मृगले झैं सावधानी वर्तेर सुन्ने गरोस् । समय परिस्थितिलाई विचार गरे अन्धो, वहिरो जे-जस्तो वन्नु उपयुक्त हुन्छ, त्यस्तै हुने-बन्ने चेष्टा गरोस् ।

देशकालौ समासाद्य बिक्रमेत बिचक्षणः ।
देशकालव्यतीतो हि बिक्रमो निष्फलो भवेत् ॥२८॥

वुद्धिमान् मानिसले देशकाल परिस्थितिलाई आफ्नो अनुकूल गराएर मात्र आफ्नो क्षमता (पुरुषार्थ) देखाउनुपर्दछ । ठाउँ र परिस्थिति प्रतिकूल भएमा गरेको पराक्रम निष्फल हुन पुग्दछ ।

कालाऽकालौ सम्प्रधार्य वलाऽवलमथाऽत्मनः ।
परस्य च बलं ज्ञात्वा तत्राऽऽत्मानं नियोजयेत् ॥२९॥

आफ्ना लागि समय ठीक वेठीक कस्तो छ ? आफ्नो पक्ष सबल छ वा कमजोर छ ? यी सबै कुरा र शत्रुपक्ष वलियो वा कमजोर कस्तो छ ? उसको वल (क्षमता) समेत विचार गर्दै झगडा लडाइँ वा सन्धि (मेलमिलाप) जे जस्तो गर्दा कल्याण हुन्छ त्यही नै गर्दै जानुपर्छ ।

दण्डेनोपनतं शत्रुं यो राजा न नियच्छति ।
स मृत्युमुपगृण्हाति गर्भभश्वतरी यथा ॥३०॥

खच्चर (घोडी) ले पेट वोकेपछि (गर्भधारण गरेपछि) उसको मृत्यु अवश्यंभावी छ । आफूसँग झुक्न आएका शत्रुलाई पनि राजा (शासक) ले दण्ड नदिई त्यसै छाड्छ भने दण्ड नदिने राजा (शासक) ले आफ्नो मृत्युलाई आह्वान गरेसमान नै हुनजान्छ । यसैले शत्रुलाई दण्ड दिने कार्य गर्नु नै पर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुपुष्पितः स्यादफलः फलवान् स्याद् दुरारुहः ।
आमः स्यात् पक्वसंकाशो न च शीर्येत कस्यचित् ॥३१॥

वुद्धिमान् र नीतिज्ञ राजा (शासक) त्यस्तो वृक्ष (रूख) समान रहने गरोस् । जुन रूखमा ढकमक्क गरी फूलहरू फुलिरहेका होऊन् । भरसक फल भने नफलुन् । यदि फलेछन् भने पनि रूख चढ्नलाई नै कठिन (गाह्रो) पर्ने गरोस्, देख्दाखेरी फलहरू पाकेकै जस्तो देखिए पनि वास्तवमा यी फलहरू काँचै भइरहुन् । रूख भने कहिल्यै पनि जीर्ण शीर्ण तथा कमजोर भएको नदेखियोस् ।

आशां कालवतीं कुर्यात तां च बिघ्येन योजयेत् !
विघ्नं निमित्ततो ब्रूयात् निमित्तं चापि हेतुतः ॥३२॥

शत्रुराजाले (शत्रुपक्षले) आफूबाट कुनै मतलवसाध्य गर्ने चाहना गरेको छ भने त्यसलाई ढिलाइ गर्नुपर्छ र विस्तारै व्यवधान खडा गरेर बाधा पुऱ्याउनुपर्दछ । वाधाका कारणहरू पनि युक्तिसङ्गत (जस्टिफाइड) नै प्रमाणित गर्नुपर्दछ ।

भवितवत् संविधातव्य) यावद् भयमनागतम् ।
आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यमभीतवत् ॥३३॥

जव स्वयं आफूउपर खतरा, भय र त्रास आइपर्दैन तबसम्म डराएजस्तो गरेर टालटुल गर्ने प्रायः गर्दैरहोस् । खतरा आफ्नो नजीक (सामुन्नेमा) नै आइसकेपछि भने निडर भई शत्रुउपर धावा बोल्नुपर्छ अर्थात् शत्रु नजीकै आइपुगेपछि आक्रमण गरी नै हाल्नुपर्दछ ।

न संशयमनारुह्य नरो भद्राणि पश्यति ।
संशयं पुनरारुह्या यदि जीवति पश्यति ॥३४॥

आफ्नो प्राण नै खतरामा पर्न गएको छ भने दुःखलाई भोग नगरीकन अर्थात् भीषण कष्ट झेलेपछि मात्र मानिसले आफ्नो कल्याण देख्न पाउँदछ । प्राण संकटमा परी आफ्नो पौरख देखाएर जव मानिस बाँच्तछ अनि पछि मात्रै उसले आफ्नो कल्याण (भलाइ) भएको देख्न थाल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनागतं बिजानीयाद् यच्छेद् भयमुपस्थितम् ।
पुनर्वुद्धिण्भयात् किञ्चित् अनिवृत्तं निशामयेत् ॥३५॥

भविष्यमा आइपर्ने संकटलाई पहिले नै थाहा पाउने प्रयास गरिरहनुपर्दछ। संकट आइसकेपछि तत्कालै त्यसलाई दवाइदिनेतर्फ अग्रसर रहोस्। दवाइएको संकट पुनः दोहोरिन पनि सक्तछ भन्ने ठानेर चनाखो हुँदै वस्ने गर्नुपर्दछ। अर्थात् खतरा टरिसकेको छैन भन्ने सम्झेर सतर्क सावधानीपूर्वक रहने गर्नुपर्दछ।

प्रत्युपस्थितकालस्य सुखस्य परिवर्जनम् ।
अनागतसुखाऽऽशा च नैव बुद्धिमतां नयः ॥३६॥

वर्तमान सजिलैसँग प्राप्त भइरहेको सुखलाई लत्याएर भविष्यमा सुखप्राप्ति हुनेछ भन्ने कुराको आशा गर्नु वुद्धिमानी होइन।

योऽरिणा सह संघाय सुखं स्वपिति विश्वसन् ।
स वृक्षाग्रे प्रसुप्तो वा पतितः प्रतिबुद्धयते ॥३७॥

शत्रुसँग सन्धि गरेपछि पूरापुर विश्वास गरेर सुखपूर्वक जो मनुष्य सुत्ने गर्छ, ऊ रूखको हाँगामा मस्तसँग निदाइरहने मान्छे समान हो। जो हाँगावाट मुन्तिर खसेपछि (अर्थात् शत्रुद्वारा खतरा उत्पन्न भएपछि) मात्र झल्याँस्स विउँझन्छ।

कर्मणा येन तेनैव मृदुना दारुणेन च ।
उद्धरेद् दीनमात्मानं समर्थो धर्ममाचरेत् ॥३८॥

नरम भएर होस् वा कठोर भएर नै किन नहोस्, कुनै पनि तरिका अपनाएर दीनदशावाट आफूलाई वचाओस्। पछि शक्तिशाली भएर उसले धर्माचरण गर्ने गरोस्।

ये सपत्नाः सपत्नानां सर्वास्तानुपसेवयेत् ।
आत्मनश्चापि बोद्धव्याश्चारा बिनिहताः परैः ॥३९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा (शासक) ले शत्रुको पनि शत्रुहरूसँग मेलमिलाप गर्नुपर्छ। आफूतर्फ शत्रुले खटाएका गुप्तचरहरूवारे पत्ता लगाइरहन जान्नुपर्छ।

चारस्त्वविदितः कार्य आत्मनोऽक्ष परस्य च ।
पाखण्डास्तापसाऽऽदींश्च परराष्ट्रे प्रवेशयेत् ॥४०॥

कसैले पनि चिन्न नसक्ने गरी आफ्नो देशमा र शत्रुको देशमा राजा (शासक) ले गुप्तचरहरू खटाउनुपर्दछ। शत्रुको देशमा ढोंगी, पाखण्डी, जोगी र तपस्वीहरूलाई गुप्तचर वनाएर पठाउनुपर्छ।

उद्यानेषु बिहारेषु प्रपास्वावसथेषु च ।
पानागारे प्रवेशेषु तीर्थेषु च सभासु च ॥४१॥

यी गुप्तचरहरू वगैंचा, मठ, बिहार, घुमफिर गर्ने ठाउँ वा पार्कहरू, पानीघाट, धर्मशाला जाँड रक्सी पाइने ठाउँ भट्टी सहरको मूलढोका, तीर्थस्थल र सभाभवन, अदालतहरूको आसपासका ठाउँहरूमा घुम्ने गरुन्।

धर्माऽभिचारिणः पापाश्चौरा लोकस्यकण्टका ।
समागच्छन्ति तान् बुद्धा नियच्छेच्छमयीत च ॥४२॥

वगैंचा, मठ, वुद्धविहार, पार्क, पनेरो, भट्टी, धर्मशाला र सहर पस्ने मूलढोका तथा मन्दिरहरूमा कपटी, अधर्मी, चोर जगत्कण्टक मान्छेहरू भेप वदलेर गुप्तचरी गर्न आएका पनि हुन्छन्, यस्ता वहुरूपीहरूलाई पत्ता लगाई कैद गर्नुपर्छ अथवा डर देखाएर भगाउनुपर्दछ।

नविश्वसेदश्विस्ते विश्वस्ते नाऽतिविश्वसेत् ।
विश्वासाद् भयमभ्येति नाऽपरीक्ष्य च विश्वसेत् ॥४३॥

जो विश्वास पात्र छैन उसलाई कहिल्यै विश्वास नगर्ने र जो विश्वासी वन्न सक्तछ त्यसउपर पनि अधिक विश्वास गर्नुहुँदैन। किनभने अधिक विश्वास गर्दा डर पैदा हुन्छ। यसैले जाँच परख नगरी कसैलाई पनि विश्वास गर्नुहुँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वयिसत्वा तु परं तत्त्वभूतेन हेतुना ।
अथाऽस्य प्रहरेत् काले किंचित् बिचलिते पदे ॥४४॥

आफ्नो तर्फवाट सत्य र पत्यारलाग्दो कारण देखाएर आफूप्रति शत्रुलाई विश्वास दिलाउनुपर्दछ । त्यसपछि उसलाई कमजोर तुल्याउँदै लगेर लरखराएको मौका छोप्दै तुरुन्तै प्रहार गरेर उसलाई पछ्यारिदिनुपर्छ ।

अशङ्क्यमपि शङ्केत नित्यं शङ्केत शङ्कितात् ।
भयं ह्यशक्तिताज्जातं समूलमपि कृन्तति ॥४५॥

शङ्का गर्नु नपर्ने व्यक्तिलाई पनि शंकालु दृष्टिले हेर्ने गर्नुपर्दछ, साथै उसबाट होसियार रहनुपर्दछ । शङ्का गर्नुपर्ने व्यक्तिबाट कुनै पनि खतरा हुनसक्ने हुनाले उसप्रति विशेष रूपले सतर्क हुनैपर्छ । शङ्का गर्नै नपर्ने व्यक्तिबाट यदि भय पैदा हुनसक्ने स्थिति आइपर्छ भने उसलाई जरैदेखि निर्मूल पार्नुपर्छ ।

अवधानेन मौनेन काषयोण जटाऽजिनैः ।
विश्वासयित्वा द्वेष्टारमवलुम्पेद् यथा बृकः ॥४६॥

शत्रुको हित गर्न तत्पर भएको देखाएर, मौनीबाव बनेर, गेरु लुगा लगाएर, जटा राखेर, मृगको छाला पहिरिएर भए पनि प्रथमतः शत्रुलाई आफूप्रति विश्वासको भाव पैदा गराओस् । शत्रुलाई विश्वस्त पारिसकेपछि मौकाहेरी भोको व्वांसोले जस्तै गरेर आन्द्राभूँडी झिकेर शत्रुलाई लडाइदिनुपर्छ ।

पुत्रो वा यदि वा भ्रातापिता वा यदि वा सुहृत् ।
अर्थस्य बिघ्न कुर्वाणा हन्तव्या भुतिमिच्छता ॥४७॥

आफ्नो ऐश्वर्य र प्रगति चाहने राजा (शासक) ले छोरा, भाइ, पिता, मित्र आदि जोसुकै आफन्त भए पनि यदि उनीहरू आफूले धन कमाइ गर्ने र उन्नति प्रगति गर्ने काममा वाधक वन्दछन् भने उनीहरूलाई हटाइदिनुपर्छ ।

गुरोरप्यवलिप्तस्य कार्याऽकार्यमजानतः ।
उत्पथं प्रतिपन्नस्य दण्डो भवति शासनन् ॥४८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा (शासक) ले आफूले मान्नुपर्ने गुरु नै भए तापनि यदि ऊ कर्तव्य अकर्तव्यको ख्याल गर्न नसक्ने कुमार्गगामी छ भने उसलाई दण्ड दिनैपर्छ।

अभ्युत्थानाऽभिवादाभ्यां संप्रदानेन केनचित् ।
प्रतिपुष्पफलाघाति तीक्ष्णतुण्ड इव द्विजः ॥४९॥

कमजोर वा निर्धो राज्यले आफूकहाँ शत्रु आउँदा पनि झटपट उठेर स्वागत, सत्कार, उपहार आदिद्वारा ठूलो सम्मान प्रकट गर्नुपर्दछ। यस किसिमले आफ्नो कब्जामा शत्रुलाई फसाएपछि तीखो चुच्चो भएको चुराचुरुङ्गीले पाकेको फललाई ठुँग्न थालेजस्तै गरेर उसका लक्ष्य र साधनहरूमा बराबर घात (धक्का) दिएर जसलाई छिन्नभिन्न पारोस्।

नाऽच्छित्वा परमर्माणि नाऽकृत्वा कर्म दारुणम् ।
नाऽहत्वा मत्स्यघातीव प्राप्नोति महती श्रियम् ॥५०॥

कुनै पनि राज्यले (सत्ताधारीले) अरूलाई माछा मार्ने माझिले झैं मर्माघात नगरी, क्रूरकर्म नगरी, धेरैको प्राण संहार नगरी ठूलो ऐश्वर्य प्राप्त गर्न सक्तैन।

नास्ति जात्या रिपुर्नाम मित्रं वाऽपि न विद्यते ।
सामर्थ्यं यो गाज्जयन्ते मित्राणि रिपवस्तथा ॥५१॥

जन्मनसाथ कसैको पनि कुनै मित्र हुँदैन, शत्रु पनि हुँदैन। पछिपछि व्यवहारद्वारा नै शत्रु र मित्र दुवै उत्पन्न हुन्छन्।

अमित्रं नैव मुञ्चेत वदन्तं करुणान्यपि ।
दुःखं तत्र न कर्तव्यं हन्यात् पूर्वाऽपकारिणम् ॥५२॥

शत्रुले टीठलाग्दो (मायालाग्दो) गरी अलापविलाप विलौना गरोस् तापनि उसद्वारा आफूप्रति विगत समयमा गरिएका अपकारलाई सम्झेर उसको उच्छेद गर्नुपर्दछ। यस्तो गर्नलाई दुःख नमानीकन आफ्नो मनलाई वज्रसमान कडा पार्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संग्रहानुग्रहे यत्नः सदा कार्योऽनसूयता ।
निग्रहश्चापि यत्नेन कर्त्तव्यो भूतिमिच्छता ॥५३॥

आफ्नो ऐश्वर्य वा प्रगतिको चाहना गर्ने राजा (शासक) ले वाहिरी दृष्टिकोण नलिई जसरी हुन्छ मानिसलाई आफ्नो पक्षमा मिलाउने गर्नुपर्छ। अरू व्यक्तिउपर कृपादृष्टि राख्नुपर्दछ र शत्रुको दमन पनि यत्नपूर्वक गरि रहनुपर्दछ।

प्रहरिष्यन् प्रियं ब्रूयात् प्रहत्यैव प्रियोत्तरम् ।
असिनाऽपि शिरश्छित्वा शोचेत च रुदेत च ॥५४॥

सिपालु राजाले शत्रुमाथि प्रहार गर्नुअगाडि र प्रहार गरेपछि पनि मिजासिलो भई मीठो वोली वोल्नुपर्छ। यतिसम्म प्रियवादी वन्नुपर्छ कि शत्रुको टाउको काटेर पनि उसका लागि आँसु खसालेर पीर गर्नुपर्छ र रुनुपर्छ।

निमन्त्रयीत सान्त्वेन संमानेन तितिक्षया ।
लोकाराधनमित्येतत् कर्तव्यं भूतिमिच्छता ॥५५॥

शत्रुको दमन गरिसेकपछि उसका देशमा आफ्ना प्रभुत्व कायम राख्ने इच्छा गर्ने राजा (शासक)ले मीठा-मीठा बोलीले शत्रुपक्षका अरू व्यक्तिसमेतको सम्मान गर्नुपर्छ। त्यस्तो समयमा आफू खुवै संयमी वा सहनशील हुनुपर्दछ। शत्रुपक्षका सवै प्रतिष्ठित व्यक्तिलाई आफ्नो समीपमा आउने निमन्त्रणा पठाउनै पर्छ। यस्तो गर्नु नै जनताप्रतिको आराधना (स्नेह सद्भाव) सम्मान सत्कार पनि हो।

न शुष्कवैर. कुर्वीत बाहुभ्या न नदीं तरेत् ।
अनर्थकमनायुष्यं गो बिषाणस्य भक्षणम् ॥५६॥
दन्ताश्च परिमृज्यनते रसश्चापि न लभ्यते ॥

वेकारको वैरभाव (शत्रुता) लिने काम गर्नुहुँदैन। यसो गर्नु एक हातले पौडेर नदी तर्दछु भन्नु समान हो। जुन कार्यले आफूलाई कमजोर पारेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुसमेत घट्न जान्छ । विनाकारण शत्रुता गर्नु कुकुरले गाईको सीङ चपाउनु समान पनि हो । सीङ् चपाउँदा कुकुरले न रसको स्वाद पाउँछ वरू कडा र साह्रो हुनाले कुकुरको दाँत मात्र कुँडिन जान्छ ।

त्रिवर्गे त्रिविधा पीडानुबन्धास्त्रय एव च ।
अनुबन्धाः शुभाज्ञेयाः पीडाश्च परिवर्जयेत् ॥५७॥

धर्म, अर्थ, काम यी तीन पुरुषार्थ प्राप्त गर्नको निमित क्रमशः लोभ, मूर्खता र दुर्वलता यी तीन प्रकारका वाधा र अड्चन आइपर्छन् । यसैगरी यी पुरुषार्थमध्ये धर्मले शान्ति, अर्थले सवैको हित र कामले उपभोग यी ३ तीन प्रकारका फल पनि दिने गर्दछन् । यसैले बुद्धिमान् मानिसले लोभ, मूर्खता र दुर्वलतारूपी तीनवटा विघ्नवाधाबाट आफू जोगिएर वस्ने प्रयास गर्नुपर्दछ । अनि यी तीनवटै फल प्राप्त गर्नेतर्फ सदैव अग्रसर रहनुपर्दछ ।

ऋणशेषमाग्निशेषं शत्रुशेषं तथैव च ।
पुनः पुनः प्रवर्धन्ते तस्माच्छेषं न धारयेत् ॥५८॥

शत्रु, आगो, ऋण यी तीन कुरा कसैको पनि शेष (बाँकी) राख्नुहुँदैन । यी तीनवटै कुरा बरवार पलाउँदै जाने हुन्छन् ।

वर्धमानं ऋण तिष्ठेत् परिभूताश्च शत्रवः ।
जनयन्ति भयं तीव्र व्याधयश्चाऽप्युपेक्षिता ॥५९॥

शेष (बाँकी) रहेको ऋण बढ्दै गएमा, आफूले जितिसकेको शत्रु बढ्दै गएमा, वास्ता नगरेको वा दबिसकेको रोग वल्झन गएमा ज्यादै भयानक डर (त्रास) लाग्न थाल्दछ ।

नाऽसम्यक्कृतकारी स्यादप्रमत्तः सदा भवेत् ।
कण्टकोऽपि हि दुश्छिन्नो बिकारं कुरुते चिरम् ॥६०॥

कुनै पनि काम राम्रोसँग पूरा गरिहाल्नुपर्छ, अधुरो छोड्नुहुँदैन । यसैले जुनसुकै काम गर्दा पनि सावधानी अपनाउनुपर्दछ । शरीरमा विझेको काँडोलाई पूरापुर राम्रोसँग निकाल्न सकिएन भने त्यसले भविष्यमा शरीरलाई कष्ट पनि दिन थाल्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बधेन न मनुष्याणां मार्गाणां दूषणेन च ।
अगाराणां विनाशैश्च परराष्ट्रं विनाशयेत् ॥६१॥

केही गरेर शत्रुराज्य ननासिई सवल नै रहने स्थिति देखिएमा राजाले (शासकले) शत्रुपक्षका मानिसलाई मार्नुपर्छ । सडक वाटो यातायात विगारिदिनुपर्छ । घरहरू भत्काइदिनुपर्छ, जे जसरी हुन्छ विध्वंसात्मक कारवाही गर्न पछि हट्नुहुँदैन ।

गृधदृष्टिर्वकालीनः श्वाचेष्टः सिंहविक्रमः
अनुद्विग्नः काकशक्ती भुजङ्ग चरितं चरेत् ॥६२॥

राजा (शासक) ले गिद्धको जस्तो टाढा टाढासम्म देख्न सक्ने दृष्टि, वकुल्लाको जस्तो आफ्नो लक्ष हासिल गर्नका लागि ध्यान, कुकुरले झैं चनाखिलो चेष्टा (स्वाननिद्रा) सिंहको जस्तो पराक्रम, काग समानको शंकालुपना र सर्प झैं छिद्रान्वेषी वनेर शत्रुउपर धावा वोल्नुपर्छ ।

शूरमञ्जलिपातेन भीरुं भेदेन भेदयेत् ।
लुब्धमर्थप्रदानेन समं तुल्येन विग्रह : ॥६३॥

सुझवुझ भएका राजा (प्रशासक) ले आफूभन्दा शूरो र वलियोलाई हात जोडेर डरपोकलाई हप्काएर वा डर देखाएर लोभी व्यक्तिलाई केही मात्रामा धन सम्पत्ति दिएर आफ्नो कावूमा राख्नुपर्दछ । शत्रु आफूसमान नै छ भने उससँग युद्ध लडेर पराजित तुल्याउनुपर्दछ ।

श्रेणमिख्योपजापेषु बल्लभानुनयेषु च ।
अमात्यान् परिरक्षेत भेदसंघातयोरपि ॥६४॥

शत्रुले भेदनीति (फूट) प्रयोग गरेर प्रत्येक टुकडीमा प्रधानहरू (नाइकेहरू) लाई फुटाएर समूह, उप-समूह खडा गर्दै गडवढी मच्चाउन लाग्यो, अनि आफ्नो मित्रहरूलाई पनि साम, दाम नीतिद्वारा फुटाउन लाग्यो भने त्यसवेला सवैभन्दा पहिलो आफ्नो विश्वासपात्र मन्त्रीलाई रक्षा गर्नुपर्छ अर्थात् मन्त्रीलाई आफ्नो विपरीत जान दिनुहुँदैन । मन्त्रीले कुनै पनि हालतमा आफ्नो साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नछोडोस् । मन्त्रीवर्ग फुट्न पनि नपाऊन् । आफ्नो विरुद्धमा पनि न उत्रिऊन् भन्नेतर्फ निरन्तर सावधान रहनुपर्दछ ।

मृदुरित्यवजानन्ति तीक्ष्ण इत्युद्विजन्ति च ।
तीक्ष्णकाले भवेत्तीष्णो मृदुकाले मृदुर्भवेत् ॥६५॥

राजा (शासक) सोझो र नरम भयो भने सबैले हेला गर्दछन् (टेर्दैनन्) । कठोर भयो भने पनि सबै उनीदेखि डराएर आत्तिन थाल्दछन् । तसर्थ शासकले समयानुसार आफ्नो स्वभाव कायम राख्नुपर्दछ । अर्थात् कडा हुनुपर्ने वेलामा कडा र नरम हुनुपर्ने वेलामा नरम हुने गरोस् ।

मृदुनैव मृदुं हन्ति मृदुना हन्ति दारुणम् ।
नाऽसाध्यं मृदुना किंचित् तस्माद् तीक्ष्णतरो मृदुः ॥६६॥

नरमीपनले गरमीपनलाई मत्थर गर्दछ । नरमीपनद्वारा कठोरता दब्दछ । राजा (शासक) नरम मिजासद्वारा नै सबै काम गर्न सफल हुन्छन् । नरमपना सफलताको उपाय हो, यसद्वारा गर्न नसकिने भन्ने कुनै काम छैन । नरमीपनले नै कठोरताले गर्नसक्ने काम सफल पार्ने हुनाले कार्यसिद्धिको निम्ति यसको ठूलो महत्त्व छ ।

काले मृदर्यो भवति काले भवति दारुणः
प्रसाधयति कृत्यानि शत्रुं चाऽप्यधितिष्ठति ॥६७॥

समयानुसार नरम र कठोर वन्न जान्ने व्यक्तिहरूले आफ्ना सबै काम सफल पार्दछन् । साथै शत्रुहरूउपर समेत उनीहरूको नियन्त्रण रहन्छ ।

पण्डितेन विरुद्धः सन् दुरस्थोऽस्मीति नाऽऽश्वसेत् ।
दीर्घौ बुद्धिमतो बाहू याभ्या हिंसति हिंसितः ॥६८॥

कसैले पनि बुद्धिमान्सँग विरोध गरेर आफू टाढा बस्दछु भन्ने ठान्नुहुँदैन । किनभने बुद्धिमान् मानिसका हात लामा हुन्छन्, अर्थात् उसवाट प्रयोग गरिएका वदला लिने उपायहरू टाढासम्म प्रभाव पार्ने (दूरगामी) हुन्छन् । यदि बुद्धिमान्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिलाई दुःख दिइएको हो भने उसले टाढैवाट आफूलाई दुःख दिने व्यक्तिलाई सफाया पारिदिनेछ । त्यसकारण वुद्धिमान्लाई चोट पुऱ्याउँछु र ऊ टाढा वस्न गएकाले आफूले सुख पाउँछु भन्ने कुरा कदापि सोच्नुहुँदैन ।

न तत् तरेत् यस्य न पारमुत्तरे न्न
तद्धरेत् यत् पुनराहरेत् परः ॥
न तद् खनेद् यस्य न मूलमूद्धरेत् न तं
हन्याद् यस्य शिरो न पातयेत् ॥६९॥

तर्नै नसकिने खोलालाई तर्दछु भन्ने साहस वुद्धिमान्ले गर्नुहुँदैन । आफूसँग मुकाविला गर्नसक्ने सक्षम वा वलियो शत्रुको सम्पत्ति जबरजस्ती हरण नगर्नू । जुन रूखको जड (जरो) उखलेर फ्याँक्न सकिँदैन त्यस्तो रूखलाई ढाल्ने र उप्काउने सोचाइ (चेष्टा) नगर्नू । जुन शत्रुलाई प्रहार गरेर (हानेर) ढाल्न सकिँदैन त्यस्ताउपर प्रहार नै नगर्नू ।

इतिदमुक्त बृजिनाऽभिसहितम् न
चैतदैवं पुरुषः समाचरेत् ।
परप्रयुक्ते न कथं विभावयेत् अतो
मयोक्तं भवतो हितार्थिना ॥७०॥

हे राजन् ! शत्रुसँग गर्ने पापपूर्ण व्यवहारवारेमा मैले माथि जे जति कुराहरू (कूटनीतिक) भनें । यस्ता कामहरू ऐश्वर्यले परिपूर्ण भएको समयमा सवल र समर्थवान् पुरुषले कहिल्यै गर्नुहुँदैन । कदाचित् आफूमाथि शत्रुद्वारा कडा संकट पारेको खण्डमा मात्र आफू संकटबाट उम्कनका लागि यी उपायहरूलाई पनि प्रयोगमा ल्याउनुपर्दछ । यी कुराहरू मैले तिम्रो हितका लागि भनेको हुँ । यी सवै कार्य र उपायहरू संकटकालमा मात्र अवलम्वन गर्नुपर्छ ।

यथावदुक्तं वचनं हितार्थिना निशम्य
विप्रेण सुवीर राष्ट्रपः ।
तथाऽकरोद् वाक्यमलदीन चेतनः
श्रियं च दीप्तां वुभुजे सवान्धव ॥७१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना हितैषी कणिक भारद्वाजवाट यी यथार्थ कूटनीति (उपदेश) का कुराहरू सुनी अवगत गरेपछि सौवीर देशका राजा शत्रुञ्जयले समुचित तवरले यिनको परिपालनसमेत गरे । अनि उनले आफ्नो वन्धुवान्धवका साथ समुज्ज्वल राजलक्ष्मीको उपभोग गर्न लागे ।

श्री भीष्मद्वारा संरशय्यामा सुतेर मृत्युका निमित्त उत्तरायणको प्रतीक्षा गरिरहेको अवस्थामा श्रीकृष्ण र चारैभाइका निकटमा युधिष्ठिरलाई दिइएको यो कणिकनीति नामक कूटनीतिको उपदेश पूरा भयो ।

[पाण्डवहरू इन्द्रप्रस्थमा वस्दथे । युधिष्ठिरले युवराजको पदवी पाइसकेका थिए । पाँचै भाइवीचको मेलमिलाप, भीम र अर्जुनको पराक्रम तथा युधिष्ठिरको नीति शासन आदि कारणले गर्दा जनमानसमा पाण्डवहरूको वैभव दिनानुदिन अभिवृद्धि भइरहेको छ भन्ने खवरले दुर्योधनलाई जलन भयो । उसले पाण्डवहरूलाई कसरी सिध्याउने भन्ने सन्दर्भमा राजा धृतराष्ट्रलाई अनेकौं व्यक्तिमार्फत सम्झाउन लगाउने गर्दथ्यो । पाण्डवको प्रगति देखेर भित्रै डाहासमेत गर्न थालेका राजा धृतराष्ट्रलाई कूटनीतिका कुराहरू गरेर सम्झाउन लगाउन मन्त्री कणिक भारद्वाजलाई शकुनी दुर्योधनले पठाएका थिए । महाभारत आदि पर्वअन्तर्गत सम्भव पर्वको १३९ औं अध्यायमा कणिकले धृतराष्ट्रलाई कूटनीतिका कुराहरू सम्झाउने क्रममा तल उल्लेखित कुराहरू भनेका थिए ।]

वैशम्पायनले भने:-

श्रुत्वा पाण्डुसुतान् वीरान् बलोद्रिक्तान् महौजसः
धृतराष्ट्रो महीपालश्चिन्तामगमदातुरः ॥७२॥
तत आहूय मन्त्रज्ञं राजाशासत्रार्थबित्तमम् ।
कणिकं मन्त्रिणां श्रेष्ठ धृतराष्ट्रोऽब्रवीद् वचः ॥७३॥

पाण्डुका पराक्रमी छोराहरू अतीव, तेजस्वी भएको अनि ऐश्वर्यशाली पनि हुँदै गएको सुनेपछि राजा धृतराष्ट्र चिन्ताकूल हुन पुगे । उनले राजनीति र अर्थशास्त्रका ज्ञाता तथा उपयुक्त सल्लाह दिनसक्ने मन्त्रीहरूमध्ये श्रेष्ठ कणिकलाई बोलाएर भने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धृतराष्ट्रले भनेः-

उत्सिक्ताः पाण्डवाः नित्यं तेभ्योऽसूये द्विजोत्तम ।
तत्र भे निश्चिततमं संधिविग्रहकारणम् ।
कणिक त्वं ममाचक्ष्व करिष्ये वचनं तव ॥७४॥

पाण्डवहरूले दिनदिनै खुवै उन्नति र प्रगति गरिरहेका छन् यसैले मलाई उनीहरूको डाहा (ईर्ष्या) लाग्न थालेको छ। तसर्थ हे कणिक ! उनीहरूसँग मैले सन्धि गर्नु वेश होला कि विग्रह गर्नु वेश ? मलाई स्पष्टसँग वताइदिनुस्। म तपाईंको कुरा मान्न पनि तयार छु।

वैशम्पायनले भनेः-

स प्रसन्नमनास्तेन परिपृष्टो द्विजोत्तमः ॥
उवाच वचनं तीक्ष्णं राजशास्त्रस्णार्थदर्शनम् ॥७५॥
शृणु राजन्निदं तत्र प्रोच्चमानं मयानघ ॥
न मेऽस्यसूया कर्तव्या श्रुत्वैतत् कुरुसत्तम ॥७६॥

राजा धृतराष्ट्रद्वारा सोधिएपछि विप्रवर कणिक मनमनै खुसी भए। त्यसपछि कूटनीतिका कुराहरू भन्न थाले। हे कुरुवंश शिरोमणि राजन् ! म यस्ता गम्भीर कुराहरू भन्छु जुन कुरा सुनेपछि तपाईं मलाई दोषी नजरले नहेर्नुहोस्।

वधमेव प्रशंसन्ति शत्रुणामपकारिणाम् ॥
सुविदीर्णं सुबिक्रान्तं सुयुध्दं सुपलायितम् ॥७७॥
आपद्यापदिकाले च कुर्वीत न विचारयेत् ।
नावलेयो रिपुस्ताल दुर्वलोऽपि कथंचन ॥७८॥
अल्पोऽप्यग्निर्वनं कृत्स्नं दहत्याश्रयसंश्रयात् ॥
अन्धः स्यादन्धवेलायां बधिर्यमपि चाश्रयेत् ॥७९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिज्ञ पुरुषहरूले भनेका छन् । "आफ्ना अनिष्ट गर्ने शत्रुलाई वध नै गर्नुपर्दछ ।" ज्यादै बलवान् र पराक्रमी शत्रुलाई यदि ऊ आपत्तिमा परिरहेको भए कति पनि नहिच्किचाएर सजिलैसँग सिध्याइदिनुपर्दछ । यस्तै प्रकारले राम्रोसँग लडाइँ गर्न जान्ने शत्रुलाई पनि आपत्कालमा अप्रत्यासित रूपले पिटेर भगाइदिए हुन्छ । संकटकालीन स्थितिमा शत्रु-संहार गर्नु अनिवार्य छ । शत्रु-संहारको बेला नाता कुटुम्ब र शत्रुले प्रकट गरेको सौहाद्रतालाई वास्ता गर्नुहुँदैन । शत्रु कमजोर नै भए पनि उसलाई उपेक्षा गरेर ढुक्कसँग बस्नुहुँदैन ।

दया न तस्मिन् कर्तव्या शरणागत इत्युत ॥
निरुद्विग्नो हि भवति न हताज्जायते भयम् ॥८०॥
हन्यादमित्रं दानेन तथापूर्वापकारिणम् ॥
हन्यात् त्रीन् पञ्च सप्तेति परपक्षस्य सर्वशः ॥८१॥

"यो मेरो शरणमा आएको छ" भन्ने विचार गर्दै शत्रुउपर दया गर्नुहुँदैन । शत्रुलाई मारेपछि मात्र राजा निर्भय रहन सक्तछ । यदि शत्रुलाई मारिएन भने उसबाट सधैँभरि खतरा र भय पैदा भई नै रहन्छ ।

जो शत्रु सजिलैसँग हात लाग्न सक्तछ उसले मागेका वस्तु दान दिएर विश्वासमा लिई मारिदिओस् । साथै उसले आफूउपर पहिले अपकार गरेको थियो पछि आएर मात्र आफ्नो सेवक बनेको छ, त्यस्तालाई पनि बाँचिरहन दिनुहुँदैन । शत्रुका प्रभुशक्ति उत्साहशक्ति र मन्त्रशक्ति यी तीनै प्रकारका शक्ति (त्रिवर्ग) लाई नाशिदेओस् । एवम् प्रकारले पञ्चवर्ग (अमात्य, राष्ट्र, दुर्ग, कोष, सेना) लाई तहसनहस बनाइदेओस् । तत्पश्चात् शत्रुहरूलाई वशमा राख्ने वा सखाप पारिदिने सप्तवर्ग (साम, दाम, दण्ड, भेद उद्वन्धन, विषप्रयोग, आगजनी यी साटवटा तरिका) को प्रयोग गर्न पनि पछि हट्नुहुँदैन ।

एकाग्रः स्यादविवृतो नित्यं बिवरदर्शकः ॥
राजन् नित्यं सपत्नेषु नित्याद्विग्नः समाचरेत् ॥८२॥

शासक (राजा) ले सधैँभरि शत्रुका गतिविधिहरूवारे थाहा पाउनलाई चनाखो भइरहनुपर्दछ । आफ्ना सदैव प्रतिपक्षको कमजोरीलाई दृष्टिगत गर्दै उनीहरूउपर सतर्क रहनुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्कुशं शौचमित्याहुरर्थानाभुपधारणे ॥
आनाम्य पलितां शाखां पक्वं पक्वं प्रशातयेत् ॥८३॥

काम सफल पार्नको निम्ति आसौच व्रत उपवास आदि अनुष्ठानहरू पनि मानिसलाई आफूतर्फ आकर्षण गराउने साधन हुन् भन्ने मानिएको छ। तसर्थ आफ्ना प्रतिपक्षको गोप्यता वुझ्न खोज्नेले यस्ता अनुष्ठानहरू गरिरहनुपर्दछ। रूखमा पाकेको फल टिप्न चाहनेले सर्वप्रथम रूखको हाँगालाई आफूतिर केही तानेर झुकाएपछि मात्र फल टिप्नलाई सजिलो पर्ने हुन्छ।

फलार्थोऽयं संसारम्भो लोके पुंसो बिपश्चताम् ॥
बहेदभित्रः स्कन्धेन यावत् कालस्य पर्ययः ॥८४॥

यस संसारमा वुद्धिमान् मानिसले आयोजना गर्नेगरेका सबै अनुष्ठान कुनै न कुनै फल प्राप्त गर्ने आशा राखेर गरिएका हुन्छन्। जबसम्म समय अनुकूल पर्दैन, तबसम्म शत्रुलाई काँध चढाएर हिंड्नुपर्दा पनि हिंड्ने गरोस्।

ततः प्रत्यागते काले भिन्द्याद् घटमिवाश्मनि ॥
अभित्रो न विमोक्तव्यः कृपणं बह्वपि ब्रुवन् ॥८५॥
कृपा न तस्मिन् कर्तव्या हन्यादेवापकारिणम् ॥
तथैवा भेददण्डाभ्यां सर्वोपायैः प्रशंतयेत् ॥८६॥

आफूलाई अनुकूल पर्ने मौका पाउँदा माटाको गाग्रोलाई ढुंगामा पछारेर फोरेजस्तै शत्रुलाई नष्ट गरोस्। शत्रुले गिड-गिडाएर अनुनय गरे पनि उसलाई मारेरै छाड्नुपर्छ, बाँच्न दिनुहुन्न। शत्रुउपर दया गर्नुहुँदैन। उसलाई मारेर छाड्नुपर्छ। उसलाई कदापि बाँच्न दिनुहुन्न। साम, दाम, दण्ड, भेद सबै उपाय लगाएरै भए पनि शत्रुलाई मारिहाल्नुपर्छ।

धृतराष्ट्रले भनेः-

कथं सान्त्वेन दानेन भेदैर्दण्डेन वा पुनः ॥
अभित्रः शक्यते हन्तुं तन्मे ब्रूहि यथातथम् ॥८७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे कणिक ! साम, दाम, दण्ड, भेद यी तरिका अपनाएर कसरी शत्रुलाई नाश गर्न सकिन्छ, मलाई राम्ररी सम्झाइदेऊ !

कणिक भन्दछन्:-

श्रृणु राजन् यथावृत्तं वने निवसतः पूरा ॥
जम्बुकस्य महाराज नीतिशास्त्रार्थदर्शिनः ॥८८॥

हे महाराज ! साम, दाम, दण्ड, भेदको प्रयोगवारे नीतिशास्त्रको तत्त्व जान्ने, वनमा वस्ने कुनै स्यालको कथा म वताउँछु सुन्नुहोस् ।

अथ कश्चित् कृतप्रज्ञः शृगालः स्वार्थपण्डितः ॥
ससिभिर्न्यवसत् सार्धं व्याधाखुवृकभ्रुभिः ॥८९॥
तेऽपश्यन् बिपिने तस्मिन् बलिनं मृगयूथपम् ॥
अशक्ता ग्रहणे तस्य ततो मन्त्रममन्त्रयन् ॥९०॥

कुनै वनमा एउटा आफ्नो मतलव पूरा गर्न सिपालु वुद्धिमान् स्याल वस्दथ्यो । उसका बाघ, मुसो, ब्वाँसो र न्याउरीमुसो चारवटा साथी पनि त्यहीं वस्दथे । एकदिन ती पाँचैले एउटा हरिणहरूको सरदार वलियो र मोटो मृगलाई देखे । जब ती सवैले त्यस वलियो नाइके मृगलाई पक्रन सकेनन् अनि पाँचवटै मित्र मिलेर यस्तो सल्लाह गरे ।

स्यालले भन्यो:-

असकृद् यतितो ह्येष हन्तुं व्याघ्र वने त्वया ॥
युवा वै जवसंपन्नो बुद्धिशाली न शक्यते ॥९१॥
भुषिकोऽस्य शयानस्य चरणौ भक्षयत्वयम् ॥
यथैन भक्षितैः पादैव्याघ्रो गुणहातु वै ततः ॥९२॥
ततो वै भक्षयिष्यामः सर्वे मुदितमानसाः ॥

हेर भाइ बाघ ! तिमीले वनमा यो वलियो र मोटो हरिणलाई मार्ने धेरै कोशिस गर्‍यौं, परन्तु यो हरिण जवान वलियो र रफ्तारले दगुर्ने हुनाले तिम्रो पकडमा आउन सकेन । मेरो विचारमा यो हरिण सुतिरहेको समयमा मुसोले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसका दुवै गोडा काटी (टोकी) देओस् दुवै गोडा घाइते भएपछि यो हरिण रफ्तारले दौडन सक्तैन । त्यसेवेला वाघले यसलाई पक्रोस् । त्यसपछि हामी पाँचैथरीले खुसीसाथ यसको मासु खाऔंला ।

जम्बुकास्यतु तद् वाक्या तथा चक्रुः समाहिताः ॥९३॥
भूषिका भक्षितै पार्दैर्मृगं व्याघ्रोऽवधीत् तदा ॥

स्यालको कुरा सुनेर सबैले सावधानीपूर्वक उसले भनेजस्तै गरे । मुसोद्वारा खुट्टा काटिएको मृगलाई वाघले झम्टिएर आफ्नो कब्जामा पारी तत्कालै मारिदियो ।

दृष्टैवाचेष्टमानं तु भूमौ मृगकलेवरम् ॥९४॥
स्नात्वाऽऽगच्छन भद्रं वोरक्षा मीत्याह जम्बुकः ॥

मृतहरिणको शरीर जमिनमा पडिरहेको देखेपछि स्यालले चारैजना आफ्ना साथीलाई भन्यो- तपाईंहरूको कल्याण हवस्, तपाईंहरू सबैजना नुहाउन जानुस्, तपाईंहरू सबै नआएसम्म म यसलाई कुरेर बस्दुछ ।

शृगाल बचता तेऽपी गताः सर्वे नदीं ततः ॥९५॥
स चिन्तापरमो भूत्वा तस्थौ तत्रैव जम्बुकः ॥
अथाजगाम पूर्वं तु स्नात्वा व्याघ्रो महाबलः ॥९६॥
ददर्श जम्बुकं चैव चिन्ताकुलित मानसम् ॥

स्यालको कथाअनुसार बाघ, ब्वाँसो, मुसो र न्याउरी खोलामा नुहाउन गए । हरिणलाई कुरिरहेको स्याल भने कसरी आफू एक्लैले हरिणलाई खान पाउँछु भन्ने चिन्तामा डुब्यो । त्यसपछि नुहाइसकेर सबैभन्दा पहिले बाघ फर्केर त्यहाँ आइपुग्यो । स्याललाई पीर र चिन्ताले आकुल-व्याकुल भइरहेको पनि देख्यो ।

बाघले भन्यो:-

किं शोचसि पहाप्राज्ञ त्वं नो बुद्धिमताँवरः ॥९७॥
अशित्वा पिशितान्यद्य बिहरिष्यामहे वयम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कणिकनीति तथा कूटनीति

हे बुद्धिमान्हरूमा श्रेष्ठ साथी ! तिमी कुनै कुरा सोचिरहेका छौ ? हामीहरूमध्ये तिमी नै सबैभन्दा ठूला बुद्धिमान् छौ । आज हामी सबैले यो हरिणको मासु खाएर मोजमस्तीसँग घुमौला फिरौंला ।

स्यालले भन्यो:-

श्रुणु मे त्वं महाबाहे यद् वाक्यं भूषिकोऽब्रबी ॥९८॥
धिग् बलं मृगराजस्य भयाद्यायं मृगो हतः ॥
सद्वाहुवलमाश्रित्य तृप्तिमद्य गमिष्यति ॥९९॥
गर्जमानस्य तस्यैवमतो भक्ष्यं न रोचये ॥

हे महावाहो ! साथी ! तिम्रोबारेमा मलाई मुसोले जे भनेको छ सो कुरा सुन- "मृगहरूको राजा बाघको बललाई धिक्कार छ, आज यो मृगलाई मैले पो त मार्नु पर्‍यो । आज बाघले मेरै बुद्धिबलको आश्रय लिएर आफ्नो भोक मेटाउने भयो" यो कुरालाई घमण्डपूर्वक भन्दै बाघको सहायताबाट पाएको यो भोजन उसका लागि राम्रो लाग्दैन रे भन्ने कुरा पनि मुसोले गरेको थियो ।

बाघले भन्यो:-

ब्रवीति यदि स हयेवं काले ह्यास्मिन् प्रबोधितः ॥१००॥
स्वबाहुबलमाश्रित्य हनिष्येऽहं नेचरान् ॥१०१॥
खादिष्ये तव मांसानि इत्युक्त्वा प्रस्थितो वनम् ॥
एत स्मिन्नेव काले तु भूषिकोऽप्याजगाम ह ॥१०२॥

यदि मुसोले यस्ता कुरा गरेको भए बल्ल मेरो आँखा खुल्यो । मलाई मुसाले सचेत पनि गराइदियो । आजैदेखि म आफ्नो बाहुबलको भरोसा गरेरै वन्यजन्तुहरूलाई मारेर आफैंले मारेको मासु नै खानेछु, यति भन्दै बाघ वनतिर लाग्यो । त्यसैवखत मुसो पनि त्यहाँ आइपुग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्यालले भन्यो:-

तामागतमभिप्रेत्य शृगालोऽप्यब्रवीद् वचः ॥
शृणु मूषिक भद्रं ते नकुलो यदिहाब्रवीत् ॥१०३॥
मृगमाँस नखादेयं गरमेतन्नरोचते ॥
मूषिकं भक्षयिष्यामि तद् भवान्यनुमन्यताम् ॥१०४॥

मुसा आएपछि उसलाई भन्यो- हेर मुसो भाइ ! तिम्रो कल्याण होस् । न्याउरीले मलाई भनेको छ कि वाघले टोकिसकेकाले यो हरिणको मासु विषालु हुनगएको छ । म यो मासु खान्न । यदि तिमी (स्याल) अनुमति दिन्छौ भने मलाई ज्यादै नै भोक लागको छ । वरू म मुसोलाई नै खाइदिन्छु र आफ्नो भोक मेटाउछु ।

तच्छ्रुत्वा मूषिको वाक्यं संत्रस्तः प्रगतो बिलम् ॥
ततः स्नात्वा स वै तत्र आजगाम बृको नृप ॥१०५॥

न्याउरीले आफूलाई खाइदिने भन्ने कुरा स्यालवाट मुसोले थाहा पाउने बित्तिकै मुसो डरले दुलोभित्र लुक्न गयो । त्यसपछि नुहाइसकेको ब्वाँसो पनि स्याल र मृत हरिण रहेको ठाउँमा आइपुग्यो ।

तमागतमिदं वाक्यमब्रवीज्जम्बुकस्तदा ॥
मृगराजो हि संक्रुद्धो न ते साधु भविष्यति ॥१०६॥
सकलत्रस्त्विहायातकुरष्ठ यदनन्तरम् ॥
एवम् संचोदितस्तेन जबमुकेन तदा बृकः ॥१०७॥
ततोऽबलुम्पनं कृत्वा प्रयातः पिशिताशनः ॥
एतास्मिन्नेव काले तु नकुलोऽप्याजगामह ॥१०८॥

नुहाइसकेर हरिणलाई खान भनी ब्वाँसो आइपुग्यो । स्यालले ब्वाँसोलाई भन्यो- ब्वाँसो भाइ ! आज वाघ तिर्मीसँग रिसाएको छ, तिम्रो कुनै खैरियत छैन । अब एकैछिनमा आफ्नी स्वाम्नी वाघिनीसमेत साथै लिई ऊ यहाँ आउदैछ । यसैले तिर्मीले जे गर्नु उपयुक्त हुन्छ गरिहाल ! स्यालको यस्तो कुरा सुनेपछि काचै मासु लुछेर खाने ब्वाँसो पनि पुच्छर लुकाएर भाग्यो । त्यसपछि उक्त ठाउँमा न्याउरी मुसा पुग्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तमुवाच महाराज नकुलं जम्बुको बने ॥
स्वबाहुबलमाश्रित्य निर्जितास्तेऽन्यतो गताः ॥१०९॥
मम दत्त्वा नियुद्धं त्वं भुङ्क्ष्व मांसं यथेप्सितं ॥

त्यसपछि स्यालले न्याउरीलाई यसरी भन्यो- ए न्याउरी ! मैले आफ्नो वाहुवलले जितेर वाघ, ब्वाँसो, मुसोलाई अन्यत्र भगाइसकें । उनीहरू मसँग हार मानेर अन्यत्र गइसके । यदि तँसँग पनि हिम्मत भए मसँग आएर लड् । अनि मलाई जितेपछि अघाउन्जेल मासु खालास् ।

न्याउरीले भन्यो-

मृगराजो बृकश्चैव बुद्धिमानपि मूषिकः ॥११०॥
निर्जिता यत् त्वया वीरास्तामात् वीरतरो भवान् ॥
न त्वयाप्युत्सहे योद्धुमित्युक्तवा सोऽप्युपागमत् ॥१११॥

वाघ ब्वाँसो, बुद्धिमान् मुसो यी सबै वीरलाई तिमीले जितिसक्यौ भने तिमी त वीर शिरोमणि भयौ । म पनि तिमीसँग लडाइँ गर्न सक्तिन । यति भन्दै न्याउरी मुसो पनि त्यहाँबाट एकातिर लाग्यो ।

कणिकले भनेः-

एवम् तेषु प्रयातेषु जम्बुको हृष्टमानसः ॥
खादति स्म तदा मांसमेकः सन् मन्त्रनिश्चयात् ॥११२॥
एवम् समाचरन्नित्यं सुखमेधेत भूपतिः ॥
भयेन भेदयेद् भीरुं शूरमञ्जलि कर्मणा ॥११३॥
लुब्धनमर्थप्रदानेन समं न्यूनं तथौजसा ।
एवम् ते कथितं राजञ्श्रृणु चाप्यपरं तथा ॥११४॥
सपथेनापरिं हन्यादर्थदानेन वा पुनः ॥
बिषेण मायया वापि नोपेक्षत कथंचन ॥
उभौ चेत् संशायोपेतौ श्रद्धावाँस्तत्र बर्द्धते ॥११५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्रकारले सवै (वाघ, व्वाँसो, मुसो) हिंडिसकेपछि स्याल हर्षित भयो। आफूले एक्लैले हरिणलाई खायो। यसैले स्यालले गरेको जस्तै आचरण व्यवहार गरिरहने राजाले सदैव सुख पाउँछ र उन्नति प्रगति पनि गर्न सक्छ। यसैले डरपोक र कातरलाई डर देखाएर सिध्याओस् आफूभन्दा वलियो भए हात जोडेर तह लगाओस्। लोभीलाई धन दिएर आफू समान भएका वा कमजोरलाई पराक्रमद्वारा वशमा ल्याउनुपर्दछ। यी सवै नीतिका कुरा पनि हुन्। किरिया खानु, वाचावन्धन जे गर्नुपर्छ गरेर सम्पत्ति वा विष जे दिँदा ठीक पर्दछ सोही काम गरेर धोखा नै दिएर पनि शत्रुलाई मारेरै छाडोस्। शत्रुलाई कदापि उपेक्षा गर्नुहुँदैन, यस्तो गर्ने र यी कुराहरूको ख्याल राख्ने राजाहरूको सदैव उन्नति हुन्छ।

क्रुद्धोऽप्यक्रुद्धरूपः-

स्यात् स्मित पूर्वाभिभाषिता ॥
न चाप्यन्यमपध्वंसेत् कदाचित् कोपसंयुतः ॥११६॥
प्रहरिष्यन् प्रियं ब्रूयात् प्रहरन्नपि भारत ॥
प्रहत्य च कृयायीत शोचेत च रुदेत च ॥११७॥

भित्रभित्रै रिस उठिरहेको भए पनि देखावटीमा नरिसाएको जस्तो हुनुपर्दछ र मुस्कुराएर कुराकानी गर्ने वानी वसाल्नुपर्छ। रिसको आवेगमा आएर अरूलाई तिरस्कार गर्नुहुँदैन। शत्रुलाई प्रहार गर्दागर्दै र आक्रमण गर्नुअगाडि मीठो वचन प्रयोग गरोस्। साथै शत्रुलाई मारिसकेपछि पनि शत्रुप्रति दया देखाओस्। उसको निम्ति शोक गरोस्, रोओस् र आँसुसमेत खसालोस्।

आश्वासयेच्चापि पर सान्त्वन धर्मार्थवृत्तिभिः ॥
अथास्य प्रहरेत् काले यदा बिचलिते पथि ॥११८॥

शत्रुलाई सम्झाई वुझाई, धर्मको कुराहरू गरेर, धन दिएर, अनि राम्रो व्यवहार गरेर आश्वस्त पारोस्। शत्रुका मनमा आफूप्रति विश्वास पैदा गराओस्। जव शत्रु आफ्नो वाटोमा विचलित हुन थाल्दछ, अनि शत्रुउपर प्रहार गर्न थालोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपिघोरापराधस्य धर्ममाश्रित्य तिष्ठतः ॥
स हि प्रच्छाद्यते दोषः शैलो मेघैरिवासितैः ॥११९॥

देखावटी रूपले धर्माचरण गर्नाले ठूलो अपराध गर्नेको दोष (अवगुण) हरू पनि कालो वादलले पहाडको टाकुरामा ढाकिए जस्तै ढाकिन्छन् ।

यः स्यादनुप्राप्तवधस्तस्यागारं प्रदीपयेत् ॥
अधनान् नास्तिकांश्चौरान् बिषये स्वं न वासयेत् ॥१२०॥

जसलाई तुरुन्तै मार्न मन लाग्दछ, उसको घरमा आगो लगाइदिनुपर्छ धनिहीन (गरीव), नास्तिक र चोरहरूलाई आफ्नो राज्यमा वस्न दिनुहुँदैन ।

प्रत्युथानासनाद्येन सम्प्रदानेन केनचित् ॥
प्रतिविश्रब्धधाती स्यात् तीक्ष्णदंष्ट्रो निमग्नकः ॥१२१॥

शत्रु आफूकहाँ आउँदा अगवानी गरोस्, आसन र खानेकुरा देओस्, उसलाई मनपरेको चिज भेटमा देओस् । यसरी व्यवहार गर्दा आफूप्रति पूर्णविश्वास पैदा भएपछि पनि आफ्नो फाइदाका लागि यस्ता मान्छेलाई मार्न कति पनि हिच्किचाउनुहुँदैन । शत्रु फेरि उठ्नै नसक्ने गरी सर्पले तीखा विषालु दाँतले डसेजस्तै गरी प्रहार गरोस् र शत्रु उठवस नै गर्न नसकोस् ।

अञ्जलिः समथः सान्त्वं शिरसा पादवन्दनम् ॥
आशाकरणमित्येव कर्तव्यं भूतिमिच्छता ॥१२२॥
बाचा मृशं बिनीतः स्याध्दृदयेन तथा क्षुरः ॥
स्मितपूर्वाभिभाषि स्यत् सृष्टो रोद्राय कर्मणे ॥१२३॥

मौका हेरेर करजोडी नमस्कार गर्नु, शपथ लिनु, आश्वासन दिनु, खुट्टामा लम्पसार परेर ढोग्नु, आशान्वित तुल्याउनु आदि कार्य ऐश्वर्य चाहने शासक (राजा) ले गर्नुपर्छ ।

शासक (राजा) ले कुराकानी गर्दा अत्यन्त विनयशील हुनुपर्छ तर मनभित्र छुराजस्तो धारिलोपना राख्नुपर्छ । अत्यन्त भयानक काम गर्न थाल्दैछ भने पनि मुस्कुराएरै कुराकानी गर्ने गरोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अगर्वितात्मा युक्तश्च सान्त्वयुक्तोऽनसूयिता ॥
अवेक्षितार्थः शुद्धात्मा मन्त्रयीत द्विजै सह ॥१२४॥

शासक (राजा) ले आफ्ना मनबाट अहंकारलाई निकालिदिनुपर्छ। चित्तलाई एकाग्र राख्नुपर्छ। सबैसँग मीठो बोल्नुपर्छ। अरूका दोष (अवगुण) प्रकट गर्नुहुँदैन। सबै कुरामा दृष्टि पुऱ्याउँदै शुद्धचित्तले बुद्धिजीवीहरूसँग सरसल्लाह गर्नुपर्छ।

मन्त्रसंवरणे यत्नः सदा कार्योऽनसूयता ॥
आकारमभिरक्षेत चारेणाप्यनुपालितः ॥१२५॥

शासक (राजा) ले अरूहरूका दोष (अवगुण) हरूलाई प्रकट गर्नुहुँदैन। गोप्य विषयहरूमा गोपनीयता राख्न सधैं नै प्रयत्न गर्नुपर्दछ। अरूका देशका गुप्तचरहरूसँग त आफ्नो अनुहार पनि गुप्त राख्नुपर्दछ अर्थात् रिस खुसी प्रकट हुने व्यवहार वा चेष्टासम्म पनि गर्नुहुँदैन। साथै आफ्ना गुप्तचरहरूसँग समेत आफ्ना गुप्त कुरालाई गोपनीय नै राख्नुपर्दछ।

कशितं व्याधितं क्लिन्नमपानीयमघासकम् ॥
परिविश्वस्तमन्द च प्रहर्तव्यमेरर्बलम् ॥१२६॥

जब शत्रुपक्षको फौज कमजोर, रोगग्रस्त, हिलो र पानीमा फसेको, भोक र प्यासले पीडित भई सबैतिरबाट बेफिकर भई निश्चेष्ट रहेको छ भने त्यसैबेला शत्रुउपर प्रहार गर्नुपर्दछ।

नार्थिकोऽर्थिनमभ्येति कृतार्थे नास्ति संगतम् ॥
तस्मात् सर्वाणि साध्यानी सावशेषाणि कारयेत् ॥१२७॥

धनवान् मानिस (धनी व्यक्ति) अर्को कुनै पनि धनी मान्छेकहाँ जाँदैन। जसका सबै काम पूरा भइसके उसले कसैसँग पनि मित्रता गाँस्न मन गर्दैन। यसैले आफूले पूरा गर्नुपर्ने अरूहरूको काम अधुरो नै राखिरहनुपर्दछ, जसअनुसार त्यस्तो व्यक्ति बरावर आफूकहाँ आतेजाते गर्दै सम्पर्कमा रहिरहोस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संग्रहे बिग्रहे चैव यत्नः कार्योऽनसूयता ॥
उत्साहश्चापि यत्नेन कर्तव्यो भूतिमिच्छता ॥१२८॥
नास्य कृत्ययानि बुध्यन् मित्राणी रिपवस्तथा ॥
आरब्धान्येव पश्येरन् सुपर्यवसितान्यपि ॥१२९॥

आफ्नो उन्नति चाहने शासक (राजा) ले अरूको दोष प्रकट नगरेर सदैव आवश्यकीय वस्तु (सामग्री) हरू संकलन गर्न लागिपरोस् । साथसाथै शत्रुहरूसँग लडाइँ लड्न पनि प्रयत्नशील भइरहनुपर्दछ । राजाले कुन बेलामा के गर्दैछ भन्ने कुराको मित्र र शत्रु कसैले पनि सुइँको पाउनुहुँदैन । शासकले गर्न खोजेको काम कुराहरू कार्यारम्भको समयमा र कार्य समाप्तिको समयमा मात्र अरू सबैले देख्न सकून् ।

अनागतं हि बुध्येत यच्च कार्यं पुरः स्थिकम् ॥
न तु बुद्धिक्षयात् किंचिदातिक्रमेतृ प्रयोजनम् ॥१३०॥
उत्साहश्चापि यत्नेन कर्तवयो भूतिमिच्छता ॥
विभज्य देशकालौ च दैवं धर्मादियस्त्रयः ॥
नैः श्रेयसौ तु तौ ज्ञेयौ देशकालाविति स्थितिः ॥१३१॥

भविष्यमा नगरिनहुने कुनै काम भए गर्नुअगाडि सर्वप्रथम त्यसको पक्ष र विपक्षको विचार गरोस् । तत्कालै वा वर्तमान समयमै नगरिनहुने काम देखापरेका त्यसलाई पनि बुद्धि लगाई विचार पुऱ्याएर नै सम्पन्न गर्नुपर्दछ । आफ्नो बुद्धिद्वारा निश्चय नगरी कुनै पनि काम वा उद्देश्यलाई परित्याग गर्नुहुँदैन । उन्नति र प्रगति चाहने मानिसले देश, काल परिस्थितिलाई विभाजन गरेर यत्नसाथ उद्योग गर्नेतर्फ लागिरहनुपर्दछ । देश, काल, परिस्थितिर्फ दृष्टि पुऱ्याएर मात्रै प्रारब्धकर्म र धर्म, अर्थ कामलाई सेवा गरिरहनुपर्दछ । देशकाल परिस्थितिलाई मङ्गल कार्यको प्रधानतत्त्व हो भन्ने सम्झनुपर्दछ । यही नै नीतिशास्त्रको सिद्धान्त हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तालवत् कुरुते मूलं बालः शत्रुरूपेक्षितः ॥
गहनेऽग्निरिवोत्सृष्टः क्षिप्रं संजायते महान् ॥१३२॥
अग्निं स्तोकमिवात्मानं संघुक्षयति यो नरः ॥
स वर्धमानो ग्रसते महान्तमपि संचयम् ॥१३३॥

सानोभन्दा सानो भए पनि शत्रुलाई उपेक्षा वा बेवास्ता गर्नुहुँदैन। कमजोर भएको शत्रुले के नै पो बिगार्ला भनेर निःशङ्क बसेमा त्यस्ता शत्रुले ताडको रूखले जरा फैलाए झैं आफ्नो शक्तिलाई दह्रो गराउँदै लैजान्छ। साथै वनमा फालेको आगोले झैं शीघ्र भयंकर विनाशकारी रूप लिनेछ।

जुन मानिस सानो आगोको फिलिंगो झैं सहयोगी पदार्थद्वारा विस्तारै प्रज्वलित हुँदै जान्छ अर्थात् उन्नति गर्दै जान्छ। कुनै दिन बहुत शक्तिशाली बनेर शत्रुरूपी इन्धनको ठूलो थुप्रोलाई पनि एकै गाँसले निलेजस्तै गरेर निभाइदिन्छ।

क्षुरो भूत्वा हरेत् प्राणान् निशितः कालसाधनः ॥
प्रतिच्छन्नो लोभहारी द्विषतां परिकर्तनः ॥१३४॥

जसरी फलामले बनेको छुरा (चक्कु) लाई शान लगाएर धारिलो पारिन्छ, छालाको थैलोभित्र लुकाएर राखिन्छ समयमा काम पर्दा शरीर र टाउकाको सबै रौंलाई त्यसद्वारा खौरिइन्छ। त्यसैगरी, शासक (राजा) ले पनि अनुकूल अवसरको अपेक्षा राखेर आफ्नो मनोभावलाई छिपाउँदै काम लाग्ने वस्तुहरू लुकाएर राखोस्। त्यसपछि छुराले जस्तै कत्ति पनि दया नराखी शत्रुलाई समूल (जरैदेखि) सखाप पारोस्।

राजा धृतराष्ट्रलाई यिनै कूटनीतिका कुराहरू भनिसकेपछि कणिक आफ्नो घरतर्फ लागे। उता धृतराष्ट्र भने शोकमग्न हुनथाले।

कणिकको कूटनीति समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा विदुरजीद्वारा श्रीकृष्णको प्रेमपूर्वक सत्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्य

जीवनी

र

नीतिशास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा वात्स्यायन (आचार्य) द्वारा जन-जागरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- १

व्यवस्थाको त्यो अद्भूत युग थियो जसले चाणक्यलाई जन्मायो । उनी त्याग र दृढसंकल्पको अनौठो उदाहरण नै थिए । आफू छाप्रोमा वसेर पनि उनले एउटा अज्ञात युवकलाई राजमहलसम्म पुऱ्याउनु कूटनीतिको पराकाष्ठा थियो । आज उनै चाणक्यजस्तो प्रवल प्रज्वल पुरुष हाम्रो यो आर्यावर्तलाई आवश्यक छ जसले पुनः एकसूत्रमा वाँध्न भनी कम्मर कसोस् । चाणक्यको जीवन-चरित्र पढेपछि तपाईं यो बुझ्न सक्नुहुन्छ कि उनी कुन कारणवाट एक असहाय अनाथ बालक युगपुरुष बन्न पुगे । नन्दवंशलाई परास्त गरेर कसरी चन्द्रगुप्त मगध साम्राज्यको सम्राट (चक्रवर्ती राजा) बने । एक दिन उनले आफ्ना गुरु एवम् प्रधानमन्त्री 'कौटिल्य'लाई भनेका थिए- गुरुदेव ! लक्ष्यप्राप्तिरूपी सन्तुष्टि प्राप्त भएपछि पनि मन एकदमै खिन्न, उत्साहहीन र चञ्चले जस्तो किन हुन्छ ? सम्पूर्ण वस्तु पाएर पनि केही नपाइएझैं किन लाग्दछ ? सन्तोषको शान्त र शीतल लक्षणको प्रभावले संघर्षरूपी स्वर्गीय सुखको तुलनामा फलप्राप्ति रूपी आनन्द सामान्य बन्न जान्छ । गुरुजीले भन्नुभयो- राजन् ! अन्तिम (चरम) लक्ष्यसम्म पुगेपछि मानिसको कर्तव्यपरायणता, रुचि र परिश्रम घट्दै जान थाल्छ । 'असम्भवको' नेटो पार गर्ने कुराको पर्यायवाची शब्द नै 'वास्तविक लक्ष्य' हो अथवा असम्भव भन्ने वस्तुको नामेट गराउनु । यस संसारमा असम्भव भन्ने वस्तु छैंदै नै छैन ।

ऐतिहासिक पूर्वप्रसङ्ग

पुरानो भारत-वर्षका धेरै राज्यमध्ये एउटा विशाल राज्य थियो-मगध । मगधमा किस्किन्धा नगरीबाट सीतालाई खोज्न सुग्रीवले हनुमान्जस्ता वीर वानरहरूलाई पठाएका थिए । त्यही मगध जहाँ पाण्डवका पिता पाण्डुले आक्रमण गरेर अभिमानी युगलाई समाप्त पारे । भारतवर्षको इतिहासमा मगध त्यतिबेला चर्चामा आयो जुन समय महाभारतकालमा वृहद्रथका वीर पराक्रमी पुत्र जरासन्ध मगधको राजधानी गृहव्रजको राजसिंहासनमा आसीन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए । यिनै जरासन्धले गृहव्रजमा भीमसेनसँगको युद्धमा वीरगति प्राप्त गरेका थिए । जरासन्धपछिको पीढिले युगौंयुगसम्म राज्यको शासन चलाए । जरासन्धीय इतिहासको अन्तिम शासक निपुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिंहासनमा वसे । प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठ्तीस (१३८) वर्ष (६४२ ई.पू.) सम्म शासन गरे । शिशुनाम मगधको राजसिंहासनमा वसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो । ई.पू. ५२८ अगाडि विम्विसारले मगधको सत्ताको सूत्र आफ्नो हातमा लिए । अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम विम्विसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे । एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अर्कातर्फ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जडता र रुढिवादिताबाट ग्रसित त्यतिवेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो । यो नवजागरणको सन्देश भगवान् महावीर र तथागत वुद्धले फैलाएका थिए ।

राजसंघर्षका कारण रगत लतपतिँदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सद्भावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य वन्न पुग्यो । सत्य फैलिरहेको थियो-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए । भारतवर्षमा यौटा वैभवशाली सहर बन्नगयो- 'मगध' । अजातशत्रुले विज्यहरूसँगको युद्धकार्यका लागि पाटलीग्राम (पटना)- मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए । त्यसै दिन विहान भगवान् वुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे- 'आनन्द ! उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला वनाउँदैछन् ।' भगवान् वुद्धले भन्नुभयो- 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ ।' भगवान् वुद्धद्वारा भनिएको भयको वातावरणरूपी भविष्यवाणी सत्य सावित भयो । अजातशत्रुका छोरा उदयनले गंगा र क्षोण नदीको किनारामा पाटलीपुत्र (पटना) नामक सहरको स्थापना गरे । वास्तुकलाका पारंगत पं. महागोविन्दद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइएको मगधको साविकको राजधानी राजगिरीलाई छाडेर नवनिर्मित पाटलीपुत्रलाई मगधको नयाँ राजधानी बनाइयो । यसै पाटलीपुत्रको राजसिंहासनमा वस्ने नन्दवंशका प्रथम शासक महापद्म नन्दले एउटा विशाल साम्राज्यको स्थापना गरे । यही मगध साम्राज्य नन्दवंशका अन्तिम राजा धनानन्दको हातमा पऱ्यो । यसै प्रसंगलाई इतिहासले चाणक्य प्रादुर्भाव हुनुभन्दा लगत्तै पहिलेको अवस्थालाई इंगित गरेको पनि छ ।

× × ×

चाणक्यको जीवन चरित्र

इतिहासका धेरै पन्नाहरू पल्टाएपछि केही हजार वर्ष पहिलेको यो आर्यावर्त भौगोलिक रूपले हिमालयदेखि द्रविडसम्म र गान्धारदेखि ब्राह्मदेशसम्मको विशाल क्षेत्र भए पनि स-साना राज्यमा टुक्रिएको अवस्थामा रहेको थियो ।

यही आर्यावर्तमा एउटा शक्तिशाली एवम् वैभव-सम्पन्न राज्य छ, मगध । मगधको एक सीमावर्ती सहरमा रहेको एक साधारण घर जसलाई घर नभनेर आश्रम अथवा झुप्रो (झोपडी) भन्नु नै धेरै वेश होला । पक्की पर्खालमा खरका दुई कोठा, माटाले लिपीपोती सफा गरिएको आँगन, बीचमा एउटा जमुनाको रूख, रूखमुनि किलामा बाँधिएकी एउटी गाई आफ्नो वाच्छोसँग उभिएर घाँस खाइरहेकी ।

यसमा वस्छन् एक विद्वान्, तर दरिद्र ब्राह्मण आचार्य चणक ठूलो निधार त्यसमा लगाइएको चन्दनको त्रिपुण्डक, आँखा ठूलाठूला काँधदेखि नाभीसम्म झरेको जनै र शरीरमा एउटा मेखलाजस्तो वस्त्र जो धोतीका रूपमा लगाएका छन् । त्यसको केही भाग आफ्ना काँधमा पनि पुऱ्याएका छन्, विद्वत्ता एवम् दरिद्रताका प्रतिरूप आचार्य चणक व्याकुलताले यताउति घुमिरहेछन् ।

झुपडीमा प्रसववेदनाले पीडित पत्नीका कारण यिनमा व्याकुलता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको हो । चणक पटक-पटक उत्कण्ठाले झुपडीतिर हेर्छन्, कहिले उनका दुई हात ईश्वर-स्मरणका लागि जोडिन्छन् । कहिले आफ्ना सम्पूर्ण व्याकुलता र चिन्ता ईश्वरलाई भन्न चाहन्छन् ।

एकै छिनपछि 'पण्डितजीलाई शुभकामना' यो स्वरले उनको तन्द्रा भंग हुन्छ । झुपडीको ढोका खोलेर सुत्केरी गराउने स्त्री सुडेनी बाहिर आउँछे । आचार्य चणक ईश्वरलाई धन्यवाद दिदै खुसी भएर आफ्नो झुपडीभित्र प्रवेश गर्छन् ।

झुपडीमा एउटा साधारणजस्तो शैय्यामा उनकी पत्नी शान्त स्वभावले थाङ्नामा पल्टी आफ्नो छोरालाई हेरिरहेकी छिन् । आचार्य हिँडेको पाइलाको आवाज सुनेर उनी ढोकातिर खुसीको हाँसो हाँसेर हेर्दै भन्छिन्- 'स्वामी ! ईश्वरले हाम्रो प्रार्थना सुने, हामीलाई पुत्ररत्न प्राप्त भएको छ, ती परमात्मालाई कोटीकोटी प्रणाम ! हामी वृद्धावस्थामा भएकालाई सहारा दिए ।'

आचार्य चणकले भने- 'देवी ! मेरा लागि त ईश्वर तिमी नै हौ किनकि पुत्ररत्नको प्राप्ति मलाई तिमीबाट नै भयो ।' यो कुरा त्यो नवागन्तुकले पनि सुनिरहेको छ कि जस्तो भान ती दम्पतीलाई भयो, उता त्यो नवागन्तुक आफ्ना हातखुट्टा हल्लाउँदै हाँस्छ । बालकको मुखमण्डल एक अलौकिक तेजले देदीप्यमान छ ।

आचार्य चणक भन्छन्- 'हाम्रो कुलमा धेरै वर्षपछि कुलदीपक पाइयो । अतः म यसको नाम आफ्नो कुलअनुसार नै राख्छु, यसको नाम 'कौटिल्य' हुनेछ । चणकका कुलको नाम 'कौटिल' थियो ।'

आचार्य चणक मनमनै सोच्दै भन्छन्- 'छोरो त मलाई ईश्वरले दिए, तर म यसलाई के दिन सक्छु ? यो कुनै राजाको घरमा जन्म लिन्थ्यो भने यसले राज्य गर्दथ्यो तर म ? म त यसलाई खाली ज्ञान वा विद्या नै दिन सक्छु ।' प्रत्युत्तर पनि स्वयम् आत्माबाटै यस्तो निस्कन्छ कि 'ज्ञान धनभन्दा ठूलो' हुन्छ । विद्वान्का साथमा धन नहोस् तर धनीहरू अन्तमा विद्वान्कै आश्रय लिने गर्छन् र भन्ने गरिन्छ 'विद्वान् सर्वत्र पूज्यते' । त्यसकारण विद्वान् सबैबाट पूज्य हुँदै आएका छन् । म आफ्नो छोरालाई यति शिक्षा दिन्छु कि स्वयम् राजा र राज्य यसका अगाडि झुकून् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै कुरा सोच्दासोच्दै चणकका आँखाबाट खुसीका दुई थोपा आँसु चुहिएर बालकका शिरमा परे। उनकी पत्नी पनि आँखाभरि आँसु बनाएर चणकका मनका व्यथा बुझेजस्तै गरी भन्न लागिन्- 'स्वामी ! बालक धेरै प्रतिभाशाली र यशस्वी हुनेछ। यसका कीर्ति युग-युगान्तरसम्म कायम रहनेछ।'

× × ×

समयको चक्र निरन्तर निर्बाध रूपले चलिरहेको छ। मगध नरेश महानन्द दिनरात रूप, रस, गन्ध र स्पर्शमा चुर्लुम्म छन् अर्थात् मोजमस्ती, युवतीका साथ क्रीडा आदि सम्पूर्ण रसमा डुबेका छन्। महलमा मीठा बोलीका नागिनीहरूले राज्यलाई डस्न र राज्य हडप गर्न आफ्ना फणाहरू फिँजाएर नाचिरहेछन्। उता युनानी आक्रान्ता सिकन्दरको भारतवर्षमाथि आक्रमण गर्ने समाचार दिन-परदिन सुनिन्छ। छिमेकी राज्य मालव, पारस, सिन्धु अनि पर्वतीय प्रदेशहरू पनि मगधलाई गिद्धे दृष्टिले हेरिरहन्छन्।

आचार्य चणक जसका कपाल सेतै भइसके। त्यस्तो समयमा उनका निधारमा चिन्ताका भावहरू प्रष्ट देखिन्छन्, तर शरीरले हरेस खाएको थिएन। खुट्टामा तागत अझै छ भन्ने विश्वास उनलाई छ, व्याकुल भएर यताउति घुमिरहँदा उनलाई छिनछिनमा यो विचारले आकुल पार्दथ्यो कि मेरो देशको के गति होला ? के नन्दको निरंकुश शासन यस्तो किसिमबाट चलिरहला ? अहँ ... यस्तो हुन दिइँदैन केही गर्नैपर्छ। मैले आफ्ना मित्र शकटारसँग सल्लाह गर्नैपर्छ। यो विचार गर्दै आचार्य चणक मन्त्री (अमात्य) शकटारका महलतिर लागे।

द्वारपालले (ढोकेले) आदरपूर्वक चणकलाई अमात्य भएका ठाउँमा पुऱ्यायो। अमात्य शकटारले श्रद्धापूर्वक नमस्कार गरी उनलाई साथमा लिई गोप्य कोठामा प्रवेश गरे।

त्याग र सत्यका साक्षात् रूप चणक एउटा चौकीमाथि बसे। अलिकति टाढा आसनमा शकटार बसे, बस्नासाथ चणक भन्दछन्- 'महागुण अमात्यलाई आश्चर्य भइरहेको होला कि चणक यो आधारातमा अमात्यका महलमा किन आयो ?' फेरि गम्भीर बन्दै भने, म मेरा मित्रका त्यागबाट परिचित छु, त्यसमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा लागि केही छैन, अँ वरु राष्ट्रको चिन्ता त्यति नै छ। यसैकारण यो ब्राह्मण यहाँ आएको छ। मगधका अधिपतिको विलासिता, धर्मान्धता र निरंकुशताले राष्ट्र डरलाग्दो कुचक्रमा फँस्दै गइरहेछ। कुनै पनि समयमा विस्फोट हुनसक्छ। यसले फाइदा दोस्रो राज्यले लिन सक्छ! चणकले अत्यन्त चिन्तित स्वरले भने।

चिन्ता नगर चणक! शकटारका आँखा वन्द छैनन्, कुचक्र गर्नेहरूका कुनै पनि कामलाई शकटारका आँखाले नदेखेको छैन। महानन्दका पाइला पाइलाका कुराहरूसँग शकटार परिचित छ।

चणक केही उत्तेजित स्वरमा बोले- 'यदि सबै कुरा जान्दछौ त काखीमा च्यापेको सर्पलाई किन समाप्त गर्दैनौ ? देशलाई चारैपट्टिबाट विदेशीहरूले आँखा गाडिरहेछन्, राजकोष (राजढुकुटी) लुटाइरहेछन्, शक्तिका नशामा चुर भएर मगध देशका शासक मनखुसी गरिरहेछन्। आश्चर्य छ अमात्य! हामी फेरि पनि केही गर्न सक्तैनौं।'

चिन्ता नगर चणक! जबसम्म राक्षसजस्तो दूरदर्शी महामात्य मगधमा छ तबसम्म मगधको रौं पनि कसैले टेढो पार्न सक्तैन। अमात्य! राक्षस र कात्यायन सबै नन्दप्रति पूर्ण समर्पित छन्, यस्तैमा तपाईं स्वयं कुनै पनि कारणले महामात्यका पदसम्म पुग्नुपर्छ, त्यो पनि यसरी कि राक्षसलाई अलिकति पनि शंका हुनुहुँदैन र नन्द पनि यो सम्झिरहोस् शकटार मेरो शुभचिन्तक हो।

यसरी धेरै समय तर्क-वितर्कसाथ सल्लाह भइरह्यो अनि सूर्योदयभन्दा पहिले नै चणक पुनः आफ्नो झुपडीमा फर्के। यता महामात्य राक्षस जसका दुवै हात महाबलिष्ठ, प्रतिभामा सरस्वती र हृदयमा महाराज नन्दको निवास थियो। आफ्ना गुप्तचरहरूबाट मगधको कण-कणको सूचना पाइरहन्थ्यो। उसलाई एउटा गुप्तचरबाट जो शकटारको निवासमा द्वारपाल थियो जसको गुप्त सन्देशबाट चणक र शकटारको गोप्य सल्लाहको जानकारी थियो।

× × ×

महामात्य राक्षस तुरुन्तै महानन्दको महलतर्फ जान हिंडे। राजभवनको मुख्य ढोकामा राक्षसको सवारी आएर रोकियो र सवारीबाट महामात्य ओर्लेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शयनकक्ष (सुत्ने कोठा) तिर बढे । उसलाई देख्ने वित्तिकै राजकीय अभिवादनका साथ प्रत्येक प्रहरी तन्केर (पोजिसन लिएर) खडा भए । अंगरक्षक अवन्त पनि सतर्क भएर आफ्ना शस्त्रसहित सीधा खडा थियो । राक्षसले तीखो नजरले हेर्दै अवन्तसँग भयो- 'महाराजलाई उठाऊ र भन कि महामात्य तुरुन्त भेट गर्न चाहन्छ ।'

महानन्द लडखराउँदै बिउँझे, आफ्नो सामुन्नेमा राक्षसलाई देखी उनको सारा लड्खडाहट भागेर गयो । तिनले अल्छीलाग्दो तर स्नेहयुक्त स्वरमा भने- 'यत्रो आधारातको समयमा अपर्झट आगमन ! अवश्य नै कुनै गोप्य कुरा होला है ?' हो महाराज ! सवारी होस् एकछिन् वगैंचामा जाऔं । महलको भव्य उद्यान । ठाउँ-ठाउँमा नानाथरीका फूल फुलेका छन् । राम्रा-राम्रा रूखहरू र लहराले सजाइएका, विनावस्त्रका नारी प्रतिमाहरू तलाउका बीचमा बनाई जडिएका थिए । फोहराले वातावरण ठण्डा पारिरहेका थिए, अधीर महाराज नन्द राक्षससँग हिँडिरहेका थिए । उनका मुखमा उत्सुकता र व्याकुलता दुवै देखिन्थे । एउटा बाक्लो लतानिकुञ्जको मुन्तिर एकान्त वन सिंगमरमरको आसनमा राक्षस पनि महाराजसँगै बसे ।

राक्षसले गम्भीर मुद्रा बनाएर भने- 'महाराज ! उता षड्यन्त्रका तानावाना बुनिरहेछन् तर हजुर यता यौवन र मदिरामा लिप्त हुनुहुन्छ । भर्खरभर्खरै गुप्तचरबाट सूचना पाइयो कि अमात्य शकटारसँग कुनै वूढो ब्राह्मण मध्यरातमा भेट्न आउँछ, शकटार उसलाई गोप्य सल्लाह दिन आफ्नो गर्भगृहमा लगी, राज्यविरुद्ध गहिरो षड्यन्त्र गरिरहेछन् । हामीले यसलाई रोक्नुपर्छ ।'

महानन्दले विवश तर विश्वासको स्वरमा भने- 'म त अधिनायक तिम्रै भरोसामा छु मित्र ! मित्र ! तिमीजस्तो सहयोगी जुन राजालाई प्राप्त हुन्छ उसलाई के कहिल्यै संकट आउन सक्ला ?'

त्यो त ठीक छ, महाराज ! राक्षसको प्रत्येक सास मगध र मगधाधिपतिका लागि पूर्ण समर्पित छ । तर, पानी शिरदेखि माथि चढ्नुभन्दा पहिले नै हजुरले रोग तथा वृद्धत्वको आड लिएर शकटारलाई अपदस्थ (च्युत) गरिदिनोस् र कात्यायनलाई शकटारको पद दिनोस्, म त्यो बूढो ब्राह्मणलाई पत्ता लगाई बन्दी बनाइदिन्छु । (जेलमा हालिदिन्छु) किनकि मुख्य शत्रु पनि त्यही बूढो नै हुनसक्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु मित्र ! शकटारलाई एक्कासि अपदस्थ गर्नु के उचित होला ? कतै प्रजाहरूमा यसको प्रतिकूल प्रभाव नपरोस् ? के हजुरलाई राक्षससँग विश्वास छैन राजन् ! राक्षस जुन पाइला उठाउँछ, पर्याप्त विचार गरेपछि मात्र उठाउँछ । त्यसो भए ठीक छ, म अहिले नै आदेश दिन्छु ।

यसरी कुरा गरिसकेर राक्षस राजभवनबाट बाहिर आए । महाराज नन्द पनि फर्केर आफ्नो सुत्ने खोपीमा गए । तर, जुन कुरा गोप्य राख्ने उद्देश्यले राक्षस र महानन्द यो एकान्त ठाउँमा आएका थिए, त्यो कुरा झाडीको पछाडि लुकेको बालकले बडो ध्यान लगाएर सुनिरहेका थिए जो बिहानको पूजाका लागि फूल टिप्न आएका थिए । एकदम सतर्क भई पाइलाको आवाज ननिकाली बगैंचाबाट निक्ली बालक नजिकैको गल्लीमा अदृश्य भए ।

यता राक्षस द्वारपालको निवासतर्फ लागे र यो पत्ता लगाए कि शकटारको महलमा ड्युटी गर्न कुन द्वारपाल खटिएको थियो र यो काममा सहयोग गर्न पनि त्यही गुप्तचर बेस हुन्छ जो शकटारका महलको बाहिर द्वारपाल भई बस्छ । त्यही गुप्तचरबाट उनलाई थाहा हुन्छ कि शकटारसँग बस्ने द्वारपालको नाम देवीदत्त हो । उनी तुरुन्तै देवीदत्तको निवासतिर लम्किए ।

देवीदत्त डराउँदै भन्छ- 'अन्नदाता ! यो त म जान्दिनँ तिनी कहाँ बस्छन् तर नाम चणक हो भन्ने मैले सुनें । ती अग्ला र बूढा थिए, आँखा चम्किला थिए, निधारमा त्रिपुण्ड्र धारण गरेका थिए । तिनी यहाँबाट दक्षिण दिशातर्फ लागेका थिए ।'

हुँ ... एक गम्भीर हुंकार साथ राक्षसले भने- 'सुन देवीदत्त ! त्यस बूढालाई बन्दी बनाउनुपर्छ, त्यो सैनिकदलको नेतृत्व तिमीले गर्नेछौ, त्यसपछि त्यहीं सैनिक टुकडीको नायक तिमी हुनेछौ । यही तिम्रो पुरस्कार हुन्छ । कार्य पूरा भएन भने ... परिणाम तिमी जान्दछौ नै ।' यति भनी राक्षस फर्केर आफ्नो आवासतिर प्रस्थान गरे ।

× × ×

स्वाँ... स्वाँ... र फ्वाँ... फ्वाँ गर्दै कौटिल्य घरमा पसे । उनले एक सासमै राक्षस र नन्दबीच भएका कुराको सारा वर्णन आफ्ना पितालाई सुनाए । कौटिल्यको कुरा सुन्दै चणक आश्चर्यमा परे, उनका आँखाका अगाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको आततायी नीति नाच्न थाल्यो । उनले सोचे- के राजद्रोहका अपराधमा आफूलाई वन्दी बनाउला ? राक्षसले अवश्य पनि मलाई शूलीमा चढाउँछ, मलाई मात्र हैन मेरो आशाको एकमात्र दीपक कौटिल्य पनि ती क्रूर हातवाट के वच्न सक्ला र ? समयभन्दा पहिले नै क्रान्तिको अभिलाषा समाप्त भयो ।

कौटिल्यले आफ्ना पितालाई विचारमा डुवेको देखेर भने- 'पिताजी ! विचारमग्न भएर समय नगुमाउनुहोस्, जुक्तिको काम लिनोस् । हामी तुरुन्त यहाँबाट टाढा जानुपर्छ । पछिका कुरा पछि नै हेरौंला ।' तुरुन्त दुवैजना कपडामा वेरिएर लुक्तै-लुक्तै जंगलपट्टि लागे- टाढा धेरै टाढा एउटा गाउँको किनारमा ।

'बाबु ! अव यो बूढो हिँड्न सक्तैन, यहीं विश्राम गरौं'- चणकले कौटिल्यलाई भने । ठीक छ बाबा ! तपाईं यो रूखमुनि विश्राम गर्नोस्, म गाउँमा गएर भोजनको केही व्यवस्था गरेर ल्याउँछु तर तपाइं कसैसँग नवोल्नू, पद्मासनमा वस्नुस्, कोही आए भने इशाराले मौन (नवोल्ने) व्रत छ भनिदिनू, यति भनेर बालक कौटिल्य गाउँतिर लागे । चणक बालक कौटिल्यको वुद्धि र चातुर्यदेखि मनमनै प्रशंसा गर्न थाले ।

अर्को दिन विहानको वेला । गाउँका मानिस नित्यकर्मका लागि आउँदै-जाँदै गर्दथे । तिनीको ठूलो रूखमुनि समाधि लगाई बसेका एक वूढालाई देख्छन् र सोच्छन् कुनै सिद्धबाबा हाम्रा गाउँमा आएका छन् । कुनै कुनैले गएर प्रणाम गर्दछन् । कहाँबाट आउनुभो बाबा ? भनी प्रश्न पनि गर्छन् । उत्तर नपाएर सम्झन्छन्- या त लाटा छन् या त नवोल्ने व्रत (मौनव्रत) लिएका छन् ।

विहानको भ्रमणमा निस्किएका नागरिकले अचानक एउटा घोडचढी सैनिक दललाई गाउँमा देखेर अक्क न बक्क भए । घोडचढी दल नजिकै आयो । तीमध्ये एक सैनिक जो सायद देवीदत्त नै थियो उसले उच्च स्वरमा एउटा गाउँलेसँग सोध्यो- ए ! यहाँ कोही वाहिरको मानिस त आएको छैन ? ऊ वूढो छ, सेतै फुलेको छ, अग्लो, पातलो र साथमा एउटा वालक पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हडबडाएर गाउँलेले उत्तर दिए- छैन, सरकार, यस किसिमको वाहिरको मानिस त कोही आएको छैन बरु एक वृद्ध महात्मा जंगलको रूखमुनि समाधिमा वसेका छन् तर उनका साथमा वच्चा त कोही पनि छैन । देवीदत्तले सन्देहसाथ उता हेरे । अनि सैनिकहरूलाई उतै हिँड्ने आज्ञा दिए ।

अचानक आफ्नो अगाडि खडा भएका अश्वारोही सैनिकहरूलाई देखेर वूढा चणक एकदम हडबडाए । उनले आफ्नो अन्त नजिक आयो भन्ने सम्झे । तर, उनलाई आफ्नो होइन, कौटिल्यको वढी चिन्ता पऱ्यो । देवीदत्तले वूढा चणकलाई चिनेर सैनिकहरूलाई आदेश दिए- 'कैदी बनाऊ यस वूढालाई ! यसका छोरालाई यताउति खोज ।'

चणकले टाढा लुकेर यो दृश्य हेरिरहेका कौटिल्यलाई देखेर ठूल्ठूलो स्वरले आफू विलाप गर्दै भन्न लागे- 'हे मेरो छोरा ! उसलाई त सर्पले डसेको थियो, अब कसका लागि बाँच्नु, योभन्दा त मर्नु नै श्रेय छ ।' यो सुनेर सैनिकहरू यताउति खोज्नुको सट्टा कौटिल्यलाई मरेको सम्झेर चणकलाई कैदी बनाएर मगधतर्फ फर्किए ।

नांगा तरबार लिएका सैनिकका साथ हातमा हतकडीले जकडिएका, महाक्रान्तिका दिव्यदीपक बाल्ने त्यागी ब्राह्मण चणकलाई जेलखानमा बन्दी बनाइयो ।

कतैबाट उज्यालो नआउने जेल, अँध्यारो छिंडी जसमा ढुंगाको एउटा टुक्रामा चणक शिर राखी आकाशपट्टि मुख पारेर केही सोचिरहेका थिए । त्यस्तैमा एकापट्टिवाट राक्षसले प्रवेश गऱ्यो, एकछिन चणकलाई हेरेर राक्षसले भन्यो-' भन चणक अब के सोचिरहेका छौं ?'

सोचिरहेछु, महानन्दको अत्याचारले आजित भएर पृथ्वी किन काँप्दैन ? निर्दोष प्रजाको हत्या, अवलाहरूको सतित्वसँग खेल्ने महानन्द यी सबैका श्रापवाट किन मर्दैन ? कुन उद्देश्यले राक्षसजस्तो बुद्धिमान् व्यक्तिले देशमा एउटा अत्याचारीका साथ आफूलाई सुम्पिएको छ ? खालि उसका लागि यो राजभक्ति कलंक नबनोस् ।

यसका पछाडि अरू कुनै आकाङ्क्षा छ महामात्यको ? चणकले उत्तेजित स्वरमा भने- 'आश्चर्य त यो छ कि यत्रो अत्याचार हुँदा पनि प्रजाले अहिलेसम्म विद्रोह किन गरेनन् ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसले भने- 'म रहुन्जेल विद्रोह असम्भव छ। राजद्रोहका लागि मृत्युदण्डको आभास सबैलाई भइसक्यो। यदि तिमी महाराजका चरणमा परी क्षमा माग्दछौ भने सायद म प्राणको भीक्षा दिलाउन सक्छु।'

चणकले भने- 'क्षमा ! त्यो पनि त्यस नीचसँग ? अहँ .... राक्षस ! देखौला मेरो वलिदानले एक दिन अवश्य सार्थकता पाउनेछ।'

हुँ ... हुँकार गर्दै 'वुढ्यौली लागेपछि ब्राह्मणको वुद्धि सकिएको रहेछ जस्तो लाग्यो, डोरी वलेर खरानी भइसक्यो तर डोरीको वल अझ शेष (वचेको छ)' राक्षसले आवेशमा आएर फतफतायो, त्यसपछि अँध्यारो कालकोठरीवाट वाहिर निस्कियो।

विहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो। ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन।

दण्डको आज्ञाको पहिलो दिन त वित्यो। दोस्रो दिन विहान जेलभित्र वसेर महात्मा चणक विचारमग्न थिए, उनलाई वरावर कौटिल्यको सम्झना आइरहन्थ्यो। कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै वुद्धिमान् छ कौटिल्य। ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ। यस्तै मानसिक प्रश्न-उत्तरका वीच अचानक चणकको तन्द्रा भंग भयो। हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए।

'कुशल त छ आचार्य !' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य ! अब पनि समय छ !

चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने काँढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता वुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला।

चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद ! चिन्ता नगर्नोस् चणकको भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँ ... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौवाटोमा अग्लो बाँसमा टाँगिएको थियो। बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर 'मगधका राजद्रोहीको यही परिणाम हुनेछ।' भनी लेखिएको थियो।

डरलाग्दो अँधेरी रात, एकदम शान्त वातावरण, हातले हात पनि छाम्न नसकिने बादलको डरलाग्दो आवाज विजुलीको चम्काहटका साथै मुसलधारे वर्षा, यस्तो कहालीलाग्दो वातावरणमा एक्लै वाहिर निस्कने साहस कसले गर्छ। तर, होइन यस्तो वातावरणमा पनि एक बालक जसको आयु लगभग १४ वर्ष थियो बिल्कुल निडर तर सर्पभन्दा पनि चलाख, विस्तार विस्तारै त्यो बाँसतर्फ बिलकुल बढिरहेको थियो। उनलाई यो कुरा पनि थाहा थियो कि यस्तो समयमा सडकमा कोही रहनु सम्भव छैन, तर पनि ऊ ज्यादै सतर्क थियो।

बाँसका छेउमा पुगेर ती बालकले आफ्ना लुगामा लुकाएको एउटा सानो आरी (काठ काट्ने साधन) निकाले र विस्तारै-विस्तारै बाँसको फेद काट्न थाले। जब बाँस काटिसके अनि उनले कुनै आवाज नै नआउने गरी भुइँमा तेर्स्याए र त्यसमा टाँगिएको शिर निकालेर आफ्ना कपडामा लुकाई त्यही चालले जंगलतिर लागे।

यिनै बालक थिए चणकका पुत्र कौटिल्य। तिनी चाँडो-चाँडो अगाडि बढ्दै थिए। केही समयपछि कलकल आवाज गर्ने पतितपावनी गंगाजीको किनारामा पुगे।

किनारमा आइपुगेपछि अन्ततः कौटिल्यको धैर्य समाप्त भयो। तिनी ठूलो-ठूलो स्वर गरी डाँको छाडेर रुन लागे। उनको विलाप ढुंगालाई पनि पगाल्ने खालको थियो, भन्न थाले- 'हे पिता ! तपाईं पनि मलाई निराश्रय बनाएर जानुभयो, थाहा छैन म पनि आफ्नो अस्तित्व बचाउन सक्छु कि सक्तिनँ। तपाईंको यो छोराले जस्तो भए पनि यो दाहसंस्कार (जलाउने काम) गरिरहेछ, त्यसलाई स्वीकार गर्नुहोस्।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रुँदै बालक कौटिल्यले गंगा किनारमा यताउति छरिएका सुकेका दाउरा बटुलेर एउटा चिता बनाएर त्यसमा आफ्ना बाबुको शिर राखी मन्त्रहरू उच्चारण गर्दै आगो वाले । डरलाग्दो अँधेरी रातमा चिताको ज्वालाले उग्ररूप लियो ।

कौटिल्यको हृदय पनि चिताको ज्वालाजस्तै उग्र भयो । उनले एउटा 'हुँ' ... को हुँकार गरे अनि भन्न लागे- 'हे पृथ्वी ! अब तिमी मेरी आमा हौ, हे आकाश ! अब मेरो शिरमा पिता बराबर तिम्रो छायाँ छ । हे प्रकृतिका मौन शक्तिहरू हो ! तिमीहरू मलाई यति शक्ति देओ कि म यो संसारमा शिर ठाडो पारेर बाँच्न सकूँ ।'

अनि कौटिल्यले आफ्ना अँजुलीमा गंगाजल लिएर शपथ (किरिया) खाँदै भने- 'हे माता गंगे ! जबतक यो हत्यारा नन्दसँग मेरा पिताको बधको प्रतिशोध लिन्न तबसम्म आगोमा पकाइएका कुनै वस्तु खान्न जबतक महानन्दका रगतले आफ्ना केश रंगाउँदिन तबतक मेरो यो टुप्पी (शिखा) खुला रहनेछ, बाँध्ने छैन (शिखा पार्दिनँ) । मैले मेरा पितालाई दिएको तर्पण त्यतिबेला पूर्ण होला जब हत्यारा नन्दको रगतले पिताको चिता पखालिएला ।'

'हे यमराज ! महानन्दको नाम तिमी आफ्नो वहिखाताबाट निकालिदेऊ, उसको मृत्युको लेखा म आफ्नो बुद्धिमा लेख्छु । ... यो साधारणजस्तो अनाथ बालक महानन्दको नाश कसरी गर्ला ? जसरी रामले रावणलाई मारे, कृष्णले शक्तिशाली कंस र कौरवहरूको नाश गरेका थिए । ... हो परमात्मा ! अब कौटिल्यको जीवनको यही उद्देश्य छ । यही लगन अब मेरो जीवनको आधार हो । नन्दको नाशका लागि म शिक्षा, शस्त्र-शास्त्र, बल र धन खोजी-खोजी प्राप्त गर्नेछु । म... म... कौटिल्य ! चणकपुत्र चाणक्य आफ्ना पिताको सपना यस नन्दको नाश गरेर अवश्य पूर्ण एवं साकार पार्नेछु !'

बिलाप गरेर कौटिल्य अर्थात् चाणक्यले पिताका चिताको खरानी हातमा लिएर भने- 'हे पिताजी ! मलाई आशीर्वाद दिनोस्, म कतै कर्तव्यबोधबाट विचलित भएर अस्तित्वहीन नहोऊँ । म पर्वतजस्तो अटल, सागरजस्तो अथाह गहिरो र आकाशजस्तो अनन्त बन्न सकूँ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनि चाणक्य जसले आफ्ना बाबुबाट तक्षशिला (हाल पाकिस्तान इस्लामाबाद नजिकको टक्सिला) विश्वविद्यालयको नाम सुनेका थिए जुन मगधभन्दा सयकडौं माइल टाढा गान्धार प्रान्तमा थियो, केही वन्ने शिक्षा प्राप्तिको चांहना लिएर उनी त्यो डरलाग्दो अँधेरी रातमा नै त्यसतर्फ हिँडे ।

प्रतिशोधको ज्वाला र अदम्य साहस, लगनले पनि मानिसलाई कस्तोबाट कस्तो वनाइदिन्छ । चाणक्य यस्तो डरलाग्दो रातमा पनि अगाडि वढेरै गइरहेथे, उनलाई भोक, प्यासको चिन्ता थिएन, वर्षाको आवेग, आकांशको गड्गडाहट, डरलाग्दो जंगल, बाटाका काँढा, ढुंगाले जव उनलाई उनलाई कुनै अर्थ राख्दैन थियो, उनी वढ्दै जाँदैछन् ... कि अचानक अँध्यारोमा एउटा ढुंगामा ठक्कर खाएर उनी लडे । मुख ढुंगामा पऱ्यो, अगाडिका दुईवटा दाँत भाँचिए, मुखवाट रगतको धारा बग्दै वर्षाको पानी सँगसँगै मिसिएर पृथ्वी रातो भयो । रगत वगिरह्यो असह्य वेदनाले पनि मानौं यस वालकको दृढतालाई डगाउन सकेन किनकि एकछिनपछि नै रगतले मुछिएका चाणक्यले उठेर लर्खराउँदै फेरि आफ्नो गन्तव्य लिए । ... उनी सौच्चै थिए कि म जति सक्छु चाँडो मगधको सीमाबाट बाहिर निक्लिऊँ ।

शारीरिक शक्ति पनि कतिसम्म साथ दिन्छ । अन्तमा शिथिल भएर उनी एउटा ढुंगामा शिर राखेर पल्टिए । एकैछिनमा नै निद्राले उनलाई आफ्नो काखमा लिइन् ।

विहानको समय, सूर्योदय हुने बेला अनि आकाशमा सिन्दूरको जस्तो छटा देखिन लागेको थियो । नित्यकर्म स्नान-ध्यान सकेर मानिस आवत-जावत गर्न थालेका थिए । गंगा किनारामा कुनै एउटा ब्राह्मणले पनि स्नान गरे । त्यसपछि गंगामा गंगाजलको नै अञ्जलि अर्पण गरे । आफ्नो कमण्डलुवाट सूर्यतिर मुख फर्काएर जल चढाएर र मन्त्र उच्चारण गर्दै सूर्यको उपासना/प्रार्थना गरे । सूर्योपासनापछि ती पण्डित भजनश्लोक गुनगुनाउँदै आफ्नो धुनमा गइरहँदा अकस्मात् उनको खुट्टा सुतिरहेका चाणक्यका शरीरमा ठोक्किन पुग्यो । ती पण्डित रोकिए, यो विकृत स्थितिमा रगतले मुछिएको वालकलाई देखी उनको मनमा 'रक्षा गर रक्षा गर' भन्ने लाग्यो उनले बसेर आफ्ना कमण्डलुवाट केही जल लिई त्यस वालकका मुखमा हाले जसले वालकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतना जाग्यो । चाणक्यले कराउँदै आँखा खोले र पानी मागे । पण्डितजीले आफ्ना काखमा चाणक्यको शिर राखेर उनलाई कमण्डलुबाट केही पानी पिलाए, अनि सोधे- 'बाबु ! तिमी को हौ ? कसरी यस्तो दशा भयो ?'

यस्तो अवस्थामा पनि चाणक्यको विवेक समाप्त भएको थिएन । उनले विचार गरे- कतै कौटिल्य या चाणक्यको नाम महानन्दका कानमा नपरोस् ...। कतै कौटिल्यको आकांक्षा समयभन्दा पहिले नै समाप्त नहोस् ।... अनुहार त लडेर अगाडिका दुवै दाँत भाँचिएपछि बदलियो नै नाम पनि बदल्नुपर्छ । ... यही विचार मनमा दृढ गरी चाणक्यले कराएर आफ्नो नाम 'विष्णुगुप्त' भने- 'म अनाथ हुँ ...। धेरै दिनको भोको छु, रिगंटा लागेर लडें दयालु ईश्वरले हजुरलाई म नजिक पुऱ्याए ।'

'हे प्रभु ! कस्ता विधाता हौ तिमी !', पण्डितले लामो निःश्वास लिँदै भने ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिँड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु ।' तीं पण्डितजी आफ्नो गाउँमा पुगे । दुई/तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउँछु', पण्डितजीले भने ।

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राधामोहन गद्‌गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् ... र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।'

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन् । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।'

... अनि विष्णुगुप्त (चाणक्य)- ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै विदाइ र गुरुबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- २

यस्ता तरिकाले श्रीगणेश (शुभारम्भ) भयो एक पक्का अठोट र इरादाको । विष्णुगुप्त सहर, गाउँ, पहाड छाड्दै गइरहेथे । अब ती बालक कौटिल्य होइन अपितु पूर्ण स्वस्थ एक युवक थिए । उनका शरीरमा एक गति थियो, हृदयमा सल्किएको प्रतिशोधको ज्वाला थियो, भावनाहरूमा आफूसित सबै कुरा समेटेर लैजाने अदम्य उत्साह थियो । यसैकारण आज लगभग एक महिना बित्दा पनि विष्णुगुप्तका पाइलामा कुनै शिथिलता थिएन ।

दिनभर हिँड्दा-हिँड्दा थाकिसकेको विष्णुगुप्तले अतिथिगृहमा विश्राम लिने इच्छा गरे । सूर्यास्त पनि हुन लागेको थियो । अतिथिगृहमा प्रवेश गरे, भोजन गरे, अनि सोच्न थाले रावीनदी आज नै तरेर जानुपर्छ, राति विश्राम कैकेय देशमा हुन्छ, तर शरीर ज्यादै थाकेकाले अगाडि बढ्ने इच्छा नहुँदा-नहुँदै अन्तर्मनवाट विचार गरे-विष्णुगुप्त तँ निरन्तर हिँडिरहेस्, आफ्नो गन्तव्यमा पुग्नु छ, रोकिनुहुँदैन । तैंले आफ्नो लक्ष्य चाँडै प्राप्त गर्नु छ । यति सोची झटपट उठेर खडा भई विश्रामघरबाट बाहिर निस्की आफ्नो बाटो लागे ।

अन्धकार रातमा, रावीनदीका किनारमा पुगे । सबैतिर अन्धकारै अन्धकार, ताराको मलिन प्रकाशले अँध्यारोसँग लड्ने प्रयास गरिरहेको थियो । विष्णुगुप्त नदी किनारैकिनार कतै नदी पार गर्न नाउ पाइयोस् भन्ने आशामा हिँडिरहेका थिए ।

अचानक फूँकार सुनेर विष्णुगुप्त पछि हटे । कालो सर्प फँणा फिँजाएर अगाडि खडा भएको उनले देखे । केही पछाडि सरेर त्यो सर्पको पुच्छर समाती एक फन्को घुमाई ढुंगामा पछारे, सर्प मऱ्यो । आफ्ना खराउले सर्पको फँणा कुल्चिएर टुक्रा-टुक्रा पारे । कालसमान विषधर सर्प मारी शरीरमा आएको पसिना पुछे । एकछिन सास फेर्दै सोचे- यो पनि पढाइको एक पाठ हो, शत्रु चाहे कालजस्तै बनी किन नआओस् त्यसलाई पराजित गरेरै छाड्छ चाणक्यले ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्यप्राप्तिको उद्देश्य पनि हद हुन्छ। नदी किनारमा नाउ भेटेनन्। नदी पार गर्न पानीमा हेलिए, नाउको प्रतीक्षामा लागेनन्। बाटामा आइपरेका हरेक प्रकारका वाधा पन्छाउँदै भविष्यको मीठो फलको आशाा गर्दै अँध्यारोमा जुनको उज्यालोमा घाममा बरावर हिँड्दै रहे। काँढाले रोक्न खोजे, रोकिएनन् थकाइले विश्राम गर्ने सल्लाह दियो तर वसेनन् निद्राले दवाउन खोज्यो, तर सुतेनन् वग्ने पानीको गतिजस्तै हिँडिरहे, हिँडिरहे।

अन्ततः सहर-सहर जंगल-जंगल भोक, प्यास, निद्रा विश्राम, वाधा आदिबाट पार पाउँदै गान्धार देशमा प्रवेश गरे। गान्धारको नाम धेरै सुनेका थिए, त्यसै नगर प्रान्तमा थिए विष्णुगुप्त जहाँको सभ्यता आफ्नो पुरातनताको अलगै इतिहास बनेको थियो। त्यहाँका नागरिक र भवन पनि अलग किसिमका देखिन्थे। थकाइले चूर भएका विष्णुगुप्त एउटा धर्मशालामा प्रवेश गरी स्नान ध्यानबाट निवृत्त भई भोजन गरी राति त्यहीं बसेर भोलिपल्ट विहान तक्षशिलाको नाम सोध्दै गन्तव्यतिर लागे।

विष्णुगुप्तको हर्षको सीमा छैन। आज विष्णुगुप्तले तक्षशिलामा टाँगिएको ज्योतिर्ध्वजको दर्शन पाए, श्रद्धाले प्रणाम गरे। अनि मनमनै भने- यो नै विश्वविद्यालय हो जहाँ देश-विदेशहरूबाट विद्वान् पनि शिक्षा लिन आउँछन् जसको भण्डार शिक्षारूपी रत्नले भरिएको छ। षट्शास्त्र नै यस विश्वविद्यालयमा समाहित छन्। यहाँका आचार्य श्रद्धाका पात्र हुनुहुन्छ जसका अगाडि राजा पनि झुक्छन्, जहाँ शिक्षाको ठूलो भण्डार छ।

विश्वविद्यालय वरिपरि आचार्यको निवास खोजे। केही समयमा नै आचार्य पुण्डरीकाक्षको निवास फेला पारे। दुई ठूला-ठूला झुपडी, सफा आँगन, सुन्दर वगैंचा, बीचमा तुलसीमठ, छायाँ दिने आँपको वृक्ष, हर्षले गद्गद् भएका विष्णुगुप्त, झुपडीवाट सेतो वस्त्र लगाएका, सेतै दाह्रीजुँगा र केशले जसको व्यक्तित्वलाई अझ सौम्य बनाएको थियो- एउटा वृद्ध पुरुषलाई वाहिर देखे। केही विद्यार्थीहरू बाहिर कुराकानी गर्दै थिए। ती सौम्य वृद्धलाई देखेर विद्यार्थी सबैले श्रद्धापूर्वक अभिवादन गरे। यिनै हुन् आचार्य पुण्डरीकाक्ष भनी अगाडि बढेर विष्णुगुप्तले पनि साष्टाङ्ग दण्डवत् गरे। अपरिचित व्यक्तिले यसरी दण्डवत् गरेको देखी नरम स्वरमा आचार्यले सोधे- 'वावु ! तिमी को हौ ? कहाँबाट आयौ ? के काम छ ?'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीवाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण वुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, वेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, वस्ने प्रवन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आँपका रूखमुनि ढुंगामा बसी किताव पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।'

आचार्यले भने- 'श्रमको अभ्यास भएन भने बाँचेको मानिस पनि मृतसमान हुन्छ, यो कुरा सधैं सम्झिराख्नू।'

म यो पहिलो गुरुमन्त्रलाई सदैव सम्झिरहन्छु र प्राणभन्दा पनि बढी सुरक्षित राख्छु भनी विनम्र भई विष्णुगुप्तले भने।

नित्यकर्मबाट निवृत्त भएपछि विष्णुगुप्त र आचार्यका बीच कुराकानी हुन लाग्यो- हेर बाबु! मलाई तिम्रो प्रतिभामा पूर्ण विश्वास छ। धेरै टाढाबाट राजा, मन्त्री, सामन्तहरू विद्या आर्जन गर्न यहाँ आउँछन्, उनकै अनुदान आदिले विद्यालय चल्छ। पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, विहानै कुलपतिलाई भेटौंला, विश्राम गर।

'विष्णुगुप्त! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिँड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यहीं भेट हुन्छ।' यसरी आचार्यको आज्ञा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नदी-किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत् गरेर पाउको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकाक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ ।' यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आशीर्वाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँवाट आयौ ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन् । सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् ।' यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने- 'विहानै विद्यालय आउनू, विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ ।' यसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

×××

समय बित्दै गयो, धेरै वसन्त आए, गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा थोरै समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए । पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । गुरुको सेवामा रहन पाउँदा विष्णुगुप्त आफूलाई धन्य सम्झन्थे । सबै उनका प्रशंसक भए ।

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति, शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे । उनीसँग शास्त्रार्थ गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुगुप्तले अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारतवर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आँधीझैं बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो । सिकन्दरले मनको लड्डु घ्यूसँग खाँदै यी साना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाटै सुनको चुरा हात पर्नेछ ।

सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो ।

उसले आफ्नो पहिलो लक्ष्य भारतवर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो ।

सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए । प्रतिदिन सहरका छोरी-बुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए ।

सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाको आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तँछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चिनारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु (जसलाई पोरस भनिन्छ) छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । 'आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो विलासी व्यक्तिलाई राजकाजवाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ । यहाँ विश्वासघाती आम्भी, विलासी महानन्दजस्ता राजाबाट केही हुँदैन । भारतवर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन, उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो, त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किनकि नन्दको हातमा मगध सुरक्षित छ आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गऱ्यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासि 'अहँ अहँ ... चाणक्यले यस्तो हुन दिँदैन' भन्ने बोली निस्कियो- 'मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ- सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो । चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो । पहिले निराश्रित, अहिलेको ४५ वर्षे अनुभव प्राप्त लौहपुरुष । सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामर्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा संगठित भारतवर्ष बनाउने आकांक्षा ।

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश (पञ्चनन्द) प्रवेश गरी उनीसँग भेट गरे । राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए । विष्णुगुप्तको स्वागत गरे । 'मैले बुझिसकेको थिएँ सिकन्दरको अबको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्य कैकेयमा पर्छ' पुरुले विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन्। विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे।

×××

पुरुसँग आम्भी रिस गर्थे। सिकन्दर सिन्धु नदी पार गरी लक्षशीलामा पस्यो। आम्भीले सिकन्दरसँग सन्धि गरेको थियो। पुरुले आफ्नो सेनालाई बलियो सशक्त पार्न थालिसकेका थिए भने आफ्ना गुप्तचरहरूलाई पनि चारैतिर फैलाएका थिए।

पुरुको राज्य झेलम र चिनारको बीचमा पर्दथ्यो। उनले आफ्नो राज्यमा सिकन्दरका सेना प्रवेश गर्न नसकून् भनी पूरा बन्दोबस्त गरेका थिए। पुरुको यस व्यवस्थाले अहिलेसम्म सिकन्दर त्यहाँ प्रवेश गर्न सकेको थिएन।

यस्तै, धेरै दिन बिते। सिकन्दरको भाग्य बलियो थियो। एक दिन ठूलो वर्षा भयो। झेलम नदी पानीले भरिई पार गर्नसक्ने अवस्था थिएन।

पुरुले सपनामा पनि सोचेका थिएनन्। सिकन्दर यस्तो समयमा पनि युद्ध गर्न अग्रसर हुन्छ। पुरुका सेना नदी बढेको हुँदा आफ्ना शिविरमा निश्चिन्त थिए। सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो। ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ। पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो। सेनाहरू धेरै मरे। बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो। घोडाहरू काठ र डोरीद्वारा पार गरायो।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे। पुरुका दुवै छोरा युद्धमा मरे। बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिँदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असंख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे। अन्तमा पुरुले लडाइँ हार्नुपऱ्यो। सिकन्दरले उनलाई बन्दी बनायो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरूँ ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो । त्यहाँका मानिसले आत्मसमर्पण गरे । त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो । चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो । त्यसपछि उसले रावी नदी पनि पार गऱ्यो ।

रावीमा कैथियानहरूको (कठ) राज्य थियो । उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन् । कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो । धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो । कठ राज्य नगिचै सौभूति राज्य थियो । त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे ।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ । त्यो राज्यको शासन अत्यन्तै सशक्त छ । त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ । मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ । यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो । विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए ।

×××

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहँ उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झोपडीका वरपर कुश उम्रिएको थियो । एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो । त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे । त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए । उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ । त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !'

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै वृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती वृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र... तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे। त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो। शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे। जनतामा मनमानी ढंगले करको बोझ थपियो। प्रतिरोध गर्नेलाई सबैका अगाडि मारिन्थ्यो। यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे। हुँ ... ? हुँकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाइंहरू सबै संगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको ? जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ। यो राजाले त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन।'

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म वूढो छु। त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छु। अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो। लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो। आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए। पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो। शकटारसँग भने- तात ! कुनै प्रकारले पनि मलाई नन्दका दरबारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैं गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरबारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ। तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ।' यति भनी शकटार दरबारतिर हिँडे।

xxx

बिहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए। विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भङ्ग भयो। शकटार आइरहेका रहेछन्, चाणक्य उनकै प्रतीक्षामा थिए। शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे।

मगधको राजपथ सफा, चौडा, दुवैतिर ठूलाठूला वृक्षले छायाँ दिएका। निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे। ठूलाठूला वाटा, राम्रा वार्दली र वज्रले निर्मित भवन, वाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए। विहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, वेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भएं। १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अव लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका वीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यत्तिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियो भन्ने पत्तै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए।

मगधको राजमहलले आफ्नो कथा आफैं भनिरहेथ्यो। राता, सेता संगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा। व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा वढाएको थियो। राजमहल जाने बाटाका धेरै ठाउँहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि। शकटारसँगै उनले राजमहलमा प्रवेश गरे। प्रहरीले शकटारलाई अभिवादन गरे, राजदरबारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले। शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा वसे।

रातो पहिरनमा सजिएका कम उमेरका युवतीले राजदरबारको व्यवस्था गरिरहेका चाणक्यले देखे। पातलो वस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने-जानेलाई आकर्षित पारिरहेका थिए। केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो- मगधका शक्तिशाली महाविद्वान्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महामात्य राक्षस आउँदैछन्, राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन। अग्लो शरीर, ठूलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ। सतर्क दृष्टिले उनले सबैतिर हेरे र नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा वसे।

केही समयपछि फेरि घोषणा भयो- राज्यशिरोमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ। नन्दको प्रवेशमा सबै दरबारिया उभिए। सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्वराउँदै दरबारमा नन्दको प्रवेश भयो। उनका अगल-वगलमा नवयौवनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे। दरबारको वीचमा दिव्य सिंहासनमा नन्द वसे। सँगै आएका युवतीले मखमलको पंखा लिई अलगबगलवाट हम्कन लागे। एउटी पातलो कपडा पहिरएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर वढाई समाउनासाथ सबैले ताली पिटे। त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो- पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आँखा, कालो वादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयं प्रस्तुत गरिरहेकी छन्। उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्व सबैलाई आकर्षित पार्न पर्याप्त थिए।

चिल्लो भुइँमा ती सुन्दरी माछा उफ्रेजस्तै उफ्री-उफ्री नाचिरहेकी छन्। उनको शरीरमा हाड नै छैनन् भन्नेजस्तै भान परेको छ। धेरै नाचिसकेपछि थाकेकी ती सुन्दरीले राजालाई ढोगिन्। नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट विउँझेजस्तै (जागेजस्तै) ढोगिन्। नन्दले असर्फीले भरिएको थैली नर्तकीतिर फ्याँके। यसका सँगसँगै त्यस दरबारमा वसेका सबैले रुपैयाँको भेटी चढाए, रुपैयाँ नै रुपैयाँको विस्कुनझैं त्यो ठाउँ देखियो।

यी सब देखी चाणक्यको क्रोध उनको मुखमा प्रकट भइरहेन्थ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ? यदि सिकन्दरले यस राज्यमा लडाइँ गरेका भए त्यो आँधी रोक्नसक्ने क्षमता थियो र नन्दमा? राम्रो नै भयो सिकन्दर लडाइँ नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ। किनकि, आम्भी र पुरु सिकन्दरका अधीनमा गई नै सकें।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री राक्षसले दण्डको डर देखाई राज्य सञ्चालन सायद राम्रैसँग गरेकै होला तर जनताबाट नाना किसिमका कर लिई भरिएको राजकोष कसरी लुटाइरहेछ, यो सबैमा त्यो राक्षस त्यत्ति नै दोषी छ जति नन्द दोषी छ। मैले नन्दलाई समाप्त गर्नैपर्छ, मगधका लागि यस राजाको कुनै आवश्यकता छैन। मगधका लागि म आफैं राजाको खोजी गर्नेछु। चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ। चाणक्य यी सबै सोच्दै थिए। साप्ताहिक समीक्षाको कारबाही सुरु भयो। उनले देखे दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन्।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो। क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए। यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका, अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका, कपालविनाको शिर तर टुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै, ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा विद्वत्ताको प्रचण्ड तेज भएका, यस्ता अज्ञात ब्राह्मण वीच सभामा आएको देख्दा सबै झस्किए।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए। तर, उनले सम्हालिएर भने- 'के कुरा हो ब्राह्मणदेवता ! तपाईं को हुनुहुन्छ ? कहाँबाट आउनुभयो ?' चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- 'राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हुँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ। सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस्, उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दध्यो। राजा नन्द ! तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ। कहिले ज्वालामुखी फुट्छ ...। जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन्। हेर नन्द ! राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा-सुन्दरीमा समर्पित छ। जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ। त्यस्ता राजाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो राज्यमा के भएको छ चालै पाउँदैन । छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ?'

सभामा वसेका सवैले यी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सुन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कड्केर राजा नन्दले भने- 'यो मूर्ख ब्राह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरवारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी विग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे- 'महाराज ! क्षमा चाहन्छु मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरवारमा ल्याएको हुँ, यी विष्णुगुप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् ।' राजा नन्दले चाणक्यपट्टि फर्केर उपहास गर्दै भने- यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान् ? मार्तण्ड विद्वान् किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरवारियाले पनि व्यङ्ग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणको रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमावाहिर भयो । उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्दै डुक्रिएर भने- 'राजा नन्द ! तँ सुन्, यो ब्राह्मण संकल्प गर्छ जबसम्म नन्दवंशको जरैदेखि नाश गर्दैन तवसम्म अन्न खाँदैन र यो टुप्पी तेरो (नन्दको) रगतले नधोएसम्म शिखा पनि पार्दैन (बाँध्दैन) ।'

नन्दले आफ्ना सैन्यलाई चाणक्यलाई गिरफ्तार गर्ने आदेश दिनुभन्दा अगाडि नै मध्यसभावाट चाँडो-चाँडो पाइला चाल्दै उनी दरवारबाट वाहिरिए । राजा र सबै दरवारिया हेरेका हेर्‍यै भए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- ३

यसरी नन्दको दरवारमा प्रतिज्ञा गरेर चाणक्य अज्ञातवासतिर हिँडे जसरी शकटारसँग भेट्न आफ्ना पिता चणक मध्यरातमा गएका थिए । त्यसैगरी उनी पनि गए ।

तिहारको लक्ष्मीपूजाको मध्यरात, दीपावलीको बत्तीले औंसीको रात्रिको अन्धाकार नष्ट गरिरहेथ्यो । मगधका प्रत्येक घर उज्यालोले जगमगाएका थिए । वूढा, बच्चा, तरुनी, बूढी सवै प्रसन्नता अनुभव गर्दथे । मगधका प्रजा पनि दुराचारी नन्दको अत्याचार विर्सिएर दीपावलीको आनन्द लिइरहेका थिए ।

विस्तारै विस्तारै थाकेका सवै सुत्न गए । वातावरणमा खाली सुगन्ध मात्र थियो या कतै-कतै अन्धारसँग लड्दै गरेका बत्ती देखिन्थे । सवैतिर सुनसान थियो । नीरवतालाई कहीं कुकुरको आवाजले भंग गरिदिन्थ्यो ।

यसै वेलामा दुब्लो पातलो शरीरका कुनै साधु लट्ठीका सहारा लिंदै सतर्क भई राजमार्गमा हिँड्दै मन्त्रीहरूका निवासतिर जाँदै थिए । शरीर गेरु वस्त्रले ढाकेका थिए । काँधमा एउटा झोली थियो । ती पुरुष शकटारको ढोकामा आइपुगे । सतर्क खडा रहेको प्रहरीले भाला अगाडि बढाउँदै रोक्यो र भन्यो- 'बावा भोलि विहान आउनुहोस्, यसवेला अमात्य सुतिसक्नुभएको छ ।'

वृद्धले तिखा नजरले हेर्दै द्वारपाललाई भने- 'मलाई आमात्यसँग यसै समय भेट्नु छ । तिमी गई अमात्यसँग भन 'कौटिल्य' आएको छ, किनकि विष्णुगुप्त नामको व्यक्तिको चारैतिर खोजी भइरहेछ । 'कौटिल्य' नाम शकटारबाहेक अन्यलाई थाहा छैन ।' पातलो शरीर एवं तिखा दृष्टिले द्वारपाल असहायजस्तो भयो र तुरुन्त भित्र सूचना दिन गयो ।

सुत्ने कोठामा शकटार विश्राम गरिरहेथे । द्वारपालले कौटिल्य आएको सूचना दियो । शकटार कौटिल्यको नामले झस्के । उनका बाबु चणक पनि यस्तै मध्यरातमा आई मन्त्रणा गर्दा चणकलाई बन्दी बनाई मृत्युदण्ड दिइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । नन्दले आफूलाई र परिवारलाई पनि कारागारमा थुनेको थियो । नन्दले पछि कुनै कुरामा खुसी भएर आफूसहित परिवारलाई बन्दी जीवनबाट छुटकारा दिएकाले अमात्य पद फिर्ता पाएका थिए । आफू झस्केको आभास द्वारपाललाई नदिई आदरपूर्वक लिएर आऊ भनी अह्राए ।

शकटार विचारमग्न थिए । कुनै आएको पदचापले विचार टुट्यो । द्वारपालले आएर भन्यो- 'अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर' राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने- 'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।'

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने- 'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्नु जरुरी थियो । त्यस दिनपछि भेष वदलेर अज्ञातवासमा बसेको छु । यस बीचमा मैले धेरै सोचें र यो निष्कर्षमा पुगें । हामीले मगधको भावी राजा खोज्नुपर्छ जो यस्तो व्यक्ति होस् वीर होस्, नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस् ।'

शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने- 'वत्स ! के तिमी जान्दछौ तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँछ हेरी-बुझी मात्र उठाउँछ । चाणक्यले आफ्नो मात्र विश्वास गर्छ । राक्षसको चिन्ता व्यर्थ छ । सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य । यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छ ।'

यस्तो चाणक्यको कुरा सुनी शकटार विचारमग्न भए । त्यसपछि उनले भने एउटा युवक छ, उसको नाम चन्द्रगुप्त हो । एकपटक म सिकार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खेल्न त्यस ठाउँमा गएँ। त्यहाँ त्यो बालकलाई 'राजा र प्रजा' को खेल खेलेको देखें। अरू बालकभन्दा बलियो पनि र सुरवीर पनि, त्यो राजा बनेको थियो। अकस्मात् त्यहाँ एउटा चितुवा आयो। त्यो देखेर अरू सबै बालक भागे। उसले चितुवासँग लड्यो। आफ्ना तरवारले काटी चितुवा मार्‍यो। अनि मैले सोधें- 'तिमी यस्तो सहासी कसरी बन्यौ ?' उसले भन्यो- 'म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडें। फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ। मैले सोधें- 'किन ? किनकि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ। मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुनै सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन्। आज तिनै मुरा बनका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पाली बसेकी छ।

यसरी शकटारबाट चन्द्रगुप्तको परिचय पाएपछि चाणक्यलाई त्यस बालकलाई भेट्ने इच्छा प्रबल भयो। उनले शकटारलाई भने- 'तात ! हामीलाई यस्तो बालकको आवश्यक छ। उसका सम्पूर्ण लक्षण हाम्रो अनुकूल छन्। हामी सबैले उसकी आमालाई भेट्यौं। चाणक्य चन्द्रगुप्तसँग भेट्ने समयसमेत तय गरी शकटारसँग बिदा भई जुन भेषमा आएका थिए त्यसै भेषमा उज्यालो हुनुभन्दा पहिले नै आफ्नो अज्ञातवासतिर लागे।'

अर्को दिन मध्याह्न समयमा चाणक्य र शकटार ज्योतिषीको रूपमा उत्तर सीमावर्ती वन क्षेत्रमा गए। त्यहाँका वासिन्दाहरू लडाकु प्रवृत्तिका थिए। यी सीधा-साधा आदिवासी दुई अपरिचित व्यक्तिलाई देखी आश्चर्यले उनीहरूका छेउमा भेला हुन थाले। शकटार र चाणक्यले मुरा र चन्द्रगुप्तका विषयमा सोधे। कुनै युवकले तिनलाई मुराको झुपडीमा पुऱ्याइदियो। यस झुपडीभित्र दुवैले एक युवती अति मैलो भेषभूषामा हातले खजुरका पातको पंखा बनाइरहेकी, साथै एउटा युवक टपरीमा भोजन गरिरहेको देखे। झुपडीमा मामुली, घरेलु सामान केही गाँसेका (बुनेका) पातका पंखा, धनुष र त्यसको ठोक्रो थियो। मुराको त्यस्तो मलीन अनुहारमा सुन्दरताको लक्षण अझसम्म पनि थियो, तर समयले थप्पड मार्दा दुब्ली भएकी जस्ती देखिन्थिन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्याइन् । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरूको आउनुपर्ने प्रयोजन बताए । अब समय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहन्छौं । मुराले भनिन्- 'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हेर्दै चाणक्यले भने- 'देवी ! तपाईं धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं ।'

'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका चारैतिर चाकडी र चापलुसीवादको घेराउ छ । जसले पनि आफ्नै ढुकुटी भरिरहेछन्, कसैलाई मगधको चिन्ता छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक लडी आफ्नो मातृभूमिको रक्षा गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौं ।'

मुराले दयनीय अवस्थामा भनिन्- 'महाराज ! यो सबै त ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदान होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईंले चन्द्रगुप्तको रौं पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईंले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ । मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन् ।

यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्- 'तपाईंहरू नै जान्नोस्, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिँदैछु । अब यसको संरक्षक तपाईं हुनुहोस् ।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगुप्त त्यो अग्निपरीक्षाका लागि तयार छ जसद्वारा तपाईंको प्रयोजन सिद्ध होस् र मेरो मातृभूमिको रक्षा होस्। चन्द्रगुप्त यति सक्षम हुन चाहन्छ कि राजा नन्दसँग आफ्नी आमाको अपमानको वदला लिन सकोस्।'

यो कुरा सुनी चन्द्रगुप्तलाई चाणक्यले छातीमा लगाए। फेरि मुरालाई प्रणाम गरेर शकटारसँगै झुपडीवाट वाहिर आए। चाणक्यले शकटारद्वारा दैनिक जीवनयापनको प्रवन्ध गराए। शकटार आफ्नो भवनतिर लागे। चाणक्य पनि चन्द्रगुप्तका साथै अज्ञात स्थानतिर हिँडे।

×××

समयको रथ चलिरहेको थियो। चाणक्यले चन्द्रगुप्तलाई कठिनभन्दा कठिन समयका लागि सुनजस्तै शुद्ध भएको लौहपुरुष वनाए। शास्त्रविद्या, राजनीति, गुप्तचरी आदिका गूढ रहस्य बताए। युद्धका लागि व्यूहरचनाको शिक्षा र कसरी एउटा राजा प्रजाहरूको लोकप्रिय हुन सकिन्छ भन्ने ज्ञान दिए।

नन्द साम्राज्यसँग टक्कर लिनु कुनै सरल कार्य थिएन जहाँ राक्षस, कात्यायनजस्ता नीतिज्ञ र वक्रराजजस्ता सेनापति थिए। सिकन्दरजस्तो पराक्रमी योद्धा पनि व्यास नदी तरेर आउन नसकी वीचबाटै फर्किएको थियो। पुरुजस्तो शक्तिशाली राजा पनि मगधसँग टक्टर लिन साहस गर्न सकिरहेका थिएनन्।

तर, यी सम्पूर्ण कुरा जान्दाजान्दै पनि चाणक्यले आफ्नो विजय कतै केही मात्र टाढा देखिरहेका थिए। आफूप्रति उनलाई पूर्ण विश्वास थियो। यस कठिन कामका लागि उनले दुई वाटो अपनाए। एक चन्द्रगुप्तलाई अगाडि सार्दै भने- 'तिमीले आफ्नो परीक्षा दिनुपर्छ। आदिवासी र जनजाति नजिक गई आफू अनुकूल योद्धाहरू तयार गर।' अनि एउटा राष्ट्रिय सेना तयार पार, दुई म आफू भेष वदलेर मगध नागरिकमा चेतना जगाउँछु। तिनलाई तिमीले खडा गरेको राष्ट्रिय सेनामा सम्मिलित हुन अभिप्रेरित गर्छु।

यसरी चन्द्रगुप्त आफ्नो झुपडीतिर गई जनजाति र आदिवासीमा राष्ट्रिय सेनाको गठनका लागि मगधको वस्तुस्थिति सम्झाउन थाले। विस्तारै-विस्तारै चन्द्रगुप्तको प्रभावशाली व्यक्तित्व र उनमा भावी राजाको लक्षण देखेर राष्ट्रिय सेनामा संख्यात्मक वृद्धि हुन लाग्यो। यस किसिमले आदिवासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेना समूहवाट वनेको यो सेनाले ठूलो रूप लियो। जंगलमा वस्ने हुनाले पनि शास्त्रविद्या सिक्न कुनै कठिनाइ भएन।

उता चाणक्यले एक सन्न्यासीको रूपधारण गरी वात्स्यायन नाम राखी आफ्ना केही शिष्यद्वारा यो घोषणा गराए- 'धर्म र नीतिका पण्डित वात्स्यायन धर्मरक्षाको सन्देश लिएर देशभरि यात्रा गर्दैछन्। प्रत्येक वस्ती, चौबाटोमा व्यक्ति-व्यक्तिसँग धर्मको व्याख्या गर्नेछन्, आशा छ सम्पूर्ण जनले वात्स्यायनका प्रवचनवाट मुक्ति र शान्ति पाउनुहुनेछ।'

जुन पहिले विश्वाससाथ अगाडि वढ्छ, त्यसका पछिपछि लाग्छन्। वात्स्यायन अघि लागे उनका पछि जनता लागे। मुक्तिको स्वर टाढा-टाढा फैलिन थाल्यो। चाणक्य एक्लै हिँड्थे तर प्रत्येक पाइलामा अनेक पाइला थिए उनका साथमा।

जाँदा-जाँदा वात्स्यायन एउटा वस्तीमा रोकिए। भीडले उनलाई चारैपट्टिवाट घेऱ्यो- 'महात्मा वात्स्यायनको जय' 'ऋषि वात्स्यायनको जय'-को जयघोषले आकाश गर्ज्यो। हात जोड्दै शान्त भएर वात्स्यायन भन्न लागे- 'म तपाईंहरूसँग सत्य र प्रेमको नाता जोड्न आएको हुँ, पृथ्वी मानिसवाट वीरता र प्रेमको अमृत चाहन्छिन्।'

इतिहास साक्षी छ जहाँ प्रेम र सत्य छ, त्यहीं संगठन छ, त्यहीं जप छ। परस्परमा प्रेम नहुँदा विश्वास हट्दछ। विश्वास नहुनाले देशको शक्ति छरिएको छ। हामी जरा र रूखलाई अलग गरी खडा गर्न चाहन्छौं तर जराविना रूख खडा गर्न असम्भव भएकाले जनताको शक्ति चाहन्छौं। जनताको शक्ति अपार छ, जुन राजाको हृदय छैन त्यस्ता राजाले देशको रक्षा गर्न सक्तैन, आफू सुरक्षित पनि हुँदैन। हाम्रो देशको ठूलो भाग विदेशीले कब्जा गरे। उनीहरूको पञ्जावाट त्यसलाई छुटाउन हामी सबै एकदमै वीरतासँग लड्नुपर्छ। खुसी लाग्छ भारतवर्षमा मगध राज्य संगठित र शक्तिशाली राज्य छ जसको बल देखेर विदेशीले आफ्नो हात पार्ने साहस गरेको छैन। तर, विदेशीभन्दा हामीलाई आफ्नै घरवाट ठूलो डर छ, जनता पथभ्रष्ट भइरहेछन्। जनताको मन आफ्नो निजी ऐश्वर्य वढाउन लागिरहेको छ, देशको बारे चासो नदेखाएको अवस्थामा जनताको कर्तव्य हो संगठित होऔं र समयको माग हुँदा लड्न पनि सकौं।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यले यो सन्देश नागरिकसम्म मात्रै सीमित गरेनन् । उनले आफ्नो कर्तव्यबाट बच्नका लागि साधु बनेका युवकलाई पनि ललकारसाथ भने- 'देशलाई आज साधुहरूको हैन, वीरहरूको आवश्यकता छ, किनकि कुनै शत्रु तरवार लिएर युद्धमा आयो भने साधुले चिम्टा उठाउँदैमा शत्रु परास्त हुँदैन न त देश नै रहन्छ, न त साधु । त्यसैले युवक हो ! फ्याँकिदेऊ यी गेरुवा वस्त्र, बाँध कम्मरमा हतियार । आवश्यकता आज छैन, 'हरहर महादेव'- को । हुँकार गर्दै 'जय देश भन' । यो देखावटी साधुभेष छाड, राष्ट्रिय सेनामा सम्मिलित होऊ । हामीले सम्पूर्ण देशको आवश्यकताका लागि एउटा राष्ट्रिय सेना निर्माण गरेका छौं । आज राष्ट्रमाताको माग छ- राष्ट्रिय सेनामा सम्मिलित होऔं ।' चाणक्यको यस किसिमको कठिन प्रयत्नले गर्दा हजारौंको संख्यामा उत्साही नवयुवक राष्ट्रिय सेनामा सम्मिलित हुन लागे ।

उता चन्द्रगुप्तले आदिवासी, जनजातिका नवयुवकलाई आफ्ना अनुयायी बनाए । सिकन्दरका सेनामा भर्ती भइसकेका तर सिकन्दर युनानतर्फ फिर्ता भएकाले बेकाम बसेका सबैलाई मातृभूमिको हवाला दिएर आफ्नो राष्ट्रिय सेनामा भर्ती गरे । यसरी राष्ट्रिय सेनाको गठन भयो । चाणक्यको ओजस्वी भाषणको प्रभाव परेर चन्द्रगुप्तको नेतृत्वमा राष्ट्रिय सेनाको संरक्षण बढ्दै गयो । चन्द्रगुप्त र चाणक्यको दलमा एउटा ठूलो उत्साहको सञ्चार भई नन्दसँग युद्ध गर्न उत्ताउलिन थाले ।

तर, यी सबै कुराबाट राक्षस अनभिज्ञ थिएन । मिनेट-मिनेटमा आफ्ना गुप्तचरबाट समाचार पाइरहन्थ्यो । ... केही समय त चाणक्यलाई सन्न्यासी मात्र उसले सम्झेको थियो जो धर्मप्रवचनबाट जनतामा जागृति ल्याउन चाहन्छ तर विस्तारै-विस्तारै उसले बुझ्यो- वास्तविकता अरू कुनै रहेछ । तर, विवश थियो राक्षस । धार्मिक भेष जो लगाएका थिए चाणक्यले । यसकारण चाणक्यलाई केही गर्नसक्ने अवस्था थिएन । यदि चाणक्यमाथि केही भएमा सारा जनता विद्रोह गर्न तयार हुन्छन् भनी विवश बन्यो राक्षस ।

यसरी नै सीमा क्षेत्रका इलाकाबाट चन्द्रगुप्तबाट विद्रोह आरम्भ भइसकेका समाचार आइरहेथे । तर, चाणक्यका बुद्धिले गर्दा चन्द्रगुप्त राक्षसका लागि एक रहस्य बनेका थिए । गुप्तचरहरू चन्द्रगुप्तसम्म पुग्न सक्तैनथे । यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण कुरा देखेर मन्त्रिमण्डलको आपतकालीन बैठक बोलाएर सेनापतिलाई सेनाहरू हरपरिस्थितिमा होसियारीपूर्वक तयार रहन आदेश पनि दिइयो ।

त्यो दिन पनि आयो जुन कामका लागि राष्ट्रिय सेनाको गठन भएको थियो । राष्ट्रिय सेनासाथ चन्द्रगुप्तले मगधलाई चारैतिरबाट घेरे । उता राक्षस सतर्क रहनाले नन्दका सेनापति वक्रराज र अधीन राजाहरू सिंहराज र सन्नद्धराजका नेतृत्वमा रणक्षेत्रमा आएर डटे । उनीहरूले हरतर्फबाट चन्द्रगुप्तसँग मुकाबिला गरे । डरलाग्दो मारकाटले मगधको शान्त वातावरण भयभीत भयो ।

मगधको विशाल र साधनसम्पन्न सेनाका अगाडि चन्द्रगुप्तका अल्पप्रशिक्षित सेनाले उत्साहसाथ लडे पनि असहायजस्तो अनुभव गर्न लागे । चन्द्रगुप्तले सोचे कि कुनै पनि समयमा म शत्रुबाट घेरिन सक्छु । आफू यहाँबाट भाग्नु नै उचित छ भनी सैन्यका बीचबाट बच्दै भागी आफ्नो अज्ञात वासस्थानमा पुगे ।

आफूभन्दा अगाडि नै त्यहाँ चाणक्य पुगिसकेका थिए । चन्द्रगुप्त हतास भएको देखेर चाणक्यले सान्त्वना दिँदै भने- 'वीर पुरुष जयपराजय हेर्दैन । उसको कार्य लक्ष्यतर्फ पुग्नु नै हो । यस पराजयबाट शिक्षा लेऊ- हामी किन पराजित भयौं ।'

'आफ्नो शक्ति फेरि एकत्र पार, फेरि व्यक्ति-व्यक्तिमा उत्साह भर तर पूरा सतर्क भएर किनकि राक्षस पनि चुप लागेर बस्तैन । उसका गुप्तचर सबैतिर फैलिएका छन् । चलाख हुन, युद्धमा मेरा जुक्तिले काम गरेको थियो जसले तिमी बचेर निस्किन सफल भयौ । मैले तिम्रै रूपका दुईजनालाई लडाइँको अगाडि मोर्चामा पठाएको थिएँ । राक्षस तिनकै भ्रमजालमा फस्यो । तीमध्ये एकले वीरगति प्राप्त गऱ्यो । एउटा राक्षसको बन्दी छ । यसकारण अब अरू सतर्क रहनुपर्छ । गुप्तचर व्यवस्था अरू बढी तगडा पार, सधैं सचेत रहनू झट्टै कसैसँग भेट नगर्नू । आफ्नो चारैतिर सुरक्षा बलियो पार ।' यसरी सबै कुरा चन्द्रगुप्तलाई सम्झाई चाणक्य लक्ष्यसिद्धितर्फ जुटे ।

xxx

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगुप्त र चाणक्य लक्ष्य प्राप्त गर्न फेरि वन-वन, वस्ती-वस्ती घुम्न थाले । कहिले उनीहरूको भेष कस्तो हुन्थ्यो त कहिले कस्तो ।

एक दिन मध्याह्नमा उनीहरू मगधको सीमा पार गरी एउटा सानो वस्तीमा पुगे । दुवै भोकले आत्तिएका थिए । भोजन पाइने आशाले एउटा झुपडीतिर लागे । भित्रवाट आएको स्वरले झस्केर रोकिई चुप लागेर उनीहरूको कुरा सुन्न लागे । घरभित्र एउटा वालक थालीको माझ भागवाट भोजन झिक्दै खाँदै गर्दथ्यो । छेउको छाड्दथ्यो । यो देखी आमा भन्दै थिइन्- 'खाना ठीकसँग खाऊ चन्द्रगुप्तको जस्तो नगर ।' म त ठीकसँग खाँदैछु, आमा वालकले भन्यो ।

'होइन छोरा तिमी चन्द्रगुप्तले जस्तै भूल गर्दछौ', आमाले भनिन् । यो कुरा सुनेर चाणक्यको मन अडिएन । आफ्नो भोक बिर्सिए । उनले यो चन्द्रगुप्तले कस्तो भूल गरे जुन मलाई पनि थाहा छैन भन्ने सोच्तै घरभित्र पसे ।

एउटा नौलो मान्छे घरभित्र पसेको देखी स्त्रीले प्रश्नात्मक दृष्टिले हेरिन् । उनको जिज्ञासा जानेर चाणक्यले भने- 'बहिनी ! यहाँबाट जाँदै थियौं, तिर्खा लाग्यो, यहाँ आयौं, देख्यौं तपाईं यस वालकलाई त्यसै हप्काइरहनुभएको छ । कुराकुरामा चन्द्रगुप्तको उदाहरण दिनुहुन्छ । यस्तो के भूल गरे चन्द्रगुप्तले र तपाईंलाई यत्रो चासो भयो ।'

उनले चाणक्यपट्टि हेरिन् र भनिन्- 'ठूलो भूल गरे उनले । मैले सोचेकी थिएँ उनीवाट एक नराधमको अन्त होला तर उनले उत्ताउलोपन देखाई काम गरे । मगधको अगलबगलमा विजय प्राप्त गरिसकेपछि मात्र पाटलीपुत्रमा आक्रमण गर्नुपर्थ्यो तर पहिले नै पाटलीपुत्रमा युद्ध गर्दा उनको हार भयो । त्यस्तै यो वालक पनि छेउबाट खानुपर्ने रोटी बीचबाट खाई छेउकालाई छाड्छ ।'

यो सुनी चाणक्यलाई प्रकाश मिल्यो र लाग्यो एक निरक्षर नारी पनि कत्रो ज्ञानको कुरा गर्छिन् । राजनीतिका पण्डित भईकन पनि यो ज्ञान थिएन आफूलाई । ती स्त्रीलाई प्रणाम गर्दै पानी पिएर अगाडिको तानावाना बन्दै आफ्नो गन्तव्यतिर बढे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती स्त्रीको वाक्य चाणक्यका मनमा गढ्यो र चन्द्रगुप्तलाई भने- 'तिमी सीमावर्ती नगरवासीको हृदय जित, विश्वास देऊ । नन्दलाई हटाउनु अनिवार्य छ ।' चन्द्रगुप्त पनि चाणक्यका कुरा सुनी सीमावर्ती क्षेत्रमा गए । गाउँ-गाउँ, घर-घर घुमे । दुःखी किसानले चन्द्रगुप्तलाई साथ दिने भए । नन्दका विरुद्ध सबैलाई भड्काए । यसै कुराले फेरि चन्द्रगुप्तले विशाल जनसमर्थन प्राप्त गरे ।

चाणक्यलाई कूटनीतिक विचार आयो अनि उनी महाराज पुरुसँग भेट गर्न गए ।

कैकेय नरेश एक शक्तिशाली राज्यका मालिक थिए । राज्य विस्तारको चाहना राख्थे । नन्दसँग मनमनै शत्रुता राख्थे तर राक्षसको बुद्धि र मगधको ठूलो सेना देखी कहिल्यै मगधमा आक्रमण गर्नेबारे सोचेनन् । यी कुरा चाणक्यले बुझेका थिए ।

पुरुलाई सम्झाउँदै चाणक्यले भने- 'मगध अहिले नन्दका अत्याचारबाट पीडित छ । जनता विद्रोहका लागि तयार छन् । नन्द शासन गर्न अयोग्य छ । मैले चन्द्रगुप्त नामको वीर पुरुषलाई मगधको शासक तयार गरेको छु । सिकन्दरका बचेका सेना, आसपासका आदिवासी र जनताको समर्थन चन्द्रगुप्तका साथ छ । यस्तो अवस्थामा तपाईं हाम्रो सहयोग गर्नुहुन्छ भने मगधको आधा भाग तपाईंलाई दिन्छौं ।'

नमागीकनै आफूले चाहेको वस्तु पाइन्छ भने अरू के भन्नु, पुरुको मन खुसी भयो । राज्य विस्तार साथै मनमा नन्दसँग रहेको शत्रुताको बदलाभावना पनि साकार हुँदा आनाकानी नगरी चाणक्यको वचन स्वीकार गरी एउटा ठूलो सेनालाई चाणक्यको अधीनमा दिए ।

व्यास पार गरी पुरुका सेनासाथ चाणक्यले चन्द्रगुप्तलाई भेटे । उता चन्द्रगुप्तसँग पनि ठूलो सैन्यशक्ति रहेको देखी चाणक्य हर्षित भए । उत्साहपूर्वक चाणक्यले चन्द्रगुप्तसँग भने- 'अब समय भयो, तिमी मगधमा आक्रमण गर । तिम्रो विजय निश्चित छ ।'

त्यसै राति युद्धको रणनीति तय भयो । सेना चार भागमा बाँडिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुख्य सेनाका सञ्चालक चन्द्रगुप्त वने । बाँकी तीनमा कुशल योद्धाको जिम्मा दिए जसमा एउटामा कुमार मलय, अर्कोमा सिंहाक्ष र अर्को एउटामा आदिवासी वीरको नेतृत्व थियो ।

चन्द्रगुप्त र चाणक्यले वीरोचित शब्दमा सम्वोधन गरे । सैन्य पहिरनले सुसज्जित चन्द्रगुप्तलाई चाणक्यले टीका लगाई अभिषेक गरे ।

यसरी पुनः युद्धको दुन्दुभी वज्यो । नगराको ढङ् ढङ्, शंखशब्द, जयघोषका सँगै सेनाले मगधमा आक्रमण गरे । यस युद्धलाई जति सरल ठानिएको थियो त्यति सरल थिएन । गुप्तचरवाट वरावर पाएका समाचारका आधारमा नन्द पनि आफ्नो विशाल सेना लिएर युद्धमोर्चामा डट्यो । नन्दका सेनामा हात्तीको संख्या वढी थियो । हात्ती कराएको आवाजले वातावरण डरलाग्दो भएको थियो ।

दुवैतिरबाट डरलाग्दा वाणहरूको वर्षा, तरवारको खनखन आवाज, जयघोषको चर्को ध्वनि ! ऐय्या ! आदि चिच्याहटका साथ युद्धभूमिमा मारकाट मच्चिन लाग्यो । सेतो घोडामा रक्षाकवचले सुसज्जित चन्द्रगुप्त थिए । बिजुलीजस्तै छिटो तरबार चलाउँथे । उनी यताउति सबैतिर शत्रुसैन्यलाई तितरवितर पार्दै थिए । चन्द्रगुप्त साथै धनुर्धारी आदिवासीहरू पनि नन्दका सेनामा सटिक वाण हान्दै साफ पार्दै थिए ।

नन्दपट्टिको सेनापति वक्रराज चन्द्रगुप्तको सेनाका लागि साक्षात् काल वनेको थियो । उसको अद्भूत शौर्य देखेर चन्द्रगुप्त आश्चर्यित थिए । सिंहाक्षले नेतृत्व गरेको सेना वक्रराजका देब्रेतिरवाट आयो र वडो बहादुरीसँग सफाया गऱ्यो । वक्रराजले सिंहाक्षको सेनालाई रथमा वसी-वसी आफ्नो भालाले गम्भीर रूपबाट घायल वनायो सिंहाक्षलाई । सिंहाक्ष भूमिमा पछ्रारियो । यो देखेर चन्द्रगुप्त घोडालाई छिटोछिटो दौडाउँदै नजिक पुगी वक्रराजलाई युद्ध गर्न ललकारे । वक्रराजले तरबार उठाउन नपाउँदै तरबार नै प्रहार गरी चन्द्रगुप्तले उसको शिर र शरीर अलग पारे ।

आफ्ना सेनापति मारेको देखी नन्दका सेनामा भागाभाग भयो । नन्द एउटा ठूलो हात्तीमा बसी सैन्यलाई सान्त्वना दिंदै थियो, तर सेनाको हात खुट्टा गलिसकेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अचानक चन्द्रगुप्त विद्युतगतिले घोडा दौडाउँदै नन्दको हात्ती नजीक आए। चन्द्रगुप्तका साथमा अरू सैन्य पनि थिए। एउटा सेनाले फालेको भालाले नन्द चढेको हात्तीको माहुते ढल्यो र ऊ हात्तीले कुल्चिएर मऱ्यो। नन्दलाई चारैतिरवाट घेर्दै चन्द्रगुप्तले ललकार्दै भने- 'नन्द तिमी चारैतिरवाट घेरियौ। आत्मसमर्पण गर अन्यथा मारिनेछौ।' हरेक समय भोगविलासमा रहने नन्दले रणभूमिमा ललकारको सामना गर्न सकेन। आफ्नो मृत्यु नजिक देखी महानन्दले आत्मसमर्पण गऱ्यो। उता सेनाले पनि शस्त्र राखिदिए।

महानन्दले आत्मसमर्पण गरेपछि राष्ट्रिय सेनाले किल्लामा झन्डा गाडे। झन्डा फहराउनासाथ 'चन्द्रगुप्तको जय', 'गुरुदेव चाणक्यको जय' शब्दले आकाशै गुञ्जियो।

हावाजस्तै चन्द्रगुप्तको विजय सबैतिर फैलियो। उनले महानन्दलाई वन्दी वनाई एक सुरक्षित महलमा पठाए। महलका चारैतिर विश्वस्त सैनिकहरूको पहराले महानन्दलाई घेरे।

राष्ट्रिय सेनालाई होसियार रहने आज्ञा दिई चन्द्रगुप्त गुरुदेवका कुटीतिर लागे। चाँडो हिँड्ने घोडा चढेका विजयी चन्द्रगुप्त तुरुन्तै चाणक्यका नजिकमा पुगे। चरण धूलो शिरमा लगाई गर्वले अग्ला तर विनयले झुकेका चन्द्रगुप्तले भने- 'तपाईंका आशीर्वादले हाम्रो विजय भयो, महानन्द वन्दी भयो।'

चाणक्य भन्दछन्- महामात्य राक्षस नि ?

चन्द्रगुप्त- उनको कुनै अत्तोपत्तो छैन।

चाणक्य- 'त्यसो भए अहिले विजय टाढा सम्झ। अलिकति मात्रै असावधानीले जितेको वाजी हारमा परिणत हुन्छ। महानन्दलाई वन्दी वनाई कहाँ राखिएको छ ? एक महलमा जसका चारैतिर राष्ट्रिय सेनाको कठोर पहरा छ', चन्द्रगुप्तले भने।

चाणक्य- यस्तो डरलाग्दो शत्रुलाई वन्दी वनाइराख्नु सर्पको फणालाई मुट्ठीले समाई राख्नु हो। भोलि विहानै उसलाई यो दुनियाँवाट टाढा पुऱ्याउनुपर्छ जहाँवाट फेरि सताउन आउन नसकोस्।

के अर्थ हो गुरुदेव ! के भोलि विहानै उसको वध (मार्नु) गर्नुहुन्छ र ? ...

हो ...।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यति हतार नगरौं गुरुदेव ! यदि उसलाई हामीले वन्दी वनाइराख्यौं भने पनि के विग्रिन्छ र ? के विगार्न सक्छ र उसले ?

'शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले वन्दी हुनुपर्ने थिएन ।'

तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने ।

तर के ? मोह भरिएर आएजस्तो छ वावुको, यो मोहमा आफ्नो उद्देश्य के हो, विर्सियौ ? अलिक रोषयुक्त स्वरमा चाणक्यले भने ।

चन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न वाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई वोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ, भन्नु आचार्य वात्स्यायनले वोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु ।... कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शङ्करदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा वसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन वोलाइयो ?

चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुङ्गाजस्तो पार्नुपर्छ ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द वन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय वलियो वनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ?

चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था वनायो । यो अधमले सयौं नारीलाई बरबाद पाऱ्यो । के यस्तो जीवले वाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन ।

मुरा सोच्न लागिन् । अन्त्यमा लामो निःश्वास लिँदै चाणक्यको कुरा स्वीकार गरिन् ।

यसरी मगधको एक क्रूर विलासी शासकको अन्त्य भयो । चाणक्यको प्रतिज्ञा पनि पूर्ण भयो अनि चाणक्यले आफ्नो शिखा (टुप्पी) गाँठो पारी आफ्ना पितालाई तर्पण गरे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाग- ४

चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- 'तिमी शोक नगर, यो समय खेर फाल्ने होइन । तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको वागडोर सम्हाल्नु, दोस्रो वावुको काजकिरिया गर्नु ।'

यो के भन्नुहुन्छ गुरुदेव ! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नवनाउनुहोस्, चन्द्रगुप्तले भने ।

विजयपछि शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे । शकटारतिर हेर्दै चाणक्यले भने- 'नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस् । चन्द्रगुप्त मगधको शासक वनेको घोषणा गर्नोस् । महानन्दका किरियाकर्म भएपछि राज्याभिषेक हुनेछ ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे । शोणनदीका किनारमा महानन्दको चिता वलिरहेथ्यो । सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए । माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए । उनी सोच्तै छन्- मगधाधिपति, जसका हुँकारले सिकन्दरद्वारा वढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ ।

मरिसकेपछि संसारका राम्रा-नराम्रा कुरा सँगै जान्छन् । मानिस ठूलाठूला कुरा पनि चाँडै विर्सन्छ । चितावाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ । केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन् ।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो । पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सवैतिर देखिन्थ्यो । उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे । तर, आज यही महलमा सुनसान एवम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सवैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ। यी सवै कुरा देख्दा मुरालाई आश्चर्य लाग्थ्यो।

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ। सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने वसेका थिए।

चाणक्यले सम्झाउँदै भने- 'अव शोक नगर, राज्यका लागि सचेत होऊ। राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ। जंव धेरै रुन्छ वा हाँस्छ तव शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले वन्नुपर्छ।'

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, वुद्धि र हातहरूमा वल ल्याउनुपर्छ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ। राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ। जो राजर्षि वनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ। राजाले वूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ। आज राति तिमी सुत्नेछैनौ विहानसम्म मेरा अर्थशास्त्रवाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु। राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु वरावर हो। जुन शासकले विषपान गरी अमृत ओकल्दछ (छाड्दछ) त्यहीँ राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधे । प्रहरीले कुनै सिकारी आफ्नो नाउँ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए ।

चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने- 'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।' राजदरबारबाट निर्णय नै नभई नन्दको वधका कारण विद्रोहले थाहा भएन कहाँबाट यो उब्ज्यो, जसले विरोधको आगोलाई बढाइरहेको छ । हुँ ... हुँकार गर्दै चाणक्य गम्भीर भए- 'यो सबै राक्षसको योजना हो । चन्द्रगुप्त देख्यौ वास्तविक जित अझै टाढा छ', भन्दै त्रिनेत्रसँग भने- 'विरोध शान्त पार्नलाई के प्रयत्न भयो ?'

त्रिनेत्र- सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिँदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन । चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने- 'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट-मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

यो आदेश पाएर त्रिनेत्र हिँडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किँदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगुप्त अस्वस्थ भएको समाचार जब राक्षसले पायो त्यसैबेला एक बूढो रोगीको भेष लिई आफ्ना अनुचरका साथ राजवैद्यको घरमा आयो ।

राजवैद्य दुर्गाप्रसाद आफ्नो निवासमा विश्राम गर्दै थिए, रोगी आएको सूचना वैद्यले पाए । त्यो रोगी जाँच्ने समय थिएन तापनि मानवताको नाताले वैद्यले रोगीलाई ल्याउन अह्राए ।

एकान्त पाउनासाथ रोगीको भेष गरेको राक्षसले आफ्नो रूप देखाए । आफ्ना अगाडि राक्षसलाई देखी वैद्य स्तब्ध भए । सम्हालिंदै यस भेषमा आउनुपर्ने प्रयोजन सोधे ।

'वैद्यराज ! यो समय हाँसो ठट्टाको होइन । तपाईं जान्नुहुन्छ महाराज नन्दको हत्या भयो । तपाईंको यो महामात्य जुवा हारेको जुवाडेजस्तो भई घुमिरहेछ । यो समय नन्दको हत्याको प्रतिशोध पाइयो कि चन्द्रगुप्त अस्वस्थ छन्, हुनसक्छ एकछिनमै कुनै गुप्तचर तपाईंले चाहनुभयो भने बाजी हाम्रो हातमा आउन सक्छ । तपाईं नन्दका हत्यारालाई मारेर उनको हत्याको प्रतिशोध लिन सक्नुहुन्छ ।' अवरुद्ध गला पार्दै राजवैद्यलाई राक्षसले यी सम्पूर्ण कुरा भनिहाले ।

राजवैद्य असमञ्जसमा पार्दै विरोध गरी भन्न थाले- 'अहँ महामात्य ! वैद्यका लागि रोगी पुत्रसमान हुन्छ । जसले नन्दको हत्या गऱ्यो त ऊ हत्यारा हो । तर यो समयमा ऊ रोगी हो । यदि उसले मेरै पुत्रको हत्या गरेको भए पनि आफ्नो नजिकमा आउने हत्यारा रोगीलाई मृत्युको मुखमा धकेल्न सकिँदैन वैद्यको धर्म जीवन रक्षा गर्नु हो जीवनको हत्या गर्नु होइन ।'

'यो सबै उचित छ, तर राजा पिता बराबर हुन्छ । हाम्रो मातृभूमिको रक्षा गर्ने थियो महानन्द । हामीले आफ्नी आमाको सिउँदोको सिन्दूर पुछ्ने हत्यारालाई यसै छाडिदिन हुन्न । मातृभूमिले हामीलाई कहिल्यै क्षमा गर्दिनन् । म त अब जदैछु, मेरो समय छैन, चाणक्यका गुप्तचर पाइला-पाइलामा फैलिएका छन् । ठूलो विकट परिस्थितिमा ज्यान हत्केलामा राखेर आएको हुँ । अब जस्तो उचित ठान्नुहुन्छ त्यही गर्नोस् ।' यति भनेर पुनः रोगीको भेषमा राक्षस त्यहाँबाट निस्कियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजवैद्य आफ्नै अन्तर्द्वन्द्वमा घेरियोस् । उसका मस्तिष्कमा विचारका भुमरी उठ्न लागे । एकातिर मातृभूमिको कर्तव्य त अर्कोतिर आफ्नो व्यवसायी धर्म । यही उल्झनमा भएकाले उसलाई राजमहलवाट आएको अनुचरवारे पत्तो पनि भएन, अनुचर वोल्दा थाहा मात्र पायो कि ऊ चन्द्रगुप्त अस्वस्थ भएको समाचार लिई आएको थियो । उनले एकछिन विचार गरी एक निर्णय गर्दै आफ्नो औषधिको पेटिका वोकी अनुचरका साथ लागे ।

राजमहलमा आफ्नो शय्यामा इन्तु न चिन्तु भएझैं चन्द्रगुप्त सुतेका थिए । सेविकाहरू पंखा हम्की रहेथे । अरू दासदासीहरू कुनै आदेशको प्रतीक्षामा खडा थिए । राजवैद्य आउनासाथ सवै उठी खडा भए । राजवैद्यले सवैलाई वाहिर पठाई एकान्त गराए । त्यसपछि राजा चन्द्रगुप्तको नाडी छाम्न लागे । चन्द्रगुप्तलाई कुनै रोग नलागेको चाल पाए । केवल थकावट मात्र भएको वुझिहाले तथापि निकै नै गहिरिएर रोगीलाई जाँच्ने उपक्रम गर्दैरहे । अनि लामो सास फेर्दै राजालाई भन्दछन्- 'चिन्ता नगरौं महाराज ! केही समय पूरापूर आराम गरे पुग्दछ । कसैले पनि कुराकानी गरेर महाराजलाई झिजो नदेओस् । म औषधि दिन्छु । विहानसम्ममा निको भइजाला ।'

षड्यन्त्रको जालो वनाउँने कहिलेकाहीं आफैं जालोमा फस्न पुग्दछ भनेझैं यहाँ पनि त्यस्तै नै भयो । राजवैद्यले आफ्नो प्यालावाट चन्द्रगुप्तलाई औषधिको सट्टा विष पिलाउँन लाग्दा ... त्यसैवखत 'रोक ...' भन्ने कडा आवाज सुनियो ।

यस्तो प्रभावशाली आवाज सुन्नासाथ चन्द्रगुप्त र राजवैद्य दुवै चकित पर्दै आवाज आएको ठाउँतिर हेर्न लागे । उतावाट चाणक्य कोठाभित्र आउँदै थिए । 'गुरुदेव ! हजुर यहाँ ?' मलिनो स्वरमा चन्द्रगुप्तले भने । चाणक्यलाई आवश्यकताका प्रत्येक पलमा खडा पाउँछौ । चन्द्रगुप्त ! राजाले निद्रामा पनि विउँझनुपर्छ । अस्वस्थ हुँदा पनि मस्तिष्कलाई चैतन्ययुक्त वनाउँदै तरोताजा हुनुपर्दछ । तर, म देख्दछु कि तिम्रो मस्तिष्क पनि थाकेजस्तो छ । यस्तो समयमा झन् वढी सतर्क हुनुपर्छ । तुरुन्त कसैलाई पनि भर-विश्वास गरिहाल्नुहुँदैन । यसले राजालाई हानि गर्दछ ।

अब राजवैद्यलाई लाग्यो उसमाथि चट्टान नै फुट्न लाग्यो । आश्चर्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्दै चन्द्रगुप्तले सोधे- 'मैले कुरो बुझिन गुरुदेव !'

उनलाई सम्झाउँदै चाणक्यले भने- 'तपाईंले परीक्षण गरेपछि मात्र खाने पिउने गर्नुपर्छ। आफूले खान लागेको वस्तु हानिकारक छ कि ? विचार पुऱ्याउनुपर्छ।'

चाणक्यले वैद्यतिर फर्केर भने वैद्यजी ! माफ गर्नुस्, राज्यव्यवस्थाको कठोर नियमले गर्दा राजालाई खुवाउन लाग्नुभएको यो ओखतिलाई म पहिले विरालोलाई खान दिई परीक्षण गर्दछु। त्यसपछि मात्र तपाईंले यो औषधि महाराजलाई खुवाउनुहोस्।

यो सुनी वैद्यका हात काम्न थाले। मुख डरले पहेंलो भयो। उनले आफ्नो मृत्यु साक्षात् खडा भएको देख्न लागे।

वैद्यको यस्तो हालत चाणक्यले देखी तुरुन्तै परिस्थिति बुझे। चन्द्रगुप्तसँग भने- 'देख्नुभो राजा ! यो षड्यन्त्र तपाईंलाई सपनामा पनि जानकारी थिएन होला तर मलाई सन्देह भयो। त्यसवेला जुनवेला वैद्यले सबै सेवक बाहिर पठाए। किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस् तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन। वन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे। यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो।

सुख, दुःख, जय, पराजय समुद्रका तरङ्जस्तै हुन्छन्। दुःखपछि सुख, सुखपछि दुःख आउँछ-जान्छ। जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ। युद्ध हतियारबाट मात्र गरिँदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्वले जितिन्छ।

टा..... ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए। विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे। त्यतिबेलै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै एक गुप्तचर आई वैद्यको असफलता र मृत्युको समाचार सुनायो ।

राक्षसले लामो निःस्वास लिँदै भने- 'लाग्छ प्रकृति नै अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् । ... तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन । म आफ्ना मालिकको हत्याको वदला अवश्य लिन्छु ।' अनि अर्के गुप्तचर आइपुग्यो, उसवाट थाहा भयो आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ । त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फवाट उपहार दिइन्छ ।

यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै । त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई वोलाई राक्षसले भने- 'मित्र ! एउटा नचुक्ने अवसर आएको छ । यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी वचाउँछ, हेरौं ।'

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- 'तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ । म एक चिठी उनका नाममा लेख्छु । त्यहाँवाट अत्यन्तै रूपवती विषकन्या पाउनेछौ । जो हाउ-भाउ संगीत, नृत्यकलामा अनुपम छ ।'

'महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू । अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सवैलाई ती विषकन्या एकपटक देखाउनू । त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् । विषकन्या आफ्नो अमूल्य निधि भनी चन्द्रगुप्तलाई उपहार दिनू, तिमी चाँडै जाऊ । हेर ! यो छनक चाणक्यसम्म पुग्नुहुँदैन । तिमीले अत्यन्तै वुद्धिमानीसाथ काम गर्नुपर्छ ।'

'जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ' भनी जीवाक्ष हिँड्यो । यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो । शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामले आफ्नो डेरा वनायो । वहुमूल्य भेषभूषा, आश्चर्य लाग्ने ठाँट-बाँटको, अनौठो संगम थोरै दिनमै सोमदेवको रवाफ वढ्यो । सहरका ठूलावडा व्यापारीसँग परिचय वढ्न थाल्यो । कला र सौन्दर्यको पारखी भनी उसले प्रसिद्धि पायो । वहुमूल्य रत्नको व्यापारीका रूपमा ठूलाठूला मानिसले चिन्न लागे । असीम रूपवतीको संयोगले उसको प्रसिद्धि दुई गुना बढेको थियो ।

अन्ततः कौमुदी उत्सव पनि आयो । भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो । प्रत्येक हाट, प्रत्येक दुकानदार वढाई-चढाई सजावट गर्दथे । नगरसेठ आफैं सोमदेवलाई निमन्त्रणा दिन आउँथे ।

उत्सवको सवै तयारी पूरा भयो । राजमहलको भव्यताले इन्द्रको दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो । सवैतिर चहलपहल थियो । रंगीविरंगी वस्त्रमा सिंगारिएका दास-दासीहरू सवै आफू-आफूमा नै व्यस्त थिए ।

आजको सभा राजमहलदेखि वाहिर विशाल आँगनमा मखमली रंगीन सामियानले सुसज्जित वनाइएको थियो, ठूलाठूला तोरण, वीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो । दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा वसेका थिए ।

यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट् चन्द्रगुप्त दरबारमा सवारी हुँदैछ ।

सवै अतिथि आदरसाथ आसनवाट उठे । प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले । विगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक वनाएको थियो । चन्द्रगुप्त आसनमा वसे । नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए । सवैतिर स्तब्ध वातावरण थियो ।

आचार्यका संकेतले राजभट्टले चन्द्रगुप्तको प्रशंसागीत गाए । त्यसपछि चाणक्यले सवै पाहुनाको स्वागत गर्दै भन्न लागे-

'उपस्थित मान्यवर अतिथिहरू, भूपतिहरू र नागिरक ! यस आर्यावर्तको इतिहासमा आजको दिन अत्यधिक महत्त्वको हुनेछ । किनकि, यो विशाल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मगध देशको वागडोर तपाईंहरूले यस्तो वीर र वुद्धिमान् पुरुषलाई सुम्पिनुभएको छ। जसले गौरवशाली राष्ट्रको गौरव अझ माथि शिखरमा पुऱ्याउनेछ। जसका आधिपत्यले सम्पूर्ण प्रजा निर्भय र सुखले रहन सक्छन्, यो म सवैलाई विश्वास दिलाउँछु। हामी सवैसँग मैत्रीपूर्ण सम्वन्ध चाहन्छौं तर कसैले हाम्रो राज्यमा आफ्नो कुचक्रको जाल फैलाउन चाहन्छ भने वा षड्यन्त्र गर्छ भने उसलाई समुचित पाठ पढाउन पनि हामी सक्षम हुनेछौं।'

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हर्षका तालीसहित राष्ट्रगीत गाइयो। त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो।

हीरा पन्ना, मोती, माणिक्य, हाती, घोडा, कालीगढीको अद्भूत सर्वोत्तम नमुना, उत्तम वस्त्र श्रद्धापूर्वक दिइने भेटले आँगन भरियो। घोषणा गर्नेले भेट चढाउने सोमदत्तको नाम पुकारेपछि उसले आफू आसनवाट उठी पहिले आफ्नो परिचय काश्मीरी व्यापारीका रूपमा दियो र भन्यो- 'म मगध सम्राटको सेवामा एक अनुपम उपहार अर्पण गर्दैछु जुन अहिले मणिमाणिक्य र अमूल्य मोतीवाट लिनेछु जसले वास्तवमा महाराज र दरबारियालाई अवश्य आकर्षित गर्नेछ।'

सोमदेवले चारैतिरवाट ढाकिएको डोलीको पर्दा हटायो। त्यो हटेपछि त्यसवाट एक विश्वमोहिनी युवती वाहिर निस्की। पूर्णयौवना सुन्दरी हल्का नीलो साडीमा सेतो मोतीको मालाले सुशोभित सुन्दरी देख्ने दिनलाई जति सवै मोहित भएर किंकर्तव्यविमूढ भए उसका रूप एवम् लावण्यले सम्पूर्ण व्यक्ति एक अज्ञात सम्मोहनमा परे।

सवैको सम्मोहन सोमदेवका स्वरले भंग भयो। 'यी परम सुन्दरीलाई म सेवक आफ्नो तर्फवाट महाराजालाई उपहार चढाउँछु। कोइलीको जस्तो गला भएकी यी सुन्दरी नाना किसिमका नृत्यमा उत्कृष्ट भएकीले हरेक दृष्टिकोणबाट महाराजको दरवारको शोभा बढाउनेछिन्।'

सवैतिरवाट अद्वितीय उपहारको प्रशंसामा वाह-वाहको स्वर सुनिन लाग्यो। चन्द्रगुप्तले पनि यी सुन्दरी प्राप्तिको हर्ष लुकाउन सकेनन्। उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुखबाट उत्ताउलोपना प्रकट भइरहेथ्यो तर आचार्य चाणक्य भने कतै अर्कै दुनियाँमा थिए ।

अचानक चाणक्यले उठ्दै त्यहाँ उपस्थित सबैतिर हेर्दै गम्भीर स्वरमा भने- 'हामी तिम्रा उपहारले प्रसन्न छौं । वस्तुतः तिम्रो यो उपहार आजको सबै उपहारभन्दा अनौठो छ, हामी यसलाई सहर्ष स्वीकार गर्दछौं ।'

अनि राजा पर्वततिर फर्कंदै आचार्य चाणक्यले भने- 'हामी हाम्रा सहयोगी राजा पर्वतकलाई आजको उत्सवको यो सबैभन्दा अनौठो उपहार उनको बहुमूल्य सहयोगका लागि प्रदान गर्दछौं ।'

चन्द्रगुप्त र अन्य सबै उपस्थित समूह चाणक्यका यी शब्दले आश्चर्यचकित भए ।

उता राजा पर्वतकको प्रसन्नताले हर्षको सीमा रहेन । उनले नमागी नै सर्वस्व प्राप्त भएजस्तो ठाने ।

चाणक्यले सभाविसर्जनको संकेत दिंदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे ।

यता चन्द्रगुप्त खिन्न थिए । उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुँदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो । सुन्दरीलाई चिन्दैनचिनी आवेगमा भरपूर एक चुम्बन लिए । मानौं राजालाई हजारौं विषधरले एकैपटक डसेजस्तो भयो । राजा संज्ञाशून्य भए (अर्थात् राजाको प्राण गयो) ।

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए । राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो । चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिंज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् ! यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन ।' मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यहीं सोमदेववाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो । हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किनकि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

'सुन्नोस् ! पर्वतक राजाको मृत्युले अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् । राक्षसको गुप्तयोजना मलाई थाहा भयो । यसैले अहिले राक्षसका तीरवाट राक्षसकै पराजय भयो ।'

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले यी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

×××

चन्द्रगुप्तको राज्याभिषेक भयो

चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनावारे परिचित गराउँदै थिए । आक्रान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना वटुलेर भारततिर आउँदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए । यही समयमा महामात्य शकटारको देहावसानले अशान्त पारिरहेथ्यो ।

चाणक्यका आदेशानुसार सैन्यशक्ति र गुप्तचर ... अझै धेरै वलियो वनाउनमा चन्द्रगुप्त व्यस्त थिए ।

उता राक्षसलाई आफ्नो प्रत्येक योजना विफल भएको देखेर आफ्नो सबभन्दा ठूलो शत्रु चाणक्य नजानिने पहेलीजस्तो लाग्थ्यो, उनले सोच्न सकेका थिएनन् । उनका प्रत्येक षड्यन्त्रको आभास चाणक्यलाई पहिले कसरी थाहा हुन्छ ? उनी त्यो मौकाको प्रतीक्षामा थिए जब चन्द्रगुप्त र चाणक्य दुवैलाई समाप्त गर्ने षड्यन्त्र रचना गर्न सकून् ।

यस्तो अवसर पनि प्राप्त भयो जुन सुनेर राक्षस खुसीले पागलजस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए। राक्षसलाई एउटा गुप्तचरबाट थाहा भयो कि अघिल्लो पक्षको शुक्लपञ्चमीमा चन्द्रगुप्त आफ्नो नयाँ बनेको महलमा प्रवेश गर्दैछन्। गुप्तचरले आफूसँगै त्यो महल बनाउने मुख्य कालीगढलाई पनि ल्याएका थिए। राक्षसले मुख्य सिल्पी कलीगढलाई प्रलोभन र राजा नन्दप्रतिको कर्तव्यको वास्ता दिएर त्यो महलको गुप्तचर ढोकावारे जानकारी पाएका थिए। एउटा यस्तो गुपत ढोका वारेको जानकारी जुन एउटा सुरुङ्गका माध्यमबाट टाढा जङ्गलमा खुल्दथ्यो जुन गुफावारे चाणक्य र चन्द्रगुप्तलाई पनि जानकारी थिएन। कालीगढले चन्द्रगुप्त र चाणक्यलाई गृहप्रवेशका समयमा भवनको सम्पूर्ण जानकारी गराए। यो सुरुङ आकस्मिक समयमा भाग्न सजिलो परोस् भन्नाका निमित्त सिल्पीले बनाएको थियो।

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए।

गृहप्रवेशको समय पनि आयो। सम्पूर्ण रूपबाट महल सिंगारिएकी नववधूजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए। सबैतिरको निरीक्षण भइसकेको थियो तर चाणक्यको चैतन्यले भन्थ्यो 'अहँ म पनि आफैं महलको निरीक्षण गर्दछु त्यसपछि मात्र गृहप्रवेशको कार्यक्रम हुनसक्छ' भनी सुरक्षा अधिकारी र केही सैनिकहरू साथ लिई फेरि महलको सूक्ष्म निरीक्षण गर्न लागे चाणक्यले।

सबैतिर त ठीकै थियो। अचानक चाणक्यको दृष्टि महलको तल्लो भागबाट मुखमा अन्नका कणहरू लिई आफ्नो गन्तव्यतिर जाँदै गरेको केही कमिलाको समूहमा पऱ्यो।

चाणक्य सोच्न लागे- 'यो संगमर्मरको तलामा कहाँबाट अन्न आयो। सबै महल स्वच्छ छ र चमचमाइरहेछ। मस्तिष्कमा एक विचार उत्पन्न हुनासाथ आवेगमा सुरक्षा अधिकारीलाई आदेश दिए महल चारैतिरबाट घेरी यसमा तुरुन्त आगो लगाइदेओ।'

आदेशको तुरुन्त पालन भयो। ज्यालठट्टैमा महलमा आगाको मुस्लो निस्कँदै बल्न लाग्यो। यता चन्द्रगुप्त किंकर्तव्यविमूढ भई चाणक्यपट्टि हेर्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रिसाइरहेका थिए । यस्तो सुन्दर महल यसरी खरानी वन्दा रिस उठ्नु पनि स्वाभाविकै थियो । चाणक्य भने एउटा किनारामा उभिई अलि-अलि हाँसी रहेथे ।

केही समयपछि आगामा मासु जलेको दुर्गन्ध आउन थाल्यो । मनुष्यमांस जल्नाले सबै उत्सुक भई यताउति हेर्थे तर त्यहाँ केही पनि देखिएन ।

अन्तमा चाणक्यले वताए तलको तहखानामा जसको हामीलाई थाहा थिएन राक्षसका सैनिक लुकेका थिए । रातमा हमला गर्ने उनीहरूको योजना थियो ।

चन्द्रगुप्तलाई वास्तविकताको ज्ञान भएपछि अत्यन्त ग्लानि भयो । तर, चाणक्यले सबै जान्दछन् जस्तो भई भने- 'राजाले हरपरिस्थितिमा शान्त रहनुपर्छ । यदि राजाले आफ्नो विवेक हराउँछ भने त्यसबेला उसले आफ्नो र राज्यको हानि (क्षति) गराउँछ ।'

×××

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए । चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए । यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो ।

गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो ।

यो सुन्दा चाणक्यका आँखा रिसले रातारातो भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए ।

चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने- 'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान विर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक । साथै रिसले बडबडाई मुखबाट शब्द निस्कँदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीले सबै पिउँछिन्, चाहे जत्रो नै तुफान किन नआओस् त्यसले चाणक्यलाई हल्लाउन पनि सक्तैन ।'

'त्यो स्याललाई हामीले अभयदान दिएका थियौं । फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस ! हामी यसपटक तेरो स्वागत यसरी गर्छौं तँ पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् ।' अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फेरे जुन उनको मनोवलको द्योतक थियो ।

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणक्यले 'जय' को आशीर्वाद दिंदै रणनीतिसम्बन्धी गूढ परामर्श पनि उनलाई तत्काल दिए ।

सँगसँगै चन्द्रगुप्त र चाणक्य महलवाट वाहिरिंदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तले चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढी युद्धको शंखनाद गरे । हजारौं घोडचढी, लाखौं पैदल सैनिक, सयकडौं हात्ती अत्यन्तै डरलाग्दो आँधीवेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे- उता व्यासपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा ।

×××

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर ।

आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं वुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो वोल्दैन । राक्षसले चाणक्यको जस्तो धोका दिन सक्तैन, मगधविजयपछि कुमार मलय नै मगधको सम्राट हुन्छन् । यो पक्का वुझ्नुहोस् ।'

'मलाई तपाईंको कुरामा विश्वास छ, तर सोच्छु कतै चाणक्यलाई यो भेदवारे जानकारी नहोस् ती ब्राह्मण कुनचाहिँ विद्या जान्दछन् हार्ने काम उनीसम्म आइनै पुग्दैन । जतातिर उनको दृष्टि पर्छ, त्यसको निश्चित सर्वनाश हुन्छ भन्ने लाग्छ' पुरुले अनिश्चयजस्तो स्थितिमा भने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसले फेरि सान्त्वना दिँदै भन्न लागे- 'मानिसले लक्ष्य प्राप्त गर्न कर्म गर्दछ, फल ईश्वरको अधीनमा हुन्छ। उर्लंदो भेल आए पनि नदीमा नाउ (डुंगा) चल्न छोड्दैन। डुब्ने डरले पानीमा पौडिन कोही छोड्दैन। जो हारेर चुप लागी वस्छ जितले उसलाई हेरेर हाँस्छ, म वुझदछु चाणक्यले पाइला पाइलामा मलाई परास्त गरे, तर म फेरि अघिल्लो कामका लागि तयार हुन्छु। अव मेरो लक्ष्य खाली मालिकको हत्याको वदला लिनु छ, त्यो पनि चाणक्यलाई हराएर। अव निर्णय हजुरको हातमा छ, चाहे यो प्रस्ताव स्वीकार गर्नोस् वा नगर्नोस्।'

'होइन-होइन, यो कुरा होइन म चाणक्यसँग डराएँ, म त खाली सन्देह मात्र व्यक्त गर्दै थिएँ, मलाई तपाईंको प्रस्ताव स्वीकार छ। म कुमार मलयलाई तपाईंको जिम्मामा सुम्पन्छु किनकि यो सम्राट्को (पुरुको) उत्तराधिकारी पनि ऊ नै हो। आजदेखि कैकेयको मन्त्रीमा तपाईं नियुक्त हुनुभयो' पुरुले भने।

राक्षसले आफू कैकेयको मन्त्री नियुक्त भएपछि खुसी हुँदै 'तपाईंको कृपाका लागि म आभार प्रकट गर्दछु' भनी पुरुलाई भने।

यस्तैमा टाढा कतै घोडाको टापको आवाज सुनियो जुन् झन्-झन् नजिक हुँदै थियो। यो आवाजले दुवैको कुरा समाप्त भयो। सैनिक पनि सतर्क हुँदै अउनेको प्रतीक्षामा बसे। राक्षस र पुरु एक बाक्लो लहराको झाँगमा लुके आगन्तुक अश्वारोहीलाई सैनिकले आफ्नो घेरामा पारे।

अश्वारोहीले कुनै प्रतिक्रिया नगर्दा उज्यालो वत्ती (राँको) लिई सैनिक नजिकमा आए। उज्यालोमा राक्षसले पनि देखे। आउने अरू कोही होइन कुमार मलय नै रहेछन्। पुरु पनि कुमारलाई देखी झाँगवाट बाहिर आए।

दुवैले देखे कुमारका अनुहारमा हडवडाहट छ, पसिना-पसिना भएको छ, एकछिनको विश्रामपछि उनले भने- चन्द्रगुप्त युनानीसँग लड्दै-लड्दै धेरै अगाडि वढ्दैछन्। दुवैतिर घमासान युद्ध भइरहेछ, थाहा छैन कसले जित्छ।

राक्षस र पुरुले एउटै कुरा सोच्न लागे- कदाचित् चन्द्रगुप्त विजयी भए उनको शक्ति अरू पनि वढ्छ फेरि उनलाई जित्न असम्भव हुन्छ यदि चन्द्रगुप्त लड्दालड्दै मारिए भने युनानीले फेरि हामीसँग भिड्न सोच्नेछ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगुप्त मरेमा हाम्रो उद्देश्य सिद्ध हुँदैन, चाणक्य त्यो शक्ति हो जसले दश चन्द्रगुप्त पैदा गर्दछ- राक्षसले भने ।

यता यो सोचविचार भइरहेथ्यो पुनः एक घोडचडी आएको आवाज आयो । केही वेरपछि कुनै सैनिक रक्ताम्य भई आइरहेछ । त्यो पुरुको सेनानायक थियो । नजिक आई हतारिँदै भन्यो- युद्धभूमिको त पासै पल्टियो । चन्द्रगुप्तको पराजय निश्चित थियो । उनले कसरी तुफानको रूप धारण गरे, कुराकुरैमा सेल्युकसलाई बन्दी वनाइदिए । अनि ...।

अनि के, राक्षसले आवेश र जिज्ञासाले सोधे ।

अनि चाणक्यका आज्ञाले सवै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुऱ्याइदिए- सैनिकले उत्तर दिए ।

यो सुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे । पुरुले भने- लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको वारे थाहा भयो ।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो । जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे त्यसवेला हामी सहायताका लागि नजिकै खडा थियौं । हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन । थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो । हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं । हाम्रा धेरै सैनिक मरे । केही सैनिक मात्र प्राण वचाएर भाग्न सफल भयौं ।' रक्ताम्य सेनानायक आफ्नो उपचार गराउन हिँडे । पुरु र राक्षस विचारमा मग्न रहे ।

चिन्तातुर हुँदै राक्षसलाई हेर्दै पुरुले भने- 'अव के हुन्छ ? हुन्छ के ? अब पनि हामी आफ्नो शक्ति एकत्र गर्छौं । यदि चन्द्रगुप्तले कैकेयपट्टि हेर्ने साहस गरे त्यो महँगो हुनेछ । कुलुतका राजा चित्रवर्मा, मलायाधिपति सिंहनाद, कश्मीर नरेश पुष्करनयन, सिन्धुपति सिन्धुसेनलाई निमन्त्रणा पठाउनुहोस् । आफ्नो सेना तयार राख्नोस् हामी चन्द्रगुप्तसँग प्रत्यक्ष युद्ध पनि गर्नसक्छौं ।' राक्षसले अनुहार कालो नीलो पार्दै हत्केलामा हातले हिर्काउँदै भने ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंको साहस धन्य छ मित्र ? यत्रो सम्पूर्ण कुरा भइसक्दा पनि फेरि त्यही उत्साह ?

केही सोच्दै राक्षसले आफ्नो सवैभन्दा योग्य र विश्वस्त गुप्तचर विराधलाई भन्न लागे- 'तिमी आफ्नो समाचार सुनाऊ मित्र ? अब तिमी नै भन चाणक्यलाई कसरी जित्ने ?'

तपाईंको कृपा मालिक ! हामी शत्रुलाई शत्रुकै तीरले माछौं । मैले चाणक्यको 'कौटिल्य अर्थशास्त्र' माँगेर पढें । त्यसमा शत्रुनाशका धेरै कुरा लेखिएका छन् हामी चन्द्रगुप्तको सेनामा विद्रोहको बीउ रोप्छौं । राज्याधिकारी र मन्त्रीहरूमा स्वार्थको बीउ हालेर फुट पैदा गर्छौं ।

मलाई तिमीजस्तो साथीसँग पूरा भरोसा छ विराध ! तिमी सुझबुझले ओतप्रोत भएका व्यक्ति हौ ।

राक्षस र विराधको यो कुरा हुँदै थियो । एउटा संकेत स्वरले दुवै झस्के । विराधले सतर्क हुँदै भन्यो- 'लाग्छ कुनै गुप्तचर हो । शत्रु या मित्र यसलाई हेर्नुपर्दछ ।'

उसलाई हेर्न विराध हिँड्यो । अगाडि जीवाक्ष एक अपरिचितलाई लिई आइरहेछ । जीवाक्ष त्यै गुप्तचर थियो जो विषकन्यासँग गएको थियो । चाणक्यद्वारा बन्दी भएको थियो । नजिकै आएपछि जीवाक्षले विराधको चरण छोयो । अपरिचितले नमस्कार गऱ्यो ।

जीवाक्षले भन्यो- 'त्यो संकेत आवाज मेरै थियो । म यी मित्रको उपकारी हुँ । यिनले आफ्नो प्राण संकटमा पारेर चाणक्यको दुर्भेद्य कारागारवाट छुटाए । यो प्रयासमा यिनी घायल भए । ईश्वरका कृपाले शत्रुका तीरवाट वल्लवल्ल वच्यौं । यी पनि चाणक्यसँग प्रतिशोध लिने प्रतीक्षामा छन् । अवसर खोज्दै थिएँ यस्तैमा परमगुणी महामात्य राक्षससँग मेरो भेट गराउन यिनलाई लिई यहाँ आएको हुँ ।'

विराध ती दुवैलाई लिई राक्षसकहाँ गयो । जीवाक्षले घटना भन्यो । राक्षसले खुसी हुँदै हामीलाई यो समयमा मित्रको अति आवश्यकता छ भने ।

सायद राक्षस त्यो रहस्यमय चाणक्यका रहस्यवाट परिचित थिएन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा सिंहका गुफामा प्रवेश गरे उसको रहस्य जान्न एक सोचसमझको चाल थियो चाणक्यको । वास्तविकता थियो जीवाक्षलाई छुटाउने अपरिचित व्यक्ति चाणक्यको एक विश्वस्त गुप्तचर थियो ।

यो चाणक्यको गोप्य गुप्तचरीको नै एउटा चमत्कार थियो । उनलाई पञ्चनदको मिनेट मिनेटको सूचना प्राप्त हुन्थ्यो । उनले आफ्ना गुप्तचरलाई मृत्युको मुखमा घुसाएर गुप्तभन्दा गुप्त रहस्यहरू पाउन तयार पारेका थिए । यसकै परिणामस्वरूप नै राक्षसद्वारा पुरु तथा मलय र अन्य पाँच राजासँगै पाटलीपुत्र (पटना) मा आक्रमण गर्ने सूचना पाएका थिए चाणक्यले ।

×××

पाटलीपुत्र (पटना) को दरबार, सबै राजदबारिया आफ्ना स्थानमा अनुशासित भई बसिसकेका छन् । विगुलको स्वरसँगै उद्घोषको 'महाराज चन्द्रगुप्त आउँदै हुनुहुन्छ' भन्ने घोषणा सुनियो । अर्को घोषणा छ 'परम् तेजस्वी महानीतिज्ञ मगधका भाग्यविधाता महात्मा चाणक्य दरबारमा आउँदै हुनुहुन्छ' भन्ने पनि ।

एउटा वीर सेनापतिको जस्तो चालले चन्द्रगुप्त सिंहासनमा आई बसे । नजिकै भव्य सिंहासनमा बस्नुभन्दा पूर्व चारैतिर नजर लगाई हेर्दै आसनमा बस्दै बन्दी सेल्युकसलाई ससम्मान उपस्थित गराउने आदेश दिए ।

केही बेरपछि सेल्युकस पराजित योद्धाजस्तै गर्दन झुकाई राज्यसभामा प्रवेश गऱ्यो ।

चाणक्यले आफैं खडा भई सेल्युकसको स्वागत गर्दै भने- 'आर्यावर्तको मगध साम्राज्यका युनानका सम्राट्लाई स्वागत छ ।'

चाणक्यले अपनत्व देखाउँदै भने- 'भारतवर्षका वासिन्दाहरू पाहुनालाई भगवान् सम्झन्छन् युनानाधिपति ! र फेरि को भन्छ तपाईं सम्राट् होइन ! युनान र भारतवर्ष एक हुन सकोस् । यसैले मैले तपाईंलाई मैत्रीभावले अतिथिस्वरूप बोलाएँ, यसमा कुनै सन्देह छैन ।'

'म चाहन्छु भारतवर्ष र युनानको सम्बन्ध यस्तो होस् जसलाई कुनै पनि तरबारले काट्न नसकोस् ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'पराजति भई दयास्वरूप मित्रता गर्नु र प्राणको भीख माग्नुमा कुनै अन्तर छैन महोदय ! तात्पर्य जान्नुहुन्छ एउटा वीर पुरुष प्राणको भीख कहिल्यै पनि माग्दैन', सेल्युकसले विक्षुब्ध भावले भन्यो ।

जयपराजय त चल्दै रहन्छ, जीवनमा कुनै राम्रो काम गर्दा हार नै पनि यसको भागी वन्छ, तर निन्दित विचारले भएको जयले पनि अपयश नै दिन्छ, एउटा राजाको राज्य विस्तार राम्रो कुरा हो, तर निरीह व्यक्तिको हत्या गरेर उनीहरूका रगतले भिजी वनेको राजाको के सुखकारी हुन्छ ? तपाईं नै भन्नोस् के पाइयो नरसंहार गरेर ? के आत्माले शान्ति पायो ?

'आउनुहोस् गला लगाएर मित्रताको अमृतपान गर्नोस् जसले परमशान्ति मिल्छ', शान्त भई सम्झाउँदै चाणक्यले भने । तपाईंका सवै कुरा ठीक छन् महात्मन् ! तर एउटा पराजित राजावाट तपाईं कस्तो मित्रताको अपेक्षा राख्नुहुन्छ ? मैले सम्झिन सकिनँ । तपाईं त के चाणक्यलाई कसैले पनि वुझ्न सक्तैन आउनुहोस्, केही आफ्ना कुरा गरौं अनि तपाईंलाई सोच्ने अवसर पनि प्राप्त हुनेछ । राम्ररी सोचेर उत्तर दिनुहवस् ।

यसरी सेल्युकससँग भित्री कुरा गर्न सभाभवनदेखि अलग्गै चाणक्यले लगे । त्यहाँ सेल्युकससँग अर्थपूर्ण मुद्रामा भन्न लागे- 'पर्याप्त विचार-विमर्शपछि यो प्रस्ताव तपाईंसमक्ष राख्दैछु सम्राट्, चन्द्रगुप्त र तपाईंकी छोरी हेलनमा वैवाहिक वन्धनको टुसा पलाइसकेको छ । दुवै एकअर्कामा आकर्षित छन्, तर दुवैले आफ्ना मर्यादाको वन्धनमा वाँधिएका कारण आफ्नो प्रेमको कुरा भन्न सकेका छैनन् । हामी यो प्रेमलाई परिणय (अर्थात् विवाहमा) परिणत गरौं । तव युनान र भारतको यस्तो भावना र सम्बन्ध वाँधिन्छ जुन तोड्न कसैवाट सम्भव हुँदैन र इतिहासमा यो सधैँ यादगार ... भइरहन्छ ... मैले आफ्नो कुरा तपाईंलाई भने अव निर्णय तपाईंको । तपाईं आफ्नी छोरीसँग पनि राम्रोसँग सल्लाह गर्नुहोस्, त्यसपछि तपाईंको स्वागत छ ।'

... यसरी सेल्युकस यीं महापुरुषको यस्तो दूरदर्शी प्रस्तावको रहस्यमा डुब्दै अतिथिगृहतर्फ लागे जहाँ राजकीय सम्मानसहित उनलाई र उनकी छोरीलाई राखिएको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेल्युकस अतिथिगृहमा पस्नासाथ देखे- छोरी रोइरहेकी छन् । उनलाई सान्त्वना दिन उनको शिरको चुम्वन गर्दै भने- 'यत्रो रक्तपात भयो हामीले के पायौं, आज म वन्दी छु त्यो त धन्य छ यो देश, जो दुश्मनका साथ अतिथिजस्तो व्यवहार गरिरहेको छ ।'

छोरी ! म तिमीसँग एक कुरा सोध्छु सङ्कोच नगरी उत्तर देऊ । म आफैं निर्णय गर्ने स्थितिमा छैन । म चाहन्छु जो उत्तर दिन्छ्यौ सोचेर देऊ ।

मलाई राजसभामा आचार्य चाणक्यसँग कुरा गर्ने अलग अवसर मिल्यो, उनले मलाई भने चन्द्रगुप्तसँग तिम्रो सम्वन्ध छ, मसँग तिम्रो र चन्द्रगुप्तको बिवाह-प्रस्ताव राखे । के मित्रताको रूपमा यो सम्बन्ध स्वीकार गरौं ?

तपाईंको कुरा सत्य हो, चन्द्रगुप्तप्रति मेरो अनुराग छ, उहाँ पनि मलाई प्यार गर्नुहुन्छ, तर म पनि चाणक्यसँग डर मान्छु चाणक्य युगका चतुर कूटनीतिज्ञ छन्, कतै यो पनि कूटनीतिकै भाग नहोस् ?

हुनसक्छ, तर उनका चेहरा र कुराका ढंगले यस्तो प्रतीत भएको देखिएन ।

हेलनले भनिन्- 'के धर्म यो सम्बन्धमा वाधक त वन्दैन ? तर म सम्झन्छु चाणक्यसँग वहस गर्न कोही पनि अगाडि पर्दैन, उनको आँखा र वाणीमा यस्तो तेज छ कि विपक्षी टिक्नै सक्तैन', सल्यकसले भने ।

यता चाणक्यले चन्द्रगुप्तको मन्तव्य पनि जाने । चन्द्रगुप्तको अन्तिम इच्छा जानी हेलेनसँग विवाह हुने आशा प्रकट गरिदिए ।

यसरी इतिहासको यो अद्वितीय क्षणको स्वीकृति दुवैतिरवाट भयो । दुवै पक्षको स्वीकृति थियो यो घटनाको तर मगधका प्रजामा जव यसको चर्चा भयो, मानिसका विचारधारा अलग-अलग थिए, एक विजातीय कन्यासँग विवाह ? त्यो पनि मगधका सम्राट्सँग ? धर्मका कट्टरपन्थी विद्रोह गर्न थाले । प्रजामा कानेखुसी भइरहन्थ्यो ।

चाणक्यलाई यो सबै थाहा थियो । चन्द्रगुप्त यस्तो परिस्थितिले चिन्तित भए, तर चाणक्य सधैंजस्तै रहस्यमय शान्ति लिई वसेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यले घोषणा गरे- 'जुन प्रजालाई यो विवाह उचित छैन भन्ने लागेको छ तीन दिनपछि आफ्नो तर्कसँगै राजदरबारमा उपस्थित हुनू, हामी खुलासभामा त्यो आपत्तिमा न्यायपूर्वक निर्णय गर्छौं ।'

यस घोषणाले वनडढेलोमा वर्षाको पानीको काम गऱ्यो । विरोधीले प्रत्यक्ष रूपमा अगाडि आउने जमर्को गरेका थिए, यस घोषणाले शान्त भयो ।

अनि तीन दिनपछि ठूलो पटांगिनीमा भीड जम्मा भयो । पटांगिनीमा एक आश्चर्यलाग्दो स्वर थियो । केही पण्डित मानिसलाई आफ्ना तर्क सम्झाउने प्रयास गर्दै थिए ।

चाणक्य आउनासाथ सबै चूप ! उपस्थित सबैतिर दृष्टि दिँदै आसन ग्रहण गर्न संकेत गरे । आफू पनि आसनमा बसे । चाणक्यले भने- सम्मानित विद्वत्समाज ! यस सभामा तपाईंहरूको दर्शन भयो । यो मेरो सौभाग्य हो, यो सभामा नडराई आफ्नो आपत्ति भन्नुहोस् ।

यो चाणक्यको ओजस्वी बोलीको चमत्कार थियो, पण्डित समूह प्रतिरोध गर्न खडा हुनमा झन्झट मानिरहेथे । धेरै अन्तर्द्वन्द्वपछि एक ब्राह्मण साहस गर्दै आफू रिसाई बोल्न थाले- 'म मगधका नागरिकका तर्फबाट सोध्छु, के युनानी राजकुमारी एवम् विजातीय कन्या हेलनसँग मगधसम्राट् चन्द्रगुप्तको विवाह गरिँदैछ ? ... यो अधर्म हो, सन्तान वर्णसंकट हुन्छ, धर्मले यसको स्वीकृति दिँदैन ।'

यस कुराले सबैलाई बल मिल्यो । सबैले साहस गर्दै भने- 'हो यो विवाह हुनसक्तैन, हामी धर्मविरुद्ध केही पनि हुन दिँदैनौं ।'

पण्डितहरूको यो अनुशासनहीन विरोधले चाणक्यका आँखीभौं चल्न लागे । आफैंलाई रोक्तै गम्भीर भई भने- 'चाणक्य छउन्जेल मगधमा नीतिविरुद्ध केही पनि हुनसक्तैन, यो विश्वास गर्नोस्, तर म तपाईंहरूसँग सोध्न चाहन्छु, के धर्मको अर्थ विनाश हो ? धर्म त्यहीँ हुन्छ जसमा मानव कल्याण निहित हुन्छ । फेरि विवाह दुई हृदयको मिलन हो, दुई आत्माको मिलन हो । जब गुण, कर्म, स्वभाव मिल्छ भने दुई आत्माको मिलनमा धर्म बाधक हुनुहुँदैन । धर्मको काम हो जोड्नु, तोड्नु होइन । हाम्रो यहाँ आत्मालाई परमात्मास्वरूप मानिन्छ ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'युनानी राजकुमारी हाम्रो पूर्वीय संस्कृतिबारे पूर्ण परिचित हुनुहुन्छ। त्यसलाई प्रेम र आदर गर्नुहुन्छ। तपाईंहरू सोच्नोस् यो विवाहले मानवताको कति उपकार हुन्छ। भारतवर्ष युनानका आक्रमणबाट सधैं मुक्त रहन्छ, युनानका रूपमा भारतवर्षले आफ्नो एउटा शक्तिशाली मित्र पाउँदा त्यो पनि धेरै शक्तिशाली हुनेछ, भारतवर्षको संस्कृतिको विस्तार हुनेछ।'

चाणक्य अरू पनि धेरै भन्न चाहन्थे तर ती धर्माधन्ताले गर्दा पण्डित समूहले केही सम्झेनन्। रिसाउँदै भन्न लागे- 'शत्रुकी छोरी त्यो पनि विजातीय, यो विवाह हुनै सक्दैन।'

चाणक्यलाई कसैले चुनैती देओस्। यो चाणक्यको स्वभावमा थिएन। उनको अनुहार रिसले रातो भयो, गम्भीर स्वरमा भने- 'अँ त, मान्यवर ! तपाईंलाई यो विवाह स्वीकार छैन ? ... तपाईं सबै सुन्नोस् आँखा चिम्लिएर शासन चल्दैन। तपाईं त्यहाँसम्म सोच्न सक्नुहुन्न जहाँसम्म म सोच्न सक्छु। यो विवाहको कार्यले जो राम्रो परिणाम निस्कन्छ त्यसबारे मैले तपाईंहरूलाई परिचय दिइसकें, व्यर्थको रुढिवादले राष्ट्रको भविष्य अन्धकारतिर लैजाओस् चाणक्य हुँदा यस्तो हुन सक्दैन। धर्म आफ्नो ठाउँमा छ, तर राष्ट्रय त्यसभन्दा ठूलो छ। सबैतिर युद्ध र डर हुन्छ त्यसबेला धर्मले राष्ट्र बचाउन सक्छ ? राष्ट्र बचाउन शान्ति र प्रेम चाहिन्छ यही प्रत्येक धर्मको मूल हो। ... अँ जो पनि धर्माधिकारी उपस्थित हुनुहुन्छ उहाँहरू कति धर्मनिष्ठ हुनुहुन्छ यो म राम्रोसँग जान्दछु, प्रत्येकको जन्मकुण्डली मसँग छ, यदि भन्नुहुन्छ भने त्यो म राजसभामा पढी सुनाउँछु।'

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो। कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन्। राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन्। यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ।

चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जंदै एकपटक पुनः भने- 'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने- 'छैन महामात्य ! हामीले सोच्यौं मगधको सुखसमृद्धिका निम्ति भारतवर्ष र युनान एक हुनुपर्दछ।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन ।'

यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो ।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एकै प्रेमबन्धनमा बाँधिए ।

×××

समयको रथचक्र आफ्नो गतिले चलिरहेथ्यो । राक्षस पनि प्रतिशोध र अन्तर्ज्वालाले केही न केही उपद्रो गर्न सोच्दैरहे, तर चाणक्यका बुद्धि र कूटनीतिका अगाडि उनका कुनै पनि योजना सफल हुन पाएनन् । सायद यो नै अन्तिम कुचक्र थियो जो चाणक्यले पहिले नै थाहा पाएका थिए ।

चाणक्य र चन्द्रगुप्तमा केही गोप्य सल्लाह भयो । त्यसको केही समयपछि चन्द्रगुप्तले आफ्नो विजय र विवाहको उपलक्ष्यमा एउटा राष्ट्रिय समारोहको घोषणा गरे ।

समारोहको दिन नजिक आउन लाग्यो, तर नगरमा समारोह हुने केही लक्षण नदेख्दा चन्द्रगुप्त रिसाए । उनले तुरुन्तै एक मन्त्री बोलाई यसको कारण सोधे ।

मन्त्रीले डराउँदै भने- 'गुरुदेव चाणक्यबाट यो समारोहको आयोजना नगराउने आदेश भयो ।'

चाणक्यले भने- 'यो समारोहको उचित अवसर थिएन, अतः यो रोकिएको हो ।'

सभाले भरिएको दरबारमा रिसको आवेगमा आई चन्द्रगुप्तले भने- 'राजाज्ञा उल्लंघन गर्ने तपाईं को हो ?'

चन्द्रगुप्तका मुखबाट यस्तो वचन सुनी स्वाभिमानी ब्राह्मण चाणक्यले वनडढेलो जस्तै रिसले फुँकार्दै भने- 'यो नभुल वत्स । राजा पनि तिमीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले नै वनाएको हुँ, तिमी राजाको धम्की मलाई दिन्छौ ? मलाई अपमानित गरेर तिमी चैनसँग वस्न सक्दैनौं ।'

'यो धम्कीले डराउने चन्द्रगुप्त होइन, राजा म आफ्ना बाहुबलले भएको हुँ, म तपाईंलाई राजाज्ञा उल्लंघन र तर्कवितर्क गर्ने अपराधमा पदच्युत पनि गर्न सक्छु ।'

चाणक्यले क्रोधले उम्लिंदै गर्जेर भने- 'जसलाई मैले राजा वनाएँ त्यही मलाई आज पदच्युत गर्ने धम्की दिंदैछ । पदच्युत हुने डर त्यसलाई हुन्छ जो अधिकारको इच्छा राख्छ । यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याँक्दै तीव्र गतिले दरबारदेखि बाहिर निस्के ।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो । राक्षस यो अवसरको फाइदा लिन चाहन्थे ।

उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना वनाउन लागे । यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफैं बन्दी वनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँड सवै खोतल्दा उसवाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो ।

पत्रवमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- 'तपाईंले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो, म खुसी छु, तपाईंले मलाई महामात्य वनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईंलाई सहयोग गर्नेछु । यसका लागि तपाईंले मलयकेतुको हत्या गरी पञ्चनन्द राज्य ती पाँचलाई बाँड्नुपर्छ ... ।'

मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए । रिसले फुँकार्दै भने- 'विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पाँचको उनकै शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए ।

यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे । विश्वासघाती मैसँग विश्वासघात गर्न चाहन्छौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौ ।

राक्षसले चिट्ठी हेरे । झ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना हो । राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो ।

रिसले युक्त भई त्यही स्वरमा मलयकेतुले भने- 'मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हौ, बस यही कारणले जीवित छोड्छु ।' यहाँबाट जाऊ । राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ । निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए ।

×××

केही दिनपछि चन्द्रगुप्त र आचार्य चाणक्य एकअर्कासँग भेटिए । चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो । भूमण्डलमा आज भारतवर्षको गौरव परिलक्षित छ । चाणक्य चाहन्थ्यो टुक्रा-टुक्रा बाँडिएको भारतवर्ष एउटै झन्डामुनि लोककल्याणकारी राज्य होस् । आज मेरो इच्छा पूर्ण भयो ।'

केही उदास स्वरमा चन्द्रगुप्त चाणक्यसँग बोले- 'जुन कर्मवीरले आफ्नो त्याग र बुद्धिबलले यत्रो विशाल साम्राज्य स्थापना गरे यस्तो सम्पूर्ण प्रभुत्व सम्पन्न राज्यका संस्थापक महात्मा चाणक्य एक साधारण झुपडीमा बस्नु यो चन्द्रगुप्तलाई शोभा दिँदैन ।'

चाणक्य केही शान्त रहे अनि केही हाँस्दै चन्द्रगुप्तका काँधमा हात राख्दै भने- 'जुन राजा सर्वगुणसम्पन्न भईकन पनि जनहितमा तल्लीन रहँदैन जनताले त्यस्ता राजालाई पदच्युत गर्दछन् । मैले भोग्नका लागि होइन मानवकल्याणको कामनाका निम्ति यो संगठित साम्राज्यको स्थापना गरें । यो पृथ्वी आमाका केटाकेटी, छोराहरूको सम्पत्ति हो । मेरो जुन काम थियो त्यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा भयो । तिम्रो राज्य वारम्वार फलोस् यही मेरो आशीर्वाद ! यो ब्राह्मण आउने एकादशीका दिन वनतिर लाग्नेछ ।'

चाणक्यवाट यस्ता कुरा सुनी छक्क पर्दै चन्द्रगुप्त किंकर्तव्यविमूढ वने । उनले अवोध वालक वन्दै भने- 'यो के भन्दै हुनुहुन्छ गुरुदेव ! तपाईंविना म यति ठूलो साम्राज्य कसरी सम्हाल्न सक्छु ? तपाईंको मार्गदर्शनको अभावमा त कुनै पनि हुरीले एकै झट्कामा चन्द्रगुप्त हराउँछ, विलाउँछ ।' ... तपाईंविना त चन्द्रगुप्त आफ्नो कल्पना पनि गर्न सक्तैन ।

यो विशाल राज्यको जरो अव यति वलियो भइसक्यो, शताब्दीसम्म कसैले यसपट्टि आँखा उठाएर हेर्न सक्तैन । ... यो साम्राज्य मजवुत होस्, यसको व्यवस्था पनि गरेरै जान्छु । मेरो ठाउँमा अत्यन्तै गुणी चरित्रवान् देशभक्त राक्षस महामात्य पदमा वस्छन्, यो चाणक्यको अन्तिम इच्छा हो । राक्षस महामात्य पदमा बस्नेछन् भनी चाणक्यले आत्मविश्वाससँग भने ।

'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान् । किनकि, बारम्वार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा वसिरहेको छ,' चन्द्रगुप्तले पीडित हुँदै भने ।

'होइन वावु ! सामूहिक जयले व्यक्तिगत पराजय हुँदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो वनाउन मैले जीवनको सवभन्दा ठूलो साधना अहिले नै पूर्ण गर्नुपर्छ ।'

'म राक्षसको खोजी गर्न जान्छु' भन्दै राजभवनवाट निस्के र राक्षसलाई खोजी छाडे ।

एउटा शीघ्र गति गएको वग्गी चढेर चाँडो हिँड्ने रथवाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे ।

राक्षस झ्याम्म परेको एउटा रूखमुनि ढुंगामा आसन जमाई ध्यानमग्न थिए । घोडाको टापको आवाज सुनी ध्यान भंग भयो । झस्केर अगाडि हेरे । देखे एउटा रथ तीव्रगतिले उनीतिर आउँदैछ ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीतिशिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । 'चाणक्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंलाई फेरि पाटलीपुत्र लैजान आएको छु किनकि हीराको शोभा उचित ठाउँमा नै हुन्छ ।'

राक्षस केही क्षोभले वोले- 'अव यस्ता वचन भनी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छ र ?'

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईंको ढुकुटी हो जसको अव पाटलीपुत्रलाई नितान्त खाँचो छ । तपाईंका परिवार र चन्द्रगुप्त तपाईंकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वर्गवासी हुनुभयो । उहाँको तपाईंहरूद्वारा हत्या भयो । अव मलाई दास (नोकर) वनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन- राक्षसले भने ।

'तर तपाईंको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईंको हो, सम्पूर्ण मगधवासी प्रजा तपाईंकै हुन् । तिनीहरू तपाईंलाई वोलाउँदैछन् । म आफू महामात्य वन्न सक्तिन । अतः चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईंजस्तो परमगुणीको आवश्यकता वुझेर नै तपाईंका अगाडि एक हार्दिक अनुरोध लिई आएको छु । सवै वितेका कुरा विर्सनुहोस् । मित्र ! आजको आवश्यकता वुझ्नुहोस् र हिँड्नुहोस् मेरा साथ' चाणक्यले भने ।

राक्षस केही सोच्दै भन्न लागे- 'के चन्द्रगुप्तसँगको मतभेदले मलाई महामात्य बनाउँदै हुनुहुन्छ आचार्य !'

'होइन मित्र ! मतभेद त एउटा ढोंग थियो । तपाईंको जाली पत्र मलयकेतुलाई भ्रम पैदा गराउन नियोजित थियो किनभने पाँच राजालाई मलयकेतु मित्र ठान्थे । वास्तवमा ती मित्र थिएनन् लोभी थिए, लोभी कसैको मित्र हुँदैन ।'

'मैले भारतवर्षलाई संगठित र सुदृढ वनाउने स्वप्न देखेको थिएँ । त्यो पूरा गर्न आफ्नो जीवन समर्पण गरें । छिन्नभिन्न भारतवर्ष एकसूत्रमा वाँधियो । त्यसको वागडोर चन्द्रगुप्तजस्ता वीर र राक्षसजस्ता नीतिज्ञ नै सम्हाल्न सक्छन् ।'

अन्तमा धेरै सम्झाएपछि चाणक्य राक्षसलाई लिई पाटलीपुत्रतिर प्रस्थान गरे ।

×××

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादशीको दिन। पटनामा भव्य समारोहको आयोजना भयो। टाढाटाढावाट राजा एवम् सम्भ्रान्त नागरिक निमन्त्रित भए। मुख्य रूपले कैकेय नरेश पुरु र मलयकेतु आमन्त्रित थिए। समारोह आरम्भ हुनुभन्दा पहिले राष्ट्रिय गान गाइयो। अनि मंगल गान, त्यसपछि चाणक्यले उपस्थित राजा-प्रजाहरूलाई सम्वोधन गर्दै भने- 'अतिथि कैकेय नरेश तथा युवराज कुमार मलय एवम् मगधका हितैषी राजाहरू र मगधका सपूतहरू ! आज चाणक्य तपाईंहरूसँग केही विशेष भन्न उपस्थित भएको छु।'

'कुरा केही पहिलेको हो। भारतवर्ष त्यसवेला साना राज्यमा वाँडिएको थियो, साना कुरामा हामी आफू-आफूमा लड्थ्यौं। राजा प्रजाका सेवक नभई भोग-विलासमा चुर्लुम्म डुब्थे। त्यसकै फाइदा उठाए सिकन्दरले। हाम्रो एकताको अभावका कारणले हामीलाई लुटे। हामीमाथि शासन गरे। त्यही समयमा यस ब्राह्मणले जस्तोसुकै दुःखकष्ट आओस् पार गर्दै भारतवर्षलाई संगठित र एकछत्र राज्य बनाउनेछु र त्यसमा भएका विकृति एवम् भोग-विलास र स्वार्थको छायाँ नाश गर्नेछु।' भन्ने प्रतिज्ञा गरेको थियो।

'कठोर तपस्यापछि आज भारतवर्ष एउटा अटल साम्राज्य भएको छ। भारतवर्ष सधैं बलियो र संगठित रहोस्, यसका लागि तपाईंहरू सबैले आफू-आफूमा पारस्परिक भेदभाव समाप्त गरी प्रगतिको बाटो अपनाउनुपर्छ।'

'अव चाणक्यको साधना पूर्ण भयो। आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र वुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ। यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्वन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ। दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन्। यस्तो मेरो विश्वास छ। यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी वन्नेछन्। जसरी भारतवर्ष र युनान सम्बन्धी भए।'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'त्यस्तै यी सबै राजा आफू-आफूमा स्वतन्त्र छन्, तर तपाईं सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ। यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ।'

यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि 'राजर्षि चाणक्यलाई जय' 'महात्मा चाणक्यको जय' उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे।

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए। उनका लागि केही कुनै आकर्षक वस्तु थिएन। एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- 'महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ। सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो। भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहुन्जेल यो सारा राज्य सुरक्षित छ। यही नै विश्वास मेरो बिदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ।'

'राक्षसको मुखको भाव अत्यन्तै विह्वल पार्ने खालको थियो। उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए। उनी अवरुद्ध घाँटीले भन्दै थिए- 'तपाईंले सम्पूर्ण कुरा दिएर आज मेरो सर्वस्व लुट्नुभयो। म जान्दैनथें, चाणक्यका हृदयमा दया र त्यागको अतुलित भण्डार पनि लुकेको छ, राज्यको सम्पूर्ण सुखमा जीवनभरि आचार्यको अभावले मुटु घोचिरहनेछ।'

यिनै स्वरहरूसँगै उपस्थित सबै प्राणी स्तब्ध भए। चन्द्रगुप्तका आँखामा बलिन्द्रधारा आँसु थिए, राजा पुरु, कुमार मलय, भावविह्वल भए, चन्द्रगुप्तले निहुरिएर चाणक्यका चरण स्पर्श गरे। सम्राट्का आँसुले भारतवर्षका शिल्पीका चरण भिजे र चन्द्रगुप्तलाई उठाई अंकमाल गरे, नबोली र काँध थपथपाएर आफ्नो आशीर्वाद प्रदान गरे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावविह्वल हुँदै राक्षस चाणक्यसँग अँगालो हाल्न पुगे । आँखाबाट अविरल गतिले बगेका अश्रुधाराले चाणक्यका वस्त्र र शरीर दुवै भिजे । त्यहाँ कोही पनि यस्ता थिएनन् जसका नेत्र अश्रुपूर्ण नहोऊन् अनि गला अवरुद्ध नभएको होस् ।

चाणक्य हिँडे, आफ्नो जाने ठाउँतिर जहाँ ज्ञान र कर्तव्यको अथाह भण्डार चाणक्यका प्रतीक्षामा बसेको थियो । चाणक्य वनको गहिराइमा लुप्त हुँदै गए प्रकाशको तेज आफ्नो हेराइबाट बाँकी संसार हेर्नका लागि गइसकेको थियो ।

समाप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यको नीतिशास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो अध्याय

प्राणम्य शिरसा विष्णुं त्रैलोक्याधिपतिं प्रभुम् ॥
नाना शास्त्रोध्दृतं वक्ष्ये राजनीतिसमुच्चयम् ॥१॥

स्वर्ग, मर्त्य, पाताल तीनै लोकका स्वामी, भगवान् श्री विष्णुलाई शिरले नमस्कार गर्दछु, अनि वेद, पुराण, उपनिषद् आदि अनेकौं शास्त्रहरूवाट सार उद्धृत गरी संकलन गरिएको समूचा यस राजनीतिको ग्रन्थवारे वताउँछु ।

अधीत्येदं यथाशास्त्रं नरो जानाति सत्तमः ॥
धर्मोपदेशविख्यातं कार्याऽकार्यं शुभाशुभम् ॥२॥

के गर्नु हुन्छ के गर्नु हुँदैन भन्ने शुभ-अशुभ कुरा स्पष्ट पार्ने यो नीतिशास्त्रले वताएका विषयहरू जस्ताको तस्तै पढेर मानिसले धर्मोपदेशका रूपमा प्रसिद्ध कर्तव्य-अकर्तव्य र कल्याण-अकल्याण आदि सवै कुरा वुझ्न सक्तछन् ।

तदहं सम्प्रवक्षामि लोकानां हितकाम्यया ॥
येन विज्ञानमात्रेण सर्वज्ञत्वं प्रपद्यते ॥३॥

सवैका भलाइका निम्ति म (चाणक्य) यो नीतिशास्त्र भन्दैछु जसको ज्ञान मात्रले मनिस सर्वज्ञ हुन्छ । अर्थात् नीतिसम्वन्धी सवै कुरा थाहा पाउँछ ।

मूर्खशिष्योपदेशेन दुष्टास्त्रीभरणेन च ॥
दुःखितैः संप्रयोगेण पडितोऽप्यवसीदति ॥४॥

चेलो (शिष्य) मूर्ख छ भने उसलाई पढाउनाले, स्त्री यदि दुष्ट छे भने उसलाई पालन-पोषण गर्नाले, प्रियजनवियोग, धननाश आदि कारणबाट दुःखित (रोगी) व्यक्तिसँग व्यवहार गर्नाले अथवा संसर्ग राख्नाले विद्वान् वा समझदार मानिस नै भए पनि ऊ दुःखी वन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्टा भर्या शठं मित्रं भृत्यश्चोत्तरदायकः ॥
ससर्पे च गृहे वासो मृत्युरेव न संशयः ॥५॥

श्रीमती ज्यादै दुष्ट हुनु, मित्र कपटी हुनु, मुखमुखै लाग्ने सेवक हुनु अनि घरमा सर्पले वास गर्नु, यी सबै मृत्युसमान हुन्। यसमा कुनै शङ्का छैन।

आपदर्थे धनं रक्षेद् दारान् रक्षेद् धनैरपि ॥
आत्मानं सततं रक्षेत् दारैरपि धनैरपि ॥६॥

आपद्-विपद् परेका समयमा उपयोग गर्नका लागि धनको रक्षा (जोगाउ) गरोस्। धनभन्दा पनि बढी पत्नीको रक्षा गरोस्। आफू नै कसरी बच्ने भन्ने प्रश्न खडा हुँदा धन र पत्नीलाई भन्दा आफूलाई नै प्राथमिकता दिएर आत्मरक्षा गरोस्। आफू नै नरहेमा धन वा स्त्रीको के प्रयोजन रहन्छ र ?

आपदर्थे धनं रक्षेच्छ्रीमतां कुत आपदः ॥
कदाचिच्चलते लक्ष्मीः संचितोऽपि विनाश्यति ॥७॥

प्रश्नोत्तर गरेझैं चाणक्य भन्छन्- आपत्तिमा खर्च गर्नुपर्ला भन्ने सोची मानिसले धनको रक्षा गरोस् : तर प्रश्नकर्ताले सम्पन्नहरूलाई सोध्छन् आपत् कसरी आउला र ? उत्तर आउँछ- लक्ष्मी (ऐश्वर्य) त ज्यादै चञ्चल छिन्, छाडेर जान पनि त सक्छिन्। तब त सञ्चित धन पनि त एक दिन नष्ट हुनसक्छ।

यस्मिन् देशे न सम्मानो न वृत्तिर्न च बान्धवाः ॥
न च विद्यागमोऽप्यस्ति वासस्तत्र न कारयेत् ॥८॥

जुन देशमा आफ्नो आदर (सम्मान) छैन, अनि जहाँ जीविका चलाउने साधन छैन, जहाँ कुनै बन्धुबान्धव छैनन् र जहाँ विद्याध्ययन गर्ने उपाय पनि छैन, त्यस्ता स्थानमा वास गर्नुहुँदैन। त्यस्तो स्थानलाई छाडेर अन्यत्र गई यी विषयको खोजी गर्नु उपयुक्त हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनिकः श्रोत्रीयो राजा नदी वैद्यस्तु पञ्चमः ॥
पञ्च यत्र नविद्यन्ते न तत्र दिवसं वसेत् ॥९॥

धनी मानिस, वैदिक ब्राह्मण, राजा, खोला र वैद्य (उपचारक) यी पाँच थरी जहाँ छैनन् त्यस्तो ठाउँमा एक दिन पनि वस्नुहुँदैन ।

लोकयात्रा भयं लज्जा दाक्षिण्यं त्यागशीलता ॥
पञ्च यत्र न विद्यन्ते न कुर्तात्तत्र संस्थितिम् ॥१०॥

जुन ठाउँमा जीविकाको उपाय, दण्डको भय, लाज, चातुर्य तथा त्याग-भाव यी पाँच थोक छैनन् त्यस्तो ठाउँमा निवास गर्नु उचित छैन ।

जानीयात् प्रेषणे भृत्यान् बान्धवान् व्यसनागमे ॥
मित्रं चाऽपत्तिकाले तु भार्यां च विभवक्षये ॥११॥

कहीं कतै काममा पठाउँदा नोकरलाई, संकट आइपरेका वखत दाजुभाइ र वन्धुवान्धवलाई, आपत्तिको समयमा साथीलाई र धननाश (गरीव) हुँदा पत्नी (श्रीमती) लाई चिन्नुपर्दछ ।

आतुरे व्यसने प्राप्ते दुर्भिक्षे शत्रु-सङ्कटे ॥
राजद्वारे श्मशाने च यस्तिष्ठति स बान्धवः ॥१२॥

रोगी हुँदा, दुःख पर्दा, अनिकालमा र शत्रुवाट खतरा आइपर्दा राजसभामा र मसानमा जसले साथ छोड्दैन ऊ नै भाइ-वन्धु हो ।

यो ध्रुवाणि परित्यज्य ह्यध्रुवं परिसेवते ॥
ध्रववाणि तस्य नश्यन्ति ह्यध्रुवं नष्टमेव च ॥१३॥

जसले सुप्राप्य वा निश्चित कुराहरू छाड्दै अनिश्चित र अप्राप्य कुराहरूतर्फ लाग्दछ उसका निम्ति सवै सुप्राप्य र निश्चित कुराहरू विलीन वा अप्राप्य हुन पुग्दछन् । अनिश्चित् र अप्राप्य वस्तुहरू त त्यसै अप्राप्य छँदै त छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरयेत् कुलजां प्राज्ञो विरूपामिपि कन्यकाम् ॥
रूपशीलां न नीचस्य विवाहः सदृशे कुले ॥१४॥

विवाह सम्बन्ध समान कुल (आफू सुहाउँदो)- मा हुनुपर्दछ। तसर्थ वुद्धिमान् मानिसले नराम्री भए पनि कुलीन कन्यासँग नै विवाह सम्बन्ध जोडोस्। ज्यादै राम्री कन्या भए पनि आफूलाई नसुहाउँदो नीच कूलमा विवाह सम्बन्ध नजोडोस्।

नखीनाञ्च नदीनाञ्च शृङ्गिणां शस्त्रपाणिनाम् ॥
विश्वासो नैव कर्तव्यः स्त्रीषु राजकुलेषु च ॥१५॥

नदी (खोला) हरूको, नङ्ग्राहरू भएका जनावर (वाघ, चितुवा) हरूको, सिङ भएका (साँढे) हरूको, हतियार हातमा लिएका राजकुलको र स्त्रीहरूको कहिल्यै विश्वास गर्नुहुदैन।

विषादप्यमृतं ग्राह्यममेध्यादपि काञ्चनम् ॥
नीचादप्युत्तमां विद्यां स्त्रीरत्नं दुष्कुलादपि ॥१६॥

विषबाट पनि अमृतलाई, अपवित्र वस्तुवाट पनि सुनलाई, नीच मनुष्यबाट पनि उत्तम विद्यालाई, दुष्ट कुलवाट पनि रत्नसमान असल स्वभाव भएकी स्त्रीलाई ग्रहण गर्नुपर्दछ।

स्त्रीणां द्विगुणमाहारो बुद्धिस्तासां चतुर्गुणा ॥
साहसं षड्गुणं चैव कामश्चाष्टगुणः स्मृतः ॥१७॥

पुरुषमा भन्दा नारीमा भोजनको इच्छा र क्षमता दुई गुना वढी हुन्छ, लज्जा चौगुना वढी हुन्छ एवम् साहस छ गुनाले बढेको हुन्छ। कामवासना (संभोग इच्छा) भने आठ गुना वढी हुन्छ।

चाणक्यनीतिको पहिलो अध्याय

पूरा भयो।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्याय

अनृतं साहसं माया मूर्खत्वमतिलुब्धता ॥
अशौचत्वं निर्दयत्वं स्त्रीणां दोषाः स्वभावजाः ॥१॥

झूठो बोल्नु, अचानक या विनाविचार गरी साहस देखाउनु, कपटी हुनु (छल गर्नु), मूर्ख हुनु, ज्यादै लोभी बन्नु, भित्रैदेखि अपवित्र रहनु एवम् क्रूर वा निर्दयी व्यवहार गर्नु यी सबै नारीको स्वभावजन्य दोष मानिन्छन् ।

भोज्यं भोजनशक्तिश्च रतिशक्तिर्वराङ्गना ॥
विभवो दानशक्तिश्च नाऽल्पस्य तपसः फलम् ॥२॥

भोज्यपदार्थ प्रशस्त हुनु, मस्तसँग खानसक्ने र पचाउने शक्ति रहनु, संभोग शक्ति रहनु, राम्री श्रीमती हुनु, दान गर्न पर्याप्त सम्पत्ति रहनु यी सबै सुखका स्रोत सानो-तिनो तपस्याद्वारा भेटिँदैनन् ।

राम्रा र स्वादिष्ट खाने पिउने चिजहरू प्राप्त भइरहनु र जीवनको आखिरी समयसम्म खाने र पचाउने शक्ति मौजुद रहिरहनु, पर्याप्त धनसम्पत्ति हुनु र दान दिने बानी पनि बसिरहनु यी सबै सुख भाग्यशाली व्यक्तिलाई मात्र प्राप्त हुने गर्दछ । पूर्वजन्मको तपस्याको फलले नै यी सौभाग्य प्राप्त हुन्छन् ।

यस्य पुत्रो वशीभूतो भार्या छन्दाऽनुगामिनी ॥
विभवे यश्च सन्तुष्टस्तस्य स्वर्ग इहैव हि ॥३॥

छोराहरू आफ्नो नियन्त्रण (अदब)- मा बस्नु, पतिको इच्छानुसार व्यवहार गर्ने श्रीमती हुनु, आफूसँग भएको वैभवमा सन्तुष्ट रहनु नै स्वर्ग हो । अर्थात् छोरा आज्ञापालक हुनु, पतिव्रता स्त्री रहनु एवम् मानिसले धनमा लालच नराखी मनले सन्तोष लिइरहनु नै स्वर्गसमान सुख हो ।

ते पुत्रा ये पितुर्भक्ताः स पिता यस्तु पोषकः ॥
तन्मित्रं यत्र विश्वासः सा भार्या यत्र निर्वृतिः ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरो त्यसलाई भनिन्छ जो पितृभक्त र बाबुको आज्ञापालक छ। बाबु त्यो हो जसले छोराको हेरविचार, पालनपोषण गर्छ। त्यो नै साथी हो जसउपर विश्वास गर्न सकिन्छ। तिनलाई नै श्रीमती (भार्या) मानिन्छ जसले सुखशान्ति एवम् चैन प्रदान गर्दछिन्।

परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम् ॥
वर्जयेत्तादृशं मित्रं विषकुम्भं पयोमुखम् ॥५॥

जुन साथीले पछाडि काम बिगारिदिन्छ सामुन्ने पर्दा मीठो बोली (मिजास) बोल्छ यस्तो साथी विषले भरिएको तर मुखमा दूध राखिएको ठेकीसमान हुन्छ। तसर्थ यस्तो 'मुखले राम राम बगलीमा छुरा' स्वभावका मित्रलाई छाड्नुपर्छ, त्यस्ताको संगत गर्नुहुँदैन।

न विश्वसेत् कुमित्रे च मित्रे चाऽपि न विश्वसेत् ॥
कदाचित्कुपितं मित्रं सर्वं गुह्यं प्रकाशयेत् ॥६॥

खराब मित्र (साथी) लाई पत्यार गर्नुहुँदैन। साथै मित्र (साथी) लाई पनि अति विश्वास गर्नुहुन्न। कुनै बखत रिसाएको साथीले पनि आफ्ना गोपनीय कुराहरू प्रचार (उजागर) मा ल्याइदिन सक्छ।

मनसा चिन्तितं कार्यं वचसा न प्रकाशयेत् ॥
मन्त्रेण रक्षयेद् गूढं कार्ये चापि नियोजयेत् ॥७॥

मनले चिताएको काम-कुरा बोलीद्वारा प्रकट गर्नुहुँदैन। मन्त्रणा (आपसी सल्लाह) द्वारा मनन गरी चिताएको कुरालाई गोप्य नै राख्नुपर्दछ। अनि गोप्य तवरले चिताएको कामलाई कार्यका रूपमा परिणत गर्नुपर्छ। यसो गरेमा आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ।

कष्टं च खलु मूर्खत्वं कष्टं न खलु यौवनम् ॥
कष्टात्कष्टतरं चैव परगेहनिवासनम् ॥८॥

मूर्खता र यौवन दुवै कष्टदायी हुन्। तर यी कष्टभन्दा पनि बढी कष्ट दिने (कष्टतर) कुरा अर्काको घरमा रहनु (बस्नु) हो। किनभने, अर्काको घरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस स्वाभिमानसाथ रहन सक्तैन साथै स्वेच्छाले कुनै काम गर्न पनि पाउँदैन ।

त्यसैगरी, मूर्खमा ठीक र वेठीक कुराको ज्ञान हुँदैन अतएव उसलाई सधैँभरि कष्ट परि नै रहेको हुन्छ । यौवन-जवानी पनि अन्धो र विवेकहीन हुनाले कष्टदायक हुन्छ । जवानीको जोशले मानिसको होश ठेगानमा रहँदैन साथै कामवासनाको आवेगद्वारा मान्छेले आफ्नो कर्तव्याकर्तव्यको वोध गराउने विवेक नै गुमाउँछ ।

शैले-शैले न माणिक्यं मौक्तिकं न गजे गजे ॥
साधवो न हि सर्वत्र चन्दनं न वने वने ॥९॥

सबै पर्वत (चट्टान) हरूमा मणिमाणिक्य रहेको हुँदैन । त्यस्तै सबै हात्तीमा मोती नै हुन्छ भन्ने कुनै निश्चय छैन, अनि साधु वा सज्जन मानिस पनि सर्वत्र भेटिँदैनन् । चन्दन (श्रीखण्ड) वृक्ष पनि सबै वनमा पाइँदैनन् । अर्थात् यस विश्व ब्रह्माण्डको जनसंख्या अरवौं पुगिसकेको छ । अनगिन्ती मानिसको भीड र हूल भए पनि सज्जन (साधु) मानिस भने सर्वत्र भेट्न सकिँदैन ।

पुत्राश्च विविधैः शीलैर्नियोज्याः सततं बुधैः ॥
नीतिज्ञः शीलसम्पन्ना भवन्ति कुलपूजिताः ॥१०॥

वुद्धिमान् मानिसको कर्तव्य हुन्छ कि उनीहरूले सधैँ आफ्ना छोरालाई किसिम-किसिमका राम्रा (उपयुक्त) काममा संलग्न गराउनुपर्छ । अर्थात् असल (शीलवान्) वन्ने शिक्षा दिने गर्नुपर्छ किनभने नीतिज्ञ र सुशील व्यक्ति नै कुलमा प्रतिष्ठित (कुलदीपक) हुनजान्छ । अर्थात् नीतिज्ञ एवम् सदाचारी छोरा नै कुलका अन्य सदस्यद्वारा सम्मानित हुन्छन् ।

माता शत्रुः पिता वैरी येन बालो न पाठितः ॥
न शोभते सभामध्ये हंसमध्ये वको यथा ॥११॥

जुन आमा र वावुले आफ्नो वालक (सन्तान) लाई पढाउँदैनन् वा शिक्षा दिँदैनन् त्यस बालकका लागि उसकी आमा शत्रु र वावु वैरीसमान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनजान्छन् किनकि ठूला-ठूला सभा-समारोहमा शास्त्रार्थ हुँदाका वखत नपढेको वा अशिक्षित मान्छे हाँसहरूको माझमा रहेको वकुल्लासमान वन्न पुग्दछ ।

लालने बहवो दोषास्ताडने बहवो गुणाः ॥
तस्मात् पुत्रं च शिष्यं च ताडयेन्न तु लालयेत् ॥१२॥

लालन (लाडप्यार) गर्नु धेरै दोषयुक्त कार्य हो । ताडन (पीटपाट) गर्नमा धेरै गुणहरू देखिन्छन् । त्यसैले छोरा र चेलालाई कडाइसाथ व्यवहार गर्नु वेश हो न कि लाडप्यार वा पुलपुल्याउनु ।

(यस श्लोकको अभिप्राय यो हो कि ज्यादा लाडप्यार गर्नाले केटाकेटीहरू अटेरी भई विग्रन सक्तछन् । यसैले साना नानी र चेलाचेलीलाई ज्यादा लाडप्यार गर्नुहुँदैन । उनीहरूसँग सख्ती (कडापना) को व्यवहार गर्नुपर्दछ । चाणक्य सल्लाह दिन्छन् कि मातापिता र गुरुले आफ्ना केटाकेटी र शिष्य खराव संगत वा नराम्रो वानीमा नलागोस् भन्नेतर्फ सदा विचार गर्नुपर्दछ । नराम्रो वानीवाट जोगाउन केटाकेटी र चेलालाई पिट्नु जरुरी पर्दछ । यस्तो गर्नाले केटाकेटी असल स्वभावतर्फ आकर्षित हुन जान्छन् र खराव आदतवाट जोगिन्छन् ।

श्लोकेन वा तदर्धेन पादेनैकाक्षरेण वा ॥
अवन्ध्यं दिवसं कुर्याद् दानाध्ययनकर्मभिः ॥१३॥

पूरै श्लोक, आधा श्लोक, त्यसको पनि आधा वा एक पाउ सो हुन सकेन भने एउटै अक्षर किन नहोस् दिनहुँ पढ्ने, घोक्ने अभ्यास गरेर दिनलाई सदुपयोगमा ल्याउनुपर्दछ । साथै दान, पढाइ र अन्य सत्कर्महरू पनि अटूट तवरले सम्पादन गर्न छोड्नुहुँदैन । यसवाट मानव जीवन सार्थक हुन पुग्दछ ।

कान्तावियोगः स्वजनापमानः
ऋणस्य शेषः कुतृपस्य सेवा ॥
दरिद्रभावो विषमा सभा च
विनाग्निमेते प्रदहन्ति कायम् ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri.

आफ्नी प्यारी (श्रीमती) सँगको विछोड, आफन्तहरूद्वारा अपमानित हुनु, ऋण भुक्तानी गर्न नसक्नु, दुष्ट राजाको सेवा, गरिवी (दरिद्रता), मूर्ख र स्वार्थी व्यक्तिहरूको वाहुल्य भएको आफूलाई प्रतिकूल हुने वैठक अर्थात् आफ्नो विरुद्धमा आयोजित सभा वा वैठक, यी छ वटै कुराले आगोविना नै शरीरलाई डढाउँछ। यसको तात्पर्य यी ६ वटा कुरा मानवका लागि सन्ताप वढाउने तत्त्व हुन् भन्ने हो।

नदीतीरे च ये वृक्षाः परगेहेषु कामिनी ॥
मन्त्रिहीनाश्च राजानः शीघ्रं नश्यन्त्यसंशयम् ॥१५॥

वारम्वार वाढी आइरहने हुनाले खोलाको तीरमा रहेको रूख वा वृक्ष, अर्काका घरमा वस्ने गरेकी कामिनी स्त्री, विनामन्त्रिमण्डलका राजाहरू (मन्त्रिपरिषद् नभएको राज्य) यी तीनवटै कुरा शीघ्र नष्ट र भ्रष्ट हुन्छन्।

यसै सन्दर्भमा अर्को श्लोक-

'लेखनी पुस्तिका दाराः परहस्ते गताः गताः ॥
आगता दैवयोगेन नष्टा भ्रष्टा च मर्दिता ॥'

कलम, किताव र स्त्री अर्काको हातमा परे भने ती फर्कदैनन् वा भेटिदैनन्। दैवसंयोगले कथंकदाचित् भेटिएछन् भने पनि त्यस्तो कलम टुटेफुटेको, पुस्तक च्यातिएको र स्त्री भने मर्दिता (संभोग गरेर गल्याक् गुलुक्क पारिएकी) अवस्थाका हुन्छन्।

बलं विद्या च विप्राणां राज्ञः सैन्यं बलं तथा ॥
बलं वित्तं च वैश्यानां शूद्राणां शिल्पकारिता ॥१६॥

व्राह्मणहरूको वल-शक्ति विद्या (शास्त्र) हो। राजाहरूको बल सेना हो। व्यापारीहरूको वल धन (पुँजी) हो भने शूद्रहरूको बल कालिगढी हो भन्ने मानिएको छ। शूद्रहरूको वल सेवा पुऱ्याउनु पनि हो भन्ने उल्लेख छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धनं पुरुषं वेश्या प्रजा भग्नं नृपं त्यजेत् ॥
खगा वीतफलं वृक्षं भुक्त्वा चाऽभ्यागता गृहम् ॥१७॥

वेश्याले निर्धन पुरुषलाई छाडिदिन्छे। पराजित भएका राजालाई जनताले साथ दिंदैन। पक्षीहरूले फल खाइसकेपछि अर्थात् फल सकिएको वृक्षलाई छाडिदिन्छन्। भोजन गरिसकेपश्चात् पाहुनाहरूले पनि भोजनदाताको घरलाई छाड्छन्।

गृहीत्वा दक्षिणां विप्रास्त्यजन्ति यजमानकम् ॥
प्राप्तविद्या गुरुं शिष्या दग्धाऽरण्यं मृगास्तथा ॥१८॥

ऋत्विक् ब्राह्मण दक्षिणा लिएपछि यजमानलाई छोड्छन्। शिष्यहरू पढाइ सकिएपछि गुरुकुल छोड्छन्। त्यस्तै मृग आदि वन्यजन्तुहरूले आगलागी भएको वनजंगललाई छाड्ने गर्दछन्।

दुराचारी दुरादृष्टिः दुरावासी च दुर्जनः ॥
यन्मैत्री क्रियते पुंभिर्नरः शीघ्रं विनश्यति ॥१९॥

खराब आचरण (आदत) भएको (दुष्ट स्वभाववाला), विना कुनै कारण अर्कालाई हानि पुऱ्याउन खोज्ने, खराब दृष्टि भएको, नराम्रो ठाउँमा बसोबास गर्ने, दुष्ट व्यक्तिसँग मित्रता गर्ने मानिस शीघ्रातिशीघ्र विग्रन्छ (नाशिन्छ)।

समाने शोभते प्रीतिः राज्ञि सेवा च शोभते ॥
वाणिज्यं व्यवहारेषु स्त्री दिव्या शोभते गृहे ॥२०॥

आफूसमानको स्तरमा मित्रता सुहाउँछ। जनताको भलो हुने खालको सेवा गरेपछि राजा पनि सुहाउँछन्। विभिन्न व्यवसायमा संलग्न भई राम्रो काम गरेमा वाणिज्य या व्यापार राम्रो वन्दै जान्छ। सुन्दर असल नारी घरका शोभा हुन्। घरमा शोभायमान हुन्छन्।

चाणक्यनीतिको दोस्रो अध्याय
पूरा भयो।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्याय

कस्य दोषः कुले नास्ति व्याधिना को न पीडितः ॥
व्यसनं केन न प्राप्तं कस्य सौख्यं निरन्तरम् ॥१॥

दोष हुँदै नभएको वंश (कुल) कुन र कहाँ छ ? पटक्कै रोग नलागेको मानिस कहाँ होला ? आपद्-विपद् नपर्ने को होला ? सधैं (निरन्तर) सुख कसले पाइरहेको होला ?

यस संसारमा कुनै पनि व्यक्ति निरोगी, कहिल्यै दुःख नपाएको, सधैं (अटूट) सुखी रहेको भेटिंदैन । त्यस्तै थोरबहुत दोष (कलंक) नभएको वंश (कुल) पनि देखिएको छैन ।

आचारः कुलमाख्याति देशमाख्याति भाषणम् ॥
सम्भ्रमः स्नेहमाख्याति वपुराख्याति भोजनम् ॥२॥

आचरणद्वारा कुल (वंश) कस्तो हो भन्ने बुझिन्छ । भाषण (कुराकानी) ले देश कस्तो भन्ने ज्ञान हुन्छ । सम्मान (आदर) ले स्नेह (प्रीति) लाई पहिल्याउँछ । शरीरले भोजन (खानपान) लाई प्रष्ट पार्दछ ।

सुकुले योजयेत्कन्यां पुत्रं विद्यासु योजयेत् ॥
व्यसने योजयेच्छत्रुं मित्रं धर्मे नियोजयेत् ॥३॥

छोरीको विवाह राम्रो कुल-घरानमा गर्नु उचित हुन्छ । छोरालाई पढाइलेखाइमा संलग्न गराउनुपर्दछ । साथीलाई राम्रा-राम्रा काममा लगाउँदा उत्तम हुन्छ भने शत्रुलाई नराम्रो र खराब कार्यतिर अग्रसर गराउनुपर्दछ । यही नै व्यावहारिक पक्ष हो ।

दुर्जनेषु वरं सर्पो न दुर्जनः ॥
सर्पो दशति कालेन दुर्जनस्तु पदे पदे ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्ट मानिस र सर्पमध्ये वरु सर्पलाई नै ठीक ठान्नुपर्दछ किनकि सर्पले धेरै समयमा एकपटक डस्दछ । दुष्टले भने पाइला पाइलामा दुःख दिइरहन्छ । तसर्थ दुष्ट र खराब व्यक्ति विषालु सर्पभन्दा पनि खतरनाक छन् । दुष्ट मान्छेको कुनै भरोसा हुँदैन । उसले कुन वेला के बिगार्छ अत्तोपत्तो रहँदैन । सर्पले त्यहीवेला डस्दछ जब उसलाई कसैले कुल्चिन्छ वा कुनै कारण ऊ डराउँछ परन्तु दुर्जन (दुष्ट) ले भने अकारण नै दुःख दिन खोजिरहन्छ ।

एकदर्थं कुलीनानां नृपाः कुर्वन्ति संग्रहम् ॥
आदिमध्याऽवसानेषु न त्यजन्ति च ते नृपम् ॥५॥

राजाहरू यसैकारण उच्च कुलमा जन्मेका सज्जनहरूलाई एकत्रित गर्दछन् । त्यस्ता कुलीन सज्जनहरू आरम्भ, मध्य र अन्त्य अर्थात् सुख, ऐश्वर्य र विपत्तिका अवस्थामा पनि राजालाई नछाडी साथ दिई नै रहन्छन् ।

प्रलये भिन्नमर्यादा भवन्ति किल सागराः ॥
सागरा भेदमिच्छन्ति प्रलयेऽपि न साधवः ॥६॥

प्रलयको समय आएपछि समुद्रले आफ्नो मर्यादालाई छाडिदिन्छन् परन्तु साधु वा सज्जन व्यक्तिले मर्यादालाई कदापि भंग हुन दिँदैनन् ।

समुद्रको तुलनामा धीर र गम्भीर मान्छे श्रेष्ठतर हुन्छ किनकि संसारमा समुद्र (सागर) लाई गम्भीर एवं उच्छृङ्खलहीन ठानिएको छ । प्रलय हुँदा समुद्रले पनि आफ्नो मर्यादा छाडेर किनारालाई पनि जलथल गराई एकैनास पारिदिन्छ तर साधु वा सज्जन मान्छेले भने प्रलय आउँदा पनि आफ्नो मर्यादा उल्लंघन गर्दैन । तसर्थ सज्जन व्यक्ति सागरभन्दा पनि महान् हो । त्यसो त मर्यादाको पालना गर्नमा सागरलाई आदर्श ठानिएको छ । वर्षायाममा उर्लिएका नदीलाई आफूभित्र समेटे पनि सागरले आफ्नो सिमाना नाघ्दैन । तर, प्रलय आइपर्दा भने त्यही समुद्रले पानी किनारा छाडेर आसपासका सबै जमिनलाई जलमग्न तुल्याइदिन्छ । सागरले प्रलयको समयमा आफ्नो मर्यादालाई सुरक्षित राख्न सक्तैन परन्तु सज्जन व्यक्ति भने प्रायः आफ्नो मर्यादाको रक्षा गरिरहेको हुन्छ । यसैले सज्जन व्यक्तिहरू समुद्रभन्दा अधिक गम्भीर ठानिँदै आएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्खस्तु परिहर्तव्यः प्रत्यक्षे द्विपदः पशुः ॥
भिनत्ति वाक्यसूलेयेन अदृश्यं कण्टकं यथा ॥७॥

मूर्ख मानिसलाई दुईखुट्टे पशुझैं सम्झेर त्यागिदिनुपर्छ किनकि गोडामा विझेको काँढाले नदेखिने गरी भित्र मासुमा घुसेपछि जसरी पीडा दिन्छ त्यसैगरी मूर्खले पनि वचनरूपी बाणले शूलीझैं गरी दुःखदर्दद्वारा पीडा दिइरहन्छ ।

रूपयौवनसम्पन्ना विशालकुलसम्भवाः ॥
विद्याहीना न शोभन्ते निर्गन्धा इव किंशुकाः ॥८॥

सुन्दरता र तारुण्यताले युक्त भएका, ठूलो कुलमा जन्मिएका व्यक्ति पनि यदि अनपढ (विद्याहीन) छन् भने त्यस्ता व्यक्ति वास्ना नआउने पलासको फूलजस्तो देख्नमा राम्रो लाग्ने भए तापनि काम लाग्ने खालका भने हुँदैनन् ।

कोकिलानां स्वरो रूपं नारीरूपं पतिव्रतम् ॥
विद्या रूपं कुरूपाणां क्षमा रूपं तपस्विनाम् ॥९॥

कोइलीहरूको रूप (शोभा) उनीहरूको 'कुहु कुहु' गर्ने मीठो बोली (स्वर) नै हो । नारीहरू (गृहिणीहरू) को रूप (शोभा) पतिव्रता हुनु हो । नराम्रा (कुरूप) हरूको रूप (शोभा) भन्नु विद्या हो । त्यस्तै योगी-तपस्वीहरूको रूप (शोभा) उनीहरूको सहनशील स्वभाव नै हो ।

त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत् ॥
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत् ॥१०॥

कुलको अभ्युदय तथा सुखसुविधाका लागि कुनै एक पुरुषलाई त्याग दिनु उचित हो । त्यसैगरी, गाउँको उन्नति एवं सुख-शान्तिका लागि कुललाई छाड्नु उपयुक्त हुन्छ । कुनै प्रदेश या जनपदका सुधारका लागि गाउँका बारेको चिन्ता छाडिदेओस् । आफ्ना लागि वा आत्मकल्याणका लागि पृथ्वी नै त्याग्नुपरे पनि त्यागोस् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्योगे नास्ति दारिद्यं जपतो नास्ति पातकम् ॥
मौनेन कलहो नास्ति नास्ति जागरिते भयम् ॥११॥

उद्योग गरेमा दरिद्रता (गरिबी) हट्दछ। ईश्वरका नामको जप गर्ने गर्नाले पाप लाग्दैन। नबोल्दा (चुप रहँदा) कलह वा झगडा हुँदैन। सदा सजग रहने व्यक्तिलाई कुनै भय आइपर्दैन अर्थात् जाग्राम रहँदा डर हराउँदछ।

अतिरुपेण वै सीता अतिगर्वेण रावणः ॥
अतिदानाद् बलिर्बद्धो अति सर्वत्र वर्जयेत् ॥१२॥

ज्यादै नै राम्री (सुन्दरी हुनाले सीता हरिइन्। अत्यन्तै घमन्डी हुनाले रावण मारियो। ज्यादै (बढी) दानी (दाता) भइदिनाले वली राजाले बाँधिनुपर्‍यो। यसैले अति (ज्यादति) भन्ने कुरो सर्वत्र परिहार्य (त्याज्य) छ।

कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम् ॥
को विदेशः सुविद्यानां को प्रियः प्रियवादिनाम् ॥१३॥

वलियो र सामर्थ्यवान्का लागि गह्रुँगो भन्ने चिज के हो र ? व्यापार-व्यवसाय गर्नेका निमित्त दूर वा टाढा भन्ने केही हुँदैन। राम्रो पढेलेखेका (ज्ञानी र वैज्ञानिक) हरूका लागि विदेश भन्नु नै के हो र ? मीठो बोलीव्यवहार हुनेका निमित्त मन नपर्ने अप्रिय नै को होला र ?

एकेनापि सुवृक्षेण पुष्पितेन सुगन्धिना ॥
वासितं स्याद् वनं सर्वं सुपुत्रेण कुलं यथा ॥१४॥

फूलहरूले युक्त सुगन्धित वृष एउटै मात्र भए पनि सम्पूर्ण जंगल नै सुगन्धपूर्ण वन्छ जसरी एउटै सुपुत्रका कारण पूरै कूल वा वंश प्रतिष्ठित हुन्छ।

एकेन शुष्कवृक्षेण दह्यमानेन वह्निना ॥
दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा ॥१५॥

वनमा सुकेको वृक्ष यौटैमा आगो लाग्यो भने त्यसले सारा वन डढाउँछ, त्यस्तै मूर्ख, छट्टु (धूर्त) पुत्र एउटै भए पनि त्यसले सारा कुलको विनाश गर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(एउटै सुकेको वृक्षमा आगो लागे त्यसले सारा वन नै भष्म गरिदिन्छ । जसको एउटै मात्र छोरो छ तर ऊ मूर्ख छ भने उसले सारा कुलको नै अवनति गर्दछ) ।

एकेनापि सुपुत्रेण विद्यायुक्तेन साधुना ॥
आह्लादितं कुलं सर्वं यथा चन्द्रेण शर्वरी ॥१६॥

पर्याप्त विद्याध्ययन गरेको र सज्जन बनेको एउटै सुपुत्रले सम्पूर्ण कुललाई आनन्दित तुल्याउँछ जसरी चन्द्रमाका कारण रात्रि आनन्दित वा प्रफुल्लित वन्छ । जस्तै अँधेरो रातमा चन्द्रमा उदाउँदा संसारभरि नै अन्धकार नाश हुन्छ ।

किं जातैर्बहुभिः पुत्रैः शोकसन्तापकारकैः ॥
वरमेकः कुलाऽऽलम्बी यत्र विश्राम्यते कुलम् ॥१७॥

कुनै पनि सहारा नदिने धेरै पुत्र जन्मेर केही हुँदैन, तिनबाट दुःखको वोझ मात्र थपिन्छ । उनीहरू पीर पार्ने मात्र हुन्छन् । सद्गुणी विद्वान् एउटै पुत्रद्वारा कुलको उद्धार पनि हुन्छ । आफ्नो सहारा पनि बन्दछ यसो हुनु नै उत्तम पनि हो । शोक र चिन्ता बढाउने धेरै छोरा जन्मेर के काम ? समस्त कुलको आधार बनेको एउटै मात्र पुत्र श्रेष्ठ हुन्छ जसमा पूरै वंशले आश्रय पाउँछ ।

लालयेत्पञ्चवर्षाणि दशवर्षाणि ताडयेत् ॥
प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत् ॥१८॥

छोरालाई पाँच वर्षसम्म लाडप्यार गर्नु (पुलपुल्याउनु) पर्दछ । अनि दश वर्षसम्म पिटपाट गर्नु र राम्रा काममा लगाउनु, सोह्र वर्षको भएपछि उसलाई मित्रजस्तै व्यवहार गर्नुपर्छ ।

उपसर्गेऽन्यचक्रे च दुर्भिक्षे च भयावहे ॥
असाधुजनसंपर्के यः पलायेत् स जीवति ॥१९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपद्रो भएमा, शत्रुले आक्रमण गरेमा, डरलाग्दो अनिकाल परेमा, दुष्टको संगत भइरहेको अवस्थामा जसले आफूलाई टाढा राख्दछ (भाग्दछ) ऊ नै जीवित रहन्छ र उसकै कल्याण हुन्छ।

धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते ॥
जन्मजन्मनि मर्त्येषु मरणं तस्य केवलम् ॥२०॥

मानिसमा धर्म, अर्थ (धन), काम (भोग), मोक्ष यी चार कुरामध्ये कुनै एउटा कुरा पनि छैन भने त्यस्ता मनुष्यले अनेकौं जन्म लिंदा पनि उसको जन्मको फल केवल मरण मात्र हुन्छ।

मुर्खा यत्र न पूज्यन्ते धान्यं यत्र सुसज्जितम् ॥
दाम्पत्ये कलहो नास्ति तत्र श्रीः स्वयमागता ॥२१॥

जहाँ मूर्खलाई बेवास्ता गरिन्छ वा ऊ सम्मानित हुँदैन, जहाँ धेरै अन्न सञ्चय छ जहाँ पति र पत्नीमा कहिल्यै झगडा (वाझवाझ) हुँदैन त्यहाँ लक्ष्मी आफैं आएर निवास गर्दछिन् अर्थात् स्थिर रहन्छिन्।

चाणक्यनीतिको तेस्रो अध्याय
पूरा भयो।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्याय

आयुः कर्म च वित्तं च विद्या निधनमेव च ॥
पाञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनः ॥१॥

उमेर वा आयु, कर्म वा भाग्य, सम्पत्ति, विद्या र मृत्यु यी पाँच कुरा मानिस गर्भमा रहँदा नै निर्माण गरिएका हुन्छन् । जन्मेपछि जतिसुकै बल गरे पनि यी कुरा पाइँदैनन् ।

साधुभ्यस्ते निवर्तन्ते पुत्रा मित्राणि बान्धवाः ॥
ये च तैः सह गन्तारस्तद्धर्मास्सुकृतं कुलम् ॥२॥

संसारका कतिपय मानिस पुत्र, मित्र, वान्धव, साधु, महात्मा, विद्वान् आदिका सङ्गतवाट टाढा रहने गर्दछन् यो कुरा राम्रो होइन तर जसले यिनीहरूलाई साथ दिन्छन् उसका धर्मले गर्दा उनको कुलले पनि असल फल प्राप्त गर्दछ ।

दर्शनध्यननसंस्पर्शैर्मत्सी कूर्मी च पक्षिणी ॥
शिशुं पालयते नित्यं तथा सज्जनसंगतिः ॥३॥

जसरी माछा, कछुवा, पक्षीले आफ्ना सन्तानलाई देखेर (हेरेर), विचार गरेर, छोएर संरक्षण गर्दछन्, त्यसैगरी सज्जनहरूको सङ्गतले मानवलाई नित्य संरक्षण दिइरहन्छ ।

यावत्स्वस्थो ह्ययं देहः तावन्मृत्युश्च दूरतः ॥
तावदात्महितं कुर्यात् प्राणान्ते किं करिष्यति ॥४॥

जवसम्म शरीर निरोगी र स्वस्थ छ तवसम्म मृत्यु पनि टाढा रहन्छ । त्यसै वखतमा धार्मिक कार्यहरू गर्नुपर्दछ । प्राणान्त-मृत्युपछि त कुन मानिसले के गर्न सक्तछ र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामधेनुगुणा विद्या ह्यकाले फलदायिनी ॥
प्रवासे मातृसदृशा विद्या गुप्तं धनं स्मृतम् ॥५॥

विद्या कामधेनुबरावर गुणयुक्त हुन्छ, यसले नराम्रो समयमा पनि फल दिन्छ। परदेश गएका बखत आमावरावर छ। त्यसैले विद्यालाई गुप्तधन भनिन्छ।

एकोऽपि गुणवान् पुत्रो निर्गुणैश्य शतैर्वरः ॥
एकश्चन्द्रस्तमो हन्ति न च तारासहस्रशः ॥६॥

बुद्धिहीन विद्या आर्जन नगरेका सय छोराभन्दा विद्वान् बुद्धिसम्पन्न गुणवान् एउटै पुत्र (छोरो) श्रेष्ठ (असल) हुन्छ। किनकि आकाशमा तारा अनेकौं भए पनि तिनबाट अन्धकारको नाश हुँदैन तर चन्द्रमा एउटै हुँदा अन्धकार (अँध्यारो) नाश हुन्छ। त्यस्तै गुणी र विद्वान् एउटै पुत्रबाट कुलको उद्धार हुन्छ।

मूर्खश्चिरायुर्जातोऽपि तस्माज्जातमृतो वरः ॥
मृतः स चाल्पदुःखाय यावज्जीवं जडो दहेत् ॥७॥

मूर्ख पुत्र जन्मेर लामो समयसम्म बाँची चिरायु हुनुभन्दा ऊ जन्मनासाथै मरेको असल हुन्छ किनकि त्यसरी जन्मी मरेको पुत्रद्वारा एकपटक मात्र दुःख हुन्छ। जन्मिएर धेरै समयसम्म बाँचेका मूर्ख पुत्रले भने जीवनभर पिरोलिरहन्छ।

कुग्रामवासः कुलहीनसेवा
कुभोजनं क्रोधमुखी च भार्या ॥
पुत्रश्च मूर्खो विधवा च कन्या
विनाग्निमेते प्रदहन्ति कायम् ॥८॥

सधैं हानि भइरहने र जीवनभरि नै जलाइरहने विषयमा दुष्टहरूको गाउँको बसोबास, नीच कुलको सेवा, नराम्रो (नमीठो, वासी, सडेगलेको) खाना (भोजन), सधैं रिसालु वा झगडा गर्ने स्वास्नी हुनु, मूर्ख छोरो, विधवा छोरी, यी छ कुराले आगोविना नै मानवदेहलाई जलाइरहन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किं तया क्रियते धेन्वा या न दोग्धी न गर्भिणी ॥
कोऽर्थः पुत्रेण जातेन यो न विद्वान् न भक्तिमान् ॥९॥

जुन गाईले दूध दिंदैन र व्याउने पनि छैन, थारो छ भने त्यस्तो गाई घरमा पालेर के काम ? त्यस्तो गाई हुनु र नहुनुमा केही फरक हुँदैन, त्यस्तै जुन छोरो पढेको छैन, मूर्ख छ, विद्वान् छैन र भक्तिरहित छ (कुधर्मी छ) भने त्यस्तो छोरो हुनु र नहुनुमा कुनै फरक पर्दैन ।

संसारतापदग्धानां त्रयो विश्रान्तिहेतवः ॥
अपत्यंच कलत्रंच सतां संगतिरेव च ॥१०॥

सांसारिक दैविक, दैहिक, लौकिक तापले सताइएका व्यक्तिका लागि आज्ञाकारी सन्तान, पतिव्रता पत्नी, साधु (सज्जन) सँगको संगत यी तीन कुरा शान्तिदायक हुन्छन् । यी नै आरामका कारण पनि बन्छन् ।

सकृज्जल्पन्ति राजानः सकृज्जल्पन्ति पण्डिताः ॥
सकृत्कन्याः पदीयन्ते त्रीण्येतानि सकृत्सकृत् ॥११॥

चाहे राजा हुन्, चाहे विद्वान् पण्डितहरू हुन्, चाहे कन्यादान नै किन नहोस् यी तीनै कुरा एकपटक मात्र बोलिन्छन् र गरिन्छन् । जस्तै, राजाले आदेश एकपटक मात्र दिन्छन्, विद्वान् पण्डितहरू एउटा कुरा एकपटक मात्र बोल्छन्, कन्यादान पनि एकपटक मात्रै गरिन्छ, यही नै ठूला व्यक्तिहरूको आदर्श स्वरूप हो । यी तीन कुरा केवल एकपटक मात्र हुन्छन् ।

एकाकिना तपो द्वाभ्यां पठनं गायनं त्रिभिः ॥
चतुर्भिर्गमनं क्षेत्रं पञ्चभिर्बहुभी रणः ॥१२॥

एक्लैले तपस्या गर्नु, दुईजना मिलेर पढ्नु, तीनजना भएर गाउनु, कतै जाँदा चारजना भई हिँड्नु, पाँचजना भएर खेती गर्नु र धेरैजना मिलेर युद्ध गर्दा काम सफल बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सा भार्या या शुचिर्दक्षा सा भार्या या पतिव्रता ॥
सा भार्या या पतिप्रीता सा भार्या सत्यवादिनी ॥१३॥
अपुत्रस्य गृहं शून्यं दिशः शून्यास्त्वबान्धवाः ॥
मूर्खस्य हृदयं शून्यं सर्वशून्यं दरिद्रता ॥१४॥

पुत्रहीन वा छोरो नभएकाको घर शून्य हुन्छ, भाइवन्धुहरू नहुँदा दिशा नै शून्य हुन्छन् । मूर्खको हृदय शून्य (खाली) हुन्छ तर सवैभन्दा शून्य (खाली) वस्तु भने दरिद्रता (गरिबी) नै हो ।

अनभ्यासे विषं शास्त्रमजीर्णे भोजनं विषम् ॥
विषं सभा दरिद्रस्य वृद्धस्य तरुणी विषम् ॥१५॥

निरन्तर अभ्यास नगरे शास्त्र-विद्या विष हुन्छ । अपच भएमा मीठो भोजन विष हुन्छ । सामाजिक कार्यका लागि पैसा दिनुपर्ने वा निःशुल्क श्रम गर्नुपर्नेजस्ता निर्णय गरिने हुँदा सभा तथा जमघट दरिद्रका लागि विष हुन्छ भने खाना, चाहना, कामना, शारीरिक आवश्यकता आदि नमिल्नाले वृद्ध पुरुषका लागि तरुणी पत्नी विष बराबर हुन्छे । ऊ अरू कसैसँग लाग्ने डर मात्रै नभई अन्य थुप्रै समस्या त्यसबाट आई लाग्छन् ।

दया नभएको धर्म, विद्याहीन गुरु, सधैं रिस उठ्ने कुरा बोलिरहने पत्नी र प्रेमभाव नहुने बन्धुबान्धव यी सबैलाई त्यागिदिनुमा नै कल्याण छ ।

अध्वा जरा मनुष्याणां वाजिनां बन्धनं जरा ॥
अमैथुनं जरा स्त्रीणां वस्त्राणामातपो जरा ॥१७॥

मनुष्यका लागि बुढ्याइँ ल्याउने तत्त्व अत्यधिक पैदल यात्रा हो, घोडालाई बाँधेर राख्नु उसमा वृद्धता ल्याउनु हो । नारीका लागि मैथुन-सम्भोगरहित जीवन बाँच्नुपर्‍यो भने छिट्टै बुढेसकाल आउने कारण बन्दछ । कपडालाई पनि धेरै घाममा सुकायो भने छिट्टै फाट्ने गर्छ । स्वास्थ्यका लागि हिँड्नु आवश्यक छ तर अधिक हिँडाइले छिट्टै वृद्धावस्था निम्त्याउँछ । बुढ्याइँका चिह्नहरू उसमा छिट्टै आउँछन् । जतिजति कुदायो उतिउति घोडा तन्दुरुस्त बन्छ, बाँधेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राख्दा त्यो सम्भव छैन । निरन्तर सम्भोग चाहने तरुणीमा त्यो नहुँदा जुम्सोपना वढ्छ । घामले रंग आदि सोसेर कपडा फाट्न मद्दत गर्छ ।

कः कालः कानि मित्राणि को देशः कौ व्ययागमौः ॥
कश्चाऽहं का च मे शक्तिरिति चिन्त्यं मुहुर्मुहः ॥१८॥

कस्तो समय छ ? कुन मित्र हो ? कस्तो ठाउँ छ ? आम्दानी खर्च कस्तो छ ? म को हुँ ? र मेरो शक्ति कति छ ? इत्यादि विचार गर्दै आत्मकल्याणका लागि सधैं प्रयत्नशील हुनुपर्दछ । यी कुरामा विचार नपुऱ्याउनाले निर्जीव ढुङ्गाजस्तो भई वारम्वार नराम्रोसँग ठक्कर खाइन्छ । अतः मानिसले समझदारीपूर्वक जीवन व्यतीत गरोस् ।

जनिता चोपनेता च यस्तु विद्यां प्रयच्छति ।
अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः ॥१९॥

जन्म दिने, उपनयन (व्रतवन्ध) आदि संस्कार गर्ने, शिक्षा दिने, अन्नदाता, डरवाट जोगाइदिने यी पाँच प्रकारका पिता हुन्छन् । जन्म दिने वावुका अतिरिक्त उपनयन (यज्ञोपवित) आदि संस्कार गरिदिने व्यक्ति, आफूलाई विद्यादान दिई पठन-पाठन गराउने गुरु, अन्न भोजन दिई तृप्त गराउने व्यक्ति र कुनै कठिन समयमा प्राणको रक्षा गरी अभयदान दिने व्यक्तिहरू यी पाँच नै पिता (पञ्चपिता) कहिन्छन् ।

राजपत्नी गुरोः पत्नी मित्रपत्नी तथैव च ।
पत्नीमाता स्वमाता च पञ्चैताः मातरः स्मृता ॥२०॥

आफ्ना देशका राजाकी पत्नी (वडामहारानी), आफूलाई विद्याध्ययन गराउने गुरुकी पत्नी, मित्रकी पत्नी अनि आफ्नी पत्नीकी आमा (सासू) र आफूलाई जन्माउने आमा यी पाँच आमा (पञ्चमाता) हुन्छन् ।

अग्निर्देवो द्विजातीनां मुनीनां हृदि दैवतम् ॥
प्रतिमा स्वल्पबुद्धीनां सर्वत्र समदर्शिनः ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण, क्षत्रीय, वैश्य यी तीन वर्णका देवता अग्नि हुन् । ऋषिमुनिका हृदयमा देवता बसेका हुन्छन् । थोरै बुद्धि भएकाका लागि मूर्तिहरूमा नै देवता बसेका हुन्छन् । सबैलाई बराबर देख्नेहरूका लागि सर्वत्र देवता व्याप्त छन् भन्ने अनुभव हुने गर्छ ।

चाणक्यनीतिको चौथो अध्याय
पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाचौं अध्याय

गुरुरग्निर्द्विजातीनां वर्णानां ब्राह्मणो गुरुः ॥
पतिरेव गुरुस्त्रीणां सर्वस्याऽभ्यागतो गुरुः ॥१॥

ब्राह्मण, क्षेत्रीय, वैश्य यी तीन वर्णका गुरु अग्नि मानिन्छन् । सबै वर्गका गुरु ब्राह्मण हुन्, ब्राह्मणलाई नै गुरु मानिन्छ । स्त्रीका गुरु उनीहरूका पति हुन् । अतिथिहरू सबै वर्णका पनि गुरु हुन्छन् । अर्थात् ब्राह्मण, क्षेत्री, वैश्यका लागि अग्नि (आगो) गुरु बराबर आदरयोग्य छन्, क्षेत्री, वैश्य र शूद्रका लागि ब्राह्मण समादरणीय हुन्छन्, पत्नीका लागि पति नै समादरणीय हुन्छन् अनि सबै वर्णका लागि अपर्झट घरमा आउने अभ्यागत (पाहुना, अतिथि) समादरणीय (सम्मानयोग्य) हुन्छन् ।

यथा चतुर्भिः कनकं परीक्ष्यते
निघर्षणच्छेदनतापताडनैः ॥
तथा चतुर्भिः पुरुषः परीक्ष्यते
त्यागेन शीलेन गुणेन कर्मणा ॥२॥

घोटिनाले, गाल्नाले, पिट्नाले, आगोमा पोल्नाले जसरी सुनको परीक्षा (जाँच) गरिन्छ, त्यसैगरी पुरुषको पनि त्याग, शील, गुण र कर्मद्वारा परीक्षा गरिन्छ । अर्थात् सुन राम्रो छ, अथवा मिसिएको (खराब) छ भन्ने जान्नलाई कसीमा घोटी, काटी अनि आगोमा पोलेर गलाएपछि र कुटेपछि शुद्ध सुन हो-होइन भन्ने बुझिन्छ । त्यस्तै मानिस पनि कुलीन हो भन्ने कुराको परीक्षा ऊ त्यागी छ वा स्वार्थी छ, असल छ वा खराब, सुशीलता, विद्या आदि गुणले युक्त छ वा छैन यी सबै कुराद्वारा परीक्षा गरिन्छ ।

तावद् भयेषु भेत्तव्यं यावद्भयमनागतम् ॥
आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यमशङ्कया ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जतिखेरसम्म डर टाढा छ, त्यतिखेरसम्म डरदेखि डराउनुपर्छ। जब त्यो डर आफूमा आइलागिसक्यो भने त्यसबखत नडराईकन त्यसको सामना गर्नुपर्छ। अर्थात् डर नलाग्दै त्यसदेखि डराउनुपर्दछ, यदि त्यस्तो डर (विघ्नबाधा) पन्छाउने वा हटाउने प्रयत्न गर्नुपर्छ। आइपरेपछि हात बाँधेर बस्नुहुँदैन। भयमुक्त हुनका लागि त्यसको हल खोज्नु नै श्रेयस्कर छ।

एकोदरसमुद्भूता एकनक्षत्रजातकाः ॥
न भवन्ति समाः शीले यथा बदरकण्टकाः ॥४॥

एउटै पेटबाट जन्मेका तथा एकै नक्षत्रमा जन्म लिएका भए पनि तिनीहरू स्वभावमा एकैनासका हुँदैनन्। उदाहरणका लागि एउटै रूखका बयर र काँढाको स्वभाव एकनास हुँदैन। अर्थात् बयरको बोटमा काँढा र बयर एकैचोटी पैदा हुन्छन्, काँढाले घोच्दछ बयर भने खानयोग्य हुन्छ। सहोदर तथा एउटै नक्षत्रमा जन्मेका मनुष्यको स्वभाव-आचरण पनि अलग-अलग हुन्छ, एकैनासको हुँदैन।

निस्पृहो नाधिकारी स्यान्नाकामी मण्डनप्रियः ॥
नाऽविदग्धः प्रियं ब्रूयात् स्पष्टवक्ता न वञ्चकः ॥५॥

जो लोभी छैन ऊ कुनै पदमा जाने वा ठूलो अधिकारी बन्ने इच्छा राख्दैन। जो कामी छैन वा त्यस्तो अधिकारी बन्दैन त्यो शरीरको शोभा बढाउने वस्तुमा रुचि (इच्छा) राख्दैन। जो चलाख छैन वा विद्वान् छैन उसले मीठो बोली बोल्दैन। जो स्पष्ट बोल्दछ त्यो कहिल्यै ठग हुँदैन। अर्थात् जुन व्यक्तिलाई संसारदेखि विरक्ति लागेको छ, त्यो व्यक्ति कुनै जिम्मेवारी लिन चाहँदैन। तडक, भडक गरेर हिँड्ने व्यक्ति ज्यादा स्त्रीलम्पट भई कामी हुन्छ, किनकि अर्कालाई आकर्षित गर्नका लागि नै सिंगारपटार गर्दछ। अतः जो कामी छैन, त्यसलाई शृङ्गारमा प्रेम हुँदैन धेरै विद्वान् व्यक्तिले सधैं मधुर वचन बोल्छन्। साँचो बोल्ने व्यक्ति कहिल्यै पनि कपटी हुँदैन।

मूर्खाणां पण्डिताः द्वेष्या अधनानां महाधनाः ॥
वराऽङ्गनाः कुलीनानां सुभगानां च दुर्भगाः ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूर्ख व्यक्ति विद्वान्सँग जल्दछ अनि द्वेष पनि राख्दछ। गरीव धनीसँग जल्दछ किनकि धनीको धनको उसलाई ईर्ष्या हुन्छ। वेश्याहरू कुलीन स्त्रीसँग जल्दछन् किनकि वेश्यालाई कुलीन वधुहरूको जस्तो भावनात्मक स्नेह प्राप्त हुँदैन खाली उनीहरूको शरीरको शोषण मात्रै हुन्छ। त्यस्तै, विधवा स्त्रीहरू सधवा स्त्रीहरूलाई देख्दा मनमनै आफ्नो भाग्य सम्झेर रुन्छन् किनकि असमयमैं वैधव्य पाएका हुन्छन् र पतिविहीन हुनु तिनका लागि अभिशाप नै हुन्छ अथवा कुरूप व्यक्तिहरू सुन्दर व्यक्तिप्रति द्वेष गर्छन् र आफू नराम्रो भएकामा भित्रभित्रै जल्दछन्।

आलस्योपहता विद्या परहस्तंगताः श्रियः ॥
अल्पबीजं हतं क्षेत्रं हतं सैन्यमनायकम् ॥७॥

विद्या अल्छ्याइँले गर्दा नष्ट हुन्छ। अर्काका हातमा परेको धन (पैसा) फिर्ता हुँदैन। सेनापतिविनाको सेना नाश हुन्छ, त्यस्तो सेनाले कुनै काम दिँदैन। अल्छी पुरुषले विद्या आर्जन गर्न (पढ्न) सक्दैन, अर्काका हातमा परेको धन काम परेका अवस्थामा काम लाग्दैन। थोरै बीउ रोपियो भने खेत बाँझो भई आफ्नो चाहनाअनुसारको हुँदैन, सेनापति भएन भने युद्धमा सेनाले रणनीति तयार गर्न नसक्दा शत्रुलाई जित्न सकिँदैन। अतः स्पष्ट नै छ, विद्याका लागि परिश्रम आवश्यक छ, धन त्यहीँ हुन्छ, जुन सधैँ आफ्नो मुठीमा रहन्छ। त्यो खेती राम्रो हुन्छ, जसमा बीउ असल र मनग्गे छ र मलजल पुगेको छ। रणभूमिमा त्यस्तो सेनाले युद्ध जित्छ जसको सञ्चालन कुशल सेनापतिले गरेको हुन्छ।

अभ्यासाद्धार्यते विद्या कुलं शीलेन धार्यते ॥
गुणेन ज्ञायते त्वार्यः कोपो नेत्रेण गम्यते ॥८॥

निरन्तर अभ्यास गर्नाले आफूले पढेको विद्या धारण गरिन्छ। शील अर्थात् सदाचारले कुललाई धारण गर्दछ। गुण-दया, उदारता, शौर्य, दानशीलताद्वारा व्यक्ति उत्तम हो भन्ने जानिन्छ अर्थात् व्यक्तिका गुणद्वारा उसको श्रेष्ठत्वको ज्ञान हुन्छ भने आँखाद्वारा व्यक्तिको रिस थाहा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको आचरण खानपान आदिले उसको खानदानवारे थाहा हुन्छ । उसका राम्रा गुणले नै बताउछन् कि उसको श्रेष्ठता कस्तो छ, मानिस मुखले चाहे कुनै कुरा नखोलोस् तर उसका आँखाले नै प्रकट गर्दछन् कि ऊ रिसाहा छ वा छैन भन्ने ।

वित्तेन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते ॥
मृदुना रक्ष्यते भूपः सत्स्त्रिया रक्ष्यते गृहम् ॥९॥

धनले धर्मको, योगवाट विद्याको, नरमपनाले राजाको, त्यस्तै असल स्त्रीद्वारा घरको रक्षा हुन्छ । अर्थात् धनले नै मानिस आफ्नो धर्म र कर्तव्यको पालना गर्न सक्छ । सदाचार र संयमले नै विद्याको रक्षा हुन्छ । नरम स्वभावले नै राजाको रक्षा हुन्छ, त्यस्तै गुणी, कुलीन आचरण भएकी स्त्रीवाट नै घरको रक्षा हुन्छ ।

अन्यथा वेदपाण्डित्यं शास्त्रमाचारमन्यथा ॥
अन्यथा कुवचः शान्तं लोकाः क्लिश्यन्ति चान्यथा ॥१०॥

वेदका विषयहरूलाई निन्दा गर्ने, शास्त्र र शास्त्रद्वारा निर्दिष्ट असल आचरणलाई व्यर्थ ठान्ने, शान्त स्वभाव हुने सज्जनलाई ढोंगी र पाखण्डी सम्झने र नराम्रो वचन बोल्ने व्यक्तिले व्यर्थै दुःख पाउनेछन् । कहिल्यै ननासिने वस्तु सत्य हो जुन कदापि बदलिँदैन ।

नास्ति कामसमो व्याधिर्नास्ति मोहसमो रिपुः ॥
नास्ति कोपसको बह्निर्नास्ति ज्ञानात्परं सुखम् ॥११॥

कामवासनाजस्तो रोग अरू कुनै छैन । अज्ञान वा मोहजस्तो ठूलो शत्रु अरू हुँदैन । रिसभन्दा ठूलो अग्नि (आगो) अरू कुनै छैन । ज्ञानभन्दा ठूलो सुख अरू कुनै हुँदैन । कामवासना मानिसको ठूलो रोग हो । मोह, माया र अज्ञान ठूलो शत्रु हो । रिसभन्दा ठूलो अर्को भतभत पोल्ने आगो हुँदैन र ज्ञान बुद्धिभन्दा ठूलो सुख अरू कुनैमा छैन । अतः ज्ञानीजनले काम, क्रोध, मोह यी कुरा सदासर्वदा त्याग्नु नै उत्तम हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दारिद्यनाशनं दानं शीलं दुर्गतिनाशनम् ॥
अज्ञाननाशिनी प्रज्ञा भावना भयनाशिनी ॥१२॥

दरिद्रता नाश गर्ने दान नै हो। शील-स्वभावले व्यक्तिको दुःख र कष्टलाई नष्ट पार्छ। बुद्धिले अज्ञान नष्ट गर्छ र भावना एवम् भक्तिले डर नाश गर्दछन्।

जन्ममृत्युं हि यात्येको भुनक्त्येकः शुभाऽशुभम् ॥
नरकेषु पातत्येक एको याति परां गतिम् ॥१३॥

मानिस संसारमा एक्लै जन्मिन्छ, एक्लै मर्छ, एक्लै नै राम्रो र नराम्रो कर्मको फल भोग गर्दछ। एक्लै नरकमा पर्छ र एक्लै परमगतिमा पनि पुग्दछ। यी माथिका सबै काममा उसको कोही पनि भागेदार (साझेदार) हुँदैन।

तृणं ब्रह्मविदः स्वर्गं तृणं शूरस्य जीवितम् ॥
जिताऽक्षस्य तृणं नारी निःस्पृहस्य तृणं जगत् ॥१४॥

जो ब्रह्मज्ञानी छ, उसमा स्वर्गको इच्छा रहँदैन। उसले स्वर्गलाई तृण (झारपात) वरावर सम्झन्छ, किनकि स्वर्गीय सुखपछि मानिसले पुनः जन्मनुपर्छ। ब्रह्मज्ञानी भने ब्रह्मलीन हुन्छन्, अतः उनलाई स्वर्गको कुनै महत्त्व हुँदैन। लडाइँमा (रणभूमिमा) युद्धकौशल (वीरता) देखाउने बहादुरलाई आफ्नो ज्यानको परवाह रहँदैन (माया हुँदैन)। जसले आफ्ना इन्द्रिय जिती बसमा गर्छ त्यसले युवतीलाई तृणवरावर सम्झन्छ, मामुली ठान्दछ। जो सांसारिक माया, मोह त्यागी कुनै पनि वस्तुमा लिप्त छैन, उसका लागि सांसारिक सुख भन्ने वस्तु तृणवरावर हुन्छ।

विद्या मित्रं प्रवासेषु भार्या मित्रं गृहेषु च ॥
व्याधितस्यौषध मित्रं धर्मो मित्रं मृतस्य च ॥१५॥

परदेश गएका अवस्थामा विद्या मित्र (साथी) हुन्छ। घरमा पत्नी नै मित्र हुन्छिन्। रोगीका लागि औषधि मित्र हुन्छ। मरेपछिको मित्र धर्म नै हुन्छ। त्यसकारण समयअनुसारका मित्रको विचार गर्नु नै श्रेयस्कर हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वृथा वृष्टिः समुद्रेषु वृथा तृप्तेषु भोजनम् ॥
वृथा दानं धनाढ्येषु वृथा दीपो दिवाऽपि च ॥१६॥

अथाह जलभण्डार भएको समुद्रमा वर्षा हुनु व्यर्थ हुन्छ। वर्षादीको कुनै महत्त्व हुँदैन। अघाएर टन्न पेट वनाएको व्यक्तिलाई भोजन गराउनु व्यर्थ छ। धनी व्यक्ति आफैं धनी छ भने त्यस्तालाई दान दिनु व्यर्थ छ। दिउँसो उज्यालोमा वत्ती वाल्नु व्यर्थ छ अतः कुनै पनि काम गर्दा ठाउँ, व्यक्ति, समय विचार गरी गर्नु नै उचित हुन्छ।

नास्ति मेघसमं तोयं नास्ति चात्मसमं बलम् ॥
नास्ति चक्षुःसमं तेजो नास्ति चान्नसमं प्रियम् ॥१७॥

आकाशवाट पर्दै गरेको पानीवरावर असल र शुद्ध अरू पानी हुँदैन। आफ्नो वलवरावर अरू कुनै वल हुँदैन। आँखासमान अर्को उज्यालो (ज्योति) केही हुँदैन, अन्नवरावर प्यारो वस्तु अरू कुनै हुँदैन। अर्थात् आकाशवाट परेको पानी राम्रो र शुद्ध छ, आफ्नो वल नै सवभन्दा ठूलो वल हो, संसार देख्न पाउने आँखा नै महत्त्वपूर्ण ज्योति हो र प्रत्येक प्राणीका लागि अन्न वा खानेकुरा सवैभन्दा धेरै प्रिय वस्तु हुन्।

अधना धनमिच्छ वाचं चैव चतुष्पदाः ॥
मानवाः स्वर्गमिच्छन्ति मोक्षमिच्छन्ति देवताः ॥१८॥

गरीव व्यक्ति धनको इच्छा गर्छन्। चौपाया (चारखुट्टे प्राणी) वोल्ने चाहना गर्छन्। मानिस स्वर्ग पाउने इच्छा राख्छन्। स्वर्गमा रहने देवता मोक्ष (मुक्ति) पाउने इच्छा गर्छन्। यसकारण उपलब्धताभन्दा बढी पाउने इच्छा र आशा रहनु प्राणीमात्रको स्वभाव हो।

सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः ॥
सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितम् ॥१९॥

सत्यले नै पृथ्वी अडिएको छ र सत्यवाट सूर्य उदाउँछ र न्यानो पनि गर्छन्। सत्यवाट नै हावा चल्दछ। संसारमा जोकोही छन् ती सवै सत्यमा नै अडेका छन्। परमात्मालाई नै सत्य भनिन्छ। सत्यैमा पृथ्वी टिकेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्यैमा सूर्यले किरण दिएका छन् अनि उज्यालो हुन्छ र वायु (हावा) पनि सत्यमा वहन्छ र यो सारा संसार सत्यकै कारणवाट काम गर्छन् । त्यसैले सत्य नै सबैको आधार हो ।

चला लक्ष्मीश्चलाः प्राणाश्चलं जीवितयौवनम् ॥
चलाचले च संसारे धर्म एको हि निश्चल ॥२०॥

लक्ष्मी (धन) सधैं चञ्चल (चुलबुले) भई आज यहाँ, भोलि उहाँ, कहिले कतै, कहिले कतै घुमिरहन्छिन्, यिनको विश्वास हुँदैन । यस्तै, प्राण मानवजीवन तथा यौवन सबै चञ्चल छन् । चराचर संसारमा सबै कुरा नाशवान् छन् तर केवल धर्म नै यस्तो छ जसको कहिल्यै पनि नाश हुँदैन । धर्म नै मानिसको सच्चा साथी पनि हो । धर्म नै सबभन्दा ठूलो सम्पत्ति हो जुन बाँचुन्जेल र मरेपछि पनि काममा आउँछ, धर्म नै अचल पनि छ । अतः यसको (धर्मको) सञ्चय गर्नुपर्दछ धन, सम्पत्ति, प्राण, शरीर आदिको मोह धेरै गर्नुहुँदैन ।

नराणां नापितो पक्षिणां चैव वायसः ॥
चतुष्पदां श्रृगालस्तु स्त्रीणां धूर्ता च मालिनी ॥२१॥

पुरुषमा नाउ (हजाम) चलाख हुन्छ । पक्षीमा कागलाई धूर्त ठानिन्छ । चौपाया जनावरमा स्याल नै छट्टु हो । नारीमा फूल बगैंचामा काम गरी माला गाँस्ने मालिनीलाई चलाख ठानिन्छ ।

चाणक्यनीतिको पाँचौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं अध्याय

श्रुत्वा धर्मं विजानाति श्रुत्वा त्यजति दुर्मतिम् ॥
श्रुत्वा ज्ञानमवाप्नोति श्रुत्वा मोक्षमवाप्नुयात् ॥१॥

सुनेर नै मानिसले आफ्नो धर्मवारे थाहा पाउँछ। सुनेर नै खराव आचरण छोड्छ। सुनेर नै विद्या र ज्ञान पाउँछ र सुनेर नै मोक्षको पनि प्राप्ति हुन्छ।

अर्थात् आफ्ना वावुआमा एवम् मान्यजन, पूजनीय गुरु र महापुरुषका मुखबाट निस्किएका ज्ञानपूर्ण वाणीहरू सुनेर आफ्ना कर्तव्य र धर्मवारे थाहा पाइन्छ, कर्तव्यको ज्ञान हुन्छ, जसले गर्दा अधोगतिमा पुगिँदैन। सुनेर नै विद्या र ज्ञान आर्जन गरिन्छ र अन्त्य अवस्थामा तिनै ज्ञानद्वारा मोक्ष पनि मिल्दछ। अतः मानिसले यदि आफू विद्या-अध्ययन गर्न सक्दैन भने शास्त्रोपदेश सुनेर भए पनि विद्या, बुद्धि, ज्ञान आर्जन गरी मोक्षको लाभ प्राप्त गरोस्। यसो गर्नाले फाइदैफाइदा हुन्छ।

पक्षिणां काकश्चाण्डालः पशूनां चैव कुक्कुरः ॥
मुनीनां कोपश्चाण्डालः सर्वेषां चैव निन्दकः ॥२॥

शास्त्रले वताएअनुसार पक्षीमा कागलाई चाण्डाल भनिन्छ। त्यस्तै चारखुट्टे पशुमा कुकुरलाई, ऋषिमुनिमा रिसाहालाई र सवैको घृणा वा निन्दा गर्ने मानिसलाई चाण्डाल भनिन्छ। चरा जातिमा सवैभन्दा खराव (चाण्डाल) कागलाई मानिन्छ। चारखुट्टे पशुमा कुकुर, तपस्वी ऋषिमुनिमा रिसाहा र अरूको निन्दा गर्ने मान्छेलाई चाण्डाल भनिन्छ। अर्काको अहित गर्ने, द्वेष गर्ने, हानि पुऱ्याउने व्यक्तिलाई, काग, कुकुर र पापीभन्दा पनि तल्लो श्रेणीको चाण्डालभन्दा पनि अधम मानिन्छ।

भस्मना शुद्ध्यते कास्यं ताम्रमम्लेन शुद्ध्यति ॥
रजासा शुद्ध्यते नारी नदी वगेन शुद्ध्यति ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काँसको भाँडो खरानीले माझेपछि शुद्ध हुन्छ । तामाको भाँडो अमिलोले माझ्दा शुद्ध हुन्छ । स्त्री रजस्वला (नछुने) भएपछि शुद्ध हुन्छन् । नदी वेगले बग्ने गर्दा शुद्ध हुन्छन् । अर्थात् खरानी लाएर काँसको भाँडा माझियो भने त्यसमा चम्किलोपना आउँछ, राम्रो देखिन्छ, शुद्ध हुन्छ । तामाको भाँडामा अमिलो दली माझियो भने चम्किलो भई शुद्धता झल्कन्छ । नारी (स्त्री) प्रत्येक महिनामा रजोवती भई मासिक धर्मले आफैं शुद्ध हुन्छन् र नदी तालजस्तो नजमी बगिरहेछन् भने त्यस्ता नदी शुद्ध ठानिन्छन् ।

भ्रमन् सम्पूज्यते राजा भ्रमन् सम्पूज्यते द्विजः ॥
भ्रमन् सम्पूज्यते योगी भ्रमन्ती स्त्री विनश्यति ॥४॥

आफ्नो राज्यमा भ्रमण गर्दै रहने राजा सम्मानित हुन्छन् । प्रत्येक स्थानमा घुमी हिँड्ने ब्राह्मणहरू पूज्य हुन्छन् । घुमफिर गर्ने फिरन्ता योगी महात्माहरू श्रद्धेय हुन्छन्, तर सारा गाउँ घुमी हिँड्ने स्त्री भने प्रशंसनीय हुनुभन्दा निन्दित, घृणित र चरित्रहीन भई पतन हुन्छन् । अर्थात् आफ्ना राज्यमा घुमीघुमी प्रजाहरूको सुख, दुःख बुझ्ने राजालाई सबै प्रजाले सम्मान गर्छन्, ब्राह्मणहरू एक ठाउँमा नबसी देश-विदेशमा गई भ्रमण गर्दछन् र अनुष्ठान आदिमा संलग्न रहन्छन् भने त्यस्ता ब्राह्मण पूज्य मानिन्छन् । भ्रमण गर्दै रहने योगी महात्माहरू पनि पूज्य हुन्छन् तर स्त्रीहरू घरघर डुल्दै हिँडे भने त्यस्ता स्त्री सम्मान पाउनुको वदला निन्दित हुन्छन्, चरित्रहीन ठानिन्छन् (कुलटा मानिन्छन्) । घुम्ने काम राजा, ब्राह्मण, सन्तमहात्मा आदिको हो, तर नारीको होइन ।

तादृशी जायते बुद्धिर्व्यवसायोऽपि तादृशः ॥
सहायास्तादृशा एव यादृशी भवितव्यता ॥५॥

जुन कुरा हुनुपर्नेछ त्यसैअनुसारको बुद्धि हुन्छ । सञ्चालन र सम्वर्द्धनका उपाय अगाडि सोचिएको व्यवसाय आदि पनि त्यहीअनुरूप हुन्छन् । सहयोगीहरू त्यस्तै किसिमका पाइन्छन् । सम्पूर्ण क्रियाकलाप भवितव्यअनुसार नै सञ्चालित हुन्छन् । पूर्वजन्मको संस्कार जस्तो छ यस जन्ममा पनि त्यस्तै प्रकारको भाग्य हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यार्थस्तस्य मित्राणि यस्यार्थस्तस्य बान्धवाः ॥
यस्यार्थः स पुमांल्लोके यस्यार्थः स च पण्डितः ॥६॥

जुन व्यक्तिसँग धेरै धन छ, उसका मित्रहरू आफैं वन्दछन् र दाजुभाइ पनि उसकै वरिपरि घेरा हालेर डटेर वस्दछन् । जो धनवान् छ ऊ नै विद्वान् वन्दछ र सम्मानित पनि हुन्छ ।

हजारौं वर्षअगाडि सोचिएको यो कुरा अहिलेको समयमा पूर्णरूपले सत्य सावित भएको छ किनकि, जोसँग धेरै सम्पत्ति छ वा धनवान् छ भने उसका वरिपरि सबै झुम्मिएर वस्दछन् र उसका धेरै मित्र पनि हुन्छन् । जोसँग धन छैन उसका दाजुभाइले पनि त्याग्दछन् । परिवारवाट पनि त्याज्य वन्दछ । धेरै धन छ तर मूर्ख छ भने पनि धनका प्रभावले ऊ नै विद्वान् र सम्मानित पनि हुन्छ । सबै कुरा छ, धन छैन भने त्यस्तो व्यक्ति एक्लो भएर वस्छ, कसैले पनि उसपट्टि फर्केर हेर्दैन । अतः वर्तमान युगमा धन महिमा भन्ने कविशिरोमणि लेखनाथ पौड्यालको कवितांश 'सबै धनैभित्र लुकिरहेछ' चरितार्थ हुनगएको छ ।

कालः पचति भूतानि कालः संहरते प्रजाः ॥
कालः सुप्तेषु जागर्ति कालो हि दुरतिक्रमः ॥७॥

काल-समयले नै सबै प्रणालीलाई पकाउँछ अर्थात् समाप्त पार्छ, कालले नै सम्पूर्ण जनताको संहार गर्छ । सुतेकाहरूमा पनि अर्थात् संसारको क्षयमा प्रलय भइसकेपछि पनि समय जागृत भइरहन्छ । अतः कालजस्तो वलवान् कोही छैन । त्यसैले यसलाई नाघ्न सकिँदैन अर्थात् कुनै पनि तरिकाले उल्लंघन गर्न नसकिने सर्वाधिक वलशाली तत्त्व काल नै हो ।

न पश्यति च जन्मान्धः कामान्धो नैव पश्यति ॥
न पश्यति मदोन्मत्तो ह्यर्थी दोषान् न पश्यति ॥८॥

जन्मदै अन्धो भई जन्मेका (जन्मान्ध) ले केही देख्दैन । त्यस्तै कामवासनाले पीडित र नशाले मातेको व्यक्ति पागलजस्तो वनी केही पनि देख्दैन । स्वार्थी व्यक्तिले आफ्नो स्वार्थ पूरा गर्नुभन्दा अरू कुनै वस्तु देख्दैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मान्धले संसारका कुनै वस्तु देख्न सक्दैन। कामवासनाको भूत शरीरमा चढेको कामी पुरुषले लोकलाज, समाज-व्यवहारको केही चिन्ता गर्दैन। स्पष्ट छ- मदिरा वा अन्य नशा लागेकाले पनि केही देख्दैनन्। त्यसैले स्वार्थी पुरुष पनि आफ्नो दुनो सोझ्याउनमा नै प्रयत्नरत हुन्छन्। यसैले यस्ता व्यक्ति पनि जन्मान्धजस्ता भई विवेकहीन हुन्छन्।

स्वयं कर्म करोत्यात्मा स्वयं तत्फलमश्नुते ॥
स्वयं भ्रमति संसारे स्वयं तस्माद्विमुच्यते ॥९॥

प्राणीको आत्मा वा जीवले स्वयं कर्म गर्छ र त्यसको शुभ-अशुभ फल पनि आफैं भोग्दछ, आफैं संसारमा घुम्दछ र त्यसवाट मुक्त पनि आफैं हुन्छ।

जीव आफैं कर्म गर्दछ, कर्मका आधारवाटै राम्रो-नराम्रो कार्यको फल भोग्दछ, यिनै फलका आधारले नै संसारमा पटक-पटक जन्मन्छ र मर्छ पनि। राम्रो कर्म गरेको छ भने दोस्रो जन्ममा सुख र नराम्रो कर्म गरेको भए दुःख पाउने गर्छ। वरावर संसारमा जन्म लिनु मर्नु यो नै संसारमा घुम्नु भन्ने कुराको अर्थ हो। यी सवै कुरा जीव स्वयंले गर्नुपर्छ। यसरी घुम्ने क्रममा जव मनमा ज्ञान प्राप्त हुन्छ, अनि मात्रै यस संसाररूपी चक्रवाट मुक्त भई उसले मोक्ष प्राप्त गर्दछ।

राजा राष्ट्रकृतं पापं राज्ञः पापं पुरोहितः ॥
भर्ता च स्त्रीकृतं पापं शिष्यपापं गुरुस्तथा ॥१०॥

राज्यमा भएका वा गरिएका दुष्कर्म वा पापको फल राजाले भोग्नुपर्छ। राजाले गरेका पापको फल पुरोहित वा वडागुरुज्यूले भोग्नुपर्छ। पत्नीले गरेको पापको फल पतिले भोग्नुपर्छ भने शिष्यका पापको फल गुरुले भोग्नुपर्छ। किनकि, राष्ट्र वा राज्यको कर्तव्यवाट राजा च्युत भए भने त्यसको पाप राजालाई लाग्छ, राजपुरोहितको कर्तव्य हो कि राजालाई असल सल्लाह दिनु, सत्कार्य गर्नमा मद्दत गर्नु, राम्रो नराम्रो कुराको ज्ञान दिनु, यदि यस्तो गरिएन भने राजाले गरेको पाप राजाको पुरोहितलाई लाग्छ। पहिले पत्नीलाई पापकर्मवाट जोगाउनुपर्छ। यस्तो कर्मवाट वचाउन सकेन भने पत्नीले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको पाप पतिलाई लाग्छ । गुरुले शिष्यलाई सही मार्गदर्शन गर्नुपर्छ, त्यसो नगरी शिष्यले पापकर्ममा लागेर गरेको पापको भागीदार गुरु स्वयं नै बन्नुपर्छ ।

ऋणकर्ता पिता शत्रुर्माता च व्यभिचारिणी ॥
भार्या रूपवती शत्रुः पुत्रः शत्रुरपण्डितः ॥११॥

ऋण गर्ने बाबु शत्रु हुन्छ । खराब चालचलन र आचरण भएकी आमा शत्रु हुन् । धेरै राम्री स्वास्नी भएमा उनी पनि शत्रुजस्तै हुन् । मूर्ख वा अपठित छोरो पनि बाबुआमाका लागि शत्रुसमान हुन्छ । ऋण बोकाएर मरी जाने बाबु शत्रुबराबर हुन्छ, किनकि बाबु मरेर गएपछि त्यसरी गरिएको ऋण छोराबाट साहूले असुल गर्छ, साहूलाई तिर्नुपर्छ । व्यभिचारिणी आमा पनि शत्रुसमान हुन्छिन् । त्यस्तालाई त्याग्नु उत्तम हो किनकि त्यस्ती आमाले आफ्नो धर्म छाडेर पतिको कुल र पिताको कुललाई कलंकित पार्दछे । यस्ती आमाबाट छोराले समाजमा अपमान सहनुपर्दछ । जुन स्त्री आफ्नो सुन्दरतामा घमण्ड गरी पतिलाई उपेक्षा गर्दछे, त्यसलाई शत्रु मान्नुपर्छ उसको रूपमा अरू व्यक्तिले लठ्ठो लिनेछन् र ऊ आफ्नो कर्तव्यबाट च्युत हुन्छे । मूर्ख पुत्र पनि कलंक नै भएकाले त्यसलाई पनि त्याग्नु योग्य छ । तसर्थ ऋणमा डुबाउने बाबु, व्यभिचारिणी आमा, धेरै राम्री पत्नी र मूर्ख छोरा यी चार थरी त्याज्य-परिहार्य हुन्छन् ।

लुब्धमर्थेन गृह्णीयात्स्तब्धमंजलिकर्मणा ॥
मूर्खश्छन्दानुरोधेन यथार्थेन च पण्डितम् ॥१२॥

धेरै लोभी व्यक्तिलाई धन (पैसा) दिए, घमण्डीलाई हात जोडेर, मूर्खलाई उसको इच्छाअनुसार गरिदिएर, पण्डितलाई वास्तविक वा सत्य कुरा भनेर आफ्नो वशमा पार्नुपर्दछ ।

लोभीलाई धन-पैसा दिएर कुनै पनि काम गराउन सकिन्छ । घमण्डीसँग कुनै काम लिनुपर्छ भने उसका अगाडि हात जोडेर निहुरिनुपर्दछ । मूर्ख व्यक्तिलाई मूर्खकै जस्तो व्यवहार गरिदिएर वशमा पार्न सकिन्छ, विद्वान्लाई आफ्नो कुरा यथार्थ बताएर आफूतिर मोड्न सकिन्छ । जस्तो परिस्थिति आइपर्छ त्यस्तै प्रकारले गमेर तदनुसार काम गर्नु नै बुद्धिमानी हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरं न राज्यं न कुराजराज्यं
वरं न मित्रं न कुमित्रमित्रम् ॥
वरं न शिष्यो न कुशिष्यशिष्यो
वरं न दारा न कुदारदाराः ॥१३॥

राज्य सञ्चालन गर्न नसक्ने दुष्ट राजा भएको राज्य हुनुभन्दा राजा नहुनु नै श्रेष्ठ हो। खराव आचरण भएको मित्र हुनुभन्दा मित्र नै नहुनु राम्रो हो। खराव वानीवेहोरा भएको शिष्य हुनुभन्दा शिष्य नै नहुनु असल छ। खराव आचरणकी वा व्यभिचारिणी पत्नी हुनुभन्दा पत्नी नै नहुनु राम्रो हुन्छ।

राज्यमा राजा भएर प्रजालाई नाना किसिमका कर लगाउने, अन्याय अत्याचारद्वारा प्रजालाई सताउने यस्ता खालका राजा हुनुभन्दा राज्य नै नहुनु असल हो। धोका दिने र कपटमा राख्ने मित्र हुनुभन्दा विनामित्रकै रहनु राम्रो हुन्छ। शिष्य रहनु राम्रो हो तर शिष्य भएर गुरुको सम्मान गर्दैन, आचरण पनि पवित्र छैन र खराव काममा मात्रै मन लगाउँछ भने त्यस्तो शिष्य हुनुभन्दा नहुनु नै वेश छ। पत्नी भईकन दुष्टता गर्छे र व्यभिचारिणी छे भने यस्ता पत्नीवाट घरव्यवहार चल्दैन। व्यभिचारिणी पत्नी हुनुभन्दा यस्ती पत्नी नहुनु नै कल्याण छ।

कुराजराज्येन कुतः प्रजासुखं
कुमित्रमित्रेण कुतोऽभिनिर्वृतिः ॥
कुदारदारैश्च कुतो गृहे सुखम्
कुशिष्यमध्यापयतः कुतो यशः ॥१४॥

दुष्ट राजाका राज्यमा प्रजा कसरी सुखी हुन्छन् ? दुष्ट मित्रवाट के आनन्द पाउन सकिएला र ? दुष्ट पत्नीवाट घरको सुख-शान्ति कसरी मिल्छ र ? दुष्ट शिष्यलाई पढाएर के यहाँ जस मिल्ला र ? खराव राजाका राज्यमा प्रजाले कहिल्यै सुख पाउँदैनन्, दुःख मात्र हुन्छ। दुष्ट मित्रवाट सधैं आफूलाई दुःख, कष्ट मात्रै हुने गर्छ। दुष्ट पत्नीले घरको सम्पूर्ण सुख, शान्ति माटोमा मिलाइदिन्छे। दुष्ट शिष्यलाई पढायो भने वदनामी मात्रै हुन्छ। यसकारण सुखी रहन असल राजाका राज्यमा, दुःख कष्टवाट वच्न असल मित्रको संगत,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यौनक्रीडाको सुखका लागि र घरका सुख-शान्तिका लागि कुलीन घरकी कन्यासँग विवाह गर्नु एवं यश-कीर्तिका लागि योग्य पुरुषलाई शिष्य बनाउनुपर्दछ ।

सिंहादेकं बकादेकं शिक्षेच्चत्वारि कुक्कुटात् ॥
वायसात्पंच शिक्षेच्च षट् शुनस्त्रीणि गर्दभात् ॥१५॥

असल गुणहरू सिक्न जो-सुकैबाट पनि सकिन्छ । जस्तै, सिंहबाट एक गुण, कुखुरावाट चारवटा गुण, कागवाट पाँचवटा गुण, कुकुरवाट छवटा गुण अनि गधाबाट तीन गुणका कुराको शिक्षा लिनुपर्छ । यस श्लोकबाट यो ज्ञान प्राप्त हुन्छ कि मानिसले जहाँबाट होस् असल गुण प्राप्त हुन्छ भने त्यस्ता गुण लिनुपर्छ, गुण सिक्न संकोच मान्नुहुँदैन, यदि नीचभन्दा पनि नीच व्यक्तिमा पनि केही गुण छ भने त्यो गुण सिकिहाल्नुपर्छ ।

प्रभूतं कार्यमल्पं वा यन्नरः कर्तुमिच्छति ॥
सर्वारम्भेण तत्कार्यं सिंहादेक प्रचक्षते ॥१६॥

काम सानो होस् अथवा ठूलो नै किन नहोस् गर्न खोजिएको छ भने त्यसलाई सबै प्रकारले पूरा गर्ने प्रयत्न गर्नु नै उचित हुन्छ । यो गुण सिंहबाट लिनुपर्दछ । सिंह सानो होस् वा ठूलो होस् आफ्नो पूरा शक्ति लगाई ज्यानको माया मारेर आफूले आँटेको काम गर्ने गर्दछ, अतः लागिपरिरहने यो गुण सिंहबाट लिनु उपयुक्त हुन्छ ।

इन्द्रियाणि च संयम्य बकवत्पण्डितो नरः ॥
देशकालबलं ज्ञात्वा सर्वकार्याणि साधयेत् ॥१७॥

बकुल्लो सम्पूर्ण कुरा बिर्सिएर एकाग्र चित्त गर्दै ध्यानमग्न भई खाली आफ्नो सिकार माछोतिर नै एकोहोरो आँखा पारेर हेरिरहन्छ र मौका पाउनासाथ माछालाई झम्टेर समात्छ । त्यस्तै मानिसले पनि देश, काल र समय र शक्तिको विचार गरी बकुल्लाले एकाग्र मन गरी माछो समातेजस्तै गरी एक मन गरी एकाग्रतापूर्वक आफ्नो काम गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुश्रान्तोऽपि वहेद्भारं शीतोष्णं न च पश्यति ॥
सन्तुष्टश्चरतो नित्यं त्रीणि शिक्षेच्च गर्दभात् ॥१८॥

श्रेष्ठ र विद्वान् व्यक्तिले गधावाट तीन गुणहरू सिकून् । गधा दिनभरि धोवीका लुगा वोकेर थाकेको अवस्थामा पनि म थाकें भन्दैन उसले भारी वोकेकै हुन्छ । त्यस्तै विज्ञजनले पनि अल्छी नगरी आफ्नो लक्ष्य प्राप्त गर्न र सफलता पाउन सधैं प्रयत्नशील रहनुपर्छ । कर्तव्यको वाटो कहिल्यै विर्सनुहुँदैन । काम पूरा गर्न ठण्डी (चिसो), गर्मीको पनि चिन्ता लिनुहुँदैन, आफ्नो वजनभन्दा पनि गह्रुँगो भारी वोकेको गधा जतातत्तै सन्तुष्ट भएर चर्छ (खान्छ) त्यस्तै गरी वुद्धिमान् व्यक्तिले पनि भोक, प्यास, सर्दी, गर्मीको परवाह नगरी सन्तोषी भएर फलको आशा नराखी यथावत् कर्ममा लागिपर्नुपर्छ । नथाक्नु, अल्छी, नगर्नु, सन्तोषी वन्नु यी तीन कुरा गधावाट सिक्नुपर्ने गुण हुन् ।

प्रत्युत्थानं च युद्धं संविभागश्च बन्धुषु ॥
स्वयमाक्रम्य भुक्तं च शिक्षेच्चत्वारि कुक्कुटात् ॥१९॥

यहाँ कुखुरावाट प्राप्त हुने चार गुणको वर्णन गरिन्छ : (१) समयमा विउँझिनु, (२) सधैं लड्ने तयारीमा रहनु, (३) आफ्ना वन्धुलाई भाग राखेर आफूले खानु, (४) आक्रमण गरी (झम्टेर) खानु यी चार गुण कुखुरामा छन् । जस्तै सवैरै विउँझेर अरूलाई पनि विउँझाउँछ । आफ्ना जोरीपारीसँग लड्छ । आफ्ना वान्धवलाई भाग लगाएर आफूले खाने गर्छ । आफूभन्दा निर्वलियोलाई देखेपछि झम्टेर भगाउँछ र तिनीहरूको भाग आफैं खान्छ । यी चार गुण कुखुरावाट सिक्दा मानवीय दृष्टिले पनि यी मूल्यवान् छन् ।

गूढं च मैथुनं धार्ष्ट्यं काले काले च संग्रहम् ॥
अप्रमत्तमविश्वासं पंच शिक्षेच्च वायसात् ॥२०॥

(१) लुकेर-छिपेर मैथुन गर्नु, (२) धूर्तता वा चतुरता, (३) समय-समयमा संग्रह गर्नु, (४) सदा जागरुक रहनु वा सचेष्ट हुनु, (५) कसैमाथि विश्वास नगर्नु यी पाँच कुरा कागवाट सिक्नुपर्दछ । जस्तै, कागले मैथुन गर्दा कहिल्यै पनि अरूले देख्ने गरेर गर्दैन, लुकेर गर्छ किनभने यो क्रिया नितान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिगत हो। साना टुक्रा चुच्चाले च्यापेर आफ्ना गुँडमा लगी जम्मा गर्छ किनकि काम पर्दा त्यो प्रयोग गर्न सकियोस् र अर्काको भर पर्न नपरोस् । रातदिन चतुरो भएर बस्दछ। का-का गरी कराएर आफ्ना सम्पूर्ण साथी बोलाएर गुहारेर आवश्यकता पर्दा एकत्रित पार्छ। कहिल्यै कसैको विश्वास गर्दैन, किनकि जाँची हेरी विश्वास गरेर पछि मात्र छलमा पर्ने सम्भावना रहँदैन। अतः यी गुण कागवाट लिनुपर्छ।

बह्वाशी स्वल्पसंतुष्ट सुनिद्रो लघुचेतनः ॥
स्वामीभक्तश्च शूरश्च षडेते श्वानतो गुणाः ॥२१॥

स्वामीभक्तिको चर्चा गर्दै कुकुरको गुण वर्णन गरिन्छ : कुकुर ज्यादै धेरै खानसक्ने भए पनि थोरैले सन्तुष्ट हुन्छ। सुताहा भएर पनि सधैं सतर्क रहन्छ। स्वामी (मालिक) को ठूलो भक्त हुन्छ। लड्नुपर्दा प्राणको बाजी लगाएर लड्छ। कुकुरवाट यी छ गुण लिनुपर्छ।

जस्तै कुकुर जत्ति नै भोको भए पनि जति पायो त्यति नै खाएर सन्तोष गर्छ र जति ख्वाउन सकिन्छ त्यति नै धेरै दिए पनि सबै हजम पार्छ। निद्रामा सुतिरहेको छ भने पनि उसका कान ठाडै रहन्छन्, निद्रामा भए पनि जस्तो आवाज आउँछ भुक्न सक्दछ। मालिकको ठूलो विश्वासी हुन्छ र ज्यान फालेर पनि बहादुरीसाथ लड्छ। यसरी कुकुरका छ गुण छन्, तिनलाई सिक्नु उत्तम हुन्छ।

य एतान् विंशतिगुणानाचरिष्यति मानवः ॥
कार्याऽवस्थासु सर्वासु अजेयः स भविष्यति ॥२२॥

जो मानिस यी बीसवटा गुण ग्रहण गरी तद्नुसार काम गर्दछ त्यो मानिस सम्पूर्ण कार्यमा पूर्ण सफलता हासिल गरेर सदैव अजेय बन्न सक्तछ।

चाणक्यनीतिको छैटौं अध्याय
पूरा भयो।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं अध्याय

अर्थनाशं मनस्तापं गृहे दुश्चरितानि च ॥
वञ्चनं चापमानं मतिमान्न प्रकाशयेत् ॥१॥

धन हराएको, मनको पीर, घरका नराम्रा कुरा, कसैद्वारा आफू ठगिएको अनि आफू अपमानित हुनुपरेका कुराहरू बुद्धिमान् मानिसले प्रकट गर्नुहुँदैन। यसवारे चूप रहनु नै कल्याण हुन्छ, किनकि धन नोक्सान हुँदा स्वभावतः मानसिक पीडा हुन्छ नै अनि विपन्नताको अनुभव हुन्छ। यदि पत्नी दुश्चरित्र छ भने यस्तो अवस्थामा मानसिक पीडा हुन्छ, सहनशक्तिसहित क्षमावान् हुनुपर्दछ। कोही दुष्ट व्यक्तिले उसलाई ठग्छ वा अपशब्द बोलेर अपमान गर्दछ भने त्यसबाट पनि मानसिक पीडा र ग्लानि हुन्छ। यस्तो अवस्थामा बुद्धिमान् व्यक्तिले यी कुराहरू खुलस्त नगरी चूपचाप सहन गर्नुपर्छ किनकि यी कुराहरू अर्कोलाई भन्यो भने अपमानको सँगसँगै अरूले आफ्नो खिल्ली गर्न थाल्छन्। अतः धननाश, मनमा परेको दुःख, पत्नीको खराब चालचलन, नीच व्यक्तिले भनेका दुर्वाच्य र कसैले आफूलाई आलोचना गरेका शब्द सुनेमा बाहिर प्रकाश नगरी मनभित्रै राख्नु बुद्धिमानी ठानिन्छ।

धनधान्यप्रयोगेषु विद्या सङ्ग्रहणेषु च ॥
आहारे व्यवहारे च त्यक्तलज्जः सुखी भवेत् ॥२॥

धन तथा अन्नको लेनदेनमा, विद्याको संग्रहमा, भोजनका विषयमा र व्यवहारमा सङ्कोच नमान्ने व्यक्ति नै सुखी हुन्छ।

यी कुराहरू धक नमानीकन गरियो भने लाभदायी हुन्छ। कसैलाई रुपैयाँ-पैसा सरसापट दिँदा वा लिँदा, विद्या अध्ययन गर्दा, अध्यापन गर्दा-गराउँदा, भोजन गर्दा-गराउँदा आदि व्यावहारिक विषयमा कुराकानी गर्दा सङ्कोच नगरीकन स्पष्ट व्यवहार गर्नुपर्छ। त्यसो भएमा सबै कुरा लाभदायक हुन गई सुखी भइन्छ। यी चार कुरामा लाज मान्नुहुँदैन।

सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम् ॥
न च तद्धनलुब्धानामितश्चेतश्च धावताम् ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तोषरूपी अमृत पान गरी तृप्त भएका तथा शान्त चित्त भएका मनुष्यले जुन सुख र आनन्द प्राप्त गर्दछन् त्यस्तो आनन्द धनमा लुब्ध बनेका कारण यताउता दौडिरहने चञ्चल चित्त भएका व्यक्तिले कहिल्यै प्राप्त गर्न सक्दैनन्।

सन्तोषस्त्रिषु कर्तव्यः स्वदारे भोजने धने ॥
त्रिषु चैव न कर्तव्योऽध्ययने तपदानयोः ॥४॥

तीनवटा कुरामा मानिसले सन्तोष लिनुपर्छ। आफ्नी पत्नी राम्री वा नराम्री, शिक्षित वा अशिक्षित जे भए पनि जुन आफ्नी पत्नी हो, उसैमा सन्तोष गर्नुपर्छ। भोजन जहाँ जस्तो पाइन्छ, त्यस्तै खाएर सन्तोष लिनुपर्छ। आफ्नो जीवन धान्न जे जति रुपैयाँ पैसा आर्जन हुन्छ त्यत्तिमै सन्तुष्ट हुनुपर्छ। अरूको बढी धनमा आसक्त नबनी आफ्नै कमाइमा सन्तोष मान्नुपर्छ। यीवाहेक विद्या आर्जन गर्न, तप गर्न र दान गर्नचाहिँ कहिल्यै पनि सन्तोष लिनुहुँदैन। विद्या, तप र दान यिनमा मैले यति गरें, अब भयो पुग्यो भनी सन्तोष लिनुहुँदैन।

विप्रयोर्विप्रवह्न्योश्च दम्पत्योः स्वामिभृत्ययोः ॥
अन्तरेण न गन्तव्यं हलस्य वृषभस्य च ॥५॥

दुई ब्राह्मणका माझबाट, ब्राह्मण र आगोका बीचबाट, पतिपत्नीको माझबाट, मालिक र नोकरका माझबाट, हलो र गोरुका माझबाट कहिल्यै हिँड्नुहुँदैन, यिनीहरूका अगलबगलबाटै हिँड्ने गर्नुपर्छ।

पादाभ्यां न स्पृशेदग्निं गुरुं ब्राह्मणमेव च ॥
नैव गां न कुमारीं च न वृद्धं न शिशु तथा ॥६॥

अग्नि, गुरु र ब्राह्मणलाई खुट्टाले कहिल्यै छुन वा चलाउनुहुँदैन। त्यस्तै गाई, कुमारी (कन्या), वृद्ध र बालकलाई पनि खुट्टाले छुनु वा लत्याउनुहुँदैन। यिनीहरू पूज्य हुन्छन्।

शकटं पञ्चहस्तेन दशहस्तेन बाजिनम् ॥
हस्तिनं शतहस्तेन देशत्यागेन दुर्जनम् ॥७॥

बाटोमा हिँडेका अवस्थामा गोरुगाडा भेटेमा पाँच हात, घोडाबाट दस हात, हात्ती भए सय हात टाढा रही हिँड्ने गर्नुपर्छ। दुर्जन व्यक्ति भेटियो भने त ठाउँ नै त्यागिदिँदा बेस हुनेछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हस्ती त्वंकुशमान्त्रेण बाजी हस्तेन ताड्यते ॥
शृंगी लगुडहस्तेन खड्गहस्तेन दुर्जन ॥८॥

हात्ती माहुतेको अंकुशले पिटिएर वसमा आउँछ। घोडा घोडचढीको हातमा लगामद्वारा वशमा हुन्छ। सिङ भएका पशु हात वा लौराले कुट्दा वशमा पर्छन्। तर दुष्टलाई हातमा खड्ग अथवा हतियार लिएर मात्रै वशमा राख्न सकिन्छ।

तुष्यन्ति भोजने विप्राः मयूराः घनगर्जिते ॥
साधवः परसम्पत्तौ खलाः परविपत्तिषु ॥९॥

ब्राह्मणहरू भोजनले खुसी हुन्छन्। मयूरहरू (मजुरहरू) वादल (आकाश) गड्याङगुडुङ गर्दा खुसी हुँदै नाच्छन्। अर्काले सम्पत्ति (धन) कमाउँदा साधु (सज्जन) खुसी हुन्छन्, किन्तु दुष्टहरू अर्कालाई विपत्ति परेको देख्दा खुसी हुन्छन्।

अनुलोमेन बलिनं प्रतिलोमेन दुर्जनम् ॥
आत्मतुल्यबलं शत्रुं विनयेन बलेन वा ॥१०॥

यदि शत्रु वलियो छ भने उसकै इच्छाअनुसारका व्यवहारले, निर्धो तर दुर्जन शत्रुलाई यसको प्रतिकूल व्यवहारले र आफूसमान वलवान् शत्रु छ भने नम्रताले अथवा वलैले वशमा राख्नुपर्छ। तर, दुष्ट छ भने 'शठे शाठ्यं समाचरेत्' भनेझैं दुष्ट व्यवहारले नै वशमा राख्नुपर्छ।

वाहुवीर्यं बलं राज्ञो ब्राह्मणो ब्रह्मविद् बली ॥
रूपयौवनमाधुर्यं स्त्रीणां च बलमुत्तमम् ॥११॥

वाहुको शक्ति अर्थात् पराक्रम नै राजाको वल हो। ब्राह्मणमा परब्रह्म जान्ने या ब्रह्मज्ञानी नै वलवान् मानिन्छन्। जुन ब्राह्मणले धेरै अध्ययन गरी ज्ञान आर्जन गरेको हुन्छ ती ब्राह्मण नै वलिया हुन्छन्। रूप, यौवन र मधुरवचन नै नारीको उत्तम वल या शक्ति हो।

नाऽत्यन्तं सरलैर्भाव्यं गत्वा पश्य वनस्थलीम् ॥
छिद्यन्ते सरलास्तत्र कुब्जास्तिष्ठन्ति पादपाः ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'अति सर्वत्र वर्जयेत्' भनेजस्तै ज्यादै सोझो भयो भने सबैले सोझैतिर जाइलाग्छन् र उसलाई मूर्ख बनाउने कोसिस गर्छन् । रिसाहा दम्भी व्यक्तिसँग डराउँछन्, उसलाई केही गर्न सक्तैनन् । उदाहरणका लागि बनमा गएर हेन्यो भने सीधा र सुरिला रूख मात्र काटिएका हुन्छन्, बाङ्गाटिङ्गा रूख भने जस्ताका तस्तै ठडिइरहेको देख्न पाइन्छन् । यसकारण ज्यादा सोझो हुनु पनि ठीक हुँदैन ।

यत्रोदकं तत्र वसन्ति हंसास्तथैव शुष्कं परिवर्जयन्ति ॥
न हंसतुल्येन नरेण भाव्यं पुनस्त्यजन्ते पुनराश्रयन्ते ॥१३॥

जहाँ धेरै पानी भएको तलाउ वा पोखरी छ हाँस त्यहीं बस्तछन् । जब पानी सुक्छ वा घटेर थोरै हुन्छ सो तलाउ वा पोखरीलाई छोडी अन्यत्र धेरै पानी भएको ठाउँमा जान्छन् । वर्षा सुरु भई जब त्यो तलाउ वा पोखरीमा धेरै पानी जम्छ अनि पुनः त्यही तलाउमा आएर हाँसहरू बस्छन् । मनुष्यले हाँसको जस्तो व्यवहार गर्नुहुँदैन । जहाँ एकपटक आफूले आश्रय लिइएको छ आजीवन त्यहीं नै रहनुपर्दछ । नीतिअनुसार मैत्री वा सम्बन्ध भइसकेपछि अकारण त्यसलाई भंग गर्नु र पुनः सम्हाल्ने गर्नु मानवको उचित कार्य होइन ।

उपार्जितानां वित्तानां त्याग एव हि रक्षणम् ॥
तडागोदरसंस्थानां परीवाह इवाऽम्भसाम् ॥१४॥

कमाएर सञ्चित गरेको धनलाई उचित व्यय गरी दानधर्म इत्यादि गरिन्छ भने त्यो नै धनको रक्षा गर्नु हो । यसरी उपयोग गर्नाले धनको सदुपयोग भई परलोकका लागि सञ्चित गरिएको हुन्छ । जसरी तलाउमा रहेको पानी बग्न दिएमा मात्र तिनको सञ्चय गरेको मानिन्छ, त्यसबाट निस्किएको पानी निकाल्दै गऱ्यो भने मात्र त्यो पानी दूषित नभई पिउन र अन्य कार्यमा लगाउन उपयुक्त हुन्छ, त्यस्तै सञ्चित धन पनि दान दिने कार्यमा लगाएमा परलोकका लागि सञ्चित भएर बस्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यास्तस्य मित्राणि यस्यार्थस्तस्य बान्धवाः ॥
यस्यार्थः स पुमाँल्लोके यस्यार्थः स हि जीवति ॥१५॥

जोसँग धन छ, त्यसैका मित्र धेरै हुन्छन्, बन्धुबान्धव पनि हुन्छन्। महापुरुष पनि त्यही नै गनिन्छ र शानसँग बाँच्छ पनि। बिनाधनले मित्र पनि हुँदैनन् बन्धुबान्धव टाढा रहन्छन्, पुरुषार्थीमा पनि गनिँदैन र सुखपूर्वक बाँच्न पनि सक्दैन अर्थात् धन नभएर संसारै अँध्यारो हुन्छ, बाँच्न नै कठिन पर्दछ।

स्वर्गस्थितानामिह जीवलोके
चत्वारि चिह्नानि वसन्ति देहे ॥
दानप्रसंगो मधुरा च वाणी
देवार्चनं ब्राह्मणतर्पणं च ॥१६॥

दान दिने चाहना गर्ने, मीठो बोली बोल्ने, सधैं नै देवपूजा गर्ने, ब्राह्मणलाई सन्तुष्ट (खुसी) राख्ने, यी चार लक्षण स्वर्गमा रहने शरीरधारी मनवमा रहन्छन्। जुन व्यक्तिमा यी चार गुण छन्, त्यस्ता व्यक्तिलाई स्वर्गीय आत्माको अवतार नै सम्झनुपर्दछ।

अत्यन्तकोपः कटुका च वाणी दरिद्रता च स्वजनेषु वैरम् ॥
नीचप्रसंगः कुलहीनसेवा चिह्नानि देहे नरकाश्रितानाम् ॥१७॥

अत्यधिक रिसाउनु, अति कठोर वचन, दरिद्रता वा गरिबी, आफन्तसँगैको बैरभाव या शत्रुता, दुष्ट व्यक्तिसँगको संसर्ग, नीच जातिका मानिसको सेवा यी लक्षण नरकमा बस्ने वा नरक जाने मानिसका शरीरमा रहेका हुन्छन्।

गम्यते यदि मृगेन्द्रमन्दिरं लभ्यते करिकपोलमौक्तिकम् ॥
जम्बुकाश्रयगते च लभ्यते वत्सपुच्छखरचर्मखण्डनम् ॥१८॥

यदि कुनै व्यक्ति सिंह बस्ने गुफामा गयो भने उसलाई त्यहाँ हात्तीका गालाको मोती मिल्न सक्छ। उही व्यक्ति स्यालको निवासमा गयो भने यसले बाच्छाको पुच्छर र गधाको छालाको टुक्रा हात पार्छ। तात्पर्य यो हो कि कुनै व्यक्तिले ठूलासँगको सङ्गत गर्दछ भने उसलाई ठूलै चिज मिल्दछ र सानाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गतिमा जाँदा खाली सानै कुराको पाठ मात्र उसले सिक्न सक्छ । अतः सज्जनकै सङ्गति गर्नु उत्तम हुन्छ, दुर्जनहरूको सङ्गतिमा रहनु असल होइन ।

शुनः पुच्छमिव व्यर्थं जीवितं विद्यया विना ॥
न गुह्यगोपने शक्तं न च दंशनिवारणे ॥१९॥

विद्याले हीन भएको अर्थात् अपठित व्यक्तिको जीवनै कुकुरको पुच्छरजस्तै हुन्छ । कुकुरको पुच्छर जसरी न गुप्ताङ्ग ढाक्न सक्छ न कुनै कीरा, लामखुट्टे आदि धपाउन सक्छ त्यसरी नै अशिक्षित व्यक्ति पनि आफ्ना गोप्य रहस्यको ज्ञान गरी तिनको रक्षा गर्न पनि सक्दैन र शत्रुको पहिचान गरी तिनको निवारण गर्न पनि सक्तैन ।

वाचां शौचं च मनसः शौचमिन्द्रियनिग्रहः ॥
सर्वभूते दया शौचमेतच्छौचं पराऽर्थिनाम् ॥२०॥

वाणीको पवित्रता, मनको निर्मलता, इन्द्रियहरूको वशीकरण, सम्पूर्ण प्राणीमाथि दया राख्नु यिनै पवित्रता नै परोपकाररत मानिसका पवित्रता वा स्वच्छता हुन् । यी कुरावाहेक परोपकारीका शुद्धता अरू कुनै तत्त्व हुन सक्दैनन् ।

पुष्पे गन्धं तिले तैलं काष्ठेऽग्निं पयसि घृतम् ॥
ईक्षौ गुडं तथा देहे पश्याऽऽत्मानं विवेकतः ॥२१॥

समग्र फूलमा वास्ना, तिलको दानाभरि तेल, दाउरामा आगो, दूधमा घ्यू, उखुमा गुलियो जस्तै मानव शरीरका प्रत्येक अङ्ग-प्रत्यङ्गमा परमात्मा रहन्छन् । खाली चिन्न सक्नु मात्र पर्दछ परमात्मालाई जो-कसैले चिन्न सक्दैन, खाली ज्ञानी पुरुषले मात्र चिन्न सक्छन् । अतः विवेक लगाएर आत्मालाई चिनियो भने मात्र कल्याण छ । जसरी फूलमा सुगन्ध, तिलमा तेल, काठमा अग्नि, दूधमा घ्यू र उखुमा गुड या सक्खर रहन्छ त्यसरी नै विवेकपूर्वक विचार गरेमा शरीरमा पनि आत्मा भेटिनेछ ।

चाणक्यनीतिको सातौं अध्याय

पूरा भयो ।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं अध्याय

अधमा धनमिच्छन्ति धनं मानं च मध्यमाः ॥
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ॥१॥

संसारमा मान र सम्मान सबैभन्दा ठूलो धन हो। यस किसिमका धनको इच्छा महापुरुष मात्र राख्दछन्। नीचपुरुष धनकै मात्र इच्छा राख्छन्। मध्यम पुरुष धन र मान दुवैको इच्छा गर्दछन्। खाली धन मात्र इच्छा गर्ने व्यक्ति तल्लो श्रेणीमा गनिन्छन्। धन र मान दुवै चाहने व्यक्ति मध्यम श्रेणीमा गनिन्छन्। धनको केही चाहना नगर्ने केवल मानसम्मानको इच्छा राख्ने व्यक्ति उत्तम श्रेणीमा गनिन्छन्। संसारमा धनभन्दा मानसम्मान नै सबभन्दा ठूलो धन हो, किनकि ठूला व्यक्ति धनभन्दा मानसम्मान पाउने आशा गर्दछन्।

इक्षुरापः पयो मूलं ताम्बूलं फलमौषधम् ॥
भक्षयित्वाऽपि कर्तव्याः स्नानदानाऽऽदिकाः क्रियाः ॥२॥

उखु, जल, दूध, कन्दमूल, पान, फलफूल औषधि यी वस्तुहरू खाएर पनि स्नान, दान इत्यादि अनुष्ठान कार्य गर्न मिल्छ कुनै बहाना गरेर शुभकर्म त्याग्नुहुँदैन। कुनै पनि पवित्र स्नान, दान आदि क्रिया, अनुष्ठान गर्न ऊखू, पानी, दूध, पान फलफूल, औषधि खानलाई वारना गर्नुपर्दैन।

दीपो भक्षयते ध्वान्तं कज्जलं च प्रसूयते ॥
यदन्नं भक्षयेन्नित्यं जायते तादृशी प्रजा ॥३॥

जसरी बत्ती बालेपछि अँध्यारो (अन्धकार) हराउँछ तर त्यसबाट गाजल (कालो) बटुलिन्छ त्यस्तै जसले जस्तो अन्न खान्छ अन्नका प्रभावले उसका सन्तान पनि त्यस्तै किसिमका जन्मिन्छन्। सात्विक भोजनले सन्तान पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य, बुद्धिमान् हुन्छ, तामसी भोजनले मूर्ख, दुर्बुद्धि सन्तान नै पैदा हुन्छ। जस्तै बत्तीले अन्धकार त हटाउँछ तर कालो ध्वाँसो (गाजल) निकालेरै थुपार्छ।

वित्तं देहि गुणान्वितेषु मतिमान्नान्यत्र देहि क्वचित्,
प्राप्तं वारिनिधेर्जलं घनमुखे माधुर्ययुक्तं सदा ॥
जीवान्स्थावरजङ्गमांश्च सकलान् संजीव्य भूमण्डलं
भूयः पश्य तदेवकोटिगुणितं गच्छन्तमंभोनिधिम् ॥४॥

हे बुद्धिमान् व्यक्ति हो ! गुणवान्लाई धन देऊ, वैगुनीलाई होइन। हेर मेघका मुखमा परेको समुद्रको नुनिलो पानी सधैं शुद्ध र मीठो बन्दछ। यसबाट चराचर संसारका प्राणीहरू सबैलाई बचाएर पुनः त्यही वर्षाको पानी करोडौं गुणा धेरै भएर त्यही समुद्रमा गएर मिल्दछ। अर्थात् बादलले समुद्रबाट पानी लिएर पृथ्वीमा वर्षा गर्दछन्, वर्षाले पृथ्वीका मानिस, पशुपक्षी, वृक्षलता, झारपात जीवित हुन्छन्। पुनः त्यो जल करोडौं गुणा धेरै भई नदीबाट बग्दै समुद्रमा नै विलीन हुन्छ। त्यस्तै, धनी व्यक्तिले पनि कुनै योग्य व्यक्तिलाई कुनै कारोबार गर्न धनले सहायता गर्नुपर्दछ, यसो हुँदा त्यो व्यक्तिले अन्य धेरैलाई सहयोग गर्छ। यस प्रक्रियाबाट सहायता गर्नेलाई पनि फाइदा नै हुन्छ।

चाण्डालानां सहस्रे च सूरिभिस्तत्त्वदर्शिभिः ॥
एको हि यवनः प्रोक्तो न नीचो यवनात् परः ॥४॥

तत्त्वदर्शी विद्वान्हरूले बताएका छन् कि एउटा यवन एक हजार चाण्डालबराबर हुन्छ। यवनभन्दा दुष्ट जातका अन्य कुनै हुँदैनन्। (अर्थात् एक हजार चण्डालबराबर खराब काम एक यवनबाट हुन्छ। यसकारण यवनलाई सबैभन्दा तल्लो श्रेणीको नीच भनिन्छ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तैलाऽभ्याङ्गे चिताधूमे मैथुने क्षौरकर्मणि ॥
तावद्भवति चाण्डालो यावत्स्नानं न चाऽऽचरेत् ॥६॥

तेल घसेपछि, श्मसानको धूवाँ लागेपछि, यौनक्रीडा (मैथुन) गरेपछि, कपाल खौरेपछि नुहाउनैपर्छ, ननुहाउने मानिसले स्नान नगरेसम्म ऊ चाण्डालजस्तो हुन्छ।

अजीर्णे भेषजं वारि जीर्णे वारि बलप्रदम् ॥
भोजने चामृतं वारि भोजनान्ते विषप्रदम् ॥७॥

पानी भन्ने वस्तु भोजन नपच्दा औषधि हुन्छ, भोजन पचेका वेला पानी वल दिने हुन्छ। खाना खाँदा वीचवीचमा खाएको पानी अमृततुल्य हुन्छ, भोजनपछि पानी पिएमा विषतुल्य हुनजान्छ।

भोजन पचेन भने जतिसक्दो पानी पिउँदा औषधिको काम गर्दछ। पचेका वेला शक्ति वढ्छ। भोजन गरिरहेका समयमा अलि-अलि गरेर पानी पिउँदा अमृतवरावर हुन्छ र त्यही पानी भोजनपछि तुरुन्तै पियो भने त्यसले विष पिएवरावर हुनजान्छ। अतः भोजन गर्दाका समयमा बीचबीचमा पानी पिउँदै खाना खाँदै गर्नुपर्छ। खाना खाइसक्ने वित्तिकै भने होइन।

हतं ज्ञानं क्रियाहीनं हतश्चाज्ञानतो नरः ॥
हतं निर्नायकं सैन्यं स्त्रियो नष्टा ह्यभर्तृकाः ॥८॥

ज्ञान प्राप्त भईकन पनि तद्नुसारको आचरण गरिँदैन भने त्यो ज्ञान नष्ट हुन्छ। अज्ञानले मानिसको नाश गर्छ। सेनापति नभएको सेना र पतिविनाकी स्त्री नष्ट हुन्छन्। ज्ञानीले ज्ञानलाई व्यवहारमा ल्याउनुपर्छ, यसो गरेन भने ज्ञान नष्ट हुन्छ। अज्ञानी मानिस विनासेनापतिको सेना र पतिविनाकी पत्नीजस्तै गरी नाशिन्छ।

वृद्धकाले मृता भार्या बन्धुहस्तगतं धनम् ॥
भोजनं च पराधीनं तिस्रः पुंसां विडम्बना ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुढेसकालमा पत्नी मर्नु, भाइवन्धुका हातमा सम्पत्ति पुग्नजानु र अर्काको तजविजमा भोजन प्राप्त हुनेमा आश्रित रहनु यी तीन कुरा पुरुषका लागि अति नै कष्टकर हुन्छन् ।

नाग्निहोत्रं विना वेदा न च दानं विना क्रिया ॥
न भावेन विना सिद्धिस्तस्माद् भावो हि कारणम् ॥१०॥

अग्निहोत्र यज्ञ-यागादि नगरी वेद पढ्नु र पढाउनु व्यर्थ छ । दान नदिईकन यज्ञ-यागादि शुभकार्य गर्नु व्यर्थ छ । यी अनुष्ठान दानविना सम्पन्न हुँदैनन् । देवताको निवासस्थान मूर्ति, काठ, ढुङ्गामा हुँदैन मानिसको भावनामा हुन्छ । भावनाहीन व्यक्ति छ भने उसले कुनै काम गर्दा पनि सिद्धि प्राप्त हुँदैन । अतः सबैमा भावना नै ठूलो र मूल कारण हो ।

काष्ठपाषाणधातूनां कृत्वा भावेन सेवनम् ॥
श्रद्धया च तया सिद्धिस्तस्य विष्णुः प्रसीदति ॥११॥

काठ, ढुङ्गा, धातु आदिद्वारा निर्मित मूर्तिमा भावनापूर्वक, श्रद्धापूर्वक सेवा गर्नाले त्यही श्रद्धाका माध्यमवाट मानिसले सिद्धि प्राप्त गर्दछ र त्यस्तो भक्तका प्रति विष्णु भगवान् प्रसन्न हुनुहुन्छ ।

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ॥
भावे हि विद्यते देवस्तस्माद् भावो हि कारणम् ॥१२॥

काठ, ढुङ्गा, माटो आदिले वनाएका मूर्तिमा देवता छैनन् किन्तु भावनामा नै देवता वस्दछन् । त्यसकारण भावना नै सवै कुरामा मूल कारण हो । भाव भए सबै कुरा ईश्वरमय लाग्छ नभए त्यस्तो अनुभूति हुँदैन । त्यसैले भाव नै देवतासम्वन्धी सम्पूर्ण कार्यको मुख्य कारण हो ।

शान्तितुल्यं तपो नास्ति न सन्तोषात्परं सुखम् ॥
न तृष्णायाः परो व्याधिः न च धर्मो दयापरः ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति वरावर अर्को तपस्या कुनै छैन । सन्तोषभन्दा ठूलो अर्को परम् सुख कुनै हुँदैन । तृष्णाभन्दा अर्को ठूलो रोग हुँदैन । अनि दयाजस्तो ठूलो अर्को कुनै पनि छैन ।

क्रोधो वैवस्वतो राजा तृष्णा वैतरणी नदी ॥
विद्या कामदुधा धेनुः सन्तोषो नन्दनं वनम् ॥१४॥

रिस साक्षात् यमराज हो । तृष्णा वैतरणी नदी हो । विद्या इच्छामाफिक फल दिने कामधेनु हो । सन्तोष इन्द्रको नन्द वगैंचा हो । मानिसको सवैभन्दा ठूलो शत्रु रिस हो । यसलाई यमराजजस्तै डरलाग्दो सम्झनुपर्छ । तृष्णा (इच्छा) वैतरणी नदीजस्तै तर्न नसकिने खालको छ । तृष्णावाट छुटकारा पाउन कठिन छ । मनमा जे इच्छा गऱ्यो त्यो पुग्ने कामधेनु वरावर विद्या छ । सन्तोष भन्ने वस्तु परम् सुख दिने स्वर्गको इन्द्रको वगैंचा नन्दवनजस्तै हो ।

गुणो भूषयते रूपं शीलं भूषयते कुलम् ॥
सिद्धिर्भूषयते विद्यां भोगो भूषयते धनम् ॥१५॥

असल गुणले मानिसको अनुहार वा रूपलाई राम्रो पार्दछ । राम्रो शीलस्वभावले उसको कुलको ख्याति (शोभा) वढाउँछ । सिद्धिले विद्यालाई सिंगार्दछ । भोग गर्नाले धनको शोभा वढ्ने गर्दछ ।

गुणी व्यक्तिको गुण नै उसको सुन्दरता हो, राम्रो आचरणले कुलको नाम उँचो गराउँछ, कुनै पनि कठिन विषय किन नहोस् विद्यामा निपुणता प्राप्त छ भने विद्या पढेको सार्थकता रहन्छ । यो नै विद्याको शोभा हो । कमाएको धन दान, धर्म, तीर्थ, व्रत, यज्ञ, हवनादिमा खर्च गरी असल काममा लगाई भोग गर्नु नै धनी हुनुको सार्थकता हो ।

निर्गुणस्य हतं रूपं दुःशीलस्य हतं कुलम् ॥
असिद्धस्य हता विद्या अभोगेन हतं धनम् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणहीन मनुष्यको सुन्दरता नष्ट हुन्छ। दुराचारीको कुल अनि अयोग्य व्यक्तिको विद्या स्थिर रहँदैन नष्ट हुन्छ। धन भएर पनि भोग गर्न जान्दैन भने त्यो धन नष्ट हुन्छ। अर्थात् मानिस जति नै राम्रो किन नहोस् तर उसमा एउटै पनि गुण छैन भने उसलाई राम्रो मनिँदैन। दुर्गुणी व्यक्तिले आफ्नो खानदानलाई वदनाम गर्दछ। विद्या पढीकन पनि त्यसको सदुपयोग गर्न जान्दैन भने त्यो पनि नष्ट हुन्छ। धन कमाएर दान, धर्म, तीर्थ आदिमा सदुपयोग गर्दैन भने त्यो पनि नष्ट भएरै छाड्छ। अतएव भनिएको छ, दुराचारीको कुल, मूर्खको रूप, अयोग्यको विद्या र भोग नगरिएको धन नाशवान् छन्।

शुद्धं भूमिगतं तोयं शुद्धा नारी पतिव्रता ॥
शुचिः क्षेमकरो राजा सन्तोषी ब्राह्मणः शुचिः ॥१७॥

जमिनभित्र पानी शुद्ध हुन्छ। पतिव्रता स्त्री शुद्ध हुन्छिन्। आफ्ना प्रजालाई कल्याण गर्ने राजा शुद्ध हुन्छन्। साथै सन्तोषी ब्राह्मण शुद्ध ठानिन्छन्। जमिनमुनिवाट उब्जिएको जल, पतिपरायणा (पतिव्रता) स्त्री, आफ्ना प्रजाको सुख-दुःखको ध्यान दिने राजा, प्राप्त भएजतिमा सन्तोष मान्ने ब्राह्मण शुद्ध हुन्छन्।

असन्तुष्टा द्विजाः नष्टाः सन्तुष्टाश्च महीभुजः ॥
सलज्जा गणिका नष्टाः निर्लज्जाश्च कुलाङ्गनाः ॥१८॥

असन्तुष्ट ब्राह्मण, सन्तुष्ट राजा, (राज्य विस्तार वा सीमित उन्नतिमा खुसी हुने वा चित्त वुझाउने) लाज मान्ने वेश्या र लाज नमान्ने कुलीन घरका नारीहरू नष्ट हुन्छन्। अर्थात् ब्राह्मणले सधैं सन्तोष गर्नुपर्छ जुन ब्राह्मण असन्तोषी छ त्यस्तो ब्राह्मण नष्ट हुन्छ। राजाले उद्योगधन्दा वढाउने र राज्यसीमा विस्तार गर्न कदापि सन्तोष लिनुहुँदैन। त्यसरी राजाले सन्तोष गरी वसे धन र राज्य चाँडै नष्ट हुन्छ। वेश्याको पेसाअनुसार लाज नमान्नु हो। वेश्याले लाज माने त्यो चाँडै नष्ट हुन्छे र गृहिणी कुलवधू अथवा घरनिया छोरीवुहारीहरूमा लज्जा हुनुपर्छ। लज्जा उनीहरूको सवैभन्दा ठूलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गहना हो। निर्लज्ज भई घरघर चाहार्न लागेमा त्यस्ता छोरीवुहारी वा कुलाङ्गनाहरू नष्ट हुनेछन्।

किं कुलेन विशालेन विद्याहीनेन देहिनाम् ॥
दुष्कुलीनोऽपि विद्वाँश्चेद् देवैरपि सुपूज्यते ॥१९॥

विद्या छैन तर ठूलो कुल छ भने त्यस्तो विशाल कुलको काम छैन। नीच कुलमा जन्मिएको भए पनि यदि विद्वान् छ भने ऊ देवताद्वारा पनि पूजित हुन्छ। विद्या पढेको व्यक्ति नै सम्मानित हुन्छ प्रशंसित हुन्छ साथै सवैतिरवाट गौरव कमाउँछ।

विद्वान् प्रशस्यते लोके विद्वान् गच्छति गौरवम् ॥
विद्यया लम्भते सर्व विद्या सर्वत्र पूज्यते ॥२०॥

यस संसारमा विद्वान् व्यक्ति नै प्रशंसाको पात्र हुन्छ। विद्वान् व्यक्तिले नै गौरव वा महिमा प्राप्त गर्दछ। विद्याद्वारा सबै कुरा प्राप्त गर्न सकिन्छ। त्यसकारण सवैतिर सबैले विद्याकै पूजा गर्दछन्।

मांसभक्षै सुरापानैर्मूर्खैश्छास्त्रविवर्जितैः ॥
पशुभिः पुरुषाकारैर्भाराऽऽक्रान्ताऽस्ति मेदिनी ॥२१॥

मांसाहारी, जँड्याहा (मदिरासेवी), मूर्खहरू, शास्त्रज्ञानबाट वञ्चित पुरुषरूप पशुहरूको भारद्वार यो धरती आक्रान्त हुनपुगेको छ।

अन्नहीनो दहेद्राष्ट्रं मन्त्रहीनश्च ऋत्विजः ॥
यजमानं दानहीनो नास्ति यज्ञसमो रिपुः ॥२२॥

अन्नहीन यज्ञले राष्ट्रलाई भस्म गर्छ। मन्त्रोच्चारण नगरी गरिएको हवनले हवन गर्ने ब्राह्मणलाई नाश गर्छ। यज्ञ गराईकन पनि ब्राह्मणलाई दानदक्षिणा नदिएमा यज्ञका आयोजक यजमान नै नष्ट हुने हुनाले यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको यज्ञ बराबरको शत्रु अरू कुनै हुँदैन । मन्त्रहीन ब्राह्मण, अन्नहीन यज्ञ कार्य, दक्षिणा नदिने आयोजक (यजमान), राष्ट्रका सबभन्दा ठूला शत्रु हुन् । सावधानीपूर्वक यज्ञ नगर्दा धेरै अनिष्ट हुन्छ । विधिहीन यज्ञसमान अर्को शत्रु कुनै पनि छैन ।

रूपयौवनसम्पन्ना विशालकुलसम्भवाः ॥
विद्याहीन न शोभन्ते निर्गन्धा इव किंशुकाः ॥२३॥

सुन्दर, जवान, ठूला कुलमा जन्म लिए पनि विद्या आर्जन नगरेका मानिसले इज्जत (शोभा) पाउँदैन किनकि पलाँसको वृक्ष ठूलो छ, हाँगा पातहरूले सुशोभित पनि छ, देख्नमा सुन्दर छ तर त्यस वृक्षमा फुलेको फूलमा वास्ना नहुँदा त्यस वृक्षको शोभा नभएजस्तै कुलीन, सुन्दर र जवान भए पनि विद्याहीन मानिस छ भने पलाँसको फूलजस्तै त्यस पुरुषको समाजमा कुनै कदर, शोभा तथा इज्जत हुँदैन ।

चाणक्यनीतिको आठौं अध्याय
पूरा भयो ।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं अध्याय

मुक्तिमिच्छसि चेत्तात ! विषयान् विषवत् त्यज ॥
क्षमाऽऽर्जवं दयां शौचं सत्यं पीयूषवत् पिब ॥१॥

हे बाबु ! हे बन्धु ! यदि तिमी मोक्ष चाहन्छौ भने विषयहरूलाई विषवरावर सम्झेर त्यागिदेऊ । क्षमा, सरलता, दया, पवित्रता र सत्यतालाई अमृतवरावर सम्झदै पान गर ।

यदि कुनै मानिस मोक्षको चाहना गर्छ भने उसले आफ्ना सम्पूर्ण इन्द्रिय र विषयवासनालाई विषजस्तो सम्झेर त्याग्नुपर्छ । आफूलाई मन पर्ने राम्रा-नराम्रा कुराहरू सबै निकाली फ्याँकी दिनुपर्छ । अनि क्षमा (सहनशीलता), सरलता, दया, पवित्रता र सत्यतालाई अँगाल्दै सत्यको वाटो खोजेर आत्मालाई पवित्र पार्नुपर्छ, अनि मात्र मोक्ष पाइन्छ ।

परस्परस्य मर्माणि ये भाषन्ते नराधमाः ॥
त एव यान्ति बल्मीकोदरसर्पवत् ॥२॥

मानिसमा अधम व्यक्तिहरू मात्र पारस्परिक पोल खोल्दछन्, ती सबै धमिराको गोलोमा परेको सर्पजस्तै गरी नष्ट हुन्छन् ।

गन्धः सुवर्णे फलमिक्षुदण्डे नाऽकारि पुष्पं खलु चन्दनस्य ॥
विद्वान् धनी भूपतिर्दीर्घजीवी धातुः पुरा कोऽपि न बुद्धिदोऽभूत् ॥३॥

ब्रह्माजीले सृष्टि गर्दा सुनमा सुगन्ध (वासना), उखुमा फल, श्रीखण्डमा फूल लगाएनन्, विद्वान् पनि कहिल्यै धनी हुँदैनन् । राजा दीर्घजीवी (धेरै वाच्ने) हुँदैनन् । सृष्टिका समयमा ब्रह्मालाई यस्तो नगर्नोस् भनी वुद्धि दिने कोही नभएको प्रतीत हुन्छ ।

सर्वौषधीनाममृतं प्रधानं सर्वेषु सौख्येष्वशनं प्रधानम् ॥
सर्वेन्द्रियाणां नयनं प्रधानं सर्वेषु गात्रेषु शिरः प्रधानम् ॥४॥

औषधिहरूमध्ये अमृत, सम्पूर्ण सुखमध्ये भोजन, सबै इन्द्रियमा आँखा, सबै अङ्गमा शिर (टाउको) नै महत्त्वपूर्ण हुन्छन् । औषधिमा अमृतवरावर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरू हुँदैन । सुपाच्य भोजन गर्नु नै ठूलो सुख हो । हात, कान, नाक, घाँटी, मुख आदि इन्द्रियमध्ये आँखा नै महत्त्वपूर्ण छ । शरीरका सबै अङ्गभन्दा उत्कृष्ट अङ्ग शिर नै हो ।

दूतो न सञ्चरति खे न चलेच्च वार्ता
पूर्वं न जल्पितमिदं न च संगमोऽस्ति ॥
व्योम्नि स्थितं रविशशिग्रहणं प्रशस्तं
जानाति यो द्विजवरः स कथं न विद्वान् ॥५॥

संदेशवाहक दूत आकाशमा जाँदैन । त्यसैले त्यहाँ कुराकानी पनि चल्न सक्दैन । न त्यहाँ कसैको सङ्गठन मेलमिलाप छ तैपनि आकाशमा रहने चन्द्रमा र सूर्यमा लाग्ने ग्रहणबारे जुन ज्योतिष जान्ने ब्राह्मणले अग्रिम थाहा पाएका छन् के तिनीहरू विद्वान् होइनन् त ?

विद्वान्हरू गणित विद्याद्वारा चन्द्रमा र सूर्यमा लाग्ने ग्रहणबारे अग्रिम रूपमा नै स्पष्ट बताउँछन् । आकाशमा न त कुनै मानिस पठाउन सकिन्छ न त त्यहाँ कुनैसँग कुरा गर्न सकिन्छ, न कुनै व्यक्तिले सूर्यचन्द्रसँग भेट्न नै सकेको छ न त कसैले नै भनेको छ ग्रहण लाग्ने दिनबारे । तथापि गणितज्ञले ग्रहण लाग्नेवारे स्पष्ट भनिसकेका हुन्छन् भने त्यस्ता विद्वान्लाई सम्मान नगरे कस्तालाई गर्ने ? कसलाई विद्वान् भन्ने ?

विद्यार्थी सेवकः पान्थः क्षुधार्तो भयकातरः ॥
भाण्डारी प्रतिहारी च सप्त सुप्तान् प्रबोधयेत् ॥६॥

विद्यार्थी, सेवक (नोकर), बटुवा (बाटो हिँड्ने), भोकाएको मान्छे, ज्यादै डराएको व्यक्ति, भण्डारको मालिक, कोषाध्यक्ष, ढोके (द्वारपाल) यी सातै थरीलाई सुतेको भए पनि बिउँझाउनुहुन्छ ।

अहिं नृपं च शार्दूलं किटिं च बालकं तथा ॥
परश्वानञ्च मूर्खं च सप्त सुप्तान् न बोधयेत् ॥७॥

सर्प, राजा, बाघ, सुँगुर, बालक, अर्काको कुकुर र मूर्ख यी सात थरीलाई बिउँझाउनुहुँदैन । सर्पलाई जिस्क्याए डस्न आइलाग्छ, राजा रिसाए दण्ड दिन्छन्, बाघलाई जिस्क्याए प्राणै जान्छ, अर्काको कुकुरलाई जिस्क्याए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टोक्छ। मूर्खलाई बिउँझाउँदा वादविवाद खडा हुन्छ। तसर्थ यी सातथरी सुतेका भए सुतिरहन दिनू, नविउझाउँनू।

अर्थाधीताश्च यैर्वेदास्तथा शूद्रान्नभोजिनः ॥
ते द्विजाः किं करिष्यन्ति निर्विषा इव पन्नगाः ॥८॥

धन कमाउन भनी वेदहरू पढ्ने, शूद्रका घरको अन्न खाने ब्राह्मणहरू विष नभएको सर्पजस्तै हुन्। यस्ता ब्राह्मणले के गर्न सक्छन् ?

वेदहरू अध्ययन गर्नु ज्ञानप्राप्तिका लागि हुन्छ धन प्राप्तिका लागि होइन। विष नभएको सर्प बेकाम भएझैं शुद्रका घरको निमेक खाने ब्राह्मण पनि वेकम्मा हुन्छन्। यिनीहरूले जीवनमा कुनै पनि राम्रो काम गर्न सक्तैनन्। यिनको ब्रह्मतेज नष्ट हुन्छ।

यस्मिन् रुष्टे भयं नास्ति तुष्टे नैव धनागमः ॥
विग्रहोऽनुग्रहो नास्ति स रुष्टः किं करिष्यति ॥९॥

जो रिसाउँदा कुनै डर हुँदैन, प्रसन्न रहँदा पनि कुनै लाभ वा धन प्राप्ति हुँदैन, जसले दण्ड पनि दिन सक्तैन, जसले कसैमाथि कृपा गर्न पनि सक्तैन भने यस्ता व्यक्ति रिसाएमा पनि कुनै फरक पर्दैन।

निर्विषेणाऽपि सर्पेण कर्तव्या महती फणा ॥
विषमस्तु न चाप्यस्तु घटाटोपो भयङ्करः ॥१०॥

विष नभएको सर्पले पनि फणा फिजाउनुपर्छ। विष होस् वा नहोस् फिजाएको फणा डरलाग्दो हुन्छ। सर्पमा विष होस् वा नहोस् आडम्बर डरलाग्दो हुन्छ। विष छ वा छैन भनेर कसले जान्दछ र ? फणा उठाएको सर्प देखेपछि भने मानिस अवश्य नै डराउँछन्, त्यस्तै मानिसले पनि समाजमा वाँच्नका निमित्त नै किन नहोस् देखावटीका लागि भए पनि रिसाहाजस्तो भई आडम्बर देखाउनैपर्दछ।

प्रातर्द्यूतप्रसंगेन मध्याह्ने स्त्रीप्रसंगतः ॥
रात्रौ चौरप्रसंगेन कालो गच्छत्यधीमताम् ॥११॥

प्रातः कालमा द्युत प्रसङ्ग अर्थात् जुवा खेलेर मध्याह्नमा स्त्रीप्रसङ्ग अर्थात् भोगविलास गरेर तथा रात्रिमा चौरप्रसङ्ग अर्थात् चोरीका काम-कुरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संलग्नतावाट अपढहरूको समय व्यतीत हुन्छ ठीक यसको विपरीत पढेलेखेका विद्वान्को समय भने विहानमा भजन, दिनमा रोजीरोटीको कमाइ, त्यसपछि रातको समयमा स्त्रीप्रसङ्गद्वारा समय व्यतीत हुने गर्दछ।

स्वहस्तग्रथिता माला स्वहस्तघृष्टचन्दनम् ॥
स्वहस्तलिखितं स्तोत्रं सक्रस्यापि श्रियं हरेत् ॥१२॥

आफ्ना हातले उनेको माला, आफ्नो हातले घोटेको चन्दन, आफ्नो हातले लेखेका स्तोत्र (पुस्तक) यी कुराहरूले इन्द्रको पनि ऐश्वर्य हरण गर्दछन्। अर्थात् यी सवै कार्यवाट उत्पन्न परिश्रम तथा फल आफू एक्लै व्यक्तिमा रहिदिँदा अधिक लाभ प्राप्त हुन्छ।

इक्षुदण्डास्तिलाः क्षुद्राः कान्ता हेम च मेदिनी ॥
चन्दनं दधि ताम्बूलं मर्दनं गुणवर्धनम् ॥१३॥

उखु, तिल, नीच व्यक्तिहरू, पत्नी, सुन, जमिन, चन्दन, दही, ताम्बूल (पान) यिनीहरूलाई मर्दन गरेमा नै यिनका गुण बढ्दछन्। जस्तै, उखु र तिललाई जति पेल्यो त्यति रस र तेल निस्कन्छ, क्षुद्रलाई जति सक्यो सेवामा लगाउनाले राम्रो हुने अनि स्त्रीका साथ जति वढी सम्भोग गऱ्यो त्यति नै वढी उनीहरू खुसी हुन्छन्। सुनलाई धेरै पिटेर राम्रो नम्वरी गराइन्छ अनि जग्गामा पनि धेरै परिश्रम गर्नाले उब्जनी बढ्छ। चन्दनलाई घोट्नाले, दहीलाई मन्थन गर्नाले, पान बेस्सरी चपाउँदा यी सवैका गुण बढ्छन्।

दरिद्रता धीरतया विराजते कुवस्त्रता स्वच्छतया विराजते ॥
कदन्नता चोष्णतया विराजते कुरूपता शीलतया विराजते ॥१४॥

धैर्य धारण गर्नाले दरिद्रताले पीडा गर्न सक्तैन। गरिवीमा जति धैर्य धारण गऱ्यो त्यति शोभायमान होइन्छ। मैलो कपडा धोइदिनाले शोभायामान हुन्छ। नराम्रो भोजन पनि तात्तातो पार्नाले रुचिवर्द्धक हुन्छ। त्यस्तै कुरूपता पनि सदाचार वा सुशीलताले गर्दा शोभायमान हुन्छ।

चाणक्यनीतिको नवौं अध्याय

पूरा भयो।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दसौं अध्याय

धनहीनो न हीनश्च धनिकः स सुनिश्चयः ॥
विद्यारत्नेन हीनो यः स हीनः सर्ववस्तुषु ॥१॥

धन नभएको व्यक्ति (गरीव) लाई गरीव भनिँदैन । विद्या छ भने अवश्य नै ऊ धनी मानिन्छ । यदि ऊ विद्यारूपी रत्नले हीन छ अर्थात् विद्या पढेको छैन भने अवश्य पनि त्यस्तो अपढ व्यक्ति सवै कुराले हीन हुन पुग्दछ ।

दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं पिबेज्जलम् ॥
शास्त्रपूतं वदेद्वाक्यं मनःपूतं समाचरेत् ॥२॥

हिँड्दाखेरि आँखाले राम्ररी हेरेर मात्र पाइला अगाडि वढाउनुपर्छ । पानीलाई कपडाले छानेर मात्र पिउने गर्नुपर्दछ । शास्त्रले शुद्ध वनाइएका वचन वोल्नु उचित हुन्छ । शुद्ध मनले विचार गरी पवित्र मानिएको मात्र व्यवहार गर्नुपर्छ ।

सुखार्थी चेत् त्यजेद्विद्यां विद्यार्थी चेत् त्यजेत्सुखम् ॥
सुखार्थिनः कुतो विद्या कुतो विद्यार्थिनः सुखम् ॥३॥

सुखको चाहना गर्नेले पढ्न छोड्नुपर्छ । विद्या चाहनेले सुख छाड्नुपर्छ । सुखको इच्छा गर्नेलाई विद्या प्राप्त हुँदैन । विद्या चाहनेलाई कहाँ सुख मिल्छ र ?

कवयः किं न पश्यन्ति किं न कुर्वन्ति योषितः ॥
मद्यपाः किं न जल्पन्ति किं न खादन्ति वायसाः ॥४॥

कविहरू के देख्तैनन् ? स्त्रीहरू के गर्दैनन् ? मदिरा पिउनेहरू के वोल्दैनन् ? कागहरू के खाँदैनन् । आफ्ना कल्पनामा डुवेका क्रान्तदर्शी मननशील कविहरू सूर्यभन्दा पनि अगाडि पुग्छन् र सवै कुरा देख्दछन् । स्त्रीहरू राम्रा-नराम्रा जुनसुकै काम पनि गर्छन् । सरावीहरू मुखमा जे आउँछ त्यहीं नै वक्छन् । कागहरू जतातत्तैको फोहोर एवं सफा जे पनि खान्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रङ्क करोति राजानं राजानं रङ्कमेव च ॥
धनिनं निर्धनं चैव निर्धनं धनिनं विधिः ॥५॥

भाग्य ज्यादै वलवान् हुन्छ। विधि वा भाग्यले माग्नेलाई एकै पलमा राजा वनाउँछ, राजाजस्ता धनीलाई माग्ने (कङ्गाल) वनाउँछ। भाग्यविपरीत भयो ने सम्पन्न व्यक्ति पनि गरीब हुन केही वेर लाग्दैन, भाग्य राम्रो भयो भने साधारण मानिस पनि धनी वन्दछ। यो सवै भाग्यको खेल हो। कर्मश्चात् पाइने फल भाग्यमा नै निर्भर रहन्छ।

लुब्धानां याचकः शत्रुर्मूर्खाणां बोधको रिपु ॥
जारस्त्रीणां पतिः शत्रुश्चौराणां चन्द्रमा रिपुः ॥६॥

लोभी व्यक्तिका लागि मगन्ता जोगी शत्रुवराबर हुनजान्छ। मूर्खलाई अर्ति-उपदेश दिने व्यक्ति शत्रु हुनजान्छ। नाठो खेलाउने व्यभिचारिणी स्त्रीले आफ्नो पतिलाई शत्रु सम्झन्छे किनकि पति साथमा रहँदा उसले इच्छावमोजिमको चर्तिकला देखाउन पाउँदिन। चोरहरूले चोर्ने समयमा चन्द्रम (जून) लाग्दा सवैतिर उज्यालो हुने हुनाले चोरेका वेला कसैले देख्छन् भन्ने डरले चोरका लागि चन्द्रमा शत्रु हुन्छन्। लोभीसँग माग्ने काम र मूर्ख मान्छेलाई अर्ति-उपदेश दिने काम भूलले पनि गर्नुहुँदैन भन्ने यस श्लोकको तात्पर्य हो।

येषां न विद्या न तपो न दानं
न चापि शीलं न गुणो न धर्मः ॥
ते मर्त्यलोके भुवि भारभूता
मनुष्यरूपेणा मृगाश्चरन्ति ॥७॥

जोसँग विद्या छैन अर्थात् जसले पढेको छैन मूर्ख छ, जसले तपस्या गर्दैन, जो कसैलाई केही पनि दिँदैन (दान गर्दैन), कुनै असल गुण छैन, पुण्य-धर्म गर्दैन, यीमध्ये कुनै एक पनि राम्रो काम गरेको छैन यस्ता व्यक्ति मर्त्यलोकमा पृथ्वीको भार मात्र वनी मनिसको रूपमा घुम्ने पशुवराबर हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तः सारविहीनानामुपदेशो न जायते ॥
मलयाचलसंसर्गात् न वेणुश्चन्दनायते ॥८॥

जसको अन्तःकरण (भित्री हृदय) मा शुद्ध र सम्झने शक्ति (स्मरण शक्ति) छैन त्यस्ता व्यक्तिलाई उपदेश दिएर कुनै फाइदा हुँदैन। उसभित्र सम्झने ताकत नै हुँदैन, त्यसैले सम्झँदै सम्झन्न। मलयाचलस्थित चन्दनको ठूलो जङ्गलमा रहेको बाँस श्रीखण्डका रूखमा घसारिँदा चन्दन वन्न सक्दैन। त्यस्तै सम्झन नसक्ने व्यक्ति पनि श्रीखण्डको जङ्गलमा रहेको धसिएको बाँस समान हुनजान्छ।

यस्य नास्ति स्वयं प्रज्ञा शास्त्रं तस्य करोति किम् ॥
लोचनाभ्यां विहीनस्य दर्पणः किं करिष्यति ॥९॥

जसको शास्त्र बुझ्नसक्ने स्वतः स्फूर्त बुद्धि छैन, शास्त्रले त्यस्तालाई कसरी कल्याण गर्ला ? जसका दुई आँखा त छन् तर ज्योति छैन भने त्यस्तालाई ऐनाको के काम हुन्छ। अतः अन्धाका लागि ऐना बेकार भएझैं जसमा प्रतिभा नै छैन त्यस्तालाई शास्त्रमा बताइएको ज्ञानले केही गर्न सक्दैन।

दुर्जनं सज्जनं कर्तुमुपायो न हि भूतले ॥
अपानं शतधा धौतं न श्रेष्ठमिन्द्रियं भवेत् ॥१०॥

दुर्जनलाई सज्जन बनाउने उपाय यस संसारमा छैन। सयौंपटक पखाले पनि मलद्वार उत्तम इन्द्रिय वन्न सक्दैन। दुर्जनलाई जतिसुकै सम्झाई-बुझाई गरे पनि ऊ सज्जन वन्दैन। कुकुरको पुच्छरलाई सोझो पार्न बाह्र वर्षसम्म ढुंग्रामा राखे पनि बाङ्गाको बाङ्गै हुन्छ भनेजस्तै दुर्जनलाई कहिल्यै असल पार्न सकिँदैन।

आत्मद्वेषाद् भवेन्मृत्युः परद्वेषाद् धनक्षयः ॥
राजद्वेषाद् भवेन्नाशो ब्रह्मद्वेषात् कुलक्षयः ॥११॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफैंसँग द्वेष गर्नाले मृत्यु हुन्छ। सन्तजन वा महात्मासँग द्वेष गर्नाले अर्कासँग विरोध गर्नाले धनको नाश हुन्छ। राजासँग द्वेष गर्नाले सर्वनाश (सवै चिजको नाश) हुन्छ अनि ब्राह्मणसँग द्वेष गर्नाले कुल नै नष्ट हुन्छ।

वरं वनं व्याघ्रगजेन्द्रसेवितं
द्रुमालयं पक्वफलाम्बुभोजनम् ॥
तृणोषु शय्या परिधानवल्कलं
न बन्धुमध्ये धनहीनजीवनम् ॥१२॥

बाघ, हात्ती, सिंहजस्ता डरलाग्दा जन्तुहरू रहेको जङ्गलमा बस्नु, रूखको छहारीमा घर बनाएर बस्नु, भुइँमा, जङ्गलका घाँस, पातपतिङ्गरको विछ्यौना बनाई सुत्नु, कन्दमूलले प्राण रक्षा गर्नु वा जीविका चलाउनु र रूखका वोक्राको लुगा लगाएर शरीर ढाक्नु राम्रो हो तर गरीब भएर दाजुभाइ (वन्धुवर्ग) का साथ जीविका चलाउनु मर्नुबरावर कष्टप्रद हो।

विप्रो वृक्षस्तस्य मूलं च सन्ध्या
वेदाः शाखा धर्मकर्माणि पत्रम् ॥
तस्मान्मुलं यत्नतो रक्षणीयं
छिन्नो मूले नैव शाखा न पत्रम् ॥१३॥

ब्राह्मण वृक्ष हुन्, सन्ध्या (जपकार्य) त्यसको जरो (फेद) हो, वेदहरू उसका हाँगा हुन्। धर्मकर्म उसका पातहरू हुन्। अतः फेदको (जराको) हरसम्भव रक्षा गर्नुपर्छ, जरो उखेलियो भने न त रूख नै रहन्छ न त हाँगा, पातहरू नै रहन्छन्। जस्तै, सन्ध्यापूजा ब्राह्मणका मुख्य कर्महरू ब्राह्मण भएर गर्दैनन् भने त्यस्तालाई ब्राह्मण भनिंदैन। सन्ध्यापूजा आदिकर्मवाट नै वेदको सच्चा ज्ञान प्राप्त हुन्छ अनि धर्मकर्म पनि गर्न सकिन्छ। तसर्थ ब्राह्मणले सन्ध्या-पूजाआजा अवश्यै गर्नुपर्छ।

माता च कमला देवी पिता देवो जनार्दनः ॥
वान्धवा विष्णुभक्ताश्च स्वदेशो भुवनत्रयम् ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसकी आमा विष्णुप्रिया लक्ष्मीसमान छन्, जसका बाबु विष्णुवरावर मानिन्छन् र बान्धव दाजुभाइहरू विष्णुका भक्त छन् तिनका लागि स्वर्ग, मर्त्य, पाताल तीनै लोक आफ्नै देश वा ठाउँ हुन्छन् ।

एकवृक्षसमारूढा नानावर्णा विहङ्गमाः ॥
प्रभाते दिक्षु दशसु का तत्र परिदेवना ॥१५॥

जसरी विश्रामका निमित्त वासस्थानमा आएर सवैलाई भेट्ने र विहान सवेरै भएपछि आ-आफ्ना आहार खोज्ने क्रममा रूखमा वसेका सवै रङ्गी-विरङ्गी पक्षीहरू अलग-अलग दिशातिर लाग्न थाल्दछन्, त्यस्तै गरी परिवारका सवै सदस्य परिवाररूपी रूखमा आएर बस्छन्, समय व्यतीत भएपछि हिँड्दछन् । यसमा दुःख एवम् निराश किन हुनुपर्‍यो ? यसैले भावुकताबाट बच्नुपर्दछ । चारैतिरबाट वृक्षमा वास बस्न आएका पक्षीहरू उज्यालो भएपछि अलग-अलग दिशातिर आहारा खोज्न गएजस्तै बन्धु-बान्धव पनि आ-आफ्नो कर्मानुसार वाटो लाग्छन् । त्यसमा शोक गर्नु व्यर्थ छ ।

बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ॥
बने सिंहो मदोन्मत्तः शशकेन निपातितः ॥१६॥

जसको बुद्धि हुन्छ, त्यसैको वल, बुद्धिहीनको बल निरर्थक छ किनकि बुद्धिद्वारा नै वलको प्रयोग हुन्छ । बुद्धि र वलबाट बुद्धिमान् खरायोले जङ्गलको घमण्डी सिंहलाई कुवा (इनार) मा खसाएर मार्न सफल भएको थियो ।

का चिन्ता मम जीवने यदि हरिर्विश्वम्भरो गीयते
नो चेदर्भकजीवनाय जननीस्तन्यं कथं निःसरेत् ॥
इत्यालोच्य मुहुर्मुहुर्यदुपते ! लक्ष्मीपते ! केवलम्
तत्पादाम्बुजसेवनेन सततं कालो मया नीयते ॥१७॥

यदि विश्वपालक भगवान् विष्णुको भजन नित्य गरिन्छ भने बाँच्नमा के चिन्ता लिनुपर्छ र ? यदि विष्णुद्वारा रक्षा नगरिने हो भने बालकलाई बाँच्नका लागि आमाको स्तनभित्र दूध कसरी पैदा हुन्थ्यो ? यसलाई बारम्बार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विचार गरी हे कृष्ण ! हे लक्ष्मीपते ! खाली तपाईंका चरणकमलको सेवा गरेर म आफ्नो समय व्यतीत गर्ने गर्दछु ।

गीर्वाणवाणीषु विशिष्टबुद्धि-
स्तथाऽपि भाषान्तरलोलुपोऽहम् ॥
यथा सुराणामसृते स्थितेऽपि
स्वर्गाङ्गनानामधरासवे रुचिः ॥१८॥

संस्कृत भाषाको विशेष ज्ञान हुँदा पनि म (चाणक्य) अन्य (अरू) भाषा पनि सिक्ने इच्छा गर्दछु । स्वर्गमा देवताहरूसँग पिउन अमृत हुन्छ र पनि देवताहरू अमृत पान गर्न त्यागेर अप्सराहरूको ओठका रस पिउने वा चुम्बन गर्ने इच्छा राख्दछन् ।

अन्नाद् दशगुणं पिष्टं पिष्टाद् दशगुणं पयः ॥
पयसोऽष्टगुणं मांसं मांसाद् दशगुणं घृतम् ॥१९॥

साधारण अन्नमा भन्दा पीठोमा दशगुणा बढी तागत हुन्छ । पीठोमा भन्दा दशगुणा बढी तागत दूधमा छ । दूधमा भन्दा पनि दशगुणा वढी शक्ति मासुमा छ । मासुमा भन्दा बढी शक्ति घ्यूमा रहन्छ । अतः सर्वश्रेष्ठ तागतिलो पदार्थ घ्यू नै हो ।

शाकेन रोगाः वर्धन्ते पयसा वर्धते तनुः ॥
घृतेन वर्धते वीर्यं मांसान्मांसं प्रवर्धते ।२०॥

सागले रोगलाई बढाउँछ, दूधले शरीरलाई हृष्टपुष्ट राख्दछ । घ्यूले वीर्य बढाउँछ अनि मासुले मासु बढाउँछ । मानिस चिन्तित र दुःखित रह्यो भने उसलाई नानाथरी रोग लाग्छ र शरीर बिगार्दछ । अतः चिन्तामुक्त हुनु आवश्यक छ चिन्ता भन्ने वस्तु आगोसमान छ ।

चाणक्यनीतिको दसौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं अध्याय

दातृत्वं प्रियवक्तृत्वं धीरत्वमुचितज्ञता ।
अध्यासेन न लभ्यन्ते चत्वारः सहजा गुणाः ॥१॥

दान दिने स्वभाव, मीठो बोल्ने बानी, धैर्य एवम् समुचित जानकारी यी चार मानिसका सहज गुण हुन् जुन अभ्यासले उपलब्ध हुँदैनन् । दाननिष्ठता, प्रिय वचन, धैर्य र सर्वज्ञता यी व्यक्तिका सहज गुण हुन् । अर्थात् यी गुण जन्मैदेखि प्राप्त हुन्छन् । उक्त गुणहरू कसैले कसैलाई सिकाउनुपर्दैन । जति नै अभ्यास किन नगरोस् तर यी चार गुण प्राप्त हुँदैनन् । यी जन्मसिद्ध हुन्छन् ।

आत्मवर्गं परित्यज्य परवर्गं समाश्रयोत् ॥
स्वयमेव लयं याति यथा राज्यमधर्मतः ॥२॥

आफन्तलाई त्यागेर अर्को वर्गका व्यक्तिसँग सहारा लिने व्यक्ति त्यसरी नै नष्ट हुन्छ जसरी अधर्मबाट राज्यको नाश हुन्छ । जुन देशमा धर्म अर्थात् न्याय, कानुन व्यवस्थाको अभाव छ त्यो देश विस्तारै-विस्तारै नष्ट हुन्छ । आफ्नो समाज अथवा देशसँग द्रोह गरेर अर्को समाज या देशसँग मिल्ने व्यक्तिको सर्वनाश हुनु अवश्यम्भावी छ ।

हस्ती स्थूलतनुः स चांकुशवशः किं हस्तिमात्रोंऽकुशः
दीपे प्रज्वलिते प्रणश्यति तमः किं दीपमात्रं तमः ॥
बज्रेणाऽपि हताः पतन्ति गिरयाः किं बज्रमात्रं नगा-
स्तेजो यस्य विराजते स बलवान् स्थूलेषु कः प्रत्ययः ॥३॥

हात्तीको जिउ ठूलो भए तापनि त्यो माहुतेले समातेको सानो अंकुशको वशमा पर्छ भने के अंकुशे र हात्तीवराबर हुन्छ र ? हुँदैन, बत्ती बलेपछि धेरै गाढा अँध्यारो भए पनि हराउँछ त के अँध्यारो बत्तीवराबर छ र ? छैन । सानो भईकन पनि वज्रले ठूला-ठूला पहाडहरू चूरचूर पारेर फोर्दछ त के पहाड वज्रवराबर छन् र ? छैनन् । यसैले मोटो र तगडा मात्रैले केही लाभ हुँदैन, जसमा हिम्मत छ, तेज छ ऊ नै बलियो मानिन्छ किनाकि ठूलो मोटो र हृष्टपुष्ट जस्तोसुकै भए पनि हिम्मत भए नै बलियो हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलौ दशहस्राणि हरिस्त्यजति मेदिनीम् ॥
तदर्द्धं जाह्नवीतोयं तदर्द्धं ग्रामदेवता ॥४॥

कलियुगको दश हजार वर्ष पूरा भएपछि भगवान् श्री विष्णुले पृथ्वीलाई छाड्नुहुन्छ अनि आफ्नो वैकुण्ठधाममा फर्कनुहुन्छ। पाँच हजार वर्ष पूरा भएपछि गंगाको जल सुक्छ, अढाई हजार (साढे दुई हजार) वर्ष पूरा हुँदाका वखतमा नै ग्रामदेवता (लोकदेवता) यस पृथ्वीलाई छाड्छन्।

गृहासक्तस्य नो विद्या न दया मांसभोजिनः ॥
द्रव्यलुब्धस्य नो सत्यं न स्त्रैणस्य पवित्रता ॥५॥

तल्लीन भई घरायसी काममा व्यस्त रहने व्यक्तिलाई विद्या प्राप्त हुँदैन। मांसभक्षीमा (मासु खाने) दया रहँदैन। जो धनको लोभी छ उसमा सत्यता हुँदैन। स्त्रीलम्पट-व्यभिचारी व्यक्तिमा पवित्रता (शुद्धता) रहँदैन। जो घरव्यवहारमा धेरै आसक्त छ त्यसलाई विद्या प्राप्त हुँदैन, उसले पढ्न सक्तैन। मांसाहारी व्यक्तिवाट दयाको आशा गर्नु व्यर्थ छ, जो धनको धेरै लोभी छ उसमा सत्यता कहिल्यै रहँदैन, झूठो वोल्छ। स्त्रीलम्पट भई नारीका पछि लाग्ने कामी पुरुषमा पवित्रता कहिल्यै हुँदैन।

न दुर्जनः साधुदशामुपैति बहुप्रकारैरपि शिक्ष्यमाणः ॥
आमूलसिक्तं पयसा घृतेन न निम्बवृक्षो मधुरत्वमेति ॥६॥

धेरै प्रकारले शिक्षा दिए पनि दुराचारी व्यक्तिलाई सदाचारी (सज्जन) पार्न (वनाउन) सकिँदैन। नीमको वृक्षलाई रोप्दैदेखि पानीको साटो दूध र घ्यूले सेचन गर्ने गरे पनि त्यसमा गुलियोपना नआई तिक्तता नै रहन्छ। दुर्वुद्धि व्यक्तिलाई पनि सद्वुद्धि कहिल्यै आउँदैन ऊ जस्तो थियो र छ त्यो त्यस्तै नै रहिरहन्छ।

अन्तर्गतमलो दुष्टस्तीर्थस्नानशतैरपि ॥
न शुद्ध्यति यथा भाण्डं सुराया दाहितं च तत् ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मदिरा हालेको भाँडो आगोमा जति डढाए पनि शुद्ध हुँदैन, त्यस्तै मनमा कुभावनायुक्त दुष्ट व्यक्ति चाहे हजारौं तीर्थमा गएर स्नान गरेको नै किन नहोस् ऊ कहिल्यै पनि पवित्र र शुद्ध हुँदैन ।

न वेत्ति यो यस्य गुणप्रकर्षं
स तं सदा निन्दति नात्र चित्रम् ॥
यथा किराती करिकुम्भजाता मुक्ताः
परित्यज्य विभर्ति गुञ्जाः ॥८॥

जसले जसको गुणवारे थाहा पाउँदैन अनि उसको निन्दा गर्दछ भने यसो हुनुमा कुनै आश्चर्य छैन । जस्तै, किराँतिनीहरू, कुसुण्डिनीहरू हात्तीका मस्तकमा रहेको मोतीलाई छाडेर रातीगेडीको माला लगाउँछन् । किराँतिनीहरूले हात्तीका मस्तकवाट पैदा हुने मोतीको महत्त्व के वुझदछन् र ? मूर्ख व्यक्तिले यदि कुनै विद्वान्का गुणलाई जान्न र वुझन नै सक्दैन भने त्यस्ताले गरेको निन्दामा किन आश्चर्य मान्नु ?

यस्तु संवत्सरं पूर्णं नित्यं मौनेन भुञ्जते ॥
युगकोटीसहस्रन्तु स्वर्गलोके महीयते ॥९॥

नवोल्नु (मौन रहनु) पनि एक पकारको तपस्या नै हो । कुनै व्यक्ति वर्ष दिनसम्म मात्र भए पनि नवोलीकन खाना खान्छ भने उसले करोडौं युगसम्म स्वर्गीय आनन्द प्राप्त गर्दछ ।

कामं क्रोधं तथा लोभं स्वादं शृङ्गारकौतुकम् ॥
अतिनिद्राऽति सेवा च विद्यार्थी ह्यष्ट वर्जयेत् ॥१०॥

स्त्रीसँगको सहवास (काम), रिसाउनु (क्रोध), लोभी हुनु, स्वादे बानी वा मीठो खाने बानी वसाल्नु, नक्कल पारी पारीकन शृङ्गार गर्नु, मेला चहारेर तमासा हेर्नु, धेरै सुत्नु, लामो समयसम्म अर्काको सेवासुसार गरिरहनु यी आठ कुरावाट विद्यार्थीले आफूलाई टाढा राख्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकृष्टफलमूलानि वनवासरतिः सदा ॥
कुरुतेऽहरहः श्राद्धमृषिविप्रः स उच्यते ॥११॥

जुन ब्राह्मणले नजोतेको जमिनवाट उब्जेको फल कन्दमूल आदि भोजन गर्दछ, सधैं गाउँघरमा नवसी वनमा वस्छ र नित्य श्राद्ध तर्पण गर्छ त्यस्ता ब्राह्मणलाई ऋषि ठानिन्छ ।

एकाहारेण सन्तुष्टः षट्कर्मनिरतः सदा ॥
ऋतुकालाऽभिगामी च स विप्रो द्विज उच्यते ॥१२॥

एक छाक मात्र खाने, छ कर्म (पढ्नु, पढाउनु, यज्ञादि गर्नु, गराउनु, दान दिनु, दान लिनु) तर्फ सधैं तत्पर रहने तथा ऋतुकालमा (रजस्वला भएपछि) मात्र आफ्नी पत्नीसँग सहवास-संभोग गर्ने ब्राह्मण नै द्विज हुन् ।

लौकिके कर्मणि रतः पशूनां परिपालकः ॥
वाणिज्यकृषिकर्ता यः स विप्रोः वैश्य उच्यते ॥१३॥

सम्पूर्ण सांसरिक (दुनियाँदारी) को काम गर्ने, पशु (चौपाया, गाईवस्तु) पाल्ने, खेती कृषिकर्म गर्ने ब्राह्मणलाई वैश्य ब्राह्मणको संज्ञा दिइन्छ ।

लाक्षादितिलतैलानां कौसुम्भमधुसर्पिषाम् ॥
विक्रेता मद्यमांसानां स विप्रः शूद्र उच्यते ॥१४॥

लाहा आदि पदार्थ, तिल, तेल, नीर, कुंकुम, मह, घ्यू, मदिरा, मासु आदिको कारोवार जसले गर्छ त्यो ब्राह्मण शूद्र कहलिन्छ ।

परकार्यविहन्ता च दाम्भिकः स्वार्थसाधकः ॥
छली द्वेषी मृदुः क्रूरो विप्रो मार्जार उच्यते ॥१५॥

अर्काको काम विगार्ने, घमण्डी स्वभाव भएको, आफ्नो स्वार्थमात्र हेर्ने, अर्काको डाहा गर्ने, झूठो एवम् छलकपट आदिको सहारा लिने, अगाडि देखिँदा अत्यन्तै मधुर वचन वोल्ने तर पेटमा भने कपट राख्ने यस्ता ब्राह्मणलाई मार्जार (बिरालो) को संज्ञा दिइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वापीकूपतडागानामारामसुरवेश्मनाम् ॥
उच्छेदने निराशंक स विप्रो म्लेच्छ उच्यते ॥१६॥

जो ब्राह्मण इनार, कुवा, तलाउ, वगैंचा, देवालयलाई भत्काउन विगार्न हिचकिचाउँदैन त्यस्तो ब्राह्मणलाई म्लेच्छ भनिन्छ ।

देवद्रव्यं गुरुद्रव्यं परदाराभिमर्षणम् ॥
निर्वाहः सर्वभूतेषु विप्रश्चाण्डाल उच्यते ॥१७॥

देवतालाई चढाएको भेटी वा देवताका नाममा रहेको गुठी लोप गर्न खोज्ने, पढाउने र मन्त्र सुनाउने गुरुको धन हडप्ने, परस्त्रीलाई सम्भोग गर्ने, सम्पूर्ण प्राणीलाई उपभोग गरी जीवन धान्ने अर्थात् खाना खाँदा एकै लहरमा वसी खाने ब्राह्मण चाण्डाल हुन्, ती ब्राह्मण कहलाउँदैनन् ।

देयं भेज्यधनं सदा सुकृतिभिर्नो सञ्चितव्यं सदा
श्रीकर्णस्य बलेश्च विक्रमपतेरद्यापि कीर्तिः स्थिता ॥
आस्माकं मधुदानभोगरहितं नष्टं चिरात्सञ्चितम्
निर्वाणादिति पाणिपादयुगले घर्षन्त्यहो मक्षिकाः ॥१८॥

पुण्यवान्हरूले सधैं पेट अघाउने गरी खाद्यवस्तुको दान गर्नुपर्छ, यसको सञ्चय गर्नुहुँदैन । महादानी कर्ण र तीनै लोकका स्वामी राजा वलि अनि राजा विक्रमादित्यको नाम दानकै कारणले आजसम्म अमर हुन पुगेको छ । मौरीले आफूले चाहेजति जम्मा गरेको मह न आफूले खान्छन् न त अरूलाई नै दिन्छन्, अनि कुनै मासिक आएर त्यसरी जम्मा गरेको मह झिकी लैजान्छन्, मौरी दुःखी हुँदै आफ्ना खुट्टाहरू भुइँमा वजार्न लाग्छन् । त्यसैले बुद्धिमान्ले सञ्चित धनलाई दान र भोजन आदिमा खर्च गरेन भने मौरीले जस्तै पछुताउनुपर्नेछ ।

चाणक्यनीतिको एघारौं अध्याय पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं अध्याय

सानन्दं सदनं सुताश्च सुधियः कान्ता प्रियालापिनी
इच्छापूर्तिधनं स्वयोषितरतिः स्वाज्ञापरा सेवकाः ॥
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे
साधोः सङ्गमुपासते च सततं धन्यो गृहस्थाश्रमः ॥१॥

सबै सुविधासम्पन्न भएको घर होस्, बुद्धिमान् र विद्वान् छोरा रहून्, पत्नी मधुरभाषिणी होऊन्, मिहिनेत, परिश्रम र इमानदारीले कमाएको धन होस्, असल मित्रहरू होऊन्, पतिपत्नीमा प्रेमको मिलन रहोस्, आफ्नो आज्ञा पालन गर्ने नोकर-चाकर रहून्, अतिथिसेवा र शिवपूजा भइरहोस्, प्रतिदिन घरमा खानपिन मीठो मिलोस्, सधैंभरि साधु र सज्जनसँग संसर्ग र भेटघाट हुँदै रहोस्, यस्तो गृहस्थाश्रम धन्य र प्रशंसनीय छ । यस्तो गृहस्थाश्रममा रहन पाउने व्यक्ति अत्यन्त सौभाग्यशाली एवम् धन्य हुन्छन् ।)

आर्तेषु विप्रेषु दयान्वितश्च यच्छ्रद्धया स्वल्पमुपैति दानम् ॥
अनन्तपारं समुपैति राजन् ! यद्दीयते तन्न लभेद् द्विजेभ्यः ॥२॥

दुःखी तथा पीडित ब्राह्मणप्रति दयालु बनेर जो मानिसले त्यस्ता महापुरुषलाई थोरै मात्र भए पनि श्रद्धाले दान दिन्छ भने दान लिनेलाई दिनेका अगाडि भलै केही भएको जस्तो नदेखियोस् तर पनि त्यस दानले दातालाई धेरै ठूलो पुण्य मिल्दछ, यही पुण्यरूपी दानबाट लाखौं हजारौं गुणा कमाएझैं हुनजान्छ । हे राजन् ! ब्राह्मणलाई जति दिइएको छ त्यत्तिमात्रै नभएर त्यही थोरै दान अनन्त बनेर पुनः प्राप्त हुन्छ ।

दाक्षिण्यं स्वजने दया परजने शाठ्यं सदा दुर्जने
प्रीतिः साधुजने स्मयः खलजने विद्वज्जने चार्जवम् ॥
शौर्यं शत्रुजने क्षमा गुरुजने नारीजने धृष्टता
इत्थं ये पुरुषाः कलासु कुशलास्तेष्वेव लोकस्थितिः ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना भाइबन्धुहरूमा उदार भाव राख्ने, अरूलाई दया गर्ने, दुर्जनसँग दुर्जनजस्तै हुने, सत्पुरुषप्रति प्रेम गर्ने, मूर्ख एवम् खलहरूबाट टाढा रहने, बहादुरीसाथ शत्रुको सामना गर्ने, स्त्रीसँग धूर्त व्यवहार गर्ने व्यक्तिहरू व्यवहारकुशल हुन्। यिनीहरूकै प्रभाववाट समाज चल्दै आएको छ।

हस्तौ दानविवर्जितौ श्रुतिपुटौ सारस्वतद्रोहिणौ
नेत्रे साधुविलोकनेन रहिते पादौ न तीर्थं गतौ ॥
अन्यायार्जितवित्तपूर्णमुदरं गर्वेण तुङ्गं शिरो
रे रे जम्बुक ! मुञ्च मुञ्च सहसा नीचं सुनिन्द्यं वपुः ॥४॥

दान नदिने हात, वेद पुराण आदि सुन्न मन नपराउने (द्रोह गर्ने) कान, साधु महात्माको दर्शन नगर्ने आँखा, तीर्थादि गर्नका लागि नचल्ने खुट्टा (गोडा), अन्यायका आर्जनले भरिने पेट, घमण्डले ठाडो पारिएको शिर, अरे रे स्याल ! यस्तो निन्दनीय नीच शरीरलाई तुरुन्तै छाडिदेऊ। उपयुक्त (राम्रो) कार्य नगर्ने मान्छे स्यालसमान हो, स्यालको रूपमा बाँच्नुभन्दा मर्नु बेस हो।

येषां श्रीमद्यशोदासुतपदकमले नास्ति भक्तिर्नराणां
येषामाभीरकन्याप्रियगुणकथने नानुरक्ता रसज्ञा ॥
येषां श्रीकृष्णलीलाललितरसकथासादरौ नैव कर्णौ
धिक्तान् धिक्तान्धिगेतान् कथयति सततं कीर्तनस्थो मृदङ्गः ॥५॥

जसको भक्ति श्री यशोदापुत्र भगवान् श्री कृष्णका चरणकमलमा छैन, जसको जीब्रो अहिरकन्याहरूको प्यारो कथा कृष्णकथा बोल्नेतर्फ लाग्दैन, जसका दुई कानले भगवान् श्रीकृष्णका सुन्दर कथारसप्रति आदर गर्दैनन् त्यस्तालाई धिक्कार छ, धिक्कार छ, धिक्कार छ भनी कीर्तनमा बजाइने मादलले (मृदङ्गले) सधैं भन्ने गर्छ। जुन व्यक्ति प्रभुको भजन र कीर्तनमा रम्दैन त्यस्तालाई धिक्कार छ, त्यस्ताको जीवन पनि धिक्कार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्रं नैव यदा करीरविटपे दोषो वसन्तस्य किं ?
नोलूकोऽप्यवलोकते यदि दिवा सूर्यस्य किं दूषणम् ?
वर्षा नैव पतन्ति चातकमुखे मेघस्य किं दूषणम् ?
यत्पूर्वं विधिना ललाटलिखितं तन्मार्जितुं कः क्षमः ॥६॥

हाँगा मात्र हुने तर पात नहुने करीरवृक्षमा पात हुँदैन भने वसन्तऋतुको के दोष ? लाटोकोसेरो दिनमा देख्दैन भने सूर्यलाई के दोष ? वर्षामा परेको पानी काकाकुलको मुखमा पर्दैन भने पानी वर्षाउने मेघको के दोष ? ब्रह्माले पहिले निधारमा लेखिदिएका कुरा जे छन् तिनलाई मेट्न कसको तागत (सामर्थ्य) छ ? आशय यो हो कि करीरको वोटमा (वृक्षमा) पात हुँदैन, लाटोकेसेरो दिनमा आँखा देख्दैन, काकाकुलका मुखमा वर्षामा परेको पानी पस्तैन, यी सवैका लागि क्रमशः वसन्तऋतु, सूर्य र मेघलाई दोष दिन मिल्दैन । यदि दोष छ भने भाग्यकै हो जसलाई कसैले पनि मेट्न सक्दैन ।

सत्संगाद् भवति हि साधुता खालानाम्
साधूनां न हि खलसंगतेः खलत्वम् ॥
आमोदं कुसुमभवं मृदेव धत्ते
मृद्गन्धं न हि कुसुमानि धारयन्ति ॥७॥

अवश्य पनि राम्रा सङ्गतले दुष्टहरूलाई सज्जनता प्राप्त हुन्छ, तर दुष्टहरूका सङ्गतले साधुहरूमा दुष्ट्याइँ आउँदैन । जस्तै माटोले फूलवाट उत्पन्न वास्ना त लिन्छ तर फूलले माटोको वास्ना कहिल्यै लिँदैन ।

साधूना दर्शनं पुण्यं तीर्थभूता हि साधवः ॥
कालेन फलते तीर्थं सद्यः साधुसमागमः ॥८॥

साधुहरूको दर्शन गर्नाले मानिस पापवाट टाढा रहन्छन् र पुण्य पाउँछन् । साधुहरू तीर्थवरावर पवित्र हुन्छन् । साधुको कृपा भयो भने मानिसका सम्पूर्ण मनोरथपूर्ण हुन्छन् । तीर्थ गर्न जाँदाको फल ढिलो पाइन्छ । साधुसँगको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गतको फल तत्कालै पाइन्छ जसले मानिसको इच्छा पूरा गर्छ त्यो नै तीर्थ कहिन्छ ।

विप्रास्मिन्नगरे महान् कथय कस्तालद्रुमाणां गणः
को दाता रजको ददाति वसनं प्रातर्गृहीत्वा निशि ॥
को दक्षः परदारवित्तहरणे सर्वोऽपि दक्षो जनः
कस्माज्जीवसि हे सखे ! विषकृमिन्यायेन जीवाम्यहम् ॥९॥

कुनै वटुवा डुल्दै-डुल्दै यौटा सहरमा पुगेछ । त्यहाँ एकजना बाहुनलाई भेटेर सोध्न थाल्यो-

बटुवा - यस सहरमा सबैभन्दा ठूलो को हो ?

ब्राह्मण - ताडीका अनेकौं रूखहरू ।

बटुवा - सबैभन्दा बढी दान दिने को छ ?

ब्राह्मण - धोवी हो, किनकि धोवी नै सबैभन्दा ठूलो दाता हो जसले बिहान कपडाको पोको लैजान्छ, साँझ सबै फर्काइदिन्छ ।

बटुवा - अनि चलाख को छ नि ?

ब्राह्मण - अर्काको सम्पत्ति हडप गर्ने र परस्त्रीलाई आफूसँग फसाउने दुवै नै चलाख देखिन्छन् ।

बटुवा - उसो भए यस्तो समाजमा तपाईं कसरी वाँचिरहनुभएको छ त ?

ब्राह्मण - म त विषको कीरासमान बाँचेको छु जुन विषैमा जन्मन्छ अनि विषैमा हुर्कन्छ र गुजारा पनि विषैमा गर्दछ ।

यस श्लोकको तात्पर्य यो हो कि परिस्थिति र वातावरण अनुकूल हुने गरी आफूलाई ढाल्न सक्नुपर्छ । समयसापेक्ष नहुने जीव संसारबाटै मासिन थाल्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न विप्रपादोदककर्दमानि
न वेदशास्त्रध्वनिगर्वितानि ॥
स्वाहास्वधाकारविवर्जितानि
श्मशानतुल्यानि गृहाणि तानि ॥१०॥

जुन घरमा ब्राह्मणका चरणरज (खुट्टाका धूलो) र जलले (चरणोदक) भुइँ भिजेको छैन, अर्थात् घरमा ब्राहमणले पाइला हालेको छैन, घरमा वेद र शास्त्रको आवाज कहिल्यै सुनिँदैन, जुन घरमा हवनमा स्वाहा र तर्पण, पिण्डदान आदिमा स्वधा शव्द हुँदैन अर्थात् हवन र तर्पणादि कार्य हुँदैन त्यस घरलाई मसानबरावर ठानिन्छ ।

सत्यं माता पिता ज्ञानं धर्मो भ्राता दया स्वसा ॥
शान्तिः पत्नी क्षमा पुत्रः षडेते मम बान्धवाः ॥११॥

सत्य मेरी आमा, ज्ञान मेरा पिता, धर्म मेरा दाजुभाइ, दया मेरी बहिनी, शान्ति मेरी पत्नी, क्षमा मेरो छोरो, यी छवटा मेरा बन्धु हुन् । मानिसका लागि सत्य, ज्ञान, धर्म, दया, शान्ति र सहनशीलता यी छवटा गुणले जीवन निर्वाहमा सघाउ पुऱ्याउँछन् । तसर्थ यी छवटै जीवन निर्वाहका निम्ति अपरिहार्य छन् र बन्धुतुल्य हुन् ।

अनित्यानि शरीराणि विभवो नैव शाश्वतः ॥
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः ॥१२॥

यो शरीर अनित्य छ, धन पनि स्थिर छैन, मृत्यु सधैं नजिक छ । अतः सधैं नै धर्मकर्म गर्दै धर्मसंग्रह गर्नुपर्छ अर्थात् धर्म गर्दै रहनु मानिसको कर्तव्य हो ।

निमन्त्रणोत्सवा विप्राः गावो नवतृणोत्सवाः ॥
भर्त्युत्साहयुता नार्यः अहं कृष्णारणोत्सवः ॥१३॥

भोजनका लागि आमन्त्रण भयो भने ब्राह्मणका लागि उत्सव हुन्छ । नयाँ-नयाँ घाँस पाउँदा गाईका लागि उत्सव आएसमान हुन्छ । आफ्नो श्रीमान् (पति) को उत्साह बढेका बेला पत्नीहरू हर्षबढाइँ गर्न थाल्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर, म चाणक्यका लागि भने भयानक मारकाटवाला लडाइँ नै ठूलो उत्सवसमान भएको छ। यस श्लोकमा चाणक्यले आफ्नो निजी चाहनाको विषय व्यक्त गरेका छन्।

मातृवत् परदारेषु परद्रव्येषु लौष्ठावत् ॥
आत्मवत् सर्वभूतेषु यः पश्यति सः पण्डितः ॥१५॥

अर्काकी स्त्रीलाई आमावरावर, अर्काको धनसम्पत्तिलाई माटो वा मकैको खोस्टासमान सम्झने, सम्पूर्ण प्राणीलाई आफूझैं मान्ने यस्तो स्वभाव भएको मानिसलाई साँचो अर्थमा ऋषि र विवेकशील पण्डित भनिन्छ।

धर्मे तत्परता मुखे मधुरता दाने समुत्साहता
मित्रेऽवंचकता गुरौ विनयता चित्तेऽतिगम्भीरता ॥
आचारे शुचिता गुणे रसिकता शास्त्रेषु विज्ञानता
रूपे सुन्दरता शिवे भजनतां सत्स्वेव सन्दृश्यते ॥१६॥

धर्ममा तत्परता, मुखमा मीठोपना, दानमा उत्साह, मित्रमा निश्चलपना, गुरुमा नम्रता, चित्तमा (मनमा) गम्भीरता, आचरणमा पवित्रता, गुणमा रसिकता, शास्त्रहरूमा विशेष ज्ञान, रूपमा सुन्दरता, शिवमा भक्ति हे राम ! यी सबै गुण तपाईंसँग नै छन्। अर्थात् हे प्रभु ! तपाईं बडो तत्परताले धर्मको पालना गर्नुहुन्छ, तपाईंका मुखमा अनौठो मधुरता छ, तपाईं दान दिनमा अत्यधिक रुचि लिनुहुन्छ, मित्रका लागि निष्कपट हुनुहुन्छ, तपाईंको गुरुप्रति नम्रता छ, हृदय ज्यादै गम्भीर छ, आचरण पवित्र छ, तपाईं गुणको कदर गर्नुहुन्छ, सबै शास्त्र र विद्याको विशेष ज्ञान पनि तपाईंमा छ, सुन्दरताको त वर्णन गर्न नै सकिँदैन, शिवमा तपाईंको ठूलो भक्ति छ। यी सम्पूर्ण गुण एकैपटक तपाईंबाहेक अरूमा पाउन सकिँदैन।

काष्ठं कल्पतरुः सुमेरुरचलश्चिन्तामणिः प्रस्तरः ॥
सूर्यस्तीव्रकरः शशी क्षयकरः क्षारोहि वारांनिधिः
कामो नष्टतनुर्बलिर्दिति सुतो नित्यं पशुः कामगौ-
नैतांस्ते तुलयामि भो रघुपते ! कस्योपमा दीयते ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पवृक्षको रूख काठै हो, सुमेरु पर्वत पहाडै हो, पारसमणि एउटा ढुङ्गो हो, सूर्यको किरण अत्यन्त तातो छ, चन्द्रमाको किरण घट्दै जाने वस्तु हो, समुद्रको पानी नुनिलो र यो आफैँ पनि गहिरो एवम् गम्भीर छ, कामदेवको शरीर हुँदैन, छोरा राजा वलि दैत्य हुन्, कामधेनु गाई पशु नै हो । हे राम ! तपाईंको तुलना यी माथिका कुरामा कुनैसँग पनि गर्न सकिरहेको छैन, तपाईंको उपमा कसलाई दिऊँ र ।

विद्या मित्रं प्रवासे च भार्या मित्रं गृहेषु च ॥
व्याधितस्यौषधं मित्रं धर्मो मित्रं मृतस्य च ॥१८॥

परदेशको मित्र विद्या हो, घरकी संगिनी पत्नी हुन् । रोगी मान्छेको मित्र औषधि हो । मरेपछिको मित्र धर्मलाई मानिन्छ ।

विनयं राजपुत्रेभ्यः पण्डितेभ्यः सुभाषितम् ॥
अनृतं द्यूतकारेभ्यः स्त्रीभ्यः शिक्षेत कैतवम् ॥१९॥

व्यक्तिले जो कोहीवाट पनि केही न केही सिक्न सक्छ । राजपुत्रबाट विनयशीलता, पण्डितसँगबाट मीठा एवम् सत्यवचनहरू, जुवाडेसँग झूठो वोल्ने कुराहरू सिक्न सकिन्छ । स्त्रीबाट छल र कपटको शिक्षा (... चरित्र) सिकिन्छ ।

अनालोच्य व्ययं कर्ता ह्यनाथः कलहप्रियः ॥
आतुरः सर्वक्षेत्रेषु नरः शीघ्रं विनश्यति ॥२०॥

विचारै नगरी खर्च गर्ने, विनामालिक या सहयोगी झगडा गर्न तम्सने, सवै जातका स्त्रीसँग भोगविलास गर्न व्याकुल हुने मानिस चाँडै नै नष्ट हुन्छ ।

नाहारं चिन्तयेत् प्राज्ञो धर्ममेकं हि चिन्तयेत् ॥
आहारो हि मनुष्याणां जन्मना सह जायते ॥२१॥

बुद्धिमान् मानिसले खानेतर्फ विशेष ध्यान नदेओस् केवल धर्मतर्फ मात्रै ध्यान पुऱ्याओस् किनकि खाना खाने भन्ने विषय मानिसको जन्मजात नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जलविन्दुनिपातेन क्रमशः पूर्यते घटः ॥
स हेतुः सर्वविद्यानां धर्मस्य च धनस्य च ॥२२॥

पानीको थोपा-थोपा चुहिँदा घडा (गाग्रो) भरिन्छ, यसैगरी विस्तारै-विस्तारै अध्ययन र सञ्चय गर्दै गएमा धर्म र धन दुवैको वृद्धि हुने गर्छ।

वयसः परिणामेऽपि यः खलः खल एव सः ॥
सुपक्वमपि माधुर्यं नोपयातीन्द्रबारुणम् ॥२४॥

दुष्ट मान्छे जतिसुकै उमेरले वूढो भए पनि दुष्ट नै भइरहन्छ, पूरापूर पाकेकै भए पनि अनार कहिल्यै ज्यादा गुलियो हुँदैन।

चाणक्यनीतिको बाह्रौं अध्याय
पूरा भयो।

* * *

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं अध्याय

मुहूर्तमपि जीवेद्वै नरः शुक्लेन कर्मणा ॥
न कल्पमपि कष्टेन लोकद्वयविरोधिना ॥१॥

उज्ज्वल कर्म गर्ने मानिस एक-दुई घण्टै भए पनि असल कर्म गर्दै बाँचोस् त्यो उत्तम हो किन्तु दुवै लोक (यो लोक, परलोक) को विरोधी कर्म गरी एक कल्प (एक हजार युग) बाँच्ने भए पनि उसको जीवन व्यर्थ छ।

गते शोको न कर्तव्यो भविष्यं नैव चिन्तयेत् ॥
वर्तमानेन काले न प्रवर्तन्ते विचक्षणाः ॥२॥

वितिसकेका वस्तु र कुराको सोच गर्नुहुँदैन। भविष्यमा कस्तो आइपर्ला वा के हाला भन्ने चिन्ता पनि लिनुहुँदैन। विद्वान्हरूले जुन समयमा जस्तो पर्न आउँछ त्यस्तै व्यहोर्छन्। वर्तमान समयलाई हेरेर विद्वान्हरू चल्दछन्।

स्वभावेन हि तुष्यन्ति देवाः सत्पुरुषाः पिता ॥
ज्ञातयस्त्वन्नपानाभ्यां वाक्यदानेन पण्डिताः ॥३॥

देवता, सज्जन र बाबु असल वा उत्तम स्वभावले सन्तुष्ट हुन्छन्। भाइ-बन्धुवर्ग खानपानबाट प्रसन्न रहन्छन्। विद्वान्हरू भने मीठो बोली मात्रले पनि प्रसन्न हुन्छन् वा सन्तुष्ट रहन्छन्।

अहो ! बत विचित्राणि चरितानि महात्मनाम् ॥
लक्ष्मीं तृणाय मन्यन्ते तद्भरेण नमन्ति च ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठूला र विद्वान् पुरुषको चरित्र आश्चर्यलाग्दो हुन्छ जसको कुनै वस्तुमा लोभ मोह रहँदैन। उनीहरू लक्ष्मी (धन) लाई तृण (घाँस, पात) बराबर ठान्दछन्। जतिजति धन बढ्दै जान्छ, त्यति नै नम्र हुन्छन्। उनीहरूलाई धन प्राप्त भएपछि पनि रत्तिभर घमण्ड हुँदैन।

यस्य स्नेहो भयं तस्य स्नेहो दुःखस्य भाजनम् ॥
स्नेहमूलानि दुःखानि तानि त्यक्त्वा वसेत्सुखम् ॥५॥

जसमा प्रेम वा स्नेह छ, उसैमा डर छ। प्रीति-स्नेह दुःखको भाँडो हो र प्रीति-स्नेह नै दुःखको कारण पनि हो। अतः त्यस्तो स्नेह वा प्रेमका कारण उत्पन्न हुने दुःखलाई त्यागी सज्जन व्यक्ति ढुक्कसँग वसोस्।

अनागतविधाता च प्रत्युत्पन्नमतिस्तथा ॥
द्वावेतौ सुखमेधेते यद्भविष्यो विनश्यति ॥६॥

आउन लागेको आपत्-विपत्बाट बच्नका लागि अग्रिम उपाय सोच्ने व्यक्ति तथा आपत्ति आएको वेला त्यसको निवारणका लागि तत्कालै विकल्प सोची हाल्ने व्यक्ति यी दुई सुखपूर्वक समृद्धि प्राप्त गर्दछन्। जसले जो भाग्यमा छ त्यही नै होला भन्छ, उसको विनाश अवश्यम्भावी छ।

राज्ञि धार्मिणि धर्मिष्ठाः पापे पापाः समे समाः ॥
राजानमनुवर्तन्ते यथा राजा तथा प्रजाः ॥७॥

राजा धर्मात्मा भए प्रजा पनि धार्मिक हुन्छन्। राजा पापी भए प्रजा पनि पापी नै हुनजान्छन्। राजा सम (बराबर) भए प्रजा पनि सम हुन्छन्। प्रजाले राजाअनुसारको व्यवहार गर्छन्, अर्थात् जस्तो राजा हुन्छ त्यस्तै नै प्रजा पनि बन्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन्तं मृतवन्मन्ये देहिनं धर्मवर्जितम् ॥
मृतो धर्मेण संयुक्तो दीर्घजीवी न संशयः ॥८॥

धर्मरहित व्यक्तिलाई जिउँदै भए पनि म (चाणक्य) मरेतुल्य मान्छु। धर्मयुक्त छ भने मरेको भए पनि चिरञ्जीवी हुन्छ, यसमा कुनै सन्देह छैन। मानिस दुई किसिमका हुन्छन्, पहिलो बाँचीकन पनि मरेको, दोस्रो मरेर पनि धेरै समयसम्म जीवित रहने। जसले आफ्नो जीवनमा कुनै पनि राम्रो काम गर्दैन, जसको धर्मको झोला रित्तो छ अर्थात् (धर्म गरेकै छैन) त्यस्ता धर्महीन मानिस बाँचे पनि मरेसमान हुन्छन्। जसले आफ्नो जीवनमा अर्काको कुभलो चिताउँदैन, धर्मको सञ्चय गरेरै मर्छ, उसलाई मरेपछि पनि समाजले सम्झिरहन्छ र आफ्ना कीर्तिद्वारा लामो समयसम्म बाँचिरहन्छ।

धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते ॥
अजागलस्तनस्येव तस्य जन्म निरर्थकम् ॥९॥

धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थमध्ये जुन मनुष्यले एउटा पुरुषार्थ पनि आर्जन गरेको छैन भने त्यस्तो व्यक्तिको जन्म बाखाको घाँटीमा उम्रने लुर्को वा स्तनजस्तै निरर्थक हुन्छ। जसरी बाखीका घाँटीमा रहने मासुका लुर्का बेकाम्मा हुन्छन्, त्यसैगरी कुनै पुरुषार्थ गर्न नसक्ने व्यक्तिको जन्म कुनै प्रयोजनरहित हुन्छ। त्यस्तो व्यक्ति जन्मनुको कुनै काम छैन।

दह्यामानाः सुतीक्ष्णेन नीचाः परयशोऽग्निना ॥
अशक्तास्तत्पदं गन्तुं ततो निन्दं प्रकुर्वते ॥१०॥

दुर्जन-नीच मानिस आफू उन्नति गर्न नसकी अरूका कीर्तिरूपी तीक्ष्ण अग्निद्वारा (अर्काको कीर्ति फैलिएको र सो कीर्तिरूपी आगोको रापलाई सहन नसकी) डह्दछन्। त्यसपछि उन्नति गरेको व्यक्तिको निन्दा गर्न थाल्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिल्सिएका हुनाले र तिनको स्थान प्राप्त गर्न नसकेकाले नीचहरू सज्जनहरूको निन्दा गर्न थाल्दछन् ।

बन्धाय: विषयासक्तं मुक्त्यै निर्विषयं मन: ॥
मन एव मनुष्याणां कारणं बन्धमोक्षयो: ॥११॥

विषयमा आशक्त भएको मन नै मानिसका लागि वन्धन उत्पन्न गराउने हुन्छ भने विषयप्रति कुनै आशक्ति नभएको मन मुक्तिको साधन वन्दछ । त्यसकारण मन नै मानिसको वन्धन र मुक्तिको कारण हो ।

देहाभिमाने गलिते ज्ञानेन परमात्मन: ॥
यत्र यत्र मनो याति तत्र तत्र समाधय: ॥१२॥

परमात्माको ज्ञानद्वारा शरीर नै म हुँ भन्ने अभिमान चूर्ण भएपछि मन जता-जता जान्छ त्यतै-त्यतै समाधि रहन्छ भन्ने सम्झनुपर्छ ।

ईप्सितं मनस: सर्वं सम्पद्यते सुखम् ॥
दैवायत्तमत: सर्वं तस्मात्संतोषमाश्रयेत् ॥१३॥

दुनियाँ कुनै पनि यस्तो छैन जसले सम्पूर्ण इच्छा पूर्ति गर्न सकेको होस् वा जसलाई मनले चिताएजति सुख प्राप्त भएको होस् । सुख-दु:ख पाउनु भनेको भाग्यको अधीनमा छ, व्यक्तिको अधीनमा होइन अत: जो चिज आफ्नो वशमा छैन त्यसका लागि दु:खी नभई सन्तोष लिनुपर्छ ।

यथा धेनुसहस्रेषु वत्सो गच्छति मातरम् ॥
तथा यच्च कृतं कर्म कर्तारमनुगच्छति ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी हजारौं गाई चरिरहेको ठाउँमा वाच्छो छाडियो भने नवोल्ने त्यो वाच्छो घुम्दै-घुम्दै आफ्नी आमकहाँ पुग्छ ऊ अरू कुनै गाईका छेउमा जाँदैन त्यस्तै व्यक्तिले पनि जुनसुकै राम्रो काम वा खराव काम गर्दछ उसको कर्मको फल पनि उसकै पछि लाग्छ। त्यस किसिमको फल उसले भोग्नैपर्छ। यसैले मानिसले सधैं राम्रा र असल कार्य मात्र गर्नुपर्छ।

अनवस्थितकार्यस्य न जने न वने सुखम् ॥
जने दहति संसर्गो वनं संगविवर्जनम् ॥१५॥

जसको मन स्थिर हुँदैन र अव्यवस्थित काम गर्दछ त्यस्तो व्यक्तिले न समाजमा सुख पाउँछ न त वनमा नै। मनिसका वीच समाजमा वस्दा तिनीहरूको सङ्गतले उसको मन जल्दछ। वनमा एक्लोपनले झनै मनलाई जलाउँछ। अतः मन चञ्चले भयो भने दुःख पाइन्छ।

खनित्रेण खनित्वैव भूतले वारि विन्दति ॥
तथा गुरुगतां विद्यां शुश्रूषुरधिगच्छति ॥१६॥

जसरी कोदालोले खनेर जमिनवाट पानी निकालिन्छ त्यसरी नै गुरुको सेवा गर्ने विद्यार्थीले गुरुमा रहेको विद्या प्राप्त गर्दछ।

कर्मायत्तं फलं पुंसां बुद्धिः कर्मानुसारिणी ॥
तथापि सुधियश्चाऽऽर्याः सुविचार्यैव कुर्वते ॥१७॥

यद्यपि, मानिसलाई कर्मअनुसार नै फल मिल्छ र वुद्धि पनि कर्मकै अधीन छ तथापि वुद्धिमान् व्यक्तिले विचार पुऱ्याएर नै काम गर्ने गर्दछन्।

एकाक्षरप्रदातारं यो गुरुं नाभिवन्दते ॥
श्वानयोनिशतं भुक्त्वा चाण्डालेष्वभिजायते ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक अक्षरै भए पनि ज्ञान दिने गुरुलाई जसले वन्दना (नमस्कार) गर्दैन उसले सयचोटि कुकुरको योनीमा जन्म लिएपछि पनि उसले चाण्डाल योनीको जन्म पाउँछ ।

युगान्ते प्रचलेन्मेरु कल्पान्ते सप्त सागराः
साधवाः प्रतिपन्नार्थान्न चलन्ति कदाचन ॥१९॥

ठूला महापुरुष आफ्ना आचार-विचारमा सदैव दृढ रहन्छन् जव कि युगको अन्तमा सुमेरु पर्वतले पनि आफ्नो ठाउँ छोड्छ । कल्प समाप्त भएपछि समुद्रमा पानीले आफ्नो सीमा नाघ्दछ र पृथ्वीलाई जलमग्न वनाइदिन्छ तर सज्जनले आफ्नो सच्चाइ र परोपकारको वाटोलाई कहिल्यै पनि छाड्दैन ।

चाणक्यनीतिको तेह्रौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं अध्याय

पृथिव्यां त्रीणि रत्नानि जलमन्नं सुभाषितम् ॥
मूढैः पाषाणखण्डेषु रत्नसंज्ञा विधीयते ॥१॥

पृथ्वीमा तीन प्रकारका रत्न छन्- जल, अन्न र सुभाषित मीठो वचन वा सूक्ति । तर, मूर्खहरूले पत्थरका टुक्रालाई रत्नको नाम दिएका छन् ।

दारिद्र्यरोगदुःखानि बन्धनव्यसनानि च ॥
आत्मपराधवृक्षस्य फलान्येतानि देहिनाम् ॥२॥

दरिद्रता, रोग, दुःख, बन्धन र व्यसन यी सबै मानिसका आत्मपराधरूपी रूखका फल हुन् । यी सबैलाई मानिसको कर्मको फल पनि भनिन्छ । माटोमा जसले जस्तोखाले बीउ रोपेको हुन्छ फल पनि त्यसैअनुसार पाउँछ । यसैले मनुष्यले सधैंभरि असल कार्यहरू गर्दै जानुपर्दछ ।

पुनर्वित्तिं पुनर्मित्रं पुनर्भार्या पुनर्मही ॥
एतत्सर्वं पुनर्लभ्यं न शरीरं पुनः पुनः ॥३॥

व्यक्तिलाई जीवनमा धन, मित्र, पत्नी, पृथ्वी (जग्गाजमिन) यी सबै बारम्बार प्राप्त हुन्छन् तर शरीरबाट प्राण गइसकेपछि मनुष्य शरीर फेरि पाइँदैन । जस्तै, धन नाश भए फेरि कमाउन सकिन्छ, मित्र रिसाए अरू मित्र हुन्छन् । पत्नी पनि एउटा नभए अर्को ल्याउन सकिन्छ । जग्गा-जमिन गएमा दोस्रो किन्न सकिन्छ किन्तु शरीर भने एकपटक नाश भएपछि दोस्रोपटक पाइँदैन ।

बहूनां चैव सत्त्वानां समवायो रिपुञ्जयः ॥
वर्षधाराधरो मेघस्तृणैरपि निवार्यते ॥४॥

शत्रु चाहे जतिसुकै बलियो किन नहोस् साना-साना धेरै व्यक्ति मिलेर उसको सामूहिक प्रतिकार गऱ्यो भने निरस्त पार्न सकिन्छ । साना त्यान्द्राले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको (छाएको) घरमा जतिसुकै मुसलधारे पानीको वर्षा भए पनि पानी चुहिँदैन । सानामा एकता भयो भने ठूलाले हेप्न सक्दैन, एकतामा ठूलो शक्ति अन्तर्निहित छ ।

जले तैलं खले गुह्यं पात्रे दानं मनागपि ॥
प्राज्ञे शास्त्रं स्वयं याति विस्तारं वस्तुशक्तितः ॥५॥

पानीमा तेल, दुष्टलाई गोप्य कुरा, सत्पात्रलाई दिएको दान र वुद्धिमान्लाई दिइएको ज्ञान धेरै भए पनि आफसेआफ फैलिन्छ । जस्तै, पानीमा एक थोपा तेल हाल्यो भने त्यो पूरा पानीभरि फैलिन्छ (फिंजिन्छ), दुष्टलाई (चुक्ली गर्नेलाई) गोप्य कुरा भनेको छ भने त्यो कुरा दुष्टले सारालाई फैलाउँछ । सत्पात्रलाई दान दिएको छ भने दिएको भन्दा पनि बढाएर फैलाउँछन् । वुद्धिमान्मा थोरै भए पनि विद्या छ भने त्यो विद्याको प्रचार उनीहरू आफैँले गर्छन् ।

धर्माख्याने श्मशाने च रोगिणां या मतिर्भवेत् ॥
सा सर्वदैव तिष्टेच्चेत् को न मुच्येत बन्धनात् ॥६॥

धार्मिक कथा सुनिसकेपछि, श्मशानमा पुगेपछि, रोगीलाई देखेपछि व्यक्तिको मन र वुद्धि जसरी वैराग्ययुक्त हुन्छ त्यस्तै वैराग्य अन्य दिनमा पनि भए वन्धनवाट को मुक्त हुँदैन र ? अर्थात् कुनै वस्तु वा पदार्थ देख्दा उत्पन्न ज्ञान एकछिन मात्र हुन्छ यसले स्थायित्व पाउँदैन । धर्मको कथामा, श्मशानमा र यस शरीरमा रोग लागेपछि मानिसको स्वभावमा परिवर्तन र वैराग्य उत्पन्न भई ईश्वरभक्तिको भावना जागृत त हुन्छ तर यो क्षणिक नै हो । यस्तो भावना क्षणिक नभई स्थायी भयो भने प्राणीमात्रको कल्याण हुनेछ ।

उत्पन्नपश्चात्तापस्य बुद्धिर्भवति यादृशी ॥
तादृशी यदि पूर्वं स्यात्कस्य न स्यान्महोदयः ॥७॥

गल्तीपछि पश्चाताप गरेका व्यक्तिको जस्तो वुद्धि हुन्छ यदि यस्तो बुद्धि गल्ती गर्नुभन्दा पहिले नै आएको भए त कसले उन्नति गर्दैन र ? किन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पछुताउनुपर्ला र ? अर्थात् खराब काम गरेमा पछुताउ हुन्छ, बुद्धि ठेगानामा आउँछ, यस्तै बुद्धि गल्ती हुनुभन्दा पहिले नै अएमा पछुताउनैपर्दैन । अतः कुनै पनि काम गर्नुभन्दा पहिले सोची-विचारी गर्नुपर्छ ।

दाने तपसि शौर्ये वा विज्ञाने विनये नये ॥
विस्मयो न हि कर्तव्यो बहुरत्ना वसुन्धरा ॥८॥

मानव मात्रले दान, तपस्या, सुन्याइँ, विद्वत्ता, सुशीलता र नीतिनिपुणताका वारेमा कहिल्यै आश्चर्य मान्नुहुँदैन किनकि यसै पृथिवीमा एकसेएक दानी, तपस्वी, शूर, विद्वान् नीतिनिपुणहरू छन् । कुनै पनि कार्यक्षेत्रमा आफूलाई अति विशिष्ट मान्नु मूर्खता हो । यस किसिमको अहंकार नै मानव मात्रको दुःखको कारण बन्छ र मानिसलाई विगारेरै छाड्छ ।

दूरस्थोऽपि न दूरस्थो यो यस्य मनसि स्थितः ॥
यो यस्य हृदये नास्ति समीपस्थोऽपि दूरगः ॥९॥

जो व्यक्ति हृदयमा रहन्छ अर्थात् आत्मीय छ, ऊ टाढा भए पनि नजिकै हुन्छ । जो हृदयमा बसेको हुँदैन त्यो नजिकै भए पनि टाढा नै हुन्छ । अर्थात् जसको हृदयमा स्थान छ त्यो टाढा नै भए पनि नजिकै रहेसरी हो किनकि हर समय त्यो हृदयमै वसेको हुन्छ । जसका लागि हृदयमा स्थान छैन त्यो चाहे जति नै नजिक भए पनि टाढा रहेकै सरह हुनजान्छ ।

यस्य चाप्रियमिच्छेत्तु तस्य ब्रूयात्सदा प्रियम् ॥
व्याधो मृगवधं कर्तुं गीतं गायति सुस्वरम् ॥१०॥

जसको अप्रिय वा अहित गर्नु छ उसका अगाडि सदैव मिजासले प्रिय कुरा गर्नुपर्छ । जस्तै व्याधाले मृगको सिकार गर्नुपर्दा मृगलाई आकर्षित पार्न मीठा गीत गाई गीतको आवाजले नजिक आएको मृगलाई मार्ने गर्दछ । भनिएको छ 'बचने का दरिद्रता' बोलीमा किन सङ्कोच गर्नु । बोल्न धन खर्च गर्नुपर्दैन । किन वोलीमा दरिद्री बन्नु, मीठो बोलीमा नै आकर्षण छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यासन्ना विनाशय दूरस्था न फलप्रदाः ॥
सेव्यतां मध्यभागेन राजा वह्निगुरुः स्त्रियः ॥११॥

राजा, आगो, गुरु र स्त्री यी ४ (चार) का धेरै नजिक वस्नु ठीक होइन। धेरै टाढा वस्दा पनि आफ्नो काम वन्दैन। अतः बीचमा नै रहनुपर्छ। यिनसँग धेरै टाढा वा नजिकमा नरही वीचमा वसेर कार्य गर्दा सबै काम सफल हुन्छन्।

अग्निरापः स्त्रियो मूर्खाः सर्पा राजकुलानि च ॥
नित्यं यत्नेन सेव्यानि सद्यः प्राणहराणि षट् ॥१३॥

आगो, पानी, स्त्री, मूर्ख, सर्प र राजकुल (राजपरिवार) यी छ थरीसँग सधैँ नै यत्न र विचारपूर्वक व्यवहार गर्नुपर्दछ नत्रभने चाँडै नै यिनले प्राणहरण गर्न सक्छन्।

स जीवति गुणा यस्य यस्य धर्मः स जीवति ॥
गुणधर्मविहीनस्य जीवितं निष्प्रयोजनम् ॥१४॥

जसको गुण छ उही जीवित रहन्छ। जसमा धर्म छ, उही नै जीवित पनि हुन्छ। गुण र धर्मले हीन मानिसको जीवन व्यर्थ छ। अर्थात् जो गुणी छ र जसले पुण्य-धर्मको काम गर्दछ त्यही व्यक्तिलाई जीवित भएको भन्नुपर्छ। तर, जो गुणहीन छ अनि राम्रा-राम्रा काम र धर्म-पुण्य गर्दैन त्यस्ताले बाँचेको कुनै अर्थ रहँदैन। यस किसिमका व्यक्ति बाँचेकै भए पनि मरेतुल्य हुन्छन्।

यदीच्छसि वशीकर्तुं जगदेकेन कर्मणा ॥
परापवादसस्येभ्यो गां चरन्तीं निवारय ॥१५॥

यदि एउटा मात्र काम गरेर सम्पूर्ण संसारलाई वशीभूत पार्न चाहन्छौ भने अर्काको निन्दारूपी खेती खान लागिरहेको जीब्रारूपी गाईलाई त्यसबाट हटाऊ अर्थात् अर्काको कुरा काट्ने जीब्रामाथि नियन्त्रण गर।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावसदृशं वाक्यं प्रभावसदृशं प्रियम् ॥
आत्मशक्तिसमं कोपं यो जानाति स पण्डितः ॥१६॥

जो मनुष्य प्रसङ्ग अनुकूल पर्ने गरी कुरा गर्न, आफ्नो प्रभावअनुसार प्रिय कुरा गर्न र शक्तिअनुसार रिस गर्न जान्दछ ऊ नै समझदार व्यक्ति हो। आशय यो हो कि सभामा कतिखेर के बोल्नुपर्छ, कोसँग प्रेमपूर्ण कुराकानी गर्दा प्रभाव पर्छ, कहाँ कतिवेला रिस देखाउनुपर्छ, यी सब कुराको ख्याल गरी काम गर्नेलाई बुद्धिमान् भन्नुपर्छ।

एक एव पदार्थस्तु त्रिधा भवति वीक्षितः ॥
कुपणं कामिनी मांसं योगिभिः कामिभिः श्वभिः ॥१७॥

एउटै वस्तु नारीदेहलाई कामी व्यक्तिले कामिनीका रूपमा, योगीहरूले ज्यादै दुर्गन्ध आउने मृतदेहका रूपमा (मुर्दाका रूपमा) र कुकुरले मासुका रूपमा गरी तीन प्रकारले देख्छन्। जस्तै, वस्तु एउटै छ, तर हेर्ने आँखा आफ्ना छन्। यिनै आँखाले एउटी स्त्रीको शरीरलाई योगीले गन्हाउने मुर्दा देख्दछन् र घृणा गर्छन्, रसिक (कामी) पुरुषले स्त्रीलाई लोभी आँखाले हेर्छ र भोगको वस्तु सम्झन्छ तर कुकुरले भने एउटा मासुको डल्लो सम्झेर खाने वस्तुका रूपमा देख्छ र लुछ्ने इच्छा गर्दछ।

सुसिद्धमौषधं धर्मं गृहच्छिद्रं च मैथुनम् ॥
कुभुक्तं कुश्रुतं चैव मतिमान्न प्रकाशयेत् ॥१८॥

बुद्धिमान्ले प्रसिद्ध औषधि, धर्म, आफ्नो घरको कमीकमजोरी, मैथुन गरेको, खाएको नराम्रो भोजन, सुनेको खराब कुरा यी विषयलाई गोप्य राख्नुपर्छ। अर्थात् प्रसिद्ध औषधि, धर्म, घरको नराम्रो कुरा, सम्भोग कार्य, खराब भोजन र नराम्रो सुनेको कुरालाई प्रकट गर्नुहुँदैन किनकि प्रसिद्ध औषधि सबैलाई बताउँदै गएमा त्यसको प्रभाव समाप्त हुन्छ। आफ्नो धर्म वा कर्तव्य पनि कसैलाई भन्नुहुँदैन, खाली आफूले पालन गर्नुपर्छ। आफ्नो घरको कमीकमजोरीलाई बाहिर भन्यो भने आफ्नै बदनाम हुन्छ, आफैं मूर्ख बनिन्छ। मैथुन गरेको विषयलाई बढी प्रकाश पार्नुहुँदैन, बताइयो भने अश्लीलता बढेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

असभ्य होइन्छ। भूल नै गरेर भए पनि कुनै अखाद्य चिज वस्तु खाइयो भने त्यो पनि बताउनुहुँदैन। कसैले कुनै गलत र भन्नै नहुने कुरा भनेछ नै भने पनि त्यो प्रकाश गर्नुहुँदैन, गोप्य राख्नुपर्छ।

तावन्मौनेन नीयन्ते कोकिलैश्चैव वासराः ॥
यावत्सर्वजनानन्ददायिनी वाक् प्रवर्तते ॥१९॥

आशय यो हो कोइली वसन्तुऋतु (चैत, वैशाख) जबसम्म लाग्दैन तवसम्म चूप भएर वस्छ, वसन्त ऋतु लागेपछि वोल्न थाल्छ। उसको बोलीले प्राणीहरू सबैलाई आनन्द पनि दिन्छ। अतः मीठो वोल्नु वेस हो। नराम्रो र अप्रिय बोली नबोल्नु नै उत्तम छ।

धर्मं धनं च धान्यं च गुरोर्वचनमौषधम् ॥
संगृहीतं च कर्तवयमन्यथा न तु जीवति ॥२०॥

धर्म, धन, धान, गुरुको वचन र औषधि यी जम्मा गरेर- सङ्ग्रह गरेर राख्नुपर्छ अन्यथा मासिक बाँच्न सक्दैन। मानिसले आफ्नो जीवनमा धेरैभन्दा धेरै धर्म हुने काम गर्नुपर्छ, धन कमाउनुपर्छ, गुरुजनबाट राम्रा कुरा सिक्नुपर्छ, औषधिहरू पनि बटुलेर राख्नुपर्छ तव नै सुखपूर्वक बाँच्न सक्छ अन्यथा जीवनमा कल्याण हुँदैन र राम्ररी बाँच्न सक्दैन।

त्यज दुर्जनसंसर्गं भज साधुसमागमम् ॥
कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम् ॥२१॥

दुष्टहरूको सङ्गत छाड। सज्जनको सङ्गत गर, रातदिन राम्रा-राम्रा काम गर। सधैं ईश्वरको भजन-कीर्तन गर। संसार अनित्य छ भन्ने कुराको नित्य स्मरण गर्नुपर्छ। यही नै मनुष्यको धर्म र कर्तव्य हो।

चाणक्यनीतिको चौथो अध्याय

पूरा भयो।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं अध्याय

यस्य चित्तं द्रवीभूतं कृपया सर्वजन्तुषु ॥
तस्य ज्ञानेन मोक्षेण किं जटाभस्मलेपनैः ॥१॥

जुन मानिसको हृदय सम्पूर्ण प्राणीमाथि दयाले द्रवीभूत हुन्छ त्यस्ताका लागि ज्ञान, मोक्ष, जटा, भष्मलेपन आदिको आवश्यकता छैन ।

आशय यो हो जुन मानिसका हृदयमा मानिस, पशुपक्षी, जीवजन्तु सकल प्राणीका लागि अगाध दया रहन्छ, ऊ नै सच्चा मानिस हो । उसलाई आत्मज्ञान, मोक्ष, जटाधारण, खरानी (भष्म) को तिलक चन्दन आदि लगाइरहनुपर्ने कुनै आवश्यकता रहँदैन ।

एकमेवाक्षरं यस्तु गुरुः शिष्यं प्रबोधयेत् ॥
पृथिव्यां नास्ति तद् द्रव्यं यद्दत्वा चाऽनृणी भवेत् ॥२॥

जुन गुरुले एकै अक्षर मात्र भए पनि ज्ञान गराउँछन् तिनै गुरुको ऋणवाट मुक्त हुनका लागि कुनै पनि छात्रमा गुरुयोग्य दक्षिणा दिन यस पृथ्वीमा कुनै पदार्थ रहेको छैन । यस संसारमा ज्ञानका लागि कुनै निग्रह नै छैन ।

खलानां कण्टकानां च द्विविधैव प्रतिक्रिया ॥
उपानान्मुखभंगो वा दूरतैव विसर्जनम् ॥३॥

दुष्ट र काँढाको दुई प्रकारले उपचार गरिन्छ, जुत्ताले कुल्चिदिएर मुख बिगारिदिनु अथवा यी दुईबाट आफूलाई टाढै राख्नु । यिनै दुई उपायद्वारा दुष्ट र काँढालाई हटाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुचैलिनं दन्तमलोपसृष्टं
बह्वाशिनं निष्ठुरभाषिणं च ॥
सूर्योदये चास्तमिते शयानं
विमुञ्चति श्रीर्यदि चक्रपाणिः ॥४॥

फोहोर लुगा लगाउने, दाँत नमाझी वस्ने वा दाँतमा काइ जमाइराख्ने, धेरै खाने, कटु भाषा (नमीठो वोली) वोल्ने, सूर्योदयदेखि सूर्यास्तसम्म सुतिरहनेलाई भगवान् विष्णु नै भए पनि लक्ष्मीले त्यागिदिन्छिन् ।

त्यजन्ति मित्राणि धनैर्विहीनं
दाराश्च भृत्याश्च सुहृज्जनाश्च ॥
तं चार्थवन्तं पुनराश्रयन्ते
ह्यर्थो हि लोके पुरुषस्य बन्धुः ॥५॥

मित्र, स्त्री, वन्धु र नोकरचाकर यी सवैले धन नभएको पुरुषलाई छोडिदिन्छन् र फेरि धनवान् भयो भने उसैको आश्रय लिन्छन् । अतः यो पक्का हो कि धनभन्दा ठूलो संसारमा कुनै अर्को वस्तु छैन र सम्पूर्ण कुराको बन्धु पनि धन नै हो ।

अन्यायोपार्जितं द्रव्यं दशवर्षाणि तिष्ठति ॥
प्राप्ते चैकादशे वर्षे समूलं च विनश्यति ॥६॥

अन्याय गरेर कमाएको धन दश वर्षसम्म टिक्दछ । एघारौं वर्ष लागेपछि मूलधनसहित सम्पूर्ण नाश हुन्छ, टिकाउ रहँदैन ।

अयुक्तं स्वामिनो युक्तं नीचस्यं दूषणम् ॥
अमृतं राहवे मृत्युर्विषं शंकरभूषण् ॥७॥

सवै किसिमले समर्थ वा शक्तिशाली व्यक्तिको अनुचित कार्य पनि उपयुक्त वा उचित वन्दछ । सामर्थ्य नभएका नीच वा अधमका लागि उचित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य पनि अनुचित वन्छ । 'ठूला व्यक्तिले लगाएको पित्तल पनि सुन र गरीव व्यक्तिसँगको सुन पनि पित्तल' भनेजस्तै हो । 'भगवान् शंकरका गलामा भएकाले विष पनि गहना भयो । राहुले भने अमृत पिउँदा पनि मृत्युलाई वरण गर्नुपर्‍यो, त्यस्तै सुसङ्गत गर्दा पनि असलसँग गरिएमा भगवान् शंकरका गलाको विष गहना हुनजान्छ, राहुको जस्तो कुसङ्गत भइदियो भने पिइएको अमृतले पनि मृत्यु भएजस्तै दुर्गति गराउँछ ।

तद्भोजनं यद्द्विजनं यद्द्विजभुक्तशेषं
तत्सौहृदं यत्क्रियते परस्मिन् ॥
स बुद्धिमान् यो न करोति पापं
दम्भं विना यः क्रियते स धर्मः ॥८॥

उत्तम भोजन त्यो हो जुन पहिले ब्राह्मणलाई भोजन गराएपछि वाँकी रहेको शेषका रूपमा खाइन्छ । असल प्रेम वा मित्रता त्यही हो जुन अर्कासँग गरिन्छ । बुद्धिमान् त्यो हो जसले पाप गर्दैन । छलकपट वा घमण्ड नगरी गरिएको कर्म नै धर्म हुन्छ । ब्राह्मण भोजन गराएपछि खानु उत्तम भोजन ठहरिन्छ । परायका साथ मीठो वोली र दया गर्नु सच्चा मित्रता हो । कुनै पनि पाप कर्ममा अग्रसर नहुनु वुद्धिमानी हो । घमण्ड (पाखण्डीपन) विना गरिने कर्मलाई धर्म भनिन्छ ।

मणिर्लुठति पादाग्रे काचः शिरसि धार्यते ॥
क्रम-विक्रमवेलायां काचः काचो मणिर्मणिः ॥९॥

मणि गोडामा दलिएको होस् वा काँच शिरमा लगाइएको होस्, किनवेच गर्ने बेलामा मणि मणि नै हुन्छ काँच काँचै हुन्छ । मूर्ख र विद्वान् उत्तम वा कमसल स्थान जहाँ रहे पनि मूर्ख मूर्ख नै हुन्छ, विद्वान् भने विद्वान् नै हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्तशास्त्रं बहुलाश्च विद्या
स्वल्पश्च कालो बहुविघ्नता च ॥
यत्सारभूतं तदुपासनीयं
हंसो यथा क्षीरमिवाम्बुमध्यात् ॥१०॥

शास्त्रहरू अनन्त छन्, विद्या अनेक छन् तर मानिसको जीवन अत्यन्तै छोटो छ, त्यसमा पनि विघ्नवाधा अनेकौं छन्। हाँसले पानीवाट पानी जति छाडेर दूधलाई छुट्याएझैं आफ्नो काममा आउने शास्त्र र विद्याको सार मात्र खिचेर लिनुपर्छ।

दूरागतं पथि श्रान्तं वृथा च गृहमागतम् ॥
अनर्चयित्वा यो भुङ्क्ते स वै चाण्डाल उच्यते ॥११॥

टाढावाट वाटोमा पैदल हिँडी थाकेको वटुवा होऊन् अथवा विनाकामले आफ्नो घरमा आएका अतिथि होऊन् तिनको आदर र सम्मान नगरी आफैं मात्र खाना खाने व्यक्ति चाण्डाल (नीच) मानिन्छ।

पठन्ति चतुरो वेदान् धर्मशास्त्राण्यनेकशः ॥
आत्मानं नैव जानन्ति दर्वी पाकरसं यथा ॥१२॥

चार वेद तथा मनु आदिद्वारा रचित अनेक धर्मशास्त्रको अध्ययन गरेपछि पनि जो व्यक्ति आत्मा-परमात्मालाई चिन्दैनन् वास्तवमा तिनको जीवन सदा स्वादिष्ट भोजनमा डुविरहने डाडु-पन्यूले भोजनले स्वाद नपाएजस्तै हुन्छ। वेदादिशास्त्रको अध्ययनपछि सर्वत्र विद्यमान् ईश्वरीय सत्ताको ज्ञान नहुने व्यक्ति डाडुसमान हो।

धन्या द्विजमयी नौका विपरीत भवार्णवे ॥
तरन्त्यधोगता सर्वे उपरिस्था पतन्त्यधः ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवसागररूपी यो संसारमा यो उल्टो दिशापट्टि जाने ब्राह्मणरूपी डुङ्गा प्रशंसनीय छ। यस डुङ्गाको मुनितिर वस्ने मानिस अर्थात् ब्राह्मणलाई ठूला मानेर झुक्ने र सम्मान गर्ने व्यक्ति भवसागरवाट पारी तर्न सक्छ। जसले ब्राह्मणप्रति नम्रतासाथ आस्था नराखी टाउकामा टेक्ने व्यक्तिको अधःपतन अवश्यम्भावी छ।

अयममृतनिधानं चाग्रगोऽप्यौषधीना-
ममृतमयशरीरः कान्तियुक्तोऽपि चन्द्रः ॥
भवति विगतरश्मिर्मण्डलं प्राप्य भानोः
परसदननिविष्टः को लघुत्वं न याति ॥१४॥

अमृतको घर, औषधिका मालिक, अमृतैअमृतको शरीर, कान्तिले युक्त चन्द्रमा पनि सूर्यमण्डलमा पुगेपछि तेजहीन हुन्छन् भने अर्काको घरमा वस्नेले चन्द्रमाको जस्तै तेजोवध भएको सहनुपर्छ भन्ने कुरा निश्चय पनि सत्य हो। अर्काका आश्रयमा बाँचेकाको सधैं लघुता रहन्छ नै, ऊ सदा हल्का भइरहन्छ।

अलिरयं नलिनीदलमध्यगः
कमलिनीमकरन्दमदालसः ॥
विधिवशात्परदेशमुपागतः
कुटजपुष्परसं बहु मन्यते ॥१५॥

भँमरो कमलिनीका पातको माझमा बसेर कमलिनीका रसले (पुष्परस) आनन्दित भईकन अल्छी भइरहन्थ्यो। जब दैववश परदेशमा आइपुग्छ अगस्तिफूल (करवीर) को पातको रस नै भए पनि उसलाई अमृततुल्य छ। कमलका तलाउमा बस्ने भँमराले कमलको रसलाई मामुली सम्झन्छ। कमल सुकेपछि भँमरो अन्यत्र जान्छ। अन्यत्र गइसकेपछि भने त्यहाँ पाइने मामुली करवीर फूलको रस पिउन पाएमा पनि ठूलो कुरा पाएको सम्झन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् सम्पन्न परिवारको व्यक्ति जहाँ हरेक सुविधा छ, त्यहीँ रमाउँछ तर कुनै समय वाहिर परदेश गएका बखत भने उसले त्यस्तो सुविधा पाउँदैन अनि उसले जहाँ जस्तो पाइन्छ, त्यसैमा चित्त बुझाउनुपर्छ ।

पीतः क्रुद्धेन तातश्चरणतलहतो वल्लभो येन रोषा-
दाबाल्याद्विप्रवर्यैः स्ववदनविवरे धार्यते वैरिणी या ॥
गेहं मे छेदयन्ति प्रतिदिवसमुमाकान्तपूजानिमित्तं
तस्मात् खिन्न सदाहं द्विजकुलनियलयं नाथ ! युक्तं त्यजामि ॥१६॥

समुद्रकी छोरी विष्णुपत्नी लक्ष्मी भन्दछिन्:

जसले रिसले मेरा बाबुलाई पान गरे (पिए), जसले रिसाएर मेरा पतिलाई छातीमा लात्ताले हिर्काए, जसको बाल्यावस्थादेखि नै मेरो शत्रु बनेकी सरस्वतीलाई अँगाले, जसले शिवको पूजा गर्न दिनदिनै मेरो घररूप कमललाई भत्काइदिए यस्ता ब्राह्मणले नै मेरो सर्वनाश गरे । अतः म यिनीहरूको घर छोड्छु, बस्दिन ।

अगस्त्य ऋषि ब्राह्मण थिए । तिनले लक्ष्मीका पिता समुद्रलाई पान गरी सुकाइदिए । अर्का ब्राह्मण ऋषि भृगुले लक्ष्मीपति विष्णुका छातीमा लात्तीले हिर्काए । सरस्वतीसँग मेरो जन्मैदेखि वैरभाव छ । ब्राह्मणका बच्चाहरू बालककालदेखि नै सरस्वतीको वन्दना (स्तुति) गर्न लाग्छन् । शिवका पूजा गर्न भनी ब्राह्मणहरू नै मेरो घररूप कमलको फूल टिपी उजाड गरिदिन्छन् । यी ब्राह्मणहरूले मलाई हरेक प्रकारले हानि पुऱ्याएको हुँदा म यिनका घरमा कहिल्यै पनि जान्न, बस्दिन पनि ।

यस श्लोकको तात्पर्य ब्राह्मणहरू निर्धन हुने गर्छन् । उनकहाँ धनकी देवी लक्ष्मी बस्दिनन् तर विद्या र ज्ञानकी देवी सरस्वतीले भने आफ्नो वासस्थल बनाएकी हुन्छिन् भन्ने हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धनानि खलु सन्ति बहूनि
प्रेमरज्जुकृतबन्धनमन्यत् ।
दारुभेदनिपुणोऽपि षडङ्घ्रि-
निष्क्रियो भवति पंकजकोशे ॥१७॥

बन्धन अनेकौं छन् किन्तु प्रेमको डोरीले बनाइएको बन्धन भने अर्केखाले हुन्छ। काठमा प्वाल पार्न निपुर्ण भँमरो कमलका कोशमा जाँदा बेकामे बन्न पुग्छ अर्थात् केही गर्न सक्दैन।

बन्धन संसारमा धेरै छन् तर प्रेमको वन्धन अरूभन्दा भिन्न किसिमको छ। ठूला-ठूला धूर्त व्यक्तिलाई पनि यसले बेकार बनाउँछ। भँमरालाई नै हेरौं, काठमा प्वाल पारेर धूलो बनाउने शक्ति भए पनि सूर्यास्त भएपछि कमलको फूलभित्र वन्द हुँदा कमललाई काटेर निस्कन सक्दैन। भमरालाई कमलको फूल अति प्रिय छ, काठलाई जस्तै गरी यसले कमललाई प्वाल पार्दैन। रातभर कमलको फूलभित्र कैदीजस्तो बनेर बसिरहन्छ। यसैले प्रेमको वन्धन ज्यादै गहिरो छ, प्रेमबन्धन कमालको छ।

छिन्नोऽपि चन्दनतरुर्जजहाति गन्धं
वृद्धोऽपि वारणपतिर्न जहाति लीलाम् ॥
यन्त्रार्पितो मधुरतां न जहाति चेक्षुः
क्षीणोऽपि न त्यजति शीलगुणं कुलीनः ॥१८॥

चन्दनको रूख काटिए पनि त्यसवाट बास्ना आउन छाड्दैन। हात्तीले आफू बूढो भए पनि भोग विलास गर्न छाड्दैन। उखुले कोलमा पेले पनि मधुरता गुलियोपन छाड्दैन। कुलीन पुरुष दरिद्र नै भए पनि आफ्नो शील र गुणलाई त्याग्दैन, गुणशील व्यक्तिले जस्तै आपद्-विपद् परे पनि आफ्नो गुणलाई त्याग्ने इच्छा गर्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उर्व्यां कोऽपि महीधरो लघुतरोऽङ्गुल्या धृतो लीलया
तेन त्वं दिवि भूतले च सततं गोवर्द्धनो गीयसे ॥
त्वां त्रैलोक्यधरं वहामि कुचयोरग्रे न तद्गण्यते
किं वा केशव ! भाषणेन बहुना पुण्यैर्यशो लभ्यते ॥१९॥

हे केशव ! पृथ्वीमा रहेको कुनै सानो पर्वत तिमीले लीलापूर्वक औंलाले उठाएर धारण गऱ्यौ । त्यसकारण तिमी स्वर्ग, मर्त्य दुवै लोकमा गोवर्द्धन नामले प्रख्यात भयौ र तिम्रो कीर्ति सवैतिर गाइन्छ । तर, म तीनै लोकलाई धारण गर्ने तिमी- कृष्णलाई (कालो रङ्लाई) मेरा स्तनमा अग्रभागमा धारण गर्दछु तर त्यसको कुनै गणना हुँदैन । धेरै कुरा गरेर के काम, यश भन्ने कुरा पुण्यले पाइन्छ ।

चाणक्यनीतिको पन्ध्रौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं अध्याय

न ध्यातं पदमीश्वरस्य विधिवत्संसारविच्छित्तये
स्वर्गद्वारकपाटपाटनपटुधर्मोऽपि नोपार्जितः ॥
नारीपिनपयोधरोरुयुलं स्वप्नेऽपि नालिङ्गितं
मातुः केवलमेव यौवनच्छेदे कुठारा वयम् ॥१॥

संसारदेखि मुक्त हुनका लागि विधिवत् ईश्वरका पदको ध्यान मवाट केही पनि भएन । स्वर्गद्वारको ढोका खोल्न धर्म पनि गरिएन । युवतीका कठोर स्तन र जाँघको आलिङ्गन सपनामा पनि गर्न पाइन । म केवल आफ्नी आमाको यौवनरूपी वृक्षलाई काट्ने बञ्चरो मात्र भएँ अर्थात् आमाको चढ्दो उमेर (तारुण्य) लाई विगार्न मात्र जन्मिएको रहेछु । धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थमध्ये कुनै पनि प्राप्त गर्न नसक्दै जीवन व्यर्थै पो गएछ ।

जल्पन्ति सार्द्धमन्येन पश्यन्त्यन्यं सविभ्रमाः ॥
हृदये चिन्तयन्त्यन्यं न स्त्रीणामेकतो रतिः ॥२॥

स्त्रीहरू एउटासँग कुरा गर्छन्, कर्के आँखाले अर्कालाई हेर्छन् मनले कुनै तेस्रो व्यक्तिलाई चाहन्छन् । यसैले स्त्रीहरूको प्रेम एकजनासँग मात्र हुँदैन ।

यो मोहान्मन्यते मूढो रक्तेयं मयि कामिनी ॥
स तस्या वसगो भूत्वा नृत्येत् क्रीडाशकुन्तवत् ॥३॥

जो मूर्ख पुरुष मोहित हुँदै यी कामिनीले मैमाथि मात्र प्रेम गरेकी छन् भन्ने विचार गर्छ त्यो मूर्ख त्यही स्त्रीका वशमा परी तमासा देखाउने खेलको चरा (पक्षी) समान भई जता नचायो त्यतै नाच्न थाल्दछ अर्थात् आइमाईको कठपुतली बन्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोऽर्थान्प्राप्य न गर्वितो विषयिणः कस्यापदोऽस्तं गतः
स्त्रीभिः कस्य न खण्डितं भुवि मनः को नाम राजप्रियः ॥
कः कालस्य न गोचरत्वमगमत् कोऽर्थी गतो गौरवम्
को वा दुर्जनवागुरासु पतितः क्षेमेण यातः पथि ॥४॥

को त्यस्तो व्यक्ति छ जो धन पाएर घमण्ड नगरोस् । भोग विलासी व्यक्तिको के दुःख समाप्त भयो त ? स्त्रीहरूले कसको मन खण्डित पारेनन् होला ? कुन मानिस राजाको प्यारो वन्यो ? कालको दृष्टि कसमा परेको छैन ? कुन भिखारी (माग्ने) ले सम्मान पाएको छ ? कुन त्यस्तो व्यक्ति छ जसले दुष्टहरूको दुष्टतारूपी जालमा परेको छँदा सांसारिक यात्रामा कुशलताका साथ समय विताउन पाएको छ ?

अर्थात् धन प्रशस्त पाएपछि सबैमा घमण्ड चढ्छ ।

विषयवासना र खराव सङ्गतमा लागेर कसैको पनि दुःख हट्दैन । स्त्रीहरूले सवै पुरुषको मन डगमगाइदिन्छन् । कुनै पनि व्यक्ति शासकको प्रिय पात्र वन्दैन । कालबाट कोही बाँच्न सकेको छैन । भीख माग्ने व्यक्तिउपर कसैको आदर (सम्मान) रहँदैन । दुष्टहरूका साथ रहने (वस्ने) व्यक्ति कुशलतापूर्वक रहन सक्दैन ।

न निर्मितः केन न दृष्टपूर्वो न श्रूयते हेममयः कुरङ्गः ॥
तथापि तृष्णा रघुनन्दनस्य विनाशकाले विपरीतबुद्धिः ॥५॥

सुनको जीवित मृग न त कसैले वनाए, न कसैले देखे, न यो सुन्नमा नै आयो तर पनि रघुनन्दन (रामचन्द्र) मा तृष्णा पलायो वास्तवमा नाश हुने समयमा वुद्धि पनि विपरीत (उल्टो) हुन जाँदोरहेछ ।

व्रह्माले सृष्टि गर्दा सुनको जीवित मृग वनाएनन् न त यसलाई कसैले देखे, न त सुने फेरि पनि रामको मनमा सुनको मृग देख्दा तृष्णा उब्ज्यो । त्यसलाई मार्न हिँड्नुभयो । हुनै नसक्ने कुरामा विश्वास गरियो । अविश्वास गर्ने जरुरतै परेन । रामलाई पनि दोष किन दिने ? किनकि विनाशकाल लागिसकेको थियो, दुःख जो पर्नु थियो परिनैगयो । दुःख आइलाग्ने वेलामा वा विनाशकालमा व्यक्तिको वुद्धि उल्टो हुने गर्दछ ।

गुणैरुत्तमतां याति नोच्चैरासनसंस्थितः ॥
प्रासादशिखरस्थोऽपि काकः किं गरुडायते ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणले नै मानिस ठूलो हुन्छ न कि कुनै अग्लो ठाउँमा बसेर राजाको दरबारको कौसीमा बसेर काग के गरुड बन्दछ र ? मानिस गुणले ठूलो हुन्छ, अग्ला ठाउँमा बसेर होइन । राजमहलको टुप्पामा बसेको काग गरुड हुँदैन, कागै हुन्छ । अतः सर्वत्र गुण नै पूज्य हुन्छ ।

गुणाः सर्वत्र पूज्यन्ते न महत्योऽपि सम्पदः ॥
पूर्णेन्दुः किं तथा वन्द्यो निष्कलंकको यथा कृशः ॥७॥

गुण नै सबैतिर पुजिन्छ । धेरै नै धन भए पनि धनी व्यक्ति सर्वत्र पूज्य हुँदैन । किनकि, भर्खर उदाएका द्वितीयाका चन्द्रमाको जसरी पूजा गरिन्छ । त्यस्तै पूर्णचन्द्रमाको पूजा हुँदैन । गुणी व्यक्तिलाई धनी व्यक्तिलाई भन्दा बढी आदरसत्कार गरिन्छ ।

परस्तुतगुणो यस्तु निर्गुणोऽपि गुणी भवेत् ॥
इन्द्रोऽपि लघुतां याति स्वयं प्रख्यापितैर्गुणैः ॥८॥

यदि गुणहीन व्यक्ति भए पनि अरू त्यस्तो व्यक्तिद्वारा प्रशंसा गरियो भने प्रशंसित व्यक्ति ठूलो हुन्छ । आफ्नो प्रशंसा आफैंले गऱ्यो भने इन्द्र पनि छोटा (सामान्य) हुन पुग्दछन् । अतः सच्चा गुण भएको व्यक्ति त्यस्तालाई भनिन्छ जसको प्रशंसा अरूले गरुन् ।

विवेकिनमनुप्राप्ता गुणा यान्ति मनोज्ञताम् ॥
सुतरां रत्नमाभाति चामीकरनियोजितम् ॥९॥

गुण पनि योग्य र विवेकशील व्यक्तिमा रहेको छ भने मात्र सुन्दर (राम्रो) लाग्छ किनकि सुनमा जडिएको रत्न नै राम्रो हुन्छ ।

गुण कुनै समझदार व्यक्तिमा भयो भने मात्र फाइदा दिने हुन्छ । त्यही नै गुण कुनै दुष्ट व्यक्तिमा रहेको छ भने बदनाम हुनजान्छ । रत्नलाई सुनमा जडान गरियो भने मात्र सुन्दरता बढ्छ र फलाममा रत्न जड्यो भने रत्नको सुन्दरता घट्छ । त्यस्तै गुण पनि योग्य र विवेकी व्यक्तिमा रह्यो भने मात्र यसको सुन्दरता झल्कन्छ न कि दुष्टमा रहँदा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणैः सर्वज्ञतुल्योऽपि सीदत्येको निराश्रयः ॥
अनर्घ्यमपि माणिक्यं हेमाश्रयमपेक्षते ॥१०॥

गुणी व्यक्ति पनि राम्रो आश्रय पाएन भने दुःखी हुन्छ किनकि मणिमा दोष नभए पनि यसले आश्रय पाएन भने त्यसको कुनै प्रयोजन हुँदैन । व्यक्ति यदि गुणी छ भने पनि जसलाई योग्य पद अथवा ठाउँको आवश्यकता पर्दछ । योग्य स्थान नपाउँदा ऊ दुःखी हुन्छ किनकि अमूल्य र दोषहीन मणि पनि सुनमा जडियो भने मात्र यसको सुन्दरता आउँछ । फलाममा जडिँदा त्यसको राम्रोपन लुप्त हुन्छ । त्यस्तै, गुणी व्यक्तिले पनि उपयुक्त मौका पाएपछि मात्र उसका गुणहरू लोकप्रिय हुनगई चम्कन थाल्छन् ।

अतिक्लेशेन ये चार्था धर्मस्यातिक्रमेण तु ॥
शत्रूणां प्रणिपातेन ते ह्यार्था मा भवन्तु मे ॥११॥

अर्कालाई दुःख दिएर, अधर्म अथवा शत्रुसँग मिलेर सङ्ग्रह गरिएको धन आफूलाई प्राप्त नहोस् भनी वारम्बार चिन्तन गर्नुपर्छ । कसैलाई अनावश्यक दुःख दिई कमाएको धनले र चोरी, तस्करी, कालावजारी आदि अवैध तरिकाबाट कमाएको धन अथवा देशद्रोही शत्रुको धन लिने इच्छा गर्नुहुँदैन ।

किं तया क्रियते लक्ष्म्या या वधूरिव केवला ॥
या तु वेश्येव सामान्या पथिकैरपि भुज्यते ॥१२॥

त्यो धन सम्पत्तिले के हुन सक्छ वा के गर्न सकिन्छ, जो एक बुहारीझैं दविएको छ । जसलाई वेश्यावरावर ठानी भोग गरिन्छ भने यस्तो धन, सम्पत्तिको के काम हुन्छ ? अर्थात् कन्जुसको धन सेफमा बन्द हुन्छ, त्यस्तो धन समाजलाई कुनै काम लाग्दैन । मूर्ख व्यक्तिले धनको सही उपभोग गर्न जान्दैन । उसको धन पनि वेश्यावरावर नै हो । जुन धन गुण्डाहरू र चोरले मात्र उपयोग गर्छन् । मूर्खको धन कुनै पनि धर्मकार्यमा काम लाग्दैन । धन समाजकल्याण, परोपकार र आवश्यकताअनुसार सहयोगी कार्यमा नै उपयोग गर्नुपर्छ ।

धनेषु जीवितव्येषु स्त्रीषु चाऽहारकर्मसु ॥
अतृप्ताः प्राणिनः सर्वे यता यास्यन्ति यान्ति च ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धन, सुखी जीवन, स्त्री र भोजनले नअघाई कतै कतिले यो संसार छाडेर गए, जाँदैछन्, पछि पनि जानेछन् । अर्थात् धन, जीवन, स्त्री र भोजन इत्यादिवाट कहिले इच्छा पूरा हुँदैन । (अघाइँदैन) । यिनको चाहना वाचुन्जेल भइरहन्छ । यही नै इच्छा लिई संसारका कतिपय मानिस मरेर गए, मरिरहेछन् र पछि पनि मर्नेछन् ।

क्षीयन्ते सर्वदानानि यज्ञहोमबलिक्रियाः ॥
न क्षीयन्ते पात्रदानमभयं सर्वदेहिनाम् ॥१४॥

यज्ञ, दान, वलि, होम यी सम्पूर्ण नाशवान् छन्, तर सत्पात्रलाई दिएको दान र कुनै पीडितलाई दिइएको अभयदानको फल कहिल्यै नाश हुँदैन अर्थात् गरिएको उपकार कहिल्यै पनि खेर नजाने हुन्छ ।

तृणं लघु तृणात्तूलं तूलादपि च याचकः ॥
वायुना किन्न नीतोऽसौ मामयं याचयिष्यति ॥१५॥

सवैभन्दा हलुङ्गो झारपात घाँस हुन्छ । तृणभन्दा हलुङ्गो रुवा कपास हुन्छ । कपासभन्दा पनि हलुङ्गो माग्ने हुन्छ, माग्नेलाई किन हावाले उडाएर लगेन त ? आफूसँग पनि कुनै चिज माग्छ कि भन्ने डरले नै उडाएन होला ।

अर्थात् सवैभन्दा हल्का झार, झारभन्दा हल्का कपास, कपासभन्दा पनि हल्का मगन्ते हुन्छ । प्रश्न उठ्छ, यसलाई किन हुरीवतासले उडाएन त ? उत्तर प्रष्ट छ, मैले मगन्तेलाई उडाई लगेमा यसले मसँग पनि केही माग्छ कि भन्ने डरले होला । यसैले भीख माग्नु सवैभन्दा नीच काम हो, माग्नेको कतै कुनै प्रतिष्ठा रहँदैन ।

वरं प्राणपरित्यागो मानभङ्गेन जीवनात् ॥
प्राणत्यागे क्षणं दुःखं मानभङ्गे दिने दिने ॥१६॥

अपमानित भई बाँच्नुभन्दा प्राण त्याग्नु अर्थात् मरिजानु उत्तम छ । प्राण त्याग्दा एकछिन दुःख हुन्छ, मानहानि भएमा दिनदिनै दुःखको अनुभूति भइरहन्छ । यसैले आत्मसम्मान नखलवलियोस् भन्नेतर्फ सचेत रहनु उत्तम हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति मानवाः ॥
तस्मात्तदेव वक्तव्यं वचने का दरिद्रता ॥१७॥

मीठा वोली बोल्नाले सवै मानिस सन्तुष्ट (खुसी) हुन्छन् । अतः मीठो वोली वोल्नु नै उत्तम हुन्छ । यसैले मधुर वोली वोल्न कन्जुस्याइँ कदापि नगरौं । वचनमा दरिद्रता किन देखाउनु ?

संसारकटुवृक्षस्य द्वे फले ह्यमृतोपमे ॥
सुभाषितं च सुस्वादु संगतिः सुजने जने ॥१८॥

संसाररूपी विषको रूखमा अमृतजस्तै दुई मीठा फल छन् । ती हुन्- मीठो वोली वोल्नु, सज्जनको सङ्गत गर्नु । मधुर वचन र सत्सङ्ग यी दुवै अमृतसमान छन् ।

वहुजन्मसु चाभ्यस्तं दानमध्ययनं तपः ॥
तैनैवाऽभ्यासयोगेन तदेवाऽभ्यस्यते पुनः ॥१९॥

धेरै जन्ममा मनुष्यले जुन दान, विद्या र तपको अभ्यास गरेको छ त्यही अभ्यासको परिणामस्वरूप वारम्वार त्यही दान, विद्या र तपको अभ्यास गर्छ दोहोऱ्याउने गर्छ, यसरी जन्मजन्मान्तर अभ्यास गरी बानी नपरेकाले यी कुरा गर्न सक्दैनन् ।

पुस्तकेषु च या विद्या परहस्तेषु यद्धनम् ॥
उत्पन्नेषु च कार्येसु न सा विद्या न तद्धनम् ॥२०॥

कण्ठाग्र नपारिएको (बिर्सिएको) कितावमा मात्र सीमित विद्या र अर्काको हातमा पुग्न गएको धन बेकार छ । काम आइपर्दा यस किसिमको विद्या र धनले पटक्कै काम दिँदैनन् ।

चाणक्यनीतिको सोह्रौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं अध्याय

पुस्तकेषु च याधीता नाधीता गुरुसन्निधौ ॥
सभामध्ये न शोभन्ते जारगर्भा इव स्त्रियः ॥१॥

जसले पुस्तक मात्र हेरेर आफैंले पढ्यो गुरु थापेर पढेन, त्यस्तो व्यक्तिले सभा-समारोहमा भाग लिँदा कुनै इज्जत र मर्यादा पाउँदैन। व्यभिचार गरी (नाठो खेलाएर) गर्भधारण गरेका स्त्रीसमान वेइज्जती भोग्नुपर्दछ। यसैले कुनै पनि विद्याको गुरुमुखी भएर नै अध्ययन गर्दा प्रतिष्ठा र सम्मान बढ्दछ। कुनै पनि व्यक्ति पुस्तक पढेर मात्र आफूलाई विद्वान् सम्झन्छ भने उसको भ्रम मात्र हो। यस किसिमको ज्ञानको कुनै काम हुँदैन किनकि व्यभिचारिणी वनी गर्भ रहन गएका स्त्रीलाई सम्मानको दृष्टिले कसैले हेर्दैन। विनागुरु पुस्तक मात्र हेरेर सिकिएको विद्याले विद्वत्सभामा कुनै मर्यादा पाइँदैन।

कृते प्रतिकृतिं कुर्यात् हिंसने प्रति हिंसनम् ॥
तत्र दोषो न पतति दुष्टे दुष्टं समाचारेत् ॥२॥

जसले आफ्नो उपकार गर्दछ उसलाई आफूलाई पनि उपकार गर्नुपर्छ। अर्काले आफूलाई अपकार, मारपिट गर्दछ भने उसलाई आफूले पनि तद्नुसारकै व्यवहार गरेमा अपराध (पाप) लाग्दैन किनभने दुष्टसँग दुष्टताकै आचरण गर्नु ठीक हुन्छ।

यद्दूरं यद्दुराराध्यं यच्च दूरे व्यवस्थितम् ॥
तत्सर्वं तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥३॥

जुन वस्तु टाढा छ वा जुन दुःखपूर्वक आराधना गर्न योग्य छ र जुन ज्यादै टाढाको दूरीमा रहेको छ, त्यसलाई हासिल गर्नु कष्टकर छ। टाढै भएको भए पनि यी सबै कुरा तप गरेर सिद्ध हुन सक्छन्। त्यसैले तप सबैभन्दा प्रबल छ। अर्थात् कुनै वस्तु धेरै टाढा छ त्यहाँ पुग्न ज्यादै गाह्रो छ, आफ्ना गच्छेले धान्दैन भने पनि कठोर तपस्या र परिश्रम गरेमा त्यो असम्भव छैन। अतः सबैभन्दा शक्तिशाली वस्तु भनेको दृढ अठोट र संलग्नता नै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोभश्चेद्गुणेन किं पिशुनता यद्यस्ति किं पातकैः
सत्यं यत्तपसा च किं शुचि मनो यद्यस्ति तीर्थेन किम् ॥
सौजन्यं यदि किं गुणैः सुमहिमा यद्यस्ति किं मण्डनैः
सद्विद्या यदि किं धनैरपयशो यद्यस्ति किं मृत्युना ॥४॥

यदि मान्छे लोभी छ भने उसको अर्को दोषै किन चाहियो ? अर्काको निन्दा वा चुक्ली गर्ने वानी छ भने पापै किन चाहियो ? सत्यता छ भने उसलाई तपको के प्रयोजन छ र ? यदि मन स्वच्छ (सफा) छ भने तीर्थ किन चाहियो ? सज्जनता छ भने अरू गुण किन चाहियो ? सुमहिमा (सुकीर्ति) छ भने उसलई आभूषणको के काम छ ? अपयश छ भने मृत्यु नै किन चाहियो ?

लोभी व्यक्तिले गुणी वा अवगुणीलाई देख्दैन । आफ्नो मतलव पूरा गर्नु छ भने दुष्ट व्यक्तिको जुत्ता पनि चाट्न पुग्छ । उसले आफ्नो स्वार्थ मात्रै हेर्छ । चुक्ली गर्ने व्यक्तिलाई पापको डर रहँदैन । चुक्ली लगाएर ऊ जस्तोसुकै पाप गर्न पनि तयार हुन्छ । साँचो व्यवहार गर्ने व्यक्तिलाई तपस्याको आवश्यकता पर्दैन । सच्चाइ नै सवैभन्दा ठूलो तपस्या हो, मन चोखो छ, पवित्र छ भने तीर्थमा जानु नजानु कुनै मतलव रहँदैन । 'मन चङ्गा छ भने लोटामा गङ्गा' जस्तै हो । जुन व्यक्ति आफैं सज्जन छ उसलाई गुणको उपदेश दिनु व्यर्थ छ । कुनै व्यक्ति समाजमा राम्रा कामले प्रसिद्ध बनेको छ भने गरगहना, पाउडर, क्रिम र अत्तर घसेर उसले ठाँटिनुपर्दैन । विद्यावान् छ भने उसलाई धनको के प्रयोजन पर्छ ? उसका लागि विद्या नै सर्वोत्तम धन हो । समाजमा वदनाम भएको व्यक्तिलाई मृत्युवाट के लिनु-दिनु छ र ? वदनामीजस्तो खराव वस्तु आकस्मिक मृत्युभन्दा पनि भयानक हो ।

पिता रत्नाकरो यस्य लक्ष्मीर्यस्य सहोदरा ॥
शंखो भिक्षाटनं कुर्यान्नाऽदत्तमुपतिष्ठते ॥५॥

शंख जसका पिता नै रत्नले युक्त रत्नाकार समुद्र छन्, जसकी सहोदर वहिनी समुद्रतनया लक्ष्मी छन्, यस्तो अवस्था हुँदाहुँदै पनि शंखले भीक्षा माग्दछ भने यसभन्दा आश्चर्य के हुनसक्छ र ? किनकि शंख समुद्रमा पैदा हुन्छ, समुद्रभित्र अनेक रत्न छन्, रत्नैरत्नले युक्त शंखका पिताजी समुद्र स्वयं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनवान् हुन् । धनकी देवी लक्ष्मी सहोदर वहिनी छन् । यी सम्पूर्ण हुँदाहुँदै पनि शंखले भीख मागी हिँड्छ भने यसमा अन्य केही नभनी भाग्यको विडम्वना हो भन्न मात्र सकिन्छ ।

अशक्तस्तु भवेत्साधु ब्रह्मचारी च निर्धनः ॥
व्याधिष्ठो देवभक्तश्च वृद्धा नारी पतिव्रता ॥६॥

शक्तिहीन (अशक्त) साधु हुन्छ । निर्धनी ब्रह्मचारी वन्छ । रोगी देवताको भक्त हुन्छ र वूढीस्त्री पतिव्रता हुन्छे । संसारमा धेरैजसो कमजोर र दुर्वल शक्तिहीन व्यक्ति नै साधु वन्छन् । गरीवहरू गरिवीले गर्दा मजवुर भएर व्रह्मचारी हुन्छन् । रोगीहरू रोगवाट छुट्कारा पाउन भगवान्को पूजा-आराधना गरी भक्त वन्छन् । त्यस्तै वूढी र उमेर ढल्केका, यौनक्षमता खस्किएका स्त्री (आइमाई) हरू पतिव्रता वन्छन् । यी सबै लाचारीका काम मात्र हुन् ।

नान्नोदकसमं दानं न तिथिर्द्वादशी समा ॥
न गायत्र्या परो मन्त्रो न मातुर्दैवतं परम् ॥७॥

अन्न र पानीको दानभन्दा ठूलो दान अर्को छैन । तिथिहरूमध्ये द्वादशी तिथिजस्तो उत्तम अरू होइन । गायत्री मन्त्रभन्दा ठूलो मन्त्र अरू कुनै छैन । संसारमा आमावरावरकी देवता अरू कोही हुँदैन । 'अरूको लाख आमाको काख' भन्ने भनाइ सत्य छ ।

तक्षकस्य विषं दन्ते मक्षिकायास्तु मस्तके ॥
वृश्चिकस्य विषं पुच्छे सर्वाङ्गे दुर्जने विषम् ॥८॥

सर्पको दाँतमा, झिङ्गाको शिरमा, विच्छीको पुच्छरमा र दुष्टका शरीरमा भने सवैतिर विषैविष रहेको हुन्छ ।

पत्युराज्ञां विना नारी उपयोष्य व्रतचारिणी ॥
आयुष्यं हरते भर्तुः सा नारी नरकं व्रजेत् ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पतिले आज्ञा नदिई स्त्री व्रत-उपासना गर्दछे भने त्यस्ती स्त्रीले पतिको आयु हरण गर्दछे र आफू पनि नरकमा जान्छे ।

न दानैः शुध्द्यते नारी उपवासशतैरपि ॥
न तीर्थसेवया तद्वद् भर्तुः पादोदकैर्यथा ॥१०॥

स्त्रीहरू दानले, हजारौं व्रत, उपासना, तीर्थयात्रा गर्दा पनि शुद्ध हुँदैनन् । नारीहरू आफ्ना पतिको दुई पाउ धोएर चरणजल पिउँछन् भने शुद्ध हुन्छन् । पत्नीका निमित्त पति नै सवै कुरा हुन् । सर्वतोभावेन पतिको आज्ञा मान्नु पत्नीको कर्तव्य हो ।

पाद्यपीतावशेषं च सन्ध्याशेषं तथैव च ॥
श्वानमूत्रसमं तोयं पीत्वा चान्द्रायणं चरेत् ॥११॥

खुट्टा धोएर वचेको पानी, पिएर बचेको पानी, सन्ध्यापश्चात् आचमन गरी वचेको पानी, कुकुरको मूत्र (पिसाब) बरावर हुन्छ । यस्तो पानी कसैले पिउँछ भने चान्द्रायण व्रत गरेपछि मात्र शुद्ध हुन्छ ।

दानेन पाणिर्न तु कङ्कणेन
स्नानेन शुद्धिर्न तु चन्दनेन ॥
मानेन तृप्तिर्न तु भोजनेन
ज्ञानेन मुक्तिर्न तु मण्डनेन ॥१२॥

धेरै सुनका गहना व्रासलेट आदि लाएका हातभन्दा धेरै दान दिने हातले शोभा पाउँछ । निधारमा तीन धर्का चन्दन लगाउनाले शुद्धता झल्कँदैन वरु स्नानले शरीर शुद्ध हुन्छ । भोजन खाएर मात्रै अघाइँदैन मानसम्मान भएमा स्वतः तृप्त होइन्छ । मोक्ष ज्ञानवाट पाइन्छ, शृङ्गारबाट होइन ।

नापितस्य गृहे क्षौरं पाषाणे गन्धलेपनम् ॥
आत्मरूपं जले पश्यन् शक्रस्यापि श्रियं हरेत् ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाउका घरमा गएर कपाल मुण्डन गर्ने, ढुङ्गामा चन्दन लेपन गर्ने, आफ्नो अनुहार पानीको छायाँमा हेर्ने कार्य गर्नुहुँदैन । इन्द्र नै भए पनि शोभा वा सौन्दर्य नष्ट हुन्छ । अर्थात् नाउकहाँ गई केश काट्नु, प्राणप्रतिष्ठा नगरिएको ढुंगा मात्रमा देवता मानी चन्दन लेपन गर्नु र पानीमा आफ्नो छायाँ हेर्नुहुँदैन, त्यसो गर्दा श्री नष्ट हुन्छ ।

सद्यः प्रज्ञाहरा तुण्डी सद्यः प्रज्ञाकरी वचा ॥
सद्यः शक्तिहरा नारी सद्यः शक्तिकरं पयः ॥१४॥

गोलक्राँक्रीले बुद्धि चाँडै हरण हुन्छ, बोझोले चाँडै बुद्धि बढ्छ । स्त्रीले चाँडै शक्ति हरण गर्दछन् र दूधले चाँडै बल दिन्छ ।

यदि रामा यदि च रमा यदि तनयो विनयगुणोपेतः ॥
तनये तनयोत्पत्तिः सुरवरनगरे किमाधिक्यम् ॥१५॥

पत्नी सती-साध्वी, मधुरभाषिणी छन्, धनसम्पत्ति छ, विनम्र एवम् गुणवान् छोरो छ, त्यस्तो पुत्रको पनि पुत्र (नाति) छ भने स्वर्गको सुख पनि यसभन्दा बढी हुँदैन । अर्थात् यस्तो घर स्वर्गभन्दा आनन्ददायक हुन्छ ।

आहारनिद्राभयमैथुनानि
समानि चैतानि नृणां पशूनाम् ॥
ज्ञानं नराणामधिको विशेषो
ज्ञानेन हीन पशुभिः समानाः ॥१६॥

भोजन, निद्रा, डर, मैथुन (यौनक्रीडा) यी चार कुरा मानिस र पशुका लागि बराबर छन् । मानिसमा खाली ज्ञान बढी छ, यदि ज्ञान नभएको अज्ञानी मनुष्य छ भने पशु र उसमा कुनै फरक हुँदैन । ज्ञानहीन मनुष्य पशुसमान हुन्छ ।

दानार्थिनो मधुकरा यदि कर्णतालै-
र्दूरीकृताः करिवरेण मदान्धबुद्ध्या ॥
तस्यैव गण्डयुगमण्डनहानिरेषा
भृंगाः पुनर्विकचपद्मवने वसन्ति ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मदले उन्मत्त भएको हात्तीले मदजलको गन्धद्वारा आफ्ना कानका अगल-वगल घुम्ने भँमरालाई कानरूपी पङ्खा हम्केर लखेट्यो भने त्यस हात्तीको गण्डस्थल शोभाहीन हुन्छ। भमराहरू त गण्डस्थल नपाएपछि पुनः फुलेका कमलका वनमा गएर वस्छन्। मूर्ख व्यक्ति गुणी व्यक्तिको आदर गर्दैन भने गुणले नोक्सानी व्यहोर्नुपर्दैन। गुणीलाई आदर गर्ने अरू पनि हुन्छन् तर मूर्खले गुणी व्यक्तिको सान्निध्य भने गुमाउँदछ।

राजा वेश्या यमश्चाग्निः तस्करो बालयाचकौ ॥
परदुःखं न जानन्ति अष्टमो ग्रामकण्टकः ॥१८॥

राजा, वेश्या, यमराज, आगो, चोर, वालक, माग्ने, ग्रामकण्टक गाउँको काँढो अर्थात् गाउँलेलाई दुःख दिएर आफ्नो निर्वाह गर्ने यी आठले अर्काको पीर, मर्का, दुःख वुझ्न सक्दैनन्।

अधः पश्यसि किं बाले ! पतितं तव किं भुवि ॥
रे रे मूर्ख ! न जानासि गतं तारुण्यमौक्तिकम् ॥१९॥

कुनै वृद्धालाई देखेर कसैले उपहास गर्दै सोध्यो- हे यौवना स्त्री ! तिमी पृथ्वीमा किन तल हेर्दछ्यौ ? तिम्रो कुन वस्तु खसेको छ ? अरे रे मूर्ख ! के तिमी जान्दैनौ मेरो यौवनको मोती खसेको (हराएको) छ। अर्थात् कुनै स्त्रीले पुरुष देखेर लाजले शिर निहुराइन्, तिम्रो शिर तल किन निहुरियो, तिम्रो के हराएको छ ? पुरुषको यस्तो प्रश्न सुनी 'हे मूर्ख यहाँ मेरो यौवनको मोती हराएको छ के तिमी जान्दैनौ ?' भनी स्त्रीले जवाफ दिइन्। यस्तो तात्पर्य पनि हुनसक्छ आफ्नो यौवन गुमेकामा नारीहरू वहुमूल्य मोती नै हराएको ठान्दछन्।

व्यालाश्रयाऽपि विफलाऽपि सकण्टकाऽपि
वक्राऽपि पङ्किलभवाऽपि दुरासदाऽपि ॥
गन्धेन बन्धुरसि केतकि ! सर्वजन्तो-
रेको गुणः खलु निहन्ति समस्तदोषान् ॥१९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे केतकी ! यद्यपि तँ सर्पको घर र फलहीन (फल नलाग्ने) होस्, काँडा भएको छस्, वाङ्गो छस्, हिलोवाट तेरो उत्पत्ति भएको छ, तँ वडो कष्ट र दुःखले मात्र पाइन्छस् र पनि एउटै गुण सुगन्धले गर्दा सवै प्राणीले तँलाई मन पराएका छन् । अतः सवै दोष भए पनि एउटै गुणले गर्दा दोष जति सवै लोप भएका छन् । केतकी वृक्षमा सर्प वस्छ, फल पनि फल्दैन, वाङ्गोटिङ्गो पनि छ, त्यसमा काँडा पनि छन्, हिलोवाट उम्रेको छ, त्यहाँ पुग्न ज्यादै दुःख र कष्ट छ । यी सवै अवगुण भएर पनि एउटै मीठो वास्नाले गर्दा केतकी सवैको प्यारो छ । मनुष्यमा पनि धेरै अवगुण रहेको छ, तर एउटै मात्र असल गुण छ भने त्यस्ता अवगुणलाई एउटै गुणले लुकाइदिन्छ ।

परोपकारणं येषां जागर्ति हृदये सताम् ॥
नश्यन्ति विपदस्तेषां सम्पदः स्युः पदे पदे ॥२०॥

जसको हृदयमा परोपकारको भावना हुन्छ उसका विपत्तिहरू स्वतः नष्ट हुन्छन् र पाइला पाइलामा सम्पत्ति प्राप्त भई रहन्छन् ।

यौवनं धनसम्पत्तिः प्रभुत्वमविवेकता ॥
एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम् ॥२२॥

जवानी, धन सम्पत्तिको वडप्पन, अधिकार र अविवेकीपन यी चारमध्ये एउटै मात्रले पनि मनुष्यलाई सिध्याउन पर्याप्त छ । यदि कतै यी चारैथरी जम्मा छन् अर्थात् मानिस युवा छ, धनी छ, आफ्नो इच्छाअनुसार काम गर्ने अधिकार पनि छ, उसले गरेका कामको खोट कसैले लगाउन सक्दैन र दुर्भाग्यवश विवेक पनि छैन भने त्यस्ता मनुष्यको विनाश हुनमा अवश्यै एक पल पनि लाग्दैन, तिनीहरू नाश हुन्छन् । अतः सम्पन्न भए पनि विवेकशील हुनु नितान्त आवश्यक छ । विनाशवाट अधोगति नहोस्, जीवन खाडलमा नखसोस् ।

चाणक्यनीतिको सत्रौं अध्याय
पूरा भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुश कदंबाट जखल्दं- विष्णुगुप्त चाणक्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजर्षि कवि

भर्तृहरि विरचित

नीतिशतक

शृङ्गारशतक

र

वैराग्यशतक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिले साँचो कहिले झूठो
कहिले कठोर-कहिले मीठो बोली बोल्ने
कहिले निर्दयी (घातक) त कहिले दयायुक्त
कहिले स्वार्थी अनि कहिले परोपकारी
सधैँजसो आम्दानी गराइरहने, अनि
सधैँ नै धन खर्च गराउँदै रहने
'राजनीति' भन्ने कुरा वेश्या बराबर हो ।

× × ×

धन दौलतका तीनवटा गति हुन्छन्
दान, भोग र नाश
जुन मानिसले दान गर्दैन न त भोग नै गर्दछ
त्यस्ता मान्छेसँग भएको धनले
तेस्रो गति लिन्छ
अर्थात् नाश हुन्छ ।

– नीतिशतकबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजा भर्तृहरि र उनीबारेको जनश्रुति
(आहान वा किंवदन्तिहरू)

उज्जैन देशका प्रसिद्ध राजा विक्रमादित्यका दाजु राजा भर्तृहरिको जीवनमा तीता मीठा अनुभव र सुख दुःखका घटनाहरू प्रशस्त मात्रामा घटेका थिए। उनले पिङ्गला नाम गरेकी परम सुन्दरी नारीसँग विवाह गरेर चौवीसै घन्टा तिनीसँगै रमाउन थाले। भर्तृहरिका लागि पिङ्गलालाई खुसी राख्नुवाहेक अन्य कुरामा कुनै चासो थिएन। उनले आफ्नो राजपाठतर्फ दृष्टि दिन पनि छाडिदिएर आफू भने अहर्निश पिङ्गलालाई रिझाउन मात्र लागे। तर पिङ्गला भने भर्तृहरिलाई भन्दा दरबारकै अर्को सैनिक अफिसर 'दरोगा' लाई वढी मन पराउँदै द्वैध चरित्रमा लाग्न थालिन्। आफ्नी पत्नीको यस किसिमको चर्तिकला स्त्रीलम्पट राजालाई थाहा भएन।

भर्तृहरिका भाइ विक्रमादित्यलाई भाउजु पिङ्गलाको यस किसिमको चर्तिकला थाहा भयो। भाउजुको दुश्चरित्रबारे उनले दाजुसँग सबै बेलीबिस्तार गरे, तर राजा भर्तृहरिले भाइको कुरो पत्याएनन्। पिङ्गलाले पनि यस अनपत्यार मौकाको फाइदा उठाइन्। उनले राजा (लोग्ने) लाई देवर विक्रमादित्य चरित्रहीन भएको र कयौं पटक आफू (भाउजू) लाई उसले कामवासनाका लागि हातपात गर्न खोजेको भनी झूठो सिकायत सुनाइन्। यति मात्र होइन, पिङ्गलाले सहरको एउटा सेठलाई समेत आफूले भने मान्ने गराएर (हात लिएर) सेठकी बुहारीलाई विक्रमादित्यले कामोन्मत्त भएर जबरजस्ती बलात्कार गर्न खोज्यो भन्ने गलत सिकायतसमेत राजालाई सेठद्वारा गर्न लगाइन्। राजा भर्तृहरिले पनि सेठको बनावटी कुरालाई साँचो हो भनी पत्याएर भाइ विक्रमादित्यलाई देश निकाला गर्ने आदेश दिए। अनि विक्रमादित्य पनि उज्जैनबाट बाहिरिए।

कुनै दिन भर्तृहरिको इजलासमा एकजना ब्राह्मण आइपुगे र ती ब्राह्मणले राजालाई भने 'महाराज तपस्या गर्दै रहेको वखत ईश्वरले आएर मलाई एउटा फल दिनुभयो र भन्नुभयो यो दिव्य फल हो यसलाई खाने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस सधैंभरी तन्नेरी भइरहन्छ । महाराज ! म धनहीन छु, गरिबी हालतको यो जीवन लामो समयसम्म रहोस् भन्ने म चाहन्नँ । मलाई थोरै धन दिनुभयो भने पनि यो फल हजुरलाई टक्याउँछु अनि हजुर सधैँ नै तन्नेरी होइबक्सनेछ" ब्राह्मणको यो कुरा सुनेपछि राजाले पनि ब्राह्मणलाई सन्तुष्ट हुनेगरी धन दिएर 'अमर' नामक सो फल ब्राह्मणबाट प्राप्त गरे । ब्राह्मण पनि बिदा भएर गए । ब्राह्मणबाट फल लिइसकेपछि राजाले पिङ्गलालाई सम्झिएर सो फल पिङ्गलालाई दिदै भने "हे प्यारी पिङ्गला ! यो फल खाएपछि मानिस सधैँ तरुनो भइरहन्छ, अतएव म तिमीलाई यो फल दिन्छु यसलाई तिमीले खाऊ, तिमी सधैंभरि नै तरुनी भइरहन्छयौ । अनि मैले बूढो हुँदा पनि तिम्रो जवानीले मस्त भइरहेको राम्रो अनुहार हेरिरहन पाउँनेछु ।'

'हजुरको आज्ञा पालन गर्नु नै मेरा लागि सबैभन्दा बढी खुसीलाग्ने कुरा हो' भनी पिङ्गलाले विन्ति गरिन् । अनि राजाबाट त्यो अमर फल आफूले लिइन् । फल लिएपछि पिङ्गलाको आफ्नो प्रेमी दरोगासँग भनिन् 'अरूहरूभन्दा तपाईं नै मेरो प्यारो हुनुहुन्छ । तपाईं सधैंभरि जवान (पट्ठो) भइरहनुभयो भने नै मलाई पछिसम्म आनन्द प्राप्त हुनेछ यो फल तपाईं खानुहोस्' भन्दै दरोगालाई फल दिइन् ।

दरोगाले पनि त्यस फललाई पिङ्गलासँगबाट तुरुन्त लिएर आफ्नी मन परेकी अर्की प्रेमिका (सहरकै कुनै वेश्या) लाई भन्दछन्- 'अरूहरू भन्दा बढी मन परेकी मेरी प्रेयसी तिमी नै हौ, यो फल तिमीले खाएपछि तिमी सधैंभरि पट्ठी र जवान हुनेछयौ, अनि मैले तिम्रो सुन्दर अनुहार सदा नै हेरी रहन पाउनेछु' । यति भनेर दरोगाले उक्त फल वेश्यालाई दिए । फल पाएपछि वेश्याको मनमा अनेकौं कुरा खेल्न थाले । अनि उनले मनमनै विचार गरिन्:-

'यो फललाई खाएर मैले धेरै पुरुषले गिल-गिलाएको, थिल-थिलाएको आफ्नो चिथरो शरीरमा सदैव जवानी ल्याइराख्दा के काम छ र ? बरु मैले सबैभन्दा बढी मन पराएको व्यक्ति राजा भर्तृहरि नै हुन्, उनले यो फल खाएर सधैँ तरुण तथा पट्ठो भई राम्रोसँग राजपाठ गरिरहेको देख्नु नै मेरा लागि वेश हो' भन्ने मनमा सम्झिएर सो 'अमर फल' लाई आफैंले राजाको इजलासमा लिएर गइन् अनि फल राजालाई दिदै भनिन् "महाराज ! मैले एउटा अनौठो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फल पाएकी छु जुन खाएपछि मानिस सधैंभरि जवान र पट्ठो भइरहन्छ, आफ्नो जीवनभरि मैले अनेकौं पाप गरेकी छु, म पापिनीका लागि भन्दा हजुरका लागि यो फल बढी उपयोगी हुनेछ किनभने आफ्नो राजालाई सदाबहार जवान सक्षम देख्न पाएपछि मलाई र अन्य सम्पूर्ण जनतालाई पनि ज्यादै खुसी लाग्नेछ' भन्दै राजालाई उक्त फल टक्र्याइन् ।

राजाले पनि वेश्याको हातवाट उक्त फल लिए । उही आफूले पिङ्गलालाई खान भनेर दिएको फल रहेछ । राजाले त्यो फल चिनिहाले । राजा अद्भूत आश्चर्यमा परे । उनी चूप रहे । केही सेकेन्डपछि वेश्याले दिएको फललाई स्वीकार गरे । अनि त राजाले त्यो फल कहाँ-कहाँ कस-कसको हातमा कसरी पर्न गयो, सम्पूर्ण सत्य घटनाक्रम गुप्तचरहरूद्वारा पत्ता लगाए । रानीले पनि दरोगासँग आफ्नो अवैध प्रेम व्यापारबारे राजाले थाहा पाइसके भन्ने कुरो बुझिन् । आफूलाई हुने भयंकर सजायको परिकल्पना एवम् भयले गर्दा पिङ्गलाले पनि रनिवासको अग्लो छतवाट फाल हालेर आत्महत्या गरिन् ।

आफ्नो जीवनमा घटेको यो घटनाले गर्दा राजा भर्तृहरि उदास भए । तत्पश्चात् सांसारिक प्रेम, भोग, विलास र मोहवाट अलग हुन थाले । पत्नीको धोकेबाजीको कारणले गर्दा उनलाई आफ्नो राज्य सुखभोगतर्फ पनि अरूचि पैदा भयो । अनि दरबारिया ठाँटबाँट, रवाफ र सुखसयल आदि सबै कुरालाई परित्याग गरेर उनी घनघोर जंगल र पहाडमा गई बस्न थाले ।

भर्तृहरिवारे अर्को जनश्रुति (किम्बदन्ति) पनि प्रचलित छ । जसअनुसार जम्बूद्वीपमा कुनै एउटा राजा थिए । उनको सन्तानको रूपमा एउटी छोरी मात्र थिइन् । यिनको नाम सुशीला थियो । सुशीलावाट भर्तृहरिको जन्म भएको थियो । सन्तान नहुँदा राजाले आफ्ना छोरीतर्फको नाती भर्तृहरिलाई राज्य दिए । राजा भएपछि भर्तृहरिले उज्जैनलाई आफ्नो राजधानी बनाए । कुनै समयमा राजा भर्तृहरि अनेकौं सिकारीलाई साथ लिई सिकार खेल्न वनमा गएका थिए । कुनै सिकारीले एउटा मृगलाई मारेछ । त्यसै बखत एउटा सर्पले उसलाई डसेछ र सिकारीको पनि उसैबेलामा मृत्यु भएछ । मरेको मृग राखेको ठाउँमा मृगिणी आइछ र मृतमृगको जिउमा लुटपुटी गर्दै मरिछ । यो कुरो सिकारीकी पत्नीले थाहा पाइन् । उनी पनि आफ्नो पतिको अर्थि भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँमा पुगिन्, अनि पतिकै चितामा प्रवेश गरेर सती गइन् । आफ्नो लोग्नेसँगै मृगिणीले प्राण दिएको र सिकारीकी स्त्री पनि सती गएको दृश्यले राजा भर्तृहरिलाई आश्चर्य गरायो र यो कुरा राजाले पिङ्गलालाई सुनाए । रानी पिङ्गलाले पनि शान्तभावले राजालाई 'यो कुरा कुनै अनौठो होइन, सच्चा सती त्यो नारी हो जसले विनाअग्निको आश्रय लिई आफूलाई पतिका साथ भस्म गर्न सकोस्' । रानीको यो जवाफ सुनेपछि राजा पनि तत्कालै केही नभनी चूप लागेर वसिरहे । तर, उनले मनमा आफ्नी पत्नीको पातिव्रत्यको कुनैबेला परीक्षा गर्ने विचार गरे । केही वर्षपछाडि राजा पुनः सिकार खेल्न वनमा गए । वनवाट नै आफ्नो एउटा विश्वासी अनुचरलाई रगतमा भिजाएर आफ्नो पोसाक (लुगा) दिई रानीकहाँ पठाए । आफ्नो मालिक (राजा) को गोप्य निर्देशनवमोजिम अनुचरले पनि रगताम्मे भएको राजाको पोसाक रानी पिङ्गलालाई दिदै भन्यो 'सिकार खेल्दाखेल्दै महाराजलाई बाघले खाइदियो । महाराज स्वर्गे भइवक्स्यो । यो पोसाक मात्र बाँकी रहन गएकाले वुझाउँन ल्याएको छु' । रानी पिङ्गलाको अनुचरको कुरा सुनेपछि रगतले भिजेको आफ्नो पतिको लुगालाई लिँदै भुइँमा राखिदिइन् । त्यस लुगालाई अन्तिमपटक प्रणाम गरेर प्राण पनि त्यागिन् । जब राजालाई यो हृदयविदारक घटना थाहा भयो । उनी पछुताउमा परी शोकाकुल भए । त्यसपछि आफ्नो राजपाठ र राजभवनलाई त्यागेर वनवास गई तपस्या गर्न थाले । त्रनमा उनको योगी गोरखानाथसँग भेट भयो र उहाँवाटै योगको दीक्षा लिई राजा भर्तृहरिले योगाभ्यासतर्फ आफूलाई संलग्न गराए ।

राजा भर्तृहरि वनबास गई नफर्कने भएपछि उनका भाइ विक्रमादित्यले उज्जैनको राज्य गर्न थाले । यिनै विक्रामादित्यले नयाँ सम्वत् चलाएका हुन् । जुन अद्यापि विक्रम सम्वत्को नामले नेपालमा विशेष रूपले प्रचलित छ ।

जंगल र पहाडी भेगको एकान्तबासमा राजा भर्तृहरिले विश्व प्रसिद्ध सुभाषि त्रिंशति भन्ने नीति-शृङ्गार-वैराग्य नामका तीनवटा एक-एक शय श्लोकी ग्रन्थहरूको पनि रचना गरेका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि नीतिशतक

(मङ्गलाचरण)

दिक्कालाद्यनवच्छिन्नानन्तचिन्मात्रमूर्तये ।
स्वानुभूत्येकमानाय नमः शान्ताय तेजसे ॥१॥

दिशा, समय आदि विभेद नभएका (त्रिकालदर्शी), अनन्त र ज्ञानस्वरूप रहेका आत्मानुभव मात्रले ज्ञात गर्न सकिने शान्त-ज्योतिस्वरूपी परमेश्वर शिवलाई नमस्कार छ ॥१॥

बोद्धारो मत्सरग्रस्ताः प्रभवः स्मयदूषिताः ।
अबोधोपहताश्चान्ये जीर्णमङ्गे सुभाषितम् ॥१क॥

विद्वान्हरू ईर्ष्यालु एवम् डाहा गर्ने स्वभाव लिन थाले । राजाहरू घमण्डी भएका छन् । अन्य व्यक्ति अज्ञानी छन् । प्रयोग गर्ने व्यक्ति नहुनाले सुभाषित (ज्ञानगुनका कुराहरू) मेरो शरीरभित्रै जीर्ण हुँदैछन् ॥१क॥

यां चिन्तायामि सततं, मयि सा विरक्ता
साऽप्यन्यमिच्छति जनं स जनोऽन्यसक्तः ।
अस्मत्कृते च परितुष्यति काचिदन्या
धिक् तां च, तं च, मदनं च, इमां च, मां च ॥२॥

मैले जुन स्त्रीलाई सधैं प्रेम गर्दै आएको छु उनी अर्कै कुनै दोस्रो पुरुषलाई प्रेम गर्दी (मन पराउँदी) रहिछन् । मैले प्रेम गरेकी स्त्रीको प्रेमी पुरुषले पनि उनलाई होइन अर्कै नारीलाई प्रेम गर्दोरहेछ । त्यस पुरुषले प्रेम गरेकी ती अर्की नारीले निजलाई नगर्ने रहिछन् । वरु उनी त मप्रति अनुरक्त देखिन्छिन् । यसरी प्रेम तन्तुहरू जेलिएको वर्तमान अवस्थालाई विचार गर्दा मैले मन पराएकी ती स्त्रीलाई, उनले मन पराएको पुरुषलाई, मलाई मन पराउने कुनै अर्की स्त्रीलाई त्यसपछि कामदेवलाई अनि त म आफैंलाई समेत धिक्कार्दछु । ॥२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(यस श्लोकले राजा भर्तृहरिको जीवन-घटनालाई संकेत गरेको छ भन्ने विद्वान्हरूको भनाइ छ ।)

अज्ञः सुखमाराध्यः सुखतरमाराध्यते विशेषज्ञः ॥
ज्ञानलवदुर्विदग्धं ब्रह्माऽपि तं नरं न रञ्जयति ॥३॥

नपढेका मूर्ख व्यक्तिलाई सजिलैसँग चित्त बुझाउन (नियन्त्रणमा राख्न) सकिन्छ । पढेलेखेको सुशिक्षित वा विशेषज्ञलाई अझै सरलता साथ विश्वास दिलाइन्छ (नियन्त्रणमा राखिन्छ) । तर, अल्पज्ञानले मैं हुँ भनी घमण्ड गर्ने मानिसलाई साक्षात् ब्रह्माजी नै प्रकट भए पनि खुसी गर्न सक्तैनन् । ॥३॥

प्रसह्य मणिमुद्धरेन्मकरबक्त्रदंष्ट्रान्तरात्,
समुद्रमपि सन्तरेत् प्रचलदूर्मिमालाऽऽकुलम् ।
भुजङ्गमपि कोपितं शिरसि पुष्पवद् धारयेन्-
न तु प्रतिनिविष्टमूर्खजन चित्तमाराधयेत् ॥४॥

मानिसले ग्राहाको मुखभित्र दारा (वंगारा) को बीचमा रहेको मणिलाई जवर्जस्तीसाथ निकालेर ल्याउन सक्तछ । ठूला-ठूला छालद्वारा ढाकिएकी समुद्रलाई पनि सजिलैसँग तर्न सक्दछ अर्थात् महासागर पारि जान सक्तछ । फूल मालालाई आफ्नो शिरमा झुन्ड्याएर राखेजस्तै गरी रिसाएको सर्पलाई पनि मस्तकमाथि झुन्ड्याई राख्न सक्तछ । तर, मनभित्र दुराग्रह लिइरहने मूर्ख मानिसको मनलाई जित्न भने सक्तैन । अर्थात् मूर्ख एवम् बदमासलाई जस्तोसुकै पराक्रमी तथा बलवान् व्यक्तिले पनि आफ्नो वशमा लिन वा नियन्त्रणमा राख्न सक्तैन ॥४॥

लभेत सिकतासु तैलमपि यत्नतः पीडयन्,
पिवेच्च मृगतृष्णिकासु सलिलं पिपासार्दितः ।
कदाचिदपि पर्यटञ्छशविषाणमासादयेत्,
न तु प्रतिनिविष्टमूर्खजन चित्तमाराधयेत् ॥५॥

मिहेनत साथ पेल्यो भने (मर्दित गरेमा) वरू बालुवाबाट तेल निस्किएला, प्यास लाग्यो भने मृगतृष्णाबाट समेत पानी निकालेर पिउन सकिएला, धेरै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँ घुमेर खोज्दै गयो भने कतै कहीँ खरायोको सिङ भेटिन सक्ला अर्थात् प्रयत्न (प्रयास) गरिरह्यो भने असम्भव वस्तु पनि सम्भव हुन सक्ला (नहुने पनि हुने भइदेला) तर मनभित्र दुराग्रह लिइरहने मूर्ख मानिसको मनलाई जित्न भने कहिल्यै पनि सम्भव नहोला ॥५॥

व्यालं बालमृणालतन्तुभिरसौ रोद्धुं समुज्जृम्भते
छेत्तुं वज्रमणिं शिरीषकुसुमप्रान्तेन सन्नह्यते ।
मायुर्यं मधुविन्दुना रचयितुं क्षाराम्बुधेरीहते
नेतुं वाञ्छति यः खलान्पथि सतां सूक्तैः सुधास्यन्दिभिः ॥६॥

जसले दुष्ट मानिसलाई शास्त्रोक्त ज्ञानगुनका कुरा गरेर कुमार्गवाट सुमार्गमा ल्याउन खोज्दछ, यस्तो गर्न खोज्नु कोमल कमलको रेसा (तन्तु) ले मात्तिएको वन-हात्तीलाई बाँध्न खोज्नु समान हो । अथवा सिरीष-फूलको टुप्पोले हीरालाई छेड्न (कटिङ गर्न) खोज्नु जस्तै पनि हो । साथै महको कण (कनिका) हालेर नुनिलो पानी भएको समुद्रको पानीलाई मीठो (गुलियो) पार्न खोज्नुबराबर मानिएको छ ॥६॥

स्वायत्तमेकान्तगुण विधात्रा विनिर्मितं छादनमज्ञतायाः ।
विशेषतः सर्वविदां समाजे विभूषणं मौनमपण्डितानाम् ॥७॥

विधाता (दैव) ले निर्माण गरेको मूर्ख (अपठित) का लागि मौनता (चुपलागेर वस्नु) भन्ने एक मात्र स्वाधीन गुण हो । यसै गुणद्वारा उसले आफू मूर्ख भएको कुरा ढाकछोप गर्न सक्तछ । पढेलेखेका व्यक्तिहरूको समाजमा मूर्ख मानिसका लागि उसको मौनता नै गहना हुन्छ ॥७॥

यदा किञ्चिज्ज्ञोऽहं द्विप इव मदान्धः समभवं
तदा सर्वज्ञोऽस्मीत्यभवदवलिप्तं मम मनः ।
यदा किञ्चित्किञ्चिद् बुधजनसकाशादवगतं
तदा मूर्खोऽस्मीति ज्वर इव मदो मे व्यपगतः ॥८॥

मैले जब केही मात्र जानेको (सिकेको) थिएँ, त्यतिवेला ममा 'मै जान्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मै सुन्ने' अथवा 'म नै सर्वज्ञ छु' भन्ने घमण्ड उत्पन्न भयो । घमण्डले गर्दा मेरो मन पनि मदान्ध (मात्तिएको) हात्तीजस्तो हुन गयो । जब मैले विद्वान्हरूको संगतमा रहेर केही सिकें अनि त 'आफू मूर्ख छु' जस्तो लाग्न थाल्यो । त्यसपछि मेरो घमण्डरूपी ज्वर पनि घट्न गयो ॥८॥

कृमिकुलचितं लालाक्लिन्नं विगन्धि जुगुप्सितम्
निरूपमरसं प्रीत्या खादन्नरास्थि निरामिषम् ।
सुरपतिमथि श्वा पार्श्वस्थ विलोक्य न सङ्कते
न हि गणायति क्षुद्रोः जन्तुपरिग्रह फल्गुताम् ॥९॥

स्याउँ-स्याउँ कीरा परिरहेको, च्यालद्वारा भिजिएको, खप्नै नसक्ने गरी गन्हाउने, घीनलाग्दो मासुविनाको मानिसको हड्डी (हाड) लाई ज्यादै मीठो मानेर चपाइरहेको कुकुरको नजिकै गएर देवराज इन्द्र नै उभिइरहे पनि उनलाई देखेर हड्डी चपाउँदै गरेको कुकुर जसरी लाज मान्दैन, त्यसैगरी दुष्ट प्राणी (पामर मानिस) पनि आफूले प्रयोग गर्दै गरेको वस्तु वेकम्मा छ भन्ने कुरालाई सोच्न सक्तैन अर्थात् आफूलाई समाजले निन्दित तुल्याएको कुरा वुझ्न सक्तैन ॥९॥

शिरः शार्व स्वर्गात् पशुपतिशिरस्तः क्षितिधरं
महीधादुत्तुङ्गादवनेश्चापि जलधिम् ।
अधोऽधो गङ्गेयं पदमुपगता स्तोकमथवा
विवेकभ्रष्टानां भवति विनिपातः शतमुखः ॥१०॥

जसरी भागीरथी गङ्गा स्वर्गबाट महादेवको शरीरमा खस्छिन्, शिवजीको शिरबाट हिमालय पहाडमा, त्यसपछि हिमालय पहाडबाट पृथ्वीमा, पृथ्वीबाट पनि तल-तल वहँदै समुद्रमा समेटिन पुग्दछिन्, त्यसैगरी अविवेकी तथा दुष्ट मानिस पनि तल-तल झर्दै होचिन पुग्दछ अर्थात् निम्न गतिमा पुग्दै पतीत हुन्छ ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्यो वारयितुं जलेन हुतभुक् छत्त्रेण सूर्यातपो
नागेन्द्रो निशिताङ्कुशेन समदो दण्डेन गोगर्दभौ ।
व्याधिर्भेषजसंग्रहैश्च विविधैर्मन्त्रप्रयोगैर्विषं
सर्वस्यौषधमस्ति शास्त्रविहितं मूर्खस्य नास्त्यौषधम् ॥११॥

आगोलाई पानी खन्याएर निभाउन सकिन्छ, छाताले घाम रोकिन्छ, मत्ताहात्तीलाई धारिलो अङ्कुशले नियन्त्रणमा लिइन्छ। गोरु र गधालाई लट्ठीले तह लगाइन्छ। औषधि सेवनद्वारा रोगीलाई निको पार्ने र विष लागेको वेला विभिन्न मन्त्रद्वारा विष झार्न सकिन्छ। यसरी सवैथोकको औषधि शास्त्रोक्त विधिवमोजिम हुन सक्तछ, तर मूर्ख व्यक्तिलाई तह लगाउन भने शास्त्रमा पनि कुनै व्यवस्था गरिएको छैन अर्थात् मूर्खका लागि कुनै औषधि नै हुँदैन ॥११॥

साहित्यसंगीतकलाविहीनः साक्षात्पशुः पुच्छविषाणहीनः ।
तृणं न खादन्नपि जीवमानस्तद्भागधेयं परमं पशूनाम् ॥१२॥

जो मानिसले साहित्य, संगीत र कला जानेको छैन ऊ सिङ् र पुच्छर नभएको पशु समान हो। फगत पशुले जस्तो घाँस खाँदैन, यस्ता मान्छेले नखाइदिने हुनाले घाँस जोगिन गएको छ। घाँस जोगिनु पशुहरूको निमित्त वडो सौभाग्यको विषय पनि हो ॥१२॥

येषां न विद्या न तपो न दानं ज्ञानं न शीलं न गुणो न धर्मः ।
ते मर्त्यलोक भुवि भारभूता मनुष्यरूपेण मृगाश्चरन्ति ॥१३॥

जुन मनुष्यले विद्या पढेको छैन, तपस्या गरेको छैन, दान दिएको छैन, ज्ञान आर्जन पनि गरेको छैन, साथै धार्मिक र सदाचारी पनि छैन भने यस मर्त्यलोक (पृथ्वी) को ऊ भार हो। संसारमा ऊ मनुष्यको आकार लिएर पशु नै घुमिरहेको प्रतीत हुन्छ ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरं पर्वतदुर्गेषुः भ्रान्तं वनचरैः सह ।
न मूर्खजनसम्पर्कः सुरेन्द्रभवनेष्वपि ॥१४॥

वनमा रहने (वनचर) पशुपंछीका साथ पहाड-पहरा, कुनाकाप्चामा घुमफिर (बसोवास) गर्नु वेश हो । इन्द्रकै दरबार (स्वर्गको दरबार) नै भए पनि त्यहाँ मूर्ख मानिससँगको संगत, सम्पर्क (ऊठ-बस) हुनु असल होइन ॥१४॥

शास्त्रोपस्कृतशब्दसुन्दरगिरः शिष्यप्रदेयाऽऽगमा
विख्याताः कवयो वसन्ति विषये यस्य प्रभोर्निर्धनाः ।
तज्जाड्यं वसुधाधिपस्य कवयस्त्वर्थं विनापीश्वराः
कुत्स्याः स्युः कुपरीक्षका हि मणयो यैरघतः पातिताः ॥१५॥

शास्त्रज्ञ एवम् मीठो बोलीचाली भएको (मिजासिलो) जसले शास्त्रीय विषयको ज्ञान आफ्ना शिष्यहरूलाई दिने गर्छ, यस्ता ख्यातिप्राप्त विद्वान् जुन राजाको राज्यमा निर्धन (गरीब) छन् भने उनीहरूलाई यसरी निर्धन गराइरहनुमा उनीहरूको दोष हैन, राजाकै मूर्खता हो भन्ने ठानिन्छ । आफ्नो विद्वताले गर्दा विनाधनले नै विद्वान् मान्छे धनी मानिन्छ । जाँचकी (जौहारी) ले राम्रोसँग जाँच्न नजानेर वा जाँच्न नसकेर (मणि-माणिक्य) रत्नको थोरै दाम (मोल) निर्धारित गर्दछ भने यस अवस्थामा मणि वा रत्नलाई खराब कमसल ठानिंदैन, अपितु जाँचकीलाई नै दोषी ठहराइन्छ ॥१५॥

हर्तुर्याति न गोचरं किमपि शं पुष्णाति यत्सर्वदा-
ऽप्यर्थिभ्यः प्रतिपाद्यमानमनिशं प्राप्नोति वृद्धिं पराम् ।
कल्पान्तेष्वपि न प्रयाति निधनं विद्याख्यमन्तर्धनं
येषां तान्प्रति मानमुज्झत नृपाः ! कस्तैः सहस्पर्धते ॥१६॥

चोरले देख्न नसक्ने, सदैव मङ्गल गरिरहने, माग्ने मानिसलाई बारम्बार दिँदै रहँदा झन्-झन् धेरै बढेर जाने, प्रलय हुँदा पनि विनष्ट नहुने । भित्री भागमा छिपेर रहिरहेको विद्या नामक धन जुन-जुन विद्वान्हरूसँग छ त्यस्तासँग राजाहरूले गर्व (घमण्ड) नगर्नु तथा विद्यावान्सँग कसैले पनि प्रतिस्पर्धा नगरे हुन्छ ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अधिगतपरमार्थन् पण्डितान् माऽवमंस्था-
स्तृणमिव लघु लक्ष्मीर्नैव तान् संरुणद्धि ।
अभिनवमदलेखाश्यामगण्डस्थलानां
न भवति विसतन्तुर्वारणं वारणानाम् ॥१७॥

हे राजन् ! विद्वान्हरू परमार्थका ज्ञाता हुन्छन्, उहाँहरूलाई अनादर नगर्नुहोस् । विद्वान्हरूले सम्पत्तिलाई तृण समान ठान्ने हुनाले सम्पत्ति दिएर विद्वान्हरूलाई नियन्त्रण गर्न सक्छु भन्ने नठान्नुहोस् । भर्खरै मद चुहिनाले गण्डस्थल कालो भएको (मदमत्त) हात्तीलाई कमल फूलको रेसाले बाँध्न खोज्नु तथा विद्वान्हरूलाई सम्पत्तिले बाँध्न खोज्नु एकैखाले असम्भव कार्य हो भन्ने मानिएको छ ॥१७॥

अम्भोजिनीवनविहारविलासमेव
हंसस्य हन्ति नितरां कुपितो विधाता ।
न त्वस्य दुग्धजलभेदविधौ प्रसिद्धां
वैदग्ध्यकीर्तिमपहर्तुमसौ समर्थः ॥१८॥

ब्रह्माजी जतिसुकै रिसाएको भए पनि हाँसलाई कमलको पोखरीमा घुमफिर गर्नवाट रोक लगाउन सक्दछन् । हाँसमा रहेको दूध र पानी छुट्याउन सक्ने अद्भूत क्षमता (कौशल) ले गर्दा आर्जित हुन गएको उसको कीर्तिलाई ब्रह्माजीले खोस्न भने सक्तदैनन् ॥१८॥

केयूराणि न भूषयन्ति पुरुषं, हारा न चन्द्रोज्ज्वला
न स्नानं, न विलेपनं, न कुसुमं नालङ्कृता मूर्द्धजाः ।
वाण्येका समलङ्करोति पुरुषां या संस्कृता धार्यते
क्षीयन्ते खलु भूषणानि सततं वाग्भूषणं भूषणम् ॥१९॥

मानिसलाई केयुर (ब्रासलेट) ले राम्रो तुल्याउँदैन, चन्द्रमा समान सेतो मोतीको माला पहिरनु पनि सुन्दर र आकर्षक हुँदैन, स्नान गर्नु, चन्दन (क्रिमपाउडर) दल्नु, फूल र यसको माला पहिरनु राम्रोसँग सिंगारिएको केश आदिले पनि सुन्दरता वढाउँदैनन् । मीठो र शुद्ध बोली वोल्ने तथा राम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिजासिलो स्वभाववाला मानिस नै सर्वप्रिय हुन्छ । मीठो बोली मिजास नै उसको स्थायी भूषण पनि हो । केयुर माला, शृङ्गार पटार आदि अस्थायी हुन् तर मीठो बोली (वाणी) रूप भूषण नै स्थायी भूषण हो ॥१९॥

विद्या नाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनं
विद्या भोगकरी यशः सुखकरी, विद्या गुरूणां गुरुः ।
विद्या बन्धुजनो विदेशगमने, विद्या परं दैवतं
विद्या राजसु पूज्यते न हि धनं, विद्याविहीनः पशुः ॥२०॥

विद्या नै अधिक रूप (शालीन व्यक्तित्व) हो, छिपेर (अदृश्य) रहेको सुरक्षित धन पनि हो, विद्याले सांसारिक भोगहरूलाई भोगाउँदछ अनि कीर्ति र सुख प्रदान गर्दछ । विद्या सर्वश्रेष्ठ गुरु हो, विदेशको यात्रामा यो मित्रवत् (साथीजस्तै) रहन्छ । विद्यालाई सर्व श्रेष्ठ देवता समान मानिएको छ । विभिन्न राजाका बीचमा धनलाई भन्दा विद्यालाई नै बढी कदर (पूजित) गरिन्छ । यसैले विद्या नभएको मानिस पशु समान हो ॥२०॥

क्षान्तिश्चेत्कवचेन किं, किमरिभिः क्रोधोऽस्ति चेद्देहिनां,
ज्ञातिश्चेदनलेन किं, यदि सुहृद्दिव्यौषधैः किं फलम् ।
किं सर्पैर्यदि दुर्जनाः किमु धनैर्विद्याऽनवद्या यदि,
व्रीडा चेत्किमु भूषणैः, सुकविता यद्यस्ति राज्येन किम् ॥२१॥

मानिसमा यदि क्षमारूपी (जस्तोसुकै तिरस्कार, आफूले सहनु भोग्नु पर्दा पनि रिस नउठ्ने) गुण छ भने उसलाई कवच (दुर्भेद्य पहिरन) को कुनै जरुरत पर्दैन । मानिसमा क्रोध (रिस) छ भने अरू कुनै शत्रु भइरहनुपर्दैन । बन्धुजन जसका हुन्छन्, उसलाई आगोको (डढेलोको) आवश्यक हुँदैन । जसका असल-असल साथी हुन्छन्, उसका लागि रोग निको पार्ने र शीतल शान्ति प्रदान गर्ने असल औषधिहरू (दिव्यौषधिहरू) को कुनै काम छैन । जसको नजिक (आसपासमा) दुर्जन छन्, उसका लागि सर्प नै नजिकमा हुनु जरुरी छैन । जो मानिस निर्मल विद्यावान् छ उसका लागि धन हुनैपर्छ भन्ने आवश्यकता छैन । लज्जा जोसँग छ उसलाई गहनाको काम पर्दैन । विद्वान्, कवि, बुद्धिजीवी व्यक्तिका लागि भने सरकार र राज्यसमेतको आवश्यकता पर्दैन ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाक्षिण्यं स्वजने दया परिजने शाठ्यं सदा दुर्जने
प्रीतिः साधुजने, नयो नृपजने, विद्वज्जने चार्जवम् ॥
शौर्यं शत्रुजने, क्षमा गुरुजने, नारीजने धूर्तता
ये चैवं पुरुषः कलासु कुशालास्तेष्वेव लोकस्थितिः ॥२२॥

आफ्ना वन्धुवर्ग (स्वजन वा आफन्तहरू) मा उदारता, नोकरचाकरउपर दया, दुष्टप्रति सधैं कुटिलता (चालवाजी), साधु-सन्यासीहरूसँग श्रद्धा र प्रेम, विद्वान् वर्गप्रति शुद्ध एवम् स्वच्छ व्यवहार, राजा (शासक) सँग विनम्रता र नीतिपूर्ण तरिका, शत्रुउपर सूरता तथा पराक्रम, मान्यजनप्रति क्षमा (सहनशीलता वा आज्ञाकारिता), नारीसँग धूर्तता (प्रगल्भता वा कुराकानीले मख्ख वनाउने खुवी) जो मानिस यी सवै कलाले परिपूर्ण छन् उनीहरूलाई नै यस संसारमा सफलता प्राप्त हुन्छ अर्थात् उनीहरूले गर्दा नै यो संसार अडेको छ ॥२२॥

जाड्यं धियो हरति, सिञ्चति वाचि सत्यं
मानोन्नतिं दिशति पापमपाकरोति ।
चेतः प्रसादयति दिक्षु तनोति कीर्तिं
सत्सङ्गतिः कथन किं न करोति पुंसाम् ॥२३॥

लौ भन्नुहोस् सुसंगतले मानिसको के नै पो हित गर्दैन र ? (अर्थात् सवै हित कार्यहरू गर्दछ) सुसंगतिले मानिसको बुद्धिमा रहेको जडता (मूर्खता) लाई नाश गर्दछ, वोलीमा सत्यता ल्याउँछ। मनमा लागेका मैलो कलुषित भावनालाई धोइ-पखाली गर्दछ। अनि मान-सम्मान र इज्जतलाई वढाउँछ, पापलाई नाश गर्दछ, दिग्दिगन्तसम्म कीर्तिलाई फैलाउँदछ ॥२३॥

जयन्ति ते सुकृतिनो रससिद्धाः कवीश्वराः ।
नास्ति येषां यशः काये जरामरणजं भयम् ॥२४॥

शृङ्गार, वीर, करुण आदि रसशास्त्रमा पारगंत भइसकेका महाकविहरू (व्यास वाल्मीकि आदि) र उहाँका कृतिहरू सर्वोत्कृष्ट छन्। उहाँहरूको कीर्तिरूपी शरीरलाई जन्म र मृत्युको डर छैन अर्थात् कविश्रेष्ठहरू यस संसारमा अमर छन् ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सूनुः सच्चरितः सती प्रियतमा, स्वामी प्रसादोन्मुखः
स्निग्धं मित्रमवञ्चकः परिजनो निष्क्लेशलेशं मनः ।
आकारो रुचिरः, स्थिरश्च विभवो, विद्यावदातं मुखं
तुष्टे विष्टपहारिणीष्टदहरो संप्राप्यते देहिना ॥२५॥

जगदीश्वर, इष्टदाता भगवान् श्री विष्णु प्रसन्न हुनुभएको छ भने त्यस्ता भाग्यशाली व्यक्तिलाई चरित्रवान् छोरा पतिव्रता श्रीमती, आफूसित प्रसन्न भएका मालिक, स्नेही मित्र, ढाँट छलकपट नगर्ने सेवक वर्ग, प्रसन्न मन (हिसि परेको राम्रो अनुहार), अचल वा स्थिर सम्पत्ति, मुखमा सरस्वती (विद्या) रहेकी आदि असल कुरा निरन्तर प्राप्त हुने गर्दछ ॥२५॥

प्राणाघातान्निवृत्तिः परधनहरणे संयमः सत्यवाक्यं,
कालो शक्त्या प्रदानं युवतिजनकथामूकभावः परेषाम् ।
तृष्णास्रोतो विभङ्गो, गुरुषु च विनयः, सर्वभूतानुकम्पा,
सामान्यः सर्वशास्त्रेष्वनुपहतविधिः श्रेयसामेष पन्थाः ॥२६॥

प्राणीको प्राण लिने (जघन्य) कार्यवाट अलग रहनु, अरूको धनदौलत हरण (चोरी) तर्फ नलाग्नु, सधैं साँचो बोल्नु, समयानुसार यथाशक्ति दान गर्नु अरूका युवा स्त्रीका वारेमा कुराकानी चल्दा चूप रहनु, लोभी नहुनु (निर्लोभी बन्नु), आदरणीय जनहरूप्रति विनम्र रहनु, सबै प्राणीलाई दया गर्नु यी सबै विषयशास्त्रद्वारा मानिएका (शास्त्रसम्मत) मंगलदायी मार्ग हुन् ॥२६॥

प्रारभ्यते न खलु विघ्नभयेन नीचैः,
प्रारम्भ विघ्नविहता विरमन्ति मध्याः ।
विघ्नैः पुनः पुनरपि प्रतिहन्यमानाः
प्रारभ्य चोत्तमजना न परित्यजन्ति ॥२७॥

बीचैमा विघ्नबाधा पर्न जाला कि भन्ने शंका गरेर अधम स्वभावका मानिसले कामको सुरुवात (थालनी) नै गर्दैनन् । मध्यम स्वभाव भएका मानिस काम सुरु त गर्छन् बाधा पर्ने वित्तिकै गरिरहेको काम नै नगरी बीचमै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छाडिदिन्छन् । परन्तु उत्तम स्वभाव भएका मानिस अनेकौंपटक विघ्नवाधा आइपर्दा आफूले सुरु गरेको काम पूरा गरेरै छाड्छन् अर्थात् काम फत्ते पार्छन् ॥२७॥

असन्तो नाऽभ्यर्थ्याः सुहृदपि न याच्यः कुशधनः
प्रिया न्याय्या वृत्तिर्मलिनमसुभङ्गेऽप्यसुकरम् ।
विपद्युच्चैः स्थेयं पदमनुविधेयं च महतां
सतां केनोद्दिष्टं विषममसिधाराव्रतमिदम् ॥२८॥

दुर्जन (दुष्ट) मानिससँग प्रार्थना (माग्ने कार्य) नगर्नु, गरीब, दुःखी मित्रसँग पनि नमाग्ने, न्यायपूर्ण व्यवहारको अनुसरण गर्नु, प्राण संकट पर्न जाँदा पनि दुष्कर्म (खराव काम) नगर्नु, विपद् परेको वेलामा पनि उच्च मनोवल (आत्मवल) लिनु, सज्जन पुरुषले चल्ने गरेको मार्गमा चल्नु, यस किसिमको तरवारको धारमा हिँड्ने जस्ता कठिन कार्य गर्नु भनी कसले भन्यो होला ? कसैले पनि होइन किनकि सज्जन र महान् व्यक्तिलाई कसैले भन्नु वा उपदेश दिइरहनुपर्दैन ॥२८॥

क्षुत्क्षामोऽपि जराकृशोऽपि शिथिलप्राणोऽपि कष्टां दशा-
मापन्नोऽपि विपन्नदीधितिरपि प्राणेषु नश्यत्स्वपि ।
मत्तेभेन्द्रविभिन्नकुम्भकवलग्रासैकबद्धस्पृहः
किं जीर्णं तृणमत्ति मानमहतामग्रेसरः केसरी ॥२९॥

भोकले पीडित (भोकाएको) वूढो भएकाले दुब्लो शक्ति (वल) हीन, विपत्तिले घेरिएको, तेजहीन भएको तर पनि अहिल्यै मत्ताहात्तीको गण्डस्थल फोरेर रगत मासु पिउँछु भन्ने आत्म अभिमान भएको स्वाभिमानीहरूमध्ये अग्रपंक्तिमा आउने सिंहजस्तो बलियो जनावरले प्राण सङ्कट मै पार्न लागे पनि के सुकेको पराल वा घाँस खान्छ त ? ॥२९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वल्पस्नायुवसावशेषमलिनं निर्मांसमप्यस्थि गोः
श्वा लब्ध्वा परितोषमेति, न तु तत्तस्य क्षुधाशान्तये ।
सिंहो जम्बुकमङ्कमागतमपि त्यक्त्वा निहन्ति द्विपं
सर्वः कृच्छ्रगतोऽपि वाञ्छति जनः सत्त्वानुरूप फलम् ॥३०॥

अति कम बोसो र मासु बाँकी रहेको भोक पनि नमर्ने गाईको हड्डीलाई पाउँदा कुकुर त्यसैलाई चपाउने र चुस्ने गर्दा नै रमाउँछ । सिंहले आफ्नै काखमा आइपुगेको स्याललाई नमारी त्यसै छोडेर हात्तीलाई खोजीखोजी मार्दछ । कुरा ठीकै पनि हो जस्तोसुकै सङ्कट आइपरे पनि प्रत्येक मानिसले आफ्नो पराक्रमअनुसारको फलको चाहना गर्दछ ॥३०॥

लाङ्गूलचालनमधश्चरणावपातं,
भूमौ निपत्य वदनोदरदर्शनं च ।
श्वा पिण्डदस्य कुरुते, गजपुङ्गवस्तु
धीरं विलोकयति, चाटुशतैश्च भुङ्क्ते ॥३१॥

कुकुरले आफूलाई खाना दिन आउने मान्छेलाई देखेपछि सबैभन्दा पहिले पुच्छर हल्लाउँछ, अनि खुट्टाले भुइँ कोतर्छ । त्यसपछि भुइँमा बसेर (पल्टेर) आफ्नो मुख र पेट देखाउँछ । परन्तु हात्ती भने उसको अगाडि खाने कुरा राखिदिएपछि प्रथमतः बडो गम्भीरतापूर्वक खानेकुरालाई नियाल्दछ । त्यसपछि खाना दिने व्यक्ति (माहुते, फणिद वा पछुवा) ले अनेकौं तरिकाले फकाई-फुल्याई अनुरोध गरेपछि मात्र खान थाल्दछ ॥३१॥

परिवर्त्तिनि संसारे मृतः को वा न जायते ।
स जातो येन जातेन याति वंशः समुन्नतिम् ॥३२॥

यस परिवर्तनशील संसारमा कुन मान्छे मर्दैन र कुन मान्छे बाँच्दैन । अर्थात् जसले पनि जन्मने र मर्ने गर्नुपर्छ नै । जसले आफ्नो वंश (कुल) को उन्नति गर्छ उसको जन्म नै वास्तविक वा सार्थक हो भन्ने ठान्नुपर्छ ॥३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुसुमस्तबकस्येव द्वयी वृत्तिर्मनस्विनः ।
मूर्ध्नि वा सर्वलोकस्य, शीर्यते वन एव वा ॥३३॥

जसरी फूलको गुच्छा कि त मानिसको शीरमा रहन्छ होइन भने वन (बगैंचा) मा नै रहन्छ। त्यसरी नै धीर मनस्वी र स्वाभीमानी पुरुषको व्यवहार कि शिरमा (उच्चस्थानमा) या त वनमा (एकान्तस्थलमा) रहने गर्छ। अर्थात् मनस्वी एवम् बुद्धिमान् मानिस सर्वोच्च स्थानमा बसेर समाजलाई हाँक्तछ, सो भएन भने एकान्तवासी भई तपस्वी बन्न पुग्दछ ॥३३॥

सन्त्यन्योऽपि बृहस्पतिप्रभृतयः सम्भाविताः पञ्चषा-
स्तान्प्रत्येष विशेषविक्रमरुची राहुर्न वैरायते ।
द्वावेव ग्रसते दिनेश्वरनिशाप्राणेश्वरौ भासुरौ
भ्रातः ! पर्वणि पश्य दानवपतिः शीर्षावशेषाकृतिः ॥३४॥

हे भाइ हो ! हेर्नुस् अन्तरिक्ष (ब्रह्माण्ड) मा वृहस्पतिलगायत पाँच छ वटा प्रधान (मुख्य मुख्य) ग्रह छन्। यिनमध्ये राहु भन्ने ग्रह यस्तो छ कि उसको केवल टाउको मात्र बचेको छ। राहुलाई आफू पनि समर्थवान् र पराक्रमी छु भन्ने प्रशस्त घमण्ड छ। राहुले वृहस्पति आदि आफूजस्तै ग्रहहरूलाई दुःख दिएर सताएको त बुझिँदैन, आफ्नो शक्ति प्रदर्शन गर्ने हेतुले औंसी र पूर्णिमा तिथिमा भने भगवान् दिनेश्वर (सूर्य) र चन्द्रमा (रात्रिनाथ) लाई नै ग्रहणको नामले ग्रस्त पार्दछ ॥३४॥

वहति भुवनश्रेणिं शेषः फणाफलकस्थितां,
कमठपतिना मध्येपृष्ठं सदा स च धार्यते ।
तमपि कुरुते क्रोडाधीनं पयोधिरनादरा-
दहह ! महतां निः सीमानश्चरित्रविभूतयः ॥३५॥

शेषनागले आफ्नो चेप्टो शिर (फणा) मा धरातललाई उचालिरहेको (बोकिरहेको) छ। शेषनागलाई पनि कछुवाका मालिक (कमठपति) ले आफ्नो पिठ्युँमा बोकिरहनुभएको छ। शेषनागलाई यसरी पिठ्यूँमा बोकिरहने कछुवाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मालिक (विष्णु) लाई समुद्रले हेलैसँग आफ्नो काखमा लिइरहेको छ। अहो ! आश्चर्य लाग्दछ महापुरुषको चरित्र (आचरण) वारे कुनै सीमा छैन, अर्थात् जे-जस्तो पनि हुनसक्ने रहेछ ॥३५॥

वरं पक्षच्छेदः समदमघवन्मुक्तकुलिश-
प्रहारैरुद्गच्छद्बहलदहनोद्गारगुरुभिः ।
तुषाराऽद्रेः सूनोरहह ! पितरि क्लेशविवशे
न चासौ सम्पातः पयसि पयसां पत्युरुचितः ॥३६॥

रिसले चूर भएका इन्द्रद्वारा पहाडहरूको पखेटा उडाइदिने क्रममा प्रहार गरेको बज्र घसँदा आगो वलेर माथि-माथि ज्वाला हुँदै दन्कन थाल्यो। आगोको राप खप्न नसकेर भाग्न खोज्ने हिमालयको छोरा मैनाकको पनि पखेटा काटियो। त्यसपछि पनि ऊ डरले र पीडाले भौंतारिँदै समुद्रमा लुक्न गयो। आफ्ना वावु हिमालय पर्वत पीडाले छटपटाउँदै निश्चल भई कष्ट भोगिरहेको वेलामा छोरो भएर पनि मैनाकले पीडित वावुको हेर विचार नगरी आफू मात्रै समुद्रमा लुकिछिपि बस्न जानु उचित थिएन ॥३६॥

[पुरातन समयमा सवै पहाडका पखेटाहरू हुन्थे। यी पहाडहरू स्वेच्छाले उडेर ठाउँ-ठाउँमा गई आफूखुसी गरी वसिदिनाले ठूलो परिमाणमा धनजनको नोक्सान हुन्थ्यो। यस किसिमले पहाडहरूले गर्ने गरेको मनोमानी र हानी नोक्सानी इन्द्रले हेरीरहन सकेनन्, उनी खुवै रिसाए। यसरी रिसाएका इन्द्रले बज्र प्रहार गरेर सवै पहाडका पखेटा काटिदिई यिनीहरूलाई जहाँको तहीं अड्ने 'अचल' पारिदिएका थिए- पौराणिक कथा]

यदचेतनोऽपि पादैः स्पृष्टः प्रज्वलति सवितुरिनकान्तः ।
तत्तेजस्वी पुरुषः परकृतनिकृतिं कथं सहते ॥३७॥

निर्जीव सूर्यकान्त मणिमा सूर्य-रश्मि पर्ना साथ झन्-झन् बढी तेज उज्यालो निस्कन्छ र फैलन्छ। अथवा घामको प्रहार परेपछि 'तँभन्दा म के कम' भनेजस्तै गरी सूर्यकान्त मणि अत्यधिक चम्कन थाल्दछ। यसैले (सजीव प्राणी) तेजस्वी व्यक्तिले त अरूले गरेको तिरस्कार वा प्रहार सहन गर्नै सक्तैन, वरु ऊ झन्-झन् बढी तेजिलो हुँदै जान्छ ॥३७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहः शिशुरपि निपतति मदमलिनकपोलभित्तिषु गजेषु ।
प्रकृतिरियं सत्त्ववतां न खलु वयस्तेजसो हेतुः ॥३८॥

सिंहको वच्चा पनि उन्मत्त हात्तीलाई देख्नेवित्तिकै झम्टन पुग्दछ । पराक्रमी र वलवान् व्यक्ति जोरी खोज्न जानु स्वाभाविकै हो । यस किसिमको प्रकृतिजन्य स्वभावलाई उमेरले कुनै असर पार्दैन ॥३८॥

जातिर्यातु रसातलं गुणगणस्तस्याप्यधो गच्छता-
च्छीलं शैलतटात्पतत्त्वभिजनः सन्दह्यतां वन्हिना ।
शौर्यं वैरिणि वज्रमाशु निपतत्त्वर्थोऽस्तु नः केवलं,
येनैकेन विना गुणास्तृणलवप्रायाः समस्ता इमे ॥३९॥

धन भन्ने वस्तु अपरिहार्य हो भन्ने सन्दर्भ अघि सार्ने क्रममा यहाँ धन महिमा र धनको अपरिहार्यतावारे प्रकाश पारिएको छ-

वाहुन, क्षेत्री, वैश्य, शूद्र आदि आफ्नो जाति पतालमै पुगोस् अथवा स्वजातिको अधोपतन होस्, आफ्ना धैर्य, उत्साह, उदारता आदि गुणहरू जतिसुकै घट्न जाउन्, शील स्वभाव सदाचार आदि पहाडको टुप्पोवाट खसेर टुक्रा टुक्रा भई किन ननासियोस् र आफ्नो वंश, परम्परा, कुलिनता इष्टमित्रलाई आगोले पोलेर खरानी नै किन नपरोस् । शत्रु समान आफूमा भएको जुन सूरता र वीरता छ त्यसउपर तुरुन्त वज्रपात नै किन नपारोस् यी जाति, गुण, शील, कुलीनता, वीरता आदि सवै धनको अगाडि घाँसको त्यान्द्रो बराबर नगन्य छन् अर्थात् धन छ भने मानिसमा अन्य गुणहरू नहुँदा कुनै फरक पर्दैन ॥३९॥

तानीन्द्रियाण्यविकलानि, तदेव नाम,
सा बुद्धिरप्रतिहता, वचनं तदेव ।
अर्थोष्मणा विरहितः पुरुषः स एव,
त्वन्यः क्षणेन भवतीति विचित्रमेतत् ॥४०॥

तरोताजा तन्दुरुस्त भएका नाक, कान, आँखा, मन आदि इन्द्रिय पनि यिनै हुन् नाम उही नै छ, वुद्धि पनि उही अकुण्ठित नै छ, वोली (मिजास) उही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उस्तै नै छ तर पनि आश्चर्यको विषय यो छ कि धनको गर्मीपन नहुँदा अर्थात् धनहीन (गरीब) हुनासाथ एकैछिनमा मानिस बदलिन्छ ॥४०॥

यस्यास्ति वित्तं स नरः कुलीनः,
स पण्डितः, स श्रुतवान्गुणज्ञः ।
स एव वक्ता स च दर्शनीयः
सर्वे गुणाः काञ्चनमाश्रयन्ते ॥४१॥

धन भएको मानिसलाई नै कुलीन सम्झिइन्छ, धनीलाई विद्वान् पण्डित, शास्त्रज्ञ र गुणज्ञ मानिएको छ। सुयोग्य वक्ता (भाषणकर्ता) र सुन्दर पनि धनवान् नै ठहरिन्छ किनभने सम्पूर्ण मानवीय गुणहरू सुन (धन) मा आश्रित छन् ॥४१॥

दौर्मन्त्र्यान्नृपतिर्विनश्यति, यतिः सङ्गात्सुतो लालना-
द्विप्रोऽनध्ययनात्कुलं कुतनयाच्छीलं खलोपासनात् ।
ह्रीर्मद्यादनवेक्षणादपि कृषिः, स्नेहः प्रवासाश्रया-
न्मैत्री चाऽप्रणयात्समृद्धिरनयात्त्यागात्प्रमादाद्धनम् ॥४२॥

सल्लाहकारवाट गलत सल्लाह सुनेपछि अथवा कुनियत वा अयोग्य मन्त्रीगण भएमा राजाको विनाश हुन्छ। संगतमा लागेपछि अर्थात् लोक सम्पर्क गर्न थालेपछि सन्न्यासी उँभो लाग्दैन। ज्यादै लाड प्यार दिएर राख्यो भने छोरो विग्रन्छ। ब्राह्मणले वेदशास्त्रादिको राम्रो अध्ययन गर्दैन भने नष्ट हुन्छ। कुपुत्र पैदा भएमा कुलको नाश हुन्छ। दुष्टसँग संगत गरेपछि असल शील स्वभाव र सदाचार लोप हुन्छ। मद्यपान गर्नाले (जाँड, रक्सी पिएपछि) लज्जा समाप्त हुन्छ। हेरचाह रेखदेख गरेन भने (खेती) बालीनाली बिग्रन्छ। प्रवास पसेपछि (टाढा रहन थालेपछि) प्रेम रहँदैन। प्रेम र स्नेहको अभाव भएमा मैत्री (मित्रता) लुप्त हुन्छ। नीतिलाई त्यागिदिएमा ऐश्वर्य नष्ट हुनजान्छ। फजुल खर्च गरेमा एवम् उचित-अनुचित विचार गर्न नसकेमा धन ह्रास हुनजान्छ ॥४२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दानं भोगो नाशस्तिस्रो गतयो भवन्ति वित्तस्य ।
यो न ददाति न भुङ्क्ते, तस्य तृतीया गतिर्भवति ॥४३॥

धनका तीन गति (दशा) हुन्छन् : (१) दान गर्नु, (२) उपभोग गर्नु, (३) नाश हुनु । जसले धन भएपछि दान गर्दैन अनि उपभोग पनि गर्दैन भने उसको धन तेस्रो गतिमा पुग्दछ अर्थात् नाश हुनजान्छ ॥४३॥

मणिः शाणोल्लीढः, समरविजयी हेतिदलितो,
मदक्षीणो नागः, शरदि सरितः श्यानपुलिनाः ।
कलाशेषश्चन्द्रः, सुरतमृदिता बालवनिता,
तनिम्ना शोभन्ते गलितविभवाश्चार्थिषु जनाः ॥४४॥

कुनै खास किसिमको ढुङ्गा (पाषाण) मा रगडेर सफा गरेपछि मणि (रत्न) ठीक, राम्रो र चम्किलो देखिन्छ । हात हतियार (शस्त्र) हरू चलाउँदा चलाउँदा थकित र घाइते हुनपुगेको लडाइँमा विजयी भएको लडाका नै राम्रो हुन्छ, मदमत्त भएको हात्ती, किनारामा सुकेको वालुवै-वालुवा भएको शरद ऋतुको नदी, कलामात्र वाँकी रहेको चन्द्रमा, कोमल देहलाई मर्दन गरेपश्चात् लल्याक-लुलुक पर्ने गरेर थाकेकी नववधु, गरीव वर्गलाई वा याचकलाई वाँड्दावाँड्दै सम्पत्ति सकिएका मानिस यस्ता प्रकारले पिछडिएको (खस्किएको) अवस्था भएको नै भए पनि यी सवै राम्रा देखिन्छन् ॥४४॥

परिक्षीणः काश्चित्स्पृहयति यवानां प्रसृतये,
स पश्चात्सम्पूर्णः कलयति धरित्रीं तृणसमाम् ।
अतश्चानैकान्त्याद् गुरुलघुतयाऽर्थेषु धनिना-
मवस्था वस्तूनि प्रथयति च, सङ्कोचयति च ॥४५॥

गरिवीका दिनमा अञ्जुलीभर सत्तु (जौको पीठो) को पनि चाहना हुन्छ । गरिवीको अवस्था वितिसकेर धनी भइसकेपछि उनै मागी हिँड्ने मानिसले यस सम्पूर्ण पृथ्वीलाई नै तृण समान ठान्दछन् । धन धेरै थोरै जे-जति के-कति हुनुपर्दछ भन्ने एकैनाशको कुनै निर्धारित (निश्चित) नीति छैन । धनी वर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो वनाइदिन्छ ॥४५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् ! दुधुक्षसि यदि क्षितिधेनुमेनां,
तेनाद्य वत्समिव लोकममुं पुषाण ।
तस्मिंश्च सम्यगनिशं परिपोष्यमाणे,
नानाफलैः फलति कल्पलतेव भूमिः ॥४६॥

हे राजन् ! यदि तपाई पृथ्वीलाई गाई दोहेजस्तै गरेर दुहुन चाहनुहुन्छ भने गाई दुहुनेले वाच्छोलाई हेरचाह गरेर परिपुष्ट गराएझैं पृथ्वीमा वस्ने प्रजाजनलाई सदैव राम्रो हेरचाह गरेर सुखी-सम्पन्न तुल्याउनुहोस् । अनि पृथ्वीले पनि कल्पवृक्षले जस्तै माग गरेवमोजिमका विविध फलहरू उब्जाउन थाल्दछ ॥४६॥

सत्याऽनृता च परुषा प्रियवादिनी च
हिंस्रा दयालुरपि चाऽर्थपरा वदान्या ।
नित्यव्यया प्रचुरनित्यधनागमा च,
बाराङ्गनेव नृपनीतिरनैकरूपा ॥४७॥

नृपनीति वा राजाको दिनचर्या वा व्यवहार अनेक रूप (विभिन्न किसिम) का हुन्छन् । यहाँ कविले राज-व्यवहारलाई वेश्यासँग दाँजेका छन् । कहिले साँचो, कहिले झूठो, कहिले मीठो र कहिले रुखो दुवै किसिमको बोली बोल्ने, कहिले हिंस्रक त कहिलेकाहीं दयावान् भइदिने, धन कमाई गरी जोगाइरहने, कहिले भने प्रशस्त खर्च पनि गर्ने, यसप्रकार वाराङ्गना (वेश्या) को अनेक रूपमात्र भएजस्तै राजाका व्यवहारका पनि अनेकौं रूप हुन्छन् ॥४७॥

आज्ञाः कीर्तिः पालनं ब्राह्मणानां,
दानं भोगो मित्रसंरक्षणं च ।
येषामेते षड्गुणा न प्रवृत्ताः,
कोऽर्थस्तेषां पार्थिवोपाश्रयेण ॥४८॥

आदेश (शासन), कीर्ति (यश), ब्राह्मण वर्गलाई पालन गर्नु, दान दिनु, ऐश्वर्यको भोग गर्नु, मित्र संरक्षण यी ६ वटा गुण राजामा निहित हुनुपर्दछ । यसका अतिरिक्त जो व्यक्ति राजा हुन्छ यदि उसमा यी गुण रहँदैनन् भने त्यस्ता राजाको आश्रयमा रहँदा के लाभ हुन्छ र ? ॥४८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्धात्रा निजभालपट्टलिखितं स्तोकं महद्धा धनं
तत्प्राप्नोति मरुस्थलेऽपि नितरां मेरौ ततो नाधिकम् ।
तद्धीरो भव वित्तवत्सु कृपणां वृत्तिं वृथा मा कृथाः,
कूपे पश्य पयोनिधावपि घटो गृह्णाति तुल्यं जलम् ॥४९॥

विधाता (भाग्य) ले निधारमा धेर थोर जे जतिसुकै पनि धन पाउँछ भनी लेखि कोरिदिएको छ त्यति धन मरुभूमिमा नै गएर पनि मनुष्यले पाउँदछ । पुर्पुरोमा लेखिएभन्दा बढी सम्पत्ति सुमेरु पर्वतमा गई खोतल्नु खोस्रनु गरे पनि पाइँदैन तसर्थ हे मनुष्य हो ! धैर्य गर धनीहरूकहाँ गएर दयाको भीख नमाग्नू । विचार गर त गाग्रीमा कुवा होस् अथवा समुद्र नै किन नहोस् पानी भने घटी-बढी केही नभई उत्तिनै एकै समान भरिएको हुन्छ ॥४९॥

त्वमेव चातकाधारोऽसीति केषां न गोचरः ।
किमम्भोदवराऽस्माकं कार्पण्योक्तिं प्रतीक्षसे ? ॥५०॥

हे मेघ श्रेष्ठ ! तिमी नै काकाकुल (चातक) अर्थात् तिर्खाएकाको आधार आशाका केन्द्र मानिएका छौ यो कुरा नबुझ्ने कोही पनि छैन । यसरी कुरो बुझ्दाबुझ्दै पनि हामीहरूको यो दुःख पुकारलाई किन सुनिरहेका छौ ? ॥५०॥

रे रे चातक ! सावधानमनसा मित्र ! क्षणं श्रूयता-
मम्भोदा बहवो हि सन्ति गगने सर्वेऽपि नैतादृशाः ।
केचिद् वृष्टिभिरार्द्रयन्ति धरणीं गर्जन्ति केचिद् वृथा,
यं यं पश्यसि तस्य पुरतो मा ब्रूहि दीनं वचः ॥५१॥

हे मित्र काकाकुल ! स्वस्थ्य चित्त बनाई एकछिन मैले भनेको कुरालाई ध्यान लगाएर सुन । आकाशमा धेरै-धेरै बादल छन् । तर ती सबै बादलहरू उदार र पानी वर्षाउने होइनन् । केहीले पानी पारेर पृथ्वीलाई सेचन गर्दछन्, केही भने व्यर्थै गर्जिरहन्छन् । यसैले जुनसुकै बादललाई देख्नेबित्तिकै पनि दुःख पुकार गर्ने काम बन्द गर ॥५१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकरुणत्वमकारणविग्रहः, परधने परयोषिति च स्पृहा ।
सुजनबन्धुजनेस्वसहिष्णुता, प्रकृतिसिद्धमिदं हि दुरात्मनाम् ॥५२॥

दयाहीनता, व्यर्थ कलह गर्ने वानी, अर्काको धन र परस्त्रीमा तृष्णा (चाहना) राख्नु, सज्जनसँग र आफ्नो परिवार सदस्यप्रति असहनशील हुनु यी सबै दुर्जनका स्वभावसिद्ध विषय (वानी वेहोरा) हुन् ॥५२॥

दुर्जनः परिहर्तव्यो विद्ययाऽलङ्कृतोऽपि सन् ।
मणिना भूषितः सर्पः किमसौ न भयङ्करः ? ॥५३॥

विद्या पढेलेखेको छ, तर दुर्जन छ भने ऊ त्याज्य छ । के मणिद्वारा सिंगारिएकै भए पनि सर्प डरलाग्दो तथा खतरनाक छैन र ? ॥५३॥

जाड्यं ह्रीमति गण्यते, व्रतरुचौ दम्भः, शुचौ कैतवं,
शूरे निर्घृणता, मुनौ विमतिता, दैन्यं प्रियालापिनि ।
तेजस्विन्यवलिप्तता, मुखरता वक्तर्यशक्तिः स्थिरे,
तत्को नाम गुणो भवेत्स गुणिनां यो दर्जनैर्नाङ्कितः ॥५४॥

दुर्जन व्यक्तिले सज्जनका सबै गुणलाई दोषको रूपमा लिने गर्छन्- दुष्टहरूले सत्पुरुषमा रहँदै आएको लज्जाशील स्वभावलाई मूर्खता हो भन्ने ठान्दछन् । सज्जन पुरुषले गर्ने गरेको व्रत र उपासना आदिलाई पाखण्डीपन सम्झन्छन् । सत्पुरुषको शुद्धतालाई शठपनाको संज्ञा दिने गर्छन् । वीरता र पराक्रमीपनलाई निर्दयता भन्ने गर्दछन् । तपश्चिन्तनलाई वुद्धिहीन भन्दछन् । मीठो मिजास भएकालाई दीनता (गरिबीपन) ठान्दछन् । तेजस्वीलाई अभिमानी र असल प्रखरवक्तालाई वाचाल वा वक्वके भनी पुकार्दछन् । स्थिर चित्त भएको मान्छेलाई सामर्थ्यहीनको संज्ञा दिने गर्दछन् । यसैले दुर्जनद्वारा कलङ्कित नतुल्याइएको गुणी व्यक्तिका कुनै पनि गुण वाँकी छैनन् ॥५४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोभश्चेदगुणेन किं, पिशुनता यद्यस्ति किं पातकैः,
सत्यं चेत्तपसा च किं, शुचिमनो यद्यस्ति तीर्थेन किम् ।
सौजन्यं यदि किं गुणैः सुमहिमा यद्यस्ति किं मण्डनैः,
सद्विद्या यदि किं धनैरपयशो यद्यस्ति किं मृत्युना ॥५५॥

जसमा लोभ छ, उसलाई अन्य अवगुणको जरुरत पर्दैन अर्थात् लोभ नै मुख्य दुर्गुण हो । पिशुनता वा पछाडिवाट प्रहार गर्ने (व्याक् वाइटिङ्) वानी जसको छ त्यस्तो महापापीलाई पापहरूको के मतलब हुन्छ र ! किनभने पृष्ठप्रहार गर्नु नै महापाप हो । जो व्यक्तिमा सत्यता छ उसले तपस्या गरिरहनुपर्दैन, जसको मन (अन्तरात्मा) शुद्ध छ उसलाई तीर्थ धाइरहनु पर्दैन । सज्जनता भएको व्यक्तिलाई अन्य कुनै गुणहरू चाहिँदैन । जसको सुकीर्ति फैलिएको छ उसलाई गहना (आभूषण) को जरुरत पर्दैन । ज्ञानी पुरुषलाई धनदौलतको महत्त्व छैन । दुष्कीर्ति फैलिएको अवस्थामा मृत्युको दरकार छैन अर्थात् अपकीर्ति मृत्युभन्दा पनि खराव हो ॥५५॥

शशी दिवसधूसरो, गलितयौवना कामिनी,
सरो विगतबारिजं, मुखमनक्षरं स्वाकृतेः ।
प्रभुर्धनपरायणः, सततदुर्गतः सज्जनो,
नृपाङ्गणगतः खलो, मनसि सप्त शल्यानि मे ॥५६॥

दिनमा चन्द्रमाले तेजहीन हुनुपर्ने, जवानी (वैंश) वितेकी तर ज्यादै नै सम्भोग गरिरहन चाहने नारी, कमल नभएको तलाऊ, शास्त्र नपढेको (अपठित) तर अनुहार (मुख) भने ज्यादै राम्रो (आकर्षक) भएको पुरुष, धन लोलुप राजा, सदैव विपत्तिमा डुविरहनुपरेको सज्जन व्यक्ति, दरबारमा वस्ने दुष्ट दरवारिया व्यक्ति यी सात कुराले मेरो हृदयमा शूलले जस्तै सताइरहन्छन् ॥५६॥

न कश्चिच्चण्डकोपानामात्मीयो नाम भूभुजाम् ।
होतारमपि जुह्वानं स्पृष्टो दहति पावकः ॥५७॥

स्पर्श गर्दा (छुँदा) वल्दै गरेको अग्निले पनि हवनकर्तालाई पोल्दछ । ज्यादै रिसाहाराजहरूको कोही पनि आत्मजन वा आफन्त व्यक्तिहरू हुँदैनन् ॥५७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मौनान्मूकः प्रवचनपटुर्वातुलो जल्पको वा,
धृष्टः पार्श्वे वसति च तदा, दूरतश्चाऽप्रगल्भः ।
क्षान्त्या भीरुर्यदि न सहते प्रायसो नाऽभिजातः,
सेवाधर्मः परमगहनो योगिनामप्यगम्यः ॥५८॥

नोकरी (सेवा) को काम ज्यादै कठिन र असजिलो छ। किनभने सेवकले केही नबोली चुप-चाप वस्यो भने उसलाई लाटो भन्ने गरिन्छ। भाषण (वक्तव्य) राम्रोसँग दिन सक्तछ भने उसलाई बकवके (वढी बोल्ने) भनिन्छ। नजिकमा वस्यो भने अटेर वा अभद्र कहिन्छ। टाढा वस्छ भने अकुशल भनिन्छ। क्षमाशील भयो भने डरपोक भनिने गरिन्छ। यसैले नोकरी चाकरीको काम कठिन छ। ठूलाठूला सहनशील आत्मसंयमीले पनि नोकरीको काम गर्न सक्तैनन् ॥५८॥

उभ्दासिताऽखिलस्य विशृङ्खलस्य
प्राग्जातविस्तृतनिजाऽधमकर्मवृत्तेः ।
दैवादवाप्तविभवस्य गुणद्विषोऽस्य
नीचस्य गोचरगतैः, सुखमाप्यते कैः ॥५९॥

जुन उच्छृङ्खल दुष्ट व्यक्तिहरूले आफू अन्य सबै दुष्टहरूको अग्रणी भएर अरू सबै दुष्टलाई महत्त्व (सम्मान) दिँदै प्रख्यात गराएका छन्। आफ्ना पहिलेका नीचकर्म र आचरणहरूलाई झन् झन् फैलाइरहेछन्। भाग्य कै सहाराले धनी (ऐश्वर्यवान्) हुन पुगेका छन्। नीच व्यक्तिहरू नजिक छिमेकमा देखिने गर्दछन् भने कसैले पनि सुख पाउँदैनन् ॥५९॥

आरम्भगुर्वी, क्षयिणी क्रमेण,
लघ्वी पुरा, वृद्धिमती च पश्चात् ।
दिनस्य पूर्वार्द्ध-परार्द्ध भिन्ना,
छायेव मैत्री खल-सज्जनानाम् ॥६०॥

जसरी मानिसको छायाँ बिहानको समयमा ठूलो आकारको र घाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिप्पिँदै गएपछि सानो सानो आकार हुँदै जान्छ । त्यसपछि मध्याह्नको समयमा अति सानो आकार भइदिन्छ फेरि वेलुकीपख सूर्यास्तको वेला लामो (ठूलो) आकारको हुनपुग्दछ । दुष्टसँगको मित्रता बिहानी-मध्याह्नको छायाँजस्तो हो यो सुरुमा ठूलो अनि जत्ति जत्ति धेरै संगत हुँदै गयो उत्ति उत्ति सानो हुँदै जान्छ । सज्जनसँगको मित्रता भने मध्याह्न-वेलुकीपखको छायाँ समान हुन्छ सुरुमा सानो आकारको त्यसपछि मित्रताले प्रगाढ रूप लिँदै गए वेलुकीपखको छायाँ समान ठूलो आकारको हुन पुग्दछ ॥६०॥

मृग-मीन-सज्जनानां तृण-जल-सन्तोष-विहितवृत्तीनाम् ।
लुब्धक-धीवर-पिशुना निष्कारणवैरिणो जगति ॥६१॥

मृग घाँसमा, माछो जलमा र सज्जन मनुष्य सन्तोषमा रमाउँदछन् र कसैलाई पनि सताउँदैनन्, मृगसँग सिकारी (व्याधा) ले, माछासँग माझीले तथा सज्जनसँग दुष्टले विनाकारण यस संसारमा वैरभाव राखेर सताइरहेको मात्र होइन उनीहरूको ज्यान लिन नै हावी भइरहेका देखिन्छन् ॥६१॥

वाञ्छा सज्जनसङ्गमे, परगुणे प्रीतिर्गुरौ नम्रता,
विद्यायां व्यसनं, स्वयोषिति रतिर्लोकापवादाद् भयम् ।
भक्तिः शूलिनि शक्तिरात्मदमने, संसर्गमुक्तिः खले,
येष्वेते निवसन्ति निर्मलगुणास्तेभ्यो नरेभ्यो नमः ॥६२॥

सज्जनसँग संगत गर्न इच्छा गर्नु, अन्य मानिसको गुणमा प्रेमभाव राख्नु, मान्यजनप्रति विनम्र रहनु, विद्या आर्जन गर्नमा (पढाइ-लेखाइमा) तल्लीन हुनु, आफ्नी पत्नीमा प्रेम (चाहना) राख्नु, लोकापवादमा (अरू कसैले आफूलाई नराम्रो भन्छन् कि भन्ने कुरामा) डर हुनु, भगवान् शङ्करको भक्ति गर्नु, आत्म नियन्त्रण गर्न सक्ने शक्ति आफूमा रहनु, दुष्ट व्यक्तिसँग सम्पर्क गर्न छोडिदिनु आदि असल गुणहरू जुन-जुन व्यक्तिमा रहेका छन् त्यस्ता व्यक्तिलाई नमस्कार छ ॥६२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपदि धैर्यमथाभ्युदये क्षमा,
सदसि वाक्पटुता, युधि विक्रमः ।
यशसि चाऽभिरुचिर्व्यसनं श्रुतौ,
प्रकृतिसिद्धमिदं हि महात्मनाम् ॥६३॥

विपत्तिमा धैर्य गर्नु, समृद्धिमा सहनशील वन्नु विद्वत्समाज वा सभा-वैठक आदि हुँदा वाक्कौशल (राम्ररी बोल्न सक्ने) हुनु, लडाइँ लड्दा शूरता र वीरता रहनु, कीर्ति फैलाउनेतर्फ इच्छा गर्दै रहनु, शास्त्राध्ययनमा आशक्त रहनु यी गुणहरू महान् व्यक्ति र सज्जन वर्गमा रहिरहेका हुन्छन् ॥६३॥

प्रदानं प्रच्छन्नं, गृहमुपगते सम्भ्रमविधिः
प्रियं कृत्वा मौनं, सदसि कथनं चाप्युपकृतेः ।
अनुत्सेको लक्ष्म्यां निरभिभवसाराः परकथाः,
सतां केनोद्दिष्टं विषममसिधाराव्रतमिदम् ॥६४॥

आफूले दान दिएको कुरालाई गोप्य राख्नु, घरमा आउने अतिथिजनप्रति आदरभाव राख्दै सत्कार गर्नु, आफूले कसैलाई मद्दत अथवा परोपकार गरेको भए अन्यत्र चर्चा नगरी मौन (चूप) रहनु, सभा-सोसाइटीमा बोल्नुपर्दा आफूले जे जस्तो बोलेर अरूलाई राम्रो हुन जान्छ त्यही कुरा बोल्नु, आफ्नो प्रगति र उन्नतिमा गर्व र घमण्ड नगर्नु, अन्य व्यक्तिहरूको विषयमा कुराकानी हुँदा अरूलाई तिरस्कारको गन्ध (निन्दा) पुग्न सक्ने लवज बिलकुलै प्रयोग नगर्नु इत्यादि तरवारको धारमा वस्नुजस्तो कठिनतम् व्रत सज्जनले गर्नु भनी कसले उपदेश दियो होला ? ॥६४॥

करे श्लाघ्यस्त्यागः, शिरसी गुरूपादप्रणयिता,
मुखे सत्या वाणी, विजयि भुजयोर्वीर्यमतुलम् ।
हृदि स्वच्छा वृत्तिः, श्रुतमधिगतं च श्रवणयो-
र्विनाऽप्यैश्वर्येण प्रकृतिमहतां मण्डनमिदम् ॥६५॥

हातमा त्याग (दान), शिरमा मान्यजनप्रतिको विनम्रभाव, मुखमा साँचो बोली, हातमा पराक्रम (बाहुबलले बहादुरी वा पराक्रम गर्नु), हृदयको निर्मल भावना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(सद्भाव) कानले शास्त्रहरूको श्रवण गर्नु, यी सवै विषय सुवर्ण मणिमाणिक्यादि ऐश्वर्यविना नै महापुरुष (सज्जनहरू) का आभूषण (गहना) समान हुन् ॥६५॥

सम्पत्सु महतां चित्तं भवत्युत्पलकोमलम् ।
आपत्सु च महाशैलशिलासङ्घातकर्कशम् ॥६६॥

महात्माहरूको सम्पत्तिप्रतिको मोह (मन) कमलको पातझैं अत्यन्तै कोमल वा नरम हुन्छ। अर्थात् उनीहरू सम्पत्तिको निमित्त कडा (रुखो) व्यवहार गर्दैनन्। अर्काको दुःख देख्नेवित्तिकै कोमल मन भएको कारणले आफ्नो सम्पत्ति पनि दान दिने गर्दछन्। आफूलाई विपत्ति परेको समयमा भने महात्माहरूको मन चट्टान सरह कडा हुन्छ अर्थात् विपत्तिदेखि कत्ति पनि नहडवढाई धैर्यधारण गरिरहन्छन् ॥६६॥

संतप्तायसि संस्थितस्य पयसो नामापि न ज्ञायते,
मुक्ताऽऽकारतया तदेव नलिनीपत्रस्थितं राजते ।
स्वात्यां सागरशुक्तिमध्यपतितं तन्मौक्तिकं जायते,
प्रायेणाधममध्यमोत्तमगुणः संसर्गतो जायते ॥६७॥

तातो फलाममा जल (पानी) खन्याउँदा पानीको नाम निसाना नै बाँकी रहँदैन। कमलको पातमा पानी राख्यो भने मोतीको जस्तो आकार लिन थाल्छ। स्वाति नक्षत्र योग पर्दा समुद्रभित्र रहेको सिपीको बीच भागमा पानी पर्न गएमा सिपीभित्र मोती वन्दछ। वस्तुहरूको अधम, मध्यम र उत्तम गुणहरू संसर्गवाट उत्पत्ति हुन्छन् ॥६७॥

यः प्रीणयेत्सुचरितैः पितरं स पुत्रो,
यद् भर्तुरेव हितमिच्छति तत्कलत्रम् ।
तन्मित्रमापदि सुखे च समक्रियं य-
देतत्त्रयं जगति पुण्यकृतो लभन्ते ॥६८॥

आफ्नो सत्चरित्र र सदाचारद्वारा बावुलाई खुसी पार्ने पुत्र, पतिसँग असल वार्ता गरिरहने पत्नी, सम्पत्ति र विपत्ति दुवै अवस्थामा साथ दिने साथी (मित्र) यी तीन कुरा पुण्यवान् (भाग्यवान्) लाई यस संसारमा प्राप्त हुन्छन् ॥६८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एको देवः केशवो वा शिवो वा, ह्येकं मित्रं भूपतिर्वा यतिर्वा ।
एको वासः पत्तने वा वने वा, एका नारी सुन्दरी वा दरी वा ॥६९॥

श्री विष्णुलाई होस् या भगवान् शङ्करलाई शिव र विष्णुमध्ये कुनै एउटा मात्र देवता मान्नुपर्छ । कुनै ऐश्वर्यशाली राजा होऊन् वा भीखमङ्गाहरू नै किन नहोऊन् एउटालाई साथी (मित्र) मान्नुपर्छ । घर पनि एउटा मात्र बनाउनुपर्छ चाहे वनमा होस् अथवा सहरमा होस् । त्यस्तै स्त्री पनि एउटीसँग नै चित्त बुझाएर बस्नुपर्छ चाहे उनी हिस्सी परेकी सुन्दरी होऊन् वा पर्वतको गुफा-कन्दरा नै अथवा कालो ओडारजस्तै किन नहोऊन् ॥६९॥

नम्रत्वेनोन्नमन्तः परगुणकथनैः स्वान्गुणान्ख्यापयन्तः,
स्वार्थान्सम्पादयन्तो विततपृथुतरारम्भयत्नाः परार्थे ।
क्षान्त्यैवाक्षेपरुक्षाक्षरमुखरमुखान् दर्जनान् दूषयन्तः,
सन्तः साश्चर्यचर्या जगति बहुमताः कस्य नाभ्यर्चनीयाः ॥७०॥

सज्जनहरूले संसारमा असामान्य प्रतिष्ठा पाएका छन्, सबैले सज्जनलाई मर्यादा गर्दछन् । सज्जनहरूले विनम्र भई उन्नति गर्दछन्, आत्मश्लाघा नगर्ने र अरूका सद्गुणहरू दर्शाएर आफ्ना गुणहरू प्रकारान्तरले अरूलाई महसुस गराउने, अर्काको उन्नतिका खातिर ठूला-ठूला उद्योग व्यवसाय आरम्भ गराएर आफूले पनि लाभ (फाइदा) लिन सक्ने । नराम्रो मिजास भएका र अरूलाई होच्याएर जथाभावी लवज बोल्ने दुष्टहरूप्रति आफू स्वयं क्षमावान् र सहनशील बनेर उनीहरूलाई बकम्फुस (तिरष्कृत) पार्नसक्ने, सबैद्वारा सम्मानित भएका सज्जन पुरुषलाई यस संसारमा कसले इज्जत आदर नगर्ला र ? ॥७०॥

भवन्ति नम्रास्तरवः फलोद्गमै-
र्नवाम्बुभिर्दूरविलम्बिनो घनाः ।
अनुद्धताः सत्पुरुषाः समृद्धिभिः,
स्वभाव एवैष परोपकारिणाम् ॥७१॥

रूखहरू फलले लटरम्म भई ढाकिएपछि केही झुक्दछन् अथवा नुहिन्छन् नम्र हुन्छन् । नयाँ पानी बोकेका बादल (मेघ) पनि टाढा टाढासम्म लटकिएर अर्थात् झुक्दैझुक्दै फैलन्छन् । सज्जनहरू जतिसुकै उन्नति समृद्धि हुँदा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्वहीन (पटक्कै घमण्ड नभएका) हुन्छन् । विनम्र वन्नु व्यापक सहयोगी हुनु, घमण्डरहित वन्नु परोपकारी व्यक्तिहरूको स्वभाव हो ॥७१॥

श्रोत्रं श्रुतेनैव न कुण्डलेन, दानेन पाणिर्न तु कङ्कणेन ।
विभाति कायः करुणापराणां, परोपकारैर्न तु चन्दनेन ॥७२॥

श्रवणशक्ति हुँदा नै कानको महत्त्व बढ्छ, कुण्डल र मुन्द्री लगाएर बढ्दैन । जति जति धेरै दान दिंदै गयो त्यति त्यति हातले महत्त्व पाउँछ । ब्रासलेट र वाला लगाउँदैमा हातको महत्त्व बढ्न सक्तैन । दयाशील मनुष्यको शरीर परोपकारी हुँदा नै शोभित, शुद्ध र पवित्र हुन्छ, चन्दन आदि घसेर शुद्ध हुन सक्तैन ॥७२॥

पापान्निवारयति, योजयते हिताय,
गूहयं निगूहति, गुणान्प्रकटीकरोति ।
आपद्गतं च न जहाति, ददाति काले,
सन्मित्रलक्षणमिदं प्रवदन्ति सन्तः ॥७३॥

[*सज्जनहरूले असल मित्र कस्तो हुनुपर्छ भन्नेबारे यसरी बताएका छन् :*]

असल साथीले पापकर्म गर्न गराउनवाट टाढै राख्दछ । हितकारी अर्थात् अरू समेतलाई फाइदा हुने काम गर्दछ । भन्न नहुने कुरालाई गोप्य नै राख्दछ । उदारता आदि सद्गुणलाई प्रकटमा ल्याउँछ । आपत्ति-विपत्ति आइपर्दा वखत साथ-सहयोग प्रदान गर्छ, आवश्यक परेको समयमा आर्थिक टेवा (रकम) प्रदान गरेर मद्दत गर्छ ॥७३॥

पद्माकरं दिनकरो विकचीकरोति,
चन्द्रो विकासयति कैरवचक्रवालम् ।
नाभ्यर्थितो जलधरोऽपि जलं ददाति,
सन्तः स्वयं परहितेषु कृताभियोगाः ॥७४॥

अनुरोध वा आग्रह नै नगरे पनि भगवान् सूर्यले कमललाई फुलाउँदछन्, यसैक्रममा विनाप्रार्थनाले चन्द्रमाद्वारा कुमुद-पुष्प समूहहरू फुलाइन्छन् वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झाङ्गिइन्छन् । नमाग्दा वा नमागेरै वस्दा पनि मेघले पानी वर्षाउँछ । किनभने, सज्जन व्यक्तिमा अर्कालाई सहयोग गर्ने अथवा परोपकार गर्ने भावना स्वतःस्फूर्त भइरहेको हुन्छ ॥७४॥

[यहाँ उत्तम, मध्यम र अधम कोटीका मानिसबारे स्पष्ट पारिएको छ :]

ऐके सत्पुरुषाः परार्थघटकाः स्वार्थं परित्यज्य ये,
सामान्यास्तु परार्थमुद्यमभृतः स्वार्थाविरोधेन ये ।
तेऽमी मानुषराक्षसाः परहितं स्वार्थाय निघ्नन्ति ये,
ये निघ्नन्ति निरर्थकं परहितं ते के न जानीमहे ॥७५॥

आफ्नो स्वार्थलाई त्यागेर अरूलाई हित हुने (बहुजन हितकारी) काम जसले गर्दछ त्यस्तो मानिसलाई उत्तम-व्यक्तिका रूपमा गणना गरिन्छ । आफ्नो स्वार्थलाई नत्यागीकन अरूको हित हुने काममा अग्रसर जो व्यक्ति हुन्छ, उसलाई मध्यम व्यक्तिको रूपमा गणना गरिन्छ । आफ्नो स्वार्थ पूरा गर्नका लागि अरूको हानि जुन व्यक्तिले गर्दछ त्यस्तो व्यक्तिलाई मानवको रूपमा राक्षस नै हो भन्ने ठानिएको छ । यस्तालाई अधमकोटीको रूपमा गणना गरिन्छ । यस किसिमका अति नीच व्यक्ति जसले अरूको हित हुने कार्यमा बाधा दिन्छन् ती को हुन्, भन्नेबारे हामीले थाहा पाउन सकिरहेका छैनौं ॥७५॥

क्षीरेणात्मगतोदकाय हि गुणा दत्ताः पुरा तेऽखिलाः,
क्षीरोत्तापमवेक्ष्य तेन पयसा स्वात्मा कृशानौ हुतः ।
गन्तुं पावकमुन्मनस्तदभवद् दृष्ट्वा तु मित्रापदं
युक्तं तेन जलेन शाम्यति, सतां मैत्री पुनस्त्वीदृशी ॥७६॥

सबैभन्दा पहिले पानीले दूधसँग गई मिलेर बस्यो । दूधले आफ्नो मित्र पानीलाई आफ्ना सेतो रूप र मीठोपन आदि गुणहरू प्रदान गऱ्यो । दुवै एउटै नछुट्टिनेखाले घनिष्ट मित्र बन्न गए । दूध तताउने कुँडेभित्र आगोले दूधलाई डढाउन (दाह गर्न) लागेको देखेपछि पानीले आगोलाई ठीक पार्छु भनी आगोमाथि जाइ लाग्न थाल्यो । आगोले आफूसँग जोरी खोज्न आएको पानीलाई पोलेर सुकाउन थाल्यो । आफ्नो मित्र पानीलाई आगोले दिइरहेको पीडा देख्न खप्न नसकी दूध पनि उम्लेर झम्टदै पुनः आगोमा फाल हाल्दै जाइलाग्न पुग्दछ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मित्र जलका साथ आगोमा पुगेपछि शान्त हुन्छ। दूध र पानीको जस्तै दुई सज्जनबीचको मित्रतालाई तेस्रोले आएर वाधा पुऱ्याएमा एक-अर्काप्रति सहयोग प्रदान गर्न हैसियत राख्दै दुवैको मित्रता दिगो रहेको हुन्छ ॥७६॥

इतः स्वपिति केशवः, कुलमितस्तदीयद्विषा-
मितश्च शरणार्थिनां शिखरिणां गणाः शेरते ।
इतोऽपि वडवानलः सह समस्तसंवर्तकै-
रहो ! विततमूर्जितं भरसहं च सिन्धोर्वपुः ॥७७॥

समुद्रमा एकातिर भगवान् श्री विष्णु शयन गर्नुहुन्छ। समुद्रकै अर्कोतर्फ उहाँका शत्रु राक्षसवर्ग बस्ने गर्छन्। कतै भने इन्द्रले पखेटा काट्छन् भन्ने डरले शरणमा पर्न आएका मैनाक आदि पर्वतहरू रहन्छन्। समुद्रकै कुनै भागमा सवर्तक नाउँ गरेको प्रलयकालिक मेघहरूका साथ बाडवाग्नि मौजुद छन्। आश्चर्य लागेर आउँछ कि समुद्रको एक्लो यो विस्तृत शरीरले यस्तो गह्रुँगो भार कसरी थामिरहन सकेको होला। अर्थात् महान् व्यक्तिहरू जे-जस्तो कठिन भार थामिरहनुपर्ने अवस्था आइपर्दा पनि आफ्नै शरीरले वहन गर्न असजिलो मान्दैनन् ॥७७॥

तृष्णां छिन्धि भज क्षमां जहि मदं पापे रतिं मा कृथाः,
सत्यं ब्रुह्यनुयाहि साधुपदवीं सेवस्य विद्वज्जनम् ।
मान्यान्मानय विद्वषोऽप्युनुजय प्रख्यापय प्रश्रयं,
कीर्तिं पालय, दुःखिते कुरु दयामेतत्सतां लक्षणम् ॥७८॥

हे मनुष्य हो ! मनमा लाग्ने गरेको तृष्णा (तिर्सना) लाई छाडिदिनुहोस्। क्षमावान् वा सहनशील हुनुहोस्, घमण्ड नगर्नुहोस्, पाप कर्म गर्नेतर्फ बिलकुलै अनिच्छुक रहनुहोस्, सत्य (साँचो) वचन बोल्ने गर्नुहोस् सज्जनहरू हिँड्ने गरेको वाटोको अनुशरण गर्नुहोस् अर्थात् असल साधु स्वभाववाला हुनुहोस्। विद्वान्को संगतमा बस्नुहोस्, आफूले मान्नुपर्नेलाई आदर गर्नुहोस्, शत्रुहरूसँग पनि मिजासिलो बन्नुहोस्, मान्यजन गुरु वर्गमा नम्रभाव राख्नुहोस्, आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्ति (यश) को रक्षा गर्नुहोस्, दुःख पाइरहेका अशक्त मानिसलाई दया गर्नुहोस् यी सबै विषयले तपाईंहरूको सज्जनता प्रकट गर्दछन् ॥७८॥

मनसि वचसि काये पुण्यपीयुषपूर्णा-
स्त्रिभुवनमुपकारश्रेणिभिः प्रीणयन्तः ।
परगुणपरमाणून् पर्वतीकृत्य नित्यं
निजहृदि विकसन्तः सन्ति सन्तः कियन्तः ॥७९॥

मन, वचन र शरीर पुण्य (धर्म) रूपी अमृतले भरिएको अर्थात् पूरा धार्मिक स्वभाव भएको यस संसारलाई नै आफ्ना उपकारी कार्यद्वारा खुसी राखिरहने, अन्य व्यक्तिहरूको स-साना गुणलाई आफ्नो मनभित्र संचित गर्दै आत्मसन्तुष्टि लिइरहने सज्जन पुरुष यस संसारमा कति नै होलान् र ? अर्थात् अति नै कम संख्यामा हुनुपर्छ ॥७९॥

किं तेन हेमगिरिणा, रजताद्रिणा वा,
यत्राश्रिताश्च तरवस्तरवस्त एव ।
मन्यामहे मलयमेव यदाश्रयेण
कङ्कोलनिंवकुटजा अपि चन्दनाः स्युः ॥८०॥

जतिसुकै सुन र चाँदी भएको भए पनि सुमेरु पर्वत हाम्रा लागि कुनै काम छैन किनकि त्यस पर्वतमा उम्रेका र पछि उम्रने रूखहरू सामान्य जातका मात्र हुन्छन् । मलय पर्वतमा कङ्गोल, नीम तथा कुटज जातका मीठो-मीठो वासना आउने चन्दनका रूख वृक्ष पाइने हुनाले हामी त सुमेरुलाई भन्दा मलय पर्वतलाई बढी रुचाउँदछौं ॥८०॥

रत्नैर्महार्हैस्तुतुषुर्न देवा न भेजिरे भीमविषेण भीतिम् ।
सुधां विना न प्रययुर्विरामं निश्चितार्थाद्विरमन्ति धीराः ॥८१॥

देवताहरू महासागरबाट प्राप्त बहुमूल्य हीरा, मणि, माणिक्यादि रत्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउँदा पनि सन्तुष्ट भएनन् । भयानक विष (कालकूट) सँग पनि डराएनन् । अनि अमृत पाएपछि मात्र विश्राम गर्न थाले । धीर मनुष्य पनि आफ्नो निर्धारित लक्ष्य हासिल भएपछि मात्र चूप बस्छ ॥८१॥

क्वचिद्भूमौ शय्या, क्वचिदपि च पर्यङ्कशयनः,
क्वचिच्छाकाहारी, क्वचिदपि च शाल्योदनरुचिः ।
क्वचित्कन्थाधारी, क्वचिदपि च दिव्याम्बरधरो,
मनस्वी कार्यार्थी न गणयति दुःखं न च सुखम् ॥८२॥

आफ्नो काम सम्पन्न गराउन खोज्ने धीर मानिस कहिले पलङमा, कहिले भुइँमा सुत्दछ । कहिले सागपात खान्छ कहिले भने मार्सी चामलको भुजा ज्यूनार गर्दछ । कुनै समयमा झुत्रो लुगा लाउँछ भने कुनै बेलामा महँगो असल जातको पोसाक पहिरन्छ । आफ्नो यस किसिमको स्वभावले गर्दा उसले (धीर व्यक्तिले) सुख दुःख कुनै कुराको परवाह गर्दैन ॥८२॥

ऐश्वर्यस्य बिभूषणं सुजनता, शौर्यस्य वाक्संयमो,
ज्ञानस्योपशमः, श्रुतस्य विनयो, वित्तस्य पात्रे व्ययः॥
अक्रोधस्तपसः, क्षमा प्रभवितुर्धर्मस्य निर्व्याजता,
सर्वेषामपि सर्वकारणमिदं शीलं परं भूषणम् ॥८३॥

सज्जनताद्वारा नै वैभव (ऐश्वर्य) शोभित हुन्छ । बहादुरीले बोलीलाई लगाम लगाउँदा (जथाभावी नबोल्दा) महत्त्व पाउँछ । विषय-वासना वा सुखा भोगतर्फ चित्त नलगाउँदा ज्ञानको महत्त्व बढ्दछ । असल पात्रलाई दान दिएपछि धनको सदुपयोग हुन गएको ठानिन्छ । रिस, क्रोध हटाउँदा नै तपस्या गरेको सार्थक हुन्छ । बलियो, बाङ्गो र सक्षम व्यक्तिले सहनशील हुँदा नै उन्नति गर्न सक्छ । सदाचारी बन्नु रूप धर्मले निष्कपटताद्वारा महत्त्व पाउँछ । ऐश्वर्य, बहादुरी, ज्ञान, दान, तप, सक्षमता, धर्म आदि विषयको मूल कारण भन्नु नै सुशील (चरित्रवान्) हुनु हो ॥८३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु,
लक्ष्मीः समाविशतु, गच्छतु वा यथेष्टम् ।
अद्यैव वा मरणमस्तु, युगान्तरे वा,
न्याय्यात्पथः प्रविचलन्ति पदं न धीराः ॥८४॥

वडेवडे नीतिज्ञहरूले निन्दा गरून् वा स्तुति गरून् मनले चिताएवमोजिम लक्ष्मी (धन) ले वास गरुन् वा नगरुन्, आजै मरियोस् वा भोलि मरियोस् भन्ने कुराको कुनै पर्वाह नगरी सज्जन पुरुष न्यायको वाटोलाई नछोडी अगाडि बढिरहन्छन् ॥८४॥

भग्नाशस्य करण्डपिण्डिततनोर्म्लानेन्द्रियस्य क्षुधा
कुत्वाऽऽखुर्विवरं स्वयं निपतितो नक्तं मुखे भोगिनः ।
तृप्तस्तत्पिशितेन सत्वरमसौ तेनैव यातः पथा,
लोकाः ! पश्यत दैवमेव हि नृणां वृद्धौ क्षये कारणम् ॥८५॥

हे मानिस हो ! हेर्नुहोस् । खाना जुट्ने कुरामा निराश भइसकेको टोड्काभित्र गुडुल्किएर वस्नुपर्नाले दुब्लो सानो जिउ देखिने, भोकाउँदा इन्द्रियहरू शिथिल भइसकेको रातमा मुसाले बनाएको दुलोभित्र बसिरहेको सर्पको मखमा मुसो आफैँ पस्न पुग्दछ र प्राण गुमाउँदछ । सर्प पनि मुसाको मासु खान पाएर तृप्त हुँदै मुसोको प्वालबाट बाहिर निस्किएर जान्छ । यसैले मानिसको वृद्धि र नोक्सानीको कारण उसको आफ्नै भाग्य हो ॥८५॥

आलस्यं हि मनुष्याणां शरीरस्थो महान् रिपुः ।
नास्त्युद्यमसमो बन्धुर्यं कृत्वा नावसीदति ॥८६॥

अल्छीपना (आलस्य) मानव-शरीरमा रहने महान् शत्रु हो । साथै उद्योगजत्तिको मनुष्यको आफन्त पनि कोही छैन । उद्योगी व्यक्तिले कहिल्यै पनि दुःख पाउँदैन ॥८६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिन्नोऽपि रोहति तरुः, क्षीणोऽप्युपचीयते पुनश्चन्द्रः ।
इति विमृशन्तः सन्तः सन्तप्यन्ते र विप्लुता लोके ॥८७॥

काटिएको रूख फेरि पनि वढ्दछ, मलिन हुन पुगेका चन्द्रमा पनि पुनः उज्यालो हुँदै जान्छन् भन्ने विचार लिइरहने सज्जन मान्छे उपर अनेकौं कष्ट आइपरिरहेकै भए पनि यस संसारमा उसको मन पाकिरहँदैन अर्थात् दुःखित भइरहँदैन ॥८७॥

नेता यस्य बृहस्पतिः, प्रहरणं बज्रं, सुराः सैनिकाः
स्वर्गो दुर्गमनुग्रहः किल हरेरैरावतो वारणः ।
इत्यैश्वर्यबलान्वितोऽपि बलभिद् भग्नः परैः सङ्गरे
तद्युक्तं ननु दैवमेव शरणं, धिग्धिग्वृथा पौरुषम् ॥८८॥

जुन देवराज इन्द्रका उपदेशक (नेता) वृहस्पति छन्, हिर्काउने हतियार वज्र छ, देवताहरू नै सैनिक (सिपाही) छन्, वसोवास गर्ने (किल्ला) ठाउँ स्वर्ग छ, श्री विष्णुको संरक्षण प्राप्त छ, ऐरावतजस्तो हात्ती जोसँग छ यस किसिमका शक्ति वैभवले सम्पन्न भएका इन्द्र महाराज पनि शत्रुद्वारा युद्धमा हराइएका छन्। यसैले संसारमा भाग्य नै ठूलो चीज हो पुरुषार्थ (पौरख) पनि भाग्यको सामुन्ने व्यर्थ हुनगएको छ ॥८८॥

कर्मायत्तं फलं पुंसां, बुद्धिः कर्मानुसारिणी ।
तथापि सुधिया भाव्यं सुविचार्यैव कुर्वता ॥८९॥

यद्यपि, मानिसको सुखदुःख आदि कर्महरू पूर्वजन्मको कर्मकै अधीन छन्। मानिसको बुद्धिले पनि कर्मलाई नै अनुसरण गर्दछ। तथापि बुद्धिमान मानिसले विचार पुऱ्याएर मात्रै कर्म गर्दै रहनुपर्दछ ॥८९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खल्वाटो दिवसेश्वरस्य किरणैः सन्ताडितो मस्तके,
वाञ्छन्देशमनातपं विधिवशात्तालस्य मूलं गतः ।
तत्राप्यस्य महाफलेन पतता भग्नं सशब्दं शिरः,
प्रायो गच्छति यत्र भाग्यरहितस्तत्रैव यान्त्यापदः ॥९०॥

कुनै खल्वाट मानिस मध्याह्न समयको पोल्ने प्रचण्ड घामलाई खप्न नसकेर शीतल छहारी खोज्दै खोज्दै एउटा नरिवल (ताड) को रूखमुनि गएर आराम गर्न थाल्यो । रूखबाट एउटा ठूलो नरिवलको फल झरेर खल्वाटको शीरमा वज्रियो अनि ठूलो आवाज निस्क्यो र खल्वाटको शीर फुट्न गयो । अभागीहरू जहाँ-जहाँ जान्छन् प्रायशः विपत्ति पनि त्यहीँ-त्यहीँ खनिन्छन् ॥९०॥

शशिदिवाकरयोर्ग्रहपीडनं गजभुजङ्गमयोरपि बन्धनम् ।
मतिमताञ्च विलोक्य दरिद्रतां विधिरहो ! बलवानिति मे मतिः ॥९१॥

चन्द्रमा र सूर्यलाई राहु ग्रहले दुःख दिन्छ अर्थात् ग्रहण लाग्दछ । हात्तीलाई अंकुशे र सर्पलाई मन्त्र औषधिले वन्धन (नियन्त्रण) मा राखिन्छ । वुद्धिमान् मानिसलाई दरिद्रताले सताइरहेको जब देख्दछु यस संसारमा भाग्य (विधि) नै सबैभन्दा बलियो रहेछ भन्ने मैले सम्झेको छु ॥९१॥

सृजति तावदशेषगुणाकरं पुरुषरत्नमलङ्करणं भुवः ।
तदपि तत्क्षणभङ्गि करोति चेदहह ! कष्टमपण्डितता विधेः ॥९२॥

विधाताले सर्वगुण सम्पन्न तथा सारा पृथिवीकै गहना समान भएको श्रेष्ठ ठान्दै मानिसको सृष्टि गरेको भए पनि यस किसिमको आफ्नै सृष्टिलाई उनै व्रह्माजीले तुरुन्त नाशवान् (क्षणभंगुर) वनाइदिन्छन् । हाय ! हाय ! व्रह्माजीको यो मूर्खता वढो कष्टदायी छ ॥९२॥

पत्रं नैव यदा करीरविटपे दोषो वसन्तस्य किं,
नोलूकोऽप्यवलोकते यदि दिवा, सूर्यस्य किं दूषणम् ।
धारा नैव पतन्ति चातकमुखे, मेघस्य किं दूषणं,
यत्पूर्वं विधिना ललाटलिखितं तन्मार्जितुं कः क्षमः ॥९३॥

करीर (करवीर) भन्ने फूलको बुटाको हाँगोमा वसन्तऋतुमा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पातहरू हुँदैनन् भने वसन्त ऋतुलाई के दोष ? लाटोकोसेरोले दिनमा आँखा देख्न सक्तैन भने सूर्य भगवान्लाई के दोष ? तिर्खाएको काकाकुलको मुखभित्र पानी पसेन भन्दैमा पानी वर्षाउने बादललाई केको दोष ? यसैले जसको पुर्पुरोमा दैवले जे लेखेको छ, त्यसलाई मेट्न कसले सक्दछ र ? ॥९३॥

नमस्यामो देवान्ननु हतविधेस्तेऽपि वशगा,
विधिर्वन्द्यः, सोऽपि प्रतिनियतकर्मैकफलदः ।
फलं कर्मायत्तं किममरगणैः, किञ्च विधिना,
नमस्तत्कर्मभ्यो विधिरपि न येभ्यः प्रभवति ॥९४॥

हामी देवतालाई नमस्कार गर्ने गर्छौं । परन्तु उनै देवताहरू पनि ब्रह्माको अधीनमा छन्, यसैले ब्रह्मा नै वन्दनीय हुन् कि भन्ने हामीलाई लाग्दछ । ब्रह्माजीले पनि मानिसले आफैंले गरेको कर्मबमोजिमको फल मात्र दिन सक्तछन् । आफ्नो मिहिनेतको फलप्राप्ति आफ्नै कर्ममा आधारित छ भने देवताहरू र ब्रह्माको वन्दना गर्नुभन्दा कर्मलाई नै वन्दनीय ठान्दछौं किनकि कर्मको उपर ब्रह्माजीको पनि वश (नियन्त्रण) चल्दैन ॥९४॥

ब्रह्मा येन कुलालवन्नियमितो ब्रह्माण्डभाण्डोदरे,
विष्णुर्येन दशावतारगहने क्षिप्तो महासङ्कटे ।
रुद्रो येन कपालपाणिपुटके भिक्षाटनं कारितः,
सूर्यो भ्राम्यति नित्यमेव गगने, तस्मै नमः कर्मणे ॥९५॥

जुन कर्मले ब्रह्माजीलाई यस ब्रह्माण्डरूपी पात्र (कसौंडी) को भित्रपट्टि कुम्हालेले विभिन्न साइज, जात र आकारका माटोका भाँडा बनाएजस्तै गरी सृष्टिकार्य गर्न नियुक्त गरेको छ । त्यस्तै श्री विष्णुलाई पनि दश अवतार लिनेजस्तो कष्टप्रद काम गराउँदै आएको छ । यति मात्र होइन भगवान् श्री शंकरलाई खप्परको पाणिपात्र (भीक्षा पात्र) लाई हातमा समाएर भीक्षाटन (घर-घर दैलोदैलोमा घुमी-घुमी भीक्षा थाप्न बाध्य) गराएको र सूर्यलाई पनि आकाशमा सदैव घुमिरहनुपर्ने गराउन सक्ने कर्मलाई नमस्कार छ ॥९५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नैवाऽऽकृतिः फलति नैव कुलं न शीलं,
विद्यापि नैव न च यत्नकृताऽपि सेवा ।
भाग्यानि पूर्वतपसा खलु सञ्चितानि,
काले फलन्ति पुरुषस्य, यथैव वृक्षाः ॥९६॥

मानिस (पुरुष) को राम्रो एवम् आकर्षक अनुहारद्वारा कुनै फल (लाभ) प्राप्त हुँदैन । असल कुल (घरान) पाउन सकिन्न, सदाचार मिल्न सक्तैन, विद्याको प्राप्ति पनि हुँदैन, मिहेनतपूर्वक गरिएको सेवाले पनि कुनै फल दिँदैन । किन्तु पहिले गरेको तपस्याद्वारा सञ्चित रहेको पुरुषको सुभाग्यले समय आउँदा वखत जसरी रूखले फल दिन्छ त्यसरी नै सफलता (असल नतिजा) प्रदान गर्दछ ॥९६॥

वने रणे शत्रु जलाग्निमध्ये, महार्णवे पर्वतमस्तके वा ।
सुप्तं प्रमत्तं विषमस्थितं वा, रक्षन्ति पुण्यानि पुराकृतानि ॥९७॥

पूर्वजन्ममा गरिएका पुण्यले वनमा जाँदा, लडाइँ गर्दा, शत्रु, पानी, आगो र महासागर आदिमा आइपर्ने विपत्तिको समयमा तथा पहाडको टाकुरामा सुतिरहेको अवस्थामा र असावधान हुँदाको स्थितिमा एवम् संकट परेको समयमा मानिसको रक्षा गर्दछ ॥९७॥

या साधूंश्च खलान्करोति विदुषो मूर्खान्हितान्द्वेषिणः,
प्रत्यक्षं कुरुते परोक्षममृतं हालाहलं तत्क्षणात् ।
तामाराधय सत्क्रियां भगवतीं भोक्तुं फलं वाञ्छितं,
हे साधो ! व्यसनैर्गुणेषु विपुलेष्वास्थां वृथा मा कृथाः ॥९८॥

हे सज्जनवृन्द ! (हेर्नुहोस्) दुष्टलाई सज्जन, मूर्खलाई विद्वान्, शत्रुलाई हितैषी, परोक्ष (नदेखिने) लाई प्रत्यक्ष (देखिने) अनि हलाहल (विषलाई अमृत वनाउने कार्य) सत्कर्मबाट मात्र सम्भव छ । तसर्थ, तपाईंहरू आफ्नो मनचाहा फल चाहनुहुन्छ भने सत्कर्म गर्दै जानुहोस् । बहुविध दुःखकष्ट रहेका अन्य गुणहरू (भोग-ऐश्वर्य) आदिमा आशक्ति नराख्नुहोस् ॥९८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणवदगुणवद्वा कुर्वता कार्यजातं
परिणतिरवधार्या यत्नतः पण्डितेन ।
अतिरभसकृतानां कर्मणामाविपत्ते-
र्भवति हृदयदाही शल्यतुल्यो विपाकः ॥९९॥

गुण भएको वा गुण नभएका कामहरू गर्दागर्दै रहँदाका वखतमा नै विद्वान् व्यक्तिले आफूले थालेको कामले के कस्तो परिणाम दिने होला भन्नेतर्फ विशेष प्रयत्न साथ विचार पुऱ्याउनुपर्दछ। ज्यादै हडवड गरेर गरिएका कामको परिणामले मृत्यु नभएसम्म पनि मनलाई शूलले जस्तै गरी पीडा दिइरहन्छन् ॥९९॥

स्थाल्यां वैदूर्यमय्यां पचति तिलकणांश्चान्दनैरिन्धनौघैः
सौवर्णैर्लाङ्गलाग्रैर्विलिखति वसुधामर्कतूलस्य हेतोः ।
कृत्वा कर्पूरखण्डान् वृतिमिह कुरुते कोद्रवाणां समन्तात्,
प्राप्येमां कर्मभूमिं न चरति मनुजो यस्तपो मन्दभाग्यः ॥१००॥

जुन मनुष्यले कर्मभूमिरूप यस संसारमा जन्म लिएर अनुष्ठान (कर्म) गर्दैन भने ऊ अभागी ठहर्छ। तीलको गेडा पकाउने जस्तो अति मामूली काम गर्नका लागि अनमोल रत्न (पन्ना) जडिएको थाल (प्लेट) मा श्रीखण्डको दाउरा वाल्नु समान मूर्खता पूर्ण काम गर्दछ। त्यस्तै मामुली आँक जातको विरुवाको जराको निमित्त सुनको फाली जडान गरिएको हलोद्वारा जमिन जोत्न खोज्नु समान बेकम्मा काम गर्न खोजेको हो भन्ने मानिएको छ। यसका अतिरिक्त कपुरका वोटलाई टुक्रा-टुक्रा गरी काटेर अति सामान्य वाली (कोदो) लाई वचाउ गर्न वार वार्ने कार्य गर्न लाग्नु जस्तै बेवकूफले गर्ने काम गर्न खोज्दछ। यस धरतीमा मानिसको जीवन अनमोल छ यस्तो हुँदाहुँदै पनि यदि मानिसले बुद्धिमानीपूर्वक माल पाएपछि चाल पाएको जस्तो गरी महान् उपलब्धिमूलक कामहरू गर्दै जानुपर्छ। यसो गर्दैन भने ऊ मुर्ख नै हो भन्ने यस श्लोकको तात्पर्य हो ॥१००॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मज्जत्वम्भसि यातु मेरुशिखरं शत्रुञ्जयत्वाहवे,
वाणिज्य कृषिसेवने च सकला विद्याः कलाः शिक्षताम् ।
आकाशं विपुलं प्रयातु खगवत्कृत्वा प्रयत्नं परं,
नाऽभाव्यं भवतीह, कर्मवशतो भाव्यस्य नाशः कुतः ॥१०१॥

मानिस पानीमै डुबोस् या त सुमेरु पर्वतको टुप्पा (टाकुरो) मा नै किन नपुगोस्, लडाईमा शत्रुलाई हराएकै किन नहोस्, वाणिज्य-कृषि, खेतीपाती र वन्दव्यापार, बढाई कलाकौशल, कालीगढी जतिसुकै सिकेको किन नहोओस् । ठूलो मेहनेत गरेर चराचुरुङ्गी जस्तै आकाशमा गएर किन नचहारेको होस् उसको कर्ममा जे हुन्छ भन्ने लेखिएको छ भने सो भई नै हाल्छ । नाशिदैन अनि नहुने भन्ने लेखिएको भए कुनै हालतमा पनि हुँदैन नाशिएरै जान्छ ॥१०१॥

भीमं वनं भवति तस्य पुरं प्रधानं,
सर्वो जनः सुजनतामुपयाति तस्य ।
कृत्स्ना च भूर्भवति सन्निधिरत्नपूर्णा,
यस्यास्ति पूर्वसुकृतं विपुलं नरस्य ॥१०२॥

जुन मानिसका पहिले गरिएको विशाल पुण्यकर्महरू मौजुद छन् उसका लागि बाघ, भालु आदि हिंस्रक जनावरले युक्त जंगल पनि मुख्य सहर राजधानी समान धन जन आदिले परिपूर्ण भएको सहरजस्तै हुन्छ, त्यहाँका वासिन्दा सबै नै स्वजन आफ्ना मानिस वन्दछन्, त्यहाँको धरती पनि ठूला र धेरै खनिज पदार्थले परिपूर्ण भइरहन्छ ॥१०२॥

को लाभो-गुणिसङ्गमः, किमसुखं-प्राज्ञेतरैः सङ्गतिः,
का हानिः समयच्युतिर्निपुणता का धर्मतत्त्वे रतिः ।
कः शूरो विजितेन्द्रियः प्रियतमा काऽनुव्रता, किं धनं
विद्या किं सुखमप्रवासगमनं, राज्यं किमाज्ञाफलम् ॥१०३॥

गुणी मानिससँग सम्पर्क गर्न पाउनु नै लाभ हो, मूर्खसँग सङ्गत गर्नुपरेमा दुःख (कष्ट) हुन्छ, समयलाई त्यसै खेर फाल्नु वर्बादी (विनाश) वा हानि हो,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मको तत्त्वमा अनुराग राख्नु अनि यसमा निपुण वन्न सक्नु नै दक्षता हो। जसले आफ्ना इन्द्रियलाई नियन्त्रण गर्न सक्दछ ऊ नै सूरो वा वीर हो। पतिले भनेको मान्ने अनि पतिको अनुकूल चल्ने नै असल प्रियतमा हुन्, विद्या नै महत्त्वपूर्ण धन हो, आफ्नो देशमा वसोवास गर्नु सुख हो, आफ्नो वोली आदेश निर्देशको प्रतिपालन हुनु अर्थात् आदेशको कार्यान्वयन् हुनु राज्यको सुख मानिएको छ ॥१०३॥

अप्रियवचनदरिद्रैः प्रियवचनधनाढ्यैः स्वदारपरितुष्टैः ।
परपरिवादनिवृत्तैः क्वचित्क्वचिन्मण्डिता वसुधा ॥१०४॥

कटुवचनविहीन, प्रिय वचनले युक्त, आफ्नी पत्नीवाट सन्तुष्ट एवम् अर्कालाई निन्दा नगर्ने सज्जनहरू यस धरतीमा कतै-कतै मात्र भेटिन्छन्। अर्थात् यस किसिमका व्यक्तिहरू पृथ्वीमा ज्यादै अल्पसंख्यक छन् ॥१०४॥

कदर्थितस्यापि हि धैर्यवृत्तेर्न शक्यते धैर्यगुणः प्रमार्ष्टुम् ॥
अधोमुखस्यापि कृतस्य वन्हेर्नाऽधः शिखा याति कदाचिदेव ॥१०५॥

ज्यादै दुःख पाइरहकै भए पनि धैर्यशाली व्यक्तिको धैर्यलाई डगाउन सकिंदैन। आगोलाई अधोमुख अर्थात् अगुल्टोलाई तलतिर फर्काएर समाते पनि आगोको ज्वाला भने तलतिर नगई माथितिर नै लाग्दछ ॥१०५॥

कान्ताकटाक्षविशिखा न लुनन्ति यस्य
चित्तं, न निर्दहति कोपकृशानुतापः ।
कर्षन्ति भूरिविषयाश्च न लोभपाशै-
र्लोकत्रयं जयति कृत्स्नमिदं स धीरः ॥१०६॥

जुन धैर्यवान् मनुष्यको मनमा नारीको कटाक्षले प्रभावित पार्दैन, रिस उठ्दैन, नाना भोग-प्यासले मनलाई वाँध्दै खिच्तैन, त्यस्तो धैर्यवान् मानिसले त्रैलोक्यलाई विजय गरेसमान हुन्छ ॥१०६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकेनापि हि शूरेण पदाक्रान्तं महीतलम् ।
क्रियते भास्करेणेव स्फारस्फुरिततेजसा ॥१०७॥

जसरी तेजस्वी सूर्य एक्लैले नै सम्पूर्ण जगत्लाई आफ्नो किरणद्वारा ढाकिरहेका छन् त्यसरी नै ठूलो पराक्रमी वीर एक्लैले यस पृथ्वीलाई आफ्नो चरणद्वारा ढाकेको छ अर्थात् पराक्रमी व्यक्तिको प्रभाव यस धरतीभरि नै विस्तारित हुन्छ ॥१०७॥

वह्निस्तस्य जलायते जलनिधिः कुल्यायते तत्क्षणा-
न्मेरुः स्वल्पशिलायते, मृगपतिः सद्यः कुरङ्गायते ।
व्यालो माल्यगुणायते विषरसः पीयूषवर्षायते
यस्याङ्गेऽखिललोकवल्लभतमं शीलं समुन्मीलति ॥१०८॥

जुन सज्जन पुरुषको शरीरमा सकल संसारले रुचाउने सदाचाररूपी गुण कायम छ उसलाई आगो पानी समान हुन्छ । समुद्र पनि सानो नदीजस्तो हुन्छ । सुमेरु पहाड पनि ढुङ्गाको टुक्रा वरावर हुनपुग्छ । हिंस्रक जनावर वाघ पनि तुरुन्त मृगजस्तो वन्न पुग्दछ । सर्पले पनि फूलमालाजस्तो आचरण गर्दछ । विष अमृतजस्तो हुनजान्छ ॥१०८॥

लज्जागुणौघजननीं जननीमिव स्वा-
मत्यन्तशुद्धहृदयामनुवर्तमानाम् ।
तेजस्विनः सुखमसूनपि सन्त्यजन्ति,
सत्यव्रतव्यसनिनो न पुनः प्रतिज्ञाम् ॥१०९॥

सत्यव्रती र तेजस्वी पुरुषले सजिलैसँग प्राण त्याग गर्न सक्तछ तर लज्जा आदि गुण पैदा गर्ने, विशुद्ध भावना भएकी आफूलाई अनुकूल (भलो) गर्ने आमाले जस्तै वर्ताव गर्ने आफ्नो दृढ निश्चय (प्रतिज्ञा) लाई भने छोड्न सक्दैनन् ॥१०९॥

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि नीतिशतक

(परिशिष्ट)

मालतीकुसुमस्येव द्वयी वृत्तिर्मनस्विनः ।
मूर्ध्नि वा सर्वलोकस्य शीर्यते वन एव वा ॥१॥

बुद्धिमान तथा स्वाभिमानी मानिस मालती फूल समान दुई अवस्थामा गुज्रन्छन् । (१) मालती फूलहरू सबै मानिसको शीरमा रहन्छन् अर्थात् राम्रो र सुवास आउने हुनाले मानिसले फूललाई आफ्नो शिरमा सिउरन्छन् । (२) मानिसले फूललाई देखेन भेट्टाएन अथवा पाउन सकेन भने यो फूल वन वा बगैंचाको बोटैमुनि झरेर ओइलाएर जान्छ ॥१॥

अग्राह्यं हृदयं यथैव वदनं यद्दर्पणान्तर्गतं
भावः पर्वतसूक्ष्ममार्गविषमः स्त्रीणां न विज्ञायते ।
चित्तं पुष्करपत्रतोयतरलं विद्वद्भिराशंसितं
नारी नाम विषांकुरैरिव लता दोषैः समं वर्धिता ॥२॥

नारीहरूको चित्र ऐनामा देखिने छायाझैं छुन र भेग पाउन नसकिने हुन्छ । आशय (भित्री भावना) पनि नदेखिने पहाडी बाटोजस्तै (जानी नसक्नु) पहिल्याउन कठिन पर्दछ । कमलको पातमा रहेको पानीको थोपो झैं नारीहरूको चित्त (स्वभाव) पनि चञ्चल हुन्छ । विषको विरुवासँगै हुर्किएर झाँगिएको लहरा समान नारीहरू पनि अनेकौं दोषसहित वढेका हुर्किएका हुन्छन् ॥२॥

अभिमुखनिहतस्य सतस्तिष्ठतु तावज्जयोथ वा स्वर्गः ।
उभयबलसाधुवादः श्रवणसुखोऽसौ बतात्यर्थम् ॥३॥

रणभूमिमा आफ्नै सामुन्नेमा मारिएको वीर योद्धाप्रति जितेको भए पृथ्वीको राज्य सुख र लडाईंमा मरेको हुनाले स्वर्गवास भएको छ भन्ने जय पराजय पक्षका यी दुवै कुरा कानले सुन्नुपर्दा नै मज्जा लाग्दछ ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इयत्येतस्मिन् वा निरवधिचमत्कृत्यतिशये
वराहो वा राहुः प्रभवति चमत्कारविषयः ।
महीमेको मग्नां यदयमवहद्धन्त सलिले
शिरःशेषः शत्रुं निगिलति परः संत्यजति च ॥४॥

यो संसारमा परम आश्चर्यपूर्ण छ । यहाँ वराह (वँदेल) र राहु दुई चीज नै महत्त्वपूर्ण मानिएका छन् । वँदेलले पानीमा डुबीरहेको पृथ्वीलाई बोकिरहेको छ । जीउ (गीड शरीर) नभएको केवल टाउको मात्र बाँकी रहेको राहुले पनि शत्रुलाई पहिले मुखभित्र निलिहाल्छ अनि तुरुन्तै छाडि दिन्छ पनि ॥४॥

उदन्वच्छन्ना भूः स च निधिरपां योजनशतं
सदा पान्थः पूषा गगनपरिमाणं कलयति ।
यति प्रायो भावाः स्फूरदवधिमुद्रामुकुलिताः
सतां प्रज्ञोन्मेषः पुनरयमसीमा विजयते ॥५॥

पृथ्वीको सिमाना समुद्र भएको छ, समुद्र पनि सत योजनाको सिमानाभित्र नै अडेको छ । भगवान्समेत आकाशको सिमानाभित्रै परिभ्रमण गरिरहेछन् । यस संसारमा सिमाना नभएको कुनै वस्तु पाइँदैन । केवल एउटै वस्तु मात्रको सिमाना छैन त्यो हो सज्जन बुद्धिमान् व्यक्तिको बुद्धिको विकास अर्थात् बुद्धिमान मानिसको बुद्धि असीमित हुन्छ ॥५॥

किं कूर्मस्य भरव्यथा न वपुषि क्ष्मां न क्षिपत्येष यत्
किं वा नास्ति परिश्रमो दिनपतेरास्ते न यन्श्चलः ।
किं त्वङ्गीकृतमृत्सृजन् स्वमनसा श्लाघ्यो जनो लज्जते
निर्वाहः प्रतिपन्नवस्तुषु सतामेतद्धि गोत्रव्रतम् ॥६॥

कछुवारूप भगवान् श्री विष्णुले आफ्ना पिठ्यूँमा बोकिरहेको पृथ्वीलाई जतिसुकै गह्रौं (भारी) भई बोकिरहन कष्ट भए पनि फाल्नु र बिसाउनुभएको छैन । सूर्य पनि आकाशमा घुमिरहेकै छन् कहिल्यै पनि अड्दैनन् । स्थिर हुँदैनन् । वास्तवमा ठूला-ठूला प्रशंसनीय व्यक्तिहरू आफूले जिम्मेवारी वहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिसकेपछि पूरा नगरेर त्यसै छाड्दा लाज मान्दछन् । किनभने, सज्जन मानिस आफूले गर्छु भनी अठोट गरेको काम जस्तोसुकै गाह्रो साँगुरो अवस्था आइपर्दा पनि फत्ते गरेरै छाड्दछन् ॥६॥

को न याति वंश लोके मुखे पिण्डेन पूरितः ।
मृदङ्गो मुखलेपेन करोति मधुरध्वनिम् ॥७॥

मुख टालिदिएपछि यस संसारमा कुन मानिसलाई आफ्नो नियन्त्रणमा राख्न सकिँदैन र ? मृदङ्ग वा मादलको दुवै मुखमा लेप लगाएर थुनिदिएपछि मात्र यसले मीठो मीठो आवाज निकाल्न थाल्दछ ॥७॥

क्षुद्राः सन्ति सहस्रशः स्वभरणव्यापारमात्रोद्यताः
स्वार्थो यस्य परार्थ एव स पुमानेकः सतामग्रणीः ।
दुष्पूरोदरपूरणाय पिवति स्रोतः पतिं वाडवो
जीमूतस्तु निदाघसंभृतजगत्संतापविच्छित्तये ॥८॥

आफ्नै मात्र भुँडी भर्न खोज्ने स्वार्थी एवम् क्षुद्र व्यक्तिहरू यस संसारमा हजारौं छन् । अरूलाई हित गर्न खोज्ने (पर हितापेक्षी) तथा अरूलाई मद्दत पुऱ्याउन खोज्नु नै आफ्नो स्वार्थ सम्झने सज्जनमध्ये अग्रणी मानिएको व्यक्ति भने एउटा मात्र हुन्छ । वडवानल अग्निले आफ्नो मात्र पेट भर्न समुद्रको पानी पिउँदछ, तर बादल भने संसारभरिकै गर्मीजन्य सन्तापलाई मेटाउन मात्र समुद्रको पानी पिउँदछ अर्थात् आगो (वडवानल) ले समुद्रको पानी पिएर आफ्नो मात्र स्वार्थ पूरा गर्दछ अरूलाई मद्दत गर्दैन । मेघले भने समुद्रकै पानी सोसेर आफ्नो स्वार्थ नहेरी जमिनमा वर्षा गराई अरूको उपकार गर्दछ ॥८॥

दूरादर्थं घटयति नवं दूरतश्चापशब्दं
त्यक्त्वा भूयो भवति निरतः सत्सभारञ्जनेषु ।
मन्दं मन्दं रचयति पदं लोकचित्तानुवृत्त्या
कामं मन्त्री कविरिव सदा खेदभारैरमुक्तः ॥९॥

[यस श्लोकमा राज्यका लागि मन्त्री, कवि विद्वान् व्यक्तिको काम, कर्तव्यबारे श्लेषात्मक शैलीको विवेचना गरिएको छ]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रीले सधैं परिश्रम गर्दछ, टाढा-टाढावाट नयाँ-नयाँ आर्थिक सहयोग जुटाउँछ, लडाइँ भैं-झगडावाट दूर रहँदै सभा-वैठक आदिमा आफूलाई व्यस्त राख्दछ, जनताको भावना अनुकूल हुने गरी विस्तारै-विस्तारै राज्य सञ्चालन गर्दछ। कविहरू परिश्रमी हुन्छन्, नयाँ-नयाँ अर्थहरू लगाउँदै नराम्रो अर्थ लाग्ने शव्दलाई हटाउँदै सज्जनको सभालाई (मन्त्री वर्गमा) आनन्द वा रमाइलो तुल्याउँदछन् जनताको मनोविनोद गर्न विस्तारै-विस्तारै शव्दहरूको रचना गर्न थाल्दछन् ॥९॥

परिचरितव्याः सन्तो यद्यपि कथयन्ति नो सदुपदेशम् ।
यास्त्वेषां स्वैरकथास्ता एव भवन्ति शास्त्राणि ॥१०॥

उपदेश नदिए पनि सज्जन (साधु सन्त) लाई सेवा गर्नुपर्दछ। किनभने उनीहरूसँगको सामान्य कुराकानी पनि शास्त्रसमान हुन्छन् ॥१०॥

प्रायः कन्दुकपातेनोत्पतत्यार्यः पतन्नपि ।
तथा त्वनार्यः पतति मृत्पिण्डपतनं यथा ॥११॥

सज्जन मानिस अग्लोवाट कसैगरी खसिहालेछ भने पनि भकुन्डो जस्तो भई पुनः माथि उफ्रन्छ। खराव मानिस खस्यो भने त माटोको डल्लो वा हिलोको थुप्रोसमान जहाँ खस्यो त्यहीं थ्याप्प वस्छ ॥११॥

यदि नाम दैवगत्या जगदसरोजं कदाचिदपि जातम् ।
अवकरनिकरं विकरति तत्किं कृकवाकुरिव हंसः ॥१२॥

दैवसंयोगले संसारमा कमल भन्ने पदार्थ रहेन भने (अर्थात् पोखरीमा कमल उम्रेन भने) के त राजहँसले कुखुराले जस्तै फोहोरको थुप्रो खोस्न थाल्लान् त ? ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यन्नागा मदवारिभिन्नकरटास्तिष्ठन्ति निद्रालसा,
द्वारे हेमविभूषणाश्च तुरगा वल्गन्ति यद् दर्पिताः ।
वीणावेणुमृदङ्गशङ्खपटहैः सुप्तस्तु यद् बोध्यते
तत्सर्वं सुरलोकदेवसदृशं धर्मस्य विस्फूर्जितम् ॥१३॥

गण्डस्थलमा मद चुहिरहने निद्रा लागेजस्तो भई आँखा लोलाइरहेका मत्ताहात्ती दरवारको मूलढोकामा उभिइरहने, सुनका साज सामान एवम् गहनाहरूद्वारा सिंगारिएका फुर्तिला पायदार घोडा प्रवेशद्वारामा तयारी हालतमा रहिरहने, विणा, वेणु, मृदङ्ग, शङ्ख, पटह आदिका कर्ण मधुर शब्द सुनी सुनी निद्रावाट विउँझन पाउने इत्यादि स्वर्गमा देवताहरूले उपभोग गरेसरह भोग गर्न पाइरहेको यो वैभवयुक्त जीवन पूर्वजन्ममा गरेको धर्मको नै फल हो ॥१३॥

रक्तत्वं कमलानां सत्पुरुषाणां परोपकारित्वम् ।
असतां च निर्दयत्वं स्वभाविसिद्धं त्रिषु त्रितयम् ॥१४॥

कमल-फूलको रातो रंग (लालिमा), सज्जन व्यक्तिको परोपकारी स्वभाव तथा दुष्टमा रहने गरेका निर्दयीपन यी तीनै कुराहरू स्वभावसिद्ध हुन् ॥१४॥

वचो हि सत्यं परमं विभूषणं लज्जाङ्गनायाः कृशता कटौ च ॥
द्विजस्य विद्यैव पुनस्तथा क्षमा शीलं हि सर्वस्य नरस्य भूषणम् ॥१५॥

बोली-वचनको सवैभन्दा असल राम्रो गहना सत्यता हो, नारीका लागि लज्जा र पाताले चटक्क छिनेको कम्मर हुनु नै सर्वोत्तम सौन्दर्य हो, ब्राह्मणको निमित्त पढे-लेखेको हुनु र सहनशील हुनु नै गहना मानिएको छ । सम्पूर्ण मानव मात्रका लागि सदाचार नै सर्वोत्तम आभूषण हो भन्ने ठहर्दछ ॥१५॥

प्रियसख ! विपद्दण्डाघाप्रपातपरम्परा-
परिचयबले चिन्ताचक्रे निधाय विधिः खलः ।
मृदमिव बलात् पिण्डीकृत्य प्रगल्भकुलालवद्
भ्रमयति सानो नो जानीमः किमत्र विधास्यति ॥१६॥

हे मित्र ! यो दैव (भाग्य) मेरो निमित्त दुष्ट भइदिएको छ । कुमालेले जसरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माटोलाई भिजाएर वल गरेर थिचथाच किचमिच तथा लट्ठीलाई समेत पिट्पाट् पारेर वाटुलो डल्लो वनाई घुमिरहेको चक्रमा हालेर फनफनी घुमाइरहन्छ त्यसरी नै दुर्भाग्यले मेरो मनलाई चिन्तारूपी चक्रमा हालेर घुमाइरहेको छ। यस दुर्भाग्यले मेरा लागि कहाँ के गर्न लागेको हो मलाई थाहा भएन ॥१६॥

विपत्तावपि महतां धैर्यनाशो न संभाव्यते
विरम विरसायासादस्माद्दुरध्यवसायतो
विपदि महतां धैर्यध्वंसं यदीशितुमीहसे ।
अयि जडमते ! कल्पापाये व्यपेतनिजक्रमाः
कुलशिखरिणः क्षुद्राः नैते न वा जलाशयः ॥१७॥

हे मूर्ख दैव ! यदि विपत् कालमा सज्जनको धैर्यलाई नष्ट पार्न चाहन्छस् भने यस किसिमको (मानिसको मनलाई हलंचल पार्ने) नराम्रो व्यवहार नगर। हेर ! कल्पकल्पान्तरपछि मर्यादा नष्ट भएको अवस्थामा पनि महेन्द्र, मलय, विन्ध आदि नाम गरेका सात किसिमका कुल पर्वतहरू र समुद्र पनि अरूलाई नोक्सान गर्ने खालका क्षुद्र हुँदैनन् ॥१७॥

स्पृहयति भुजयोन्तरमायतकरवालकररुहविदीर्णम् ।
विजयश्रीर्वीराणां व्युत्पन्नप्रौढवनितेव ॥१८॥

[वीर रसीय अर्थ र शृङ्गार रसीय अर्थ गरी यस श्लोकका दुईवटा अर्थ लाग्दछन् :]

(१) विजयश्री (विजयलक्ष्मी) ले लामा लामा तरवारको टुप्पोको छेउले कोतर्दा छाला खुइलिएर घायलजस्तो देखिने रक्ताम्मे छाती भएको वहादुर जवानलाई प्यारो गर्दछिन्। (वीर रसतर्फको भाव)

(२) सम्भोगक्रीडामा अनुभवी प्रौढा (३१-५५ वर्ष उमेरका) स्त्री रूपवान्, स्वस्थ कामोन्मत्त पुरुषको हातको औंलामा भर्खरै पलाएको तिखो नङद्वारा घाउ (नखक्षत) वनाइएको आफ्नो छाती वा कुचद्वय होओस् भन्ने चाहना गर्दछन् ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दैवेन प्रभुना स्वयं जगति यद् यस्य प्रमाणीकृतं
तत् तस्योपनमेन् मनागपि महान् नैवाश्रयः कारणम् ।
सर्वाशापरिपूरके जलधरे वर्षत्यपि प्रत्यहं
सूक्ष्मा एव पतन्ति चातकमुखे द्वित्राः पयोविन्दवः ॥१९॥

यस संसारमा दैव (भाग्य) नै सर्वशक्ति सम्पन्न छ । यस दैवले जसका लागि जे-जति निश्चित गरिदिएको छ उसलाई त्यहीँ त्यति मात्र प्राप्त हुन्छ । मानिस ठूलावडाको आश्रयमा वसेको हुनाले यस्तो किसिमको प्रगति (उन्नति) भएको हो भन्ने मनले ठान्दछन् । यस्तो ठान्नुमा इन्च मात्र पनि सत्यता छैन । चारै दिशा ढाकेर वस्ने वादलले दिनहुँ पानी पारिरहने भए तापनि काकाकुलको मुखमा भने साना दुईचार पानीका थोपा मात्र खस्न पुग्छन् ॥१९॥

येनैवाम्बरखण्डेन संवीतो निशि चन्द्रमाः ।
तेनैव च दिवा भानुरहो दौर्गत्यमेतयोः ॥२०॥

कपडाको टुक्राले राति चन्द्रमालाई र दिउँसो सूर्यलाई छेक्ने गरिन्छ । यस्ता महान् चन्द्र-सूर्यलाई सानो कपडाको टुक्राले छेक्नैपर्ने भन्ने दुर्गति कहाँवाट पैदा हुनगयो आश्चर्य लागेको छ ॥२०॥

शुभ्रं सद्म सविभ्रमा युवतयः श्वेतातपत्रोज्ज्वला
लक्ष्मीरित्यनुभूयते चिरमनुस्यूते शुभे कर्मणि ।
विच्छिन्ने नितरामनङ्गकलहक्रीडात्रुटत्तन्तुकं
मुक्ताजालमिव प्रयाति झटिति भ्रश्यद्दिशो दृश्यताम् ॥२१॥

पुरातन समयदेखि असल शुभ गर्नेहरू, सेता अग्ला हवेलीहरू कर्के नजर भएका सुन्दर युवतीहरू, सेता छाता ओढेका राज्यलक्ष्मीहरू आदि सहित वैभवशाली रूपमा सुखसयल गरिरहेका देख्दछौं । शुभकर्महरू सकिएपछि उनीहरूका वैभवहरू कामक्रीडा गर्दा लगाएको मोतीको माला अथवा पोतेको धागो चुँडिएर मोतीदाना र पोतेहरू छरिई यत्र-तत्र असरल्ल परेजस्तै गरी आफूले भोगिरहेका सम्पूर्ण सुखसयल लुप्तप्राय हुन पुग्दछन् ॥२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वरं शृङ्गोत्सङ्गाद्गुरुशिखरिणः क्वापि विषमे
पतित्त्वायं कायः कठिनदृषदन्ते विगलितः ।
वरं न्यस्तो हस्तः फणिपति मुखे तीक्ष्णदशने
वरं वह्नौ पातस्तदपि न कृतः शीलविलयः ॥२२॥

पहाडको अग्लो टाकुरोवाट कडा साह्रो गेग्रान दुङ्गामाथि खसेर बज्रियोस् टाउकै फुटोस् राम्रो मानिन्छ, सर्पको तिखो दाँत भएको मुखभित्र औंला कोच्नु तथा वलिरहेको आगोमा फाल हाल्नु वेस हुन्छ। तर, मानिसको सत्यताको नाश हुनु भने कदापि वेस होइन ॥२२॥

अयममृतनिधानं नयाकोऽप्योषधीनां
शतभिषगनुयातः शम्भुमूर्धोवतंसः ।
विरहयति न चैनं राजयक्ष्मा शशाङ्कं
हतविधिपरिपाकः केन वा लङ्घनीयः ॥२३॥

चन्द्रमा अमृतका खानी हुन्। औषधिहरूका स्वामी (मालिक) भनी कहलिएका पनि छन्। सयौं वैद्य (चिकित्सक) ले चन्द्रमाकै अनुसरणसमेत गरिरहेका छन् अथवा शतभिष नक्षत्र पनि चन्द्रमाकै पछाडि लागिरहेको पनि छ। यिनै चन्द्रमा सकल लोकलाई मङ्गल गर्ने भगवान् शङ्करको शिरमा आकर्षण सरह भई मस्तकको शोभा वढाइरहेछन्। तर, दैव लागेपछि कसको के लाग्दो रहेछ र ! झन् चन्द्रमालाई नै क्षयरोग (राजयक्ष्मा) लागेको छ। यसैले दुर्भाग्यको फल कसैले पनि उल्लंघन गर्न सक्तैन सवैले भोग्नु नै पर्दछ ॥२३॥

जातः कूर्मः स एकः पृथुभुवनभरायार्पितं येन पृष्ठं
श्लाध्यं जन्म ध्रुवस्य भ्रमति नियमितं यत्र तेजस्विचक्रम् ।
संजातव्यर्थपक्षा परहितकरणे नोपरिष्टान्न चाधो
ब्रह्माण्डोदुम्बरान्तर्मशकवदपरे जन्तवो जातनष्टा ॥२४॥

भगवान् श्री विष्णुले कुर्म (कछुवा) को अवतार लिनुभयो र यही एक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र कछुवाले आफ्नो पिठ्युँमा पृथिवीलाई वोकिरहेको छ । अर्थात् पृथिवीको भार, थामिरहेको छ । भगवान् श्री विष्णुका कच्छप अवतारद्वारा अरूको हित गर्नेजस्ता तारिफयोग्य काम भएको छ । ध्रुवको जन्म पनि प्रशंसनीय देख्दछु किनकि ध्रुवकै वरिपरिमा तेजिला ग्रह र नक्षत्रहरू घुमिरहन पाएका छन् । कछुवा र ध्रुववाहेक अरूहरू त परहित हुने काम गर्नेवारे निरर्थक नै ठहरिन्छन् । यसैले यस्ता प्राणीहरू ध्रुवभन्दा माथितिर पनि छैनन् तथा कछुवाभन्दा मुनितिर पनि रहँदैनन् । यिनीहरू यो ठूलो ब्रह्माण्डभित्र भुसुनासरि भई जन्मनु र मर्नु गरिरहन्छन् ॥२४॥

भर्तृहरिद्वारा संस्कृतमा रचना गरिएको नीतिशतकको नेपालीमा भावार्थानुवाद समाप्त भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकान्त कोठाभित्र बिछ्यौनामा पतिका साथ बसेपछि पतिले कामक्रीडा गर्ने क्रममा आलिंगन, चुम्बन आदि गर्न थाल्दा सुरुमा "नाइँ ..... नाइँ" हुन्न-हुन्न भन्दै विशेष रूपले प्रेम प्रकट नगर्ने एकछिन 'नाइँ नाइँ' हुँदाहुँदै अर्थात् पतिले प्रगाढ आलिंगनमा बाँधेर लगातार चुम्बन लिइरहँदा रतिको अभिलाषा (कामेच्छा) जाग्न थालेर केही लजालु भई अलिअलि लजाउँदा-लजाउँदै आनन्दले मस्त भएर जीउ लल्याक्-लुलुक (शिथिल) पारेर पतिको अंगालोमा आफ़्नो गर्मिलो देहलाई सुम्पदै अनायास प्रकट भएको मनको धैर्यलाई तोड्दै उत्कट कामेच्छा जागेर आएपछि कामक्रीडा गर्न अत्यधिक अभिलाषा (चाहना) राखेर प्रगाढ रूपले एकान्त क्रीडामा ज्यादै व्यग्र (तल्लीन) हुँदै रहेकी शरीरका अवयवहरूको मर्दन (नखक्षत कुचमर्दन) आदि गर्दा विशेष आनन्द विभोर हुने कुलाङ्गनासँगको रतिक्रीडा अत्यन्तै सुखद एवम् आनन्ददायी हुन्छ ।

– शृङ्गार शतकबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि
को
शृङ्गारशतक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि शृङ्गारशतक
(मङ्गलाचरण)

शम्भुस्वयम्भुहरयो हरिणेक्षणानाम्
येनक्रियन्त सततं गृहकुम्भदासाः ।
वाचामगोचर-चरित्र-विचित्रिताय
तस्मै नमो भगवते मकरध्वजाय ॥१॥

जुन कामदेवका ब्रह्मा, विष्णु, महेश्वरलाई पनि मृगनयनी (नारी) हरूको दास बनायो । जसको बयान शब्दद्वारा गर्नु असम्भव हुन गएको छ यस्ता विचित्र चरित्र भएका भगवान् मकरध्वज (कामदेव) लाई नमस्कार छ ॥१॥

स्मितेन भावेन च लज्जया भिया
पराङ्मुखैरर्धकटाक्षवीक्षणैः ।
वचोभिरीर्ष्याकलहेन लीलया
समस्तभावैः खलु बन्धन स्त्रियः ॥२॥

तरुनी हुँदा अचानक मुखमा देखिने मन्द मुस्कान, वाल्यावस्था बितेर वैस पलाएकी र मनमा के गरुँ कसो गरुँ भन्ने चुलबुले भाव लिएकी, वैसले मात्तिएकी आकर्षक पोटिलो शरीर ढाक्न खोजिरहने लज्जावती, आकस्मिक रूपले भयाक्रान्त, लजालुपनले गर्दा आधा भाग मात्र खुलेका आँखा (कर्के नजर) ले हेर्ने, वोलीचालीमा केही ईष्यालु स्वभाव भएकाल केही झगडालु प्रवृत्ति लिएकी, अनेकौं स्त्रीलीला (स्त्रीयाश्चरित्र) का कारण नारीहरू नै पुरुषका लागि संसार-बन्धनको कारण बनेका छन् ॥२॥

भ्रू चातुर्यात्कुञ्चिताक्षाः कटाक्षाः
स्निग्धा वाचो लज्जितान्ताश्च हासाः ।
लीलामन्दं प्रस्थितं च स्थितं च
स्त्रीणामेतद् भूषणं चायुधं च ॥३॥

कहिले आँखीभुइँ खुम्च्याउने कहिले भने तन्काउने आदि चलाखी गर्ने,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँखालाई खुम्च्याउँदै कटाक्षले हेर्ने, मीठो बोली बोल्ने, लज्जालु हाँसो मुस्कान, विस्तारै-विस्तारै हिँड्ने अनि बीचमै रोकिने, यी सबै व्यवहार स्त्रीका भूषण एवम् पुरुषलाई आफूप्रति आकर्षित गराउने हतियारसमेत हुन् ॥३॥

क्वचित्सभ्रूभङ्गैः क्वचिदपि च लज्जापरिगतैः
क्वचित् भूरित्रस्तैः क्वचिदपि च लीलाविलसितैः ।
कुमारीणामेतैर्मदनसुभगैर्नेत्रवलितैः
स्फुरन्नीलाब्जानां प्रकरपरिपूर्णा इव दिशः ॥४॥

कहिले आँखीभुइँ खुम्चाउने कहिले भने लज्जालु बनिरहने, यदाकदा भयभीत भएर चञ्चल स्वभाव लिने, कहिलेकाहीँ वरपर रल्लदै आउने जाने जस्ता लीला गर्नाले कमनीय देखिने, काम-वासनाका कारण आकर्षक तथा सुन्दर देखिने नारीको नयनविलास (चक्षुक्रीडा) ले संसारभरि चारैतिर नीलकमल फुलिरहेजस्तो शोभायमान वातावरण छ ॥४॥

वक्त्रं चन्द्रविकासि पङ्कजपरीहासक्षमे लोचने
वर्णः स्वर्णमपाकरिष्णुरलिनी जिष्णुः कचानाञ्चयः ।
वक्षोजाविभकुम्भविभ्रमहरौ गुर्वी नितम्बस्थली
वाचां हारि च मार्दवं युवतिषु स्वभाविकं मण्डनम् ॥५॥

चन्द्रमा जस्तै विकसित हुँदै गर्ने सुन्दर मुख (चन्द्र वदन), कमल समान सुन्दर लजालु दुई आँखा, सुनलाई मात गर्ने आकर्षक पहेंलो शरीर (अङ्गकान्ति) भुमराभन्दा कालो रङको कपाल (केशराशी), हात्तीको गण्डस्थलजस्तै पुष्ट र उन्नत कुचद्वय (दुई स्तन), ठूलो तथा मुस्किलले थाम्न सकिने नितम्ब अनि मधुर, कोमल मीठो बोली, यी सबै युवतीका भूषण हुन् ॥५॥

स्मितं किञ्चिन्मुग्धं सरलतरलो दृष्टिविभवः
परिस्पन्दो वाचामभिनवविलासोक्ति सरसः ।
गतानामारम्भः किसलयितलीलापरिकरः
स्पृशन्त्यास्तारुण्यं किमिव न हि रम्यं मृगदृशः ॥६॥

यौवन अवस्थामा उक्लन लागेका मृगनयनीका कुनचाहिँ कुरा नराम्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् र ? उनीहरूको मुस्कान (स्मित) रमणीय नै हुन्छ, हेराइको तरिका (कटाक्ष) सामान्य र चञ्चल हुन्छ, बोल्ने शैली नयाँ अन्दाज र विलासपूर्ण वचनले गर्दा अति नै सरस महसुस हुन्छ, युवतीको हिँडाइको गति पनि निकै नै आकर्षक हुन्छ । वैंस सुरु भएपछि तरुनीका सबै अङ्ग-प्रत्यङ्ग लोभलाग्दा र हेरिरहुँजस्ता हुन्छन् ॥६॥

द्रष्टव्येषु किमुत्तमं ? मृगदृशः प्रेमप्रसन्नं मुखं
घातव्येष्वपि किं ? तदास्यपवनः, श्रव्येषु किं तद्वचः ।
किं स्वाद्येषु तदोष्ठपल्लवरसः, स्पृश्येषु किं ? तद्वपु-
र्ध्येयं किं नवयौवने सहृदयैः सर्वत्र तद्विभ्रमाः ॥७॥

भखरै उमेर चढेका रसिक मानिसका लागि सबैभन्दा बढी हेर्न लायक एवम् उत्तम वस्तु मृगनयनी (वैंसालु युवतीहरू) को प्यारो र हँसिलो मुख नै हो । त्यसैगरी, घ्राण (सुँघ्न) योग्य उत्तम पदार्थहरूमा युवतीको स्वासको सुवास (श्वासगन्ध) मानिएको छ । यसैक्रमले सर्वोत्तम श्रवणयोग्य कुरामा चञ्चलाक्षीहरूको बोली (प्रेमलाप) नै हो । स्वादिलो चिज भनेको उनीहरूका दुई ओठमा चुम्बन गर्नु अर्थात् पालुवासमान कोमल ओठ चुसिरहनु हो । सधैँ छोइरहुँजस्तो लागिरहने चिज भने युवतीको कोमल वा फूलझैँ सुकुमार शरीर हो । मनले सधैँ सम्झिरहुँजस्तो लागिरहने वस्तु विलासिनी (कामोन्मत्त) युवतीको हाव, भाव, कटाक्ष आदि नै हुन् ।

यहाँ कविले युवतिका रूप, रस, गन्ध, स्पर्श, शब्द, मन आदि इन्द्रियहरूलाई क्रमशः आँखा, जिब्रो नाक, छाला, कान आदिले अनुभव गर्ने षडेन्द्रिय सुख रहन्छन् भनी प्रकाश पार्न खोजेका छन् ॥७॥

एताश्चलद्वलयसंहतिमेखलोत्थ
झङ्कारनूपुरपराजितराजहंस्यः ।
कुर्वन्ति कस्य न मनो विवशं तरुण्यो
वित्रस्तमुग्धहरिणीसदृशैः कटाक्षैः ॥८॥

हिँडाइको अनौठो (विचित्र) पनले हातमा पहिरिएका बाला र चुराहरू तल माथि हल्लँदै सर्दछन् । त्यसबाट सुनिने झङ्कार मधुर आवाज अनि राजहंसीलाई मात गर्ने मन्द मन्द (विस्तारै-विस्तारै) गति र गोडामा लगाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाउजेवद्वारा झुनझुनाउँदो मीठो शब्द पैदा गरिरहने बैंशालु मस्त नारीहरू र यिनका कटाक्ष परेपछि जतिसुकै मैं हुँ भन्ने मानिस पनि उनीहरूप्रति आसक्त हुन पुग्दछन्। सुन्दर युवतीले सबै पुरुष वर्गको मन जितेर आफ्नो अधीनमा पार्दछन् ॥८॥

कुङ्कुमपङ्ककलङ्कितदेहा गौरपयोधरम्पितहारा ।
नूपुरहंसरणत्पदपद्मा कं न वशीकुरुते भुवि रामा ॥९॥

केशरको धूलो आँगमा घस्नाले फुस्रोजस्तो शरीर देखिएकी, गोरा (पहेंला पहेंला) दुई स्तनले छातीमा पहिरिएको मोतीको मालालाई सलवलाई राख्ने, कमलजस्तो सुन्दर एवम् कोमल पाउमा पाउजेव पहिरिरहेकी (रूपसी) सुन्दरीले यस धरातलमा कसलाई आफ्नो वशमा नपार्लान् ? राम्री युवती देखेपछि सबै पुरुष लट्ट पर्दछन् ॥९॥

नून हि ते कविवरा विपरीतवाचो
ये नित्यमाहुरबला इति कामिनीस्ताः ।
याभिर्विलोलरतारकदृष्टिपातैः
शक्रादयोऽपि विजितास्त्वबला कथं ताः ॥१०॥

श्रेष्ठ एवम् ठूला-ठूला कविहरूले विपरीत कुरा गरेजस्तो ठान्दछु किनभने यी कविहरू कामिनी (नारी) हरूलाई 'अवला' भन्ने गर्दछन्। जुन युवतीले आफ्नो चञ्चले आँखाको कटाक्ष बलले इन्द्र प्रभृति वीर महारथी समेतलाई आफ्नो वशमा पार्न सफल भएका छन्। यस्ता कामिनी युवतीजनलाई 'अवला' भनी कविहरूले भन्ने गरेको कुरा अवश्य नै झूठो सिद्ध भएको छ युवती कसरी अवला हुन सक्छन् र ? ॥१०॥

नूनमाज्ञाकरस्तस्याः सुभ्रुवो मकरध्वजः ।
यतस्तन्नेत्रसञ्चार-सूचितेषु प्रवर्तते ॥११॥

कामदेव पनि निश्चय नै सुन्दर भृकुटी भएका कटाक्षपूर्ण तवरले हेर्न सक्ने सुन्दरीका आज्ञापालक बन्नपुगेका छन्। किनकि जता जुन व्यक्तिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामिनीको कटाक्ष पर्दछ, जसलाई कामिनीहरूले औंल्याउँछन् त्यस व्यक्तिलाई कामदेवले पनि आफ्नो हरकत देखाउन थाल्दछन् । तात्पर्य यो हो कि नारीको कटाक्ष पर्नेवित्तिकै मानिस कामोत्तेजित हुने गर्दछ ॥११॥

केशाः संयमिनः श्रुतेरपि परं पारं गते लोचने,
अन्तर्वक्त्रमपि स्वभावशुचिभिः कीर्णं द्विजानां गणैः ।
मुक्तानां सततादिवासरुचिरौ वक्षोजकुम्भाविमा-
वित्थं तन्वि ! वपुः प्रशान्तमपि ते रागं करोत्येव नः ॥१२॥

हे सुन्दरी ! तिम्रा यी केशराशी कपालको चुल्ठो बाँधिएका छन्, तिम्रा आँखा पनि ठूल्ठूला कानको छेउसम्म पुगेका छन्, राम्रो बान्किपरेका सफा दाँतहरू टम्म परेर भित्रपट्टि रहेकाले तिम्रो मुख पनि झन् राम्रो देखिन्छ । तिम्रो छाती (कुचद्वय)मा सधैँभरि मोतीको माला रहिरहने हुँदा झन्-झन् आकर्षक देखिन्छ । यसैले यी तिम्रा शरीरका अङ्ग-प्रत्यङ्गले हामीलाई कामोत्तेजना पैदा गराई संभोगभिलाषी बनाउँदछ ॥१२॥

[यस श्लोकमा श्लेषार्थद्वारा नारीका अंग प्रत्यङ्गहरूले मानिसमा कसरी वैराग्य पैदा गर्दछन् भन्ने पनि दर्शाइएको छ :- यम-नियम-निदिध्यासन आदि क्रियाद्वारा बाँधिएका केशराशी वा जटाहरू, श्रुति-वेद-पुराण पाठको श्रवण कार्यले विशाल हुनगएको मुखमा दाँतरूपी ब्राह्मण समूह बसिरहेका, हृदय (छाती) मा जीवन मुक्त पार्ने दुई घडासहित भई मोतीको मालाले जप गरिरहेजस्तो वैरागी बनाउन सक्ने यी दृश्यहरू नारीमा पनि विद्यमान छन्]

मुग्धे ! धानुष्कता केयमपूर्वा त्वयि दृश्यते ।
यया विध्यसि चेतांसि गुणैरेव न सायकैः ॥१३॥

हे सुन्दरी ! तिमी कस्तो विलक्षण अनौठो धनुर्धारिणी छौ ? आफ्ना गुण चतुर्‍याइँद्वारा पुरुषको हृदय भेदन गर्दै उनीहरूलाई आफ्नो वशमा राख्दछ्यौ । धनुर्धारीले आफ्नो धनुमा काँण वा प्रत्यञ्चा (गुण) चढाएर त्यसको सहयोगले वाण (तीर) प्रहार गरेर अरूको हृदय भेदन पारी घायल गर्दछ । तर, कामिनीहरूले वाण नहानेर केवल आफ्नो चतुर्‍याइँरूपी हाव, भाव, कटाक्षद्वारा अरूको मनलाई घायल पार्दै आफ्नो वशमा पार्दछन् ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सति प्रदीपे सत्यग्नौ सत्सु तारारवीन्दुषु ।
विना मे मृगशावाक्ष्या तमोभूतमिदं जगत् ॥१४॥

आगोको मौजुदगीमा दीपले (दियोवत्ती) ले अनि सूर्य, चन्द्र रहँदा ताराहरूले जसरी आफ्नो सम्पूर्ण व्यक्तित्वलाई उजागर वा प्रकट पार्न सक्तैनन् त्यसरी नै मृग शावक (हरिणको बच्चा) समान चञ्चल आँखा भएकी सुन्दरी भइनन् भने यो संसार मेरा लागि अन्धकारमय र निरस छ । यसरी पत्नीको अभावमा मेरो अवस्था पनि आगो, चन्द्रमा र सूर्यको उपस्थितिमा रहेको दीप (वत्ती) र ताराहरूजस्तै महत्त्वहीन हुनजान्छ ॥१४॥

उद्वृत्तः स्तनभार एष तरले नेत्रे चले भ्रूलते
रागाधिष्ठितमोष्ठपल्लवमिदं कुर्वन्तु नाम व्यथाम् ।
सौभाग्याक्षरमालिकेव लिखिता पुष्पायुधेन स्वयं
मध्यस्थाऽपि करोति तापमधिकं रोमावलिः केन सा ॥१५॥

तिम्रा यी छातीमा उम्रेका बाटुला अग्ला (ऊर्ध्वगामी) स्तन देखिन्छन् । दुवै आँखा पनि यताउति हेर्दै रहने (नाचिरहने) चञ्चल छन् । अनेकौं संकेत गरिरहने हुनाले यी तिम्रा आँखीभुइँ पनि चपल र अस्थिर नै भएका छन् । पालुवा समान कोमल अधरोष्ठ (तल्लो ओठ) पनि मत्सरताले परिपूर्ण (कलेटी परेका) छन् । यी सबै कुराले जतिसुकै मनलाई सताइरहेको भए पनि कामदेव स्वयंले लेखेको 'सौन्दर्य' शब्दले विषय वासनातर्फ नलागेको मध्यस्थ (तटस्थ) व्यक्तिलाई पनि उद्दीपित पारिरहेको छ । दुर्जनद्वारा अरूलाई कष्ट दिइनु स्वाभाविक नै हो तर तिमीजस्ता युवतीले अरूलाई किन उद्दीपनरूपी कष्ट दिइरहेका छौ ? बुझिनसक्नु भएको छ ॥१५॥

मुखेन चन्द्रकान्तेन महानीलैः शिरोरुहैः ।
कराभ्यां पद्मरागाभ्यां रेजे रत्नमयीव सा ॥१६॥

चन्द्रमासमान उज्यालो तथा चन्द्रकान्त मणिसमान आकर्षक मुहारले, इन्द्रनीलमणि समान कालो केश-राशीले पद्मरागमणि (रत्न) तुल्य लाल-लाल हात भएकाले यी कामिनीहरू विभिन्न मणिमाणिक्यादि रत्नजस्तै सुन्दर र आकर्षक छन् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुणा स्तनभारेण मुखचन्द्रेण भास्वता ।
शनैश्चराभ्यां पादाभ्यां रेजे ग्रहमयीव सा ॥१७॥

गरुँगो, पुष्ट गठिलो स्तनले वृहस्पति नक्षत्रसमान आकर्षक देखिने चन्द्रमा जस्तो आकर्षक मुख हुनाले सूर्यझैं देदीप्यमान मुख भएकी मन्द-मन्द हिँडाइ गर्ने शनिश्चररूपी पाउ (गोडा) भएकी हुनाले नारी ग्रहस्वरूप भई शोभायमान हुन्छन् ॥१७॥

तस्याः स्तनौ यदि घनौ जघनं च हारि
वक्त्रं च चारु तव चित्त ! किमाकुलत्वम् ।
पुण्यं कुरुष्व यदि तेषु तवास्ति वाञ्छा
पुण्यैर्विना न हि भवन्ति समीहितार्थाः ॥१८॥

हे मन ! तरुणीका दुई स्तन आपसमा सटेका ठूला र पुष्ट छन्, जाँघ वा कम्मर पनि मनोहारी छन्, मुख सुन्दर छ, तिमी यस्तो लोभलाग्दो सुन्दर चिज पाइएन भनी व्याकुल नहोऊ । यी सुन्दर चिजहरू (स्तन, मुख र कटी) लाई तिमी आफ्नो गराउन चाहन्छौ या तिमीमा यी चिजहरू पाउने असीम इच्छा छ भने पुण्य (सत्कर्म) गर्दै जाऊ । किनकि, विनापुण्यले कसैले पनि आफ्नो इच्छा पूर्ण गर्न सक्दैन ॥१८॥

इमे तारुण्यश्रीनवपरिमलाः प्रौढसुरत-
प्रतापप्रारम्भाः स्मर-विजय-दान-प्रतिभुवः ।
चिरं चेतश्चोरा अभिनवविकारैकगुरवो
विलासव्यापाराः किमपि विजयन्ते मृगदृशाम् ॥१९॥

यौवन नै सम्पत्ति मान्ने त्यसैको आनन्ददायी सुन्दर विछ्यौना (परिमल) मा प्रचण्ड रति (कामक्रीडा वा सहवास) सामर्थ्य रूप कामदेवलाई विजयी गराउन मध्यस्थताको भूमिका खेल्ने लामो समयसम्म बेहोस गराउने यौवनका नवीनतम संसूचकहरू (भय, कम्प, अनुकरण आदि) लाई अगाडि सार्ने एक मात्र साधनस्वरूप रहेका मृगनयनीहरूको चेष्टा अवर्णनीय तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वश्रेष्ठ छन् । नारीका हाव, भाव, कटाक्ष आदि चेष्टाले कामक्रीडामा असीमित आनन्द (सन्तुष्टि) प्रदान गर्दछन् ॥१९॥

प्रणयमधुराः प्रेमोद्गारा रसाश्रयतां गताः
फणितिमधुरा मुग्धप्रायाः प्रकाशित-सम्पदाः ।
प्रकृतिसुभगा विस्रम्भार्द्राः स्मरोदयदायिनी
रहसि किमपि स्वैरलापा हरन्ति मृगीदृशाम् ॥२०॥

प्रेमले गर्दा मधुर, स्नेहपूर्ण मीठो बोली बोल्ने, रसको स्वाद लिइरहने सन्दर्भ विशेषले गर्दा कोमल (मृदुल) सधैंभरि सुकुमार भइरहने, प्रायःजसो खुसी (दिलखुस) भइरहेको देखिने, स्वभावैले सुन्दर एवम् विश्वासपूर्ण अनि मनमा कामेच्छा पैदा गर्ने मृगनयनीहरूले एकान्त पाउँदा स्वच्छन्द भई केही पनि गर्न सक्दछन् अर्थात् सर्वस्व प्राप्त गर्दछन् ॥२०॥

विश्रम्य विश्रम्य वन-द्रुमाणां
छायासु तन्वी विचचार काचित् ।
स्तनोत्तरीयेण करोद्धृतेन
निवारयन्ती शशिनो मयूखान् ॥२१॥

कुनै कृशाङ्गी वनमा रूखको शीतल छहारीमा (अडिँदै-अडिँदै) केही टहलिँदै रहेकी छन् । उनले आफ्ना दुई स्तन (उरोज) लाई छोप्ने सारीको सप्को (आँचल) हातले उठाएकी छन् । विरही जनलाई सन्ताप दिने चन्द्रकिरण (जून) लाई पनि वास्ता नगरी रोकिँदै-रोकिँदै (प्रियतमसँग भेट गर्न) गइरहेकी छन् ॥२१॥

अदर्शने दर्शमात्रकामा दृष्ट्वा परिष्वङ्ग-सुखैक-लोलाः ।
आलिङ्गितायां पुनरायताक्ष्यामाशास्महे विग्रहयोरभेदम् ॥२२॥

नारीहरू आफ्ना पति श्रीमान्लाई नदेख्दा पतिलाई हेर्नका लागि मात्र पनि उत्ताउला हुन्छन् । पतिलाई भेटेपछि आलिंगनको स्वाद लिन चञ्चल लालायित हुन्छन् (अंकमाल गर्न हतारिन्छन्) । यसरी विशाल नयनीसँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आलिंगन गर्दा (स्त्री-पुरुष) दुवैका दुईवटा शरीर पनि एउटै (एकाकर) भइरहोस् भन्ने आशा गरिन्छ ॥२२॥

मालती शिरसि जृम्भणं मुखे,
चन्दनं वपुसि कुङ्कुमाविलम् ।
वक्षसि प्रियतमा मदालसा
स्वर्ग एष परिशिष्ट आगमः ॥२३॥

फक्रने र फुल्ने वेला भएको मालती फूलको माला शीरमा रहोस् शरीरमा केशरीमिश्रित चन्दन दलिएको र छात्तीमा मात्तिएर लट्टिएकी जहाँ जे जसरी मसारमुसुर गरेर चलाए पनि अल्छीजस्ती असरल्ल भई आफ्नो जीउ सुम्पिदिने मदालसा प्रियतमा होऊन् । यी तीनै कुरा एकैसाथ आफूले पाएपछि योभन्दा अर्को स्वर्गीय आनन्द के होला ? अरू सुख तथा आनन्द हुन्छ भन्नु त गौण विषय हो ॥२३॥

प्राङ्मामेति मनागनागतरसं जाताभिलाषां ततः
सव्रीडं तदनु श्लथोद्यममथ प्रध्वस्तधैर्यं पुनः ।
प्रेमार्द्रं स्मृहणीयनिर्भररहः क्रीडाप्रगल्भं ततो
निस्संङ्गाङ्गविकर्षणादिकसुख रम्यं कुलस्त्रीरतम् ॥२४॥

एकान्त कोठाभित्र विछ्यौनामा पतिका साथ वसेपछि पतिले कामक्रीडा गर्ने क्रममा आलिंगन, चुम्वन आदि गर्न थाल्दा सुरुमा 'नाइँ ...नाइँ' हुन्न-हुन्न भन्दै विशेष रूपले प्रेम प्रकट नगर्ने एकछिन 'नाइँ नाइँ' हुँदाहुँदै अर्थात् पतिले प्रगाढ आलिंगनमा बाँधेर लगातार चुम्वन लिइरहँदा रतिको अभिलाषा (कामेच्छा) जाग्न थालेर केही लजालु भई अलिअलि लजाउँदा-लजाउँदै आनन्दले मस्त भएर जीउ लल्याक-लुलुक (शिथिल) पारेर पतिको अंगालोमा आफ्नो गर्मिलो देहलाई सुम्पदै अनायास प्रकट भएको मनको धैर्यलाई तोड्दै उत्कट कामेच्छा जागेर आएपछि कामक्रीडा गर्न अत्यधिक अभिलाषा (चाहना) राखेर प्रगाढ रूपले एकान्त क्रीडामा ज्यादै व्यग्र (तल्लीन) हुँदै रहेकी शरीरका अवयवहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मर्दन (नखक्षत कुचमर्दन) आदि गर्दा विशेष आनन्द विभोर हुने कुलाङ्गनासँगको रतिक्रीडा अत्यन्तै सुखद एवम् आनन्ददायी हुन्छ ॥२४॥

उरसि निपतितानां स्रस्तधम्मिल्लकानां
मुकुलितनयनानां किञ्चिदुन्मीलितानाम् ।
उपरि सुरतखेदस्विन्नगण्डस्थलाना-
मधुरमधु वधूनां भाग्यवन्तः पिवन्ति ॥२५॥

रतिक्रीडा गरिरहेको वेलामा पतिको छातिमाथि आफ्नो छाती राख्ने, जोडसँग काम क्रीडा गर्नाले बाँधेको चुल्ठो पनि फुस्किएको हुँदा फिँजिएको केशराशि तह लाउनुपर्ने, लज्जाले चिम्लिरहन खोजे पनि उत्सुकताले गर्दा खुलेको आँखाले प्रियलाई हेर्दै रहेकी रतिक्रीडा गर्दा थाकेर निधार र गाला पनि पसिना नै पसिनाले भिजिएको यस्ता कुलीन पत्नीलाई चुम्बन गर्दै उनको अधरामृत पान गर्न त भाग्यमानी पुरुषले मात्र पाउँछन् ॥२५॥

आमीलितनयनानां यः सुरतरसोऽनु संविदं भाति ।
मिथुनैर्मिथोऽवधारितमवितथमिदमेव कामनिर्वहणम् ॥२६॥

सम्भोग गरेपछि ज्यादै सुखानुभव (आनन्द) प्राप्त भएकाले अलि अलि चिम्लिएर लोलाएका आँखाले एक-आपसमा नियाल्दै युवा दम्पती दुवै यसरी संभोगको मीठो स्वाद चाखेपछि चार पुरुषार्थमध्ये काम नामक पुरुषार्थउपर आफू विजयी भएका छौं भनी यी रसिक जोडीले महसुस गर्न थाल्दछन् ॥२६॥

इदमनुचितमक्रमश्च पुंसां
यदिह जरास्वपि मन्मथा विकाराः ।
तदपि च न कृतं नितम्बिनीनाम्
स्तनपतनावधि जीवितं रतं वा ॥२७॥

नारी-पुरुषलाई वृद्धावस्थामा पनि काम वासना (संभोग गर्ने इच्छा) कामदेवले पैदा गरिरहेका छन् । कामदेवले यस्तो गर्नु अमर्यादित एवम् अनुचित पनि हो । नितम्बिनी नारीहरूलाई उनीहरूको स्तन-पतन (उरोज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुक्दै जाने) समय अर्थात् वुढ्यौलीको अवस्थामा पुग्दासम्म पनि भोगिएन (संभोग गरिएन) भने यो ज्यादै अनुचित र अमर्यादित हुन जान्छ ॥२७॥

राजस्तृष्णाम्बुराशेर्नहि जगति गतः कश्चिदेवावसानं
को वाऽर्थोऽर्थैः प्रभूतैः स्ववपुषिख गलिते यौवने सानुरागे ।
गच्छामः सद्म यावद्विकसितनयनेन्दीवरालोकिनीना-
माक्रम्याक्रम्य रूपं झटिति न जरया लुप्यते प्रेयसीनाम् ॥२८॥

हे राजन् ! यस संसारमा कुनै पनि मानिसले धन कमाउने इच्छारूपी समुद्रलाई तर्न सकेको छैन । आफ्नो शरीरवाट सम्भोग गर्ने इच्छा जगाउने यौवन (वैंश) वितेपछि आफूसँग अपार धन सञ्चय भएकै भए पनि के काम लाग्छ र ? यसैले मानिसले धन कमाउने लालसामा घरबाट टाढा वस्नुहुँदैन आफ्नो घरमा फर्कौं, कदाचित् आफ्नी कमल समान आँखा भएकी प्यारी पत्नीको सुन्दर रूप (शरीर) लाई वुढ्याइँले आक्रमण गरेर लावण्यहीन तुल्याइदिन्छ । यसैले पत्नीलाई तरुनी छँदा नै अर्थात् वूढी हुनुभन्दा पहिले नै घरमा गई संभोग गर्नु उत्तम हुन्छ, अन्यथा वूढी श्रीमतीलाई संभोग गरेर सुख लिन खोज्नु व्यर्थ हो ॥२८॥

रागस्यागारमेकं नरकशतमहादुःखसम्प्राप्तिहेतु-
र्मोहस्योत्पत्तिबीजं जलधरपटलं ज्ञानताराधिपस्य ।
कन्दर्पस्यैकमित्रं प्रकटितविविधस्पष्ट-दोष-प्रबन्धं
लोकेऽस्मिन्नह्यनर्थव्रजकुलभवन यौवनादन्यदस्ति ॥२९॥

प्रेमको मुख्य वासस्थल यौवन (जवानी) हो । कुम्भीपाक, रौरव, आदि नाम गरेका नरकहरूमा हुने जस्तै दुःखहरू यसैवाट उत्पन्न हुन्छन् । सांसारिक मोह बन्धनको मूलबीज पनि प्रेम नै मानिएको छ । तारामण्डलका अधिपति चन्द्रमालाई वादलले ढाकेजस्तै यौवनले ज्ञान बढाउँने कार्यमा व्यवधान ल्याउँछ, अनि ज्ञानरूपी चन्द्रमालाई बादलरूप यौवनले उडाएर प्रकाश फैलाउन दिंदैन । यौवन कामदेवको मुख्य साथी हो, यसले अनेकौं मानवीय कमी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमजोरीलाई उजागर पार्दछ। संसारमा यौवनवाहेक अनर्थकारी कुनै अरू चीज छैन, अर्थात् जवानी नै सबै अनर्थ पैदा गर्ने कारकतत्त्व हो ॥२९॥

शृङ्गारद्रुमनीरदेप्रसृमरक्रीडारसस्रोतसि
प्रद्युम्नाप्रियबान्धवे चतुरवाङ्मुक्ताफलोदन्वति ।
तन्वीनेत्रचकोरपावनविधौ सौभाग्यलक्ष्मीनिधौ
धन्यः कोऽपि न विक्रियां कलयति प्राप्ते नवे यौवने ॥३०॥

जसरी रूखलाई पानी वर्षाएर बादलले अग्लो, मोटो, दरिलो बनाउँछ, त्यसरी नै चढ्दो जवानीलाई शृङ्गारले आकर्षक तुल्याउँछ। रुख बढ्नलाई रसको (पानी) को प्रवाहले खुराकको काम जसरी गर्दछ, त्यसरी नै अनेकौं क्रीडा (कामकेली) ले जवानी (नवतारुण्य) लाई संवर्द्धित पार्दछ। कामदेवको प्रिय सहयोगी, चातुर्य वचनरूपी मोती फैलाउने, कृशाङ्गी (विलासिनी) हरूको नयन चकोरलाई पूर्णचन्द्र समान आल्हादक, सौन्दर्यरूपी कामोत्तेजनाद्वारा अप्रभावित हुन्छन्। अर्थात् वैंश लागेपछि काम वासनाले सबैलाई सताइरहन्छ ॥३०॥

संसारेऽस्मिन्नसारे कुनृपतिभवन-द्वारसेवा कलङ्क
व्यासङ्गव्यस्तधैर्यं कथममलधियो मानसं संविदध्युः ।
यद्येताः प्रोद्यदिन्दुद्युतिनिचयभृतो न स्युरम्भोजनेत्राः
प्रेङ्खत्काञ्चीकलापाः स्तनभरविनमन्मध्यभाजस्तरुण्यः ॥३१॥

यस संसारमा उदीयमान चन्द्रमाका किरण (चाँदनी) जस्तो रूप (उज्यालो अनुहार) भएकी चन्द्रकला, कमलतुल्य आँखा भएकी कमलनयनी, छमछम आवाज दिने वाला र पाउजेबको गहना लगाएकी पुष्ट स्तनको भारले केही निहुँरिएकी (झुकेकी) जस्ती मध्य (कटी) भाग ज्यादै आकर्षक भएका सुन्दरीहरू नहुँदा हुन् त विद्वान् मानिस कुत्सित राजाका दरबारका द्वारपालहरूद्वारा गरिएको अनुवर्तनरूप असजिलो अवस्था हुँदा पनि धैर्यधारण गर्दै आफ्नो मनलाई कसरी सम्हाल्न सक्तथे र ? अर्थात् राजसेवाको कठिन कार्य मृगनयनीहरूकै लागि बुद्धिमान मानिसले पनि गर्दै आएका हुन् ॥३१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धाध्यासितकन्दरे हरवृषस्कन्धावरुग्णद्रुमे
गङ्गाधौतशिलातले हिमवतः स्थाने स्थिते श्रेयसि ।
कः कुर्वीत शिरः प्रणाममलिनं म्लानं मनस्वी जनो
यद्वित्रस्तकुरङ्गशावनयना न स्युः स्मरास्त्रं स्त्रियः ॥३२॥

गुफाहरूमा वस्ने तपस्वीहरू जसको सेवा (ध्यान) गर्दछन् त्यस्ता शिवजीका वाहन (नन्दी) साँढेको काँध (जुरो) द्वारा जुन ठाउँका रुख वृक्ष भाँचिएका छन् गङ्गाजलको जहाँको (चट्टान) ढुङ्गालाई धोइ पखाली शुद्ध पारिएको छ त्यस्तो श्रेष्ठ हिमशिखर हुँदाहुँदै कुन स्वाभिमानी मनुष्यले "नमस्कार स्वस्ति" भन्ने उच्चारण गर्दै ठूलाठालूहरूको चाकडी गरेर आफू महत्त्वहीन हुन खोज्छ ? भयभीत मृगशावक समान चञ्चले आँखा भएका स्त्रीहरूद्वारा कामास्त्रले गर्ने खालको काम नगरिएको भए यस्ता व्यक्तिहरू धन आर्जन गर्ने उद्देश्यले किन अर्काको गुलामी गर्दा हुन् र ? स्वाभिमानी पुरुषहरू सांसारिक बन्धनमा नरुमल्लिदै हिमालय पहाडमा गै वस्न थाल्थे हुनन् नि ॥३२॥

संसार ! तव पर्यन्तपदवी न दवीयसी ।
अन्तरा दुस्तरा न स्युर्यदि ते मदिरेक्षणाम् ॥३३॥

हे पृथिवी (हे संसार) ! तिम्रो अन्तिम किनारा पल्लो छेउ (अन्तिम वा आखिरी सीमा) धेरै टाढा छैन नजिकै छ । तर बीच-बीचमा बग्ने महानदीहरूले गर्दा संसारको अन्तिम किनारमा सजिलैसँग पुग्न व्यवधान पैदा भएको छ । यदि मदिरा छचल्किए सरी आँखा भएका सुन्दरी नारी नहुँदा हुन् त विषय वासनामा लाग्नै नपरेर मानिस सजिलैसँग यस संसारवाट पार भइसक्थे । अर्थात् नारीलाई त्याग गर्दा नै वैराग्यमा लागिन्छ र सांसारिक जञ्जालवाट मुक्त भएर कल्याण हुन्छ ॥३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिश वनहरिणीभ्यो वंशकाण्डच्छवीनां
कवलमुपलकोटिच्छिन्नमूलं कुशानाम् ।
शकयुवतिकपोलापाण्डुताम्बूलवल्ली
दलमरुणनखाग्रैः पाटितं वा वधूभ्यः ॥३४॥

ए मानिस हो ! बाँसको मुनाजस्तो हरियो वर्ण भएको ढुंगाको धारले फेद चुँडिँदै नरम भएको कुश घाँस वनका हरिणहरूलाई खान देऊ । सुन्दर युवतीहरूलाई शक देशका तरुनीहरूको गालाको जस्तो केवल धवल रंग चारैतिर भएको पान खुवै मन पर्ने हुनाले रातो पालिश लगाइएको नङ्द्वारा भेट्नु चुँडेको पान (ताम्बूलदल) उनीहरूलाई चपाउंन देऊ । अर्थात् पत्नीहरूलाई रसिक बनाउन पान खान दिने गर ॥३४॥

[यहाँ कविले वैराग्य पक्ष र शृङ्गार पक्ष गरी दुई पक्षलाई औंल्याउन खोजेका छन्:]

असाराः सर्वे ते विरतिविरसाः पापविषया
जुगुप्स्यन्तां यद्वा ननु सकलदोषास्पदमिति ।
तथाप्येतद्भूमौ नहि परहितात् पुण्यमधिकं
नचास्मिन् संसारे कुवलयदृशो रम्यमपरम् ॥३५॥

फूल अबीर माला पूजा सामग्री पापयोग्य तथा दोषजनक हुनाले पूजाआजा गर्न बेकारसिद्ध भएको छ, इत्यादि कुराहरू भन्दै संसारलाई जतिसुकै निन्दा गरे पनि यसै माटोमा परोपकारभन्दा ठूलो पुण्य केही पनि छैन । (वैराग्य पक्ष)

यस संसारमा कमलाक्षी (सुन्दर युवती) भन्दा राम्रो र लोभलाग्दो आकर्षक कुनै पनि चीज छैन । (शृङ्गार पक्ष) ॥३५॥

एतत्कामफलो लोके यद्द्वयोरेकचित्तता ।
अन्यचित्त कृते कामे शवयोरिव संगमः ॥ *(प्रक्षिप्त श्लोक)*

नारी र पुरुष दुवैको हित्तचित्त एक भई मिल्न गएमा यस संसारमा काम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(रतिक्रीडा). गर्दाको वास्तविक स्वाद चाख्न पाइन्छ । दुवैले अलग-अलग विषयमा मन दिंदै कामक्रीडा गरेमा यस किसिमसँग गरिएको क्रीडा दुई निर्जीव शरीर जोडिएसमान मात्र हुन गई आनन्द प्राप्त हुँदैन । (प्रक्षिप्त श्लोक)

मात्सर्युमुत्सार्य विचार्य कार्य-मार्याः समर्यादमिदं वदन्तु ।
सेव्या नितम्बाः किमु भूधराणा मत स्मरस्मेर-विलासिनीनाम् ॥३६॥

हे सज्जनवृन्द ! ईर्ष्या र पक्षपात भन्ने चीजलाई टाढा राखेर आफ्नो कर्तव्य कर्मलाई सोच्दै निष्पक्षसाथ भन्नुहोस् । पहाडका गुफा कन्दराहरूमा गई तपस्या गर्ने हो भने पर्वतको आश्रय लिन जानुपर्‍यो अर्थात् वैरागी वन्नुपर्‍यो । अनुरागी हुनका लागि नारीको नितम्ब प्रदेशमा टाँसिन पुगेर कामोन्मत्त भई मस्किरहेको विलासिनी युवतीहरूको कटीप्रदेश (कम्मर)लाई भाँचिने गरी जोडले अँठ्याउनु नै वेश हुनेछ ॥३६॥

संसारे स्वप्नसारे परिणतितरले द्वे गती पण्डितानां
तत्वज्ञानामृताम्भः प्लवललितधियां यातु कालःकथञ्चित् ।
नो चेन्मुग्धाङ्गनानां स्तनजघनघनाभोगसम्भोगिनीनां
स्थूलोपस्थस्थलीषु स्थगिकरतलस्पर्शलीलोद्यमानाम् ॥३७॥

सपना झैं अस्थिर भई मिथ्या परिणाम निकाल्ने यस संसारमा विद्वान्हरूका लागि दुईवटा विकल्प देखिन्छन् । वैरागी व्यक्तिको समय तत्त्वज्ञानरूपी अमृत जलप्रवाहमा डुवुल्कि मारेर बुद्धिविकास गराउँदै बित्दछ । सुवृद्धिमान पुरुषहरूको (ज्ञानीजनको) समय भने कठिनता साथ येन-केन व्यतित हुन्छ । अनुरागी व्यक्तिको समय भने स्तन र जघन ठूलठूला भएका सम्भोग गर्न मन गरिरहने सुन्दरीहरूसँग रतिक्रीडा गर्दा प्राप्त करस्पर्श सुखको स्वाद चाख्ताचाख्तै अर्थात् कामक्रिडामा सन्तुष्ट हुँदै समय व्यतित हुनजान्छ ॥३७॥

आवासः क्रियतां गङ्गे पापहारिणि वारिणि ।
स्तनद्वये तरुण्या वा मनोहारिणि हारिणि ॥३८॥

वैरागी हुँदा सम्पूर्ण पापलाई नाश गर्ने गङ्गाजीको जलमा स्नान गरेर गङ्गाजल पिएर आश्रय (सहारा) लिइन्छ । अनुरागी भएको समयमा राम्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा मनोहारी मोती-माला पहिरिएका सुन्दरीहरूको कुचद्वय कै आश्रयमा रमाइन्छ ॥३८॥

किमिह बहुभिरुक्तैर्युक्ति शून्यैः प्रलापै-
र्द्वयमिह पुरुषाणां सर्वदा सेवनीयम् ।
अभिनवमदलीलालालसं सुन्दरीणाम्
स्तनभरपरिखिन्नं यौवनं वा वनं वा ॥३९॥

बेकारमा अन्य फाल्तु कुरा गरेर सुनाएर के फाइदा छ । यस संसारमा मानिसले केवल वैराग र अनुराग दुई कुरामा ध्यान दिनुपर्छ वैराग्य ग्रहण गर्न चाहने वैरागीले वनमा गई वसेर तप गर्नु उचित हुन्छ । अनुरागीले भने नयाँ-नयाँ मदलीला (तरिका) द्वारा कामक्रीडा गर्न अत्यन्त चाहना गरिरहने ठूला गठिला स्तन-भारले गर्दा अलि-अलि थाकेजस्ता सुन्दरीहरूसँग जिस्कँदै रमण गर्नु उचिछ र आनन्ददायी हुन्छ ॥३९॥

सत्यं जना वच्मि न पक्षपाताल्लोकेषु सप्तष्वपि तथ्यमेतत्
नान्यन्मनोहारि नितम्बिनीभ्यो दुःखैकहेतुर्न च कश्चिदन्यः ॥४०॥

हे मानिस हो ! निष्पक्षतापूर्वक म सत्य कुरा भन्दैछु कि यस सातै लोकमा प्रेम गर्ने प्रेमी सांसारिक पुरुषको लागि बडा-बडा नितम्ब भएका नारीहरूबाहेक वास्तवमा सुन्दर ठहरिने अरू कुनै पदार्थ छैन । वैरागी मनुष्यका लागि भने यी सुन्दरीवाहेक दुःखको अरू कुनै साधन छैन । वैराग्यमा सुन्दरीहरूको दर्शन नै पीडादायक हुन्छ । यसैले सुख र दुःखका कारण भिन्न-भिन्न दृष्टिले हेर्दा नारीहरू नै देखिएका छन् ॥४०॥

कान्तेत्युत्पललोचनेति विपुलश्रोणीभरेत्युन्नमत्-
पीनोत्तुङ्गपयोधरेति सुमुखाम्भोजेति सुभ्रूरिति ।
दृष्ट्वा माद्यति मोदलेऽभिरमते प्रस्तौति विद्वानपि
प्रत्यक्षाशुचिभस्त्रिकां स्त्रियमहो मोहस्य दुश्चेष्टितम् ॥४१॥

बुद्धिमान् तथा विचारशील मानिस पनि प्रत्यक्ष तवरले अपवित्रताकी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिमूर्ति भएकी नारीलाई देखेपछि सोच्न थाल्छ "यिनी सुन्दरी राम्री छन्, आँखा कमलजस्ता हुनाले कमलनयनी हुन्, ठूलो र पुष्ट नितम्ब (जाँघ र पुट्ठा) भएकाले नितम्बिनी हुन्, माथि उठेको ठाडा-ठाडा कुचद्वयले गर्दा यिनलाई उन्नत पयोधरा भन्नुपर्छ, ज्यादै राम्रो अनुहार भएकाले कमलमुखी हुन्, कामवाणरूप कर्के नजर यिनको छ" कामिनीको यस्तै रूप सौन्दर्य मनमा लिँदालिँदै काम पिपासामा चुर्लुम्म डुबेर संभोग गर्न थाल्दछ। अनि नारीको तारिफ गर्न पुग्दछ यो कस्तो मूर्खता हो आश्चर्य लाग्छ ॥४१॥

स्मृता भवति तापाय दृष्टा चोन्मादकारिणी ।
स्पृष्टा भवति मोहाय सा नाम दायिता कथम् ॥४२॥

टाढा प्रवासमा रहँदा स्त्रीको सम्झनाले दुःख हुन थाल्दछ, नजिकमा देख्ने वित्तिकै उन्मत्त र उत्तेजित होइन्छ। स्पर्श गर्नासाथ बुद्धि भ्रंश गरिदिन्छन्। यस्तो अवस्था हुँदाहुँदै नारीलाई दयिता (प्रिया) कसरी ठान्ने ? ॥४२॥

तावदेवामृतमयी यावल्लोचनगोचरा ।
चक्षुष्पथादतीता तु विषादप्यतिरिच्यते ॥४३॥

प्रियालाई आफ्नो आँखाअगाडि देखिरहँदा अमृत पिएजस्तो आनन्दित हुन्छ। उनी आँखाबाट ओझल भएपछि अर्थात् उनलाई देख्न नपाएपछि विष पिउँदाभन्दा वढी कष्ट भएको अनुभव हुनजान्छ। अर्थात् प्रियाको अनुपस्थिति नै पीडादायक हुन्छ ॥४३॥

नामृतं न विषं किञ्चिदेतां मुक्त्वा नितम्बिनीम् ।
सैवामृतलता रक्ता विरक्ता विषवल्लरी ॥४४॥

ठूल्ठूला नितम्ब भएका सुन्दरी (नितम्बिनी) हरूबाहेक अरू कुनै अमृतजस्तो सुस्वाद पदार्थ छैन। साथै यिनीहरू जस्तो नमीठो अरू कुनै विष समान पदार्थ पनि छैनन्। प्रेम गर्दै सान्निध्यमा आलिंगनपूर्वक बस्दा सुन्दरीहरूले अमृतका लहराले समान आनन्दित तुल्याउँदछन् विनाप्रीति (रिसाएर) टाढा भइदिए भने विषवल्लरी (विष लहरा) समान कष्टदायिनी हुन्छन् ॥४४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवर्त्तः संशयानामविनयभुवनं पट्टणं साहसानां
दोषाणां सन्निधानं कपटशतमयं क्षेत्रमप्रत्ययानाम् ।
स्वर्गद्वारस्य विघ्नो नरकपुरमुख सर्वमायाकरण्डं
स्त्रीयन्त्रं केन सृष्टं विषममृतमयं प्राणिलोकस्य पाशः ॥४५॥

सन्देह (शङ्का) वा भुमरी, अविनय, रुखोपन उद्धतताको संसार, साहसको सहर, अनेकौं रागद्वेष आदि दोषहरूको कहिल्यै नरित्तिने खानी, सैकडौं छल-कपटले भरिएको, अविश्वासको क्षेत्र अथवा विश्वासको संकट पैदा गर्ने, स्वर्गजाने बाटोमा रुकावट पार्ने, नरक जाने मुख्यद्वार, सवै माया (इन्द्रजाल) को सन्दुक, देखावटीमा अमृत रूप भए पनि वास्तवमा विषसमान भई सवै प्राणीको बन्धन (पासो) स्वरूप रहेको यो नारी रूप-यन्त्रलाई कुन विधाताले बनाएका होलान् ॥४५॥

नो सत्येन मृगाङ्क एष वदनीभूतो नचेन्दोवर
द्वन्द्वं लोचनतां गत न कनकैरप्यङ्ग्यष्टिः कृता ।
किन्त्वेवं कविभिः प्रतारितमनास्तत्त्वं विजानन्नपि
त्वङ्मांसास्थिमयं वपुर्मृगदृशां मन्दो जनः सेवते ॥४६॥

नारी-सौन्दर्यको तारिफ (प्रशंसा)मा कविहरूले भन्ने गरेका छन्: हामीले देख्दै रहेको चन्द्रमालाई नारीहरूको मुख हो भन्नु झूठ हो । किनकि मुख बेग्लै छ चन्द्रमा आकाशमा अलगै रहन्छन् । यसैगरी नीलकमल पनि सुन्दरीहरूको दुई आँखा होइनन् नारीको गोरो र पहेंलो वर्णको शरीर पनि सुनले बनाएको होइन । यसरी तिलस्मी तवरले कविहरूले गरेको वयान सुनेपछि नारीद्वारा जसको मन ठगिन पुगेको छ, यस्ता मानिस मन्दबुद्धि हुन् । सत्य कुरो बुझ्दावुझ्दै हाड, मासु, छालाले बनेको मृगनयनीहरूको शरीर देखेर यी व्यक्तिहरू किन पछि-पछि दगुर्ने गरी वा लालायित हुनपुगेका हुन् ॥४६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लीलावतीनां सहजा विलासा-
स्त एव मूढस्य हृदि स्फुरन्ति ।
रागो नलिन्या हि निसर्ग सिद्ध-
स्तत्र भ्रमत्येव वृथा षडङ्घ्रिः ॥४७॥

सुन्दरी युवतीहरू हाव, भाव, कटाक्ष आदि अनेकौं लीला गर्न जान्ने हुनाले लीलावती कहलिएका छन् । यसैले लीलावतीले लीला गर्नु सामान्य नै हो । त्यस्तै कमलको फूल (कर्मालिनी) फुल्नु पनि सामान्य नै हो । भमराहरू कमलफूलको आश पास मडारिए जस्तै गरी कामिनीको लीला देखेर मूर्ख मानिस लोभिन्छन् र उनीहरूको सान्निध्यमा भौतारिई रहन्छन् ॥४७॥

संमोहयन्ति मदयन्ति बिडम्बयन्ति
निर्भर्त्सयन्ति रमयन्ति विषादयन्ति ।
एताः प्रविश्य सदयं हृदयं नराणां
किं नाम वामनयना न समाचरन्ति ॥ (प्रक्षिप्त श्लोक)

यी मृगनयनीहरूले सहृदयी मनुष्यको मनलाई जितेर सर्वप्रथम सम्मोहित पार्दछन् मदमस्त भै उत्ताउलो गराइदिन्छन्, पुरुषको उपहास गर्दछन्, हप्की-दप्की लगाउँछन्, पुरुषलाई आफूसँग संभोग गराउँछन् त्यसपछि पुरुषलाई खिन्न एवम् पश्चातापमा पार्दछन् । (प्रक्षिप्त श्लोक)

यदेतत्पूर्णेन्दुद्युतिहरमुदाराकृति परं
मुखाब्जं तन्वङ्ग्याः किल वसति यत्राधरमधु ।
इदं तत्किम्पाकद्रुमफलभिदानीं मतिरस
व्यतीतेऽस्मिन् काले विषमिव भविष्यत्यसुखदम् ॥४८॥

यी पातली युवतीको मुखमण्डल पूर्णिमाको चन्द्रमाजस्तो सुन्दर आकार भएको र अधरमा मकरन्द (पुष्परस) वा अमृत रहेको छ । यही मुखमण्डल जवान (यौवन) अवस्थामा आँपजस्तो अत्यन्त रसिलो मीठो हुन्छ । अथा "किम्पाक" नामक रूखमा फल्ने फलजस्ता हुन्छन्, जुन फल सुरुमा ज्यादै मीठो (गुलियो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुने र पछि समय वित्दै जाँदा दुःस्वाद नमीठो हुँदै जान्छ अर्थात् विषजस्तो दर्दनाक हुन पुग्छ। नारीहरू जवानीमा हिसि परेका हुन्छन् वूढी भएपछि नराम्रा कचकचे र निहुँ खोजी-खोजी पिरोलिरहने स्वभावका हुन जान्छन् ॥४८॥

[यहाँ कविले नारीलाई नदीसँग तुलना गर्दै नदी र नारीका बीच तादात्म्य दर्शाउन खोजेका छन्:]

उन्मीलत्त्रिबलीतरङ्गनिलया प्रोत्तुङ्गपीनस्तन-
द्वन्द्वेनोद्गतचक्रवालयुगला वक्त्राम्बुजोद्भासिनी ।
कान्ताकारधरा नदीयमभितः क्रूराऽत्र नापेक्षते
संसारावर्णमज्जनं यदि तदा दूरेण सन्त्यज्यताम् ॥४९॥

त्रिबली परेका माथि उठ्ने तरंग (छालहरू) ले युक्त नदीमा जस्तै पेटमा देख्न सकिने गरी त्रिबली परेका, नदी माथि जसरी चखेवा चखेवीका जोडी उछलकूद गरी तैरिरहन्छन्, नारीका दुई स्तन पनि छातीमाथि चलवलाई रहन्छन्। कमलद्वारा नदी र सुन्दर मुखद्वारा नारीहरू आकर्षक राम्रा र शोभायमान भएका हुन्छन्। नारीहरू हृदयमा कुटिलता राख्ने स्वभावका हुन्छन्। नदी पनि टेढोमेढो भएर बग्दछन्। सुन्दर अनुहार भएकी यी (सुन्दरी) नदी जस्तै छिन्। स्त्री वा नदीभित्र पसेपछि अर्थात् नारीको संगतमा परेपछि संसारसागरमा चुर्लुम्म डुबिन्छ अनि निस्कन गाह्रो पर्दछ। हे सज्जन हो ! तपाईंहरू यो भवसागरलाई नडुबेरै पार गर्न चाहनुहुन्छ भने स्त्रीसँगको संसर्गदेखि टाढै रहनुहोस् ॥४९॥

जल्पन्ति सार्धमन्येन पश्यन्त्यन्यं सविभ्रमाः ।
हृद्गतं चिन्तयन्त्यन्यं प्रियः को नाम योषिताम् ॥५०॥

नारीले एकजनासँग कुराकानी गर्छन्, हाव भाव कटाक्षद्वारा अर्कोलाई हेर्छन्। मनले भने कुनै अरूलाई नै सम्झन थाल्छन्। यसैले नारीका लागि प्रिय व्यक्ति को हुन् भनी छुट्याउन गाह्रो पर्छ ॥५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मधु तिष्ठति वाचि योषितां हृदि हालाहलमेव केवलम् ।
अतएव निपीयतेऽधरो हृदयं मुष्टिभिरेव ताड्यते ॥५१॥

स्त्रीहरूको मुखवाट निस्कने बोली महजस्तो मीठो हुन्छ, छाती (मन) भित्र हलाहल विष रहेको हुन्छ । अतःएव नारीको मुखमा म्वाई खाँदा अमृत खाएजस्तो मीठो लाग्छ तर छातीमा भने मुठ्ठीले प्रहार गरेजस्तो अथवा हिर्काएजस्तो ढुकढुकीको अनुभव हुन्छ ॥५१॥

[आफ्नो साथीसँग भेट हुँदा कुनै व्यक्ति भन्न थाल्दछ:]

अपसर सखे ! दुरादस्मात् कटाक्षविषानलात् ।
प्रकृतिविषमाद्योषित्सर्पाद्विलासफणाभृतः ।
इतरफणिना दष्टः शक्यश्चिकित्सितुमौषधै-
श्चतुरवनिताभोगिग्रस्तं हि मन्त्रिणः ॥५२॥

हे मित्र ! नारीको कटाक्ष विषालु आगोजस्तो हुन्छ । यिनीहरू स्वभावैले कुटिल पनि छन् । नारीहरूका भोग विलास आदि सर्पको फणा समान छन् । यसैले नारीको शान्निध्यतावाट टाढै वस । किनभने सर्पले डसेको मान्छेलाई धामी झाँक्री, डाक्टर, वैद्य आदिले औषधि गरेर निको पार्न सक्दछन् तर (कामीपुरुष) स्त्रीलम्पट व्यक्तिलाई कसैले पनि नियन्त्रणमा राख्न सक्दैन अर्थात् प्रेमको रोग लागेपछि कुनै औषधिले पनि निको पार्न सक्तैन ॥५२॥

विस्तारितं मकरकेतनधीवरेण
स्त्रीसंज्ञितं बडिशमत्र भवाम्बुराशौ ;
येनाचिरात्तदधरामिषलोलमर्त्य-
मत्स्यान् विकृष्य विपचत्यनुरागवह्नौ ॥५३॥

यस संसारमा माछा मार्ने मानिस (मछुवार) लाई कामदेव भने हुन्छ । मछुवारले समुद्रमा जाल-पाश काँटा थाप्दछ र जसरी त्यसमा माछा जेलिन पुगेर काँटामा टाँसेको मासुको डल्ला खान खोज्छ अनि जालमा फस्छ । त्यसैगरी, कामदेवले नारीरूपी जाल-पाश काँटा यस संसारमा फ्याँक्दछन्, त्यसमा माछारूपी मानिस नारीका अधरामृत पान गर्ने लालसामा परेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पासोमा जेलिन पुग्दछन् । यसरी नारीका जालमा परिसकेपछि प्रेमाग्निमा मानिस होमिए झैं गरी माछो पनि मासुका लागि होमिन पुग्दछ ॥५३॥

कामिनीकायकान्तारे कुचपर्वतदुर्गमे ।
मा संचर मनः पान्थ ! तत्रास्ते स्मरतस्करः ॥५४॥

हे मनरूपी वटुवा ! नारीको छातीमाथि रहेका यी उन्नत कुचद्वय पहाडजस्ता भएकाले हिंड-डुल गर्न कठिन भइरहेको कामिनीको शरीररूपी वनमा घुमफिर नगर । किनकि त्यहाँ कामदेवको रूपमा रहेका लुटेराहरूले तिमीलाई लुट्न थाल्दछन् । अर्थात् नारीको स्पर्शमात्र हुँदा पनि मनुष्य तुरुन्तै काम वासनाले उत्तेजित हुन पुग्दछ ॥५४॥

व्यादीर्घेण चलेन वक्रगतिना तेजस्विना भोगिना
नीलाब्जद्युतिनाऽहिना परमहं दृष्टो न तच्चक्षुषा ।
दृष्टे सन्ति चिकित्सका दिशि दिशि प्रायेण धर्मार्थिनो
मुग्धाक्षीक्षणवीक्षिप्तस्य न हि मे वैद्यो न चाप्यौषधम् ॥५५॥

ज्यादै लामो, चञ्चल, घुमाउरो र टेढो मेढो परेर दगुर्ने, बलियो, कालो सर्पले मलाई डसेको (टोकेको) छैन तर लामो कानसम्म फैलिएको चञ्चले आँखा र चुल्बुले स्वभाव, नीलकमल जस्ता अलिअलि काला कामिनीका नेत्र कटाक्षद्वारा आहत भइसकें । सर्पले टोकेका अवस्थामा सर्पको विष झार्ने वैद्य, डाक्टर, झाँक्री, समाजसेवी परोपकारी प्रशस्त पाइन्छन् तर सुन्दरीको कटाक्ष पर्दा भने यस किसिमका वैद्य, डाक्टरहरू कसैले पनि केही गर्न सक्तैनन् । यो रोग निकोपार्ने व्यक्तिहरू दुर्लभ भइदिन्छन् ॥५५॥

इह हि मधुरगीतं नृत्तमेतद्रसोऽयं
स्फुरति परिमलोऽसौ स्पर्श एष स्तनानाम् ।
इति हतपरमार्थैरिन्द्रियैर्भ्राम्यमाणः
स्वहितकरणधूर्तैः पञ्चभिर्वञ्चितोऽस्मि ॥५६॥

सुन्दा आनन्द लाग्ने मीठा मीठा गीतहरू, हेर्दा सुन्दर देखिने नृत्यहरू,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चुस्दा जिभ्रो (रसनेन्द्रिय) लाई स्वाद लाग्ने सुन्दरीका अधरामृत, केशर कस्तुरी मिसाएको घ्राणेन्द्रियले (नाकले) सुँघ्दा वासना आउने गरी चन्दन घसेका नारी देह त्वगेन्द्रियलाई मज्जा लाग्ने कोमल स्तनको आनन्दमय स्पर्शसुख यसरी परमार्थ सुधार्ने भन्ने कुरा पटक्कै नभएको विषयासक्त व्यक्ति उपरोक्त पञ्चेन्द्रियद्वारा भुलभुलैयामा परेर ठगिन पुगेको हुन्छ ॥५६॥

न गम्यो मन्त्राणां न च भवति भैषज्यविषयो
न चापि प्रध्वंसं व्रजति विविधैः शान्तिकशतैः ।
भ्रमावेशादङ्गे कमपि विदधद् भङ्गमसकृत्
स्मरापस्मारोऽयं भ्रमयति दृशं घूर्णयति च ॥५७॥

कामरोग मान्छेलाई लाग्ने छारेरोग (मिर्गी रोग) जस्तो हो भनी कविले दाँज्न खोज्नुभएको छ

(मिर्गी) छारेरोग विभिन्न मन्त्र र औषधिहरू तथा अनेकौं शान्ति स्वस्ति आदि अनुष्ठान कार्यले पनि निको हुन सक्तैन । यस कामरोगले पछि मिर्गीरोगमा भएजस्तो मनमा मोह प्रतिपादन गर्दछ । मोहले बुद्धिलाई भ्रंश गर्ने हुनाले शरीर र हात गोडा लल्याकलुलुक हुने र थरथर कम्प पनि जिउमा बराबर पैदा हुनजान्छ । दृष्टिभ्रम पारेर फनक्क घुमाउँदै रिंगटा पनि लाग्न थाल्दछ ॥५७॥

जात्यन्धाय च दुर्मुखाय च जराजीर्णा खिलाङ्गाय च
ग्रामीणाय च दुष्कुलाय च गलत्कुष्ठाभिभूताय च ।
यच्छन्तीषु मनोहरं निजबपुर्लक्ष्मीलवश्रद्धया
पण्यस्त्रीषु विवेककल्पलतिकाशस्त्रीषु राज्येत कः ॥५८॥

जन्मभरिको अन्धो (कानो), अनेकौ रोग लाग्नाले विकृत मुख भएको कुरूप, बुढ्यौलीले गर्दा सबै अंग प्रत्यङ्ग चाउरी परेर जीर्णशीर्ण भएको, लाउन खान नजान्ने (ग्रामीण) काँठे वा पाखे, (तल्लो) कुलमा (दुष्ट कुलमा) जन्मिएको, गलगाँड वा कुष्ठरोग भएको पुरुषलाई पनि पैसाका खातिर आफ्नो शरीर सुम्पने, बुद्धि र विवेक नभएका (बुद्धि विवेकरूपी कल्पवृक्षलाई छिमल्ने हँसिया

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समान) देह व्यापारमा संलग्न वेश्याहरू उपर कुन विवेकी वा अविवेकी पुरुष अनुरक्त होला र ? ॥५८॥

वेश्यासौ मदनज्वाला रूपेन्धनविवर्धिता ।
कामिभिर्यत्र हूयन्ते यौवनानि धनानि च ॥५९॥

सुन्दरी वेश्याहरू आफ्नो सौन्दर्यरूपी इन्धन (प्रोज्वलनशील पदार्थ पेट्रोल, मट्टीतेल) खन्याउँदा बल्ने कामाग्निको ज्वाला समान हुन् । कामुक पुरुषले आफ्नो यौवनरूपी धनलाई यसैमा आहूति गर्दछ । जसरी आगोको ज्वालामा परेर डढेपछि पदार्थको अस्तित्व समाप्त हुन्छ, त्यसैगरी वेश्यागमन गर्ने पुरुष पनि अस्तित्वहीन हुन पुग्दछन् ॥५९॥

कश्चुम्बति कुलपुरुषो वेश्याधरपल्लवं मनोज्ञमपि ।
चारभटचोरचेटकनटविटनिष्ठीवनशरावम् ॥६०॥

गुप्तचर, सिपाही, चोर, दलाल, नट (अभिनेता), गुण्डा (विट) आदि अनेकखाले पुरुषहरूद्वारा चुम्बन गरिएको लोभ लाग्दै भए पनि वेश्याको ओठलाई कुन चाहिँ घरानियाँ पुरुषले चुम्बन गर्ला र ? ॥६०॥

धन्यास्त एव धवलायतलोचनानां
तारुण्यदर्पघनपीनपयोधराणाम् ।
क्षामोदरोपरि लसत्त्रिवलीलतानाम्
दृष्ट्वाऽऽकृतिं विकृतिमेति मनो न येषाम् ॥६१॥

सुन्दर एवम् विशाल आँखा भएकी, गदराएको यौवनको गर्व (पुष्टघाई) प्रकट भएजस्तो अत्यन्त पुष्ट स्तन भएकी, झीनो कम्मर र पेटमाथि लहराजस्तो गरी त्रिवली परेका सुन्दरीहरूलाई देखेपछि जसको मन पनि चञ्चल हुनपुग्छ ॥६१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाले ! लीलामुकुलितममी मन्थराः दृष्टिपाताः
किं क्षिप्यन्ते विरम-विरम व्यर्थ एष श्रमस्ते ।
सम्प्रत्यन्ये वयमुपरतं बाल्यमास्था वनान्ते
क्षीणो मोहस्तृणमिव जगज्जालमालोकयामः ॥६२॥

हे वाले ! (नवयौवना) भोग विलासले गर्दा अलि-अलि चिम्लिएको आँखाको कटाक्षद्वारा हामीलाई किन हेरिहन्छ्यौ ? यो कटाक्षको प्रहार एकदमै वन्द गर, तिम्रो यो कटाक्षपूर्ण हेराइ वेकार छ । किनभने लडकपन वितिसकेकाले अव हामी वेग्लै जस्तै भइसक्यौ । हाम्रो सांसारिक मोह पनि भङ्ग भएको छ । यो सांसारिक प्रपञ्च (जञ्जाल) भनेको हाम्रा लागि तृण वरावर छ भन्ने ठान्दछौं । अहिले वन (जंगल) नै हाम्रो आकर्षण वन्न पुगेको छ ॥६२॥

इयं बाला मां प्रत्यनवरतमिन्दीवरदल-
प्रभाचीरं चक्षुः क्षिपति किमभिप्रेतमनया ।
गतो माहोऽस्माकं स्मरशबरबाणव्यतिकर-
ज्वर-ज्वाला शान्ता तदपि न वराकी विरमति ॥६३॥

यी सुन्दरीको आँखा नीलकमल समान ज्यादै राम्रो छ । त्यसै आँखाले लगातार हामीलाई हेर्दैछिन्, अर्थात् हामीप्रति कटाक्ष (कर्के) नजर लगाइरहन्छिन् । अहिले हाम्रो सांसारिक मोहभङ्ग भइसकेको छ । कामदेवरूपी (निशानेवाज) का वाणद्वारा ग्रस्त पार्ने कामज्वरको ताप पनि शान्त भइसकेको छ । यस्तो हुँदाहुँदै पनि यी सुन्दरीले हामीलाई किन कर्के नजरले हेरिरहेकी होलिन्? ॥६३॥

किं कन्दर्प ! करं कदर्थयसि र कोदण्डटङ्कारितं
रे रे कोकिल ! कोमलं कलरवं किं वा वृथा जल्पसि ।
मुग्धे स्निग्धविदग्धचारुमधुरैर्लोलैः कटाक्षैरलं
चेतश्चुम्बितचन्द्रचूडचरणध्यानामृतं वर्तते ॥६४॥

हे कामदेव ! काम-वाण चलाउन आफ्नो धनुलाई टङ्गारेर वेकारमा आफ्नो हात किन दुखाइरहेछौ ? हे कोइली चरी ! "को हो- को हो" को कोमल वोलीले किन कराइरहन्छौ ? हे सुन्दरी ! प्रेम विलासले पूर्ण सुन्दर कर्के

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आँखाद्वारा तिमीले मलाई हेरिहनुपर्दैन । यसको कुनै प्रयोजन रहेन । किनकि अब मेरो मन भगवान् शिवको चरणारविन्दको ध्यानरूपी अमृत पिउनेतर्फ तल्लीन भएको छ ॥६४॥

विरहेऽपि सङ्गमः खलु परस्परं सङ्गतं मनो येषाम् ।
हृदयमपि विघट्टितं चेत् सङ्गी विरहं विशेषयति ॥६५॥

जुन नारी र पुरुषको मन आपसमा अनुरागद्वारा बाँधिएको छ उनीहरूको विछोड हुँदा (छुट्टिँदा) पनि संगम (भेटघाट) भए झैं मन मिलेकै हुन्छ । अनुरागलाई त्यागेर वैरागतर्फ मन ढल्केको छ भने यी दुवै नारी पुरुषका बीच भएको मानसिक संगत पनि वैराग्यतिर नै लाग्दछ । अर्थात् मन मिलेको खण्डमा वैराग र अनुराग एक आपसका विरोधी विषय भए पनि मनले चाहेबमोजिम नै हुन जान्छन् ॥६५॥

[विदेशमा रहेको कुनै व्यक्तिले मनभित्र वैराग्य प्रकट गराउँदै आफ्नो मनै मनले भन्दछ-]

किं गतेन यदि सा न जीवति प्राणिति प्रियतमा तथापि किम् ।
इत्युदीक्ष्य नवमेघमालिकां न प्रयाति पथिकः स्वमन्दिरम् ॥६६॥

म घरमा जाउँ कि नजाउँ ! यदि घरमा प्रियतमाले मसँग भएको विछोडको पीडालाई खप्न नसकेर प्राण त्यागिदिइसकेकी रहिछन् भने घरमा जानाले के फाइदा ? यदि उनी जीवित नै भएकी भए पनि मेरो के काम होला र ? आदि संशय घर फर्कने क्रममा बाटो हिंडिरहेको बटुवाको मनमा पैदा हुन्छ । अनि अकाशमा फैलिएको कालो बादलको छटालाई देखेर पनि घरतर्फ जाने विचार त्याग्दछ ॥६६॥

विरमत बुधा ! योषित्सङ्गात्सुखात्क्षणभङ्गुरात्
कुरुत करुणामैत्रीप्रज्ञावधूजनसङ्गमम् ।
न खलु नरके हाराक्रान्तं घनस्तनमण्डलं
शरणमथवा श्रोणीबिम्बं रणन्मणिमेखलम् ॥६७॥

हे बुद्धिमान मानिस हो ! एकैछिनमा नाशिने (क्षणिक) नारी संभोगको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुखलाई बिर्सिदिएर संभोग गर्नेतर्फ लालायित नहुनुहोस्, यस कार्यबाट आफूलाई जोगाउनुहोस् । दीन दुःखीलाई करुणा (दया), सज्जनहरूसँग मित्रता (दोस्ती), विशिष्ट बुद्धिरूप स्त्रीजनसँग अनुराग राख्नुहोस् । यसो गर्नाको कारण के हो भने नरकमा जाने मार्गलाई मोतीमाला पहिरिएको पुष्ट स्तनद्वय, 'झन् झन्' शब्द गर्ने घुँघुरु (पाउवेज) लगाएकी, मणि माणिक्य जडिएकाले मणिहरू जुद्धा (टकराउँदा) मीठो आवाज गर्ने मेखला (रत्नजडित कपडा) ले ढाकिएको नितम्ब भाग आदि नारीका आकर्षक अवयव र अंग प्रत्यंगहरूले रोक्तैनन् । सांख्यमतबमोजिम नारी संसर्गले स्वर्गको ढोका बन्द गरेर नरक जाने ढोका उघारिदिन्छ भन्ने आशय हो अतः मोक्षार्थीले नारी-संसर्ग गर्नुहुँदैन ॥६७॥

यदा योगाभ्यासव्यसनकृशयोरात्मनसो-
रविच्छिन्ना मैत्री स्फुरति कृतिनस्तस्य किमु तैः ।
प्रियाणामालापैरधरमधुभिर्वक्त्रविधुभिः
सनिश्वासामोदैः सकुचकलशाश्लेषसुरतैः ॥६८॥

यम-नियम-निदिध्यासन आदि अष्टांग योगद्वारा आफ्नो चित्तवृत्तिलाई नियन्त्रणमा राख्ने हुनाले दुब्लो पातालो शरीर भएका मन र आत्मा पनि अविच्छिन्न रूपले प्रकाशमान हुनपुगेका आत्मज्ञानी योगी महात्माहरूलाई सांसारिक मोह र वासनाहरूले कत्ति पनि असर पार्दैन । प्रियतमाहरूसँगको मीठो बोलीचाली उनीहरूको अधरोष्ठको चुम्बन, सुगन्धित निश्वास र चन्द्रमाजस्तो राम्रो मुहार, सारो र गठिलो कुचद्वय (कुचकलश) ले युक्त कमनीय स्त्री शरीरको आलिंगन तथा संभोग सुखले पनि वैरागी योगीजनलाई वसमा पार्न सक्तैन । संक्षेपमा वैरागतर्फ ढल्केका व्यक्तिलाई सांसारिक सुखशयलको कुनै आवश्यकता हुँदैन । यस श्लोकले योगको मत र महत्त्वलाई प्रतिपादन गर्न खोजेको छ ॥६८॥

यदासीदज्ञानं स्मरतिमिरसञ्चारजनितं
तदा दृष्ट नारीमयमिदमशेषं जगदिति ।
इदानीमस्माकं पटुतरविवेकाञ्जनजुषां
समीभूता दृष्टिस्त्रिभुवनमपि ब्रह्म मनुते ॥६९॥

जब मनुष्यमा काम वासनारूप अन्धकार फैलनाले अज्ञान (मूढता)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पन्न भएको थियो । यस्तो अज्ञानले ढाकेको वेलामा यो सारा संसार नै नारीमय ठानिएको थियो । अज्ञानरूपी जालोमा ज्ञानरूपी अञ्जन (गाजल वा सुरमा) लगाएपछि सो अज्ञान हट्न गई ठीक-ठीक दृष्टिशक्ति पैदा हुन्छ अर्थात् सत्यताको पहिचान हुन्छ । यस शक्तिद्वारा यो तीनै लोक चौध भुवनलाई समदृष्टिले हेर्न थाल्दछ अर्थात् मनुष्यमा समभाव पैदा हुन्छ ॥६९॥

तावदेव कृतिनामपि स्फुरत्येष निर्मलविवेकदीपकः ।
यावदेव न कुरङ्गचक्षुषां ताड्यते चटुललोचनाञ्चलैः ॥७०॥

जतिसुकै चलाख मानिसको विवेक पनि अर्थात् सत् असत् छुट्याउन सक्ने सामर्थ्यरूप दीप (वत्ती) मृगनयनीहरूको चञ्चले आँखाको कटाक्ष नपरुञ्जेलसम्म मात्र बलिरहन्छ । नारीको कटाक्ष पर्न थालेपछि जतिसुकै बुद्धिमान भए पनि मानिस विवेकशून्य हुन पुग्दछ ॥७०॥

वचसि भवति सङ्गत्यागमुद्दिश्य वार्ता
श्रुतिमुखरमुखानां केवलं पण्डितानाम् ।
जघनमरुणरत्नग्रन्थिकाञ्चीकलापं
कुवलयनयनानां को विहातु समर्थः ॥७१॥

नित्य वेदाध्ययन गर्ने र षट्शास्त्र जान्ने विद्वान्हरूका बीच विषयभोग र वासनामा नलाग्ने र नारीको संगत छोडिदिने भन्ने सम्बन्धमा केवल कुराकानी मात्र हुन्छ । नारी-संगत छाड्ने काम भने कसैले पनि गर्न सक्तैन । पद्मरागमणि जडिएको सुनजस्तै सर्वाङ्गसुन्दरी ठूलो र आकर्षक तिघ्रा भएकी नारीलाई कसले छाड्न सक्ला र ? ॥७१॥

स्वपरप्रतारकोऽसौ निन्दति योऽलीकपण्डितो युवतीः ।
यस्मात्तपसोऽपि फलं स्वर्गः स्वर्गेऽपि चाप्सरसः ॥७२॥

शास्त्रको रहस्य थाहा नपाउने आफूले आफैँलाई ठूलो विद्वान् सम्झँदै हिंड्ने जुन मानिस छ यदि उसले युवतीलाई जथाभावी भनेर निन्दा गर्दछ र युवतीसँगको साहचर्य छोड्छ भने ऊ स्वयं ठगिन्छ र अरूलाई पनि ठग्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने चान्द्रयणादि व्रतोपवासजस्ता अनुष्ठानद्वारा प्राप्तहुने फल भन्नु स्वर्ग नै हो। स्वर्गमा पनि अप्सराहरूलाई संभोग गर्न पाएपछि मात्र मुख्यफल पाइएको मानिन्छ ॥७२॥

मत्तेभकुम्भदलने भुवि सन्ति धीराः ।
केचित् प्रचण्डमृगराजवधेऽपि दक्षाः ।
किन्तु ब्रवीमि बलिनां पुरतः प्रसह्य
कन्दर्पदर्पदलने विरला मनुष्याः ॥७३॥

मत्ताहात्तीको गण्डस्थल दलन (मर्दन) गर्नसक्ने, रिसाएको सिंहसँग लडेर सिंहलाई मार्नसक्ने दक्ष (योग्य) वीरहरू यस पृथिवीमा मौजुद रहेका छन्। यत्रायत्रा सूरवीरहरू जतिसुकै हुँदै रहुन् कामदेवको घमण्डलाई तोड्नसक्ने मानिस भने विरलै भेटिन्छन् अर्थात् निष्कामी पुरुष छैनन् नै भने पनि हुन्छ ॥७३॥

सन्मार्गे तावदास्ते प्रभवति च नरस्तावदेवेन्द्रियाणां
लज्जां तावद्विधत्ते विनयमपि समालम्बते तावदेव ।
भ्रुचापाकृष्टमुक्ताः श्रवणपथगता नीलपक्ष्माण एते
यावल्लीलावतीनां हृदि न धृतिमुषो दृष्टिबाणाःपतन्ति ॥७४॥

यस संसारमा मानिसले त्यतिवेलासम्म (कामिनीको कटाक्षमा नपरेसम्म) सन्मार्ग (सदाचार) मा अड्न सक्तछ, इन्द्रियलाई नियन्त्रण गर्न सक्तछ, लाज मान्छ, विनयपूर्ण भई नम्र व्यवहार गर्छ। कानसम्म फैलिएको कालो आँखिभुइँ (भृकुटी) रूपी धनुद्वारा प्रहार गरिएको विलासिनी युवतीहरूको कर्केनजररूपी वाण लागेर उसको हृदय घायल हुँदैन (कामवाण नलागेसम्म) अर्थात् युवतीहरूको अंग अपाङ्गहरूलाई देख्ने वित्तिकै मानिसको धैर्य टुट्न जान्छ र सन्मार्गमा रहन पुरुषहरूलाई धौ-धौ पर्दछ ॥७४॥

उन्मत्त प्रेमसंरम्भादारभन्ते यदङ्गनाः ।
तत्रप्रत्यूमहमाधातुं ब्रह्मापि खलु कातरः ॥७५॥

उत्कट कामातुरताका कारणले प्रेमको वेगको हानिएका युवतीहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै उचित वा अनुचित काम पनि गर्न थाल्दछन्। युवतीका यस्ता कार्यमा ब्रह्माजी पनि विघ्न (वाधा) पार्न डराउँदै असमर्थ हुन पुग्दछन् भने अरूको के कुरा भयो र ? ॥७५॥

तावन्महत्त्व पाण्डित्यं कुलीनत्वं विवेकिता ।
यावज्ज्वलति नाङ्गेषु हतः पञ्चेषुपावकः ॥७६॥

जवसम्म अंग प्रत्यङ्गहरूमा कामाग्नी वलिरहन्छ तवसम्म मानिसमा गौरव, विद्वता, उच्च कूलको जन्म एवम् सत् असत् विचारहरू रहिरहन सक्तैनन्। कामपीडित व्यक्तिले आत्मगौरवलाई वढाउन सक्तैन अपितु यसलाई गुमाउँदै रहन्छ ॥७६॥

शास्त्रज्ञोऽपि प्रगुणितनयोऽत्यात्तबाधाऽपि बाढ
संसारेऽस्मिन् भवति विरलो भाजनं सद्गतीनाम् ।
येनैतस्मिन्निरयनगरद्वारमुद्घाटयन्ती
वामाक्षीणां भवति कुटिला भ्रूलता कुञ्चिकेव ॥७७॥

शास्त्र जान्ने व्यक्ति विद्वान्, वारम्वार नीतिशास्त्रको परिशीलन गर्दै हिँड्ने नीतिज्ञ, यथार्थ वुझेको ज्ञानी व्यक्ति ज्यादै कम भेटिन्छन्। सम्पूर्ण सद्गुणले युक्त भएकै भए पनि त्यस्तालाई नारी संसर्गमा भएको कारणले गर्दा स्वर्गप्राप्ति र मोक्ष प्राप्ति पनि असम्भव हुन्छ। किनकि, सुन्दरीको कटाक्ष (कर्के नजर) र वाङ्गिएको भृकुटीले नरकको ढोका र त्यसमा लगाइएको ताला खोल्ने साँचोले जस्तो काम गर्दछ। स्त्रीकटाक्ष भन्ने वस्तुले असल मार्ग छाडेर खराव वाटोतर्फ उन्मुख गराउँछ। यही नै यस श्लोकको भावार्थ हो ॥७७॥

कृशः काणः खञ्जः श्रवणरहितः पुच्छविकलो
व्रणी पूयक्लिन्नः कृमिकुलशतैरावृततनुः ।
क्षुधा क्षामो जीर्ण पिठरककपालार्पितगलः
शुनीमन्वेति श्वा हतमपि च हन्त्येव मदनः ॥७८॥

खाना नपाएर दुब्लो, नदेख्ने कानो, लङ्गडो, कान नसुन्ने, पुच्छर नभएको,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पीपैपीपले भरिएका घाउ खटिराहरू जीउभरि छ्यापछ्याप्ती परेको (लुते) भोको र बुढो हुनाले अङ्ग-प्रत्यङ्ग शिथिल हुनपुगेको हाँडीमा टाउको अड्केपछि निकाल्न नसक्ने दुःख पाइरहेको कुकुर पनि मैथुन गर्न कुकुर्नीको पछिपछि दगुर्छ। नष्ट प्रायः हुन पुगेको कुकुर समेतलाई कामदेवले कष्ट पुऱ्याउन छाड्दैनन् ॥७८॥

स्त्रीमुद्रां कुसुमायुधस्य जयिनीं सर्वार्थसम्पत्करीं
ये मूढाः प्रविहाय यान्ति कुधियो मिथ्याफलान्वेषिणः ।
ते तेनैव निहत्य निर्दयतरं नग्नीकृता मुण्डिताः
केचित् पञ्चशिखीकृताश्च जटिलाः कापालिकाश्चापरे ॥७९॥

यी मूर्ख मानिस (बुद्धि नभएकाहरू) धर्म, अर्थ, काम यी त्रिवर्गफल प्रदान गर्ने कामदेवको सर्वश्रेष्ठ नारी रूपको मुद्रालाई छोडेर (बेवास्ता गरेर) अर्थात् सर्वाधिक सुख प्रदान गर्ने साधन नारीलाई उपेक्षा गर्दछन् र मोक्षरूपी असत्य एवम् अपत्यारिलो फलको खोजी गर्दै वानप्रस्थतिर लागेर सन्न्यास ग्रहण गर्दछन्। यस्ता सन्न्यासी मध्ये पनि कामदेवले कसैकसैलाई नांगाबाबा (दिगम्बर) बनाइदिन्छन्, कसैलाई मुण्डित अर्धमुण्डित र जटाधारीसमेत गराउँदछन्। कोही भने हातमा खप्पर लिएर हिँड्ने हुन्छन्। जसरी आफ्ना अनुचर वा प्रजाजनहरूलाई राजाले भिन्नाभिन्नै ढंगले सजाय दिन्छन् त्यसैगरी कामदेवले पनि स्त्रीसुखलाई लत्याउनेहरूको दुर्दशा पारिदिएका छन् ॥७९॥

विश्वामित्रपराशरप्रभृतयो वाताम्बुपर्णाशना-
स्तेऽपि स्त्रीसुखपङ्कजं सुललितं दृष्ट्वैव मोहं गताः ।
शाल्यन्नं सघृतं पयोदधियुतं ये भुञ्जते मानवा-
स्तेषामिन्द्रियनिग्रहो यदि भवेद्विन्ध्यः प्लवेत्सागरे ॥८०॥

हावा पानी कन्दमूल मात्र खाने विश्वामित्र, पराशर, शाण्डिल्य आदि ऋषिहरू पनि अत्यन्त सुन्दर स्त्री (मेनका, रंभा, सत्यवती) को सुन्दर मुखकमल देख्नासाथै मोहित भएका थिए। घ्यू, दही-दूध मुछेर मार्सी धान (शाली) को भुजा ज्यूनार गर्ने मानिसलाई आफ्नो इन्द्रिय रोकथाम गर्न अत्यन्त कठिन पर्दछ। यस्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसले आफ्नो इन्दिद्दयलाई नारी संसर्ग गर्न रोकेको कुरा यदि सत्य हो भने विन्ध्याचल पहाड समुद्रमा तैरिरहेको छ भन्ने कुरालाई पनि सत्य मान्नुपर्ला । दूध दही, घ्यू, भात आदि पौष्टिक पदार्थ खानेहरूको इन्द्रिय नियन्त्रण हुन सक्तैन ॥८०॥

परिमलभृतो वाताः शाखा नवाङ्कुरकोटयो
मधुर-बिधुरोत्कण्ठाभाजः प्रियाः पिकपक्षिणाम् ।
विरलविरसस्वेदोद्गारा वधूवदनेन्दवः
प्रसरति मधौ धात्र्यां जातो न कस्य गुणोदयः ॥८१॥

यहाँ वसन्त ऋतुको वर्णन हुन्छः-

वसन्त ऋतु लागेपछि कुन चिजको गुण बढ्दैन र ? (गुणोत्कर्ष हुँदैन र ?) अर्थात् सबैका गुण अधिकाधिक बढ्न जान्छ। बगैंचामा मकरन्द (पुष्पपराग) सहित मलय चन्दनले सुगन्धित हावा बग्दछ। आँपको बोटमा मञ्जरा लाग्दछ र अग्रभागमा नयाँ-नयाँ पालुवा लाग्न थाल्दछन् । कोइलीले 'कुहुँ कुहुँ' गरी मधुर आवाज दिन थाल्दछन्, नारीको अनुहारमा पसिनामा थोपाहरू देखिन (डबडबाउन) थाल्दछन् ॥८१॥

मधुरयं मधुरैरपि कोकिला कलरवैर्मलयस्य च वायुभिः ।
विरहिणः प्रहिणास्तिशरीरिणो विपदि हन्त सुधापि विषायते ॥८२॥

वसन्त ऋतुमा विरही व्यक्तिलाई अझ बढी कष्ट पुग्न जान्छः-

प्रायः सबैलाई आनन्दित पार्ने ऋतुराज वसन्त लाग्दा कोइलीको 'कुहू कुहुँ' को मीठो आवाज र मलयपवनको सुगन्धीपनाले वियोगीलाई विजोग पार्दछ । विपत्ति परेका वखत अमृत पनि विषसमान प्राणघातक हुनजान्छ ॥८२॥

आवासः किल किञ्चितस्य दयिता पार्श्वे विलासालसाः
कर्णे कोकिलकामिनी कलरवः स्मेरो लतामण्डपः ।
गोष्ठी सत्कविभिः समं कतिपयैर्मुग्धाः सुधांशोः कराः
केषाञ्चित् सुखयन्ति चात्र हृदयं चैत्रे विचित्राः क्षपाः ॥८३॥

चैत महिना (वसन्तऋतु) मा निम्न वस्तुहरू आविर्भाव हुन्छन् । यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तुहरूले केही मात्रामा मानिसको हृदयलाई सुख दिएको छ: (१) क्रोध, आँसु, हर्ष, भय आदि मिश्रित शृङ्गार-चेष्टाहरू कायम रहनु, (२) भोगबिलास गर्नाले अल्छीपना जागृत भएका प्रियतमाहरू, (३) कानले कोइलीको मीठो स्वर सुन्न पाइने, (४) कोपिला लागेको लता-मण्डप, (५) ख्यातिप्राप्त केही कविसँगको गोष्ठी वा छलफल, (६) राम्राराम्रा चन्द्रमाबाट किरणहरू, (७) अनौठो वा विचित्र देखिने रातहरू चैत महिनामा धेरैजसो देखिन्छन् ॥८३॥

पान्थस्त्रीविरहानलाहुतिकलामातन्वती मञ्जरी
माकन्देषु पिकाङ्गनाभिरधुना सोत्कण्ठमालोक्यते ।
अप्येते नवपाटलापरिमल-प्राग्भारपाटच्चरा
वान्तिक्लान्तिवितानतानवकृतः श्रीखण्डशैलानिलाः ॥८४॥

वसन्तऋतु लागेपछि पति विदेशमा गएका वियोगिनी नारीहरू पालुवा लागेको आँपको बोट मुन्तिर गई बस्ने गर्छन् । कोइलीको मीठो बोली पनि सुनिन्छ । पति वियोगरूपी अग्निमा आहूति दिँदा अझ बढी दन्कने गरेर आफ्नो मनको तापलाई बढाउने (पतिको सम्झनाले झन् बढाउने) पुष्पमञ्जरी (पालुवाहरू) लाई बडो उत्सुकता साथ हेर्दछन् । झर्खरै फुलेको गुलाफ फूलको सुवासरूपी सम्पत्ति चोरी गर्ने, अनि जीउमा लागेको थकाइ घटाउने, मलयाचलको मन्दमन्द हावा पनि वसन्त ऋतुमा बहन्छ ॥८४॥

प्रथितः प्रणयवतीनां तावत्षदमातनोतु हृदि मानः ।
भवति न यावच्चन्दनतरुसुरभिर्मलयपवमानः ॥८५॥

प्रेम (रतिक्रीडा) गर्न खोज्ने नारीको मनमा उठ्ने गरेको अभिमानलाई चन्दनको सुवास बोकेर बहने गरेको मलयाचलको हावाले चकनाचूर पार्दछ ॥८५॥

सहकारकुसुमकेसरनिकरभरामोदमूर्च्छितदिगन्ते ।
मधुरमधुरविधुरमधुपे मधौ भवेत् कस्य नोत्कण्ठा ॥८६॥

वसन्त समयमा आँपको बोटमा फूल र मुजुराहरू प्रशस्त मात्रामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्दछन् । यी मुजुराले सुवास फैलाउँदछन् । यस्तो चारैतिर वासना (सुवास) फैलिएको वातावरण पाएपछि मीठो मकरन्द चुसेका उन्मक्त भमराहरू भुँ भुँ गरी यत्रतत्र उड्दछन् । यिनलाई देख्दा सवै वैंसालु युवायुवतीलाई सम्भोग गर्ने इच्छा जागरित भएर आउने गर्दछ ॥८६॥

अच्छाच्छचन्दन रसार्द्रतरा मृगाक्ष्यो
धारागृहाणि कुसुमानि च कौमुदी च ।
मन्दो मरुत् सुमनसः शुचि हर्म्यपृष्ठं
ग्रीष्मे मदं च मदनं च विवर्धयन्ति ॥८७॥

गृष्मऋतुमा सफा एवम् पवित्र भिजाइएको श्रीखण्ड चन्दनद्वारा आर्द्र शरीर भएका सुन्दर युवती, पानी फिजाई फ्याँक्ने फोहराहरू, सुगन्धी फूलहरू, चाँदनी (जून), मन्दमन्द हावा, मनलाई वडो आनन्द दिने महलका छत एवम् अट्टालीलगायतका सवै वस्तुले खुसी र कामेच्छालाई चौगुना तुल्याइदिन्छन् ॥८७॥

स्रजो हृद्यामोदा व्यजनपवनश्चन्द्रकिरणाः
परागाः कासारो मलयजरजः शीधु विशदम् ।
शुचिः सौधोत्सङ्गः प्रतनु वसनं पङ्कजदृशो
निदाघर्तावेतद्विलसति लभन्ते सुकृतिनः ॥८८॥

मीठा-मीठा वासना आउने फूलका मालाहरू, ताडको पातले वनेको पंखाको मन्द हावा, चन्द्रमाको किरण (जुनेली रात), कमल फूलको रज (पराग), श्रीखण्ड चन्दनको धूलो, निर्मल सफा मदिरा, पानी छर्किएको र सुग्घर भएको महलका अटालीहरू, नरम पातलो कपडा, चौपट्टै राम्रा सुन्दरी यी सवैले दिने आनन्द भाग्यमानीले मात्र पाउँदछन् ॥८८॥

सुधाशुभ्रं धाम स्फुरदमलरश्मिः शशधरः
प्रियावक्त्राम्भोजं मलयजरजश्चातिसुरभिः ।
स्रजो हृद्यामोदास्तदिदमखिलं रागिणि जने
करोत्यन्तः क्षोभं न तु विषयसंसर्गविमुखे ॥८९॥

चुन पोतेर सेतो भएजस्तै निर्मल किरणद्वारा प्रकाशमान भएका चन्द्रमा,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियतमाको सुन्दर मुख र अत्यन्त सुगन्ध आउने चन्दनचूर्ण आदि देख्नासाथै मनलाई प्रसन्न पार्ने फूलका माला यी सबै चिजहरूले केवल प्रेमीजनको मनलाई हलचल पारिदिन्छन् । वैरागीहरूको मन भने यी चिजबाट हलचल हुँदैन ॥८९॥

तरुणीवेषोद्दीपितकामा विकसज्जातीपुष्पसुगन्धिः ।
उन्नतपीनपयोधरभारा प्रावृट् तनुते कस्य न हर्षम् ॥९०॥

अत्यन्त तीव्र रूपले कामेच्छालाई बढाउने, मालती फूलहरू ढकमक्क फुल्दा चारैतिर सुवास फैलिएको, कालो-कालो बादलले ढाकिरहेको अथवा अग्ला र पुष्ट स्तन भएकी बैंसालु युवतीको रूप लिएको यो वर्षा ऋतुले कसको मनलाई हर्षित पारेको छैन र ? वर्षायाममा सबैको कामेच्छा जागेर आउँछ र सबै मानिस खुसी रहन्छन् ॥९०॥

वियदुपचितमेघः भूमयः कन्दलिन्थ्यो
नव कुटजकदम्बामोदिनो गन्धवाहाः ।
शिखिकुलकलकेकारावरम्या वनान्ताः
सुखिनमसुखिनं वा सर्वमुत्कण्ठयन्ति ॥९१॥

बादलले ढाकिरहेको आकाश, कोमल घाँसहरू उम्रिरहेको जमिन, नयाँ-नयाँ कदम-फूलको बासनाले सुगन्धित तुल्याइएको र हावा लागिरहेको एवम् मयूरको मीठो बोली गुन्जिरहने बगैंचाले सुखी-दुःखी सबैखाले प्राणीलाई रतिक्रीडातर्फ उत्कण्ठित तुल्याउँदछन् ॥९१॥

उपरि घनं घनपटलं तिर्यग्गिरयोऽपि नर्तितमयूराः ।
क्षितिरपि कन्दलधवला दृष्टिं पथिकः क्व पातयति ॥९२॥

आकाशभरि टम्म घना बादल लागेको अनि चारै दिशालाई बादलै बादलले ढाकिरहेको देखिन्छ । पानी दर्कने आशा राखिरहेका र नाच्नका लागि उल्लासपूर्ण रूपले तम्सिरहेका मयूरले खचाखच भरिएका पहाड देखिन्छन् । जमिन पनि भखरै टुसाएका घाँसले स्वच्छ मनोरम देखिन्छ । यस्तो स्थितिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वटुवाले कता कहाँ के हेर्ने हो ? किनभने वाटोमा देखिएका यी सवै वस्तुले कामोद्दीपन जगाउँदै उसलाई सताइरहन्छन् ॥९२॥

इतो विद्युद्बल्लीविलसितमितः केतकितरोः
स्फुरन् गन्धः प्रोद्यज्जलदनिनदस्फूर्णितमितः ।
इतः केकिक्रीडाकलकलरवः पक्ष्मलदृशां
कथं यास्यन्तेते विरहदिवसाः सम्भृतरसाः ॥९३॥

कतै-कतै विजुली चम्किएको छ। कहीँ-कहीँ भने केतकी फूलको वासना फैलिरहेको छ। एकातिर आकाशलाई वादलले ढाकेर मेघ गर्जिएको आवाज सुनिन्छ अर्कोतिर मयूरहरू नाच्ने खेल्ने गरिरहेकाले मज्जालाग्दो गरी हल्लीखल्ली मच्चिएको छ। यस्तो समयमा चञ्चले आँखाले हेर्ने शृङ्गार पारेर वस्ने सुन्दरीको वियोगको (पति नहुँदाको) दिन कसरी व्यतीत भइरहेका होलान्। उनीहरूका लागि वर्षायाममा यी दिन ज्यादै नै कष्टप्रद हुन गएका छन् ॥९३॥

असूचिसञ्चारे तमसि नभसि प्रौढजलद-
ध्वनिप्राज्ञम्मन्ये पतति पृषतानां च निचये ।
इदं सौदामिन्याः कनककमनीयं विलसितं
मुदं च म्लानिं च प्रथयति पथि स्वैरसुदृशाम् ॥९४॥

वर्षाऋतुको रात अँध्यारा हुन्छन्। कामोद्दीपनले गर्दा आफ्नो प्रेमी (प्रियतम) सँग स्वच्छन्द भई रमण (रतिक्रीडा) गर्न सुन्दरीहरू अति नै इच्छुक हुन्छन्। चुक घोप्टेको जस्तो अँधेरो रातको समयमा बाक्लो गरेर कालो वादलले आकाश ढाकिएर गड्याङ्गुडुङ् गर्दै मेघ गर्जनको आवाजसहित अविरल रूपले पानी परिरहेको वेलामा पनि सुन्दरीहरू प्रेमीको साथ सहवासको आनन्द लिन पैदल हिंड्दछन् (अभिसार गर्छन्)। हिँडिरहेको वेला अचानक सुनजस्तो पहेंलो रङ्गको विजुली चम्कन्छ त्यसको प्रकाशले उज्यालो भई सवै स्पष्ट देखिन्छ। विजुली चम्केको उज्यालोले प्रेमीको घरतर्फ जाने बाटो सजिलैसँग देख्न सकेको हुनाले सुन्दरीहरू हर्षित (खुसी) हुन्छन् तर आफू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुकीछिपीकन प्रेमीकहाँ जान लागेको कुरा आफूलाई चिन्ने अरू मानिसले थाहा पाएकाले आफ्नो पोल खुल्छ कि भन्ने चिन्ताले उनीहरूको मनमा भय (डर) पनि पैदा हुने गर्छ ॥९४॥

आसारेण न हर्म्यतः प्रियतमैर्यातुं बहिः शक्यते
शीतोत्कम्पनिमित्तमायतदृशा गाढं समालिङ्ग्यते ।
जाताः शीकरशीतलाश्च मरुतोरत्यन्तखेदच्छिदो
धन्यानां बत दुर्दिनं सुदिनतां याति प्रियासंगमे ॥९५॥

प्यारा पतिजनहरू मुसलधारे पानी पारिरहेको कारणले महलबाट बाहिर निस्कन सक्दैनन् । ठूला-ठूला आँखा भएका सुन्दरीहरू पनि जाडोले थरथर कम्प छुटेपछि आफ्नो घरमा बसेको प्रियतमालाई कस्सिएर आलिंगन गर्न थाल्दछन् । यसरी रतिक्रीडा गरिसकेपछि लागेको थकाइलाई अलिअलि जलकणसहितको हावाले मेटाइदिन्छ अनि शीतल र आनन्दित पार्दछ । मुसलधारे पानी परिरहेको दिनलाई दुर्दिन भन्ने गरिए तापनि प्रियासँग संगम र भोगबिलास गरी सुख पाएको हुनाले झरी लागेको दिनले पनि दुर्दिन होइन सुदिनको रूप नै लिन थाल्दछ ॥९५॥

अर्द्धं सुप्त्वा निशायाः सरभससुरतायाससन्नश्लथाङ्ग-
प्रोद्भूतासह्यतृष्णो मधुमदनिरतो हर्म्यपृष्ठे विविक्ते ।
सम्भोगक्लान्तकान्ताशिथिलभुजलतावर्जितं कर्करीतो
ज्योत्स्नाभिन्नाच्छधारं पिबति न सलिलं शारदं मन्दपुण्यः ॥९६॥

मद्यपानपश्चात् आधा रातसम्म मस्तसँग सुतेर बिउँझेपछि बडो जोडले प्रियतमासँग कामक्रीडा (मैथुन) गरेर थकित भएको अवस्थामा नशाले लट्टिदै जुनेली रातमा महलको अटालीमा बसेर सम्भोगपश्चात् थाकेकी आफ्नी प्रेयसीको शिथिल हातले खन्याउँदै गर्दा जुनको किरणले कञ्चन र निर्मल देखिने जलको धारा र शरदऋतु भएको कारणले ठन्डा (शीतल) भएको पानीलाई थोरै मात्र भाग्यशाली पुरुषहरूले पिउन पाउँदछन् ॥९६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हेमन्ते दधिदुग्धसर्पिरसना माञ्जिष्ठवासोभृतः
काश्मीरद्रवमान्द्रदिग्धवपुषश्छिन्ना विचित्रैः रतैः ।
वृत्तोरुस्तनकामिनीजनकृताश्लेषा गृहाभ्यन्तरे
ताम्बूलीदलपूगपूरितमुखा धन्याःसुखं शेरते ॥९७॥

हेमन्त ऋतुमा दही, दूध, घ्यू खाएका असल जातको लुगा लगाएका केशरी र चन्दन शरीरमा घसेर, अनेक तरिकाले रतिक्रीडा गर्दा थाक्न गएका वाटुलो र सारो स्तन भएका नारीलाई आलिङ्गन गर्दै मुखले पान सुपारी चपाउँदै आफ्नो कोठाभित्र थोरै भाग्यशाली पुरुषहरू मात्रले आरामपूर्वक शयन गर्न पाउँछन् ॥९७॥

प्रौद्यत्प्रौढप्रियङ्गुद्युतिभृति विकसत्कुन्दमाद्यद्द्विरेफे
कालो प्रालेयवातप्रचलविलसितोदारमन्दारधाम्नि ।
येषां नो कण्ठलग्ना क्षणमपि तुहिनक्षोददक्षा मृगाक्षी
तेषामायामयामा यमसदनसमा दामिनी याति यूनाम् ॥९८॥

हेमन्तको समयमा उम्रीकन झाँगिएका प्रियंगुका लहराले रामो देखिएको, भ्रमराले ढाकिएको कुन्द (कदम) को फूलको झुप्पाले आकर्षक तुल्याएको चिसोचिसो वतास चल्नाले बढी शोभायमान देखिने मन्दार नामक वृक्षद्वारा सुशोभित, हेमन्तऋतुको जाडोयाममा, युवा पुरुषले मृगनयनीलाई अंगालोमा कसेर रमण गर्न पाएन भने यस ऋतुको रातका लामा-लामा पहर विताउन ज्यादै कठिन पर्दछ । एक्लो युवकका लागि हेमन्त ऋतुको लामो रात आफ्नै घरमा वसेको भए पनि यमराजको घरमा वसेझैं प्राणै लिइहाल्ला कि भनेजस्तो कष्टदायी हुनजान्छ ॥९८॥

चुम्बन्तो गण्डभित्तोरलकवति मुखे सीत्कृतान्यादधाना
वक्षस्सूत्कञ्चुकेषु स्तनभरपुलकोद्भेदमापादयन्तः ।
उरुनाकम्पयन्तः पृथुजघनतटात्स्रंसयन्तोंऽशुकानि
व्यक्तं कान्ताजनानां विटचरितभृतः शैशिरा वान्ति वाताः ॥९९॥

गालामा चुम्वन (म्वाइँ) खाने, कपालको चुल्ठो झरेर मुखमा छोए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि मुखबाट 'सी-सी' र 'फू-फू' आवाज निकाल्ने, चोलो (ब्लाउज) लगाएकै भए पनि छातीमाथिका पुष्ट स्तन चलवलाउँदा रोमान्चित पार्ने, छातीलाई केही थरथराउने गरी कम्पन गराउने, शिशिरऋतुमा बग्ने हावाहरूले विटले (कामुक फुँडोले) जस्तैगरी युवतीसँग कामुक व्यवहार (खेलवाड) गर्दछन् ॥९९॥

केशानाकुलयन् दृशो मुकुलयन् वासो बलादाक्षिप-
न्नातन्वन् पुलकोद्गमं प्रकटयन्नावेगकम्पं शनैः ।
बारंबारमुदारसीत्कृतकृतो दन्तच्छदान् पीडयन्
प्रायः शैशिर एष सम्प्रति मरुत् कान्तासु कान्तायते ॥१००॥

शिशिरऋतु लागेपछि हावाको झोक्का लागेर केश चुल्ठो यताउति हल्लिन थाल्दछन्। कामवासनाले ग्रस्त मानिस पनि रतिक्रीडा गर्ने इच्छाले आकुल-व्याकुल हुँदै यताउति टहल्दछ। आनन्द मानेर आँखा चिम्लिन्छ। सम्भोग गर्ने तीव्र इच्छाले कम्मर (कटी) मा वेरिएको साडी पेटीकोटलाई जवरजस्ती तान्दछ, रोमान्चित हुन्छ, विस्तारै-विस्तारै शरीरलाई वढी चिसो हावाद्वारा कम्पायमान गर्दछ। सि...सि गर्दै प्रियतमाको तल्लो ओठलाई बारम्बार टोक्न थाल्दछ। शिशिरऋतुमा बहने मन्द चिसो हावाको स्त्रीसँग उसको प्रियतमले गरेसमानको व्यवहार गर्दछ ॥१००॥

यद्यस्य नास्ति रुचिरं तस्मिंस्तस्य स्पृहा मनोज्ञेऽपि ।
रमणीयेऽपि सुधांशौ न मनः कामः सरोजिन्याः ॥ (प्रक्षिप्त श्लोक)

रुचि नै रहेन भने जतिसुकै सुन्दर, आकर्षक र राम्रै वस्तु भए पनि त्यसप्रति कुनै चाहना रहँदैन। अत्यन्त राम्रो भए तापनि कमलिनी (सूर्यभक्ति फूल) ले चन्द्रमालाई मन पराउँदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्ये संचरत्येको-नीतौ भ्रमति चापरः ।
शृङ्गारे रमते कश्चिद् भुवि भेदाः परस्परम् ॥

कुनै व्यक्ति वैराग्यमा विचरण गर्दछ । कुनै भने नीतिमा रमाउँदै भ्रमण गर्दछ । कतिपय व्यक्तिहरू भने शृङ्गारमा नै रमाइरहेको पाइने हुनाले यस संसारका मानिसमा भिन्न भिन्न रुचि रहेको पाइन्छ ।

भर्तृहरिद्वारा संस्कृतमा रचना गरिएको शृङ्गार शतकको नेपालीमा भावार्थानुवाद समाप्त भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब युवतीहरू बूढो मानिसको शरीरमा हेर्दा सेतै फुलेका केश (कपाल) देख्दछन् । अनि केही अपहेलनासमेत गर्न थाल्दछन् । अनेकौं हड्डी र यसका टुक्राहरूले खचाखच भरिएको चण्डालको कुवा देख्दा जसरी घीन मानेर मान्छे टाढा भाग्दछ त्यसरी नै (तरुनी) युवतीहरू पनि कपाल (केश) फुलेर सेताम्मे भएको बूढो मान्छेलाई देखेपछि उसको नजिकमा नै नपरेर तर्कन थाल्दछन् ।

– वैराग्यशतकबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि
को
वैराग्यशतक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैराग्यशतक

(मङ्गलाचरण)

चूडोत्तंसितचन्द्रचारुकलिका-चञ्चच्छिखाभास्वरो
लीलादग्धविलोलकामशलभः श्रेयोदशाग्रे स्फुरन् ।
अन्तः स्फूर्जदपारमोहतिमिरप्राग्भारमुच्चाटयन्
श्वेतः सद्मनि योगिनां विजयते ज्ञानप्रदीपो हरः ॥१॥

शिरको गहनाभैं देखिने चन्द्रमाको कला (कान्ति) को उज्यालोद्वारा प्रकाशमान कामदेवलाई खेल खेलेजस्तै गरेर बत्तीले पुतलीलाई जस्तै गरी भष्म पार्नसक्ने बत्तीका अग्रभाग भैं देदीप्यमान हृदयमा फैलिएको अपार मोह (अज्ञान) रूपी अन्धकारलाई विनष्ट गर्ने ज्ञान-दीपक रूप श्री शिवजी योगीहरूको हृदय-मन्दिरमा विराजमान हुनुहुन्छ । अर्थात् ज्ञानस्वरूप शिव शङ्करको जय होस् ॥१॥

श्रान्तं देशमनेकदुर्गविषमं प्राप्तं न किञ्चित् फलं
त्यक्त्वा जातिकुलाभिमानमुचितं सेवा कृता निष्फला ।
भुक्तं मानविवर्जित परगृहेष्वाशङ्कया काकवत्
तृष्णे जृम्भसि पापकर्मपिशुने नाद्यापि सन्तुष्यति ॥२॥

झरीवर्षा, नदीनाला, रूखपात, पतिङ्गर, पहाड पर्वत किल्ला, गढी आदिका कारणले पुग्नै कठिन पर्ने ठाउँको भ्रमण मैले गरिसकें । तर, पनि कुनै फल पाउन सकिनँ । आफ्नो उच्च कुल, जाति र मर्यादालाई किञ्चित् नमानेर धनीवर्गको सेवा गर्दा पनि निष्फल भएँ । बेइजती सहेर कागले जस्तै अर्काको घरमा खाना (भोजन) खाएँ तर पनि मेरो तृष्णा घट्न सकेन यो बढ्दो नै छ । यसैले हे तृष्णा (तिर्सना) तँ किन घट्तैनस् किन बढ्दैछस् ? अर्थात् मानिसको तिर्सना कहिल्यै घट्दैन बढ्दै गएको हुन्छ ॥२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्खातं निधिशङ्कया क्षितितलं ध्माता गिरेर्धातवो
निस्तीर्णः सरितां पतिर्नृपतयो यत्नेन सन्तोषिताः ।
मन्त्राराधनतत्परेण मनसा नीताः श्मशाने निशाः
प्राप्तः काणवराटकोऽपि न मया तृष्णे ! सकामा भव ॥३॥

गाढधन पाइन्छ कि भन्ने लोभले जमिन खन्ने र खोस्रने काम गरें । चट्टानी पहाडलाई अनेक रापिला धातुहरूले पोलें र फुकें पनि, समुद्र तर्नसमेत सफल भएँ । ज्यादै मिहेनत गरेर राजा र ठूलावडाको चाकडी गर्दै खुसी पारें । शक्तिशाली मन्त्रहरू मनले जप्दाजप्दै अनेकौं रात मसानमा वितिसके तर पनि हे लालसा (लोभ) मैले चाहेका चिजहरू पाउनु त कता हो कता फुटेको कौडी पनि पाउन सकिनँ । यसैले हे तिर्सना ! तिमी मसँग प्रसन्न होऊ ॥३॥

खलालापाः सोढाः कथमपि तदाराधनपरै-
र्निगृह्यान्तर्बाष्पं हसितमपि शून्येन मनसा ।
कृतो वित्तस्तम्भप्रतिहतधियामञ्जलिरपि
त्वमाशे ! मोघाशे ! किमपरमतो नर्तयसि माम् ॥४॥

दुर्जनको सेवामा लागेर उनीहरूको गाली-गलौज (दुर्वचन) प्रशस्तै सुनियो । आफ्नो काम विग्रला कि भन्ने डरले उनीहरूका दुर्वाच्यलाई कष्टपूर्वक सहन गरियो । खपिनसक्नु भई उर्लिएको आँसुलाई पनि भित्रभित्रै दवाएर रुञ्चे हाँसो पनि हाँसियो । धनका लागि कर्तव्यच्चुत एवम् मूर्ख वृद्धि भएकालाई प्रणाम अनुनय-विनय पनि गर्न पछि परिएन । हे आशावादी तिर्सना ! मलाई अझै वढी किन नचाइरहेका हो ? अव मलाई न सताऊ ॥४॥

अमीषां प्राणानां तुलितबिसिनीपत्रपयसां
कृते किं नास्माभिर्विगलितविवेकैर्व्यवसितम् ।
यदाढ्यानामग्रे द्रविणमदनिस्संज्ञमनसां
कृतं मानव्रीडैर्निजगुणकथापातकमपि ॥५॥

कमलको पातमा रहेको पानीजस्तै ढलपल गरिरहने क्षणभंगुर एवम् अविश्वसनीय प्राणको रक्षार्थ विवेक गुमाइसकेका हामीहरूले के पो गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाँकी राख्यौं र ? किन्तु सबैजसो अनुचित कार्य पनि गऱ्यौं । धन आर्जन गर्ने नशामा लट्टिएर विज्ञजनको सामुन्नेमा नै निर्लज्ज भई आत्मप्रशंसारूपी पाप गर्न पनि पछि परेनौं ॥५॥

क्षान्तं न क्षमया गृहोचितसुखं त्यक्तं न सन्तोषत-
स्सोढो दुस्सहशीततापपवनक्लेशो न तप्तं तपः ।
ध्यातं वित्तमहर्निशं नियमितप्राणैर्न शम्भोः पदं
तत्तत्कर्म कृतं यदेव मुनिभिस्तैस्तैः फलैर्वञ्चिताः ॥६॥

ऋषिमुनिहरूले गर्ने गरेका काम हामीले पनि गऱ्यौं तर ऋषिमुनिहरूले पाए समान फल प्राप्ति भएन । अपमान खपेर पनि मनमा दुःख उब्जन दिइएन । पीडालाई असमर्थ भएर मात्र खप्न सकियो । क्षमताको कमीले गर्दा स्वादिष्ट खाना खानेजस्ता सुखसयल पनि छोडियो । तपस्या गर्न भनी प्रचण्ड गर्मी, हुरी, वतास सहन सकिएन । तर, जीविकोपार्जनको सिलसिलामा देश-देशान्तर घुम्दा यी सबै सहन गरियो; परन्तु तपस्या भने गरिएन । शिवजीको आराधना पनि गरिएन । यसैले मुनिजनबाट पाउनुपर्ने चिज पाइएन ॥६॥

भोगा न भुक्ता वयमेव भुक्तास्तपो न तप्तं वयमेव तप्ताः ।
कालो न यातो वयमेव यातास्तृष्णा न जीर्णा वयमेव जीर्णाः ॥७॥

हामीले सांसारिक सुख भोग गर्न सकेनौं, परन्तु यसले नै हामीलाई भोगेको छ । हामीले तपस्या गर्न सकेनौं, वरु तपस्याले नै हामीलाई चिन्ता दिएर ताप (पीडा) पारेको छ । अर्थात् अनेकौं कष्ट सहन गर्न परिरहेको छ । सुसंगतमा रहेर काल (समय) बित्दै जान्छ कि भनी सोच्यौं । सांसारिक विषयवस्तु कहिले पाइएला भन्ने चिन्ताले नै समय बितेर बूढो भइसकियो । हाम्रा तिर्सना भने जीर्ण हुन सकेनन्, किन्तु हामी आफैं जीर्ण एवम् शिथिल हुन पुगेका छौं ॥७॥

बलिभिर्मुखमाक्रान्तं पलितेनाङ्कित शिराः ।
गात्राणि शिथिलायन्ते तृष्णैका तरुणायते ॥८॥

बुढ्याइँले गर्दा मुख (गाला) चाउरी परिसक्यो, केश (कपाल) फुलेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो भइसक्यो, हातखुट्टा आदि शरीरका अवयवहरू थला बसिसके। केवल तिर्सना (आशा) मात्र झन् झन् तरुनीजस्ती भई मनमा उब्जिरहेकी छ अर्थात् आशाको पासो झन्-झन् दृढ हुँदै गइरहेछ (कस्सिँदैछ) ॥८॥

विवेकव्याकोशे विदधति शमे शाम्यति तृषा
परिष्वंगे तुंगे प्रसरतितरां सा परिणता ।
जराजीर्णेश्वर्यग्रसनगहनाक्षेपकृपण-
स्तृषापात्रं यस्यां भवति मरुतामप्यधिपतिः ॥ (प्रक्षिप्त श्लोक)

ज्ञानज्योति (विवेक) ले शान्ति दिन्छ, अनि विषय भोगको तिर्सना घट्न थाल्दछ। विषय भोगको विद्यमानतामा भोगतृष्णा घट्नुको सट्टामा झन्-झन् बढ्दै जान्छ। देवराज इन्द्र पनि बुढ्याइँले गर्दा तृष्णाका पात्र बन्न गएका छन्, अर्थात् इन्द्रलाई पनि भोगवासनाले सताइरहेको छ। (प्रक्षिप्त श्लोक)

निवृत्ता भोगेच्छा पुरुषबहुमानोऽपि गलित-
स्समानाः स्वर्याताः सपदि सुहृदो जीवितसमाः ।
शनैर्यष्टयुत्थानं घनतिमिररुद्धे च नयने
अहो मूढः कायस्तदपि मरणापायचकितः ॥९॥

भोगवासनाको लालसा (इच्छा) हटिसक्यो। पहिलेको मान, मर्यादा, इज्जत पनि घटिसक्यो। समान अवस्था (स्टेटस्) का मित्रजनहरू पनि दुःख, पीडा भोग्नु अगाडि नै दिवंगत भइसकेका छन्। रोगी हुन पुगेकाले लट्ठीको सहारा लिँदै अलिअलि उठ्तछु। दृष्टि शक्ति घट्न गई अन्धो भएको छु अर्थात् लङ्गडो र अन्धो हुनगएको छु। यस्तो हुँदाहुँदै पनि यो मेरो ज्ञान हीन शरीर [illegible]। अझै मृत्युसँग डराउँछ। बाँचिरहने इच्छा राख्छ अहो ! यो कस्तो आश[illegible] ॥९॥

आशा नाम नदी मनोरथजला तृष्णातर[illegible]कुला
रागग्राहवती वितर्कविहगा धैर्यद्रुमध्वंसिनी ।
मोहावर्तसुदुस्तराऽतिगहना प्रोत्तुङ्गचिन्तातटी
तस्याः पारगता विशुद्धमनसो नन्दन्ति य[illegible]श्वराः ॥१०॥

मानिसमा आशा भन्ने विषय नदी (खोला) जस्तै छ। मानिसको इच्छा जल (पानी) हो, तिर्सना (तृष्णा) जलतरंग (जलप्रवाह) समान छ। राग र द्वेषले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नदीमा वस्ने गोहीको रूप लिएका छन् भने विचार वा तर्कवितर्क नदीमाथि उडिरहने पंछीहरू जस्तै हुन् र नदीको बीचमा अडिरहेको वृक्ष (रूख वनस्पति) भन्नु मनको धैर्य हो । यो धैर्यरूपी वृक्षलाई उखेलेर ढलाउने र बगाउने कार्य दम्भ-दर्परूपी भुमरीले गर्दछन् । नदीको अति गहिराइ र अग्ला-अग्ला घाट किनारको स्वरूप मनमा उब्जने विभिन्न चिन्ताले लिएका छन् । यस किसिमको आशारूपी नदी पार गर्न अत्यन्त कठिन पर्छ । परन्तु शुद्ध अन्तःकरण भएका योगीजन भने ब्रह्मानन्दमा तल्लीन भएर यस आशारूपी नदीवाट सजिलैसँग पार हुन्छन् ॥१०॥

न संसारोत्पन्नं चरितमनुपश्यामि कुशलं
विपाकः पुण्यानां जनयति भयं मे विमृशतः ।
महद्भिः पुण्यौघैश्चिरपरिगृहीताश्च विषया
महान्तो जायन्ते व्यसनमिव दातुं विषयिणाम् ॥११॥

फलको आशा राख्दै गरिएका पुण्यकर्महरूलाई मैले श्रेयस्कार छ भन्ने ठानेको छैन । सत्कर्म गरेपछि प्राप्त हुने परिणामलाई सोच्दा पनि मेरो मनमा डर (भय) पैदा हुनजान्छ जस्तै कि पुण्य गरे स्वर्गमा वस्न पाइन्छ र पुण्य सकिएपछि पुनः मर्त्यलोकमा फर्कनुपर्ने, आपद् विपद्मा सामना गर्नुपर्ने भन्ने सम्झिएर डर लाग्दछ । महान् पुण्यकार्य र सदाचारद्वारा हासिल गरिएका विषय (सुख एवम् आरामदायी पदार्थ) हरू पनि विषयासक्त पुरुषलाई आपद्-विपद् पुऱ्याउन नै पैदा भएका हुन्छन् भन्ने ठानेको छु ॥११॥

अवश्यं यातारश्चिरतरमुषित्वापि विषया
वियोगे को भेदस्त्यजति न जनो यत्स्वयममून् ।
व्रजन्तः स्वातन्त्र्यादतुलपरितापाय मनसः
स्वयं त्यक्ता ह्येते शमसुखमनन्तं विदधति ॥१२॥

सांसारिक विषयवासना भन्ने वस्तु लामो समयसम्म मौजुद रहे पनि कालान्तरमा यसले मानिसले छाड्छ नै । विषयवासनाले हामीलाई छाड्यो अथवा हामीले नै विषयवासनालाई छाडिदियौं भन्ने कुरामा नै के अन्तर छ र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

? दुवै कुरा हुन् । तर पनि सज्जन मनुष्य किन यी विषयवासनालाई परित्याग गर्न सक्दैनन् ? किनकि आफैंले विषयवासनाको त्याग गरेमा धेरै सुख शान्ति प्राप्त गर्न पनि सकिन्छ । यसकारण सबै जनाले विषयवासनालाई स्वयं परित्याग गरेर अधिकाधिक सुख-शान्ति हासिल गर्न सकियोस् ॥१२॥

ब्रह्मज्ञानविवेकनिर्मलधियः कुर्वन्त्यहो दुष्करं
यन्मुञ्चन्त्युपभोग भाञ्ज्यपि धनान्येकान्ततो निःस्पृहाः ।
सम्प्राप्तान्न पुरा न सम्प्रति न च प्राप्तौ दृढप्रत्ययान्
वाञ्छामात्रपरिग्रहानपि परं त्यक्तुं न शक्ता वयम् ॥१३॥

ब्रह्मज्ञानी भई निर्मल बुद्धि भएका अर्थात् ठीक-बेठीक छुट्याउने ज्ञानीजनहरू अत्यन्त कठिन कर्महरू गर्ने गर्दछन् । उपभोगार्थ उपलब्ध धन सम्पत्तिलाई पनि पर्वाह नगरीकन त्यागिदिन्छन् । पहिले र अहिले भूत र वर्तमानमा अप्राप्त तथा भविष्यमा प्राप्त हुने भन्ने पनि कुनै ग्यारेन्टी नभएको अर्थात् अविश्वसनीय (मनोरथ) मनकल्पित इच्छालाई हामी किन परित्याग गर्न सकिरहेका छैनौं ? यस्तो इच्छालाई त्याग्नु नै श्रेयस्कर छ ॥१३॥

धन्यानां गिरिकन्दरेषु वसतां ज्योतिः परं ध्यायता-
मानन्दाश्रुजलं पिबन्ति शकुना निश्शङ्कमङ्केशयाः ।
अस्माकं तु मनोरथोपरचितप्रासादवापीतट-
क्रीडाकाननकेलिकौतुकजुषामायुः परं क्षीयते ॥१४॥

पहाडी गुफामा बसेर ब्रह्ममा लीन भई तपस्या गर्ने महात्मा पुरुषहरूको कारण निःसङ्ग एवम् निर्भयपूर्वक बसेर खेल्दै अनि महात्माको सुखाश्रुको स्वाद चाख्ने काम चुराचुरुङ्गीहरूले गर्दछन् । अर्थात् तपस्वी महात्मा ब्रह्ममा लीन भई सुख शान्ति प्राप्त गर्दछन् । तर, हामी गृहस्थी मनुष्य भने इच्छा र चाहनाद्वारा सताइएका छौं । आफ्नो ठूलो दरबार महल होस् भन्ने इच्छा गर्दागर्दै हाम्रो आयु पनि क्षीण (घट्दै) गइरहेको हुन्छ । यसैले सांसारिक सुख सयलबाट पराङ्मुख भएर हामीले केवल परब्रह्मको चिन्तन गर्नु नै श्रेयस्कर हुन्छ ॥१४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षाशनं तदपि नीरसमेकवारं
शय्या च भूः परिजनो निजदेहमात्रम्
वस्त्रं विशीर्णशतखण्डमयी च कन्था
हा हा !! तथापि विषया न परित्यजन्ति ॥१५॥

मागेर ल्याएको नमीठो त्यो पनि एक छाक मात्राको खाना छ। सुत्नका लागि खाली भुइँ नै विछौना भएको छ। सेवकको नाउँमा केवल आफ्नो एक मात्र शरीर भएको छ। लाउने र ओढ्ने कपडाको रूपमा दस ठाउँमा टालेको धुजा-धुजा परेको भाङ्ग्रो मात्रै छ। यस्तो अति नै टिठलाग्दो दैन्य दुःखी अवस्था हुँदाहुँदै पनि हामीलाई सुख सयल गर्ने भांगेच्छाले कहिल्यै पनि छाड्दैन। उपभोगयोग्य सामग्री नहुँदानहुँदै पनि हाम्रो भोग गर्ने इच्छा किन हट्दैन ? यो ज्यादै नै दुःखको कुरा हो ॥१५॥

स्तनौ मांसग्रन्थी कनककलशावित्युपमिती
मुखं श्लेष्मागारं तदपि च शशाङ्केन तुलितम् ।
स्रवन्मूत्रक्लिन्नं करिवरशिरस्पर्धि जघनं
मुहुर्निन्द्यं रूपं कविजनविशेषैर्गुरु कृतम् ॥१६॥

ठूला-ठूला कविहरूले कामिनी (युवती) को शारीरिक सौन्दर्यको प्रशंसा गरेको सन्दर्भलाई भर्तृहरिले झूठो पावित गर्न खोज्दै भनेका छन् ॥

कामिनीको छातीमा दुई स्तन (कुचद्वय) मासुका डल्ला हुन्। तर, यी मासुका डल्लालाई सुनको घडा (कनककलस) मानिएको छ। खकार, थूक, ज्याल वगिरहेको तरुनीको मुखलाई चन्द्रमासँग दाँजिएको छ। बेला-बेलामा पिसाव (मूत्र) चुहिएर भिज्ने गरेको जाँघ अथवा तिघ्रालाई मत्ताहात्तीको सुँडभैं बान्किपरेको भनी खूबै प्रंशसा गरिएको छ। यसरी घीनलाग्दो अत्यन्त निन्दनीय भएको तरुनीको शरीरलाई शिष्ट कविहरूले गौरवपूर्ण भनी बयान गरेका छन् ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एको रागिषु राजते प्रियतमादेहार्धहारी हरो
नीरागेषु जनो विमुक्तललनासङ्गो न यस्मात्परः ।
दुर्वारस्मरबाणपन्नगविषव्याविद्धमुग्धो जन-
श्शेषः कामबिडम्बितान्न विषयान् भोक्तुं न मोक्तुं क्षमः ॥१७॥

प्रेमिकाको आधा शरीर हरण गरेर सो आधा शरीरमा आफूलाई समावेश गर्ने अर्थात् पत्नीलाई अर्धाङ्गिनीको मर्यादा दिने शिवजीको टक्करको श्रेष्ठप्रेमी यस ब्रह्माण्डमा कोही पनि छैन । साथै नारीको संगत नै त्याग्ने विरक्त व्यक्ति पनि शिव बराबरको कोही छैन । शिववाहेक अरूहरू त कहिल्यै नहट्ने काम-वाणरूपी सर्पविषद्वारा ग्रसित छन् । यिनीहरू कर्तव्याकर्तव्यको कुरा छुट्याउन पनि सक्तैनन् । स्त्री सम्भोगरूपी सुखलाई न त भोग्न सक्छन्, न छोड्नै सक्छन् तिनीहरू न त अनुरागी बन्छन्, न वैरागी नै ॥१७॥

अजानन् दाहात्म्यं पततु शलभस्तीव्रदहने
स मीनोऽप्यज्ञानाद् बडिशयुतनश्नातु पिशितम् ।
विजानन्तोऽप्येते वयमिह वियज्जालजटिलान्
न मुञ्चामः कामानहह ! गहनो मोहमहिमा ॥१८॥

आगोले पोल्दछ भन्ने थाहा नपाएर नै पुतलीहरू बत्ती (आगो) मा जलेर मर्दछन् । माछाहरू पनि बल्छीमा झुन्डिएको मासुको टुक्रा (सीद्रा) खाने वा निल्ने चेष्टा गर्दागर्दै मर्न पुग्दछन् । संसारमा विपद्रूपी जन्जालवारे विशेष जानकारी हुँदाहुँदै पनि हामीहरू विपद्को जन्जालस्वरूप भएको काम-वासनालाई छाड्दैनौं । अहो ! मोह महिमा भन्ने चिज ज्यादै गहन र बुझिनसक्नु छ ॥१८॥

तृषा शुष्यत्यास्ते पिबति सलिलं शीतमधुरं
क्षुधार्तः शाल्यन्नं कवलयति मांसादिकलितम् ।
प्रदीप्ते कामाग्नौ सुदृढतरमालिङ्गति वधूं
प्रतीकारं व्याधेः सुखमिति विपर्यस्यति जनः ॥१९॥

तिर्खा लागेर मुख सुकेपछि मानिसले मीठो र ठण्डा पानी पिउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोकले सताएर आलस-तालस परेपछि दही, घ्यू, मासु, तरकारीका व्यञ्जनले युक्त मार्सी धानको भुजा (भात) ज्यूनार गर्छ (खान्छ) । कामेच्छाले आतुर भएपछि नारी (श्रीमती) लाई गम्म (प्रगाढ) अँगालो हाल्दै जोडले आलिङ्गन साथ रमण (मैथुन) गर्दछ । शरीरको प्यास (पिपासा) मेटाउन जलपान आदि जे गर्छ त्यही नै सुख हो भनेर ठान्ने मनुष्य वास्तविकताबाट निकै नै टाढा रहेका हुन्छन् । तिनीहरूले वास्तविक सुखभोग गरेकै हुँदैनन् ॥१९॥

तुङ्गं वेश्म सुतास्सतामभियताः सङ्ख्यातिगाः सम्पदः
कल्याणी दयिता वयश्च नवमित्यज्ञानमूढो जनः ।
मत्वा विश्वमनश्वरं निविशते संसार-कारागृहे
संदृश्य क्षणभङ्गुरं तदखिलं धन्यस्तु सन्न्यस्यति ॥२०॥

भव्य (अग्लो) भवन (घर), विद्या र विनयले सम्पन्न छोराहरू, असंख्य (अपार) धनराशि, आफ्नो अनुकूल तथा राम्री श्रीमती (प्रियतमा), चढ्दो उमेर यी सबै घरसंसार चिरस्थायी हुन् भन्ने सम्झेर अज्ञानताले गर्दा अभागी मानिस सांसारिक बन्धनरूप कारागार (जेल) मा बस्न पुग्दछन् । भाग्यमानी मानिसले मात्र घर, सन्तान, नारी, धनदौलतलाई क्षण भङ्गुर (छिनमै नष्ट हुने) सम्झँदै विरक्तिएर सांसारिक बन्धनलाई त्यागिदिन्छ ॥२०॥

दीना दीनमुखैस्सदैव शिशुकैराकृष्टजीर्णाम्बरा
क्रोशद्भिः क्षुधितैर्निरन्नविधुरा दृश्या न चेद् गेहिनी ।
याच्ञाभङ्गभयेन गद्गदगलत्रूट्यद्विलीनाक्षरं
को देहीति वदेत् स्वदग्धजठरस्यार्थे मनस्वी पुमान् ॥२१॥

कान्तिहीन (निन्याउरो मुख) अनुहार, भोको, झुत्रो र फाटेको लुगा लगाइरहेको साना नानीहरू (केटाकेटी) को वस्त्र तानतुन गरिरहनुपर्ने दुरावस्था छ । घरमा खाने अन्न नभएर ज्यादै दुःखी र दरिद्र गृहिणीलाई हेरिरहनुपर्ने अवस्थामा अभिमानी पुरुषलाई भोको पेट भर्नका लागि मागीखाने सन्दर्भमा अस्फुट स्वरले 'मलाई दिनोस्' भन्नुपर्दा कसैले दिन अस्वीकार गर्छ कि भन्ने डर र पीडाले छटपटी भइरहन्छ । यसैले अभिमानी व्यक्तिले 'यहाँ के लिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको भागिहाल्' भन्ने कुरा धनीमानी श्रीमान्हरूको मुखवाट सुन्नु नपरोस् र मागीखाने घृणित कार्य पनि कहिल्यै गर्नु नपरोस् ॥२१॥

अभिमतमहामानग्रन्थिप्रभेदपटीयसी
गुरुतरगुणग्रामांभोजस्फुटोज्ज्वलचन्द्रिका ।
विपुलविलल्लज्जावल्लीवितानकुठारिका
जठरपिठरी दुष्पूरेयं करोति विडम्बनम् ॥२२॥

जसरी कमलपत्रमा लाग्ने चन्द्रकिरण (जुन) लाई फैलन फूलको लहराले दिंदैन, अनि लहरालाई हँसियाले छिमल्दछ, त्यसरी नै यशस्वी, अभिमानी, कुलीन, गुणी व्यक्ति लज्जावश माग्न हिच्किचाउँछ। तर, उसको खाली र भोको पेटले हँसिया समान भई लज्जालाई छिमलेर माग्न बाध्य पार्दछ। हामीहरूलाई यही चाण्डाल पेटले नै मागेर खान बाध्य पारेको छ ॥२२॥

पुण्ये ग्रामे वने वा महति सितपटच्छन्नपाली कपालिं
ह्यादाय न्यायगर्भ-द्विजहुतहुत-भुग्धूमधूम्रोपकण्ठे ।
द्वारं द्वारं प्रविष्टो वरमुदरदरीपूरणाय क्षुधार्तो
मानी प्राणैः सनाथो न पुनरनुदिनं तुल्यकुल्येषु दीनः ॥२३॥

प्राणको रक्षा गर्न मागेर खानै पर्ने अवस्थामा परेको भोको स्वाभिमानी व्यक्ति माग्न जानुपर्दा गाउँ, पन, बेंसी आदि ठाउँमा बस्ने यज्ञको धूवाँले घरद्वार धुम्रो-फुम्रो भएको अग्निहोतृ वा धार्मिक व्यक्तिका घर-दैलोमा गई भीक्षापात्र थापेर भीक्षा मागोस् यो नै उत्तम हो। आफ्ना एकै कूलको वन्धु-वान्धवकहाँ गएर वारम्बार भीक्षा माग्ने कार्य नगरोस् ॥२३॥

गङ्गातरङ्गकर-शीकर-शीतलानि
विद्याधराध्युषित-चारुशिलातलानि ।
स्थानानि किं हिमवतः प्रलयं गतानि
यत्सावमानपरपिण्डरता मनुष्याः ॥२४॥

गङ्गाको जलकण र हिउँले शीतल गराएको विद्याधर आदि गन्धर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिहरू वस्दा राम्रो देखिएका चट्टानले युक्त के हिमालय पर्वतको छेउछाउ आसपास ठाउँ छैन र ? किन स्वाभिमानी मानिस आफू अपमानित हुने ठाउँमा गई मागेर हिँड्दछ ? अर्थात् इज्जत गुमाएर मागी खानुभन्दा हिमालयमा गएर एकान्तवासी भई तपस्या गर्नु नै वेश हो ॥२४॥

किं कन्दाः कन्दरेभ्यः प्रलयमुपगता निर्झरा वा गिरिभ्यः
प्रध्वस्ता वा तरुभ्यः सरसगलभृतो वल्कलिन्यश्च शाखाः ।
वीक्ष्यन्ते यन्मुखानि प्रसभमपगत-प्रश्रयाणां खलानां
दुःखाप्त-स्वल्प-वित्तस्मयपवनवशानर्तितभ्रूलतानि ॥२५॥

पहाडका गुफाबाट कन्दमूल आदि खाद्यपदार्थहरू नास भइसके र ? के पानी पिउनका लागि पहाडी झरनाहरू सुकिसकेका छन् र ? पहिरनलायक लहरा, पात र बोक्रा रूखबाट ध्वस्त भइसके र ? अर्थात् कन्दमूल खान, झरनाको पानी पिउन र बोक्राको पहिरन गर्न अझै कुनै कमी छैन । रुखो स्वभाव भएको विनयविहीन खल (मूर्ख) व्यक्तिसँग मागेर प्राप्त गरेको अलिकति नगण्य धनमा नै याचक रमाएको देखेर उपहासपूर्वक आँखा खुम्च्याउँदै खिल्ली उडाउने धनले मात्तिएका मानिस पनि समाजमा प्रशस्तै छन् । त्यस्ता मानिससँग मागेर जीविका चलाउनुभन्दा कन्दमूल खाई बोक्रा पहिरिएर झरनाको पानी पिएर बाँच्नु नै वेश हो ॥२५॥

पुण्यैर्मूलफलैस्तथा प्रणयिनीं वृत्तिं कुरुष्वाधुना
भूशय्यां नवलपल्लवैरकृपणैरुत्तिष्ठ यावो वनम् ।
क्षुद्राणामविवेकमूढमनसां यत्रेश्वराणां सदा
वित्तव्याधिविकार-विह्वलगिरां नामापि न श्रूयते ॥२६॥

दुष्ट मालिकको सेवा गर्दागर्दै खिन्न भएको कुनै व्यक्तिले आफ्नो साथीलाई भन्दछः हे मित्र ! हामी दुवै वनमा जाऔं, पवित्र कन्दमूल खाँदै जीविका चलाऔं, वनमा बोट वृक्षका पालुवाहरू प्रशस्त पाइन्छन् । यिनैलाई आफ्नो भुइँको विछ्यौना बनाऔं । अज्ञानको कारण कर्तव्यहीन मनस्थिति भएका, धनरूपी रोगले आत्तिएर जथाभावी बोल्ने क्षुद्र मालिकको नाम त हामीले वनमा गई वस्न थालेपछि सुन्नु त पर्दैन ॥२६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलं स्वेच्छालभ्यं प्रतिवनमखेदं क्षितिरुहां
पयः स्थाने-स्थाने शिशिरमधुरं पुण्यसरिताम् ।
मृदुस्पर्शा शय्या सुललितलतापल्लवमयी
सहन्ते सन्तापं तदपि धनियां द्वारि कृपणाः ॥२७॥

खानका लागि वनहरूमा सजिलैसँग रूखमा फलेका सबै किसिमका फलहरू पाइन्छन् । पिउनका लागि ठाउँ-ठाउँमा नदी र झरनाको ठंडा र मीठो पानी पाइन्छ । सुन्दर लहराहरू र यिनको कमलो पातको नरम ओछ्यान पनि प्राप्त भइहाल्छ । यसरी गाँस, बास र कपासको प्रबन्ध प्रकृतिवाट उपलब्ध हुँदाहुँदै धन आर्जन गर्ने इच्छा बोकी कन्जुस मानिसजस्तो भई धनाढ्य मालिकको घरदैलोमा गई नोकरी गरेर उनीहरूको तिरस्कार किन खपिरहने ? ॥२७॥

ये वर्तन्ते धनपतिपुरः प्रार्थनादुःखभाजो
ये चाल्पत्वं दधति विषयाक्षेपपर्याप्तबुद्धेः ।
तेषामन्तः स्फुरितहसितं वासराणि स्मरेयं
ध्यानच्छेदे शिखरिकुहरग्रावशय्यानिषण्णः ॥२८॥

मैले आफ्ना इष्ट देवताको ध्यानपछि पहाड़ी गुफाको ढुङ्गामाथि बसेर मनमनै सोच्न थालेको छु :

धनी मानिसको अगिल्तिर बसेर विषय वासनामा निर्लिप्त हुँदै विवेकहीन भएर केही पाउनका लागि अनुनयविनय गरिरहेका मानिसको टीठलाग्दो अनुहार देख्दा मलाई हाँसो लागेर आउँछ ॥२८॥

ये सन्तोषनिरन्तर-प्रमुदितस्तेषां न भिन्ना मुदो
ये त्वन्ये धनलुब्धसङ्कलधियस्तेषां न तृष्णाहता ।
इत्थं कस्य कृते कृतः स विधिना कीदृक्पदं सम्पदां
स्वात्मन्येव समाप्तहेममहिमा मेरुर्न मे रोचते ॥२९॥

सन्तोषी बनेर सधैं प्रसन्न व्यक्तिलाई निरन्तर आनन्द प्राप्त भइरहन्छ । एवम् सन्तोषीको निमित्त आनन्दको मात्र बढ्दै गएको हुन्छ । यसको विपरीत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसको वुद्धि धन आर्जनतर्फ मात्र लाग्दछ। उसको आशा र चाहना झन्-झन् वढ्दै रहन्छ। विधाताले 'सुमेरु' भन्ने पर्वतलाई अतुलनीय परिमाणमा सुर्वण र मणि माणिक्यादि धन दिनुभएको छ, तर त्यस अतुल धनरासीलाई सुमेरुले केवल प्रदर्शन मात्र गर्दछ अर्थात् आफूसँग भएको धन दान दिएर उसले अरू कसैको उपकार गर्दैन। यस्तो सुमेरु पर्वतको जस्तो स्वार्थी स्वभाव भएको व्यक्तिलाई कसैले पनि मन पराउँदैन ॥२९॥

भिक्षाहारमदैन्यमप्रतिसुखं भीतिच्छिदं सर्वतो
दुर्मात्सर्य मदाभिमानमथनं दुःखौघविध्वंसनम् ।
सर्वत्रान्वहमप्रयत्नसुलभं साधुप्रियं पावनं
शम्भोःसत्रमवायमक्षयनिधिं शंसन्ति योगीश्वराः ॥३०॥

ठूला-ठूला योगीजनहरू भीक्षाद्वारा प्राप्त गरिएको अन्नको तारिफ गर्दछन् यस किसिमको अन्नमा गरिवी (दीनता) देखिँदैन, परम सुख मिल्दछ, कुनै डर रहँदैन। मनको ईर्ष्या, घमण्ड तथा अहंकारलाई नासिदिन्छ। यो सर्वसुलभ पनि छ। यो कहिल्यै भण्डारबाट रित्तिँदैन सज्जनहरूले यस्तो पवित्र अन्नलाई असल मान्दछन्। शिवजी पनि माता अन्नपूर्णासँग आफ्नो भीक्षापात्रमा अन्न मागेर उहाँवाटै अन्न प्राप्त गरी सोही अन्नवाट तृप्ति लिनुहुन्छ ॥३०॥

भोगे रोगभयं, कुले च्युतिभयं वित्ते नृपालाद्भयं
माने दैन्यभयं, बले रिपुभयं रूपे जरायाः भयम् ।
शास्त्रे वादिभयं, गुणेखलभयं, कायेकृतान्ताद्भ्यं
सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवाभयम् ॥३१॥

आनन्ददायक सुख-सयलका वस्तु शरीरले उपभोग गर्दा वात, पित्त आदि रोगले सताउला कि भन्ने डर लाग्दछ। आफ्नो वंशलाई सम्झँदा आचार, भ्रष्टता अथवा सन्तानको नाश हुन्छ कि भन्ने कुराले त्राहिमाम् पार्दछ। धन कमाउँदा पनि सरकार लाग्ला कि भन्ने डरले सताइरहन्छ। मान, इज्जतमा दीनता (कृपणता) को डर रहन्छ। वलियो हुँदा शत्रु र राम्रो (रूपवान्) हुँदा बुढ्याइँको डर रहन्छ। शास्त्र जान्ने विद्वान् हुँदा शुष्कवादी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिद्रान्वेषी आलोचनाको त्रासले सताउँछ। त्यस्तै विद्या, विनयसम्पन्न गुणी व्यक्ति हुँदा अर्काले आफूलाई निन्दा गर्ला कि भन्ने डर रहन्छ। आफ्नो शरीर पनि मृत्युसँग भयभीत रहन्छ। सांसारिक सबै वस्तु भययुक्त छन्। केवल वैराग्य भन्ने विषयमा मात्र भय भन्ने चिज रहँदैन ॥३१॥

आक्रान्तं मरणेन जन्म, जरसा चात्युज्ज्वलं यौवनं,
सन्तोषो धनलिप्सया, शमसुखं प्रौढाङ्गनाविभ्रमैः ।
लोकैर्मत्सरिभिर्गुणा, वनभुवो व्यालैर्नृपा दुर्जनै-
रस्थैर्येण विभूतयोऽप्युपहता ग्रस्तं न किं केन वा ॥३२॥

यस संसारमा जन्मलाई मृत्युले, सुन्दर जवानीलाई वुढ्याइँले, सन्तोषलाई धन कमाउने इच्छाले, शान्तिलाई विलासिनी तरुनीहरूको कटाक्ष र हावभावले ग्रस्त (प्रभावित) पारेको छ। विद्या विनय आदि गुणहरूले सम्पन्न भएको गुणी मानिसलाई परद्वेषी (अरूको उन्नतिमा डाह गर्ने) व्यक्तिले र वनभूमि पनि सर्पद्वारा ग्रसित छन्। राजा, शासक प्रशासकलाई दुर्जनले र सम्पत्तिलाई अस्थिरताले दवाएको छ। यस संसारमा कुनै वस्तु पनि अरूद्वारा नदबाइएका छैनन् अर्थात् सबै अस्थिर छन्। स्थिर वस्तु वैराग्य मात्र हो। यसैको सहारामा जानुपर्दछ ॥३२॥

आधिव्याधिशतैर्जनस्य विविधैरारोग्यमुन्मूल्यते
लक्ष्मीर्यत्र पतन्ति तत्र विवृतद्वारा इव व्यापदः ।
जातं जातमवश्यमाशु विवशं मृत्युः करोत्यात्मसा-
त्तत्किं तेन निरंकुशेन विधिना यन्निर्मितं सुस्थिरम् ॥३३॥

मानिसका सुस्वास्थ्य र आरोग्यका विषयलाई अनेकौं रोग र पीडाले उन्मूलन गर्दछ। धन प्राप्त हुनासाथै अनेकौं विपत्तिका द्वारहरू खुल्न थाल्दछन्। छिटो-छिटो जन्मने प्राणीलाई मृत्युमा जान विवश पार्दछ। यस संसारमा दैवले के पो चिज स्थिर बनाएको छ र ? अर्थात् सबै सांसारिक वस्तुहरू क्षणभंगुर र नाशवान् छन् ॥३३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोगास्तुङ्गतरङ्ग भङ्ग तरलाः प्राणाः क्षणध्वंसिनः
स्तोकान्येव दिनानि यौवनसुखंस्फूर्तिः प्रियासु स्थिता ।
तत्संसारमसारमेव निखिलं बुद्धवा बुधा बोधका
लोकानुग्रहपेशलेन मनसा यत्नः समाधीयताम् ॥३४॥

सांसारिक वस्तुलाई भोग गर्दा हासिल हुने सुख-आनन्दहरू जसरी पानीको तरंग एकैछिनमा अग्लो भएर तत्कालै भताभुंग भई फुटेर जान्छ त्यसैगरी यी सुख र आनन्द पनि नाशिएरै जाने गर्दछन् । मानिसको प्राण पनि तत्कालै नाशवान् (क्षणभंगुर) छ । प्रियतमासँगको संसर्गबाट प्राप्त हुने यौवनको सुख र स्फुर्ति पनि थोरै दिन मात्र रहन्छन् । यसैले अरूलाई उपदेश दिनुहुने हे विद्वत्जनहरू ! यस संसारलाई सारहीन सम्झनु भई लोकहितको भावना मनमा राखेर सांसारिक सत्य-तत्त्वबारेमा नै उपदेश दिन थाल्नुहोस् ॥३४॥

भोगा मेघवितानमध्यविलसत्सौदामिनीचञ्चला
आयुर्वायुविघट्टिताब्जपटलीलीनाम्बुवद्भङ्गुरम् ।
लीला यौवनलालसास्तनुभृतामित्याकलय्य द्रुतं
योगे धैर्यसमाधिसिद्धि सुलभे बुद्धिं विदध्वं बुधाः ॥३५॥

हे विद्वद्वर्ग ! शरीरधारी प्राणीहरूले प्राप्त गर्ने भोग सुख, सयल भन्ने वस्तु कालो बादलले ढाकेको आकाशमा बिजुली चम्कँदाको उज्यालो (सौदामिनी) समान चञ्चल तथा तुरुन्त नष्ट हुने गर्छ । मानिसको आयु (उमेर) लाई पनि कमल पतामा अड्किएको जलबिन्दुलाई जसरी हावा (वासना) ले हल्लाएर तितर-बितर पार्दै पातबाट बाहिर फ्याँकिदिन्छ, त्यसरी नै जीवनरूपी हावाले नष्ट पार्दछ । यौवन (जवानी) ले पैदा गर्ने काम वासना आदि पनि अत्यन्तै अस्थिर छन् । यिनै साश्वत् सत्य कुरालाई विचार गरेर धैर्यधारणसाथ योग समाधि र ब्रह्म चिन्तनमा नै आफ्नो बुद्धि लगाउनुहोस् ॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आयुः कल्लोललोलं कतिपयदिवसस्थायिनी यौवनश्री-
रर्थाः सङ्कल्पकल्पा घनसमयतडिद्विभ्रमा भोगपूगाः ।
कण्ठाश्लेषोपगूढं तदपि च न चिरं यत् प्रियाभः प्रणीतं
ब्रह्मण्यासक्तचित्ता भवत भवमयाम्भोधिपारं तरीतुम् ॥३६॥

मानिसको जीवन (आयु) पानीको तरङ्ग (जलतरङ्ग) जस्तै नाशवान् छ । जवानीको सुन्दरता पनि थोरै दिन अडिएर हट्दै जान्छ । धनधान्य, सम्पत्ति आदि पनि अस्थिर नै छन् । सम्पूर्ण भोगहरू मोजमज्जा प्रौढ प्रियतामाको आलिंगन आदि पनि वर्षायामको बादलका बीच बिजुली चम्केको उज्यालोजस्तै पलभरमा नै सकिने अत्यन्त क्षणिक हुन् । यसकारण संसाररूपी यो भवसागरलाई पार गर्न ब्रह्ममा आफ्नो मनलाई लगाउनुहोस् ॥३६॥

कृच्छ्रेणामेध्यमध्ये नियमिततनुभिः स्थीयते गर्भवासे
कान्ताविश्लेषदुःखव्यतिकरविषमो यौवने चोपभोगः ।
वामाक्षीणामवज्ञाविहसितवसतिर्वृद्धभावोऽत्यसाधुः
संसारे रे मनुष्या वदत यदि सुखं स्वल्पमप्यस्ति किञ्चित् ॥३७॥

जन्म लिनुअगाडि गर्भमा बस्दा पनि गुहुँ-मुतका बीचमा बडो कष्टपूर्वक बस्नुपर्दछ । यौवनावस्थामा गर्ने गरेको सम्भोगको सुख-आनन्दलाई पनि पत्नीको वियोगरूपी दुःखले बडो कष्ट पुऱ्याउँछ । वृद्धावस्थामा पनि वामाक्षी (सुन्दरी) हरूद्वारा गरिने हँसी-मजाक र अपमानले नमज्जा लाग्छ । यसै हे मनुष्य हो ! संसारमा यत्किञ्चित् पनि सुख छ भने तपाईंहरू प्रमाणित गरेर देखाउनुहोस् ॥३७॥

व्याघ्रीव तिष्ठति जरा परितर्जयन्ती
रोगाश्च शत्रव इव प्रहरन्ति देहम् ।
आयुः परिस्रवति भिन्नघटादिवाम्भो
लोकस्तथाप्यहितमाचरतीति चित्रम् ॥३८॥

बुढ्याइँ (वृद्धपना) बाघिनीजस्तो भई सामुन्नेमा उभिइरहन्छ । रोग र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याधिहरूले पनि शत्रु (वैरी) ले समान प्रहार गरिरहेका छन् । फुटेको गाग्रोबाट पानी चुहिएको जस्तो गरी हाम्रो आयु (उमेर) पनि शरीरबाट चुहिँदै गइरहेछ । यस्तो हुँदाहुँदै पनि मानिसले किन आफ्नो अहित र अर्कालाई अपकार पुग्न जाने काम गर्दछ ? ॥३८॥

भोगा भङ्गुरवृत्तयो बहुविधास्तैरेव चायं भव-
स्तत्कस्येह कृते परिभ्रमत रे लोकाः कृतं चेष्टतैः ।
आशापाशशतापशान्तिविशदं चेतस्समाधीयतां
कामोत्पत्तिवशात् स्वधामनि यदि श्रद्धेयमस्मद्वचः ॥३९॥

संसारमा देखिएको अनेक प्रकारका सांसारिक भोग-विलास नाशवान् छन् । यिनै भोगहरू भोग्नका लागि शरीर धारणा (जन्मग्रहण) गरिएको हो । हे अज्ञानीजन हो ! यस संसारमा कुन किसिमको भोग प्राप्त गर्ने मनसुवा राखेर घुमिरहन्छौ ? भोगसंग्रहको कार्यलाई त्यागिदेऊ । जीवनमा उर्लंदै देखापरिरहने आशारूपी बन्धनलाई परित्याग गरेर अर्थात् आसपासमा नजकडिएर निर्मल चित्तसाथ आत्मसाक्षात्कार गर्नेतर्फ अग्रसर होऊ । भोगविलासबाट मनलाई हटाएर आत्मसाक्षात्कारमा चित्त लगाउनु नै जीवनको सर्वोत्तम कार्य हो ॥३९॥

सखे धन्याः केचित् त्रुटिभवबन्धव्यतिकरा
वनान्ते चित्तान्तर्विषमविषयाशीविषगताः ।
शरच्चन्द्रज्योत्स्नाधवलगगनाभोगसुभगां
नयन्ते ये रात्रिं सुकृतचयचित्तैकशरणाः ॥ (प्रक्षिप्त श्लोक)

जो मानिस संसाररूपी बन्धनबाट मुक्त भएको छ, सर्पको विषसमान भएको विषय वासनाले जसको मनलाई दूषित पारेको छैन, सत्कार्यतर्फ नै जसको मानसिक अठोट रहेको छ, सत्कार्यमा मन लगाउने यस्ता मानिस शरदऋतुको जुनेली रात जस्तै समुज्ज्वल मनस्थिति (सङ्लो मन) भएका हुन्छन् । अप्रतिभ शान्ति प्राप्त गरेर रात व्यतित गर्न पाउने यी मानिस धन्य छन् । (प्रक्षिप्त श्लोकार्थ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मेन्द्रादिमरुद्गणांस्तृणाकणान् यत्रस्थितो मन्यते
यत्स्वादादिरसा भवन्ति विभवास्त्रैलोक्यराज्यादयः ।
भोगः कोऽपि स एव एक परमो नित्योदितो जृम्भते
भोः साधो ! क्षणभङ्गरे तदितरे भोगे रतिं मा कृथाः ॥४०॥

ब्रह्मा, इन्द्र आदि देवतालाई तृणवरावर सम्झने, अधिकाधिक मात्रामा भोगविलासमा संलग्न रहने व्यक्तिले जतिसुकै भोगैश्वर्य सुख पाए पनि उसको निमित्त त्रिभुवनभरिकै राज्यादि सुख-सयल पनि कम स्वादिलो एवम् निरसझैं प्रतीत हुनजान्छ । यस्ता मानिस नित्य कल्याणकारी ब्रह्मान्दलाई प्राप्त गर्न नै अग्रसर हुन थाल्दछन् । अतएव हे सज्जनवृन्द ! क्षणिक एवम् नाशवान् यो सांसारिक भौतिक सुखभोगतर्फ आशक्त नहुनुहोस् ॥४०॥

सा रम्या नगरी महान् स नृपतिः सामन्तचक्रं च तत्
पार्श्वे तस्य च सा विदग्धपरिषत्ताश्चन्द्रबिम्बाननाः ।
उद्वृत्तः सचराजपुत्रनिवहस्ते वन्दिनस्ताः कथाः
सर्वं यस्य वशादगात् स्मृतिपथं कालाय तस्मै नमः ॥४१॥

सुन्दर सहर चक्रवर्ति एवम् ठूला राजा, जसको दायाँ-वायाँ स-साना राजा रजौटाको लस्कर छ, जसको दरबारमा ठूला-ठूला विद्वत्जनको सभा छलफल पनि भइरहन्छ, उद्दण्ड तथा जोशिला राजपुत्रहरू पनि मौजुद छन्, जहाँ चाँदनीजस्ता लोभलाग्दा अथवा वान्किलो अनुहार भएका सुन्दरीहरू समेत खचाखच छन्, राजस्तुति-प्रशंसा गर्ने भाटहरूको सुनिरहुँजस्तो लागिरहने कुराकानी रमाइला विषय आदि यी सबै चिज कालको अधीनमा परेपछि केवल स्मृति मात्र बाँकी रहन गएका छन् । यस किसिमका महत्त्वपूर्ण विषयलाई संहार गर्ने काललाई प्रणाम छ । मानिसले भोग गरेका वस्तुहरू जसद्वारा लुप्त पारिएका छन्, यस्तो कालको महिमालाई के कति वर्णन गरौं नमस्कार मात्र नै पर्याप्त छ ॥४१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यात्रानेकः क्वचिदपि गृहे तत्र तिष्ठत्यथैको
यत्राप्येकस्तदनु बहवस्तत्र नैकोऽपि चान्ते ।
इत्थं नैयौ रजनिदिवसौ लोलयन् द्वाविवाक्षौ
कालः कल्यो भुवनफलके क्रीडति प्राणिशारैः ॥४२॥

कुनै-कुनै घर-जहाँ पहिले बीसौं मान्छेले खचाखच भरिन्थ्यौं त्यस घरमा अब एक मात्र मान्छे बाँकी छ । अन्तमा त्यो एउटा पनि रहँदैन । जुन घरमा एकमात्र मान्छे रहन्थ्यो, त्यसमा अहिले बीसौं मान्छे छन् । कहिले रात (अँधेरो) हुने अनि कहिले दिन (उज्यालो) हुने स्थिति छ । जसरी पसल्वी (त्रिपासा खेल्ने) ले रातो, कालो, सेतो कोठे बुट्टा भएको थर्किमा त्रिपासा फ्याँकेपछि परेका दाउबमोजिम गोटीलाई आफ्नो कब्जामा लिएर चालेझैँ कालले पनि कसलाई आफ्नो कब्जामा लिएर कहाँ कहाँ चाल्ने (राख्ने) भन्ने कार्य गरिरहन्छ । धूर्त एवम् चलाख खेलाडीले जसरी गोटीलाई आफ्नो इच्छाअनुसार खेलाउँछ त्यसरी नै कालले पनि संसारका प्राणीलाई यताउति चलाइरहेको छ ॥४२॥

आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवितं
व्यापारैर्बहुकार्यभारगुरुभिः कालोऽपि न ज्ञायते ।
दृष्ट्वा जन्मजराविपत्तिमरणं त्रासश्च नोत्पद्यते
पीत्वा मोहमयीं प्रमादमदिरामुन्मत्तभूतं जतग् ॥४३॥

घाम लाग्छ, घाम अस्ताउँछ भनेजस्तै गरेर मानव जीवनले पनि दिनानुदिन जन्म लिन्छ । क्षीण हुँदै जाने गर्छ । अनेकौं गृहकार्य बोझ र व्यापार आदिका कारणले गर्दा समय बित्दै गएको पनि पत्तै पाइँदैन । जन्मेर बूढो भई कष्ट (दुःख) र मृत्युलाई देख्दा पनि मनमा भय (डर) पैदा हुँदैन । यसले के कुराको पुष्टि गर्छ भने यी सांसारिक प्राणी मोहरूपी मदिरा पिएर मस्त मतवाला हुनपुगेका छन् । सबै कुरा देखेर सुनेर वास्तविकता थाहा पाएर पनि प्राणी किन सचेत छैन ? यसको कारण उही कालकै महिमा नभए अरू के पो हुनसक्ला र ? ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रात्रिः सैव पुनः एव दिवसो मत्वा मुधा जन्तवो
धावन्त्युद्यमिनस्तथैव निभृतप्रारब्धतत्तत्क्रियाः ।
व्यापारैः पुनरुक्तभूतविषयैरित्थं विधेनामुना
संसारेण कदर्थिता वयमहो मोहान्न लज्जामहे ॥४४॥

वर्तमान रात र दिन गएको रात र दिनजस्तै छन् भन्ने कुरा थाहा पाएर पनि उद्यमी मानिस चुपचाप नयाँ-नयाँ काम गर्दै जान्छन् । अर्थात् एकपटक चपाइसकेको वस्तुलाई पनि बारम्बर चपाइरहने व्यर्थको प्रयास गर्दै रहन्छन् । परिवर्तनशील संसारमा सबै प्राणीलाई निन्दित पारिएकै भए पनि हामी मनुष्यको रूप लिने प्राणी किन लज्जित छैनौं ? आश्चर्य छ ॥४४॥

न ध्यानं पदमीश्वरस्य विधिवत् संसारविच्छित्तये
स्वर्गद्वारकपाटपाटनपटुर्धर्मोऽपि नोपार्जितः ।
नारीपीनपयोधरोरुयुगले स्वप्नेऽपि नालिङ्गितं
मातुः केवलमेव यौवनवनच्छेदे कुठारा वयम् ॥४५॥

सांसारिक आवागमनबाट पार हुनको निमित्त विधिवत् परमेश्वरको ध्यान पनि गर्न सकिएन । स्वर्गको बाटो पहिल्याउने धार्मिक अनुष्ठान पनि गर्न असमर्थ भइयो । अर्थात् योगकर्म गर्न सकिएन । सुखभोग, मोजमस्ती लिने सन्दर्भमा पनि गठिलो र सारो स्तन भएका सुन्दरी (अङ्गना) हरूसँग तीघ्रा खापेर मस्तीपूर्वक आलिंगन साथको सहवासको आनन्द पनि सपनामा समेत पाइएन । केवल आमाको जवानीको जोश शान्त गर्नका लागि मात्र जन्मिएका हौं कि आफूलाई लागिरहन्छ । अर्थात् योग र भोग कुनै गर्न नपाउँदा जन्मिएको नै व्यर्थजस्तो लाग्छ ॥४५॥

नाभ्यस्ता प्रतिवादिवृन्ददमनी विद्या विनीतोचिता
खड्गाग्रैः करिकुम्भपीठदलनैर्नाकिं न नीतं यशः ।
कान्ताकोमलपल्लवाधररसः पीतो न चन्द्रोदये
तारुण्यं गतमेव निष्फलमहां शून्यालये दीपवत् ॥४६॥

शास्त्रार्थ गर्दा इतर पक्षलाई नाजवाफ पार्ने र शिक्षित समुदायलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आल्हादित तुल्याउने वेदशास्त्र पुराण आदि विद्याऽभ्यास अथवा शास्त्रीय चिन्तन मनन पनि बेलावखतमा गर्न सकिएन । लडाइँमा हात्तीको पिठ्युँलाई रक्ताम्य पार्ने गरी तरवार चलाएर शत्रुलाई दमन गरी आफ्नो सुनाम कीर्तिलाई स्वर्गसम्म पनि पुऱ्याउन (फैलाउन) सकिएन । अर्थात् जीवनमा न वुद्धिमत्ता, न त सूरता नै देखाउन सकियो । जुनेली रातमा कामोद्दीपनले ओतप्रोत भई कलिलो पालुवाजस्ता कामिनीको ओठको चुम्वन लिन पनि पाइएन, सुनसान घरको वत्तीजस्तै भएर यौवन निष्फल हुनपुगेको यो ज्यादै खेदको विषय हुन गएको छ ॥४६॥

विद्या नाधिगता कलङ्करहिता वित्तं च नोपार्जितं
शुश्रूषाऽपि समाहितेन मनसा पित्रोर्न सम्पादिता ।
आलोलायतलोचनाः प्रियतमाः स्वप्नेऽपि नालिङ्गिताः
कालोऽयं परपिण्डलोलुपतयाकारैरिव प्रेर्यते ॥४७॥

निर्दोष तथा सप्रमाण विद्या पढिएन । दानभोग गर्न पुग्ने गरी धन पनि कमाउन सकिएन । होसियारी र प्रसन्नतापूर्वक मातापिताको सेवा पनि गर्न सकिएन । चञ्चल नेत्रवाली सुन्दरी प्रियतमासँगको गाढालिंगनरूपी साहचर्यको लालसा पनि सपना झैं हुन गएको छ । हामी (प्राणीहरू) ले कागले जस्तै गरी परान्न (अरूले दिएको अन्न) खाने लालसाले प्रशिक्षण वदलिँदो समय विताइरहेका छौं । भनाइको तात्पर्य यो छ कि मातापिताको सेवा गरेर धर्म, धनार्जनरूपी अर्थ, कामिनीसँगको आलिंगनरूपी कामविद्या ज्ञानप्राप्तिरूपी मोक्ष (धर्मार्थकाममोक्ष) प्राप्त नगरेर केवल पेट भर्नेतर्फ नै हाम्रो ध्यान गएको छ ॥४७॥

वयं येभ्यो जाताश्चिरपरिगता एव खलु ते
समं यैः संवृद्धाः स्मृतिविषयतां तेऽपि गमिताः ।
इदानीमेते स्मः प्रतिदिवसमासन्नपतना
गतास्तुल्यावस्थां सिकतिलनदीतीरतरुभिः ॥४८॥

हामीलाई जन्माउने मातापिता परलोक हुनुभएको पनि धेरै दिन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वितिसक्यो । वाल संगातीहरूको पनि सम्झना मात्र वाँकी रहेको छ । वर्तमान समयमा हाम्रो अवस्था एक वलौटे नदीको किनाराको जुनसुकै वखतमा पनि ढल्नसक्ने रूख (वृक्ष) समान छ ॥४८॥

आयुर्वर्षशतं नृणां परिमितं रात्रौ तदर्धं गतं
तस्यार्धस्य परस्य चार्धमपरं बालत्ववृद्धत्वयोः ।
शेषं व्याधिवियोगदुःखसहितं सेवादिभिर्नीयते
जीवे वारितरङ्गचञ्चलतरे सौख्यं कुतः प्राणिनाम् ॥४९॥

मानिसको आयु एक सय वर्ष भनी शास्त्रले निर्धारण गरेको छ । एक सय वर्षमध्ये आधा समय अर्थात् ५० वर्ष रात (निद्रा) कै रूपमा व्यतित हुन्छ । वाँकी ५० वर्षमध्ये २५ वर्ष वाल्यावस्था र वृद्धावस्थाको रूपमा व्यतित हुन्छ । त्यसपछि वाँकी वचेको २५ वर्षलाई रोग, व्याधि, दुःख, नोकरी (परसेवा) आत्मजनको वियोग आदिले प्रभावित पार्दछ । यसैले यो जीवनमा मानिसलाई कहाँवाट सुख प्राप्त होला र मानिसको यो जीवन नै जलतंरग जस्तो चञ्चल र क्षणभंगुर छ ॥४९॥

क्षणं बालो भूत्वा क्षणमपि युवा कामरसिकः
क्षणं वित्तैर्हीनः क्षणमपि च सम्पूर्णविभवः ।
जराजीर्णैरङ्गैर्नट इव बलीमण्डिततनु-
र्नरः संसारान्ते विशति यमधानीयवनिकाम् ॥५०॥

जसरी कलाकारले रङ्गमञ्चको वेलामा दृश्य नै पिच्छे अनेकौं हावभाव चरित्रको रूप लिएर अभिनय आदि गरेर अन्तमा ठूलो पर्दाभित्र आफूलाई विलुप्त राख्दछ, त्यसरी नै मानिसले पनि यस संसार (रंगमञ्च) मा जन्म लिएपछि एकछिन वालक, केही समय कामवासनायुक्त रसिक युवा, सम्पनता र विपन्नताले युक्त प्रौढव्यक्ति बूढो भएपछि गालामा चाउरी परेको शरीर लिँदै अन्तमा यमपुरीको पर्दा भित्र पस्दछ । मानिसको पुनर्जन्म र पुनर्मृत्यु भइरहन्छ । तसर्थ वैराग्यको सहारा लिनु नै उत्तम हो ॥५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वं राजा वयमप्युपासितगुरूप्रज्ञाभिमानोन्नताः
ख्यातस्त्वं विभवैर्यशांसि कवयो दिक्षु प्रतत्वन्ति नः ।
इत्थं मानधनातिदूरमुभयोरप्यावयोरन्तरं
यद्यस्मासु पराङ्मुखोऽसि बयमप्येकान्ततो निःस्पृहा ॥५१॥

कुनै सन्न्यासीले राजासँग भनेका छन् : हे राजन् ! तपाईं राजा हुनुहुन्छ, धनी हुँदा ठूलो इज्जत पाउनुभएको छ, प्रजाको सेवा गर्दै हुनुहुन्छ। हामीहरू पनि आफ्नो आचार्य गुरुको सेवा गर्छौं र गुरुबाट सिकेको ज्ञान र प्राप्त वुद्धिले स्वाभिमानी र उच्च छौं। तपाईं धनी हुनाले प्रख्यात हुनुहुन्छ। हाम्रो कीर्तिलाई कविहरूले दसै दिशामा फैलाउँदैछन्। यसरी तपाईं हाम्रो धन, वुद्धि र मानले गर्दा हामी दुवै बीचको अन्तर पनि साँगुरो हुन गएको छ। अर्थात् आफ्नो-आफ्नो क्षेत्रमा हामी दुवैमा कुनै कमी छैन। तर, यदि तपाईंको हामीप्रति अश्रद्धा नै छ भने पनि हामी (सन्न्यासी) लाई तपाईंको केही पनि चाहिँदैन। हामी निस्पृह (केही नचाहिने) खालका छौं ॥५१॥

अर्थानामीशिषे त्वं वयमपि च गिरामीश्महे यादवर्थं
शूरस्त्वं वादिदर्पव्युपशमनविधावक्षयं पाटवं नः ।
सेवन्ते त्वां धनाढ्य मतिमलहतयेमामपि श्रोतुकामा-
मय्यप्यास्था न ते चेत्त्वयि मम नितरामेव राजन्ननास्था ॥५२॥

हे राजन् ! तपाईं धन (अर्थ) को स्वामी हुनुहुन्छ। हामीले पनि सबै शास्त्रको अर्थ बुझेका छौं। अर्थात् हामीलाई सबै शास्त्रोक्त कुरामा ज्ञान छ। तपाईं शूरवीर हुनुहुन्छ र युद्धमा वीर शत्रुलाई परास्त पार्न सफल हुनुहुन्छ। हामी पनि आफ्नो गहिरो विद्वत्ताको कारण शास्त्रार्थ गर्दाको समयमा आफ्ना विपक्षीका अकाट्य तर्कलाई खण्डन गरेर विपक्षीलाई नाजवाफ पार्दै परास्त पार्न सफल छौं। धनी मानिस आफ्नो सम्पत्ति जुगाड गर्न र बढी धन कमाउन तपाईंको सेवा गर्दछन्। हाम्रा शिष्यहरू पनि मनको जडता हटाउन र बढी ज्ञान हासिल गर्न हाम्रो सेवा गर्दछन्। यस किसिमको सत्य कुरा देख्दादेख्दै पनि तपाईं (राजा) ले हामीलाई अनास्था गर्नुभएको छ भने हाम्रो तपाईंप्रति कुनै श्रद्धा छैन ॥५२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वयमिह परितुष्टा वल्कलैस्त्वं दुकूलै-
स्समम इह परितोषो निर्विशेषो विशेषः ।
स तु भवतु दरिद्रो यस्य तृष्णा विशाला
मनसि च परितुष्टे कोऽर्थवान् को दरिद्रः ॥५३॥

हे राजन ! हामी रूखको बोक्राले बनेको मोटो कपडाको लुगा लगाउँछौं ज्यादै खुसी पनि छौं । तपाईं रेशमी नरम वस्त्र पहिरेर खुस रहनुहुन्छ । यसरी हामी दुवैले समानरूपले सन्तोष प्राप्त गरिरहेछौं । दुवै सुखी पनि छौं । दुवैले पाउने गरेको सन्तोषमा फरक पनि छैन तर विशाल तृष्णा (तृर्सना) लिइरहने मानिस दरिद्र हो । जसको मनमा सन्तोष छ त्यो मान्छे धनी गरीबको परिभाषाबाट टाढा रहेको हुन्छ । अर्थात् सन्तोषी परम सुखी हो ॥५३॥

फलमलमशनाय स्वादु पानाय तोयं
क्षितिरपि शयनार्थं वासनं वल्कलं च ।
नवघनमधुपानभ्रान्तसर्वेन्द्रियाणा-
मविनयमनुमन्तुं नोत्सहे दुर्जनानाम् ॥५४॥

समय-समयमा ऋतुअनुसार आँप आदि मीठा फल खाएर भोक मेटाउन सकिहालिन्छ । प्यास (तिर्खा) हटाउन पानी पिउनलाई झरना उपलब्ध छँदैछ । सुत्नका लागि भुइँ र लगाउन (पहिरन) का निमित्त रूखका बोक्राहरू मनपरी पाइन्छन् । यस्तो स्थितिमा तत्कालै पाइने वा पाउन सकिने धनरूपी मदिरापान गर्नेजस्ता कुमार्गमा आफ्ना इन्द्रिय लगाइरहने दुष्ट व्यक्तिले गर्ने गरेको अपमानलाई स्वीकार गर्नेतर्फ मेरो कुनै चासो छैन ॥५४॥

अश्नीमहि वयं भिक्षामाशावासो वसीमहि ।
शयीमहि महीपृष्ठे कुर्वीमहि किमीश्वरैः ॥५५॥

हामी भीक्षा मागेर संकलन गरिएको अन्न खाछौं । दिसारूपी वस्त्र पहिरिन्छौं । (नाङ्गै वस्तछौं) अर्थात् दिगम्बर हुनेछौं । भुइँमा नै सुत्नेछौं । अनि हामीलाई धनी मानिस र राजाहरूसँग के को मतलब रहला र ? ॥५५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न नटा न विटा न गायका न च सभ्येतरवादचुञ्चवः ।
नृपमीक्षितुमत्र के वयं कुचभारानमिता न योषितः ॥५६॥

हामी नानाथरी लुगा लगाएका नट (नर्तक) पनि होइनौं । मालिकलाई खुसी पार्न कला जानेका विट पनि होइनौं । रमाइला शृङ्गाररसीय अश्लील कुरा बोल्ने संगीतज्ञ गायक पनि होइनौं । ठूला र गठिला स्तनभारले केही (अलिकति) नुहिएकी सुन्दरी स्त्री पनि हौइनौं । यसैले हामीले राजालाई किन भेट्नुपर्‍यो र ? न त हामीलाई धन कमाउनु छ न हामीमा राजालाई खुसी पार्नसक्ने गुण नै छ ॥५६॥

विपुलहृदयैरीशैरेतज्जगज्जनितं पुरा
विधृतमपरैर्दत्तं चान्यैर्विजित्य तृणं यथा ।
इह हि भुवनान्यन्यै धीराश्चतुर्दश भुञ्जते
कतिपयपुरस्वाम्ये पुंसां क एष मदज्वरः ॥५७॥

प्राचीन समयमा हरिश्चन्द्रजस्ता खुला हृदय भएका प्रतापी राजाले यस सांसारिक धर्माचरणरूपी चलन चलाएका थिए । ययाति आदि राजाहरूले यसको प्रतिपालन आफूले गरे, अरूलाई पनि गराए । बलि राजाले शत्रुलाई जितेर हासिल गरेको राज्य नै तृण बरावर सम्झेर अरूलाई दान गरिदिए । तर वर्तमान समयमा चार/छवटा मात्र गाउँ र सहरको मालिक भएर पनि यी शासकहरू किन अहंकारी भएका छन् ? यो बुद्धिनाशक सन्निपात ज्वरसमान भएको अभिमान (घमण्ड) किन वर्तमान शासकमा रहिरहन्छ ? ॥५७॥

अभुक्तायां यस्यां क्षणमपि न यातं नृपशतै-
र्ध्रुवस्तस्या लाभे क इव बहुमानः क्षितिभृताम् ।
तदंशस्याप्यंशे तदवयवलेशेऽपि पतयो
विषादे कर्तव्ये विदधति जडाः प्रत्युत मुदम् ॥५८॥

अनेक राजा यस समग्र भूमि (धरती) लाई एकछिन पनि भोग गर्न नपाएर परमधाम भइसकेका छन् । भूमिको टुक्राले पनि अति सानो अंश भोग्न पाउँदैमा यी मूर्ख मालिक खेद मान्नु त परै जाओस्, गर्वित वा हर्षित पो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइरहेछन् । समग्र पृथ्वीपति भएर भूमिको उपभोग गर्न कसैले पाएका छैनन् । जमिनको अति सानो टुक्राको शासन गर्ने यी स-साना राज्य रजौटाले आफूउपर गर्व गर्ने र हर्षित हुनुपर्ने कुनै कारण देखिँदैन ॥५८॥

मृत्पिण्डो जलरेखया बलयतिः सर्वोऽप्ययं नन्वणुः
स्वांशीकृत्य स एव सङ्करशतैं राज्ञां गणा भुञ्जते ।
पे दद्युर्ददतोऽथवा किमपरं क्षुद्रादरिद्रं भृशं
धिग्धिक्तान्पुरुषाधमान्धनकणान्वाञ्छन्तितेभ्योऽप्रिये ॥५९॥

चारैतिरवाट पानी नै पानीले घेरिएको यो पृथ्वीरूपी माटोको (डल्ला) टुक्रा निश्चय नै सानो छ । यो सानो टुक्रालाई पनि अनेकौं राजाले वेलावेलामा लडाइँहरू लडेर आफ्नो अधीनस्थ गराई उपभोग गरेका छन् । यसरी अनेकौं राजाले उपभोग गरेर चिथोरिएको जमिनवाट के धन पाउन सकिन्छ त ? यदि धन पाइने नै सम्भावना देखिएमा पनि योभन्दा कठिन कार्य अरू के नै होला र ? यसरी गरीब दीनदुःखी अवस्थामा गुज्रिरहेकालाई निचोरेर उनीहरूवाट धन कमाउन खोज्नुजस्तो नराम्रो काम गर्ने नीच-व्यक्तिलाई धिक्कार छ । धिक्कार छ ॥५९॥

स जातः कोऽप्यासीन्मदनरिपुणा मूर्ध्नि धवलं
कपालं यस्योच्चैर्विनिहितमलङ्कारविधये ।
नृभिः प्राणत्राणप्रवणमतिभिः कैश्चिदधुना ।
नमद्भिः कः पुंसामयमतुलदर्ज्वरभरः ॥६०॥

मदन रिपु भगवान् शंकरले आफ्नो गहना सम्झेर सफेद शिरमा जसको (कपाल) मस्तक राख्नुभएको छ, यसरी भगवान् शंकरको शिरशोभा वन्ने सौभाग्य पाउने मनुष्य यस संसारमा कोही पनि भेटिँदैन । प्राण जोगाउन डरले थरथर काम्दै रहेको अकिञ्चन मनुष्य मात्रको अनुनय विनय र नमस्कारवाट वडो दंग परेर अभिमानरूपी ज्वरद्वारा यी ठूला ठालुहरू किन ग्रसित भइरहन्छन् ? अर्थात् धनार्थीहरूको प्रमाणमा गर्व गर्ने ठूलाबडा र राजालाई नसुहाउने कुरा हो ॥६०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेषां चेतांसि प्रतिदिवसमाराध्य बहुधा
प्रसादं किं नेतुं विशसि हृदय ! क्लेशकलितम् ।
प्रसन्ने त्वय्यन्तस्वयमुदितचिन्तामणिगणो
विविक्तः सङ्कल्पः किमभिलषितं पुष्यति न ते ॥६१॥

दिनहुँ चाकडी गरेर आफूप्रति अरूलाई अनुकूल पार्नेतर्फ मात्र अर्निष किन तल्लीन हुन्छौ ? अर्काद्वारा प्राप्त दया र कृपालाई नै आफ्नो सर्वस्व हो भन्ने नठान, तिमी आफैंमा खुसी रहूँ । तिमीले बाह्यानुरागलाई परित्याग गरेर आफूभित्रै आफैंमा खुसी हुन थाल्यौं भने मेहनेतविना नै मनोरथ-पूरक चिन्तामणिसमान रहेको निष्कलंक मानस कर्म या इच्छाविशेषले तिम्रो मनोरथ पूरा गराउनेछ । आत्मनिष्ठ रहेमा नै इष्ट-सिद्धि (चाहेको कुरा प्राप्त हुनु) हुन्छ । चाकडी गरेर अरूलाई खुसी पार्नेजस्तो कष्ट उठाइरहनुपर्दैन ॥६१॥

सत्यासेव त्रिलोकीसरिति हरिशिरश्चुम्बिनीवच्छटायां
सद्वृत्तिं कल्पयन्त्यां वटविटपभवैर्वल्कलैः सत्फलैश्च ।
कोऽयं विद्वान् विपत्तिज्वरजनितरुजातीवदुः खासिकानां
वक्त्रंवीक्षेत दुःस्थे यदि हि न बिभृयात्स्वे कुटुम्बेऽनुकम्पाम् ॥

भगवान् शंकरको जटामा विहार गर्ने त्रैलोक्यगामिनी गङ्गाजी मौजुद रहँदारहँदै (अर्थात् पिउनलाई गङ्गाजल उपलब्ध हुँदाहुँदै) त्यसैगरी वटवृक्षको बोक्रा लुगा लगाउन र भोज्य वस्तुको रूपमा फल पनि जीविकोपार्जनका लागि प्राप्त भइरहेका छन् । यस्तो अवस्थामा विपत्तिरूपी ज्वरको पीडाद्वारा पीडित नै भए पनि कुन बुद्धिमान् मानिसले आफूप्रति कृपाभाव नराख्ने कुटुम्बको मुख आफूलाई उसले दयाभावले हेर्ला कि भन्ने आशासाथ नियालिरहला ? (प्रक्षिप्त श्लोकार्थ)

पारिभ्रमसि किं मुधा क्वचन चित्त ! विश्राम्यतां
स्वयं भवति यद्यथा भवति तत्तथा नान्यथा ।
अतीतमननुस्मरन्नपि च भाव्यसङ्कल्पय-
न्नतर्कितसमागमानुभवामि भोगनार्हम् ॥६२॥

हे मन ! यताउति व्यर्थैमा किन डुलिरहन्छस् ? कतै कहीं गएर विश्राम गरेस् । जुन तरिकाले हुने भनिएको कार्य कसैले रोक्न सक्तैन त्यही तरिकाबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइहाल्दछ । प्रकारान्तरवाट हुने भन्ने कुरा सम्भव नै छैन । वितेको कुरालाई स्मरण नगरी भविष्यमा हुने विषयसमेतको पर्वाह नराख्दै विनामिहेनतले उपभोग्य पदार्थ अनायासै प्राप्त हुन्छ कि भन्ने मलाई लागेको छ ॥६२॥

एतस्माद्विरमेन्द्रियार्थगहनादायासकादाश्रय
श्रेयोमार्गमशेषदुःखशमनव्यापारदक्षं क्षणात् ।
स्वात्मीभावमुपैहि सन्त्यज निजां कल्लोललोलां गतिं
मा भूयो भज भङ्गुरां भवरतिं चेतः प्रसीदाधुना ॥६३॥

हे मन ! नाक, कान, जिब्रो आदि कर्मेन्द्रियका सुन्नु, सुँघ्नु, तीतो, मीठो स्वाद लिनु आदि विषयवाट टाढा रहेर छिनभरिमा नै सम्पूर्ण दुःख दर्द हटाउने श्रेयमार्ग अर्थात् ज्ञानमार्गलाई अनुसरण गर, अनि आफूलाई चिन्नेतर्फ लाग । जलको तरंग (प्रवाह) जस्तो चञ्चल मनलाई त्यागेर यो क्षणभंगुर तथा नश्वर संसारको वासनारूपी जञ्जालवाट दूर रहनुपर्छ । तात्पर्य यो हो कि मनले सधैं प्रसन्न, स्थिर एवम् शान्त स्वभाव लिनुपर्छ । मानसिक शान्तिविना कल्याणप्राप्तिको चाहना लिनु दुराशा मात्र हो ॥६३॥

मोहं मार्जय तामुपार्जय रतिं चन्द्रार्धचूडामणौ
चेतः स्वर्गतरङ्गिणीतटभुवामासङ्गमङ्गीकुरु ।
को वा वीचिषु बुद्बुदेषु च तडिल्लेखासु च श्रीषु च
ज्वालाग्रेषु च पन्नगेषु च सरिद्वेगेषु च प्रत्ययः ॥६४॥

छोरा, नाति, पनाति, प्रेमभाव राख्नेजस्तो अज्ञानलाई त्यागेर चन्द्रमुकुटधारी भगवान् शिवको आराधाना गर्न थाल । यसैगरी गङ्गातटमा निवास एवम् परिभ्रमण गर्ने कार्यमा रमाऊ, अर्थात् भगवान् शिवमा मन लगाउँदै गङ्गातीरमा आनन्द लेऊ । पानीको तरंगमा र पानीका फोकामा बिजुली चम्केको उज्यालोजस्तो क्षणिक मात्र रहने सम्पत्तिमा, आगोका फिलिङ्गामा, सर्पमा, बाढी आएका खोलामा कसले विश्वास गरेर ढुक्क पर्दछ र ? तात्पर्य यो हो कि शिवजी र गङ्गाजीको किनार मात्र विश्वसनीय छन्, अन्य चिज छैनन् ॥६४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चेतश्चिन्तय मा रमां सकृदिमामस्थायिनीमास्थया
भूपालभ्रूकुटीकुटीविहरणव्यापारपण्याङ्गनाम् ।
कन्थाकञ्चुकिनः प्रविश्य भवनद्वाराणि वाराणसी-
रथ्यापङ्क्तिषु पाणिपात्रपतितां भिक्षामपेक्षामहे ॥६५॥

हे मन ! (चित्त) राजा (धनी) को भृकटीरूप कुटी (खोपी) भित्र विहार (देह व्यापार) गरेर अर्थात् वेश्यावृत्तिद्वारा आर्जित झैं भएको अस्थायीरूप सम्पतिउपर एकछिन पनि मोह (चाहना) नराख । लहरापातले शरीरलाई ढाकेर हामीहरू पुण्यनगरी वाराणसीका सडक गल्लीका घर दैलोमा पुगेर भीख मागौं । अनि आफ्नो हातरूपी भीक्षापात्रमा संकलित अरूद्वारा दिइएको दान (भीक्षा) नै हाम्रा लागि कल्याणकारी छ ॥६५॥

अग्रे गीतं सरसकवयः पार्श्वयोर्दाक्षिणात्याः
पश्चाल्लीलावलयरणितं चामरग्राहिणीनाम् ।
यद्यस्त्येवं कुरु भवरसास्वादने लम्पटत्वं
नो चेच्चेतः प्रविश सहसा निर्विकल्पे समाधौ ॥६६॥

हे मन ! आफ्नो अगाडि सम्मुखमा सङ्गीत जान्ने मधुर स्वर भएका गायकहरू होउन् । दायाँ-बायाँ दक्षिण देशमा वसोबास गर्ने कविहरू (विद्वान् मण्डली) रहेका होउन् । आफ्नो पछिल्तिर पङ्खा हम्किरहेका युवतीले पहिरिएका चुरा वालाहरूको टर्याङ्टुरुङ्को कर्णमधुर स्वर सुनिरहन पाइयोस् । यस किसिमको सांसारिक सुख सयल गर्न पाइने भए मात्र तिमी भोग गर्नेतर्फ लाग । अन्यथा एकाग्र चित्त ब्रह्मको ध्यान चिन्तन गर्नमा नै व्यस्त होऊ । इहलौकिक एवम् पारलौकिक दुवैखाले सुखलाई परित्याग गर्दै केवल दीनतलाई प्रकट गर्नाले कुनै लाभ (फाइदा) छैन ॥६६॥

प्राप्ताः श्रियस्सकलकामदुधास्ततः किं
न्यस्तं पदं शिरसि विद्विषतां ततः किम् ।
सम्पादिताः प्रणयिनो विभवैस्ततः किं
कल्पं स्थितास्तनुभृतां तनवस्ततः किम् ॥६७॥

व्यापार आदि प्रक्रियाद्वारा पर्याप्त एवम् अतुल सम्पति आर्जन गरिएकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भए पनि के पो भयो र ? आफ्नो पराक्रमद्वारा शत्रुहरूलाई पराजित गरेर उनीहरूको शीरलाई कुल्चिन सफल भएकै भए पनि के फाइदा भएको छ र ? सम्पति जम्मा गर्न लालायित मानिसको समूहलाई आफ्नो अनुकूलमा राख्दा नै पनि के लाभ छ र ? कल्पकल्पान्तरसम्म तपश्चर्यामा शरीरलाई लगाउँदा पनि के नै उपलब्धिमूलक भएको होला र ? ॥६७॥

भक्तिर्भवे मरणजन्मभयं हृदिस्थं
स्नेहो न बन्धुषु न मन्मथजा विकाराः ।
संसर्ज दोषरहिता विजया वनान्ता
वैराग्यमस्ति किमितः परमर्थनीयम् ॥६८॥

भगवान् शिवजीको भक्ति गर्नुपर्दछ, अनि मनमा सधैंभरि जन्म र मृत्युको डर कायम राख्नुपर्दछ। बन्धुवान्धवमा पनि अनुराग राख्नुहुँदैन। कामजन्य विकाररूप स्त्रीलम्पट हुनुहुँदैन। संग-संसर्ग नभएको अर्थात् निर्जन वनमा वस्दा जुन वैराग्य प्राप्त हुनजान्छ, योभन्दा वढी के चाहिन्छ र ? किनकि वैराग्य लिनु नै सर्वोत्तम उपाय हो ॥६८॥

तस्मादनन्तमजरं परमं विकासि
तद्ब्रह्म चिन्तय किमेभिरसद्विकल्पैः ।
यस्यानुषाङ्गिण इमे भुवनाधिपत्य-
भोगादयः कृपणलोकमता भवन्ति ॥६९॥

वैराग्यलाई नै अभिष्ट मानिएपछि अन्तहीन, जन्ममृत्यु नभएको सर्वोत्कृष्ट र सर्वव्यापी हुनाले सर्वत्र विकसित तथा चम्किलो हुनपुगेको ब्रह्मलाई नै सदैव मनले चिन्तन गर्नुपर्दछ। आफूले मनमा उब्जिने अनेकौं सन्देहजनक विचारलाई त्यागिदिनुपर्दछ।

स्वर्गमा पुग्ने इच्छा र वर्तमानको राज्य- सुखभोगका चाहनाहरू ब्रह्ममा लीन हुन नरुचाउने मानिसमा मात्र रहन्छन्। ब्रह्मवादी पुरुषले यी सांसारिक विषय पदार्थलाई तुच्छ ठान्छन् ॥६९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पातालमाविशसि यासि नभो विलङ्घ्य
दिङ्मण्डलं भ्रमसि मानस ! चापलेन ।
भ्रान्त्यापि जातु विमलं कथमात्मनीनं
न ब्रह्म संस्मरसि निर्वृतिमेषि येन ॥७०॥

हे मन ! तिमी आफ्नो चञ्चल स्वभावले गर्दा कहिले सबैभन्दा तल पातालमा घुस्न पुग्दछौ । अनि सबैभन्दा अग्लो ठाउँ आकाश (अन्तरिक्ष) लाई नाघेर दसै दिशा (ब्रह्माण्ड) को चक्कर लगाइरहन्छौ । आत्महितकारी तथा आनन्ददायी निर्मल ब्रह्मलाई तिमीले किन सम्झँदैनौ ? ॥७०॥

किं वेदैः स्मृतिभिः पुराणपठनैः शास्त्रैर्महाविस्तरैः
स्वर्गग्रामकुटीनिवासफलदैः कर्मक्रियाविभ्रमैः ।
मुक्त्वेकं भवदुःख-भाररचना-विध्वंसकालानलं
स्वात्मानन्दपदप्रवेशकलनं शैषैर्वणिग्वृत्तिभिः ॥७१॥

ऋक्, सांम, यजु, अथर्व यी चार वेदको अध्ययन कुन प्रयोजनका लागि हो ? मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि अठार स्मृति र उपस्मृतिहरूको पर्यालोचन गर्दा पनि के प्रयोजन छ र ? पुराण र उप-पुराणहरूको अध्ययन गर्नाले के फल पाइन्छ ? तर्क, व्याकरण, दर्शन आदि शास्त्रको मनन गर्दा पनि केही हुँदैन । स्वर्गको आनन्दरूपी कुटीमा वस्न पाउने जस्तो सुखदायी फल दिने स्नान, सन्ध्यावन्दन आदि अनुष्ठान आचरणको पनि कुनै काम छैन । जन्ममरणरूपी संसारवाट पैदा हुने दारिद्रय र असह्य अनेकौं दुःखकष्ट उठाउन सक्ने अग्निं समान रहेको आत्मसुखभन्दा गराउने ब्रह्मस्वरूपको चिन्तन गर्नु श्रेयष्कर छ । एक मात्र ब्रह्म चिन्तनद्वारा नित्यसुख प्राप्त हुन्छ । वाँकी कुराहरू वनियाँको व्यापार झैं लेनदेनमा मात्र आधारित छन् । तसर्थ "ब्रह्न्:सत्यम् जगन्मिथ्या" नै उपयुक्त शाश्वत् सत्य हो ॥७१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नायं ते समयो रहस्यमधुना निद्राति नाथो यदि
स्थित्व द्वक्ष्यति कुप्यति प्रभुरिति द्वारेषु येषां वचः ।
चेतस्तानपहाय याहि भवनं देवस्य विश्वेशितु-
र्निर्दौवारिकनिर्दयोक्त्यपरुषं निःसोमशर्मप्रदम् ॥ (प्रक्षिप्त श्लोक)

यो भेट्ने समय होइन, कसैले भेट गर्न पांउदैन, यसवेला मालिक एकान्तमा हुनुहुन्छ। यहाँ तपाईंलाई बसिरहेको देखेपछि मालिक रिसाउनु हुन्छ, आदि कुरा ठूला-ठालुका ढोका कुर्ने पालेपहरागणले गेटघरको दैलोमा नै भनिरहेको सुन्दैगर्नुपर्दछ। हे मन ! यस किसिमले पालेपहराहरूको कठोर वचन सुन्दै ठूलाबडाहरूको चाकडीमा लाग्नुभन्दा ईश्वरको मन्दिरमा जाऊ तिम्रो कल्याण पनि हुन्छ र तिमीले दुर्वाच्य पनि सुनिरहनुपर्दैन। (प्रक्षिप्त श्लोकार्थ)

यतो मेरुः श्रीमान्निपतति युगान्ताग्निवलितः
समुद्राः शुष्यन्ति प्रचरमकरग्राहनिलयाः ।
धरा गच्छत्यन्तं धरणिधरपादैरपि धृता
शरीरे का वार्ता करिकलभकर्णाग्रचपले ॥७२॥

ब्रह्मचिन्तन वा आध्यात्मिक सुखानुभवबाहेक सबै वस्तु अनित्य ठहर्छन्। अनेकौं सुवर्ण मणिमणिक्यादिले युक्त सुमेरु पर्वत प्रलयकालमा आगो लागेर ध्वस्त हुन्छ। अत्यधिक संख्यामा गोही आदि भयानक जनावर रहने खोलानाला, वन, झाडी आदि ठाउँहरू पनि आगोको लपेटामा परेपछि डढ्छन्, सुक्दछन्। महेन्द्र आदि सप्तपर्वतले सुरक्षित तुल्याएको हाम्रो यो पृथिवीसमेत अन्तमा नष्ट भई नै हाल्दछ। हात्तीको सानो (बच्चा) छावाको कानको छेउजस्तो अत्यन्तै चञ्चल हाम्रो यो शरीरको विषयमा त के भनौं र ? किनभने हाम्रो शरीर क्षणभंगुर नै त हो ॥७२॥

गात्रं संकुचितं गतिर्विगलिता भ्रष्टा च दन्तावलि-
र्दृष्टिर्नश्यति वर्धते बधिरता वक्त्रं च लालायते ।
वाक्यं नाद्रियते च बान्धवजनो भार्या न शुश्रूषते
हा ! कष्टं पुरुषस्य जीर्णवयसः पुत्रोऽप्यमित्रायते ॥७३॥

वूढो भएपछि मानिसले दुरावस्था हुन्छ, किनभने शरीर कुप्रो टेढो भइदिन्छ दाँतहरू झर्दछन् आँखाको दृष्टिशक्ति नष्ट हुन्छ, सफासँग देख्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्न । कान नसुन्ने भएर बहिरोपन पनि बढ्दै जान्छ । मुखबाट सधैं च्याल चुहिरहन्छ । भाइबन्धुले आफूले भनेको कुरालाई अनादर गरेर वास्तै गर्दैनन् । पत्नीले पनि सेवा-सुश्रुषा गर्दिनन्, बूढो मान्छेलाई छोराले पनि शत्रुले जस्तो व्यवहार गर्दछ । यसैले वर्धक्य-जीवन ज्यादै कष्टदायी हुन्छ ॥७३॥

वर्णं सितं शिरसि वीक्ष्य शिरोरुहाणां
स्थानं जरापरिभवस्य तदा पुमांसम् ।
आरोपितास्थिशतकं परिहृत्य यान्ति
चण्डालकूपमिव दूरतरं तरुण्य ॥७४॥

जव युवती बूढो मानिसको शरीरमा हेर्दा सेतै फुलेका केश (कपाल) देख्दछन् । अनि केही अपहेलनासमेत गर्न थाल्दछन् । अनेकौ हड्डी र यसका टुक्राहरूले खचाखच भरिएको चण्डालको कुवा देख्दा जसरी घिन मानेर मान्छे टाढा भाग्दछ त्यसरी नै (तरुनी) युवती पनि कपाल (केश) फुलेर सेताम्मे भएको बूढो मान्छेलाई देखेपछि उसको नजिकमा नै नपरेर तर्कन थाल्दछन् ॥७४॥

यावत्स्वस्थमिदं शरीरमरुजं यावच्च दूरे जरा
यावच्चेन्द्रियशक्तिरप्रतिहता यावत्क्षतो नायुषः ।
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान्
सन्दीप्ते भवते तु कूपखननं प्रत्युद्यमः कीदृशः ॥७५॥

बूढो हुनुभन्दा पहिलो निरोगी शरीर हुँदा इन्द्रियहरू तन्दुरुस्त रहेको अवस्थामा र उमेर छँदैमा बुद्धिमान् मानिसले आफ्नो कल्याण हुने खालका प्रयत्नहरू, कल्याणकारी कार्यहरू गर्दै रहनुपर्दछ । घरमा आगो लागेपछि आगो निभाउन भनी कूवा खन्न थाल्नु मूर्खता भएझैं युवावस्थामा कुनै कल्याणकारी कार्य नगरेर वृद्धावस्थामा गर्न खोज्नु मूर्खता नै हो ॥७५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्यन्तः सन्तः किमधिनिवसामः सुरनदीं
गुणोदारान् दारानुत परिचरामः सविनयम् ।
पिबामः शास्त्रौघानुत विविधकाव्यामृतरसान्
न विद्मः किं कुर्मः कतिपयनिमेषायुषि जने ॥७६॥

थोरै समय मात्र बाँच्नसक्ने हामीहरूले के-के गर्ने त ? भन्ने थाहा पाउन सकेका छैनौं ।

तपस्या गर्दागर्दै गङ्गातटमा वैरागी भएर बसौं । अथवा बत्तीसै लक्षणले युक्त सुन्दर पत्नीका साथ गृहस्थ धर्मलाई अँगालौं, त्यस्तै अनेकौं शास्त्रहरूको अध्ययन गरेर प्रकाण्ड मनीषि बनौं वा विविध काव्य, साहित्य र सामृतको आस्वादन गरौं, यस स्वल्पायुमा के गर्ने, के नगर्ने भन्ने कुरा ठम्याउन नै कठिन पर्न गएको छ ॥७६॥

दुराराध्याश्चामी तुरगचलचित्ताः क्षितिभुजो
वयं तु स्थूलेच्छाः सुमहति फले बद्धमनसः ।
जरा देहं मृत्युर्हरति दयितं जीविदमिदं
सखे ! नान्यच्छ्रेयो जगति विदुषोऽन्यत्र तपसः ॥७७॥

राजाको चित्त घोडाको झैँ चञ्चल हुन्छ । यस्ता चञ्चल चित्तवाला राजाको सेवा गरेर उनीहरूलाई रिझाउन पनि गाह्रो छ । हामी महत्त्वाकांक्षी र धेरै धन लोलुप छौं, राजाले हामीले चाहेअनुसारको परिमाणमा धन पनि दिँदैनन् । उमेर दिनहुँ हाम्रो शरीरलाई सिथिल तुल्याउँदैछ र कालले यो सुन्दर जीवन-लीला समाप्त पारेरै छाड्छ । यसैले हे साथी ! विद्वान् र बुद्धिमान व्यक्तिका लागि यस संसारमा तपस्यावाहेक कुनै उत्तम मोक्ष-साधन छैन ॥७७॥

माने म्लायिनि खण्डिते च वसुनि व्यर्थे प्रयातेऽर्थिनि
क्षीणे बन्धुजने गते परिजने नष्टे शनैर्यौवने ।
युक्तं केवलमेतदेव सुधियां यज्जह्नुकन्यापयः
पूताग्रावगिरीन्द्रकन्दरतटीकुञ्जे निवासः क्व चित् ॥७८॥

आत्मसम्मान घट्न गएमा धनको नाश भएमा, याचक (जोगी) वर्ग निराश हुँदै त्यसै फर्किएमा, खाद्यान्न अभाव भएको देखेपछि आफूसँग आश्रित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा, नाति आदि बन्धुजन कम हुँदै गएर टाढा बस्न थालमा, नोकर-चाकरले आफूलाई छाडेर गएमा, युवावस्था पनि विस्तार-विस्तार हल्दै गएमा विद्वान् मान्छेले जाह्नवी (गङ्गा) को जलले पवित्र पारिएका पन्थरले युक्त हिमालय पहाडको गुफा वाहिरका वनकुञ्जमा गई वस्नुपर्दछ। र, आत्मचिन्तन गर्ने कामा आफूलाई लीन (सलग्न) गराउनुपर्दछ ॥७८॥

रम्याश्चन्द्रमरीचयस्तृणवती रम्या वनान्तस्थली
रम्यं साधुसमागमागतसुखं काव्येषु रम्याः कथाः ।
कोपोपाहितवाष्पबिन्दुतरलं रम्यं प्रियाया मुखं
सर्वं रम्यमनित्यतामुपगते चित्ते न किञ्चित्पुनः ॥७९॥

चाँदनी (चन्द्रकिरण) मनोहारिणी छ। कमलो घाँस भएको वनवाटिकाको चौर पनि सुन्दर नै ठहर्दछ। सज्जन, उपकारी र गुणी व्यक्तिको आगमन पनि सुखदायी रहन्छ। काव्यका कथा र निबन्ध आदि पनि रमरणीय नै छन्। प्रणय कलह हुँदा प्रेमाश्रुपूर्ण प्रियाको मुख पनि मनोहर नै छ। तर, नित्यानित्य विचारमा (ब्रह्मचिन्तनमा) लागेको मनलाई जतिसुकै राम्रो कुराले पनि प्रभाव पार्दैन, किनकि सम्पूर्ण सुन्दर वस्तु अनित्य छन् भन्ने जानकारी भएकै हुन्छ ॥७९॥

रम्यं हर्म्यतलं न किं वसयते श्रव्यं न गेयादिकं
किं वा प्राणसमासमागमसुखं नैवाधिकप्रीतये ।
किन्तु भ्रान्तपतङ्गपक्षपवनव्यालोलदीपाङ्कुर-
च्छायाचञ्चलमाकलय्य सकलं वनान्तं गताः ॥८०॥

अग्ला-अग्ला दरवारका छतमा बस्दा अत्यधिक रमाइलो (आनन्द) हुन्छ, ठूला-ठूला गवैयाको गान-वजान पनि सुन्नमा रमाइलो नै लाग्दछ। आफ्नो प्राणप्यारी प्रियतमालाई अलिंगन गर्दा पनि आनन्द लाग्दछ। यी सबै अम्नानन्दलाई सज्जन मानिसले उडिरहेको पुतलीको पखेटाबाट निस्कने हावाले बलेको दियो वत्तीलाई हम्केदा वत्तीमा पैदा भएको चञ्चलता समान (बत्ती कुन पान वेलामा निभ्न सक्ने) रहेछ भन्ने मानव शरीरलाई नश्वर एवम् क्षणिक सम्झेर वनमा गई वास गर्ने गर्दछन् अर्थात् जीवनलाई अनित्य ठान्दछन् ॥८०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आ संसारात् त्रिभुवनमिदं चिन्वतां तात ! तादृङ्
नैवास्माकं नयनपदवीं श्रोत्रमार्गं गतो वा ।
योऽयं धत्ते विषयकरिणो गाढगूढाभिमान-
क्षीवस्यान्तःकरणकरिणः संयमालानलीलाम् ॥८१॥

हे भाइ ! हाम्रा आँखाले देख्ने र कानले सुन्ने गरेर अहिलेसम्म अभिमानलाई त्यागेर अन्तःकरणरूप मत्ताहात्तीलाई बाँध्नसक्ने क्षमताले युक्त व्यक्ति फेला परेको छैन । अर्थात् सांसारिक विषयतर्फवाट मनलाई नियन्त्रण गर्नसक्ने व्यक्तिबारे कानले सुनिएन, आँखाले पनि देखिएन ॥८१॥

यदेतत्स्वच्छन्दं विहरणमकार्पण्यमशनं
सहार्यैः संवासः श्रुतमुपशमैक व्रतफलम्
मनो मन्दस्पन्दं बहिरपि चिरस्यापि विमृश-
न्न जाने कस्यैषा परिणतिरुदारस्य तपसः ॥८२॥

स्वच्छन्दसँग डुल्नु र घुमफिर गर्नु, दीनताविना नै भीक्षा विज्ञान जान्ने विद्वानसँगको सहाचर्य आत्मशक्ति रूपव्रत फल दिने वेदान्त आदि शास्त्रको श्रवण गर्नु, मनलाई अन्तर्मुखी गराउनु वा अवस्थामा वस्नु, यी सबैमा कुन चाहिँ राम्रो तपस्याले दिने फल हो भन्ने कुरा मैले बुझ्न सकेको छैन ॥८२॥

जीर्णा एव मनोरथाश्च हृदये यातं च तद्यौवनं
हन्ताङ्गेषु गुणाश्च बन्ध्यफलतां याता गुणज्ञैर्विना ।
किं युक्तं सहसाऽभ्यूपैति बलवान् कालः कृतान्तोऽक्षमी
हा ! ज्ञातं मदनान्तकाङ्घ्रियुगलं मुक्त्वास्ति नान्यो गतिः ॥८३॥

मनमा उब्जेका तिर्सनाहरू मनमा नै बिलाएका छन् । वैंश पनि बितिसक्यो, विद्या, विनय आदि गुण पनि शरीरमा नै निस्फल भएका छन् । यो ज्यादै खेदको विषय बन्न पुगेको छ । कालको बलियो रूप लिएर अकस्मात् प्राण लिन भनी यमराज आइपुग्दछन्, अनि के गर्न उचित हुन्छ भनी विचार गर्दा शिवजीका दुई पाउमा परी शरणमा जानु नै उपयुक्त ठानेको छु । यो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवसागरवाट पार पाउनका लागि केवल शिवजीको शरणमा जानु नै एकमात्र मार्ग हो ॥८३॥

महेश्वरे वा जगतामधीश्वरे जनार्दने वा जगदन्तरात्मनि ।
न वस्तुभेदप्रतिपत्तिरस्ति मे तथापि भक्तिस्तरुणेन्दुशेखरे ॥८४॥

तीनै लोक, चौध भुवनका मालिक शिवजी, सारा ब्रह्माण्डलाई आफ्नो पेटभित्र राख्ने श्री विष्णु अलग-अलग भए पनि यी दुवैमा कुनै भिन्नता छैन । वालचन्द्रलाई शिरमा धारणा गर्ने शिवजीउपर नै मेरो श्रद्धा छ । हरिहर (विष्णु र शिव) मा मेरो मनमा कुनै भेदभाव नभए पनि म आफू शिवजीमा भक्तिभाव राख्दै शरणमा पर्न चाहन्छु ॥८४॥

स्फुरत्स्फारज्योत्स्नाधवलिततले क्वापि पुलिने
सुखासीनाः शान्तध्वनिषु रजनीषु द्युसरितः ।
भवाभोगोद्विग्नाः शिव शिव शिवेत्युच्चवचसः
कदा यास्यामोऽन्तर्गतबहुल-बाष्पाकुलदशाम् ॥८५॥

पशुपक्षीको कोलाहलविना सुनसान रातको उज्यालोले सेतो देखिने गङ्गाजीको कुनै बलौटे नदी तटमा आनन्दपूर्वक बसेर भावविभोर हुँदै हामी सांसारिक प्रपञ्चहरूको डरले 'शिव शिव शिव' भन्ने उच्च स्वरले उच्चारण गर्दै कहिले आफैंले आनन्दको अनुभव गर्न थाल्दछौं । शिवभजन गर्ने अवस्थामा पुग्नसक्नु नै सही कल्याणको वाटो पहिल्याउनु समान हो ॥८५॥

महादेवोः देवः सरिदपि च सैवा सुरसरिद्-
गृहा एवागारं वसनपति ता एव हरितः ।
सुहृद्वा कालोऽयं व्रतमिदमदैन्यव्रतमिदं
कियद्वा वक्ष्यामो वटविटप एवास्तु दयिता ॥ (प्रक्षिप्त श्लोक)

मेरालागि देवता भन्नु शिवजी, नदी गङ्गाजी, गुफा (ओडार) घर दिशाहरू नै वस्त्र (लुगा), साथी काल र नमाग्नु नै व्रत हुन् । सुख सुविधा दिने हुनाले वटवृक्ष नै भार्या समान प्रिय छ । (प्रक्षिप्त श्लोकार्थ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वितीर्णे सर्वस्वे तरुणकरुणापूर्णहृदयाः
स्मरन्तः संसारे विगुणपरिणामां विधिगतिम् ।
वयं पुण्यारण्ये परिणतशरच्चन्द्र किरणा-
स्त्रियामा नेष्यामो हरचरणचिन्तैकशरणाः ॥८६॥

याचकलाई आफ्नो सर्वस्व दान दिएपछि दयाले अभिप्रेरित भई उत्कृष्ट मन लिदै दैवीगतिवाट भूकम्प, हुरी, भूक्षयजस्ता दुष्परिणामको सम्भाव्यतालाई सम्झेर हामीहरू कुनै पुण्यारण्यमा शिवजीको चरणद्वयको चिन्तन (स्मरण गर्दै शरद्कालीन जुनेली रातको आल्हादमय समययापन गर्न कहिले पाइएला ? हाम्रो यस्तो अवस्था कहिले प्राप्त हुन्छ ? शान्तिपूर्ण जीवन प्राप्त गर्नेतर्फ प्रयत्नशील रहनु नै हाम्रो कर्तव्य हो ॥८६॥

कदा वाराणस्याममरतटिनीरोधसि वसन्
वसानः कौपीनं शिरसि निदधानोऽञ्जलिपुटम्
अये ! गौरीनाथ ! त्रिपुरहर ! शम्भो ! त्रिनयन !
प्रसीदेत्याक्रोशन्निमिषमिव नेष्यामि दिवसान् ॥८७॥

वाराणसी (काशी) स्थित गङ्गाजीको तीरमा वसेर, लगौंटी लगाएर, शीरले बद्धाञ्जली साध प्रणाम गर्दै हे गौरीनाथ ! हे त्रिपुरनाशक ! हे त्रिनयन ! हे शम्भो ! तपाईं खुसी हुनुहोस् ! मउपर दया गर्नुहोस् भन्ने पुकार गर्दै दिन बिताउँदै जानेछु ॥८७॥

उद्यानेषु विचित्रभोजनविधिस्तीव्रातितीव्रं तपः
कौपीनावरणं सुवस्त्रमसिन भिक्षाटनं मण्डनम् ।
आसन्नं मरणं च मङ्गलतमं यस्यां तनुत्यज्यते
तां काशीं परिहृत्य मूढ विबुधैरन्यत्र किं स्थीयते ॥ (प्रक्षिप्त श्लोक)

बाग बगैंचामा खानाका विविधहरू (अनेकमूलहरू) सुलभ रहुन् । कठोर तपस्या गरियोस्, लगौंटी भन्दाई सुन्दर वस्त्र राख्नियोस्, भिक्षार्थी हुनु पनि भूषण ठानियोस् । काशीमा मरणासन्न अवस्थाना पनि पर्ने माङ्गलिक नै हो भन्ने मानिन्छ । यस्तो पवित्र काशीलाई छोडेर विद्वज्जन किन अन्यत्र वस्दछन् । (प्रक्षिप्त श्लोकार्थ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नात्वा गाङ्गैः पयोभिः शुभिकुसुमफलैरर्चयित्वा विभो ! त्वां
ध्येये ध्यानं निवेश्व क्षितिधरकुहरग्रावपर्यङ्कमूले ।
आत्मारामः फलाशी गुरुवचनरतस्त्वप्रसादात् स्मरारे !
दुःखं मोक्ष्ये कदाहं समकरचरणे पुंसि सेवासमुत्थम् ॥८८॥

हे प्रभो ! गङ्गाजलले स्नान गरेर शुद्ध भई पवित्र फलफूलले हजुरको पूजा गरेर पहाडी गुफाहरूको ढुंगारूपी विछयौनामा सुखपूर्वक बसेर प्रभु चरणलाई मनले सम्झँदै आफूभित्रको आत्मामा नै रमाएर कन्दमूल फल मात्र खाँदै गुरुद्वारा उपदेश गरिएको मार्ग मात्रको मैले अनुसरण गरेको छु। हे कामशत्रु ! भगवान् शंकर ! मैले भाग्यशाली ठूलाबडाको सेवा सुश्रुषा गर्नुपर्ने यस दुःखसागरबाट कहिले मुक्ति पाउन सकूँला ? ॥८८॥

एकाकी निःस्पृहः शान्तः पाणिपात्रो दिगम्बरः ।
कदा शम्भो ! भविष्यामि कर्मनिर्मूलनक्षमः ॥८९॥

संगतीहीन एक्लै भोगविलासबाट टाढा हुँदै हातलाई नै भीक्षापात्र बनाएर भीक्षाबाट प्राप्त अन्नद्वारा शान्तभावले पेटपालन गर्ने र कुनै पहिरन नलगाई प्रारब्ध कर्मलाई जरैदेखि उखेलेर फाल्न म आफू कहिले समर्थ बन्न सकूँला ? हे प्रभो ! हजुरको दर्शन गर्न पाउँ ॥८९॥

पाणिं पात्रयतां निसर्गशुचिना भैक्षेण सन्तुष्यतां
यत्र क्वापि निषीदतां बहुतृणं विश्वं मुहुः पश्यताम् ।
अत्यागेऽपि तनोरखण्डपरमानन्दावबोधस्पृशा
मध्वा कोऽपि शिवप्रसादसुलभः सम्पत्स्यते योगिनाम् ॥९०॥

आफ्नो हातलाई नै भोजन-पात्र बनाउने, भीक्षामा प्राप्त वस्तुले सन्तुष्ट रहने जहाँ कहीं पनि बस्नसक्ने, स्वतः पवित्र भएका, समय-समयमा संसारलाई तृणबराबर सम्झने, शरीर रहँदा वा नरहँदासमेत परमानन्द (ब्रह्मानन्द) लाई अनुभव गर्ने अर्थात् अखण्डरूपले ब्रह्मानन्दको स्वाद पाइरहने योगीजनको बाटो कुनै बाधा-अड्चन पैदा नभई सुगम बन्नेछ ॥९०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौपीनं शतखण्डजर्जरतरं कन्था पुनस्तादृशी
नैश्चिन्त्यं निरपेक्षभैक्षमशनं निद्रा श्मशाने वने ।
स्वातन्त्र्येण निरङ्कुशं विहरणं स्वान्तं प्रशान्त सदा
स्थैर्यं योगमहोत्सवेऽपि च यदि त्रैलोक्यराज्येन किम् ॥९१॥

टुक्रा-टुक्रा परेको लगौटी, धुजा-धुजा परेको मेखला (अंगरखा), विनाखोजखवरले भीक्षामा अचानक प्राप्त वस्तुको भोजन तथा घनघोर जंगल अथवा श्मशानमा आरामको निद्रा निदाउनसक्ने निर्विषयी स्वेच्छिक भ्रमण (स्वच्छन्दचारी) गर्ने, सदा शान्त र प्रसन्न चित्तले समाधिमा (योगमहोत्सवमा) स्थिर र अटल रहेर वस्ने योगीजनलाई त्रैलोक्यभरिकै राज्य प्राप्त भए पनि के काम लाग्दछ र ? ॥९१॥

ब्रह्माण्डं मण्डलीमात्रं किं लोभाय मनस्विनः ।
शफरीस्फुरितेनाब्धिःक्षुब्धो न खलु जायते ॥९२॥

माछाको चुल्वुली जतिसुकै रहे पनि जसरी समुद्र चञ्चल या तरङ्गित नभई गम्भीर भइरहन्छ, त्यसरी नै तीनलोक, चौध भुवन समेटिएको यस ब्रह्माण्डले पनि योगीजनमा प्रलोभनद्वारा मानसिक हलचल पैदा गर्न सक्तैन ॥९२॥

मातर्लक्ष्मि ! भजस्व कञ्चिदपरं मत्काङ्क्षिणी मास्म भू-
र्भोगेषु स्पृहयालवस्तव वशे का निःस्पृहाणामसि ।
सद्यः स्यूतपलाशपत्रपुटिकापात्रैः पवित्रीकृतै-
र्भिक्षावस्तुभिरेव सम्प्रति वयं वृत्तिं समीहामहे ॥९३॥

सन्न्यासी (साधु) धनकी स्वामिनी लक्ष्मीलाई भन्दछन्:-

हे माता ! लक्ष्मी ! तपाईं अरू कुनै भाग्यशाली पुरुषकहाँ वस्न जानोस् । विषयी तथा सांसारिक सुखाकाङ्क्षी व्यक्ति मात्र तपाईंको वशमा आउँदछ । निर्विषयीलाई तपाईंले वशीभूत (आफ्नो अधीन) गराउन सक्नुहुन्न । अहिले हामी (साधु सन्न्यासी) भखरै रूखवाट टिपिएका प्रोक्षणीद्वारा पवित्र पारिएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पलाशका पातका दुना वोहोतामा भीक्षाद्वारा प्राप्त अन्नले नै आफ्नो गुजारा चलाउन चाहन्छौं । हामीमा धनप्रतिको मोह विलकुलै छैन ॥९३॥

महाशय्या पृथ्वी विपुलमुपधानं भुजलतां
वितानं चाकाशं व्यजनमनुकूलोऽयमनिलः ।
शरच्चन्द्रो दीपो विरतिवनितासङ्गमुदितः
सुखी शान्तः शेते मुनिरतनुभूतिर्नृप इव ॥९४॥

भुइँ (जमिन) नै शय्या (विछौना) हो । हात तकिया वालिष्ट हो । आकाश नै छत चँदुवा समान छ । स्वेच्छाले वहने हावालाई चमर मानिएको छ । शरदऋतुका चन्द्रमाको उज्यालोले वत्तीको काम दिएको छ । वैराग्यरूपी वनिता (नारी) लाई अँगाल्दै सुखी एवम् हर्षित भएर दिन गुजारा गर्दै रहने शान्त स्वभाव भएका मुनिजन (साधु सन्यासी) अथाह सम्पत्तिशाली राजासमान निःसङ्ग छन् । शान्त स्वभावका व्यक्ति वैराग्यरूपी नारीका साथ राजाहरू जस्तै सुखी हुन्छन् भन्ने यस श्लोकको तात्पर्य हो ॥९४॥

भिक्षाशी जनमध्यसङ्गरहितः स्वायत्तचेष्टः सदा
हानादानविरक्तमार्गनिरतः कश्चित्तपस्वी स्थितः ।
रथ्याकीर्णविशीर्णजीर्णवसनः सम्प्राप्तकन्थासनो
निर्मानो निरहङ्कृतिः शमसुखाभोगैकबद्धस्पृहः ॥९५॥

भीक्षा मागेर प्राप्त भएको अन्न खाएर प्राण धान्ने सरसंगत नभएको एकान्तप्रिय (सङ्गहीन), सधैं आफ्नो काम आफैंले गर्ने (स्वायत्त), स्वेच्छानुरूप भ्रमण गर्ने, प्रदान (त्याग) र अदान (ग्रहण) तर्फ नलाग्ने वैरागी, सडक र गल्लीगल्लीमा फ्याँकिएका पुराना चिथ्रा कपडा वटुलेर जोडजाड गरी आङ ढाक्ने र आसन वनाएर वस्ने आफूलाई अरूले मान (आदर) गरून् भन्ने धारणा नलिने, निरहंकारी वैरागी सधैं ब्रह्मानन्दमा लीन हुन रुचाउने सुख-दुःखलाई समान सम्झने योगीराज निर्भयपूर्वक यस संसारमा विराजमान छन् ॥९५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चण्डालः किमयं द्विजातिरथवा शूद्रोऽथ किं तापसः
किं वा तत्त्वविवेकपेशलमतिर्योगीश्वरः कोऽपि किम् ।
इत्युत्पन्नविकल्पजल्पमुखरैराभाष्यमाणा जनै-
र्न क्रुद्धाः पथि नैव तुष्टमनसो यान्ति स्वयं योगिनः ॥९६॥

चाण्डाल, वाह्मण, शूद्र, तपस्वी वा यथार्थवेत्ता योगीश्वरमध्ये यी को हुन् ? आदि सन्देहजनक रूपले वाटोमा हिँड्ने वटुवाले आफूलाई औँल्याएर सम्वोधन गरेको (वोलेको) सुनेर पनि कुनै प्रतिक्रिया (रिसाउने खुसी हुने) देखाउँदैनन्, अर्थात् आफूलाई चण्डालजस्तो द्वेषपूर्ण शव्दको प्रयोग गर्दा र योगीश्वर आदि सम्मानसूचक शव्दको उच्चारण सुन्दा पनि न दुःखित हुन्छन् न त हर्षित नै रहन्छन् । आफूप्रति प्रयोग गर्ने तुच्छ वा सम्मानजनक दुवैखाले लवज सुन्दा पनि सम नै रहन्छन् उनीहरू रिसाएको वा खुसी भएको कहिल्यै छुट्टिँदैन ॥९६॥

हिंसाशून्यमयत्नलभ्यमशनं धात्रा मरुत्कल्पितं
व्यालानं पशवस्तृणाङ्कुरभुजस्तुष्टाः स्थलीशायिनः ।
संसारार्णवलङ्घनक्षमधियां वृत्तिःकृता सा नृणां
तामन्वेषयतां प्रयान्ति सततं सर्व समाप्तिं गुणाः ॥९७॥

विधाताले वायु (हावा) तयार गरिदिएर सर्पका लागि हिंसा कार्यविना नै भोजन प्राप्त हुने व्यवस्था मिलाइदिएका छन् । वायु भक्षण गरेर नै सर्प वाँचिरहेका हुन्छन् । गाई, गोरु, मृग आदि जनावर (पशु) कोमल घाँस खाएर एवम् जमिनमा नै पल्टिएर वाँचिरहेका छन् । यो भवसागर पार गर्न समर्थ भएका वुद्धिजीवी वर्गका लागि पनि जीविका गर्नका लागि कुनै न कुनै उपाय वनाइएको छ । यस उपायको खोजीतर्फ सतत संलग्न रहने मानिस सांसारिक वन्धनद्वारा मुक्त (गुणातीत) हुन जान्छन् । भनाइको मतलव यो हो कि योगीले झै हिंसा नगरीकन उपलब्ध हुने वस्तुमा प्रसन्न भई कुनै पनि ठाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वसोवास गरी रजोगुण र तमोगुणबाट टाढा रहेर सदैव आत्मानुसन्धानमा संलग्न रहँदैन यस संसारमा वाँचिरहनु नै उत्तम हो ॥९७॥

गङ्गातीरे हिमगिरिशिलाबद्धपद्मासनस्य
ब्रह्मध्यानाभ्यसनविधिना योगनिद्रां गतस्य ।
किं तैर्भाव्यं मम सुदिवसैर्यत्र ते निर्विशङ्काः
कण्डूयन्ते जरठहरिणाः स्वाङ्गमङ्गे मदीये ॥९८॥

गङ्गाजीको किनारामा, हिमालय पर्वत चट्टानमाथि पद्मासन कसेर गरिने ब्रह्मोपासनाको अभ्यास- कार्यद्वारा योगनिद्रा (निर्विकल्प समाधि) मा पुग्ने मजस्तो योगीका (तपस्वीका) लागि त्यो दिनभन्दा ठूलो अरू दिन कुन होला र ? जुन दिनमा बूढा-बूढा मृग निर्भयपूर्वक मेरो शरीरसँग आफ्नो जीउ छुवाएर घसारपसार गर्छन् । निर्विकल्प समाधिस्थ भएको दिन नै मेरा लागि सबैभन्दा बढी भाग्यशाली बनेको दिन हो ॥९८॥

जीर्णाः कन्था ततः किं सितममलपटं पट्टसूत्रं ततः किं
एका भार्या ततः किं हयकरिसुगणैरावृतो वा ततः किम् ।
भक्तं भक्तं ततः कि कदशनमथवा वासरान्ते ततः किं
व्यक्तज्योतिर्न वान्तर्मथितभवभयं वैभवं वा ततः किम् ॥

(प्रक्षिप्त श्लोक)

पुरानो चिथ्रै चिथराको पोकां भएरै पनि के भयो ? सेतो कपडा वस्त्र नै पर्दा पनि के भएको छ र ? एउटी नै स्त्री (पत्नी) छिन् तापनि के असुख छ र ? हात्ती घोडाका लस्कर नै भएको वैभवशाली हुँदैमा के पाउन सकिएको छ र ? स्वादिष्ट असल चामलको भुजा (भात) ज्युनार गर्न पाएरै पनि विशेष के भएको छ र ? अथवा अपाच्य बासी खाना खानुपर्दा पनि के पो हानि भयो र ? यदि हृदयभित्र सांसारिक भय पैदा गरेर त्यसबाट मुक्ति दिलाउने आत्मज्योति (भयमुक्त हुने चेतना) जागृत भएको छैन भने जतिसुकै वैभव भए पनि के प्रयोजन रह्यो र ? (प्रक्षिप्त श्लोकार्थ)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिः पात्रं पवित्रं भ्रमणपरिगतं भैक्ष मक्षय्यमन्नं
विस्तीर्णा वस्त्रमाशादशकमचपलं तल्पमस्वल्पमुर्वी ।
येषां, निःसङ्गताङ्गीकरणपरिणतस्वान्तसन्तोषिणस्ते
धन्याः संन्यस्तदैन्यव्यतिकरनिकराः कर्म निर्मूलयन्ति ॥९९॥

जसको हात नै शुद्धपात्र बनेको छ। घर-घर घुमेर संकलन गरिएको अर्थात् भीक्षा मागेर ल्याएको अन्न नै भोजन बन्न गएको छ। चारै दिशाहरू विशाल वस्त्र समान भएका छन् वा जो दिगम्बर भएको छ। स्थिर अचल ठूलो यो पृथिवी, जसका लागि एक महान् शय्या (विछौना) बन्न गएको छ, सबै सरसंगतलाई छाडेर आत्मसन्तोषी बन्दै हीनता आदि विषय वासनालाई परित्याग गर्दै महात्माहरू पुनर्जन्मरूपी कर्मलाई समूल नष्ट पार्दछन्। योग साधनमा लाग्नेहरूले मोक्ष प्राप्त गर्दछन् ॥९९॥

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(प्रक्षिप्त श्लोकहरू)

त्रैलोक्याधिपतित्वमेव विरसं यस्मिन्महाशासने
तत्लब्ध्वासनवस्त्रमानघटने भोगे रतिं मा कृथाः ।
भोगः कोऽपि स एक एव परमो नित्योदिता जृम्भते
यत्स्वादाद्विरसा भवन्ति विषयास्त्रैलोक्यराज्यादयः ॥

ब्रह्मज्ञानलाई प्राप्त गरेपछि तीनै लोकको राज्य पनि निरस लाग्दछ। ब्रह्मज्ञानीले खाने, वस्ने, सुखभोग गर्ने र आफू सम्मानित हुने सुखलाई रत्तिभर ठान्दैन, अर्थात् ऊ सांसारिक सुखवन्धनमा अनासक्त रहन्छ। वस्तुतः एउटै परमभोग जुन नित्य र उदीयमान पनि छ। त्यसको स्वाद पाएपछि (ब्रह्मवादी भएपछि) भोगहरू फिक्का बन्न पुग्दछन्।

मातर्मेदिनि ! ता मारुति ! सखे तेजः सुबन्धो जल !
भ्रातर्व्योम ! निबद्ध एष भवतामन्त्यः प्रणामाञ्जलिः ।
युष्मत्सङ्गवशोपजा सुकृतस्फारस्फुरन्निर्मल-
ज्ञानापास्तसमस्तमोहमहिमा लीने परब्रह्मणि ॥

हे आमा पृथिवी !, हे पिता वायु !, हे मित्र अग्नि !, हे सुवन्धु जल ! हे भाइ आकाश ! तपाईं पाँचवटै महाभूत (पञ्च महाभूत) लाई नमस्कार छ। तपाईंहरूका संगतमा परेर मैले पुण्य प्राप्त गरें, त्यसै पुण्यका प्रतापले मेरो बुद्धि फिऱ्यो। अहिले ममा निर्मल ज्ञान-ज्योतिभित्र प्रकट भएको छ। यस ज्ञानज्योतिले मेरा सम्पूर्ण अज्ञानलाई नष्ट पारिसक्यो। अव म परब्रह्ममा लीन हुँदैछु।

शय्या शैलशिला गृहं गिरिगुहा वस्त्रं तरुणां त्वचः
सारङ्गाः सुहृदो ननु क्षितिरुहां वृत्तिः फलैः कोमलैः ।
येषां निर्झरमम्बुपानमुचितं रत्यै तु विद्याङ्गना
मन्ये ते परमेश्वराः शिरसि यैर्बद्धो न सेवाञ्जलिः ॥

पहाडको ढुङ्गा शय्यासमान भएको छ, पर्वतीय गुफा (ओडार) घर बन्नपुगेको छ, रूखका वोक्रा लुगा (वस्त्र) भएका छन्, हरिणहरू मित्र (सखा) समान छन्। भोजनसामग्रीको रूपमा कन्दमूल नै प्रयोग गर्दछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झर्नाको पानी पिउने गर्दछु। सम्भोग (रति) सुख प्रदायिनी स्त्रीको रूपमा ब्रह्मविद्याले काम गरेकी छन्। कसैको सेवा-सुश्रुषा लिनु नपर्ने परमेश्वर भगवान्लाई नै सर्वस्व र सर्वोपरि रहेको ठान्ने गर्दछु।

धैर्य्यं यस्य पिता क्षमा च जननी शान्तिश्चिरं गेहनी
सत्यं मित्रमिदं दया च भगिनी भ्राता मनःसंयमः ।
शय्या भूमितलं दिशोऽपि वसनं ज्ञानामृतं भोजनं
ह्येते यस्य कुटम्बिनो वद सखे कस्माद्भयं योगिनः ॥

पिता-धैर्य, माता-क्षमा, चिरकालपर्यन्त साथ दिइरहने स्त्री-शान्ति, मित्र-सत्य, भगिनी-दया, भाइ-आत्मसंयम, शय्या-भुइँ (जमिन) वस्त्र-चारै दिशा, भोजन-ज्ञानको अमृतसमान रसास्वादन आदि जो-जससँग रहेको छ। हे साथी ! तिमी नै भनिदेऊ त-जुन योगी पुरुषका यी सबै कुटुम्ब छन्, उसलाई कोसँग के को डर रहन्छ त ? अर्थात् निजलाई कसैले केही गर्न सक्दैन। ऊ सदाकाल निर्भय हुन पुग्दछ।

अहौ वा हारे वा बलवति रिपौ वा सुहृदि वा
मणौ वा लोष्ठे वा कुसुमशयने वा दृषदि वा ।
तृणे वा स्त्रैणे वा मम समदृशो यान्ति दिवसाः
क्वचित्पुण्यारण्ये शिव-शिव-शिवते प्रलपतः ॥

नाग (सर्प) या हार (माला) मा बलवान् शत्रु वा मित्रमा, मणि वा माटाको मट्याङ्ग्रोमा, पुष्पशय्या वा ढुङ्गामा, घाँसमा वा पत्नीले जस्तै आफू उपर हेरचाह पुऱ्याउने कुनै पवित्र वन वाटिकामा समेत सदैव 'शिव शिव शिव' भनी पुकार गर्दै मेरा आगामी दिनहरू व्यतीत हुँदै जाऊन्।

भर्तृहरिद्वारा संस्कृतमा रचना गरिएको
वैराग्य शतकको नेपालीमा भावार्थानुवाद
समाप्त भयो ।

***

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ ग्रन्थहरूको सूची

१. 'महाभारत आदिपर्व' अ. १३९ उद्योगपर्व अ. ३२-४० विराट्पर्व अ. ४ शान्तिपर्व अ. १४०, गीताप्रेस, गोरखपुर ।

२. ज्वालाप्रसाद चतुर्वेदी- 'विदुर नीति और जीवन चरित्र', रणधीर प्रकाशन, हरिद्वार चतुर्थ संस्करण- १९९६ ।

३. 'विदुरनीति' साधना पॉकेट बुक्स, ३९ यु. ए वेग्लो रोड दिल्ली- ६ ।

४. डा. रामचन्द्र तिवारी 'महात्मा विदुरकृत विदुरनीति', हिन्द पाकेट बुक्स प्राइभेट लिमिटेड, जी.टी. रोड दिलशाह गार्डन दिल्ली ११०५५ ।

५. 'विदुर नीति अठ्ठाईसौं' संस्करण २०५४, गोविन्द भवन कार्यालय, गीता प्रेस गोविन्दपुर ।

६. विद्वच्छिरोमणि पं. कुलचन्द गौतम, 'संस्कृत नेपाली शब्दकोष', प्रकाशक- महेन्द्र संस्कृत विश्वविद्यालय [illegible] नेपाल ।

७. वियोगी हरे- 'नीति की बात' यशपाल जैन संस्था साहित्य मण्डल एम. ७७ कर्नाट सर्कस नई दिल्ली ११०००१ ।

८. मदनमणि दीक्षित- 'द्रौपदी र [illegible]', [illegible] प्रकाशन कालिकास्थान, काठमाडौं ।

९. स्वामी श्री अखण्डानन्दजी सरस्वती 'भीष्मपितामह', गीताप्रेस, गोरखपुर ।

१०. अनु. विश्वनाथ भट्टराई, 'तीन नीति', रोयल एकेडेमी, काठमाडौं, २०२३ ।

११. शुक्र नीति ..... ।

१२. डा. रामनाथ शर्मा 'भारतीय नीति शास्त्र' प्रकाशक केदारनाथ, रामनाथ १३२ आर.जी. कालेज रोड, मेरठ ।

१३. 'पञ्चतन्त्र' ..... ।

१४. 'चाणक्य नीति और जीवन चरित्र' लेखकः श्री चन्द्रमणि कीर्तिपाल, श्री आनन्दकुमार एवं सुरेन्द्र शर्मा रणधीर प्रकाशन, हरिद्वार ।

१५. 'आचार्य विष्णुगुप्त चाणक्य' (ऐतिहासिक उपन्यास), अनुवादकः विनोदप्रसाद धिताल, साझा प्रकाशन, पुलचोक, ललितपुर, नेपाल ।

१६. 'आचार्य विष्णुगुप्त चाणक्य' (ऐतिहासिक उपन्यास), लेखक : सत्यकेतु विद्यालंकार सरस्वती सदन ए- १/३२, सफदरगंज, एन्क्लेव, नई दिल्ली ११००२९ ।

१७. 'चाणक्य नीति दर्पण' [illegible]: ज्वालाप्रसाद चतुर्वेदी, रणधीर प्रकाशन, हरिद्वार ।

१८. 'चाणक्य नीति दर्पण' अनुवादकः तुलसीराम आचार्य, दुर्गा साहित्य भण्डार, नेपाली खपडा वाराणसी ।

१९. डा. गङ्गा सागर राय, 'नीतिशतक' (पञ्चम् संस्करण १९९५) चौखम्भा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ओरियण्टालिया के. ३७/१०९ गोकुल भवन, वाराणसी, २२१००१ (भारत)।

२०. Navnit Parekh NEETISHATAK Hind Pocket Books (P.Ltd.), 18-19, Dilshad Garden, G.T.Road, Delhi-110095, India.

२१. श्री जगन्नाथ शास्त्री, होशिंग तथा श्री राधेलाल त्रिवेदी 'शृङ्गारशतकम्' (षष्ठं संस्करण) चौखम्बा विद्या भवन, वाराणसी।

२२. श्री जगन्नाथ शास्त्री होशिंग तथा श्री राधेलाल त्रिवेदी 'वैराग्यशतकम्' (सप्तम संस्करण) चौखम्बा विद्या भवन, वाराणसी।

२३. डा. रमेशकुमार झा 'नीतिशतक' प्रकाशन केन्द्र, रेलवे क्रसिंग, सीतापुर रोड, लखनौ २७०२०।

२४. श्री पं. राजाराम पाठकद्वारा हिन्दी ठीकोपेतम् श्री भर्तृहरि विरचितम् 'नीति-शृङ्गार-वैराग्यशतकत्रयम्' प्रकाशकः ठाकुरप्रसाद एण्ड सन्स्, बुक्सेलर राजादरवाजा, वाराणसी।

२५. अनुवादक डा. काशीराज शर्मा सुवेदी, "नीतिशतक", प्रकाशिका इन्दिरा सुवेदी।

२६. श्री वेदव्यास महाभारत द्रोण पर्व, गीता प्रेस, गोरखपुर।

२७. विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतम, 'संस्कृत नेपाली शब्दकोश', प्रकाशकः महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल।

२८. सचित्र भर्तृहरि शतक- अनु ज्वालाप्रसाद चतुर्वेदी, रणधीर प्रकाशन, रेलवे रोड, हरिद्वार (दशवां संस्करणः १९९७)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारहरूका साथ लेखक र परिवार

नाम र ठेगाना : मदनप्रसाद अर्याल, बालाजु बाइपास, काठमाडौँ, (एभरेष्ट गीता निकेतन)
फोन : ४३५१०१२, ४३५००८२

जन्ममिति : २४ फरवरी १९४६ (२००२ फागुन ९ गते)

पिता माता : स्व.पं. तुलसीराम/भक्त कुमारी

शिक्षा : साहित्याचार्य द्वितीयखण्ड (सं.वि. वाराणसी), एम.ए. (नेपाली)
बी.एल. (त्रि.वि. काठमाडौँ), जन प्रशासनमा एम.ए. (चण्डीगढ)

विभूषण : गोरखा दक्षिणबाहु (तेस्रा) र विरेन्द्र ऐश्वर्य सेवा पदक र अन्य पदकहरू

पेशा : राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव, राजपरिषद् कान्तिपथ, काठमाडौँ)

कृतिहरू

(१) एभरेष्ट गीता (गीताको अंग्रेजी, हिन्दी र नेपाली भाषाहरूमा अनुवाद), (२) भर्तृहरिका नीति शृङ्गार र वैराग्य शतक, (३) व्यवहार नीति सेवा नीति र कूटनीति (विदुर धौम्य र कणिक नीति), (४) सजिलो गीता (गीताको सरल नेपालीमा पद्यानुवाद), (५) चाणक्यको जीवनी र नीतिशास्त्र, (६) शिव (स्तोत्र र रुद्री नेपालीमा), (७) शुक्ल यजुर्वेद (नेपाली अनुवाद) -प्रकाशोन्मुख ।

महत्वपूर्ण सामाजिक योगदान

(१) तरुण मा.वि. बालाजुको संस्थापक सचिव- २०२७, (२) वरुण क्याम्पस खाँदवारी, संखुवासभाको संस्थापक- २०४३, (३) संस्थापक सदस्य ग्रामीण बहुमुखी क्याम्पस मनमैजु, काठमाडौँ- २०५२, (४) संस्थापक सदस्य मकवानपुर बहुमुखी क्याम्पस, पालुङ- २०५३, (५) मनकामना आश्रम सेवा कोष तुम्लिङ्टार संखुवासभाको २०४३ सालमा स्थापना गर्नुका साथै २०४६ सालमा सिन्धुली जिल्लास्थित कालीमाई र कमलामाई नित्य पूजा व्यवस्था कोषको स्थापना गर्नुका अतिरिक्त आजीवन सदस्यको हैसियतले धेरै सामाजिक र धार्मिक संस्थाहरूमा योगदान पुऱ्याउँदै रहेको ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रा र स्वादिष्ट खाने-पिउने चीजहरू पाइरहनु र जीवनको आखिरी समयसम्म खाने र पचाउने शक्ति मौजुद हुनु, सम्भोग गर्ने इच्छा जागृत रहिरहनु, पर्याप्त धनसम्पत्ति हुनु र दान दिने बानी बसिरहनु यी सबै सुखहरू भाग्यशाली व्यक्तिलाई मात्र प्राप्त हुने गर्छन् ।

.....

बलियासँग विरोध भएको व्यक्तिलाई, निर्बल र साधनहीन मानिसलाई, धन हरण गरिएको व्यक्तिलाई, तीव्र कामवासना जागृत हुँदै रहेको कामीलाई र चोरलाई निद्रा पर्दैन ।

.....

मैले जुन स्त्रीलाई सधैं प्रेम गर्दै आएको छु, उनी अर्कै पुरूषलाई मन पराउँदी रहिछन् । मैले प्रेम गरेकी स्त्रीको प्रेमी पुरूष पनि उनलाई होइन, अर्कै नारीसँग प्रेम गर्दो रहेछ । त्यस पुरूषले प्रेम गरेकी ती अर्की नारीले निजलाई प्रेम नगर्ने रहिछन्, बरू उनी त मप्रति आकर्षित छिन् । यसरी प्रेमतन्तुहरू जेलिएको वर्तमान अवस्थालाई विचार गर्दा मैले मन पराएकी ती स्त्रीलाई, उनले मन पराएको पुरूषलाई, मसँग आकर्षित हुने स्त्रीलाई, त्यसपछि कामदेवलाई अनि त आफैंलाई पनि म धिक्कार्छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal